शिक्षाका ती दिन

पुष्पराज पौडेल

शिक्षाका ती दिन

पुष्पराज पौडेल

प्रकाशकः
हेड्स नेपाल (HEADS Nepal)
वनस्थली, काठमाडौं

कृति	:	शिक्षाका ती दिन
विधा	:	संस्मरण
प्रकाशनको किसिम	:	पुस्तक
लेखक	:	पुष्पराज पौडेल, फोनः ९८५१०८९८५४, ०१-४२७३१६९,
ई-मेल	:	pushpa246@gmail.com
© सर्वाधिकार	:	लेखकमा
प्रकाशक	:	हेड्स नेपाल (HEADS Nepal)
		केन्द्रीय कार्यालय, वनस्थली, काठमाडौँ
		फोन नं. ०१-४३५२२४६
		ई-मेलः headsnpl@gmail.com
संस्करण	:	प्रथम
प्रकाशन मिति	:	२०७५ साल पुस ७ गते (२२ डिसेम्बर, २०१८)
पृष्ठ सङ्ख्या	:	२४०
भाषा	:	नेपाली
प्रति	:	१०००
मूल्य	:	रु. ३००.००
मुद्रक	:	शिखर प्रिन्टिङ प्रेस, नयाँ बजार, काठमाडौँ
		०१-४३८६९३४
ISBN	:	978-9937-0-5242-9
भाषा सम्पादन	:	हरिराज पौडेल
सेटिङ तथा डिजाइन	:	इन्द्र मगर
आवरणशिल्पी	:	रमेश पौडेल
छपाइ प्रायोजन	:	आकाङ्क्षा शर्मा तथा दिनेशकुमार खड्का

समर्पण

आफूलाई मन्त्र सुनाउने, औपचारिक तथा अनौपचारिक शिक्षा दिने र शिक्षा प्राप्ति तथा विकासमा योगदान गर्ने सम्बद्ध सबै आदरणीय व्यक्तित्वहरूप्रति

पुष्पराज पौडेल

प्रकाशकीय

'शिक्षाका ती दिन' पुष्पराज पौडेलको संस्मरणात्मक दोस्रो कृति हो । श्री पौडेल संस्मरण लेखक तथा हेड्स नेपालको केन्द्रीय उपाध्यक्ष पनि हुनुहुन्छ । गण्डकी प्रदेशलाई हेड्स नेपाल केन्द्रीय कार्यसमितिका तर्फबाट उहाँले संयोजन, सम्पर्क, सहयोग, मार्गदर्शन, सङ्गठनात्मक सुदृढीकरण, कार्यक्रमहरूको विकास र विस्तारमा सघाउनुहुन्छ । उहाँ हेड्स नेपालकै विदेश उपसमितिको पनि संयोजक हुनुहुन्छ । हेड्स नेपालका चार वटा प्रमुख कार्यक्षेत्रमध्ये शिक्षा पनि एक भएकाले उहाँको 'शिक्षाका ती दिन' नामक संस्मरण हेड्स नेपालले प्रकाशन गर्नु उपयुक्त हुने महसुस गरेर यो प्रयास भएको छ । यस अघि पनि हेड्स नेपालले आफ्ना ३ वटा स्मारिका र २ वटा अन्य प्रकाशन गरिसकेको छ । हेड्स रजत स्मारिका पौडेलजीकै सम्पादन संयोजनमा यसै वर्ष जेठ १ गते प्रकाशित तथा माननीय शिक्षामन्त्री श्री गिरिराजमणि पोखरेलबाट विमोचन भएको हो । प्रस्तुत पुस्तक **'शिक्षाका ती दिन'** पुस्तकाकारमा प्रकाशित हेड्स नेपालको यो छैटौँ प्रकाशन हो ।

निश्चय नै यस पुस्तकमा उहाँको बालकककालको अर्थात् केही सिक्न थालेदेखिका संस्मरण छन्, विभिन्न तहका विद्यालयहरूमा सिकेका रोचक र उपयोगी संस्मरण उहाँका लागि मात्र होइन, सबैका लागि पठनीय हुनेछ किनभने यसले उहाँको शैक्षिक जीवनलाई उजागर मात्र गरेको छैन, बरु शिक्षाका विविध आयामलाई प्रसङ्गअनुसार प्रकाश पारेको छ । शिक्षकको हैसियतमा स्थानीय समुदायदेखि राष्ट्रिय महत्त्वका विभिन्न ठाउँहरूका अनुभव पस्किनुभएको छ । हेड्स नेपालले पनि उहाँले अनुभव गरेजस्तै शैक्षिक छात्रवृत्तिहरूको व्यवस्था गरी शिक्षाको न्यानो घामबाट वञ्चित कतिपय बालबालिकालाई लाभान्वित गराई देशको योग्य नागरिक बनाउन प्रयत्न गर्दै आएको छ । **'दिलो ज्यानले मानव समुदायको सेवा गरौं'** भन्ने मूल मन्त्र बोकेको हेड्स नेपाल पनि शिक्षाको क्षेत्रमा अभाव, आकस्मिकता र आवश्यकताको साथी बन्न चाहन्छ ।

यो पुस्तक पनि शिक्षक, विद्यार्थी, जिज्ञासु सबै समुदायका लागि ती दिनलाई बुझ्न र भावी सोच विकास गर्न पनि महत्त्वपूर्ण सामग्री हुने अपेक्षा छ । यस अर्थमा सरकारी र गैरसरकारी निकायहरूका लागि मननीय, रमाइलो र काम लाग्ने दस्तावेज हुनेछ भन्ने हाम्रो धारणा छ ।

श्री पौडेलले अभिभावकको हैसियतमा पनि आफ्ना केही अनुभव समेटेर के शिक्षक, के विद्यार्थी, के अभिभावक, के सरकार, सबै वर्गलाई उपहार दिनुभएको छ । शिक्षाका विविध फाँट र त्यस बेलाको शिक्षाको अवस्था बुझ्न पनि पुस्तकले पाठकलाई छोटो र मीठो प्रेरणात्मक अवसर दिनेछ ।

यसरी समाजको एउटा महत्त्वपूर्ण पक्षमा समकालिक अनुभवहरूलाई समेटेर पुस्तक प्रकाशन गर्न पाएकोमा हेड्स नेपाल गौरव गर्दछ । शिक्षा क्षेत्रलगायत हेड्स नेपालका सहृदयी सबैलाई यसको रसास्वादन गर्न हाम्रो आग्रह छ । यत्रो मेहनतपूर्वक कृति लेख्ने श्री पौडेललाई विशेष आभार व्यक्त गर्दछौँ। फेरि–फेरि पनि नेपाली समाजलाई काम लाग्ने र समाज सेवामा समर्पित हाम्रो जस्तो संस्थाको कार्यक्षेत्रमा समाज सेवा सम्बन्धि कृतिहरूको प्रकाशन गर्ने अवसर मिलोस् भन्दै लेखकको उत्तरोत्तर प्रगतिको कामना गर्दछौँ ।

अन्तमा, यसको प्रकाशनमा छपाइ खर्चको प्रायोजन गरी हाम्रो अभिभारा हलुका हुने गरी सहयोग दिनुभएकोमा श्रीमती आकाङ्क्षा शर्मा तथा श्री दिनेशकुमार खड्काप्रति पनि विशेष आभार प्रकट गर्दछौँ ।

– हेड्स नेपाल

HEADS Nepal

(Health, Education, Agriculture and Development Society Nepal)

केन्द्रीय कार्यालय, वनस्थली, काठमाडौं

फोनः ४३५२२४६

E-mail: headsnepal@gmail.com, Web: www.headsnepal.org

२०७५ पुस ७

आफ्नो दृष्टिकोण

शिक्षा व्यक्तिको शक्ति हो। शिक्षा नै राष्ट्र विकासको मेरुदण्ड हो। बोटबिरुवाहरूको विकास गोडमेलबाट र मानव विकास शिक्षाबाट हुन्छ भनिन्छ। नेपाल र नेपालीको विकास यहाँको शैक्षिक विकासमा निर्भर हुने कुरा यसबाट पुष्टि हुन्छ। वैदिककालीन ज्ञानकाण्डीय शिक्षाको एक मात्र लक्ष्य थियो मोक्ष साधना। पौराणिककालीन शिक्षाका उद्देश्यहरू धर्म, अर्थ, काम अनि मोक्ष। त्यसपछि भने क्रमशः वृत्ति नै शिक्षाको उद्देश्य हुन थाल्यो तर आम रूपमा सुख, शान्ति र समृद्धि नै शिक्षाको उद्देश्य हुनुपर्दछ।

★ ★ ★ ★ ★

आफ्ना दृष्टिकोणका यस्तै सन्दर्भपूर्व वर्तमान नेपालको संवैधानिक शैक्षिक व्यवस्थालाई सर्सती हेर्ने प्रयास गरौं।

नेपालको संविधान, २०७२❖ ले धारा ३१ मा शिक्षासम्बन्धी हकमा देहायबमोजिम पाँचवटा हकको उल्लेख गरेको छः

१. *प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ।*

२. *प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ।*

३. *अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ।*

४. *दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।*

५. *नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।*

यी हकहरू यहाँ उल्लेख गर्नुको उद्देश्य शिक्षा पहिले दान र धनको रूपमा थियो भने अब हक र वृत्तिको दृष्टिकोणले विकसित भइरहेको हुँदा पाठकलाई शिक्षाका ती दिनसँग तुलना गरेर हेर्न सहज होस् भनेर मात्र हो। त्यसैले नेपालको सोही संविधानमा गरिएका शिक्षासम्बन्धी नीतिगत व्यवस्था पनि हेरौँः

❖ यस पुस्तकमा दिइएका वर्ष विक्रम संवत्का हुन्। इस्वी सन्मा भए सन् भनेर वा अङ्ग्रेजी महिनासँगै उल्लेख गरिएको छ।

नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिमा ४ वटा बुँदा स्पष्ट निर्धारण गरेको छः

१. *शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने,*

२. *शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,*

३. *उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने, र*

४. *नागरिकको व्यक्तित्त्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने ।*

उपर्युक्त नीतिलाई संस्मरण गर्दै नेपालको शैक्षिक इतिहासको सङ्क्षिप्त अध्ययन गरी हेर्न पाठकलाई सहज र उपयुक्त हुन सक्छ । त्यसले, यस संस्मरणका विषयसूचीपूर्व त्यसलाई समावेश गरेको छु ।

★ ★ ★ ★ ★

जब मेरो पहिलो संस्मरणात्मक कृति **'रेडक्रसकर्मी ऊ'** २०७४ मा प्रकाशन भयो, त्यस बेलादेखि नै मेरो मनमा शिक्षाको संस्मरण पनि लेख्नैपर्छ भन्ने अठोट गरेँ यद्यपि शिक्षाको कुरा पहिल्यै लेखिनुपर्थ्यो, त्यो साइत जुरेन । यसैबीच आफू विदेश बस्दा केही यससम्बन्धी सोच त पलायो तर प्राथमिकतामा पर्न सकेन । तापनि यी दृष्टिकोणबमोजिम **'शिक्षाका ती दिन'** को तयारी गर्न थालेँ :

क) बालककालदेखि हालसम्म मात्र होइन, शिक्षा त जीवनपर्यन्त चलिरहने कुरा हो । त्यस बेलाको शिक्षाको मेरो अनुभव अरूले लेख्न सक्ने कुरा पनि भएन । ती रोचक संस्मरण भावी पुस्तालाई काम लाग्न सक्छ भन्ने ठानेर यो प्रयास गरेको हुँ । यसलाई अन्यथा नमानी स्वीकार होस् भन्ने पाठक वर्गमा आग्रह छ ।

ख) आफूले पढेका र पढाएका दुवै कुरा यसमा समेट्ने प्रयत्न गरेको छु । ती ठाउँ, ती व्यक्ति, त्यो पद्धति, त्यो प्रवृत्ति आजको शिक्षा लिने र दिने कुरासँग तुलना गर्न सघाउ हुने नै छ । हामी कस्तो शिक्षाको वातावरणबाट आज आइपुगेका रहेछौँ भन्ने कुरा हाम्रो सन्ततिमा ज्ञान होस् र भावी दिशावोध हुन सकोस् भन्ने यसको मनसाय हो । सामान्यतः २०११ देखि २०४६ सालसम्मका कतिपय प्रसङ्गलाई अहिलेको वास्तविकतासँग एकाकार गराउन सान्दर्भिक, उपयुक्त र उपलब्ध सचित्र जानकारी समावेश गर्न खोजेको छु ।

ग) त्यस बेला शिक्षाका लागि गरिएका सङ्घर्षबारे थाहा दिने, तत्कालीन समाजको प्रतिबिम्ब उतार्ने र समयसापेक्ष भावी दिशाबोध गर्ने कार्यमा आफ्नो अनुभव, संस्मरण र दृष्टिकोणलाई लिपिबद्ध गर्न सके शिक्षा जगत्लाई नै काम लाग्न सक्ने सोचेको छु ।

घ) शिक्षाका लागि विद्यार्थी र शिक्षक मात्र होइन, अभिभावकको पनि अहम् भूमिका हुने कुरा सर्वविदित छ । त्यससम्बन्धी आफ्नो अनुभवलाई पनि मिसाउने प्रयत्न गरेको छु । शिक्षक, विद्यार्थी र अभिभावक त्रिपक्षीय जीवन्त स्रोत र अरू तीन निर्जीव स्रोत- वातावरण, साधन र प्रविधिसमेतको महत्त्वपूर्ण भूमिका रहने मेरो धारणा बन्यो । यही धारणा र अनुभवलाई समेटेको छु यस संस्मरणात्मक पुस्तकमा ।

ङ) **'गद्यं कवीनां निकषं वदन्ति'** भने झैँ गद्यलाई महत्त्व दिएर गरिएको मेरो गद्य प्रकाशनको दोस्रो संस्मरणयुक्त प्रयत्नलाई शिक्षाप्रेमी र शिक्षाकर्मीहरूले पक्कै अध्ययन गर्नुहुनेछ । यसमा भएका त्रुटि र कमी-कमजोरीलाई सुझावका रूपमा दिनुभई भविष्यका संस्करणहरूमा सुधार्ने प्रयास हुनसक्ला भन्ने आग्रह गर्दछु ।

यो संस्मरण आद्योपान्त पढी आत्मीय भूमिका लेखिदिनुहुने मेरो हाईस्कूल जीवनका आदरणीय गुरु श्री मेदिनी शर्मा पण्डित 'चुँदेली' प्रति हार्दिक आभार प्रकट गर्दछु । त्यस्तै आफ्ना अमूल्य शब्दहरूको लेखनबाट पुस्तकको महत्त्वपूर्ण विश्लेषण गरिदिनुहुने कलेजका मेरा प्राध्यापक आदरणीय गुरु श्री तीर्थराज वन्तप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । त्यस्तै सारगर्भित शब्दहरूसहित भाषा सम्पादन मात्र होइन, जीवनका कठिन घडीहरूमा मार्गदर्शन, सहयोग र सल्लाह प्रदान गर्नुहुने अग्रज श्री बद्री खनालप्रति ससम्मान आभार प्रकट गर्दछु । भाषा तथा व्याकरणको शुद्धाशुद्धि कार्यमा आदरणीय मित्र श्री हरिराज पौडेलप्रति पनि आभारी छु । त्यस्तै आदरणीय मित्रद्वय श्री हरिहर अधिकारी 'श्यामल' तथा श्री अरुण खनालले यसमा गहिरो अध्ययन र सुधार गरी आफ्ना दुई शब्दलगायत परिमार्जनका लागि दिनुभएका सुझाव तथा सामग्रीका लागि हार्दिक धन्यवाद दिन चाहन्छु । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका वर्तमान अध्यक्ष श्री राधेश्याम लेकाली र पूर्वअध्यक्ष श्री पदम विश्वकर्माबाट सुझावका साथै यस पुस्तकप्रतिका आफ्नो सूक्ष्म अनुभूति दिनुभएकोमा पनि धन्यवाद दिन्छु । आदरणीय शिक्षाविद् श्री अम्बिकाप्रसाद आचार्यबाट सुझावका साथै दुई शब्द लेखिदिनुभएकोमा पनि आभारी छु । यसै गरी श्रीमती नमुना शर्माले संस्मरणलाई परिमार्जनमा सहयोगका साथै आफ्ना अनुभूति पोखेर एउटा तात्कालिक विद्यार्थीको मात्र होइन, नारी दृष्टिकोणको पनि प्रवेश गराइदिएकाले हार्दिक धन्यवाद प्रकट गर्दछु ।

यस संस्मरणमा मेरा विद्यालयका मार्गदर्शक एवम् अभिभावक दाजु श्री बलराम ढकालले दिनुभएको आफ्नो अमूल्य सन्देश, जानकारी, सुझाव र रायका लागि आभारी छु ।

त्यस्तै उच्चशिक्षाका मार्गदर्शक दाजु श्री बलबहादुर परियारप्रति आफ्नो अभिभावकको रूपमा सादर धन्यवाद व्यक्त गर्दछु । त्यस्तै सहकर्मी शिक्षक श्री लालकाजी श्रेष्ठले अध्यापनका समयमा मात्र होइन, यस संस्मरणको प्रकाशनार्थ सामग्री खोजी गरी प्रदान गर्नुभएको सहयोगका लागि पनि आभार प्रकट गर्दछु । पूर्व विद्यार्थीका हैसियतमा श्री श्रीकान्त शर्मा खतिवडाको सहयोग, सुझाव तथा दुई शब्दहरूको दृष्टिले छोटो तथा मीठो व्यञ्जन ग्रहण गर्न पाएकोमा उहाँलाई धन्यवाद छ ।

पुस्तक प्रकाशनार्थ लाग्ने खर्चका लागि प्रायोजन गर्ने छोरी आकाङ्क्षा शर्मा तथा ज्वाइँ श्री दिनेशकुमार खड्काप्रति विशेष आभार प्रकट गर्दछु । पुस्तकको आवरणचित्र तयार गरिदिने भतिज एमव् वरिष्ठ साहित्य तथा सञ्चारकर्मी श्री रमेश पौडेलप्रति हार्दिक धन्यवाद छ । यस लेखनलाई हरतरहले सघाउने मित्र श्री कृष्णनाथ खनाल, श्री श्यामहरि अधिकारीलगायत मुद्रणलाई सहज र गुणस्तरीय बनाउन योगदान गर्ने आदरणीय श्री तीर्थराज अधिकारी, कम्प्युटर सेटिङमा प्रभावकारी सहयोग प्रदान गर्ने भाइ श्री इन्द्र मगरलगायत सहयोगी सबैप्रति हार्दिक धन्यवाद ।

अन्ततः, मेरो सामान्य जानकारीका आधारमा हेड्स नेपालले यो पुस्तक प्रकाशनका लागि आवश्यक व्यवस्थापकीय जिम्मेवारी लिएर मलाई गुन लगाएको छ । यसका लागि हेड्स नेपाल केन्द्रीय कार्यसमितिका आदरणीय अध्यक्ष एवम् वरिष्ठ इन्जिनियर श्री ईश्वरचन्द्र बानियाँलगायत हेड्स नेपाल परिवारप्रति हार्दिक आभार प्रकट गर्दछु ।

विनीत

(लेखक)
पुष्पराज पौडेल
बाफल, काठमाडौँ
२०७५ पुस ७

‘शिक्षाका ती दिन’ लाई यी दिनले हेर्दा

श्री पुष्पराज पौडेलको गतिशील कलमबाट निःसृत दोस्रो कृति *“शिक्षाका ती दिन”* लाई आद्योपान्त पढेँ । कत्ति पनि न्यास्रो लागेन । चिटिक्क परेका शीर्षकका १०५ वटा रचनाहरूमा उहाँले आफूले शिक्षा हासिल गर्नेदेखि शिक्षा दान दिने क्रममा गरिएका अनुभवहरूलाई अत्यन्त रमाइला पाराहरूमा प्रस्तुत गर्नुभएको पाइन्छ । उहाँको लेखाइको विशेषता भनेको छोटो, चिटिक्क परेको लेख, मनै छुने गरी प्रस्तुत विषय-वस्तु र भाषाको मिठास हो । मेरो अनुभवले यस्तै भन्छ ।

तनहुँनिवासी लेखकले आफ्नै घरको पढाइदेखि आफ्नै जिल्लाका विद्यालयबाहेक लमजुङ, गोरखा, चितवन र पछि काठमाडौँसम्म अनेकौँ कठिन परिस्थिति झेल्दै शिक्षा हासिल गर्ने मौका समाउन धाएको देखिन्छ । शिक्षाको मार्गमा उहाँको धावन अत्यन्त रोचक मात्र होइन, एसएलसी, आईए, बीएड, बीएल र एमएसम्मको उच्च शिक्षा हासिल गर्न उहाँले प्राप्त गर्नुभएको सफलता उहाँको परिश्रमको परिणाम मान्न सकिन्छ । शिक्षामा उहाँको यही लगनशीलताले उहाँलाई एक शिक्षक, एक प्रधानाध्यापकदेखि नेपाल रेडक्रसको प्रशासनिक उच्च ओहोदामा रहेर आफ्नो कर्तव्य निर्वाह गर्न सक्षम तुल्याएको कुरा निर्धक्क भन्न सक्छु ।

यस पुस्तकमा उहाँले आफूले कखरा पढ्न थालेदेखि विश्वविद्यालयमा उच्च शिक्षा हासिल गर्दासम्मका शब्दचित्रहरू जुन किसिमले प्रस्तुत गर्नुभएको छ, त्यसलाई शिक्षाको निम्ति उहाँले गर्नुभएको सङ्घर्षको कथा मान्नुपर्छ । यी कुराहरू पढ्दा त्यस बेलाको शैक्षिक स्थितिको सजीव चित्र आज हाम्रा आँखामा नाच्न आउँछन् । त्यस बेलाका यी चित्रणले आज तनहुँ र त्यस भेकमा तुलनात्मक रूपमा सुविधाजनक स्थितिमा शिक्षा हासिल गर्न सफल भएका व्यक्तिहरूले दाँजेर हेरेमा ठूलो फरकको अनुभव गर्न सक्नेछन् । एक किसिमले यस पुस्तकलाई शिक्षाको सामाजिक इतिहास भने पनि हुन्छ ।

गाउँका होऊन् वा शहरका, आजका विद्यार्थी, अझ युवावर्गले देख्ने अथवा अनुभव गर्ने त कुरै भएन, कल्पनासम्म पनि गर्न नसक्ने कुरा हुन्- कालोपाटी, खरी, धुलौटो बोकेर जाने, खोसेल्टाको चकटी, परालको गुन्द्रीमा बस्ने, चौतारा अथवा खुला चौरमा वा स्याउले छाप्रोमा बसेर पढ्नेजस्ता कुरा । आफूले पढ्ने विद्यालय बनाउन प्रत्येक दिन एउटा ढुङ्गा बोकेर स्कूल जाने कुरा त झन् उदेक लाग्दो हुन सक्छ, आजका न्यूनतम सुविधा उपलब्ध विद्यालयमा पढ्नेहरूको निम्ति पनि । हुन त आज पनि कहिलेकाहीँ पत्रपत्रिकामा पढ्न पाइन्छ, विद्यालयको भवन नभएको, बेन्च, टेबल नभएको, कापी, कलम, पुस्तक नभएको र चौरमा बसेर पढ्नुपरेका कुराहरू । यहाँनिर मलाई २००२ सालमा

जेलबाट छुटेर २००३ सालमा मेरा बुबाले गोरखाको आफ्नै बगुवा गाउँमा गएर आफ्नै घरको आँगनमा स्याउलाको छाप्रो बनाएर गाउँभरिका केटाकेटीहरूलाई बटुलेर साउँ अक्षर चिनाउने र लेख्न, पढ्न सक्ने तुल्याएको कुरा सम्झना आउँछ । यो एक प्रकारले त्यस बेलाको साक्षरता अभियान नै भन्नुपर्छ । त्यस बेला कालोपाटीमा खरीले लेखेको र धुलौटोमा कोरेको मलाई सम्झना छ । काठमाडौँबाट ढुङ्गाको स्लेट मगाएर बाले बाँड्नु पनि भएको थियो । यसमा पनि खरीले नै लेख्ने गरिन्थ्यो । धुलौटो भन्नाले काठको पाटीमा धुलो छरेर त्यसमा काठको छेस्काले अक्षर लेख्ने गरिन्थ्यो । यसमा लेख्न र मेट्न सजिलो हुन्थ्यो । कागजमा कलमले लेख्न त कहाँ पाउनु ? अलि राम्रो लेख्न जान्ने भएपछि नेपाली कागजमा तोडा तोडेर निगालाको कलम मसीमा चोपेर लेख्न सिकेको कुरा पनि आज सम्झना हुन्छ । तोडा तोड्नु भनेको नेपाली कागज पट्याएर धर्का बनाएर त्यसै धर्कामा सोझो लेख्नु हो । पुष्पराजले पोख्नुभएको कालोपाटी र खरीको अनुभव गाउँ र शहरमा त्यस बेला अक्षर सिकाउने स्थितिको चित्रण हो । आजका केही सीमित वर्गका सानैदेखि मोबाइल र कम्प्युटरमा खेलेर हुर्केकाको लागि असम्भव अनुभव लाग्नेछ । उहाँ र उहाँका दौँतरीहरूले तथा मेरो बुबाले त्यस बेला शिक्षाको क्षेत्रमा गरेको ऐतिहासिक जमर्कोलाई आज कसले सम्झने ? त्यस कारण म यस पुस्तकलाई त्यस बेलाको शिक्षाको स्थितिको दस्तावेज हो भन्न हिचकिचाउन्नँ ।

२००७ सालपछि नेपालमा द्रुत गतिमा विकास भएको शिक्षाप्रतिको जनजागरण हो । त्यस बेला गाउँ होस् या शहर, स्थानीय व्यक्तिहरू र समुदायको सहभागिता तथा सहयोगमा प्रारम्भिकदेखि उच्च शिक्षासम्म दिने विद्यालय खोल्ने जमर्को भएको पाइन्छ । स्थानीय स्रोत जसले जे दिन सक्छ, जस्तै– जग्गा–जमीन, नगद, अन्नपात, श्रम इत्यादि दिएर, जहाँबाट सकिन्छ शिक्षक जुटाएर, पढ्ने पढाउने वातावरण तयार गरिएको कुरा यस पुस्तकमा मात्र होइन, मेरो निजी अनुभव पनि त्यस्तै रहेको छ । तर २०२८ सालमा नयाँ शिक्षा प्रणाली लागू गरियो र सामुदायिक विद्यालयहरू सरकारी जिम्मेवारीभित्र पर्न गए । त्यस बेलादेखि व्यक्ति र समुदायको सहभागिता न्यून हुँदै गएको मात्र होइन, पूर्णतया शून्य हुन गयो । यसबाट विद्यालयको स्तरमा क्रमशः ह्रास आउन थाल्यो । २०४६ सालको राजनीतिक परिवर्तनपछि त सामुदायिक विद्यालयका शिक्षकहरू राजनीतिक दलका कार्यकर्ता बन्न थाले । यसले शिक्षामा भएका केही मर्यादाहरू पनि लोप हुँदै गए । सरकारका अनेकौँ प्रकारका योजनाहरू आउँदा पनि सार्वजनिक विद्यालयहरूप्रति जन–विश्वास खस्किँदै गयो र निजी क्षेत्रका विद्यालयहरू फस्टाउँदै आए । आज दुई प्रकारका शिक्षित नागरिक तयार भएका छन्– निजी विद्यालयबाट उत्पादन भएका आफूलाई अब्बल ठान्ने र सामुदायिक विद्यालयमा पढेर निस्केका आफूलाई निरीह ठान्ने । यी दुईबीचको भेद झन्–झन् फराकिलो हुँदै गएको अनुभव हुन्छ ।

यस पुस्तकमा *'सोमत'* खरीदको एउटा घतलाग्दो प्रसङ्ग जोडिएको छ । पुष्पराजकी हजुरआमाले सोमत किन्न पठाएको र प्रधान अध्यापकले खाममा हालेर सोमत पठाएको प्रसङ्ग रोचक छ । सोमत किन्ने काण्डमा केटाकेटी हुँदा म पनि परेको छु । बालस्वभाव चकचक गर्ने, ठूलाबडाको आदर नगर्ने, भनेको नमान्नेजस्ता कुरा स्वभाविकै हुन् । हामी साना छँदा हाम्रा बुबाहरू गाउँको बजार जाँदा हामीलाई पनि सङ्गै लैजाने चलन थियो । एक दिन साहिँला बुबाले मलाई दुई पैसा दिएर पसल देखाउँदै सोमत किनेर ल्याउन भन्नुभयो । म गएँ । पसलका साहू ठट्टा गर्नुपर्ने रमाइला खालका थिए । दुई पैसाको सोमत मागेँ । पसले बूढाले त मलाई कान समात्न लगाएर पाँच पटक उठबस गराए- म छक्क परेँ, नरिबल र मिश्री दिएर पठाए । बुबालाई सो वस्तु दिएँ- उहाँले *'तैँ खा'* भन्नुभयो । त्यस बेला यो सोमतको कुरा बुझ्ने कुरै भएन । आज आएर मलाई लाग्छ, केटाकेटीलाई अनुशासन सिकाउने एउटा तरिका पो रहेछ यो सोमत खरीद ।

यो पुस्तक वास्तवमा लेखकको अनुभवको पेटारो नै हो । उहाँले गाउँ-घरका पुराना खेलहरू हराउँदै गएको, गोठालो जाँदा चराउन लगिएका गाईवस्तुले अर्काको बाली खाएको, साथीभाइलाई सघाउन खोसेर भाँडा माझ्ने, आफ्नै विवाहमा घोडालाई रक्सी खुवाएको, विद्यालयको सुधारमा शिक्षकको भूमिका, घरबुना कपडाको ड्रेस, चितुवासँग जम्काभेट, शिक्षक भएर बस्ने कि रेडक्रस पस्नेजस्ता १०५ वटा भिन्दाभिन्दै विषयका रोचक प्रसङ्गहरू अगाडि सारेर पुस्तकलाई पठनीय तुल्याउनुभएको छ । उहाँको प्रयास प्रशंसनीय छ ।

यस पुस्तकमा "वन्त सर कि पन्त ? पढ्यौँ पञ्चायत" शीर्षकमा म आफैँ पनि झुल्किन आएको छु । मलाई धेरैले 'वन्त' होइन 'पन्त' होला भन्थे । आधिकारिक कागज-पत्रमा समेत मैले धेरै पटक 'पन्त' लाई 'वन्त' भनी सच्याएर हिँड्नुपरेको थियो । उहाँ सरस्वती कलेजमा पढ्नु हुँदा म पञ्चायत विषय र राजनीतिशास्त्र पढाउने शिक्षक थिएँ । कलेजबाट प्रकाशित पत्रिकामा समेत मेरो नाम 'वन्त' होइन 'पन्त' छापिएको रहेछ । वन्त शब्द अप्रचलित शब्द भएकाले 'पन्त' सँग भ्रम पर्न जाने रहेछ तर 'पन्त' बाहुन बन्ने रहर मलाई कहिल्यै भएन । संयोगवश पुष्पराजजीसँग शिक्षकको रूपमा मात्र होइन, नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालयमा पनि लामो अवधिसम्म मेरा सहकर्मीका रूपमा रहनुभएको मेरो अनुभव छ । रेडक्रसमा उहाँ अति भरपर्दो र कुशल प्रशासक रहनुभएको कुरा सगौरव उल्लेख गर्छु ।

उहाँले १०५ शीर्षकमा कोर्नुभएका संस्मरणहरूमा एक परिश्रमी छात्र, एक कर्तव्यनिष्ठ शिक्षक, एक जिम्मेवार प्रधान अध्यापक, एक प्रतिबद्ध स्वयंसेवक, एक कुशाग्र प्रशासक, एक छोरा, दाजु, भाइ, पति, पिताको जस्तो हैसियतमा अवलम्बन गर्नुभएको विधि-विधान, काम-कर्तव्य, जिम्मेवारी वहन, सुख-दुःख, गति-प्रगति सबै स्थितिको

अनुभवको सँगालोलाई शब्दमा पोख्नुभएको छ । यी कुराहरू आउँदो पुस्ताको निम्ति शिक्षाको क्षेत्रमा एउटा ऐतिहासिक दस्तावेजको रूपमा रहनेछ भन्ने विश्वास राखेको छु । यसमा परेका प्रत्येक शीर्षकले एउटा सिङ्गो कथा भन्न भ्याएको छ– ती दिनका शिक्षा, यी दिनका कलमबाट कोरिएका । अस्तु !

– तीर्थराज वन्त
बखुँडोल, पुल्चोक
ललितपुर, २०७५ कात्तिक

(श्री तीर्थराज वन्त सरस्वती कलेज र वाल्मीकि संस्कृत महाविद्यालयका पूर्वप्राध्यापक तथा नेपाल रेडक्रस सोसाइटीका पूर्वकार्यकारी निर्देशक एवम् नेपाल अपाङ्ग सङ्घका पूर्वमहासचिव हुनुका साथै विविध विधामा थुप्रै पुस्तक रचना, अनुवाद र प्रकाशन गर्न सफल क्रियाशील सम्मानित साहित्यकार हुनुहुन्छ)

“शिक्षाका ती दिन” पढिसकेपछि

सादा जीवन, उच्च विचारका धनी श्री पुष्पराज पौडेल मेरा पूर्व-विद्यार्थी र सहकर्मी शिक्षक पनि हुनुहुन्छ । उहाँ ग्रामीण जीवनबाट उठेर आफ्नो प्रतिष्ठा आर्जन गर्ने व्यक्ति हुनुहुन्छ । क्षमाशील, नमनशील र मिलनशील स्वभाव नै उहाँको व्यक्तित्व निर्माणका साधन हुन् । उहाँको अध्ययन तथा अध्यापनको समय निश्छल, निष्कपट नै रह्यो । समय पैसाजस्तै हो भन्ने कुरालाई अङ्गीकार गरी विभाजित समयको सदुपयोग गर्नुभएकोले नै सफलताको चरम चुली चुम्न सफल हुनुभएको हो । उहाँ कहिल्यै कुलतमा फस्नुभएन । “हुने बिरुवाका चिल्ला पात” भनेझैँ सानैदेखिको तीक्ष्ण बुद्धिले गर्दा आफूसँगै पढेका धेरैजसो साथीलाई उछिनेर अगाडि बढ्नुभयो । काम क्रोध, लोभ, मोह, मद र मात्सर्यजस्ता आन्तरिक शत्रुलाई जितेर सादा जीवन बिताउने पौडेलजीका फुटकर कृति प्रकाशित भए पनि पुस्तकाकारको रूपमा “रेडक्रसकर्मी ऊ” तृतीय पुरुषयुक्त सार्वनामिक कृति प्रकाशित भएको थियो । त्यसमा म प्रथम पुरुषलाई अन्तर्भाव गराएर रेडक्रसजस्तो पवित्र संस्थाको आन्तरिक अवस्थाबारे प्रकाश पार्नुभएको थियो । लेखकीय धर्मले कति बाहिर ल्याउन मिल्ने, नमिल्ने मूल्याङ्कन गरी आफ्ना विचारहरू सटीक रूपमा विवेकका साथ प्रस्तुत गर्नु उहाँको विशेषताभित्र नै पर्दछ । त्यो नै उहाँको २०७४ सालमा प्रकाशित भएको पुस्तकाकारको पहिलो कृति हो ।

‘शिक्षाका ती दिन’ भन्ने यस कृतिमा राखिएका आलेखहरू रचनाका दृष्टिकोणले पठनीय, मननीय छन् र भविष्यका लागि प्रेरणादायी पनि । भाषाका दृष्टिले सुमधुर शिल्पीद्वारा कुँदिएका शब्दहरू सरल र सुबोध्य पनि छन् । मनमा उठेका संवेगात्मक भावनालाई लिपिबद्ध रूपमा सामाजिक हितका लागि प्रयोग गर्नु नै साहित्य हो । *“हितेन सह = सहितः, सहितस्य भावः = साहित्यम्”* यसको विग्रह हो र परिभाषाअनुसार पनि साहित्यमा सामाजिक, सांस्कृतिक, धार्मिक तथा राजनीतिक घटनाक्रमको यथार्थ वर्णन गरिएको हुन्छ (जस्तैः रामायण, महाभारतजस्ता ग्रन्थहरू यसका परिचायक मानिन्छन्) । भविष्यको कालखण्डमा यही नै ऐतिहासिक अध्ययनका लागि महत्त्वपूर्ण हुन जान्छ र इतिहासमा रूपान्तरित हुन पुग्छ । त्यसैले त साहित्यलाई समाजको ऐना भनिएको हुन सक्छ ।

यो कृति भर्खर मात्र पाठकसमक्ष देखा पर्न खोजेको साहित्यिक विधामध्ये उपविधाभित्रको लेखकको पुस्तकाकारको संस्मरणात्मक दोस्रो कृति हो । यसभित्र १०५ वटा आकर्षक शीर्षकका छोटा-छोटा संस्मरणात्मक आलेख समावेश गरिएका छन् । छोटै भए पनि लेखक स्पष्टसँग आफ्ना अनुभूति र अनुभव राख्न सफल हुनुभएको छ । घोचक र रोचक सबै शीर्षकहरू झट्ट हेर्दा उहाँ सञ्चारकर्मी पो हुनुहुन्छ कि भन्नुपर्ने हुन्छ । सञ्चारकर्मीको धर्म हो- आकर्षक शीर्षक दिएर आफ्नै पत्रिकातिर चुम्बकीय दृष्टि लगाउन पाठकवर्गलाई उत्प्रेरित गर्नु ।

उहाँ आफ्नो खानदानी परिवारको सदस्यका रूपमा जन्मनुभएको हो । खानदानी भए तापनि पहाड-पर्वतमा मुख्य पेशा भनेको कृषि तथा पशुपालन नै हो तर उहाँका पिताजी सर्वतोमुखी आयामको हुनुभएकाले पितृप्रभाव पुत्रमा नपरी रहन सकेन । उहाँका पिता गीता तथा वेदाध्यायी, अद्वैतमार्गी र समाजसेवी पनि भएकाले उहाँको परिवार शिष्ट र सभ्य पनि थियो । त्यस्तै शिष्ट र सभ्य परिवारमा उदाएका पौडेल पनि विद्यालयमा पढ्दादेखि नै सुशील र अनुशासित हुनुहुन्थ्यो । अध्ययन तथा अध्यापनको काल नै समाजसेवी ग्रामीण परिवेशको भएको र समाज सेवाजस्तो उदात्त भावनाको परिवेशले उहाँको मन-मस्तिष्कमा वास जमाएकोले रेडक्रसजस्तो पवित्र संस्थामा लागेर सिर्जनशील व्यक्तित्व निर्माण गर्न सफल हुनुभएको हो ।

यस कृतिलाई निम्न किसिमले तीन भागमा वर्गीकरण गर्न सकिन्छ :

वाल्यावस्था	प्राथमिक तथा निम्न माध्यमिक विद्यालयमा अध्ययन
किशोरावस्था	माध्यमिक विद्यालयमा अध्ययन
युवावस्था	उच्च अध्ययन तथा अध्यापन

अब कृतिका बारेमा केही चर्चा गरौँ । यहाँ उल्लिखित कृति आद्योपान्त हेरिसकेपछि केही-न-केही लेख्न उचितै ठानेर लेख्ने जमर्को गरेको छु । यस कृतिको सुरुमा नै आफ्ना पिता-माताप्रति आदर सम्मान गर्न उहाँ चुक्नुभएको छैन । केटा-केटीको मन-मस्तिष्क भनेको कुमालेको चक्रमा राखेको माटाको डल्लोजस्तै हो । जे बनाउँछु भन्यो, उही बन्छ । त्यसैले घरमूलीको आचरण चाल-चलन राम्रो र मर्यादित हुनु जरुरी हुन्छ ।

शिक्षा शब्दको समष्टि अर्थ हो सिक्नु, ज्ञान लिनु । ज्ञान दुई प्रकारका हुन्छन्ः (१) सहज र (२) आर्जित । जन्मदेखि मृत्युपर्यन्तका चालचलन, क्रियाकलाप र बाबु-आमाबाट सिकिने वा पाइने तालिम नै ज्ञान हो । त्यसलाई भनिन्छ सहज ज्ञान । तिनैका मन-मस्तिष्कबाट खारिएर लेखिएका पुस्तकहरूबाट उपलब्ध ज्ञानद्वारा सामाजिक हित गरौँ भन्ने भावना जगाउन दिइएको विचार नै आर्जित ज्ञान हुन्छ जसबाट मानिस कुलतमा नफसोस् । शिक्षा समय र परिस्थितिअनुसार फेरबदल हुने र अपनाइने हुन्छ । पुस्तकीय ज्ञान नभए पनि स्वच्छ विचार पारखी आँखाबाट चलाइने क्रियाकलाप पनि शिक्षा हुन्छ । चितौडका महाराणा प्रताप, नेपालका श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह, भीमसेन थापा, अरनिको यसैका उदाहरण हुन् । त्यसैले त शिक्षा मानव मस्तिष्कलाई परिमार्जन गर्ने साधन हो भनेजस्तै पारिवारिक सागरको डुङ्गा चलाउने माझीको रूपमा रहनुभएका उहाँका पिताले खारिएको अनुभवबाट गर्नुभएका क्रियाकलाप नै पौडेलजीको प्रेरणाको मूल स्रोत बन्न पुग्यो र चमकदार सुन बनेर उहाँ चम्कन सफल हुनुभयो । "पितृदेवो भव, मातृदेवो भव, अतिथिदेवो भव, आर्चायदेवो भव" यी हाम्रा पूर्वीय नीतिवाक्य हुन् ।

अर्थ हुन्छ : बा, आमा, पाहुना र धेरै ज्ञान भएको व्यक्ति देवतासमान हुन्छन् । आफ्ना पिताप्रतिको सम्मान "प्रेरणा नै शिक्षाको मूल सूत्र रहेछ" भन्ने शीर्षकद्वारा भावी पिँढीलाई आदर-सम्मान गर्न यस आलेखमा सिकाइएको छ ।

सय गुरुबराबर आमा हुन् - एक पाश्चात्य विद्वान् भन्छन् । त्रिषु लोकेषु मातासमो गुरुर्नास्ति (तीनै लोकमा आमाजस्तो गुरु अरू छैन) । "आमाको काख, अरूको लाख" भन्ने त चलन नै छ । कुटे, पिटे पनि आमाका हात पोसिला, काख-काखमै नचाई खेलाई चरित्र निर्माण गराउने आमाको प्रयास बिर्सिनसक्नु नै छ । आमासित साल-नाल र मुटु-कलेजोको सम्बन्ध भएकाले निष्कपट र निःस्वार्थ मायाको सदैव सम्मान गर्नुपर्ने तथ्यतिर "काखको शिक्षा र आमाको इच्छा" संस्मरणले सङ्केत गरेको पाइन्छ ।

"जत्ति घोचाइ, उत्ति सिकाइ", "लट्टे गुरुका कुरा, आहालेमा खेलाउँथे भुरा", "हिन्दीमा पढाइ, इन्द्र सिंहको कडाइ", "काला गए गोरा आउँछन्" आदि शीर्षकले भन्छन्- सबै शिक्षकहरू एकैनासका हुँदैनन् । सबैका विचार र व्यवहार मिल्दाजुल्दा हुँदै नन्, केही-न-केही विज्ञ नभई कोही पनि शिक्षक बनेको हुँदैन, आनी-बानी भने फरक हुन्छ । कसैको बाहिर कडा, भित्र नरम, कसैको भित्री र बाहिरी नै नरम, कोही बोलीको कडा मात्र नभई मनैदेखिको कडा हुँदा छात्र-छात्राहरू सधैँ डराउने हुन्छन् र अगाडि नै पर्न नसक्ने हुन्छन् । उनीहरूको प्रगति रोकिने हुन्छ । उस्तै परे विद्यालय छाडेर अन्यत्रैतर्फ लाग्ने पनि हुन्छन्, शिक्षकले त बाल मनोविज्ञान बुझेर चल्नुपर्छ, अन्यथा बानी-ब्यहोरा परिवर्तन भएन भने कुनै शिक्षक सदा-सर्वदा स्मरणयोग्य र कुनै बेला-बखत मात्र स्मरणयोग्य हुन्छन् भन्नेतर्फ दिशाबोध गराउन खोजिएको छ ।

"चिसापानी कि सिस्नोपानी" शीर्षकका अनुसार पुर्कोट आफ्नो क्षेत्रमा गण्यमान्य र हस्ती कहलिएका साना बाजे अर्थात् देवनिधि लोहनी र लप्टन ओजराज जोशीको बस्ती हो । उनीहरू धन-सम्पति प्रशस्त भएकामा गनिने पनि हुन् । त्यहाँ १९८१ सालमा भाषा पाठशालाको स्थापना भयो । कतिपय शिक्षित भए होलान् पनि तर उनीहरूकै अनास्थाको कारण पुर्कोटको उज्वल भविष्य अँध्यारोमा परिणत हुन पुग्यो । धन भएर के गर्नु ? समाजको परोपकारमा नलागेको धन धन नै होइन, बाँचुन्जेलसम्म मान-सम्मान, मरेपछि अपमान । त्यस्ताले प्रतिष्ठा पाउनु भनेको "अजागलस्तनस्यैव तस्य जन्म निरर्थकम्" नै हो । यसको तात्पर्य हो, त्यस्ताको जन्म बाख्रीको घाँटीमा लर्केको छालाको तनोजस्तै व्यर्थ हो । यही सन्देश यस आलेखबाट पाइन्छ ।

चकटी, कालो पाटी र खरी, विद्यार्थीका सम्पत्ति तीन थरी आलेख तत्कालीन विद्यार्थीका शैक्षिक आधारको चित्रण हो । २००७ सालपछि पनि शिक्षा क्षेत्रमा कुनै परिवर्तन आउन सकेन, जनता सुषुप्त अवस्थामा नै रहे । मुसुरे कडुसको मसी, बाँसको धोती, सालको पात, हाडे उनिउँ र बाँसको कलम लेख्ने र लेखिने साधन थिए । आकाशे छानामुनिका

चौर विद्यालयका रूपमा थिए । रुद्री, चण्डी, श्राद्ध, अग्निस्थापनाजस्ता धार्मिक पुस्तक पढाइने र पढ्न जाने काम गरिन्थ्यो । पुरेत्याइँ गर्न सके पण्डित भइन्थ्यो । यत्तिकैमा पढाइ सीमित हुन्थ्यो । यो त्यस वेलाको यथार्थ हो ।

"घरबुना कपडाको ड्रेस, पुर्कोटकै उत्पादन बेस", "नेवारे कुमालेका माटाका भाँडा, विद्यार्थीसँगै डाँडा-काँडा" शीर्षकले संस्मरण गराएको छ, पुर्कोट कपास खेतीका लागि प्रसिद्ध थियो । त्यसैबाट घरबुना बुन्नेजस्ता कुटीर उद्योग घर-घर, गाउँ-गाउँमा चल्दथे । २०११ देखि २०१४ सम्म त कपडा उद्योग प्रतिस्पर्धात्मक रूपमा नै चलेको थियो । त्यति मात्र नभई माटाका भाँडा पार्ने वंशपरम्परागत मौलिक नै पेशा बनाएका नेवारे कुमाल तनहुँको पुर्कोट र चुँदी टुहुरे पसलमा आएर बर्सेनि भाँडा पार्थे । यी दुवै कुटीर उद्योग निर्वाहमुखी थिए । समयको कालखण्डमा त्यतिखेरका राज्य प्रशासकको उपेक्षाले घरबुना उद्योगको त विलय नै भयो । विलय हुन लागेको माटाका भाँडाको उद्योगलाई स्तरीयताका लागि सरकारी अनुदान तथा आधुनिक उपकरणको व्यवस्था मिलाई दिन सके अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्थ्यो र देशलाई टेवा पुग्थ्यो कि भन्ने मनसाय यस आलेखबाट बुझिन्छ ।

"न पढे पनि पास, पढे पनि फेल" आलेख भन्छ : "विद्यार्थीमा चिन्तन, मनन र स्वाध्ययन" - यी तीन तत्त्व हुनुपर्छ । मनलाई नियन्त्रण गर्न नसके मानिस लगामविनाको घोडाजस्तै हुन्छ । अनियन्त्रित मन कहाँ पुगेको हुन्छ, देखावटी रूपमा कराएर मात्र कुनै अर्थ रहँदैन, बुझ्ने क्षमताको विकास गर्दै लैजानुपर्छ । यथार्थको धरातलमा पुगेर पढ्ने बानी बसाल्नुपर्दछ । चतुरो, छोटो निद्रा भएको ध्यानी आदि गुणसम्पन्न विद्यार्थी नै सफलताको पहाड चढ्न सक्छ । छात्र-छात्राको लागि यो संस्मरण मननीय छ ।

'व्रतबन्ध...' आलेखमा गुरु शब्दको अर्थ व्यक्त भएको छ । यसको अर्थ हो, मनमा रहेको अज्ञानको अन्धकारलाई उज्यालो प्रकाशले हटाइदिने । गुरु सदाचार, नैतिकता, सभ्यता, अनुशासन तथा असल चरित्रका पाठ सिकाउने आदर्श पुरुष हुन्, विद्या र ज्ञानका प्रकाशपुञ्ज हुन् र संस्कार र संस्कृतिका धनी पनि । आफ्ना बाल-बच्चालाई संस्कार र सभ्यताको विद्याध्ययनका लागि उपनयन संस्कारद्वारा गुरु जिम्मा लगाएर गुरु-आश्रम पठाउने हाम्रो पूर्वीय संस्कृति हो । उपनयन शब्दको अर्थ हो गुरुका समक्ष पठाउनु, यसलाई मौञ्जी बन्धन, यज्ञोपवीत पनि भनिन्छ ।

परा र अपरा गरी विद्या दुई किसिमका छन् । परा विद्या भनेको आध्यात्मिक विद्या हो भने अपरा भनेको भौतिक विद्या हो । परा विद्याले बालकलाई नैतिकवान्, आदर्शवान्, चरित्रवान् र सदाचारी बन्ने पाठ सिकाउँछ । त्यस आश्रमबाट निस्केका बालकहरू गुरुको रेखदेखबाट देशभक्त, राष्ट्रवादी, योग्य, सुशिक्षित, सभ्य, परिष्कृत र चरित्रवान् भएर निस्कन्छन् । देशको रथलाई नैतिकतासाथ हाँक्छन्, यो हिन्दू आदर्श र संस्कृति हो । यज्ञ सूत्रको यज्ञको पर्यायवाचक हो यजन । यजनको य निकालेपछि "जन" मात्र बाँकी रहन्छ । "जन" मा उपवीतको "उ"

जोडेपछि जने उ" हुन्छ । यसको रूप हो जनै । स्मृतिप्रकाशमा यसरी व्याख्या गरिएको छः "**सूचनाद् ब्रह्मतत्त्वस्य, वेदतत्त्वस्य सूचनाद् । तत्सूत्रम् उपवीतत्वाद् ब्रह्मसूत्रमिति स्मृतम् ।**" वेद र ब्रह्मका तत्त्व - दुवैको सूचना दिने हुनाले यसलाई ब्रह्मतत्त्व भनिछ । साकार परमात्मालाई यज्ञ र निराकार परमात्मालाई ब्रह्म भनिन्छ ।

जनै धारणपछि गुरुले मन्त्र दिन्छन् । मन्त्र हो सूर्यको स्तुति । मन्त्रको विग्रह हो, "मनसः त्रायते इति मन्त्र ।" मन बरालिन नदिन गुरुले मन्त्रमा केन्द्रित गराउँछन् । यो सूर्य उपासना र साधना पनि हो । यस्तै **"द्यौः शान्तिः, पृथिवी शान्तिः" "सङ्गच्छध्वं संवदध्वं सं वो मनांसि जानताम्"** र **"देवा भागम् यथापूर्वे सञ्जानामुपासते"** (आकाशमा शान्ति होस्, पृथ्वीमा शान्ति होस्, सँगै मिलेर हिँडौँ, सँगै मिलेर बोलौँ, सँगै मिलेर अरूको मन जानौँ, पहिले जसरी देवताहरूले सहभागी भएर जुनसुकै काम गर्थे, त्यसरी नै सहृदयले काम गरौँ) । यस्ता विचार नै हिन्दू संस्कृतिका आधार हुन् । ***"सत्यं वद, धर्मं चर, स्वाध्यान्मा प्रमद"*** (साँचो बोल, धर्म गर, आफ्नो अध्ययनमा नचुक) जस्ता विचारले आफ्नो मन-मस्तिष्कमा डेरा जमाएर क्रमिक रूपमा किशोरावस्थाबाट, युवावस्था पार गरेको हुन्छ, यही विचारले जरा गाडेको उसको विचार कहिल्यै परिवर्तन हुँदैन । यसमा आत्मिक सुख-शान्ति मिल्छ । गुरु आश्रमको आध्यात्मिक विद्या परा विद्या हो । वर्तमान परिप्रेक्ष्यमा धेरै मानिस धर्म परिवर्तनमा लाग्न थाले । धर्म परिवर्तन गर्दैमा कर्मको फल परिवर्तन हुँदैन ।

अपरा अर्थात् भौतिक विद्याले दुर्गम, सुगम, मुटु-मिर्गौला प्रत्यारोपणजस्ता अनेकौँ वैज्ञानिक आविष्कारबाट सुख-सुविधा त गरायो तर आफ्नो संस्कृति, संस्कार र पहिचान हरायो । 'लोभानि, पापानि' जगायो, सेखी बढायो, मान-सम्मान गर्न बिर्सायो, स्नेह-सद्भाव बगायो, 'तँ छाड्, म छाड्' भन्ने भावना जगायो, आफैँ मात्र लाऊँ र खाऊँको स्वार्थ मन परायो, विश्वशान्ति र अहिंसाको सट्टा दुर्दान्त घटना बढायो, आन्तरिक झै-झगडा गरायो । यो भौतिकवादको दुःखद पक्ष हो ।

आध्यात्मिकतामा मानसिक शान्ति पाइन्छ । विनाआध्यात्मिकताको भौतिकवाद निरङ्कुश मत्ता हातीजस्तै हुन्छ । विनागुरु परा-विद्या ज्ञान, सूर्यको प्रकाशले फुल्ने जलकमलजस्तै हो । त्यही कमल पाखामा निकालेर सूर्यको प्रकाशले फुलाउँछु भन्नु मूर्खता हो । ओइलाएर मरिगएजस्तै हो । त्यसै कारण हिन्दू संस्कारअनुसार गुरु आश्रममा पठाउने चलन भएको हो । आध्यात्मिकता तथा भौतिकताको समन्वय कायम गरेर आध्यात्मिकहरूले जीवन सुखी बनाउँछन् । आध्यात्मिक सुख लिन्छन्, विद्यालयमा पनि आध्यात्मिक तथा भौतिकताको समन्वय गराउने खालको पाठ्यक्रम राखेर शिक्षा दिने व्यवस्था मिलाई आफ्नो संस्कृति र संस्कार जोगाउनुपर्छ । **"स्वधर्मो निधनं श्रेयः परधर्मो भयावहः"** (आफ्नै धर्ममा निधन हुनु श्रेयस्कर हुन्छ, अरूको धर्म डरलाग्दो हुन्छ) भन्ने कुराको सङ्केत यस आलेखबाट पाइन्छ ।

“रामशरणको कोचिङ क्लास” शीर्षक संस्मरणले सङ्केत गर्छ- जोसुकै पनि छात्र-छात्रा परीक्षा भनेपछि भयभीत हुनु स्वाभाविक नै हो । पढाएको पाठ सुरुदेखिनै पढ्दै जाने छात्र–छात्राहरूका लागि भने परीक्षा भनेको बायाँ हातको खेल हुन्छ । अल्छीहरूका लागि भने परीक्षा बाघै हो, केही जान्नेहरूका लागि भने श्रेणीको कुरा पनि हुन्छ । त्यसै कारण ‘जहाँ इच्छा, त्यहाँ उपाय’ निकालेर पढ्न जाने कुरा राम्रो । सकभर यसरी पढाउने जिम्मेवारी पढेकै विद्यालयको हो । गैर-जिम्मेवारी काम गरेर छात्रछात्रालाई दुःख दिनु अन्याय पनि हो । गैर-जिम्मेवारी कामबाट छात्र-छात्राहरूको भविष्यमा मात्र होइन, विद्यालयकै भविष्यमा समेत तगारो लाग्ने सम्भावना हुन जान्छ । यस्ता कुराहरूमा सरोकारवालाहरू सबै सचेत हुनुपर्छ ।

“जोगी बूढाले लिए भाटो...” संस्मरणअनुसार जोगी बूढा स्वामी ईश्वरानन्द गिरी मद्रासी हुन् । पशुपतिनाथको गुफामा बस्थे जसको सेवा चन्द्रावती माविले पायो । अङ्ग्रेजी र गणित विषयमा विज्ञ थिए । जुनसुकै वेला पनि समय मिलाएर पढाउने उनको स्वभाव थियो । अहिले जस्तो सशुल्क पढाउँदैनथे । छात्र-छात्राहरू उनकै सेवा-टहलमा रहन्थे । उनका यस्ता व्यवहारले भने पुरानै सेवा उपलब्ध हुने विद्यालयको झ-झल्को पाइन्थ्यो । रीसमा भने दुर्वासा नै थिए, नम्रतामा उनी घिउ नै थिए । मानिसमा गुण र अवगुण- दुवै हुन्छन् तर चन्द्रमाका प्रकाशको अगाडि कालो दागको के अस्तित्व रहन्छ र ? त्यसै कारण सबैले उज्वल भविष्यको कामना गर्नै पर्छ ।

यस कृतिमा भएका आलेखहरू जोसुकैको जीवनमा पनि मिल्दा-जुल्दा नै हुन सक्छन् । धेरैजसो संस्मरणले त मेरो जीवनको नै प्रतिनिधित्व गर्न पुगेका छन् । सबै आलेखको उल्लेख गर्नु असम्भव हुने भएकाले केही आलेखका बारेमा मात्र उल्लेखसहित टिप्पणी गरिएको हो । कृतिमा रहेका सबै आलेखहरू पठनीय, मननीय र सुबोध्य छन् ।

यति लामो भूमिका बाँधिसकेपछि पनि केही कुरा भनौँ जस्तो लाग्यो । “शिक्षाका ती दिन” शिक्षा क्षेत्रमा काम गर्ने पाठकले मात्र हैन, नीति-निर्माता तथा छात्र-छात्राहरूले समेत विचार पुऱ्याएर पढ्नु नितान्त आवश्यक देखिन्छ जसबाट भावी सन्ततिका लागि सहयोगी तथा प्रेरणादायी सिद्ध हुन सकोस् । अर्को थप कृतिको अपेक्षासहित लेखकको सफलताको शुभकामना ।

- मेदिनी शर्मा ‘चुँदेली’
चुँदी पण्डितथर, भानु न.पा. ६, तनहुँ
२०७५ कार्तिक २६

(३६ वर्षसम्मको शिक्षणपछि सेवानिवृत्त श्री चुँदेली शैक्षिक उत्थानमा सक्रिय व्यक्तित्व, विभिन्न विद्यालयका संस्थापक, हजारौँ विद्यार्थीका प्रिय गुरु, शिक्षाप्रेमी र कवि पनि हुनुहुन्छ । उहाँका तीन काव्यकृति प्रकाशित र केही प्रकाशोन्मुख छन् । उहाँ संस्कृत र नेपाली भाषा तथा साहित्यका विद्वान् हुनुहुन्छ)

नेपालको शैक्षिक इतिहासको सङ्क्षिप्त संस्मरण

विक्रम संवत् १९०३ मा कोतपर्वपछि जङ्गबहादुर राणाले शक्ति हातमा लिएर प्रधानमन्त्री भएपछि बेलायतबाट भारतमा र भारतबाट नेपालमा आयात गरिएको लर्ड मेकालेको शिक्षापद्धतिले हाम्रो देशमा प्रवेश पायो । फलतः १९१० मा दरबार स्कूल स्थापना गरियो । पढाउने व्यक्तिलाई वार्षिक मोरु. १००/- गुठीबाट खाने व्यवस्था थियो । थापाथलीको दाखचोकमा खोलिएको नेपालको पहिलो अङ्ग्रेजी स्कूल थियो यो । यसमा राणाहरूले मात्र पढ्न पाउँथे । १९१४ मा जङ्गबहादुरकै पालामा जर्नेल खड्गशमशेरको मातहतमा धनकुटामा रामराज थापा र टीकादत्त ब्राह्मणले शास्त्रनिधानगेह नामको पुस्तकालय स्थापना गरेका थिए । १९१५ मा शिक्षाको तालुकी अड्डा शिक्षा विभागको स्थापना गरेर शिक्षा प्रशासनलाई गति दिइयो । १९२५ मा नारायणहिटी पाठशाला र १९३०/३१ तिर ल्हासामा नेपालीका लागि पाठशालाको व्यवस्था भयो । जङ्गबहादुरकै कार्यकालमा उनका छोरा जीतजङ्गले निजी खर्चमा पशुपतिको राजराजेश्वरी घाटमा १९३१ मा संस्कृत पाठशाला खोलेकोमा १९४२ को पर्वपछि यसलाई बन्द गरिएको थियो । भोजपुरको दिङ्लामा १९३२ मा बालब्रह्मचारी षडानन्द अधिकारीबाट षडानन्द पाठशाला स्थापना भएको थियो ।

१९३४ मा श्री ३ प्रधानमन्त्री रणोद्दीप सिंहको शासनकालमा अनुमति प्राप्त गरी जङ्गबहादुरका कान्छा भाइ धीरशमशेरले काठमाडौँको रानीपोखरीमा अङ्ग्रेजी शिक्षाको प्रचार-प्रसारका लागि दरबार हाईस्कूल र दोस्रो संस्कृत पाठशालाको रूपमा तीनधारा संस्कृत पाठशाला स्थापित गरेका थिए । राणा शासक धीरशमशेरको पालामा कक्षा १० सम्म अध्यापन गर्ने परिपाटी बसेको हो । सुरुमा कलकत्ता (हाल कोलकाता) विश्वविद्यालयसँग सम्बन्धन गरी कक्षा १० को अन्तिम परीक्षा दिन कलकत्ता जानुपर्दथ्यो ।

यसै क्रममा १९४१ देखि नेपालमा पञ्चाङ्ग पनि छापिन थालेको हो । १९४१ मा नै बाबु धीरशमशेरको इच्छा पूरा गर्न तथा आफूले पनि गोत्रहत्याको पापबाट मोचन हुने ठानी वीरशमशेरले तीनधारा पाकशालाको पूर्वाधार खडा गरी १९४५ मा पाकशाला सञ्चालन गराए । स्कूलबाट भागेर जाने छात्रहरू नबरालिउन् भनेर उनीहरूलाई थुनेर ख्वाउने तथा पढाउने व्यवस्था १९५२ मा भएको थियो । १९४७ मा वीर अस्पताल र १९५७ मा मेडिकल स्कूलको स्थापना उनकै कार्य हुन् । १८६९ मा स्थापना भएको पुस्तकखानालाई वीरले व्यवस्थित गरी वीर पुस्तकालयको नाम राखेका हुन् । उनले आफ्ना छोराका साथै ५ जवान विद्यार्थीहरूलाई जापान पठाई प्राविधिक शिक्षा भित्र्याउने जमर्को पनि गरेका थिए । तिनीहरूले खुबी पनि प्रदर्शन गरेका थिए तर जगत्शमशेरले रिभल्वरसमेत बनाई देखाउँदा चन्द्रशमशेर जबराको सातो गएकाले प्राविधिक शिक्षाले अघि बढ्ने मौका पाएन ।

देवशमशेरको शासनकाल छोटो भए पनि महत्त्वपूर्ण रह्यो । प्राथमिक शिक्षालाई सर्वव्यापी बनाउने घोषणाअनुसार ३०० वटा भाषा पाठशाला देशमा खोल्न रु. ३ लाख छुट्याएर योजना बनाए । तर उनको कार्यकाल १९५७ फागुनदेखि १९५८ असारभित्रका ११३ दिनमा जम्मा ५७ वटासम्म पाठशाला खुल्न सके जसमा दुई महिनाभित्रै काठमाडौँ उपत्यकामा ३५ पाठशालाको स्थापना गरियो । ५० जना विद्यार्थी जम्मा गर्ने र ती विद्यार्थीलाई ठाउँको व्यवस्था गर्न सक्ने प्रत्येक गाउँमा पाठशाला खोल्ने स्वीकृति दिँदै एउटा शिक्षक दरबन्दी दिने व्यवस्था गरेका थिए । दरबार स्कूलको भवनमा नै एउटा संस्कृत पाठशाला स्थापित गराए जो पछि रानीपोखरी संस्कृत पाठशालाको रूपमा प्रसिद्ध भयो । खस वा गोर्खा भाषाको सट्टा नेपाली भाषा भनिने इस्तिहार जारी भयो । यसरी नेपाली भाषालाई मान्यता र यसलाई प्राथमिकता दिइने भयो । मानवतावादी बझाङ्गी राजा जयपृथ्वीबहादुर सिंहलाई प्राथमिक पाठशालाका लागि पाठ्यपुस्तक अक्षराङ्क शिक्षा तयार गर्न लगाई किताब र सिलोट वितरण गर्न लगाए । यसरी हाम्रो राष्ट्रभाषालाई समृद्ध र समुन्नत पनि तुल्याए । यसै भाषाको माध्यमबाट नेपालभरका सम्पूर्ण नागरिकहरूलाई ज्ञान तथा विज्ञानको शिक्षा दिने परम्परा बसालिनु पर्दछ भन्ने पवित्र विचारका साथ यससम्बन्धी आफ्नो ठोस कार्यक्रम प्रस्तुत र शुभकार्यको आरम्भ गर्ने श्रेय भने सुदूरपश्चिम नेपालमा रहेको बझाङ नामक एउटा सानो आश्रित राज्यका नवयुवक राजा जयपृथ्वीबहादुर सिंहलाई नै प्राप्त छ । १९५८ वैशाख २४ गतेदेखि साप्ताहिक **गोर्खापत्र**को प्रकाशन प्रारम्भ भयो । तर चन्द्रशमशेरले देवशमशेरलाई असार १४ गते गलहत्ती लगाई धनकुटा धपाएर शासन सत्ता खोसे ।

जयपृथ्वीबहादुर सिंह

चन्द्रशमशेर ज.ब.रा. का पालामा भाषा पाठशालामा रोकावट गर्न खोजे पनि बाध्यतावश आफन्तका जिल्लामा पाठशाला खुले । १९६० मा केटाकेटी पढाउने किताब तर्जुमा भयो । १९६१ मा ल्याप्चे सहीछाप लगाउने कानुनी व्यवस्था सुरु भयो । १९६३ मा जयपृथ्वीबहादुर सिंहले काठमाडौँमा आफ्नै खर्चमा नक्सालमा सत्यवादी प्राथमिक पाठशाला खोलेका थिए । पछि राणाहरूको कोपभाजनमा बन्द भए पनि बझाङमा लगेर सञ्चालन गरे । १९६६ मा जनकपुर र रिडीमा संस्कृत पाठशाला खुले । १९६८ मटिहानीमा पनि संस्कृत पाठशाला खुल्यो । १९६९ मा जाँचपास अड्डा खडा गरियो । १९७० मा नेपाली भाषा प्रकाशिनी समिति खुल्यो । १९७२ मा नेपालगञ्जमा संस्कृत पाठशाला खुल्यो । १९७४ मा तनहुँकै बोधविक्रम अधिकारी कलकत्ता विश्वविद्यालयबाट संस्कृतमा एमए गर्ने पहिलो व्यक्ति बने । १९७५ मा प्रधानमन्त्री चन्द्रशमशेरले पहिलो महाविद्यालयको रूपमा राजा त्रिभुवन र

आफ्नो नाममा त्रिभुवन चन्द्र कलेज खोल्न पुगे जो १९८१ देखि त्रिचन्द्र कलेज बनाइयो। त्यस बेला उनले "म आफ्नो खुट्टामा आफैँ बञ्चरो हान्दै छु" भनेका थिए। १९७६ मा तौलिहवामा संस्कृत पाठशाला खुल्यो।

१९७७ मा नै 'प्रभातवर्णन' कवितामा चन्द्रमा अस्ताउन लागेको वर्णन भएको कविता गोरखा भाषा प्रकाशिनी समितिबाट स्वीकृत भई प्रकाशित गरेकोमा चन्द्रशमशेर अस्ताउन लागे भन्ने अर्थ गरी सो पुस्तक छपाएबापत राममणि आ.दी. लाई राजकाज मुद्दा लाग्यो। तर उनी चन्द्रशमशेरकै मानिस भएकाले सफाइ पाए। १९७७ मा नै सुब्बा कृष्णलालको **मकैको खेती** पुस्तकले मकै पर्वको सिर्जना गर्‍यो। यसबाट दच्केका चन्द्रको पत्रपत्रिकामार्फत राणाशासनको विरोध अङ्ग्रेजी पढेकाबाट हुन्छ भन्ने ठानेकाले शिक्षामा विशेष कुदृष्टि पर्न थाल्यो। कवि र साहित्यकारका कलम भाँचिए। १९७८ मा बन्दीपुरमा तनहुँको पहिलो भाषा पाठशाला खुल्यो। १९७८ सालदेखि नै ४ र ६ पास गरी परीक्षा लिन थालिएको हो। आफ्ना सन्तानलाई मात्र शिक्षा दिने उद्देश्यले खोलिएको दरबार हाईस्कूल नै परीक्षामा सामेल हुने पहिलो स्कूल हो। १९३६ देखि १९७९ सम्म कलकत्ताबाट म्याट्रिक (एसएलसी) दिनुर्पथ्यो। कोलकाता लगेर परीक्षा दिलाई ल्याउनेसम्मको खर्च राणा सरकारले ब्यहोर्थ्यो। १९८० देखि नजिक पारेर पटना विश्वविद्यालयसँग सम्बन्धन गरेर ६ वर्षसम्म परीक्षा सञ्चालन भयो।

१९८१ मा तनहुँको पुर्कोटमा तनहुँकै दोस्रो भाषा पाठशाला खुल्यो। खिदिममा संस्कृत पाठशाला खुल्यो। पटना विश्वविद्यालयसँग सम्बन्धन गराइएकाले त्यहीँबाट परीक्षा हुन्थ्यो जसलाई १९८६ देखि म्याट्रिक, आईए र बीएको परीक्षा सञ्चालन गर्ने स्वीकृति दिइयो। २०३० सालदेखि कलेजलाई क्याम्पस भन्न थालिएको हो। १९८५ मा काठमाडौँको नरदेवीमा आयुर्वेद पाठशाला खुल्यो। जे होस्, चन्द्रशमशेरको पालामा ५८ भाषा पाठशाला, ९ संस्कृत पाठशाला र १ आयुर्वेद पाठशालासहित अङ्ग्रेजी तथा फुटकर गरी जम्मा १०८ जति शिक्षालय पुगेका थिए। १९८६ मा भीमशमशेर प्रधानमन्त्री भएपछि आर.एल. टर्नरको व्याकरण आयो। उता, जोगवीर र उनका साथी लक्ष्मीप्रसाद देवकोटा लगायतकाले १९८८ मा नेपालमा एउटा पुस्तकालय स्थापना गर्ने योजना बनाएका थिए तर पोल खुलेकाले ४५/४६ जना पक्राउ परे र प्रत्येकलाई सय-सय रूपैयाँ दण्ड गरिएको थियो जसलाई लाइब्रेरी पर्वको रूपमा चिनिन्छ।

राणा परिवारको शिक्षाको लागि राणाहरूले स्कूल तथा कलेज खोल्ने गरेका थिए भने जनस्तरबाट आफ्नै तवरमा पहाड तराई सबैतिर शिक्षालय खोल्न सक्दो पहल भएको थियो। सरकारी शिक्षा नीति एकदमै अनुदार थियो। जनताको लागि शिक्षा दिने उद्देश्य राणाकालमा अपवादकै स्तरमा रहेको थियो। पटना विश्वविद्यालयले प्रश्नपत्र तयार गरी नेपालमा परीक्षा लिने र पटनामा लगी जाँचेर नतिजा प्रकाशन कार्य १९८६ देखि सुरु भयो।

१९८९ मा जुद्धशमशेर राणाले निजामती प्रथमा र निजामती मध्यमा निर्धारण गरी परीक्षा लिन लगाएका थिए ।

महानन्द सापकोटाले इलामको कर्फोकमा केही कामी जातका केटाहरू जम्मा गरी धनीमानीबाट आर्थिक सहयोग लिएर श्रमदानबाट स्कूल बनाई अङ्ग्रेजी पढाइ सुरु गरेका थिए । अछुतहरूलाई अरूसँग राखी पढाएबापत जुद्धशमशेरकालमा उनलाई जात पतित गराई अछुत घोषित गरिएको थियो । यद्यपि राज्यका तर्फबाट जुद्धशमशेरले जुद्धोदय स्कूल खोली विद्यालय भवन समेत आफैँ बनाइदिएका थिए । उनका पालामा १९८९ मा कृषि स्कूलको स्थापना, १९९० मा सिभिल मिडिल स्कूल, १९९० कार्तिक १६ का दिन एसएलसी परीक्षा बोर्ड गठन र १९९१ देखि नेपालमै परीक्षा सुरु भयो । यसै वर्ष एसएलसीमा पहिलो पल्ट बोर्ड फस्ट हुने तनहुँकै यदुनाथ खनाल हुनुहुन्थ्यो । १९९२ सालमा “नेपाली कसरी शुद्ध लेख्ने ?” पुस्तक वितरण गरिएको थियो । पहिलो पटक शिक्षा बोर्ड भने १९९३ मा गठन भयो । १९९६ मा शिक्षासम्बन्धी पहिलो इस्तिहार जारी भयो । १९९९ मा तनहुँको चुँदी रम्घामा पनि पाठशाला स्थापना भयो । भानुभक्तको जन्मस्थल चुँदी रम्घाले थप योगदान दिन सक्ने भयो । २००० सालदेखि **गोर्खापत्र** अर्धसाप्ताहिक बन्यो । २००३ सालमा तनहुँका रामप्रसाद खनालको ‘मातृ-शिक्षा’ र यदुनाथ खनालको ‘समालोचनाको सिद्धान्त’ प्रकाशित भए ।

पद्मशमशेरको पालामा पद्मोदय स्कूल र पद्म कन्या स्कूल स्थापना भएको हो । उनले स्कूल पाठशाला खोल्न विद्यमान बन्देज खुकुलो गरे । गाउँघरमा भने *‘पीँढी शिक्षा’* नै प्रचलित थियो । राणाकालमा *‘जसको तरवार, उसको दरबार’* भन्ने स्थिति थियो । यस्तो बेलामा जनताको शिक्षामा ध्यान कसले दिने ? तल्लो क्लासका राणाहरू नै वर्गीकरणमा परी शिक्षाबाट वञ्चित गरिने स्थितिमा जनता शिक्षित भए शासन गुम्ने डरले शासक सजग थिए । यसैबीच २००४ साल असारमा विद्यार्थीहरूबाट *‘जयतु संस्कृतम्’* आन्दोलन सुरु भयो । यसपछि १४ वटा आधार स्कुलको स्थापना पनि यसै वर्ष भयो । यसरी बाध्यता वा परिस्थितिवश यी जे-जति शैक्षिक विकास भए पनि २००७ सालको परिवर्तनपूर्व आम नेपाली जनसमुदाय शिक्षाको पहुँचभन्दा बाहिर थियो ।

प्रजातन्त्रलगत्तै २००७ साल चैत २६ गते कान्ति ईश्वरी राज्यलक्ष्मी कन्या माध्यमिक विद्यालय खोलियो । त्यस बेला नेपालको जनसङ्ख्या ८० लाख थियो । २ प्रतिशत जनसङ्ख्या मात्र साक्षर थियो । पाठशाला जाने उमेरका केटाकेटीमा १ प्रतिशतले मात्र पाठशाला जाने मौका पाएका थिए । २००८ सालमा वैशाख १३ बाट नेपालमा नन्दी रात्रि पाठशाला सुरु भयो ।

२००७ पूर्व सरकारी पाठशाला प्रायः सत्तल, पाटी, पौवा, धर्मशाला, शिवालय आदिमा चल्दथ्यो । दिउसो सञ्चालन हुने महाविद्यालयमा उच्च शिक्षा प्राप्त गर्न अनुकूल

नमिल्ने युवाका लागि २००८ सालमा प्रो. शङ्करदेव पन्तको प्रयासमा नेपाल नेशनल कलेज नामक महाविद्यालय खुल्यो । यसको सञ्चालन दरबार हाईस्कूलको भवनमा बेलुका गरिन थाल्यो । पछि आफ्नै प्रयासमा हाल चलिरहेको ठाउँमा भवन निर्माण गरी महाविद्यालयको स्थायित्त्व भयो । पन्तको निधनपछि यसको नामकरण शङ्करदेव क्याम्पस भएको छ । नेपालमा सर्वप्रथम कलेजमा स्नातकोत्तर कक्षा चालू गर्ने नेशनल कलेज पहिलो हो ।

२०११ सालमा राष्ट्रिय शिक्षक शिक्षण केन्द्र खुल्यो भने २०१६ साल आषाढ ११ गते विधिवत् रूपमा त्रिभुवन विश्वविद्यालयको स्थापनापछि उच्च शिक्षाको नयाँ युग प्रारम्भ भयो । यसै सालदेखि एसएलसी परीक्षामा पूर्णाङ्क १०० को नेपाली भाषाको अनिवार्य विषय आरम्भ भयो । २०२८ सालमा देशमा नयाँ शिक्षा योजना सुरु भयो । २०६२ सम्म विद्यालय तहको फलामे ढोका मानिने एसएलसीमा सर्वोत्कृट अङ्क ल्याउने विद्यार्थीलाई बोर्ड फष्टको उपाधि दिइन्थ्यो । अब एसएलसी एसईईमा परिणत भएको छ । यसैगरी १०+२ कक्षाको पनि प्रचलन भएको छ ।

अब शिक्षाको औपचारिक संसारलाई आधारभूत शिक्षा, विद्यालय तहको शिक्षा र उच्च शिक्षाको रूपमा शिक्षाको विकास गरिँदै छ । विभिन्न विषयका विश्वविद्यालयहरू पनि खुल्न थालेका छन् । यस परिप्रेक्ष्यमा आफ्ना संस्मरणमा रहेका शिक्षाका ती दिनका कुराको सन्दर्भमा शिक्षाको इतिहास बुझ्न र आज तथा भोलिका लागि अध्ययन गर्न पनि यी राष्ट्रिय तथ्य तथा स्थानीय अनुभवले केही मद्दत गर्न सकोस् भन्ने चाहना गरेको छु ।

– लेखक

विषय-सूची

पूर्व पृष्ठमा

- प्रकाशकीय
- आफ्नो दृष्टिकोण
- 'शिक्षाका ती दिन' लाई यी दिनले हेर्दा
- 'शिक्षाका ती दिन' लाई पढ्दा
- नेपालको शैक्षिक इतिहासको सङ्क्षिप्त संस्मरण

क्र.सं.	शीर्षक	पृष्ठ सङ्ख्या
१.	प्रेरणा नै शिक्षाको मूल सूत्र रहेछ	१
२.	काखको शिक्षा र आमाको इच्छा	५
३.	शिशु कक्षाको ज्ञान : चिन्ता छैन ज्यान	९
४.	लट्टे गुरुका कुरा : आहालेमा भुलाउँथे भुरा	१२
५.	चन्देनीमा छिनाझपटी : जसको शक्ति, उसको भक्ति	१४
६.	चकटी, कालोपाटी र खरी : विद्यार्थीका सम्पत्ति तीन थरी	१६
७.	घरबुनाका कपडाको ड्रेस : पुर्कोटकै उत्पादन बेस	१८
८.	कानमा मुन्द्री र टप : कपालमा डोरी बाटेर टिपटप	२०
९.	जत्ति घोचाइ : उत्ति सिकाइ	२२
१०.	गौँडेपानी बगैँचामा : स्कूल खोल्ने धामा	२४
११.	चिसापानी कि सिस्नोपानी ?	२६
१२.	भूकम्प आउँछ भन्दै कटेरीको बास	२९
१३.	दुई पैसाको 'सोमत' र चार पैसाको 'मोमत'	३०
१४.	हिन्दीमा पढाइ : इन्द्रसिंहको कडाइ	३२
१५.	कविता त कोरियो : पछि सबै चोरियो	३४
१६.	टुपी बाँधेर पढियो	३६
१७.	व्रतबन्धको शैक्षिक कारण : व्यक्तिको दैनिक आचरण	३८
१८.	स्कूल बुझ्न गएको कुन्छा : पहिलोपल्टै झाडा र बान्ता	४१
१९.	गाईखुरमा भर्ना : तीन दिनमा तीन महिना	४२
२०.	भिटामिन नखाई कसरी पढ्ने ? भिटामिन खाई कसरी पढ्ने ?	४५
२१.	कुकुरको छाउरो लग्यो : विद्यार्थीको सातो लग्यो	४६

२२. मीत लगाऊँ, पढौँ, लेखौँ ४८
२३. फेर्ने एउटै मर्दाना धोती : सँगै खाने दुई साथी ५०
२४. कुखुराको अण्डा : जात फाल्ने धन्दा ५२
२५. सानाबाजे मर्दा : पैसै-पैसा हात पर्दा ५४
२६. मुढाको साटो घुँडे जोतेछन् ५६
२७. दैनिक एउटा ढुङ्गा बोकी : हाईस्कूल बन्यो पक्की ५८
२८. हाटबजार व्यापार कस्तो ? विद्यार्थी युनियनको सस्तो ६१
२९. बिष्टेको नाटक : ज्यादै रोमाञ्चक ६३
३०. जङ्गलमा खेल्यो तास : बुबाले देखेपछि बित्यास ६५
३१. काला गए गोरा आउँछन् ६७
३२. सहपाठीका जुठा भाँडा : खोसी माझ्न व्यर्थ लफडा ७०
३३. पूजामा चप्पल साटियो : विद्यालय जानै ढाँटियो ७१
३४. चुँदीमा माछा मार्दै : धान खेत छपक्कै पार्दै ७३
३५. टाँक त सबै खत्तम : बाहुन बने उत्तम ७५
३६. ठाउँ रोक्न राखेँ कापी : करुवा ठोके त्यसैमाथि ७७
३७. एक घण्टा छुट्यो जाँच : नतिजामा पर्‍यो आँच ७८
३८. प्रश्नपत्रका तरिका : प्रविधि थरीथरीका ८०
३९. पन्ध्र बाख्रा एकै रात : खोजी ल्यायौँ खातै-खात ८१
४०. जोगी बूढाले लिए भाटो : विद्यार्थीको गयो सातो ८३
४१. बिरामी छोरो बोकेर उपचार : आमाको माया कति अपार ? ८५
४२. नेवारे कुमालेका माटोका भाँडा : विद्यार्थीसँगै डाँडा र काँडा ८६
४३. विद्यालय नगई : पहिला भो नाति-भाइ ८७
४४. पहिलो पल्ट फोटो खिचियो : एसएलसीको फाराम भरियो ८९
४५. रामशरणसँग कोचिङ क्लास (Coaching Class) :
भण्डारी गाउँको आवास ९०
४६. दिनभर चितुवाको शिकार : हेर्दा पढाइ बिग्रियो बेकार ९२
४७. नपढे पनि पास : पढे पनि फेल ९३
४८. सधैँ पूजापाठ, नमस्कार : प्रायः प्रथम पुरस्कार ९५
४९. गोठालाको जिम्मेवारी : खेतीपाती, खेलकुद जारी ९६
५०. मेरै उत्तर सही छ ९७
५१. बिहेको रमाइलो भनूँ : चाटेँछु रे डाडु र पन्युँ ९९

५२. घोडालाई रक्सी : झण्डै भयो बर्बादी १०१
५३. भैगो भाइ फर्की १०३
५४. गाउँले इष्टमित्रको देहावसान : रातभरि कुर्नुको हैरान १०५
५५. ठूलो धोको उच्च शिक्षाको : लामो यात्रा काठमाडौँको १०७
५६. गाडी र साइकल पहिलो दर्शन : साइकल सिक्दा पाइन्ट कत्रन १०९
५७. पढ्न जान ऋण सापट : पत्याएनन् पऱ्यो आपत् १११
५८. काठमाडौँमा पढ्न बस्दा : १७ ठाउँमा डेरा सर्दा ११३
५९. पहिलो शैक्षिक भ्रमण : धुलिखेलको पूरै वन ११६
६०. सुपारी लागेपछि कलेज आउजाउ पत्तै भएन ११७
६१. रामराजाको पक्षमा जुलुस : खाली खुट्टा भागदौड ११८
६२. 'वन्त' सर कि 'पन्त' ? पढ्यौँ पञ्चायत १२०
६३. नेपाली गुरुको अङ्ग्रेजी प्रश्न : कान निमोठे, सकिनँ बस्न १२२
६४. लोग्नेको क्रियामा छोरो मर्ने : आमालाई खबर कसरी गर्ने ? १२४
६५. रोजेको विषय पढ्न : कसै गरी पाइएन १२६
६६. बोधराजजीले ऋण लिन : मान्नुभएन कुन्नि किन ! १२७
६७. तरकारी केको हो ?..., बरबादै भयो नि ! १२९
६८. प्रहरीमा भर्ना : आफन्तको धर्ना १३०
६९. सिक्किम भारतमा विलय : नेपाली विद्यार्थीमा भय १३१
७०. एक दिन त भोकै परियो १३२
७१. जूवा खेल्नेको छटपटी : विद्यार्थीबाट सापटी १३३
७२. लेबोरेटरीमा कक्षा : दृष्टिविहीन उपेक्षा १३५
७३. चेसको नशा : पढाइको दुर्दशा १३६
७४. पोखरामा कसरी पढाएँ ? १३७
७५. मेरै छोराजस्तो भन्दै : डाँकै छोडिन् रुँदै-रुँदै १३९
७६. मनोहर प्रावि : बनाइयो निमावि १४१
७७. घडीको सुई १४४
७८. विद्यार्थीको आत्महत्या : जिज्ञासा र सत्यतथ्य १४५
७९. मेरो पालामा पानी धारामै आउँछ १४६
८०. राविसेका शिक्षक : पाउन, ल्याउन दिक्कत १४७
८१. विद्यालयहरूको स्वीकृति : कसरत कति-कति ? १४९
८२. रक्सी खाने साथीको टहल : पिउने समस्या सधैँ हल १५१

८३. राजीनामाको बेला : शिक्षक, विद्यार्थी, अभिभावक भेला १५२
८४. मज्जा र सास्तीका बाबजुद : वीरेन्द्र शील्ड (Shield) खेलकुद १५४
८५. विद्यार्थीको हडताल : जिन्दगीको बेहाल १५६
८६. शिक्षकहरूको हडताल : गाडी दुर्घटनाले बबाल १५८
८७. टुपीदेखि पैतालासम्म : चोरी र टुपी दुवै अचम्म १६०
८८. 'भारती' को प्रकाशन : कट्टर प्रशासन १६२
८९. जनस्वास्थ्य पुस्तकालय : किन भयो विलय ? १६४
९०. शिक्षक सङ्गठनसँगै सती १६६
९१. घरमा शिक्षक रखाइ : केटाकेटीको पढाइलेखाइ १६८
९२. निर्दल र बहुदल : जनमत सङ्ग्रहको भल १७०
९३. रेडियो चोरी शङ्कास्पद : यातना विवादास्पद १७२
९४. दशैँ भत्ता नदिन : शिक्षकबाट अवकाश किन ? १७३
९५. पढाएर फर्कंदाको चाल : असिना र पसिनाको कमाल १७४
९६. मुटकोर्ट (Moot Court), सेमिनार (Seminar) र इन्टर्नसीप (Internship) १७६
९७. विदामा पढाएँ : निरन्तर सेवा दिएँ १७८
९८. देउरालीमा साँझको बटुवा : तर्साउन बसेछ चितुवा १७९
९९. चुनावमा स्थानीय राजनीति : शैक्षिक क्षेत्रको के गति ? १८०
१००. विद्यालय कि रेडक्रस ? १८२
१०१. त्रि.वि.मा घुसपैठ किन ? नेपालीमा एमए हुन १८४
१०२. छोराछोरी, नातिनातिना : पढाइको कुरा झिनामसिना १८५
१०३. रचना छोराको : तस्विर छोरीको १८७
१०४. काठमाडौँमा आफन्तका छोराछोरी : घरमा राखी पढाउँदाखेरि १८९
१०५. क्याम्पस सञ्चालनका आग्रहहरू १९१

- सन्दर्भ सामग्रीहरू १९२
- अनुक्रमणिका (Index) १९४
- केही अग्रज तथा मित्रगणको आँखामा यो संस्मरण २०९

१. "प्रेरणा" नै शिक्षाको मूल सूत्र रहेछ

मेरा बाले कसरी वेद पढ्नुभयो होला ? कसरी ती पुराणका ग्रन्थ र श्लोक पढ्न सक्नुभयो होला ? कसरी दैनिक गीता पाठ गर्नुहुन्थ्यो ? किन जीवनको अन्तिम साससमा गीताको पुस्तक आफ्नो चितामा शवसँगै राख्दिनू भन्नुभयो ? कसरी अद्वैत संस्थाका ती थुप्रै पुस्तकहरू भाका मिलाएर पढ्न सक्नुभयो ? त्यसको अर्थसहित व्याख्या गरेर प्रवचन दिने सामर्थ्य कसरी प्राप्त भयो ? कसरी अद्वैत संस्थाको एउटा शाखाको कोषाध्यक्ष भएर विधिवत् हिसाब-किताब राख्न सक्नुभयो होला ? कसरी त्यस्तै अर्को शाखाको अध्यक्ष भएर नीतिनिर्देशन र भाषण गर्न सक्षम हुनुभयो ? कसरी एउटा विद्यालयको सञ्चालक समितिको अध्यक्ष भएर व्यवस्थापकीय नेतृत्व समाल्नुभयो ? कसरी घर व्यवहार र कृषिकर्म सफलतापूर्वक सञ्चालन गर्नुभयो । कसरी मजस्ता छोराछोरीलाई घरवारीको कामकाज, पूजापाठ, संस्कार सिकाएर तथा विद्यालयमा पढाएर र घरबाट टाढा पढ्न पठाएर भविष्य निर्माण गरिदिनुभयो ? कसरी कविता लेख्न र हामीलाई चिठीपत्र लेखेर पठाउन सक्नुभयो ? के उहाँको जन्मस्थल तनहुँको बाहुन पोखरामा कुनै त्यस्तो स्थान वा व्यक्ति थिए जसले उहाँहरूलाई पढाए ? यस्ता धेरै प्रश्न छन् मेरो मानसपटलमा आजसम्म पनि ।

यी हरेक प्रश्नका पछाडि पक्कै कुनै प्रेरणा र शक्ति थियो होला । आज पनि मलाई यी र यस्तै प्रश्नले उत्तर खोज्न लगाउँछन् । म पछुताएको छु किनभने बा जीवित छँदै मैले यी कुरालाई सामान्य रूपमा मात्र लिएँ । कुनै पनि कुरा प्रश्नको रूपमा नै लिइनँ । बाले वेदका ऋचा हातले पार लगाई लगाई ***"ॐ गणनां त्वा गणपति ँ हवामहे..."*** भन्दै ठूला अक्षरमा त्यो एक-एक पत्ता भएको विशाल वेदको पुस्तक आँखा अगाडि नै पढेको देख्दा पनि कुनै जिज्ञासा मेरो मनमा किन नआएको होला ! **वेद** संसारको सबभन्दा पुरानो ग्रन्थ । ज्ञान-विज्ञानको मूल स्रोत हो **वेद** भन्ने कुरा मलाई के थाहा ? वेदमा के छैन ? वेदले बताएको जीवन-पद्धति भैँ कुनै पनि धर्म वा संस्कृतिले यति विस्तारमा बताउन सकेको रहेनछ । श्रुतिको आधारमा देववाणीलाई लिपिबद्ध गरिएकाले आज पढ्न पाइएको रहेछ । ८० हजार कर्मकाण्डका मन्त्र, १६ हजार उपासनाकाण्डका मन्त्र र ४ हजार ज्ञानकाण्डका मन्त्रले सिङ्गो १ लाख मन्त्रद्वारा हामीलाई जिउन सिकाएका रहेछन् ।

राणाकालकै कुरा हो । बुबा त्यही वर्ष जन्मनुभएको रहेछ जुन वर्ष अर्थात् १९७८ मा ४ पास र ६ पासको पद्धति सुरू भएको रहेछ यद्यपि यो व्यवस्था राणाहरूका लागि मात्र लक्षित थियो । बाको पालामा त विद्यालयनै थिएनन् भन्ने कल्पनै पनि भएन मलाई । वास्तवमा मान्छे आफूले जे देख्यो वा भोग्यो, विगतमा पनि त्यस्तै भएको मात्र अडकल काट्दो रहेछ क्यारे । विद्यालयविना कसरी शिक्षा आर्जन भयो होला ? विनागुरु शिक्षा

सम्भव पक्कै नहोला । उहाँले कहाँ र कसबाट शिक्षा लिनुभयो होला ? अथवा उहाँको पालाका मान्छेहरूले कसरी पढे होलान् ? केले उहाँहरूलाई प्रेरणा र साथ दियो होला ?

परिवार नै शिक्षाको पहिलो पाठशाला हो भनिन्छ । हजुरबाबाट लिएको पनि त हुन सक्छ घरैमा शिक्षा । हजुरबा पनि बुबा १७ वर्षजतिको हुँदा बितेको बुझिन्छ । अथवा टोलमा केही विद्यार्थीका लागि कुनै शिक्षक राखेर पनि सिकाउने काम हुन सक्छ । हजुरबाहरूले सिकाएको भए उहाँले वा उहाँहरूले पनि कहाँबाट सिक्नुभयो ? यी सबै रहस्यका तर गहिरा प्रश्न हुन्, जान्नु त पक्कै उपयोगी हो तर मसँग अहिले पनि यसको सही उत्तर राम्ररी आएको छैन । हुन सक्छ, उहाँहरूलाई घरैमा शिक्षक राखेर पढाउनु भएथ्यो मेरा हजुरबाले । त्यही देखासिकी र ज्ञानले मलाई पनि प्राथमिक शिक्षा आर्जन गर्दासम्म घरैमा शिक्षक राखेर पढाउनुभएको हुन सक्छ । *'माता शत्रुः पिता वैरी येन बालो न पाठितः । न शोभते सभामध्ये हंसमध्ये बको यथा'* भन्ने नीतिको कुरा पनि बुबालाई राम्ररी थाहा थियो । उहाँले जे-जति शिक्षा प्राप्त गर्नुभयो । त्यसले मोक्षमा विश्वास गराएको रहेछ, पुनर्जन्ममा होइन ।

अब म केवल कल्पना, तर्क र अनुमानमा बाँचेको छु । म के कुरामा विश्वास गर्छु भने शिक्षाका लागि प्रेरणा भए पुग्छ किनभने मैले आफ्नै बाको कुरा धेरै थाहा नपाए पनि चन्द्रकान्त कँडेलको सत्यकथा उहाँबाटै सुनेको छु, थोरै देखेको छु, साक्षात्कार गरेको छु, अनि अरूबाट पनि त्यसको निधो गरेको छु ।

चन्द्रकान्त पुर्कोटको आफ्नो गाउँका बडो भलाद्मी र पढेगुनेका मान्छे । हामीलाई पछिसम्म पनि धेरै कुरा सिकाउनुभयो सामान्य ज्ञानका आधारमा । त्यति बेला गाउँमा सबै केटाकेटी पढ्न जान्थे रे नजिकैको बगैँचामा । हातमा कालोपाटी जो काठको पाताजस्तो हुन्थ्यो र त्यसमा हाँडीको कालोमोसो वा अँगारले पोतिन्थ्यो । अनि खरी ढुङ्गाले क, ख, अ, आ, क, का, कि, की, १, २, ३, ४ आदि लेखिन्थ्यो, पढिन्थ्यो र घोकिन्थ्यो हाम्रो पाला र पछिसम्म पनि । शायद यस्तै वा यसभन्दा पनि अझ कठिन तरिकाले पढिन्थ्यो, पढाइन्थ्यो होला तिनताका चन्द्रकान्त दाइको पालामा र हाम्रा बाको पालामा । चन्द्रकान्त मेरा बाको उमेरका भए पनि म शायद दाइ भन्थेँ । उहाँको परिवार शायद ज्यादै गरिब थियो । कहीँ पढाउने गुरु भेटिएर केटाकेटी जम्मा गरेर पढाइहाले भने पनि शिक्षण शुल्क तिर्ने कुरा त कल्पनै थिएन होला । त्यसैले त्यसरी पढ्न पनि उहाँले मौका पाउनुभएनछ । गाई बाख्रा चराउन जानै पर्ने भएपछि कसरी पढ्न पाउनू ?

अझ छोरी अर्थात् केटीहरूको त सानैमा बिहे गर्ने भएपछि पढ्ने र पढाउने भन्ने त कुरै हुने भएन त्यो जमानामा । उनीहरूले घरको चुलोचौकोको, पानीपँधेराको र खेतवारीको, वस्तुभाउको बन्दोबस्ती जानेपछि विहे भइहाल्थ्यो रे । अनि किन पढ्नुपऱ्यो ? यही मान्यता त्यस बेलाको शिक्षा र समाजमा व्याप्त थियो तथापि केटा मान्छेहरूले कहीँ

कतै खानदानी परिवार रहेछ भने संस्कृत र नेपाली, गणित र साहित्य, बाह्रखरी र घरायसी कागजपत्रको विद्या अध्ययन गर्ने मौका खोज्दा रहेछन् ।

चन्द्रकान्त दाइ वस्तु फुकाएर चराउन लानुहुन्थ्यो रे । संयोगवश एउटा बगैँचामा विशेषतः हिउँदमा पढाइ हुन्थ्यो रे । जुन बगैँचामा पढाइ हुन्थ्यो, त्यही बगैँचाको नजिक गाईबाख्रा चराउने गर्नुहुन्थ्यो रे । अनि अग्लो रूखमा चढेर गाई बाख्रा पनि हेर्ने र बगैँचामा अरूलाई पढाएको पनि ध्यानपूर्वक सुन्ने, गुन्ने तथा घरमा आएपछि कोर्ने अभ्यास थाल्नुभएछ । पछि त यही क्रमले नियमित पढ्ने विद्यार्थीभन्दा चन्द्रकान्त दाइले बढी सिक्नुभएछ, जान्नुभएछ । यो कुरा शायद वर्षदिनपछि मात्र थाहा भयो । अनि स्थानीय गुरुले थाहा पाएछन् र बोलाएछन् । उनको परिवारमा पनि सल्लाह भएछ । निःशुल्क पढ्ने बन्दोबस्त मिलाइएछ र जे-जसरी मिलाएर हुन्छ, छुट्टीको बेला गाईबाख्रा हेरे पनि, अरू बेला नियमित पढेर पारङ्गत भएछन् ।

शायद मेरो बा भैरवप्रसाद पौडेलले पनि यसरी नै कुनै उपलब्ध उपाय वा व्यवस्थाबाट शिक्षा आर्जन गर्नुभयो होला भन्ने मेरो अनुमान छ किनभने बाहुन पोखरामा 'ढाँडे' पौडेल प्रतिष्ठित वंशको रूपमा चिनिँदो रहेछ । हजुरबुबा भवदत्तको परिवार खानदानी भएको र दासदासी राखेको इतिहास बोकेको रहेछ । एक किसिमको सामन्ती परिवार । हरेक दाजु-भाइले दुई श्रीमती बिहे नगरेको बिरलै पाइने । १९८१ सालमा चन्द्रशमशेरले दासप्रथा अन्त गरेपछि ती दासहरूको सहयोग भने समाप्त भएछ । १९८२ सालमा दासतामोचन अड्डा खडा गरी त्यस वर्ष ५९,८७३ दासदासी मालिकहरू आफैँले मुक्त गरेछन् । १५,७१९ मालिकले दासप्रथा उन्मूलन गर्ने अभियानलाई पूर्ण समर्थन गरेका रहेछन् हाम्रो परिवारसहितले । पछि ५१,७८२ जनालाई ३६ लाख ७० हजार रुपैयाँ खर्च गरी अमलेख गरियो । स्मरणीय छ; सेअरा लिओन (Sierra Leone) मा झैँ मुक्त दासहरूको स्वतन्त्र सहर (Free Town) स्थापना गरेजस्तै नेपालमा पनि १९२९ मा अमलेखगञ्ज त्यसकै जुम्ल्याहा सहरजस्तै स्थापना गरिएको रहेछ । नेपालमा मुक्त दासदासीहरूका लागि बसाइएको अमलेखगञ्ज लीग अफ नेसन्स (League of Nations) को अवधारणाअनुरूप व्यवस्था गरिएको बुझिन्छ ।

यति मात्र कहाँ हो र ? अर्का रामदत्त दाइको कथा पनि रोचक छ । उहाँले पनि त्यसरी नै पढ्नुभएछ तर उहाँसँग छलफल गर्दा रमाइलो मात्र होइन, ज्ञानका कुरा पनि पाइने, अत्तो थापेर नयाँ कुरा पनि सिक्न सकिने । उदाहरणका लागि मलाई अचार चाहियो तत्काल भन्नु हुन्थ्यो । अनि बाटोघाटोमा कहाँबाट ल्याउने *अचार* ? लौ भयो म नै तिमीहरूलाई अचार दिन्छु भन्दै धुलौटोमा ढुङ्गाले चारवटा अ लेखेर लौ लैजाओ, खाओ अचार भन्थे । यो एउटा उदाहरण र शिक्षाको पद्धति स्मरण गरेको मात्र हो । हाजिरी जवाफ र जेहेनदारी प्रकृतिका यस्ता प्रश्न त कति हो कति !

त्यसैले आज म यो धारणामा निश्चिन्त छु; पढ्नका लागि कसैले पाइन भन्छ भने त्यो बेकारको कुरा हुन सक्छ । जहाँ इच्छा, त्यहाँ उपाय हुन्छ । तिर्खाएको बेला पानी खान ढुङ्गाका टुक्रा बटुलेर घैलाको पीँधको पानी उतारेर खाने कागको कथा मात्र होइन, चन्द्रकान्त र रामदत्त दाइको यथार्थ वेदना र सफलता पनि हो यो । चन्द्रकान्त, रामदत्त वा हामी जोसुकैलाई पढ्ने प्रेरणा र चाहना कतैबाट आउनैपर्छ वा पाउनैपर्छ । कुरा त्यत्ति हो । त्यो आफ्नै हृदयबाट उत्पन्न होस् वा बाह्य वातावरणबाट । प्रेरणाले नै मानिसलाई सही गन्तव्यमा, प्रगतिपथमा, कर्तव्यमार्गमा र सफलताको बाटोमा डोऱ्याउँछ । त्यसो भए पक्कै पनि प्रेरणा नै शिक्षाको मूल सूत्र हो ।

यति हुँदाहुँदै पनि म अझै आफूलाई कसबाट, कहिले, कसरी र कस्तो प्रेरणा प्राप्त भयो भनेर सोच्ने गर्दछु । शिक्षामा प्रेरणा जीवनका लागि नै प्रेरणा रहेछ । ठ्याक्कै भन्न गाह्रो पनि छ । बा-आमाले भनेअनुसार सानामा म नखाएर पनि पढ्न अनिवार्य जाने गर्दथेँ अरे । यो तात्कालिक, वातावरण, व्यक्ति, परिवार वा अन्य दृश्य-अदृश्य वस्तु केही हुन सक्ला । पिता-माता त स्वाभाविक दृष्टिले नै हरेक बालकका प्रेरणाका स्रोत हुन् । उदार दृष्टिबाट भन्ने हो भने पञ्च-पिता (बुबा, गुरु, ससुरा, ईश्वर र राष्ट्रपिता), पञ्च-माता (आमा, गुरु-आमा, सासू, मातृ-भूमि र राष्ट्र-माता) नै प्रेरणाका महत्त्वपूर्ण स्रोत हुन् । यसबाहेक पनि विभिन्न व्यक्तिलाई विभिन्न मान्छे वा वस्तुबाट प्रेरणा हुन सक्छ । दत्तात्रेयलाई २४ गुरुबाट प्रेरणा मिले झैँ । मैले भने मूलतः मेरै परिवार, हजुरआमा र खास गरी बुबाबाट नै बढी प्रेरणा पाएँ शिक्षाका खातिर ।

जीवन र प्रेरणाका मूल स्रोत बुबा भैरवप्रसाद पौडेल (कृष्णविलास)

२. काखको शिक्षा र आमाको इच्छा

आमाको काख र अरूको लाख भनिन्छ । हरेक बच्चा जन्माएपछि आमाले एउटा ठूलो सास फेरेको, पुनर्जन्मको अनुभव गरेको र असीमित इच्छा जगाएको हुनुपर्छ । म २०११ साल पुस २५ मा जन्मेँ तर जापानी शैलीमा गर्भको हिसाबले मेरो अङ्ग्रेजी जन्ममिति १० जनवरी १९५४ लेखिएको छ । एसएलसीको फाराम भर्दा उमेर मिलाउने प्राविधिक योजनाअनुसार विद्यालयको अभिलेख बनाउँदा यस्तो हुन गएको रहेछ । त्यसै वर्ष नेपालमा ठूलो बाढी पहिरो पनि गएको रहेछ । तनहुँको पुर्कोटमा के कति क्षति भयो, थाहा छैन तर चुँदी खोलामा ठूलै क्षति गरेको रहेछ बाढीले । बाढीले कुला र खेत बिगारेको थियो रे । लमजुङको राइनास तीनपिप्ले क्षेत्रमा पनि पहिरोले ठूलै क्षति गरेको रहेछ । बस्ती नै विनाश गरेर अन्यत्र विस्थापित हुनुपरेको रहेछ । देशभर धेरै जनधनको क्षति भएको थियो रे । वास्तवमा पहाडमा पहिरो र तराईमा बाढीले देशमा ठूलै क्षति भएको रहेछ । फलतः लीग अफ रेडक्रस सोसाइटीजले अन्तर्राष्ट्रिय स्तरबाट नेपालमा पहिलो पटक बाढीपहिरो पीडितका लागि सहयोग गरेको रहेछ । त्यति बेलासम्म नेपालमा रेडक्रसको भने स्थापना भएको नै थिएन । यही वर्ष राष्ट्रिय शिक्षक शिक्षण केन्द्र खुलेको रहेछ भने नेपालमा वकालती पद्धति पनि प्रारम्भ भएको रहेछ । यही वर्ष फागुन ३० मा राजा त्रिभुवनको स्वर्गवास भएको रहेछ । राजा महेन्द्रले गद्दी सम्हालेपछि देश दौडाहा थालेछन् । त्यही क्रममा २०१५ सालमा तिनै राजा तार्कुघाटको मर्स्याङ्दी पुल वा पालुङटार नजिक चेपेघाटको डुङ्गा तरेर पुर्कोट आएका रहेछन् । त्यसैले त उनले त्यस बेलाको तनहुँ जिल्लाको सदरमुकाम बन्दीपुरको उकाली चढेर प्रकृतिवादी राष्ट्रप्रेमको कविता रचे र आफ्नो *'फेरि उसैको लागि'* काव्यमा यसरी व्यक्त गरेः

"बन्दीपुरे उकाली लामो, मर्स्याङ्दी डुङ्गाले तरेर,
वनवनै ढाकेर फुल्ने लालुपाते झुलेको देखेर ।"

पुर्कोटटारको बस्ताकोटी फाँटमा आवास शिविर खडा गरेका थिए । हाम्रो घरबाट बढीमा एक घण्टाको बाटो । त्यहाँ त्यो शिविर धेरै दिन रहेन । ओजराज लप्टनले स्थानीय संयोजन गरेका थिए रे । शायद मेरी आमाले पनि राजाको दर्शन गर्ने र हामीलाई पनि देखाउने मौका मिल्यो । बुबा पनि पक्कै जानुभएको थियो होला । आफ्नो सन्ततिलाई काखमा, काँधमा र पिठ्यूँमा राख्दै लानुभयो होला । मलाई ठूलो मान्छे बनाउन, देखाउन, घुमाउन चाहनुभयो पक्कै । आफू पनि ठूला मान्छे कस्ता हुँदा रहेछन् बुझ्न चाहनुभयो होला । शान सौगात देखेर सिक्न र गाउँघर, छरछिमेक तथा इष्टमित्रको सल्लाहबमोजिम नै मलाई पनि त्यहाँ लगेको हुनुपर्दछ । मजस्तै अरू बालक पनि त्यहाँ थिए होलान् तर को थिए र कति थिए, अनि कस्ता थिए भन्ने मलाई ज्ञान भएन ।

हो, राजा महेन्द्रको सवारी बस्ताकोटी थुम्का (फाँट) मा भएको चित्र भने अझै दिमागमा बोकेको छु तारी घोडीमा राजाको सवारी भएको । अगाडि र पछाडि उत्तिकै घोडसवारहरू । करिब ६०० मान्छेहरूको भीडभाड । काठमाडौँदेखि २०१५ साल पुस १० गते महेन्द्रका साथ १५ सदस्यीय शाही परिवारको पैदल यात्रा प्रारम्भ भएछ । भ्रमणदलमा सवारीमन्त्री, अङ्गरक्षक, प्रधानन्यायाधीशलगायत उच्च पदाधिकारीहरू हुनुहुँदो रहेछ । प्रमुख पदाधिकारीहरूमा प्रधानन्यायाधीश अनिरुद्धप्रसाद सिंह, सवारीमन्त्री भूपालमान सिंह कार्की, मधुसूदन राजभण्डारी, रामराज पौड्याल, शेरबहादुर मल्ल, रेणुलाल सिंह, ईश्वरीमान श्रेष्ठ, सूर्यमान, कृष्णप्रसाद उपाध्याय, दिलमान सिंह र गङ्गाप्रसादलगायत विभिन्न क्षेत्रका व्यक्तिहरूको प्रतिनिधित्व रहेछ ।

पुस २१ गते सवारी पालुङटार क्याम्प पुगेछ । पुस २२ गते २ नं. इलाकाबाट मर्स्याङ्दी नदी पार गरी पश्चिम ३ नं. क्षेत्रको पुर्कोटस्थित बस्ताकोटी क्याम्पमा विश्राम भयो । बस्ताकोटी (कतिपय दस्तावेजमा बस्तीकोट उल्लेख) फाँटको मैदानमा तनहुँ र लमजुङका जनताद्वारा भव्य स्वागत समारोह आयोजना गरियो । पुस २३ गतेसम्म विभिन्न कार्यक्रम गरी दोरदोर हुँदै बन्दीपुरतर्फ यात्रा अगाडि बढेको रहेछ । गोरखा हुँदै आएका सुरक्षाकर्मी र भरियाहरूको ताँती थियो । २२ गते बेलुका सिनेमा प्रदर्शनले अझ रमाइलो भएको रहेछ । त्यस बेला म आमाको दूध खाँदै थिएँ । सुरक्षा, खाना, रमिता, खेलकुद र चञ्चलपना साथै केही अवोधपनमै हुने सिकाइ शायद यस उमेरका र अनौपचारिक शिक्षाका उपलब्धि होलान् । आमाको काख नै जीवनको पहिलो पाठशालाको अनुभव गर्न पाउनु हरेक भाग्यमानी मानिसको लक्षण हो रहेछ क्यारे । हेरेर, देखेर, सुनेर, बोलेर, खेलेर नै शिक्षाको जग बस्ने रहेछ जस्तो लाग्छ । त्यही वर्ष हाम्रो नयाँ घरको पनि दह्रो जग उठाएको र निर्माण सम्पन्न गरेको म अझै सम्झन्छु जहाँ पछि हामी दम्पतिका ४ वटै सन्तान जन्मे । आज त्यो घर २०७२ सालको भूकम्पले पनि भत्केको छैन जहाँ पछि बनाएका त्यसै गाउँका कतिपय घरहरू भने भत्के । संयोग पनि कस्तो हुँदो रहेछ, उक्त घर हामीले त्यही दिन बेच्न पुग्यौँ जसको भोलिपल्ट अर्थात् २०६२ साल मङ्सिर ११ गते मेरा बाले यो संसार छाड्नुभयो तर बुबालाई यससम्बन्धी ज्ञान हुन पाएन ।

यो त्यही २०१५ साल जेठ १५ गते मामा ऋषिराम ढकालका माहिला छोरा तिलाराम ढकालले पृथ्वीमा पदार्पण गरेका थिए । उसलाई आमाहरूले आँगनमा नुहाइधुवाइ गरेको म सम्झन्छु अझै । सम्झनाकै कुरा गर्दा म जन्मेको घर सम्झन्छु जहाँ अहिले विमातृ कान्छो भाइ दुर्गाप्रसादको घर बनेको छ, त्यस घरमा मलाई मीत लगाइएको छ कुसुन्डासँग । २०१५ सालमा नयाँ घर बनाउँदा त्यो घर भत्काइएकाले २०१४ साल पुसको घटना हुनुपर्छ त्यो । यो पनि एउटा नयाँ सिकाइ र गराइ दुवै हो मेरा लागि । यसैका कारण मलाई हजुरआमाले कुसुन्डाको मीत भनेर बेलाबखतमा भनेको याद छ ।

हो, अहिले बुझ्दा, नभन्दै २०१५ साल पुसमा त्यहाँ राजाको सवारी भएको रहेछ । ग्रीष्मबहादुर देवकोटाले आफ्नो पुस्तक **"नेपालको राजनीतिक दर्पण"** भाग २ मा यसको उल्लेख गर्नुभएको मैले पढेको थिएँ । नेपाल अधिराज्यमा तनहुँ पुस्तकमा पनि यसबारे डिल्लीराम मिश्रबाट प्रष्ट उल्लेख भएको तथा इतिहासले पनि यो पुष्टि गर्दछ । ठूला राजर्षि घोडाहरूको हिँडाइ कति राम्रो दृश्य त्यो बच्चाको लागि । आमाको दूध चुस्दै सवारी हेर्दै गर्दाको त्यो क्षण आनन्द पक्कै थियो । त्यो तामझाम, त्यो रमिता, यो सबै आमाको काखको शिक्षा र पोषणमा रमाउँदै पाइरहेको उपलब्धि थियो होला । को राजा, किन र कहाँ आए भन्ने कुरा त्यस बेला त मलाई अर्थात् त्यस दूधे बालकलाई थाहा हुने कुरै भएन । तर अदबमा बसेर आमा तथा बच्चाहरूले देखेर पनि शायद केही कुरा सिकेको हुनपर्दछ । अहिले भए प्ले ग्रुपमा भए पनि शहरको विद्यालय जाने उमेर भएको रहेछ त्यस बेला मेरो तीनदेखि चार वर्षको उमेरभित्रको कुरा ।

तीन वर्षको घटना पनि सम्झनामा ताजै हुँदो रहेछ : *मीत लगाएको, मितिनी आमाले जाँतोमा अन्न पिँधेको । हामीले मीत लाउँदा पूर्व फर्केर जन्मस्थानमा उभिएर दही च्यूरा खाएको । दहीच्यूरा पनि जन्मदिन र असार १५ मा पूर्व फर्केरै खानुपर्छ भन्ने मान्यताअनुसार खाने गरेको । यो भने महेन्द्रको देश दर्शन प्रारम्भपूर्वको घटना हो २०१४ साल पुस २५ को ।*

राजाबाट भएको देश दर्शनले केही अज्ञात प्रेरणा पनि दियो होला कतिलाई । अज्ञानले ढाकेको मुलुकमा शिक्षाको विकासका लागि पाइलो चाल्नुपर्छ अब भन्ने कुरा राजा र सहयात्री सबैले बुझेको हुनुपर्दछ । विडम्बना महेन्द्रले पाइला टेकेको पुर्कोट भूमिमा नै छिमेकमा भन्दा पछि मात्र शिक्षाले गति लिन सक्यो । देवशमशेर जबराले ३ महिना २३ दिनको आफ्नो अल्प शासनकालमा भाषा पाठशाला खोल्ने, साप्ताहिक गोर्खापत्रको प्रकाशन गर्नेजस्ता शैक्षिक दृष्टिले आधारभूत र महत्त्वपूर्ण रूपमा चालेका पाइलामा चन्द्रशमशेरले नियन्त्रण गरे पनि पछि १९८१ मा पुर्कोटमा एउटा भाषा पाठशाला त खुल्यो । खुला नीति तथा अभियानकै रूपमा भने प्रजातन्त्रपश्चात् त्रिभुवन र खास गरी महेन्द्रकै पालाबाट देशमा शिक्षाको सुरु भयो । पुर्कोटमा पनि यो लहर आएको यिनै वर्षहरूमा रहेछ ।

हुन त धाईले दूध खुवाएकोसम्म पनि थाहा पाउने बालकृष्ण समजस्ता असाधारण व्यक्तिहरूको जीवनी पनि सुनिएको छ, पढिएको छ । मैले भने मेरी धाई आमा रिखुमाया ढकालले म नाति-भाइलाई दूध ख्वाएको थाहा हुन सकेन । उहाँको ऋण एउटा स्विटर उपलब्ध गराएर मात्र तिरियो वा तिरिएन, थाहा छैन । उहाँको दूधले मलाई पोस्यो, बचायो, हुर्कायो र शायद केही पक्कै सिकायो पनि होला । जे होस्, सानोको सम्झना र सिकाइ पनि एउटा प्रेरणाको स्रोत रहेछ । हरेक आमाको भित्री इच्छा, सन्तानप्रतिको

ममत्व र दायित्व कसैले भुलेर पनि भुल्न मिल्दैन, सक्दैन होला । काखको शिक्षा, माया, ममता र प्रेरणा हरेक मान्छेका जिन्दगीका पहिलो ज्ञान हुन् । परिवार नै जीवनको पहिलो पाठशाला त्यसै भनेको होइन रहेछ । जीवनको उत्तरार्धतिर प्रवेश गर्दै जाँदा आफ्नै सम्झनाको मिठासपूर्ण नदी बहेजस्तो लाग्छ । यो जिन्दगीको परीक्षा यसरी नै हुन सक्दो रहेछ जस्तो लाग्छ । मेरो जीवनको त्यस क्षणको प्रारम्भिक बुझाइ यस्तै छ । आज पनि यसैमा रम्छु । कुनै अतीतको मीठो सम्झना आउँदाका बखत संवेदनशील हुन्छु । आमाको काखले नै हामीलाई शिक्षा दिन थालेको रहेछ । हाम्रो पालन–पोषण र शिक्षा–दीक्षाको व्यवस्था यसैमा रहेछ । हाम्रो बाह्य सम्पर्क पनि यससँगै बढ्दो रहेछ । सानादेखि ठूला अवधारणा र ज्ञानको भण्डार त्यही काख हुन सक्ने रहेछ । स्वास्थ्य र शिक्षाको आधार, आमाबुबाको सपना पनि त्यही काखबाटै आरम्भ हुँदो रहेछ । यसको परीक्षा आफ्ना सन्तानसँगै गर्न सकिने रहेछ । आमाबुबाको इच्छा पूरा गर्न सकिएन होला तर जीवनको अशक्त र अन्तिम क्षणसम्म सहजतापूर्वक स्याहार–सम्भार, स्वर्गारोहणपछि विधिपूर्वक अन्त्येष्टि र काजक्रिया, श्रद्धा (श्राद्ध) को माध्यमबाट भक्ति अर्पण एवम् मातृपितृ ऋण तिर्न सकियोस् । बर्सेनि सोह्र श्राद्ध र पुण्य तिथिमा विधिपूर्वक श्राद्धको माध्यमबाट त्यस शिक्षाको स्मृति, केही लौकिक कार्य गर्न सकियोस् । यसभन्दा अरू के गर्न सकिएला ?

कोख र काखबाटै शिक्षा दिन आरम्भ गर्ने आमा जीवमाया पौडेल (जानुका)

३. शिशु कक्षाको ज्ञान : चिन्ता छैन ज्यान

चार वर्ष पूरा हुन नपाउँदै र पाँच वर्ष लागेपछि शिशुकक्षामा पढ्ने चलन थियो। किताब त शायद केही वर्ष पछि हात परेको हुनुपर्छ। विद्यालय त थिएन, भाषा पाठशाला कहीँ कतै बाहेक। पुर्कोट कुँडापानीमा पनि देवशमशेरको शैक्षिक अभियानका प्रभाव र शिक्षाप्रेमीहरूका सत्प्रयासले चन्द्रशमशेरको पालामा १९८१ साल पुस २० मा पुर्कोट पाठशाला खुलेको रहेछ। दासप्रथा उन्मूलन भएको त्यस वर्ष वास्तवमा तनहुँकै बन्दीपुरपछिको पहिलो पाठशालाको रूपमा पुर्कोटमा पाठशाला स्थापना भएको देखिन्छ। बन्दीपुरमा त जिल्लाकै पहिलो पुस्तकालय पनि खुलेको हो २००१ मा। भानु पुस्तकालयको रूपमा आन्तरिक दृष्टिले खुले पनि पद्मशमशेरको पालामा यसको नयाँ नामकरण २००४ सालमा *'पद्म पुस्तकालय'* भनेर राखिएछ पद्मशमशेरकै अनुमतिमा। यसका संस्थापकहरूमा सूर्यलाल (प्रधान), पं. ज्ञानहरि शर्मा र कविराज रामप्रसाद खनाल हुनुहुँदो रहेछ। तनहुँ जिल्लाकै प्रथम साहित्यिक संस्थाको रूपमा यसको महत्त्व छ।

पुर्कोट पाठशालामा पण्डित कालिदास आचार्यले संस्थापक गुरुको रूपमा धेरै वर्षसम्म सेवा गर्नुभएको रहेछ।[१] यो प्रारम्भिक पाठशाला थियो जसमा गणित, स्रेस्ता, चण्डी, कौमुदी र घरायसी कागजपत्रजस्ता विषयमा पढाइन्थ्यो। त्यहाँ पढ्नेले देश-विदेशमा पढ्ने अवसर पनि पाए तथापि बा-आमाको पालाका के-कतिले त्यहाँबाट लाभ लिन सक्नुभयो, म जान्दिनँ। हाम्रो घरबाट त्यस पाठशालामा पढ्न जान भने सम्भव थिएन त्यस उमेरमा। मेरो मामाघर कोछापानीबाट भने सम्भव थियो मेरी आमालाई। तर त्यस जमानामा छोरी पढाउने हैन, सानैमा बिहे गरिदिने चलन थियो। त्यसो त पुर्कोट कुँडापानीअन्तर्गत वसन्तपुर जफदी गाउँका पण्डितहरू शिक्षामा धेरै अगाडि बढेको पाइन्छ। १८ औं शताब्दीका प्रतिभाशाली लेखक ग्रन्थकार शिवशर्मा पण्डित 'सुरी' पुर्कोट वसन्तपुर क्षेत्रकै थिए। उनले लेखेका किताब त्यस बेला पाठ्यपुस्तकमा समावेश थिए रे। उनको अमर रचना *'वासुदेवरसानन्द'* हो। त्यसबाहेक अन्य थुप्रै स्तोत्र आदि पुस्तक पनि लेखेको पाइन्छ। उनका बुबा मकरनन्द पण्डितले पनि पुस्तक र कविता लेखेका थिए।

चौतारामा वा चौरमा चकटी ओछ्याएर पढ्ने, कालो पाटीमा वा माटोमा वा भुइँमा कोरेर पढाउने चलन थियो त्यस बेला। गाउँबाट साथी-भाइ, दाजु-भाइ, दिदी-बहिनी मिलेर वा अभिभावकहरूले बोकेर, फकाएर, छकाएर, मिठाइ वा पिटाइ के गरेर हुन्छ, जसरी पनि लिएर तोकिएको स्थान वा मानिसकहाँ पुऱ्याएर पढ्ने र पढाउने चलन। तीनपिप्लेमा म पनि पढ्न गएँ दाजु बलरामको साथ लागेर। आहाले ढकाल गाउँका

[१] स्वर्णमहोत्सव शैक्षिक स्मारिका, मनोहर मावि, भानु-८ महन्तेहटिया, तनहुँ, २०७४

अन्य विद्यार्थीमा नरहरि ढकाल, पुष्पराज ढकाल आदि प्रमुख हुन्थे । म भने साथ लागेर मात्र होइन, म भन्दा साँढे चार वर्ष जेठो मामादाजु बलरामले बोकेरै लानुहुन्थ्यो आवश्यक पर्दा । शायद अरू दाजुहरूले पनि पक्कै सहयोग गर्नुहुन्थ्यो किनभने म सबैभन्दा सानो थिएँ । मेरो पढाइको सबै कालखण्डमा उमेरले म सबैभन्दा कान्छै रहेँ । यो पनि संयोग नै मान्नुपर्छ ।

पढ्न जान नपाए म रोएर उधुम मच्चाउने गर्दथेँ रे । पढ्नु त के थियो र ? बानी पार्नु मात्र थियो । कखरा केही सिकेँ, अङ्कगणित केही जानेँ, बाह्रखरी पढ्न जानेँ, दुनोट घोक्न सकेँ, प्रार्थना कण्ठ सुनाउन सकेँ, खेलकुद गर्न सकेँ । बा-आमा शायद मक्ख पर्नुहुन्थ्यो होला । गुरु पनि खुशी हुने । अहिलेजस्तो केही सुविधा थिएन त्यस बेला । खरीपानीमा पढाउने हरिमान श्रेष्ठ र क्षेत्रलाल श्रेष्ठ हुनुहुन्थ्यो ।

बलराम दाजुहरूको समूह केही ठूलो हुनुपर्दछ, उमेरमा मभन्दा केही ठूला हुनुपर्दछ तथापि उहाँहरूकै समूहको खेलकुदकै क्रममा होला, साथीहरूमध्ये एउटाले चौताराको उप्किएको सानो छपनी फेला पारेछन् । म खुट्टा तेर्सो बनाएर बाटो छेके झैँ गरी बसेको रहेछु । खुट्टा हटाउनलाई होला, मेरो खुट्टामा त्यो सानो छपनीले हानूँ भनेर सोधेछन् । नराम्रो नियतले पक्कै होइन । त्यसको परिणाम थाहा नभएरै हुनुपर्छ । मलाई पनि थाहा भएनछ । सोझै हिसाबले हुन्छ भनेर हान्न अनुमति दिँदा हानेछन् । मेरो त दाहिने गोडाको बूढी औँला र त्यसको नङ नै खत्तम भएछ थिचिएर । *ऐया आमा मरेँ नि !* भन्दै रुन कराउन थालेँछु । मूर्च्छा परेछु । रगत आयो, रुवाबासी चल्यो । कस्सो छेउमा लागेछ, अरू भाग जोगिएछ । दाजुहरूले घरमा खबर गरे वा जसरी लगेका थिए, उसरी नै अझ स्याहारका साथ बोकेर ल्याए होलान् । फकाएछन्, फुल्याएछन् सबै साथी र गुरुले । शायद गुरुवर्गले विशेष केही सहयोग गरेको हुनुपर्दछ, बा-आमालाई पनि बोलाएको हुनुपर्दछ । जसरी हुन्छ घरमा आएपछि घरेलु उपचार जडीबुटीको प्रयोग भएछ । कति समयमा निको भयो, थाहा भएन । महिनौँपछि बल्ल नयाँ नङ पलायो, घाउ पनि निको भयो । घटना पनि बिर्सँदै आइयो । कति समयसम्म त पढ्न जान पनि सकिएन होला त्यस बेला ।

यस अनभिज्ञताका बीच पढाइ चल्यो । शिशुकक्षामा पारङ्गत भइएछ भनौँ । खरीपानीको चौरमा सिमलपोखरी भनिन्थ्यो, जहाँ पढेको र खेलेको सम्झना शायद यसैका पाटा हुन् । दशैँ नजिक त पिङ पनि खेल्न पाइन्थ्यो । ऱ्याँटे, लिङ्गे, जाँते, पिर्के पिङ । हरिमान श्रेष्ठ र क्षेत्रलाल श्रेष्ठले पढाउनुहुन्थ्यो । त्यसबाहेक गुरु, चेला को-को थिए, कति थिए, कसरी पढाउँथे आदि प्रश्नको उत्तर मसँग सम्झनामा स्पष्ट छैन । क्षेत्रलाल श्रेष्ठ गुरुले हामीले नपढेको कारण हो वा के हो, दाजुहरू तथा मलाई पनि हातमा छडीले हानेर रक्ताम्य बनाएपछि हामी पढ्न जान मानेनौँ । त्यो दिन रुँदै घर फर्केका थियौँ ।

केही दिनपछि फेरि राम्ररी पढ्न थाल्यौँ । शायद यस्तै तरिकाले अरूको पढाइ पनि चल्यो होला । नेपालमा भर्खर शिक्षाको लहर प्रारम्भ हुन थालेको त्यो युग मानसपटलमा अस्पष्ट छ । खरी, पाटी, वर्णमालाको पुस्तक अदि २०१५/१६ सालको यो कुरा सम्झनामा कमै छ । शायद यसले त्यसरी छपनी हान्नुहुँदैन भन्ने शिक्षा त म, छपनी हान्ने साथी र दाजुहरू बलराम, नरहरि र अन्य साथीहरू सबैले प्राप्त गरे । प्रयोगात्मक ज्ञान भयो होला । शिशुकक्षाको सबभन्दा ठूलो उपलब्धि यही हुनुपर्दछ । शिक्षाको औपचारिक जग यहीँबाट सुरु भएको हुनुपर्दछ । पढ्नुपर्दछ, केटाकेटीलाई पढाउनुपर्दछ, जहाँ र जसरी पनि पढाउनु आवश्यक हुन्छ भन्ने मान्यता हाम्रो ग्रामीण परिवेशमा पनि क्रमिक रूपमा आउन थालेछ । शून्यबाट थालनी गर्नु नै हाम्रो त्यस बेलाको शैक्षिक चित्र र जग हो जस्तो लाग्छ । यो हाम्रो जीवनको पनि अभूतपूर्व इतिहास भएको छ । बालसुलभ ज्ञान अर्थात् शिशु कक्षा पढ्दाको ज्ञान कति आनन्दको हुँदो रहेछ किनभने बालकलाई आफ्नो ज्यानको पनि चिन्ता हुँदो रहेनछ ।

कखरा सिकाउने पहिलो गुरु क्षेत्रलाल श्रेष्ठ

४. लट्टे गुरुका कुरा : आहालेमा भुलाउँथे भुरा

लट्टे एकजना स्थानीय गुरुको नाम हो। लट्टे फूल पनि हुन्छ। झुप्पामा फल्ने मसिना सर्स्यूंदाने फल पनि हो यो। यसलाई रामदाना पनि भन्दा रहेछन्। ढड्याइएको चामल घिउतेलमा बेसरी तारेर गुलियो हालेको खानेकुरालाई पनि लट्टे भनिन्छ। पन्ध्रपुस जस्ता चाडपर्वमा लट्टे पकाएर खाने चलन विशेष रूपमा गरिन्छ। कपालमा गुजुल्टो वा जगल्टा वा लट्टा भएकालाई पनि लट्टे भन्छन्। किन लट्टे भनियो ? त्यो पनि थाहा छैन। ननुहाएर कपालमा धेरै गुजुल्टो परेर पनि लट्टा पर्नु स्वाभाविक छ तर गुरुले ननुहाएर त्यसो भएको भन्न सकिएन। पक्कै पनि स्वास्थ्यको केही बढी चेतना गुरुहरूमा नभई कसरी गुरु बन्न सकएिला र ? खास नाम ईश्वरीप्रसाद श्रेष्ठ रहेछ। जे होस्, उहाँ त्यस गाउँको लट्टे। सबैले बोलाउँदा यसै भन्थे। विदेश बसेर आएको र भुरा अर्थात् कलिला साना बच्चाहरू पढाएर जीविकोपार्जनै त गरेको हो होइन, शिक्षाको जग बसाउन खोजेको पक्कै हो। पुर्कोटकै आहालेको डाँडामा।

लट्टे गुरुले ढावामा पनि पढाउनुभयो तर आहालेमा पक्कै बढी पढाउनुभयो। आहाले उहाँको गाउँ, हाम्रो आहाले ढकाल गाउँ। यो विशुद्ध ठाउँको नाम हो, भैंसी खेल्ने आहालको उदाहरण होइन तर खाल्डो परेको ठाउँ भएकाले नाम त्यस्तै राखिएको होला। आहालमा त भ्यागुता र माछा हुन सक्छन् भनी माछाको भुरा भन्ने भ्रम पनि नपरोस्। जुम्राका मसिना बच्चा अर्थात् भुराभुरी पनि होइन। यहाँ त मान्छेकै भुरा अर्थात् केटाकेटीको कुरा हो जसलाई उनले डाँडाको चौरमा पढाएथे। उनी भन्थे त्यस बेलाका कुरा। को कस्तो थियो, को कति पढ्थ्यो, को पढ्दैनथ्यो। कसलाई पिट्नुपर्थ्यो, कसलाई पर्दैनथ्यो। को चलाख थियो, को लट्ठू। सबै कुरा खरररर रमाइलो पारामा भन्ने उहाँको बानी पनि गजबै। बूढापाकाले कहिलेकाँही किन हो, त्यति विश्वास नगर्ने। अनि भन्थे- त्यो लट्टेको कुरा हो। शायद देश-विदेश पनि घुमेका उनका गफ र पुरानो मान्यता विरोधी कुरा भएकाले बूढाबूढीहरूको दिमागमा चढेन र भन्थे होलान्- त्यो लट्टेको कुरा हो। पढाइमा पनि नियमितता नभएजस्तो लाग्छ, त्यसैले त्यस विश्वासमा शायद केही कमी थियो।

जे होस्, आज लट्टेले पढाएको ढावा र डाँडाको उत्तराधिकारीको रूपमा डाँडामा कुमारी प्राथमिक विद्यालय छ। ढावा वा डाँडामा त्यस बेला विद्यालय स्थायित्व भएर चल्न र बन्न नसके पनि अहिले यहाँ विद्यालय बनेको छ। कुमारीको इतिहास पनि यही हो भन्न सकिन्छ। यहाँनेर एउटा रोचक कुरा के रहेछ भने परशुनारायण चौधरी शिक्षामन्त्री र तनहुँकै क्षेत्रप्रताप अधिकारी शिक्षा सहायकमन्त्री हुँदा मनाङ जिल्लामा बाँकी रहेका ५ वटा कोटा तनहुँमा कुमारी प्राविलगायत जिल्लाभर ५ वटा प्रावि सञ्चालनार्थ स्वीकृति दिइएको रहेछ। देवी सरस्वतीको सातौं नाम *'कौमारी'* भनी प्रस्तावित गरिएकोमा

स्वीकृति-पत्र आउँदा *'कुमारी'* भनेर आएछ टेलिफोनको शब्द बुझेर वा नबुझेर । प्रस्तावक बलराम ढकाल दाइकै मुखबाट सुनिएको कुरा हो यो ।

जे होस्, म पनि ढावाका साथै एक दुई दिन त आहालेको भिरालो डाँडाको त्यो चौरमा लट्टेसँग पढेको कुरा गुरुले नै भन्नुहुन्थ्यो । मलाई केही झल्कोबाहेक खासै याद छैन । मात्र, त्यहाँ केही र कोही पढेको याद आउँछ अलिअलि तर कहिले हो, थाहा छैन । अनि डोरी बाटेर पढ्थे यी भनी हिजोअस्ति पनि भन्थे लट्टे गुरु मलाई देखाएर । भर्खर पढ्न गएको बेला हुनुपर्छ यो बेला । शिशु कक्षाको यो पढाइ सबैतिर पुगेको अनुभव हुन्छ । स्थायित्त्व कहीँ भएन । स्थायी विद्यालय कुनै थिएन । भर्खर शिक्षाको आवश्यकता महसुस भएको बेला । केटाकेटी पढाउनुपर्छ भन्ने जागरण आउन लागेको बेला । लट्टेजस्ता गुरुहरूको योगदानले नै आज शिक्षाको विकास सम्भव भएको हो । धन्य छ लट्टे गुरुलाई ।

आज औपचारिक तवरमा त्यही डाँडामा तत्कालीन शिक्षाप्रेमीहरूलगायत लट्टेको भावनाले मूर्त रूप लिएको छ । स्थानीय आवश्यकता, चाहना, युगको माग र ऐतिहासिक त्यागको प्रतिष्ठा थामेको छ स्थायी विद्यालयले डाँडामा । अब थुप्रै लट्टेहरू अर्थात् शिक्षाप्रेमीहरू वा गुरुहरू यहाँ जन्मन पाएका छन्, थालेका छन्, जन्मन सक्छन् । आवश्यकता नै आविष्कारकी जननी हो भनेको साँच्चै रहेछ । लट्टे गुरु मान्छेका भुरा भुलाउँथे, जसरी गोठालाले वस्तुभाउ भुलाउँथे, आमाले केटाकेटी घरमा भुलाएजस्तै विस्तारै ज्ञानको सञ्चार गर्दै । गुरुलाई भुरा भुलाउन कम गाह्रो थिएन पक्कै, माछालाई भुरा हुर्काउन र आमाबालाई छोराछोरी हुर्काउन गाह्रो भएजस्तै । यी सबै शिक्षाकै कठिनाइ त हुन् ।

हुन सक्छ, यो एक कक्षा पढ्दाको कुरा हो । यस ठाउँको पढाइ, विद्यार्थी र शिक्षक कसैमा पनि स्थायित्व नभएरै चिसापानीमा गएर पढ्न थालियो । गौँडेपानीमा पनि हिउँदमा मात्र पढाइ भएकाले चिसापानीमा नै गएर र पढेर अन्तिम परीक्षामा प्रथम भएको कुरा बा-आमाबाट थाहा भयो । जे होस्, लट्टे गुरुले आफ्नो बुद्धि र बर्कतले जे जतिलाई पढाए, त्यसको परिणाम राम्रै भएको बुझिन्छ । त्यस बेलाका भुरा केटाकेटी नै भविष्यमा छुरा बने । आआफ्नो कार्यक्षेत्रमा केही गर्न सक्ने दक्षता हासिल गरे । यो नै त्यस बेलाको शिक्षाको देन हो ।

"व्यये कृते वर्धत एव नित्यम्,
विद्याधनं सर्वधनप्रधानम् ।"

साँच्चै नै ज्ञान, बुद्धि, विवेक र शिक्षाको युग सुरु भएछ । निर्माण र स्थायित्व खोज्दै शिक्षाले सबैलाई घच्घच्याउन थालेछ ।

५. चन्देनीमा छिनाझपटी : जसको शक्ति, उसको भक्ति

पुर्कोट थुमनजिकै रहेको चन्देनी साँस्कृतिक ठाउँ हो । यहाँ हरेक बुद्धपूर्णिमाको उपलक्ष्यमा भोलिपल्ट मेला लाग्ने गर्दछ । गुरुङहरूको बस्ती (गुरुङ गाउँ) नजिक भएकाले उनीहरूको प्रभुत्व हुनु स्वाभाविकै हो । त्यसैले गुरुङहरूको साँस्कृतिक नाच घाँटु पनि देख्न पाइन्छ त्यहाँ । डाँडाको उच्च भागमा भएकाले रमाइलो छ । उत्तरी हिमाल हेर्न पनि मनमोहक छ यो ठाउँ । पहिले बजार धेरै नहुँदा हाटको चलन बसेको होला । वास्तवमा यस पद्धतिलाई निरन्तरता दिनुपर्दछ किनभने भेटघाट र रमाइलो जिन्दगीको एउटा अमूल्य पक्ष हो । साँस्कृतिक पक्षलाई बचाउने यो एउटा बाटो हो । आवश्यकता पूर्ति गर्ने सुनौलो मौका हो । आफ्ना उत्पादनलाई बजारीकरण गर्ने उपयुक्त स्थल हो । आम्दानीको अपूर्व उपाय पनि हो । पूर्वपट्टिको महत गाउँमा समेत सुन्तलाको उत्पादनले यस ठाउँलाई बजारभरि फैलाएको पाइन्छ । गाउँबेसीका सबै जातजातिको उत्पादन विनिमय वा खरिदबिक्री गर्ने थलोको भरपुर उपयोग हुन सक्छ । साँघुरो ठाउँ भए पनि चौतारा र रूखबिरुवाले यसको सुन्दरता बढाएका छन् । पिङको व्यवस्था चालू गरे अर्को रमाइलो हुने नै भयो । छेलो हान्ने खेल त नियमित जस्तै चल्छ त्यस मेलामा । अझ अहिले त चण्डिका प्राथमिक विद्यालय पनि बनेकाले सुनमा सुगन्ध थपिएको छ । वास्तवमा त्यहाँ २०१७ सालमा नै एउटा घरमा पढाइ चल्थ्यो काठमाडौँका देवेन्द्र गुर्वाचार्य (जोशी) बाट । अस्थायी रूपमा बसोबास गर्ने गुरुकै घरमा अभिभावकहरूले पढ्न पठाउनुभयो । तेरतेर र डुम्रीखर्कबाट पनि केही विद्यार्थी पढ्न आउँथे । कारण त्यति बेला भारती विकास राष्ट्रिय प्राइमरी स्कूल पनि विविध कारणवश चल्न नसकी केही समय बन्द भएको रहेछ ।

हो, कक्षा एकमा म चन्देनी थुममा पढ्न गएको याद छ । पढाइभन्दा पढेर फर्कंदाको चिन्ता दैनिक हुन्थ्यो । कारण थियो, तेरतेर गाउँका विद्यार्थी ठिटा र ढकाल गाउँका विद्यार्थी ठिटाहरूबीचको छिनाझप्टी । तेरतेरका क्षेत्रीहरू बलिया, क्षेत्री गुण देखाउनुपर्ने भएर होला, बाहुनहरूलाई खेद्ने । यताबाट जाऊँ वा नजाऊँ भन्ने विवाद हुन्थ्यो । जब बगालेथोक दमाई गाउँमुनि र बानिया गाउँमाथिको छुट्टिने बाटोमा आइपुगिन्थ्यो, त्यसपछि सुरु हुन्थ्यो कुस्ती । बलियालाई त धेरै चिन्ता नहोला तर निर्धालाई पक्कै बढी । आखिर सङ्ख्यामा पनि धेरै, बल पनि धेरै, उमेर पनि पुगेका साहसीहरूले निर्धानिमुखालाई लखेट्न केको आइतवार । लखेट्ने मात्र होइन, समातेर आफ्नो गाउँ लाने प्रयत्न हुन्थ्यो । कहिलेकाहीँ त ओरालोमा तान्न हाम्रो पक्ष पनि सफल हुन्थ्यो । नलगे पनि लैजाने भनेर समातेर केही पर लगेपछि त केटाकेटीको सातो जाने नै भयो । बच्चा उमेरमा यस्तो भएपछि फसाद त पर्ने नै भयो । सधैँ घर फर्कंदा रुवाबासी ।

अनि, यसको स्थायी समाधानको खोजी गर्न थालियो । बा-आमालाई भन्नै पऱ्यो । संयोगवश, पन्थ साइँला मामा कृष्णप्रसाद खातीथोकबाट मामा गोपीनाथ ढकालको घर आउनुभएको रहेछ आहाले ढकाल गाउँमा अर्थात् हाम्रो गाउँमा । उहाँ पनि बेलाबखतमा

चन्देनीमा हामीसँगै पढ्न जाने गर्न थाल्नुभयो । भारतीय सेनामा भर्ती हुन योग्य उमेर र शरीर भएका उहाँले हाम्रो यो कुरा सुनेपछि अभिभावकहरूसँग सल्लाह लिई समस्या समाधानको उपाय गर्नुभयो । सहमतिअनुसार उहाँ हामी पढेर फर्कने बेलामा बाटोमा लुकेर बस्नुभयो । सदाझैँ छिनाझप्टी सुरु भयो । मलाई पनि तानातान गर्दै समातेर लगे तेरतेरका साथीहरूले । उनीहरूको लागि त यो रमाइलो थियो होला तर हामीजस्ता कमजोर र कम उमेरकालाई त यो कृत्य सहिनसक्नु थियो । यसका प्रमुख नेता तीर्थबहादुर थापा, सहयात्री ढुन्डिराज थापा, सन्तबहादुर थापा, लोकबहादुर थापा आदि केही नाम होजस्तो लाग्छ तेरतेरका केही थापा साथीहरूको । त्यस्तै बलबहादुर परियार पनि यसमा सामेल हुन्थे । जे होस्, यस नित्य कर्ममा सकारात्मक परिवर्तनको अन्तिम लडाइँ भयो त्यस दिन । आखिर मामा अचानक देखा परे बिजुली चम्केझैँ । लाहुरेजस्ता देखिने मामाले उनीहरूलाई पक्रेर सातो लिए । जिउ देख्दैमा तर्सने, लाहुरे हुने भनेपछि झन् कुरै भएन । पन्थ मामाले एकएकलाई अत्याए र कबुल गराए, अबदेखि यसो गर्देनौँ भनेर । नभन्दै रामबाण भयो त्यस दिनको पन्थ मामाको योजना । अब हाम्रो शिक्षाको दैनिक गति निःसङ्कोच राम्ररी अगाडि बढ्यो । अब भने सचित्र नेपाली वर्णमालाले लोभ्याउन थाल्यो । कखरा, अआ, ककाकिकी, एकदुईतीनचार, दुनोट र शब्द ज्ञानले सरस्वतीको वास गराए । वातावरणमा आएको सकारात्मक परिणाम वास्तवमा सही मार्ग र सही विद्याको कोसेलीजस्तै सावित हुँदै जान थाल्यो म र मेरा सहपाठी साथीभाइ तथा दाजुभाइहरूका लागि । *'जसको शक्ति, उसको भक्ति'* भन्ने दिन गए ।

दिदीबहिनीहरू त सङ्घर्षमय शिक्षाबाट टाढै थिए त्यस जुगमा । बिस्तारै त्यस हावाले छुँदै थियो । अब सबैका लागि आशाको वातावरण सिर्जना हुँदै आयो तथापि त्यहाँ लामो समय पढाइ चलेन वा हामी जान सक्ने वातावरण भएन । अब चिसापानीमा पढाइ सुचारु हुनासाथ त्यतै जानुपर्ने भयो । यता चन्देनीमा पनि एक शैक्षिक सत्र पनि नपढाईकन जोशी गुरुले बसोबास नै छाडेर जानुभयो ।[२] स्थानीय शिक्षाप्रेमी र शिक्षाकर्मीहरूको सत्प्रयासबाट भारती सञ्चालनमा आयो । अब बाध्य भएर हामी चिसापानीको विद्यालयमा गएर पढियो, परीक्षा पनि दिइयो । यसरी एक कक्षाको पढाइ पनि धेरै ठाउँमा गएर मात्र पूरा भयो ।

जे भए पनि गुरु परम्पराले हामीलाई खुला चौर वा चौतारा, बन्द कोठा वा घर आँगनमा शिक्षालाई निरन्तरता दिने सौभाग्य पायौँ । गुरुहरूको योगदानलाई नमस्कार र आदर गर्नुपर्दछ । *'गुरुर्ब्रह्मा गुरुर्विष्णुगुरुर्देवो महेश्वरः गुरुः साक्षात् परब्रह्म तस्मै श्रीगुरवे नमः'* त्यसै भनेको होइन । चेलाहरूलाई सिर्जना गर्ने र सिर्जनात्मक ज्ञान दिने ब्रह्मा, बुद्धि तथा विवेकद्वारा पालन पोषण र संरक्षण गर्ने विष्णुका साथै ज्ञान, सीप र सकारात्मक प्रवृत्तिले भरिपूर्ण अर्थात् शिक्षा तथा दीक्षाबाट सबल संरक्षक वा संहारक शक्तिसम्पन्न गुण प्रदायक महेश्वर तत्त्व पनि गुरुमै रहेछ । हाम्रा पढाइ र सङ्घर्ष शायद तिनैका प्रतीक हुन् ।

---

[२] स्मारिका, २०७१ - पुर्कोट कालिका बहुमुखी क्याम्पस, तनहुँ

६. चकटी, कालोपाटी र खरी : विद्यार्थीका सम्पत्ति तीन थरी

चकटी, कालोपाटी र खरी हाम्रो पालाको विद्यार्थीका तीन थरी सम्पत्ति थिए । घरबुनाको दौरा र सुरुवाल दैनिक पोशाक थियो । खाजा खान त घरै आइपुग्नुपर्दथ्यो । चाहे तीनपिप्ले वा आहालेको डाँडाको चौर होस्, चाहे चन्देनी वा खरीपानी होस्, चाहे ढावाको चौर वा आफ्नै गाउँ होस्, चाहे गौँडेपानी वा चिसापानी होस्, जहाँ पढ्न गए पनि आधार त यिनै हुन् पढ्ने । घरमा होस् वा बाहिर, बाले सिकाउँदा वा घरमा शिक्षक राखेर पढाउँदा जहिले पनि यिनै चकटी, कालो पाटी र खरी (आजभोलिको चक) चाहिने । यस अधिको जमानामा बाँसको कलमले पनि लेखिन्थ्यो । मसी पनि विभिन्न उपायले बनाउने गरिन्थ्यो । पछि त बजारमा मसी चक्का वा सिसीमा आउन थाले । बजारमा कापी पनि आउन थाले, सिसाकलम, कलम, मसी पनि विस्तारै ल्याइन थाले । जे होस्, त्यस बेलासम्म स्थानीय प्रविधि र सामग्रीको उपयोग नै समसामयिक शिक्षाको पहिचान थियो ।

अझ पहिले त मुसुरे कडुसको मसी, बाँसबाहेक हाडे उनिउँको कलम, सालको पात, बाँसको धोतीजस्ता लेख्ने लेखिने प्रारम्भिक शिक्षाका आधारभूत साधन प्रयोगमा आइनै रहे । रुद्री, चण्डी, दुर्गाकवच, अग्निस्थापना, श्राद्धजस्ता धार्मिक आस्था वा पाठ्यपुस्तकहरू, गाउँले पण्डितहरूबाट कोठा चोटा, ठाँटी पाटी, चौर चौतारामा जुनसुकै सार्वजनिक ठाउँमा अनियमित र अनौपचारिक रूपमा पढाइ हुन्थ्यो ।[3] यसरी नै चिठी, तमसुकजस्ता व्यावहारिक आवश्यकताका पढाइ र लेखाइ पनि हुन्थे ।

चकटी आधार हो । चौरमा बस्दा यो चाहिने, चौतारामा पनि चाहिने । घर वा भवन भए पनि काम लाग्ने । बगैँचामा पढ्दा पनि चाहिने, आराम गरेर बस्न पनि काम लाग्ने । गाउँमा सजिलै पाउन र बनाउन सकिने । आमा, हजुरआमा, दिदीबहिनी वा भाउजूहरूले परालबाट बाबियोको डोरी बाटेर बनाइएको तानमा हतासोले बुनेर आवश्यकताअनुसार बनाइन्थ्यो चकटी, गुन्द्री आदि । गाउँले आत्मनिर्भर यो वस्तु अत्यन्त उपयोगी थियो । घरको लागि त गुन्द्री नै बुनिन्थ्यो । पढ्न जाँदा साना नानीका लागि शायद यही उत्तम, हलुका, भरपर्दो र कम खर्चिलो पनि थियो चकटी ।

कालो पाटी त पुस्तक र कापी दुवै भयो । लेख्न र पढ्न सकिने । मेट्न पनि हुने । खालि यसमा कम्प्युटरमा जस्तो जोगाएर राख्न नसकिने । काठको सानो र पातलो फलेक जस्तो न हो मसिनो । पाटीको आकारमा बोक्न सकिने बनाइन्थ्यो । अहिलेको जस्तो भित्तै ढाक्ने कालोपाटी चाहिँ होइन । अँगार वा ध्वाँसो वा हाँडीको मुसोले यसलाई

[3] श्री चन्द्रावती स्वर्ण स्मारिका, २०७०, चन्द्रावती उच्च मावि, वसन्तपुर-१, तनहुँ

कालो बनाइथ्यो । पछि टर्च लाइटको भित्रको कालो पनि लगाउँथे । यसबाट हुने खतरा थाहा थिएन । विस्तारै स्लेट (स्लेटलाई उतिबेला सिलोट भनिन्थ्यो) पनि प्रयोगमा आउन थाल्यो यस काममा । घर छाउने ढुङ्गाजस्तै त्यो । वास्तवमा कालोपाटीलाई पनि त्यस्तै बनाउने प्रयत्न हुन्थ्यो । बन्दीपुरे ढुङ्गाले यसको राम्रो काम दिन्थ्यो । यसलाई फ्रेम हालेर विकसित गर्ने गरेको पनि पाइन्थ्यो । पछि, तीनपिप्ले नजिक पनि यस्तो ढुङ्गाको खानी निकाल्नुभएको थियो मगर गाउँका रानामगरहरूले । उहाँहरूले त घरै छाउनमा प्रयोग गर्न सक्नुभयो स्थानीय खानी खोदेर ।

खरी त सानो तर कलमको काम यसैले गर्थ्यो । कालो पाटीमा सेतो अक्षर हुन्थ्यो खरीले कोरेपछि । कालो लगाउन नपाए धुलो माटो राखेर पनि पाटीबाट पढलेख चल्थ्यो । कलम बाँसको हुन्थ्यो; भोजपत्र, ताडपत्र, बाँसको धोतीमा पनि लेखिन्थ्यो रे । कटुसको पात पकाएर मसी बनाउने गरिन्थ्यो रे विशेष लेखनलाई र नेपाली कागजमा तमसुक आदि अड्डाका कागज लेख्दा । विशेष अरू त थाहा भएन । सिसाकलम पनि धेरै पछि थाहा भयो गाउँघरमा ।

दोलखामा खरीढुङ्गा देख्दा अहिले पनि त्यही सम्झना आउँछ खरीले लेखेको । खरी ढुङ्गाले राम्रो लेख्न सकेन भने दूधमा पकाएर लेखे राम्रो लेख्छ भनेर त्यसो गर्ने पनि चलन थियो । अभाव र आवश्यकताले सिर्जना गरेका आविष्कार थिए यी हाम्रो जमानाका । अहिले त यस्तो कल्पना जस्तो लाग्छ होला । भविष्यमा अझ के कस्तो पो हुने हो कुन्नि ! तर जे भए पनि हामीलाई कखरा सिकाउने गुरु यिनै हुन् र हाम्रा बचपनका साथी यिनै थिए । यिनले नै हामीलाई सरस्वती मातासँग साक्षात्कार गराए । आजका बेन्च, कापी, कलम, कम्प्युटरजस्ता वस्तुको विकासका आधार वास्तवमा तिनै होइनन् र ?

ती दिनका मेरो शिक्षा आर्जनमा दाजु बलरामको अभिभाकत्व पनि चकटी, कालो पाटी र खरीसँगै बितेका थिए । उहाँको निरन्तर सहयोग र मार्गदर्शनका लागि आफू सदैव ऋणी भएको अनुभव भइरहन्छ ।

अग्रज तथा अभिभावक बलराम ढकाल

७. घरबुनाका कपडाको ड्रेस : पुर्कोटकै उत्पादन बेस

पुर्कोटको आफ्नै पहिचान छ, आफ्नै भूगोल र इतिहास छ । ती कुरा भोग्ने वा पुराना भूगोल तथा इतिहासका पुस्तकहरू पढ्ने जो कोहीले यस कुराको याद गरेकै हुनुपर्दछ । नेपाल एकीकरणपूर्व नै काठमाडौं, बनेपा र भक्तपुरबाट प्रवेश गरेका बहुसङ्ख्यक नेवार जातिले महिबल र पुर्कोटमा बस्ती बसालेको पाइन्छ । यसरी नै नेवारहरूको बस्ती बसेको डुम्रीखर्क हटिया एक व्यापारिक केन्द्र नै थियो । यस केन्द्रका हरेक परिवारले घरबुनाका कपडा बुन्दथे । गाउँगाउँमा गएर बिक्री गर्दथे । वास्तवमा कपास खेतीको लागि पुर्कोट नै नामुद ठाउँ रहेछ मध्य नेपालको । डुम्रीखर्क त पछिसम्म पनि सक्रिय थियो यस मामलामा । तत्कालीन स्थानीय जनताबाट कपास उत्पादन गरी मानिसका लागि आवश्यक पर्ने कपडा तनहुँमा मात्र खपत नहुने हुँदा क्षेत्रविभाजनअनुसार पुर्कोटमा उत्पादित कपडा लमजुङतर्फ वितरण गरिन्थ्यो । यी उद्योगहरूबाट २० हाते र २४ हाते घरबुना, असल पटुका, कछाड, पछ्यौरा, भोटो, सिरक डसनाका खोल, प्राचीन पुर्खाले लगाउने कपडा, काठका सामान, तानबर्खा, उइँटो, टुकी आदि सामान स्थानीय सिकर्मीद्वारा निर्माण गरी दैनिक आवश्यकता पूरा गरिन्थ्यो । त्यति बेला १ थान सो कपडालाई रु. १५-१६ जति पर्दथ्यो ।

हामीले जान्दैमा एक्लेसाल तथा चितेली गाउँका उद्योगीहरू पनि घरबुनाको कपडा उत्पादनमा सक्रिय थिए । कपास खेती मात्र होइन, कपडा नै बुनेर लुगा लगाउने चलन थियो । घरघरमा बेच्न आउने, मेला पर्वमा बिक्री गर्ने, घरघरमा उइँटो बोकेर कपासको धागो कात्ने (उइँट्याउने) चलन थियो । हाम्रा बा-आमाको पालामा त यही नै प्रमुख थियो पहिरनमा । मुख्य रूपमा दौरा, कछाड, भोटो, पटुका बढी प्रचलित थियो । ओढ्ने, ओछ्याउनेलगायतका लुगाका लागि ज्यादै उपयोगी र प्रचलित । सुरुवाल, टोपी, लँगौटी, रुमाल पनि बनाउन सकिने । जीन्सको कट्टुको साथ पनि यसको प्रयोग सुहाउने । न्यानोमा न्यानो । खरानी पानीमा पकाएर उमालेर धुने वा सफा गर्ने पद्धति र प्रविधि । स्थानीय साधनको कति राम्रो प्रयोग ! आजभोलि भने यसको सत्यानाश भएको छ, बाह्य प्रतिस्पर्धामा टिक्न नसकेर र स्थानीय उत्पादन र प्रविधिलाई हेला गर्नुका साथै त्यसको समुचित विकासमा ध्यान नदिनाले त होला ।

हाम्रो पालासम्म पनि केही राम्रै अनुभव भयो । त्यस बेलाको जमानामा बाह्य सम्बन्ध थिएन भन्दा हुन्छ । गाउँ आफैँ आत्मनिर्भर हुन बाध्य थियो र थियो पनि । नुन तेल मात्र बाहिरको हो । त्यो पनि छ महिना वा वर्षदिनका लागि पुग्ने गरेर ल्याइन्थ्यो । यो त अझ पछिको कुरा हो । त्यसअघि त भोटबाट जाडो छल्न हिउँदमा तल पहाडतिर

झर्ने भोटेहरूसँग चामल दिएर नुन लिने वस्तुविनिमयको चलन थियो । नगद त दुर्लभै थियो । पैसा कि व्यापारी कि जागिरेसँग मात्र हुन्थ्यो । तोरी खेती गरेर तेल पेलेर तेलको अभाव पूर्ति गर्ने आत्मनिर्भरताको प्रचलन थियो । मट्टीतेल त पछि मात्र आयो । एकातिर यातायात र सञ्चारको विकास, विस्तार, शिक्षाको प्रादुर्भाव एवम् आर्थिक उदारीकरणसँगै बाह्य वस्तुहरूको आगमन जब सहज हुँदै गयो, अर्कातिर यसबाटै हाम्रो काम गर्ने बानी पनि बिग्रियो । आधुनिक चहलपहलका अतिरिक्त यातायात सुविधाले भारतबाट आएका विदेशी कपडाप्रति झुकाव बढ्न जानुको कारण आर्थिक समस्या बढ्यो । बढी उत्पादन गर्नु श्रापजस्तो हुन थाल्यो । अनि, जति हामी अल्छी भयौँ, उति परनिर्भर पनि बन्दै गयौँ । राज्यले उपयुक्त नीति पनि शायद अवलम्बन गर्न जानेन वा सकेन वा चाहेन । स्थानीय उत्पादन ह्रास हुँदै गयो, सक्षम तथा शिक्षित दुवै थरी जनशक्ति कि त शहर कि त विदेश पलायन भयो र आज गाउँघरको कन्त बिजोग भयो ।

मलाई याद छ– मैले पनि सानोमा घरबुनाका दौरा, भोटो, कछाडजस्ता कपडा लगाएको छु । तिनै लुगामा स्कूल गएको छु । पछि मात्र यो विस्थापन भएको हो । त्यस बेलाको कतिपय विद्यार्थीका स्कूल ड्रेस नै घरबुनाका कपडा थिए, हुन्थे र सम्भव थियो तर आज त्यो उत्पादन त्यसै हरायो । त्यत्रा तान हुन्थे, बुनेर रोजगारी पनि बढाएका थिए । आर्थिक टेवा भएको थियो । स्थानीय आवश्यकतामा सघाउ हुन्थ्यो । प्राचीनताको संरक्षण र संवर्द्धन हुन्थ्यो । स्वदेशी वस्तुको उत्पादन र प्रोत्साहन हुन सक्थ्यो तर आज विडम्बना । वास्तवमा, स्वावलम्बनका लागि हरेक गाउँको, हरेक ठाउँको, हरेक देशको, हरेक भेषको लागि आफ्नो स्थानीय उत्पादन हुनै पर्छ, नत्र माथि लागिन्न । त्यसको स्तरोन्नति पनि आवश्यक छ । सरकारले यस्ता कुरालाई पहिचान र प्रोत्साहन दिनुपर्छ ।

अबका दिनमा स्थानीय सर्वशक्तिमान् सरकारहरूले यसबारे सोच्नैपर्छ । सङ्घीय सरकारले पनि राष्ट्रिय नीतिमा गम्भीर भएर उपयुक्त नीति निर्माण तथा कार्यान्वयन गर्नु–गराउनु वाञ्छनीय देखिन्छ । तब मात्र पुर्कोटजस्ता ठाउँको, गाउँको र वस्तुको, उत्पादनको, प्रयोगको र विकासको इतिहास मात्र होइन, देशको मुहार फेर्न सकिन्छ । एक गाउँ एक उत्पादनको नारा होस् वा आफ्नो गाउँ, आफैँ बनाऊँ भन्ने नारा सार्थक बनाउने हो भने स्थानीय पहिचान कायम राख्न सक्नुपर्छ । पहिचानको नारालाई राजनीतिकभन्दा उत्पादन र विकाससँग गाँस्नुपर्छ । आर्थिक सबलीकरणको सशक्त र भरपर्दो माध्यम यो हुन सक्छ । त्यो नै नेपाल र नेपालीका लागि दिगो, सस्तो, बलियो, सुहाँउदो र इज्जतदार बन्न सक्छ, बनाउन सकिन्छ । समृद्धिको एक प्रमुख आधार नै यही हो जस्तो लाग्छ । नयाँ पुस्ताले पक्कै यसबारे गम्भीर भएर सोच्ने नै छ ।

८. कानमा मुन्द्री र टप : कपालमा डोरी बाटेर टिपटप



व्रतबन्ध मन्त्र सुनाउने परम्परा

व्रतबन्ध नगर्दासम्म गुरुकुलमा झैँ कपाल पाल्ने चलन । त्यति मात्र होइन, चुल्ठा नै बाटेर हाम्रो देशका महिलाहरूले झैँ मैले पनि कपाल पालेर डोरी बाटेँ । मलाई यस्तो सिकाउनमा धेरै कारण होलान् । गुरुकुलको परम्परा धान्नेबारेमा माथि नै कुरा भयो । त्यस्तै मेरा बा-आमाका दुईवटा छोराछोरी मरिसकेकाले यसो गरेमा अर्थात् हेला गरेमा बाँच्छन् भन्ने मान्यताले पनि काम गरेको बुझ्छु । ब्राह्मण समाजमा यस्तो चलन सामान्य भने पनि हुन्छ । शायद समाजका सबै समुदायको यसको केही न केही प्रभाव परेको छ । मेरो पालामा मात्र होइन, मेरो छोरा शाश्वतको व्रतबन्ध, सो समयमा कपाल खौरने र मन्त्र सुनाउने व्यवस्था मित्र देवेन्द्र अधिकारीका सँगै हामीले नै मिलाएको कुरा अहिले सचित्र सम्झना भएको छ ।

कानमा मुन्द्री त आजभोलि ठूला ठूलाले पनि लगाएको देखिन्छ तर राम्रो र सम्पन्नताको पनि परिचायक होला । त्यसभन्दा बढी नाक, कान आदि सियोले घोचेर छेड्ने सूचीवेध (Acupuncture) पद्धति नेपालमा पहिलेदेखि थियो, रहेछ । यो चिनिया पद्धति हो भन्ने गरिन्छ तर मलाई त नेपालका प्राचीन समुदायको चलनमा नै थियो भन्ने लाग्छ । स्वास्थ्यको लागि पनि सूचीवेध गर्नु उपयुक्त मानिँदो रहेछ । महिला पुरुष सबैले कान छेड्ने गर्छन् । महिलाहरू त नाक, कान सबैतिर छेड्छन् गहना लगाउने उद्देश्यले । छोरा वा छोरी, बच्चा छँदैमा कर्णवेध मुहूर्तमा यसो गर्ने हाम्रो प्राचीन संस्कारै हो । यसो गर्नाले बच्चालाई नचाहिँदो वस्तुको प्रभाव अर्थात् नकारात्मक ऊर्जाले नछुने विश्वास गरिन्छ । शायद वैज्ञानिक तर्क पनि यसमा छ । त्यसमा धातु जडान गरेपछि शरीरले ऊर्जा, सुरक्षा र वृद्धिको उपभोग गर्न सक्ने मानिन्छ । आजभोलि केटाहरूले यसलाई कम उपयोग गरेको भए पनि केटीहरूले भने राम्ररी बढाएर अँगालेकै छन् । यस परम्परालाई बँचाएकै छन् । सुन्दर गहना लगाउने उद्देश्यले यसको उपयोगिता अझ बढी महसुस गरेको देखिन्छ ।

टप पनि उस्तै एउटा गहना हो । कानमा नै लगाइने यो गहना मैले एसएलसी पास नगरेसम्म लगाइरहेथेँ । एसएलसीको टेस्ट परीक्षाको फाराम भर्दा जीवनमा पहिलो पटक फोटो खिच्ने मौका मिल्यो । त्यस बेलाको फोटोमा टपले सुन्दर बनाएको छ मलाई ।

तर पनि चोरको डर हुने । कानको लोती नै च्यातेर लैजान्छन् भन्ने पीर । मुन्द्री र टपमा मुन्द्री अझ खतरा लाग्थ्यो तर पछि भने किन पो लाज र डरको कारण यसलाई त्यागेर हिँडें । आजभोलि त औँठी लगाउन पनि डर लाग्छ । ससुराली जाँदा लाउनै पर्ने औँठी पनि नलगाउने प्रयत्न गर्थें म र भन्थेँ कि औँठी लाउनुपर्ने हो भने म ससुराली जान्नँ ।

डोरी बाटेर विद्यालय जाँदाको मज्जा अर्कै थियो । हजुरआमा तथा आमाहरूले कपालमा तेल हालेर, बाँसको काइँयाले कोरी दिएर, डोरी बाटेर स्कूल जाने तयारी गरिदिनुहुन्थ्यो । पहिलो कक्षालाई अन्तिम रूप दिन र पढ्न डुम्रीखर्क अर्थात् चिसापानी नै पुग्नुपर्‍यो । लमजुङे गुरुहरूबाहेक स्थानीय गुरुहरू क्षेत्रलाल श्रेष्ठ, केदारनाथ ढकाल, महेन्द्र ढकाल आदिले पढाउनुहुन्थ्यो । एक कक्षामा पहिला नै भएको थिएँ । दोस्रो कक्षामा घरनजिकै स्कूल खुल्यो आचार्यफाँटमा । चौतारासँगै टहरो पनि बनाइएको थियो र ढावाको स्कूल भनिन्थ्यो । त्यहाँ पनि पहिला भएको रहेछु आफ्नो कक्षामा । नजिक भएको हुँदा त्यसैमा पढ्नु स्वाभाविक थियो । केटा र केटीमा भेद थिएन त्यस बेला पहिरनको अर्थमा । केटीहरू पनि पढ्न पठाउने केही चलन सुरु भएको थियो । तर डोरीको खतरा त्यसमा तानेर लडाइदिने सम्भावना थियो । पाठ नआएमा गुरुले त्यसमा समातेर तान्ने पुगिहाल्थ्यो किनभने असाध्यै दुख्दथ्यो । चकचके साथीहरूबाट पनि खतरै हुन सक्थ्यो । पछि यही स्कूलले कुमारी प्राविको स्थान लिन सक्यो ।

जे होस्, कानमा मुन्द्री र टप, कपाल बाटेर टिपटप हुँदाको रमाइलो आफ्नै हुँदो रहेछ त्यस बेला । त्यो सम्झँदा र आजका बाबुनानीहरू त्यस्तो देखिए भने पनि झनै रमाइलो पो हुने रहेछ । आज पनि त्यस बेलाको फोटोको खोजी र ती दिनको सम्झना बेला बखत आइहाल्छ । यी त विद्यार्थीका पहिरनजस्तै लाग्ने । परम्परागत पद्धतिमा विद्यालय जाने चलन ऐतिहासिक नै भएजस्तो लाग्छ ।

९. जत्ति घोचाइ : उत्ति सिकाइ

दुई कक्षामा पढ्दाकै कुरा हो । गोरखा गाईखुर घर भएका शिक्षक यज्ञबहादुर मल्लले पढाउनुहुन्थ्यो । उहाँ खरीपानीका आफ्ना इष्टमित्रको सम्पर्कमा यहाँ आउनुभएको थियो । डेरा त्यतै थियो रे १०/१२ मिनेट माथि गाउँमा । शैक्षिक सत्र २०१७/१८ को कुरा हो । त्यस बेला गाउँमा शिक्षक पाउन कठिन थियो किनभने पढेलेखेका मान्छे कमै हुन्थे तर हाम्रो भाग्यले एक वर्षसम्म नर्मल तालिमसमेत लिएका दक्ष शिक्षक यज्ञ सर पाएर मनग्गे पढियो । यो त वास्तवमा मेरो भाग्यले भन्नुपर्छ । उहाँले मलाई विशेषतः हिसाब सिकाउनुभयो ।

यज्ञ सरले बिहान बिहान मेरो घरमा आएर मलाई मात्र पढाउने व्यवस्था बा-आमाले गर्नुभएको थियो । त्यसबापत उहाँलाई के सुविधा वा कति तलब थियो, मलाई थाहा भएन । हाम्रै घरमा बिहानको खाना खाएर त्यतैबाट विद्यालय जाने गर्नुहुन्थ्यो । त्यसबाहेक कहिलेकाँही खाजा पनि खाएजस्तो लाग्छ । मैले बा-आमासँग यसबारे सोध्नै बिर्सिएछु । सुखमा भुलेपछि मान्छे अतीतलाई वास्ता किन गर्थ्यो र ? शायद सबै कुरा सम्भव पनि नभएर होला ।

म आफ्नै घरको पश्चिमपट्टिको खोपीमा बसेर पढ्थेँ । उहाँले खोपीको आग्लो बन्द गरेर हिसाब र अन्य विषय पक्कै सिकाउनुहुन्थ्यो । म नजानेर रुन्थेँ । बाहिरबाट बा-आमाले सुनेर ढोका खोल्न लगाउनुहुन्थ्यो तर उहाँले ढोका नखोल्ने मात्रै होइन, त्यता आउन पनि दिनुहुन्थेन बा-आमालाई । केटाकेटी बा-आमाको लाडप्यारले झन् रुन्छन् भन्ने उहाँको मान्यता थियो । परचक्री भएपछि डरले पनि पढ्छन् भन्ने सिद्धान्त जो नेपालमा अझै पनि अवशेषको रूपमा पाइएला, त्यस बेला प्रचलन, प्रशस्त र प्राथमिकतामा थियो । एक पटक लट्ठीले पेटमा घोचेर बाबुआमाकै अगाडि उहाँले रुवाएको प्रत्यक्ष देखाइदिनुभएको थियो । त्यसरी कुनै पनि बा-आमाको मनले आफ्ना सन्ततिप्रतिको दुःख देख्न चाहने कुरै भएन । मलाई भने त्यो सम्झँदा अहिले पनि हाँसो उठ्छ । म बा-आमा देखेपछि साँच्चै नै झन् रुन्थेँ । त्यसरी नपढाएको भए मैले पढ्थेँ वा पढ्दैनथेँ भन्ने लाग्छ । मैले पनि केटाकेटीलाई ताडना गरेर पढाएका दिन सम्झन्छु । वास्तवमा त्यस्तै ठाउँमा बेस्सरी पिटाइ पर्‍यो भने खतरा पनि हुन सक्छ । यसतर्फ भने सजग हुनै पर्नेरहेछ । तर त्यो सबै उनीहरूकै भलाइका लागि हो । समय त्यस्तै, प्रचलन त्यस्तै थियो । आजभोलि भने छुन पनि विचार गर्नुपर्ने जमाना आएको छ ।

यज्ञ सरले दिउँसो ढावाको स्कूलमा पढाउनुहुन्थ्यो । उहाँ र लट्टे गुरुजस्ता एक दुई जना सरले सबै विद्यार्थीलाई पढाउनुपर्ने अवस्था थियो । कति दुःख थियो होला,

सहजै अनुमान गर्न सकिन्छ । पछि उहाँले किन पढाउन छाड्नुभयो, मलाई थाहा छैन । हुन सक्छ, उहाँको निजी समस्याले घर जानुभयो । उहाँ चितवन बसोबास गर्न गएको सुनिएको थियो । शायद यसका लागि उहाँ पुर्कोट छाड्न बाध्य हुनुभयो । हुन सक्छ, पैसा तिरेर पढाउने बानीको विकास हुन सकेन जसबाट शिक्षकको तलब आदि सुविधा राम्ररी उपलब्ध हुन सकेन । सञ्चालक समिति थियो होला जसले ढुङ्गामाटाको गारो र स्याउलाको छानै हालेर भने पनि गाउँमा विद्यालयको टहरो त खडा गऱ्यो तर अनुभव र दक्षताको कमीका कारण निरन्तर चलाउन सकेन वा जानेन । पछि त्यो भवन पनि त्यसै भत्किएर गयो । यज्ञ सरले नभ्याए अर्को शिक्षक ल्याएर पनि त चलाउन सकिन्थ्यो होला । यो कुरा समुदायकै कमजोरी पनि हो पक्कै । त्यसैले धेरै पछिसम्म पनि त्यस भेगमा शिक्षाको उज्यालो घाम लाग्न सकेको थिएन ।

यो चित्र ढावाको स्कूल भएको ठाउँ हो चौतारानजिक । सोही ठाउँमा पछि कालिकाको मन्दिर बनाइयो । सो पनि भत्किएको अवस्थामा देखिन्छ । पछि मेरो बुबाद्वारा मर्मत गरी ढुङ्गाको छानो हालियो । सबैको सहयोग पनि भयो । चैते दशैँ र बडा दशैँमा यहाँ पूजा गरिन्छ ।

मैले थाहा पाएअनुसार यज्ञ सर चित्रमा देखिएको यही ठाउँको विद्यालयमा पढाउनुहुन्थ्यो । उहाँ हाल यस पृथ्वीलाई छाडेर स्वर्ग गइसक्नुभयो रे । तर उहाँको नाम र पढाइ म जीवनपर्यन्त बिर्सन सक्दिनँ । यज्ञ सरले मनग्गे पढाउनुभयो । आफूले जानेबुझेको ज्ञान, सीप र पद्धति प्रयोग गर्नुभयो । त्यस बेला केटाकेटीको भुँडीमा घोचाइ र दुखाइ भयो होला तर अहिले मनमा प्रेरणा र खुसी छाएको अनुभव हुन्छ । उहाँको हरेक लट्ठी घोचाइसँगै मैले हिसाब सिकेको सम्झन्छु । एक पटक घोचेपछि एक अङ्क, दुई पटक घोचे दुई, तीन पटक घोचे तीन गर्दै मेरो अङ्कगणित थाहै नपाई बढेछ । जत्ति घोच्नुभयो, त्यत्ति सिकाइ बढेछ । उहाँले भुँडीमा लट्ठीले घोचेरै हिसाब सिकाउनुभयो तर कति घोच्नुभयो भन्ने हिसाब-किताब भएन तथापि ० देखि ९ सम्मको अङ्क र जोड, घटाउ, दुनोट सिकेबाट ९ पटक त पक्कै घोच्नुहुन्थ्यो प्रत्येक दिनमा । यज्ञ सरको पढाइको यस यज्ञमा म सफल भएँ ।

१०. गौँडेपानी बगैँचामा : स्कूल खोल्ने धामा

गौँडेपानी रमाइलो ठूलो बगैँचा थियो र छ पनि । आँपका थुप्रै रूखहरू भएकाले आँप पाक्ने बेलामा त खाइनसक्नु नै हुन्थ्यो त्यस बेला । यहाँ विद्यालय खोल्न धेरैलाई पायक पर्छ भन्ने हाम्रोतिरका मान्छे थिए । २००७ सालको प्रजातन्त्रपछि गौँडेपानी बगैँचामा बन्दीपुरबाट पण्डित विष्णुप्रसाद भट्टराई आएर पढाउन सुरु गर्नुभएको रहेछ । उहाँका नातासम्बन्धका मान्छेहरू पुर्कोटमा भएकाले आपसी सहमतिमा उहाँले प्रयास थालेको हुन सक्छ । भवन नभएकाले होला, शायद हिउँदमा मात्र पढाउनुहुन्थ्यो रे । घर टाढा भएर पनि केही समस्या, अव्यवस्था र सम्पर्क पनि पक्कै कम भयो होला । बीचमा अवरोध आएकाले २००९ सालमा फेरि यहाँ पढाउन प्रयत्न गरिएको रहेछ । डुम्रीखर्कवासीहरू पहिले निकै सक्रिय भए पनि अहिले चिसापानीमा विद्यालय खोल्ने पक्षमा देखिएछन् । २०१२ सालमा चिसापानीमा विद्यालय खोले पनि ।

अब उतै खोलेकोलाई राम्रो बनाएर जानुपर्छ भन्ने मान्यतामा लागेछन् डुम्रीखर्कवासीहरू । आखिर धनीमानीहरू उतै भएकाले त्यसै कुराले जित्यो यद्यपि केही समय यसै ठाउँमा बगैँचामा नै पढाएको याद छ । हामी ३ कक्षामा चढेपछि यस ठाउँमा विद्यालय चालू राख्ने निकै प्रयास भएको थियो । हामीलाई पनि त्यही ठाउँ आधै नजिक पर्ने, रमाइलो र शीतल । त्यसैले कति महिना त्यहाँ पढियो थाहा छैन, प्रयास असफल भएपछि चिसापानीमा नै गइयो । टाढा भए पनि पानीको भने पर्याप्तता चिसापानीमा । वास्तवमा तल चिसापानीमा थियो स्कूल डुम्रीखर्कमा मान्छेहरू मात्रै हुन् । बस्ती त बाक्लै थियो त्यो साइड तर कोल्टो । ओजराज लप्टनले यही कारणले विद्यालय खोल्न नमानेका थिए कि ? गौँडेपानीमा त ओजराजको सहयोग हुनुपर्ने थियो, त्यहाँ पनि भएनछ । जे होस्, धन हुनेको मन हुँदैन, मन हुनेको धन हुँदैन भनेको यही हो त ? यो झिनो तर्क मात्र हो ।

आज पनि गौँडेपानीमा स्वास्थ्यचौकी आदिको व्यवस्था छ । नजिक धेरै विद्यालय चल्न नसक्ने भएकाले मात्र हो, नत्र यस ठाउँमा विद्यालय बनाएको भए अझ धेरैको धेरै सहयोग हुने थियो रे । पछि त जहाँ भए पनि आफ्ना छोराछोरी पढ्ने विद्यालयलाई सहयोग नगर्ने कुरै भएन । हाम्रा बा-आमाले त्यस बेला पनि चिसापानीको स्कूललाई मनग्गे सहयोग गरेका चन्दा रसिद मैले देखेको र पछि पढेको पनि हुँ ।

गौँडेपानी नामबाटै त्यही बाटो भएर जानुपर्ने ठाउँ भन्ने बुझिन्छ । गढी, गौडा र गोश्वाराको व्यवस्था हुँदा यसमा केही भएर यो नाम रहेको हो वा के हो, मलाई थाहा छैन । जे भए पनि यो ठाउँ सबैको बाटो पर्ने तथ्य र यथार्थ हामीले देख्यौँ, सुन्यौँ र

भोग्यौँ पनि । किंवदन्तीअनुसार गोर्खा कालिका माईको माइती पुर्कोट र गोरखनाथको बगैँचा यही थियो रे ।

गौँडेपानीमा विद्यालय खोल्ने प्रयास केवल गौँडेपानीमा सीमित छैन । यस्ता धेरै ठाउँमा विद्यालय खोल्ने लहर वा प्रयास भएको समय थियो यो । २०१७ सालतिरको कुरा हो । त्यस बेला भारती विकास राष्ट्रिय प्राइमरी स्कूल पनि चल्न नसकी बन्द हुन पुगेछ । त्यसैले पनि डुम्रीखर्कवासीहरू पनि अर्को ठाउँमा लानुपर्ने हो कि भन्ने अवस्थामा आउनु स्वभाविकै थियो तथापि हर उपायबाट चिसापानीको विद्यालयलाई नियमितता र निरन्तरता दिइयो । गौँडेपानी इतिहासमा सीमित भयो ।

वास्तवमा, २००७ सालमा नेपालमा प्रजातन्त्र आएपछि बिस्तारै परिवर्तन र जागरणले गर्दा शिक्षाको लहर देखा पर्न थालेको थियो । शिक्षाप्रेमी, पढेलेखेका थोरै मान्छेहरू, गुरूपुरोहितहरू सबै शिक्षाको विकासमा कुनै न कुनै तवरले उन्मुख हुँदै थिए । शिक्षा सर्वसाधारणको आँगनमा पुऱ्याउन विभिन्न स्थानमा यस्ता स्थानीय प्रयास भएका थिए । शिक्षा व्यावसायिकताभन्दा चेतनाका लागि, आँखा खोल्नका लागि, राजनीतिक जागरणका लागि, सामाजिक विकासका लागि विशुद्ध भावले यी प्रयत्न भएका थिए । आफू पढ्न नपाएर राणाकालमा शिक्षाको उज्यालो ज्योतिबाट टाढा हुनुपर्दा भोगेको दुःख सन्ततिले भोग्न नपरोस् र देश विकासको महायज्ञमा सहभागी हुन सक्ने ठूला मान्छे बन्न सकून् भनेर नै यस्ता प्रयास भएका थिए ।

आजभोलि हाम्रा पुर्खाले भोगेका दुःख, गरेका प्रयास र अझ पुराना कुरा त दन्त्यकथाजस्तो मान्दछन् होला । वास्तवमा यी सबै अनुसन्धानका विषय नै बन्न सक्छन् । जे होस्, गौँडेपानीमा नै विद्यालय नबने पनि त्यस ठाउँको विकास अवश्य हुनेछ । विद्यालय खोल्न गरिएको धामा कहीँ न कहीँ हाम्रै लागि फलीभूत भएको छ, हुन्छ भन्ने विश्वास छ । शिक्षाको केन्द्र नबने पनि स्वास्थ्यको केन्द्र यो बनिरहेछ ।

११. चिसापानी कि सिस्नोपानी ?

चिसापानीमा विद्यालय त २०१२ साल असोज १२ गते बुधवार (२८ सेप्टेम्बर १९५५) भाद्र शुक्ल द्वादशीका दिन नै खुलेको रहेछ, म जन्मेको एक वर्षभित्रै । कक्षा तीनमा पुगेपछि त्यहाँ फेरि पढ्न जानुपर्ने भयो किनभने नजिकको विद्यालय जुन आचार्य फाँटमा ढावाको चौतारा नजिक थियो, त्यो चल्न सकेन । दुई कक्षामा पास भएपछि अब टाढा जानुपर्ने भयो पढ्न । दुई कक्षामा पनि पहिला भएको रे आफ्नो कक्षामा । एक कक्षामा पनि पहिला भएरै त्यहाँ भर्ना भएको रे । पहिला, दोस्रा र तेस्रा हुनेलाई किताब, कापी, सिसाकलम वा यस्तै शैक्षिक सामग्री पुरस्कार दिने चलन थियो । त्यस बेला खै कस्तो पुरस्कार पाइयो, थाहा भएन मलाई । तर अब तीन कक्षामा गौँडेपानीमा पनि केही समय पढियो तर के भयो कुन्नि ! हामी चिसापानीमा नै आयौँ ।

चिसापानी पछि डुम्रीखर्ककै नामले चिनिन थाल्यो । पहिले भारती विकास मन्दिर राष्ट्रिय प्राइमरी स्कूलको नामले खुलेको रहेछ । सरस्वतीको पहिलो नाम लिएर थालनी भएको राम्रै हो । यद्यपि पछि त्यो कालिकामा परिणत भयो । किंवदन्तीअनुसार त्यहाँ गोरखा कालिकाकी आमा चिसापानी कालिकाको राम्रै मन्दिर रहेको छ । तिनको पनि अलौकिक शक्ति थियो रे भनिन्छ र आजभोलि त्यसैअनुसार प्रत्येक अष्टमीमा नियमित पूजा हुन्छ । चैते दशैँमा पञ्चबलि दिइन्छ । उनकै सम्झनामा होला, विद्यालयको नाम पनि कालिकामा परिवर्तन गरिएको निम्न माध्यमिक बनाउने क्रममा २०२३ सालमा ।

यो विद्यालय खोल्न त कहानी नै भएको रहेछ । पुर्कोटका सबभन्दा धनी र मानी दुई व्यक्ति रहेछन् । कुँडापानीतर्फ सानाबाजे भनिने देवनिधि लोहनी र पूर्वतर्फ लप्टन ओजराज जोशी । देवनिधिको क्षेत्रमा पुर्कोट भाषा पाठशाला थियो, ओजराजको क्षेत्रमा केही थिएन । कुँडापानीमा १९८१ मा भाषा पाठशाला खुलेको रहेछ । यस कार्यमा सिमपानीका पण्डित टीकानिधि खनालको पनि योगदान भएको बुझिन्छ । देवनिधि लोहनीसँग पण्डित टीकानिधि गुरुको घनिष्ठ सम्बन्ध भएको पाइन्छ । देवनिधिले चिठी नै लेखेर मान्छे पठाएर टीकानिधिलाई चिती स्याउत जान सम्पर्क गराएबाट देवनिधिको शिक्षाप्रतिको रुचि प्रस्ट हुन्छ । चितीमा देवनिधिको छोरी दिएकाले उनलाई पनि जिम्मेवारीबोध र सहजता भएको हुन सक्छ । यसरी उहाँकै सहयोगबाट टीकानिधि गुरुले पनि लमजुङको चिती स्याउतमा पढाएको कुरा शैक्षिक जीवनको इतिहास भएको छ । उहाँहरूकै योगदानबाट लमजुङ र तनहुँका केही ठाउँहरू जस्तै चिती, दुराडाँडा र चुँदी सिमपानी क्षेत्रमा धेरै मान्छे पढ्न पाएकाले विद्याको राम्रो जग बसेको पाइन्छ । यसको प्रभाव प्रत्यक्ष-अप्रत्यक्ष तवरमा यहाँको जनमानसमा पर्नु स्वाभाविकै थियो ।

पुर्कोटको पूर्वी भेगमा भने ओजराज जोशी (तत्कालीन राजगुरुका ज्वाइँ) को प्रभाव बढी, तर अथाह धनसम्पत्ति हुँदाहुँदै पनि शिक्षामा ध्यान गएनछ । शक्तिशाली पनि थिए उनी, चाहेका भए विद्यालय खोल्न सक्थे सहजै । देशमा प्रजातन्त्रपछि शिक्षाको क्षेत्रमा आएको लहरले छायो र स्थानीय शिक्षाप्रेमी अङ्कलाल कस्सिए । तर ओजराज पटक्कै लागेनछन् । राणा शासकको नजिक भएकाले राणाहरूको नीति उनले अवलम्बन गरेको हो कि जस्तो बुझिन्छ । राणाहरूले जनतालाई कुनै हालतमा शिक्षा नदिने जङ्गबहादुरदेखिको सदाबहार नीति बनाएका थिए । शिक्षाको विकास केही गरिहाले पनि आफ्नै परिवारको लागि वा बाध्यतावश विद्यालय/महाविद्यालयजस्ता शैक्षिक व्यवस्था गरिएका हुन्थे । फलतः विद्यालय खोल्ने प्रस्ताव ओजराजले पनि मानेनन् । सबैले कर गरेपछि खोले भइहाल्यो नि भनेछन् । अब फेरि चन्दा लेख्न जाँदा, खोले भइहाल्यो नि, चन्दा किन लेख्नुपऱ्यो भनेर टारेछन् । फेरि समाजको दबाबमा चन्दा लेखे भइहाल्यो नि भनेछन्, यत्तिकैमा त्यो दिन बितेछ । अर्को दिन चन्दा लेख्ने भनेपछि भै हाल्यो नि भनेर मानेनछन्, आखिर सबैको आग्रहमा केही चन्दा रकम लेखेछन् पनि । फेरि, अर्को दिन चन्दा माग्न जाँदा लेखैकै छ, किन दिनुपऱ्यो भनी आनाकानी गरेछन् । शायद उनले खुलस्त त्यति सहयोग गरेनन् । अग्रजहरूबाट सुनेको कुरा हो यो । जसरी पनि आलटाल गर्ने यो असहयोगको नीति अवलम्बन गरेरै छाडेछन् ओजराजले ।

यसरी उनलाई शिक्षा विकासको मूल प्रवाहमा ल्याउन सकिएनछ तथापि दुःखपूर्वक विद्यालय खुल्यो, चल्यो, भवन बनाइयो *'धन हुनेको मन नभए पनि मन हुनेको धन बटुलेर ।'* तर हिजोआज ओजराजजीका सन्तान शिक्षाको मूल प्रवाहमा आएका छन् । आज ओजराजजीका सन्तान दरसन्तान उच्च शिक्षा आर्जन गरेर देश विदेशमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेछन् । यदि उहाँले अझ मौकैमा समुदायको आवाजलाई साथ दिनुभएको भए, कति चाँडै र धेरै शैक्षिक तथा सामाजिक विकास हुन्थ्यो होला त्यस क्षेत्रको । शायद यस कुरालाई भने ओजराजजीले पनि बुझ्न सक्नुभएन वा उहाँलाई बुझाउन सकिएनछ त्यस बेला तर उहाँका सन्ततिले यसलाई बुझेर सहयोग गर्न थाल्नु स्वागतयोग्य कुरा हो ।

अङ्कलाल श्रेष्ठ त्यस स्कूलका संस्थापक मानिनुहुन्छ । उहाँकै अध्यक्षतामा पहिलो सञ्चालक समिति बन्यो । भनिन्थ्योः गाउँलेहरूको सहयोग पर्याप्त पाउन नसकेको अवस्थामा उहाँ पागल झैँ एक्लै भए पनि विद्यालयको जग खन्नुहुन्थ्यो र निर्माण तथा अध्ययन अध्यापनका लागि समेत आवश्यक अन्य प्रयत्न गर्नुहुन्थ्यो । एउटा दुईतले लामो भवन नै खडा गरिएको थियो, चिसापानीको धारानजिक । अगाडि फूलबारी र कम्पाउन्ड ज्यादै राम्रो थियो । मैले त्यसमा पढ्ने अवसर प्राप्त गरेँ । लमजुङबाट शिक्षकहरू झिकाएर चलाइएको थियो । पहिलो प्रधानाध्यापक नरहरि बरालका अनुसार उहाँ शिक्षक तालिम पूरा गरी फर्कने क्रममा आफ्नो मावली पुर्कोट आउनुभएको रहेछ । मावली तथा अङ्कलाललगायतका शिक्षाप्रेमीहरूसँग सम्पर्क र कुराकानी हुँदा यहाँ विद्यालय खोल्न र

आफू सेवा गर्न तयार हुनुभएको रहेछ । उहाँ स्वयम् नै आफूखुसी एउटा विद्यालय खोल्न पाउने अधिकार लिएर आउनुभएको रहेछ । उहाँका गुरु राष्ट्रकवि माधवप्रसाद घिमिरे, जो त्यस बेला स्कूल स्वीकृति दिने कार्यालयमा हुनुहुँदो रहेछ, उहाँलाई सो अधिकार दिएर पठाउनुभएको रहेछ । आफ्नो मावली पनि भएको, त्यसभन्दा अघि पनि हिउँदमा आएर अनौपचारिक रूपमा डुम्रीखर्क आई पढाउने गर्नुभएको नाताले उहाँले यस ठाउँका मानिसको आग्रह, आवश्यकता र मोहमा यस भारती स्कूलको स्थापना गर्नुभयो । पछि भाइ देवीप्रसाद बराललाई पनि यसै विद्यालयको शिक्षकमा समावेश गराउनुभयो । त्यस्तै लमजुङकै चम्पाकर घिमिरे पनि शिक्षक हुनुहुन्थ्यो । चम्पाकरदेखिका शिक्षकको याद मलाई पनि आउँछ । सबैको नाम याद नभए पनि अनुहार सम्भना हुन्छ ।

केहीपछिको पढाइको अवस्था सम्भँदा भने यो चिसापानी हो कि सिस्नोपानी हो भन्न मन लाग्छ मलाई त । वरिपरि सिस्नो उम्रेको थियो । पानीको ठूलो मूलधारा काठको बनाइएको थियो । पानी चिसो मात्र होइन, मीठो र प्रशस्त थियो त्यति बेला । डुम्रीखर्कदेखि पानी लिन, नुहाउन र लुगा धुन मान्छे त्यहाँ नै आउँथे । सबै शिक्षक, विद्यार्थी र अभिभावकको पानी खाने धारा पनि त्यही । हामी घर आउजाउ गर्न पहरे पानीको बाटो जानुपर्ने, त्यहाँ पनि धारा नजिकै सिस्नोको भ्काङ । कतिपटक पोल्यो सिस्नोले त्यो सानो पानी खाने धारोमा जाँदा । अभ्क चिसापानीमा त नपढ्ने विद्यार्थीलाई सिस्नो लगाउने चलनै थियो । एक पटक हाम्रो र माथिल्लो कक्षाका ढुन्ढि थापा, रामचन्द्र पाण्डे, लोकबहादुर थापालगायत कसकसलाई हो कुन्नि पाठ नगरेको र बुभ्काउन नसकेको, नपढेको कारण यस्तो गरी सिस्नुले हाने जसबाट हामी सबैको सातो लिए गुरुले । हामी तीन कक्षामा हुँदाकै कुरा हो यो । हाम्रो कक्षामा त्यति बेला १३ जना मात्र थियौँ । सूर्यकुमार श्रेष्ठ, बाबुकाजी पाण्डे आदिको नाम ताजै छ । हामी तीन जना बीच तीव्र प्रतिस्पर्धा नै हुन्थ्यो । वार्षिक परीक्षामा त म तेस्रो पो हुन पुगेछु । अर्धवार्षिक परीक्षामा भने रमाइलो भएछ । लामालामा उत्तर लेख्न भनेर प्रश्न दिइएछ हामीलाई । निर्देशन केही दिएनछन् । ढुन्डी थापाले त पढ्न नै छाडे पिटाइले । कुरा नबुभ्केर हामी १२ जनाले नै त्यही प्रश्न जस्ताको तस्तै सारेर कापीभरि बनाएर बुभ्काएछौँ, आखिर सबै फेल तर यसबाट हामीले अबदेखि उत्तर कसरी लेख्नुपर्छ भन्ने कुरा सिक्यौँ । यही कारणले होला, मेरी हजुरआमाले दुई पैसाको सोमत र चार पैसाको मोमत खानुपर्छ भन्नुभएछ ।

यसरी त्यस बेलाको शिक्षा, यसको विकास र शिक्षण पद्धति कस्तो थियो भन्ने सम्भना आउँछ । जस्तो भए पनि यो हाम्रो जीवनको उत्थानमा ज्यादै सहायक भयो । यसको विकास क्रमिक दृष्टिले भइरहेछ । कालिका निम्न माध्यमिकबाट कालिका माध्यमिक, कालिका उच्च माध्यमिक र पुर्कोट कालिका बहुमुखी क्याम्पससमेत बनेका छन् । मान्छेले देखेर, भोगेर र पढेर सिक्छ भनेको कुरा यही त होला । अनि आवश्यकताअनुसार उपलब्ध स्रोतको परिचालन गर्दै त्यस कुरालाई व्यवहारमा उतार्ने प्रयत्न गर्दो रहेछ ।

१२. भूकम्प आउँछ भन्दै कटेरीको वास

२०१८ साल हिउँदको कुरा हो । ठूलो हल्ला चल्यो, भूकम्प आउँदै छ भनेर । गाउँलेहरू सबै रातमा घर नसुत्ने निधो भएछ । हाम्रो घरको केही पर ठूलो गरा थियो खाली (हाल रामभक्त ढकाल परिवारको), त्यसैमा लामो टहरा बनाउने भए सबै मिलेर । सबै घरका लागि एक-एक कोठा छुट्याइएको थियो । स्याउलाले छाएको सो कटेरा रातको आधार थियो । सुतेको बेलामा भुइँचालो आएमा क्षति नहोस् मानव शरीरको भनेर त होला । घरका सबै कुरा त्यहाँ ल्याएर राख्न सकिने अवस्था थिएन । चाँडै खाना खायो । कटेरीमा आयो र सुत्यो । जीवन जोगाउने महत्त्वपूर्ण स्थानीय उपाय र प्रविधि थियो यो । त्यो बेला पढ्नको लागि त उपयुक्त अवस्थै भएन । बत्ती, पानी आदिको व्यवस्था मिलाउन त ज्यादै गाह्रो थियो । यसबाट घरमा पढिने पाठ र गरिने गृहकार्यमा पक्कै असर पर्थ्यो ।

आज आउँछ रे, भोलि आउँछ होला भन्थे तर आएन त्यसरी सोचे झैँ भूकम्प । सानो त आयो होला, थाहा छैन । कतै आयो होला, त्यस क्षेत्रमा थाहा भएन । यो भविष्यवाणी हुन सक्ने विषय थिएन पनि तर ज्योतिषीको भनाइमा यसो गरिएको हुन सक्छ । स्थानीय वा अन्य को ज्योतिषी थियो, थाहा भएन । जे होस्, भूकम्प नजानु नै अहोभाग्य हो । गएको भए कटेरीले मद्दत कति गर्थ्यो, थाहा छैन । रातमा नै जान्थ्यो भन्ने पनि त थिएन । डरको भूतले सतायो, भूकम्प आउँछ रे भन्ने । भूकम्पबारे शायद त्यही बेला सुनियो । कति सिकियो थाहा छैन तापनि आवासको पूर्वतयारी कसरी गर्न सकिन्छ र गर्नुपर्दो रहेछ भन्ने मैले त्यसै बेलादेखि सिकेको भने पक्कै हो । स्थानीय साधनको प्रयोगबाट यो सम्भव रहेछ चाहेमा । वास्तवमा यस्तो पूर्वतयारी हरेक गाउँघर, टोल, शहर बजार जताततै सदा आवश्यक र सम्भव छ, गर्न सक्नुपर्ने रहेछ ।

यस घटनाले एउटा कुरा राम्रै सिकाएको हुनुपर्दछ- भूकम्पबाट बच्ने पूर्वतयारी कसरी गर्न सकिन्छ भनेर । स्थानीय साधन र स्रोतको प्रयोग गरेर हरेक बस्तीमा यस्तो ठाउँ बनाइराख्यो भने मौकामा ठूलो काम दिन सक्छ । २०७२ सालको भूकम्पपूर्व यस्तो तयारी गर्न सकेको भए कस्तो काम लाग्थ्यो होला । २०४५ सालकै कुरा गर्न सकिन्छ । नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालयमा लामो समय (२०४१ देखि २०५१) दैवीप्रकोप पूर्वतयारी तथा उद्धारको मूल जिम्मेवारी निर्वाह गर्ने बेलामा पनि मेरो मानसपटलमा बेलाबखतमा यस कुराले सम्झना दिलाइरहन्थ्यो २०१८ सालको पूर्वतयारी ।

अब भविष्यलाई सोचेर स्थानीय सरकारहरूले यस सम्बन्धमा पूर्वतयारी गर्नु राम्रो होला । सरकारी वा गैरसरकारी निकायले पनि सबै तहबाट यसलाई महत्त्व दिएर काम गर्नु नितान्त जरुरी रहेछ । समुदाय स्वयं यसरी नै जागरुक हुनैपर्छ । यस्तो व्यवस्थाले भूकम्प मात्र होइन, स्थानीय रूपमा जुनसुकै विपद् आउँदा पनि उद्धार राहतमा काम लाग्छ । त्यसो भयो भने हाहाकारमा विपद्को घुम्टो लामो र अवाञ्छित हदसम्म ओढ्न नपर्ला कि ?

१३. दुई पैसाको 'सोमत' र चार पैसाको 'मोमत'

'सोमत' को अर्थ त मैले भेटेँ शब्दकोशमा तर *'मोमत'* को अर्थ भेटिएन। *'सोमत'* भनेको *'सभ्य आचरण'* रहेछ। शायद सोमतकै पछुवा भएर आएको होला *'मोमत'* पनि त्यस्तै अर्थमा अनुकरणात्मक। हाम्री हजुरआमा मनुमाया देवकोटा (देवकोट्नी) ले राम्ररी बुझ्नुभएको रहेछ क्यारे। मैले कुनै बदमासी गरेँ हुँला, थाहा छैन। त्यही ३ कक्षाको अनपेक्षित अर्धवार्षिक परीक्षाफलबाहेक अरू धेरै थाहा छैन। यो त समस्याको समाधान गर्ने सम्बन्धमा सामूहिक सल्लाह र अज्ञानको परिणाम थियो। यसबाहेक शायद हजुरआमाले पढ्न भनेको मानिन हुँला, त्यस्तो लाग्छ मलाई। वास्तवमा विद्यालय आउँदा जाँदा बाटोमा खेल्दै भुल्दै आउने चलन थियो। साथीहरूको सङ्गतले यही बानी परेको थियो। अझ कहिलेकाहीँ ढिला भयो भने पिट्छन् भनेर बाटोको जङ्गलमा नै कागजको हवाईजहाज बनाउँदै उँडाएर दिन बिताउने, अनि पढेर आएको भन्दै खाजा खान माग्ने गरेको घटना पनि सम्झन्छु। वास्तवमा हामी कहिलेकाहीँ ढिलो भयो भने विद्यालयमा गुरुले पिट्छन् भनेर यसै गर्थ्यौँ। त्यसैले अनुशासन सिकाउने ध्येयले दुई पैसाको *'सोमत'* र ४ पैसाको *'मोमत'* किनेर ल्याएस् भनी अह्राउनुभयो, स्मरण गराउनुभयो। भोलिपल्ट विद्यालय जाने बेलामा एक सुका (पच्चीस पैसाको सिक्का) पैसा पनि दिएर पठाउनुभयो।

आमा, बा, पाहुना तथा गुरुलाई देवता मान्नुपर्ने हाम्रो संस्कृति र संस्कार रहेछ। त्यही प्रभावमा मैले पनि *'सोमत'* र *'मोमत'* किन्न भनेर विद्यालय गएपछि हेडमास्टर उमानाथ कोइरालालाई त्यसका लागि पैसा पनि दिएँ। उहाँले केही दिनसम्म झुलाएर, केही पनि दिनुभएन। कर लगाएर माग्न बाध्य भएँ, हजुरआमाले वारम्वार सम्झाएपछि। आखिर उहाँले पनि दिएरै पठाउनुभयो तर बन्द खाममा के थियो, थाहा भएन। खोल्ने अनुमति थिएन। *'खाम नखोलीकन घर लगेर हजुरआमालाई दिनू'* भनेका थिए। शायद हजुरआमाले कुनै बेला यो उपाय बताएको हुनुपर्छ। कोइरालाफाँटका कोइराला वा अन्य थरका मान्छेहरू पुर्कोटमा धेरै नै आउनुभयो। लमजुङबाटै बराल, घिमिरे र कोइराला परिवारले यहाँ शिक्षाको ज्योति जगाउनुभयो। रमाइलो पनि गर्नुहुन्थ्यो। यस अर्थमा तनहुँको हाम्रो भेगभन्दा लमजुङको भेग शिक्षामा धेरै अगाडि बढिसकेको पुष्टि हुन्छ। यो शिक्षाप्रद रमाइलो योजना पनि त्यस्तै कुराको प्रमाण होला। नैतिक शिक्षाको पाठ पढाउन गरिएको उन्नत र सामान्य खेलको प्रयोग रहेछ क्यारे।

घर लगेर *'सोमत'* र *'मोमत'* को पोको लाउनुहोस् भनी हजुरआमालाई दिएँ। पछि के ल्याएको यो ? यो त काम नलाग्ने वस्तु लिएर आएछ भनी पहिले हप्काउनुभयो। उहाँले मेरी आमा (आफ्नी छोरी) लाई *'हेर् त, तेरो छोरो कति सोझो छ !'*

भनी बताउनुभयो । शायद त्यसमा एउटामा फूल र एउटामा पाती थियो । शायद *'सोमत'* र *'मोमत'* को प्रतीक तर सँगसँगै स्याबासी पनि दिनुभयो । किनभने त्यो नखोलीकन घर पु¥याएकोमा । बाटोमा खोलेर अर्काको वस्तु बिगार्ने वा बदमासी गर्ने होला कि होवैन भन्ने परीक्षा रहेछ क्यारे त्यो । म परीक्षामा पास भएँ । इमानदारी देखियो । अनुशासन रहेछ भन्ने प्रमाणित भयो । पैसा पनि फिर्ता दिए । मिठाइ खान काम लाग्यो हजुरआमाको अनुमतिले । *'सोमत'* र *'मोमत'* यही रहेछ भन्ने थाहा भयो । अब म मेहेनत गरेर बाटोमा नभुली सधैँ विद्यालय आएर पढ्न थालेँ ।

केही वर्षअगाडि काठमाडौँको एउटा घटना पनि यसकै सेरोफेरोमा म सम्झन्छु । चटकेले मुसाको औषधीको नाम लिँदै खुब प्रचार–प्रसार ग¥यो । मात्र दुई रूपैँयामा पाउने भएपछि सबै मान्छेले लिने नै भए जसलाई मुसाले सताएका थिए वा नभए पनि तर त्यो औषधी त्यहाँ खोल्न नहुने उसले बताएको थियो । खोल्यो भने उँड्छ भन्दै घरमा गएर खोल्न निर्देशन नै जारी गरेको थियो उसले । वरिपरि बाजाको तालमा त्यो जादूवालजस्तो मान्छेले अरू पनि थुप्रै औषधी बेच्न सफल भएको थियो । उसले राम्रै कमायो होला । आखिर घर गएर औषधीको पोको हेर्दा त्यसमा त *'मुसाको औषधी : बिरालो'* भनेर मात्र लेखिएको रहेछ ।

सामान्य कुरा, तर असामान्य तरिका । शिक्षा दिने तरिका पनि कति थरीका ? 'सोमत' सिकाउन सानै कक्षादेखि यस्ता अभ्यास आवश्यक रहेछन् । आजको संसारमा देखिएको सबभन्दा ठूलो समस्या नै खराब आचरण वा अनुशासनहीनता हो । यी सबैको उपचार 'सोमत' सिकाउने शिक्षा नै रहेछ । त्यसैले, नैतिक शिक्षाको महत्त्व र व्यवस्था भौतिक शिक्षाको लागि नितान्त आवश्यक रहेछ ।

१४. हिन्दीमा पढाइ : इन्द्रसिंहको कडाइ

नेपालमा, त्यो पनि पहाडमा नेपाली भाषामा नै पढाइ हुने हो । अङ्ग्रेजी पनि बिस्तारै बढ्दै गयो । हिन्दी कताबाट त्यस बेला पढाइ हुन थाल्यो, मलाई थाहा छैन । संस्कृत पनि कहीँ कतै थियो होला । चार कक्षामा पढ्दाको कुरा हो २०१९/२० सालको शैक्षिक सत्रमा । यो देशव्यापी योजना हो वा के हो थाहा थिएन । हुन सक्छ, त्यस विद्यालयको मात्र । हुन सक्छ, भारतमा बसेर आएको शिक्षक भएकाले यसको पढाइ थालियो । भारतकै प्रभाव वा योजनामा भएको थियो कि ? तराई मात्र होइन, पहाडमा पनि शिक्षाको माध्यमबाट भाषा, भेषलगायत कुनै योजना बन्दै थियो कि ? यी र यस्तै शङ्का मेरा मनमा लागेका कुरा मात्र हुन् । अहिले यसबारे अध्ययन गर्दा त्यस बेला प्राथमिक स्कूल र मिडिल स्कूलको पाठ्यक्रम २०१० अनुसार नेपाली अथवा हिन्दी जुन पढाए पनि हुने व्यवस्था रहेछ ।[४]

उहाँ बडो कडा मिजासको शिक्षक । विद्यार्थीलाई मनले धेरै माया गर्ने तर बाहिर कडा देखिने । अनुहार पनि जुँगा पालेकाले डरलाग्दो । जे होस्, हिन्दी पनि पढ्न र सिक्न पाइयो तर त्यो एक वर्ष मात्र । पाँच कक्षामा त्यो विषय फेरि किन हटेछ कुन्नि, हाम्रो हिन्दी पढाइ पनि अधुरो भयो । अलिअलि जानेको पनि बिर्सन थालियो तर इन्द्रसिंह सरलाई बिर्सन सकिएन । कडा बोली पनि उस्तै मज्जा लाग्ने । भनिन्छः *'स्पष्टवक्ता सुखी भवेत् ।'* उहाँ पनि सदा सादा जीवन, उच्च विचारमा नै सुख मान्नुहुन्थ्यो । हामीले उहाँबाट सिकेको अर्को महत्त्वपूर्ण पाठ त्यो पनि हो ।

नियतिले पछि मैले कालिका माविमा पढाउँदा उहाँ अझै शिक्षक हुनुहुन्थ्यो । आफू हेडमास्टर हुँदा उहाँ सहायक मास्टर नै हुनुहुन्थ्यो तर उहाँका अर्ती उपदेश, सल्लाह र सुझावहरू मेरा लागि सदा शिरोधार्य रहे । मेरो उहाँप्रतिको आदर भाव कहिल्यै गिरेन र अहिलेसम्म पनि मनमा त्यही आदर भाव जागै छ ।

एक पटक उहाँले २०३५ साल कार्तिकमा केन्द्राध्यक्षको जिम्मेवारी पनि समाल्नुभएको थियो । प्राथमिक विद्यालयको अन्तिम तथा जिल्लास्तरीय परीक्षा पद्धति थियो तीन कक्षामा । यस बेला पनि उहाँले सम्पन्न गरेको कामको कुशलता र उहाँको इमानदारी देखेर म निकै प्रभावित भएको थिएँ । मेरो काममा पनि सघाउनु त भयो नै ।

उहाँ साह्रै बिरामी पर्नुभएछ । आखिर उहाँको अन्तिम अवस्था आएछ । उता शिक्षक हडताल सुरु भएको थियो । बिरामी भएपछि केही दिन विद्यालय आउन छाड्नुभएको थियो ।

---

[४] नेपालमा शिक्षाको इतिहास, भाग २, गोपीनाथ शर्मा, मकालु बुक्स एण्ड स्टेशनर्स पुतलीसडक, काठमाडौं २०६०

घरमा भेट्न गइयो, तर ओरालो लागेको जीवन, ओरालै झर्न थाल्यो । स्कूलबाट ओरालै झरेर भेट्न गयौँ । उपचार हुँदाहुँदै केही दिनमा उहाँले सबैसँग बिदा लिनुभयो, संसारको माया मार्नुभयो । त्यो दिन थियो वैशाख १६ गते २०३८ साल । हामी आफैँ बेनीमा उहाँको लास बोकेर गयौँ । मैले जिन्दगीमा पहिलोपल्ट एक जना गुरुको लास बोकेँ । वैशाख २१ गते बाईस जँगारमा सार्वजनिक रूपमा शिक्षक आन्दोलनका बीचमा शोक सभा मनाइयो । मैले गुरुको शोकमा एउटा छन्दोबद्ध शोक कविता लेखेको थिएँ, सोही दिनको शोकसभामा पढेर सुनाएको थिएँ । अनुकूल समयमा त्यो र यस्तै कविताहरू प्रकाशन गर्न सकूँला भन्ने अपेक्षा छ । धन्य गुरु, तपाईँको कडाइको र हामीलाई पढाइको सम्झना हरदम आउँछ, श्रद्धा पनि । त्यसैले आज हामीजस्ता तपाईंका चेलाहरू थुप्रै भएका छन्, शिक्षाको दीयो जागा गरिरहेछन् । तपाईंको आत्मालाई शान्ति मिलिरहोस् ।

स्पष्टवक्ता आदरणीय गुरु इन्द्रसिंह रोकाहा

१५. कविता त कोरियो : पछि सबै चोरियो

कक्षा ४ मा पहिलोपल्ट कविता लेखेको याद छ, २०१९ साल असोज १२ मा विद्यालय स्थापनाको वार्षिकोत्सवको सन्दर्भमा आयोजित प्रतियोगितात्मक कार्यक्रममा सुनाउन हो जस्तो लाग्छ । मैले 'गाईप्रति' कविता लेखेको थिएँ जानीनजानी । यो लेख्नु अनिवार्य थियो र मात्र लेखेँ । शुक्रबारे कार्यक्रममा सुनाउनुपर्ने थियो । प्रतियोगितामा के भएँ, थाहा छैन तर त्यस बेला पनि प्रतियोगिता गराएर विद्यार्थीको प्रतिभा प्रस्फुटन गराउने चलन प्रारम्भ भएको रहेछ । म पनि सहभागी भएँ । यही नै मेरा लागि कविता कोर्ने प्रेरणा र वातावरणको श्रीगणेश बन्यो पनि ।

त्यो कविता अलिअलि सम्झन्छु पनि । पछि माथिल्लो कक्षामा अन्य विद्यालयमा पढ्न जान थालेपछि त कविता वा अन्य साहित्यिक रचना निकै गर्न थालेको थिएँ तर त्यसको स्तर थाहा थिएन । जे भए पनि हस्तलिखित सङ्कलन राम्रै भएको थियो । कतिपय प्रतियोगितामा भाग लिएको पनि थिएँ । कति केवल आनन्द र भविष्यका लागि भनी सुरक्षित थिए । परिमार्जनको अपेक्षामा थिए होलान् । अध्ययन, क्षमता, आफूभन्दा ठूला कवि तथा साहित्यकारको जीवनी र रचनाका साथै गुरुहरूको मार्गदर्शनमा जे सम्भव थियो, त्यो कोरेको थिएँ । मेरो कमजोरी वा दुर्भाग्य वा अरूको बदमासी के भनौँ, त्यो त चोरेर लग्यो कसैले पछि चन्द्रावती हाइस्कूलमा पढ्दा । कक्षा ९ को घटना हो यो । कविता मात्र होइन, किताब, कापी, कलम, लुगाफाटो, भाँडाबर्तन केही रहेन । शङ्का पनि भयो । सरहरूले डेरामा सबै बुझेर अनेक उपाय गरेँ तर शङ्काकै भरमा केही लागेन, गर्न पनि मिलेन । त्यो पनि आफ्नै साथी भाइलाई बढी शङ्का ।

एक दिन त यस्तो आयो– अर्को जोर लुगा थिएन । शुक्रवारसम्म त विद्यालय र वरपर मात्र थाहा थियो । जब शुक्रवार घर जानुपऱ्यो, तब बा–आमाले सोध्नुभयोः *"किन स्कूल ड्रेस लगाएर बसेको ? त्यो पनि मैलो । अर्को जोर लगाएर धुनुपर्ने ।"* वास्तवमा बा-आमालाई चिन्ता नदिने उद्देश्यले घटनाबारे खोल्न नचाहेको तर साथीहरूले बताइदिए । साथीहरूसँग बस्दा मेरा हराएका कुरा पनि उनीहरूले क्षतिपूर्ति वा सेवा प्रदान गराएका थिए । खान सगोलमा, बस्न, सुत्न र पढ्न सगोलमा तर लगाउने लुगा भने भएन, थिएनन् र मिलेन पनि ।

सबै कुरा खुलस्त भएपछि आखिर बा-आमाले अरू लुगा सिलाइदिनुभयो । खाने लाउने, ओढ्ने, ओछ्याउने, पढ्ने, लेख्ने सबै कुराको फेरि बन्दोबस्त भयो तर ती चोरिएका कविता, कथा, निबन्ध आजसम्म भेटिएका छैनन् । मेरो बालककालको सिर्जना यसरी समाप्त भयो तथापि सम्झनाकै भरमा त्यो 'गाईप्रति' कविता आजभोलि परिमार्जित

रूपमा भए पनि लेखेको छु । त्यसको सबभन्दा बढी माया लाग्दो रहेछ किनभने त्यो नै आधार थियो प्रेरणाको, अनि थालनीको पनि । फेरि अर्को महत्त्वपूर्ण विषय के भने सर्जकलाई आफ्नो सिर्जना भनेको आफ्ना सन्तान बराबर लाग्दो रहेछ ।

विद्यार्थीकालका कविता हराए पनि तिनै विद्यालयमा पढाउन थालेपछि विद्यार्थीहरूलाई सिकाउने क्रममा नै थुप्रै कविता कोर्न थालेको हुँ । छन्द वा गद्य कविता कोरिएका छन् । शोक र सुखका कविता लेखिएका छन् । देश वा विदेशमा सुनाइएका कविता पनि छन् । बेला बखतमा प्रकाशित कविता पनि छन् । ती सबैको पूर्वाधार र प्रेरणा त्यही 'गाईप्रति' कविता नै हुन आउँदो रहेछ । कुनै दिन प्रकाशमा ल्याउन सक्ने इरादा छ 'गाईप्रति' लगायत पछिका ती सबै कवितालाई ।

चोरिएको 'गाईप्रति' कविता परिमार्जित रूपमा सम्झनाका शब्द र भावसमेत मिलाई प्रस्तुत छः

हे गौमाता ! तिमी धन्य, दिन्छ्यौ दुग्धामृतै पिऔँ,
धर्मकर्म गरी सेवा, आशीर्वाद लिई पढौँ ।
बढ्दै हौँला गुनी, ज्ञानी, धोई मैला अपार ती,
खोलौँला जीवनी खानी, फोई दाम्ला वनस्पति ।
हौ जो हिन्दूत्वका पूज्या, राष्ट्रियता चिनाउने,
छौ जो संस्कृतिका सच्चा, पाशुपत्य हँसाउने ।
मलमूत्रै हुने दामी, औषधी र पवित्रता,
भनिन्छ- सुनको खानी सुधो जन्तु चरित्रमा ।
देऊ एक दह्रो सूत्र, मान्छे बन्लान् कि सज्जन !
कामधेनु, महालक्ष्मी, बारम्बार नमो नमः ।

१६. टुपी बाँधेर पढियो

अरू कक्षामा त त्यति याद भएन । २०१९/२० सालको कुरा हो । ४ कक्षामा पढ्दा त नियमित नै थियो टुपी बाँधेर पढ्नु भनेको । लमजुङको कोइराला फाँटबाट आउनुभएका गुरु कृष्णहरि कोइराला मेरो आफ्नै घरमा बस्नुहुन्थ्यो र बिहान बेलुका मलाई पढाउनुहुन्थ्यो । पढ्ने अरू साथी आए गाउँका विद्यार्थीलाई पनि सँगै सिकाउनुहुन्थ्यो । पछि उहाँले परिवार ल्याउनुभयो । केही समय हाम्रै घरको खोपीमा बस्नुभयो । दाल, भात, तरकारी, अचार र दूधयुक्त खानाको हाम्रो एउटै भान्सा थियो । पछि उहाँलाई साँगुरो र अप्ठेरो अनुभव भएछ । अनि सल्लाहबमोजिम नजिकै कटहरे गाउँको एउटा घर खाली थियो, त्यसैमा बस्ने व्यवस्था मिलाइयो । अनि बेलुका गाउँका केटाकेटीलाई त्यहीँ नै पढाउने पनि सहमति भयो अभिभावक र विद्यार्थी सबैबीच ।

त्यस घरमा पढ्दा साँझको प्रार्थनाबाट सुरु हुन्थ्यो पढाइ । सबैले खाना खाएर समयमा कापी कलमसहित पुग्नुपर्थ्यो बेलैमा । अनि सायंकालीन संस्कृत स्तोत्रपाठ गरिन्थ्यो-

"सुखं भवतु कल्याणमारोग्यं सुखसम्पदः ।
मम शत्रुविनाशाय दीपज्योतिर्नमोऽस्तु ते ॥"

यति भनिसकेपछि साँझको दीयो पूजा गरी पढ्न बसिन्थ्यो । त्यस बेला मट्टीतेलको लालटीन बालेर उज्यालो बनाउन सुरु भएको थियो । सबैले पालैपालो मट्टीतेल हाल्ने र सबैका लागि बाल्ने अनि पढ्ने पढाउने चलन थियो । अनि, त्यस मधुरो प्रकाशमा पढ्ने बानी त परिहाल्यो तर केटाकेटी जो दिनको पढाइ, लेखाइ, खेलकुद, हिंडाइको कारण पढ्दापढ्दै निदाउन बेरै नलाग्ने । पहिले-पहिले त गुरुले चड्कन च्यूरा निकै धेरैलाई धेरै पटक ख्वाउनुभयो । पछि स्थायी उपाय खोज्नुभएछ । अनि गुरुले निदाउनेहरूको उपचारस्वरूप टुपी बाँध्ने जुक्ति अवलम्बन गर्नुभयो । सबैजसो बाहुनका छोरा भएकाले टुपी सबैको थियो । टुपीमा शिखा पार्ने चलन थियो । राजी हुनै पऱ्यो । निदाउन्न भन्यो, कति बेला निद्रा देवीले बोलाइहाल्ने । अनि, टुपीमा बाँधेर घरको छानोको भाटो, बलो वा डाँडामा बाँधेको डोरी तानिन्थ्यो, बेस्सरी दुःखेपछि को नब्युँझने ? जति पटक निदाए पनि स्वचालित रूपमा ब्युँझिन्थ्यो । यसरी निश्चित समयसम्म पढ्नैपर्दथ्यो । यो प्रविधि र समय निर्धारणले हामी सबैलाई दैनिक बानी र नौलो अनुभव हुनु स्वाभाविकै थियो । एक जना गुरुले धेरैलाई पढाउँदा यस्तै विधि नलगाएको भए हामी के-कति पढ्न सक्थ्यौँ कुन्नि त्यस परिस्थितिमा ?

जे होस्, प्राथमिक कक्षामा पनि कोचिङ पढ्ने बानी र नानीदेखिको लगनशीलताले हाम्रो पढाइलाई सुदृढ बनाउँदै लग्यो । धन्य कृष्णहरि सर जसले यो तरिका अपनाउनुभयो,

उहाँलाई हरदम नमन छ । सदा सम्झन मन लाग्छ, सम्झना आइरहन्छ । यसरी नपढेको र नपढाएको भए के हामीले त्यस जमानामा यत्तिको पढ्थ्यौँ होला ? अझ उहाँ त रमाइलो स्वभावको शिक्षक पनि । उखान हालेर वा उरन्ठेउला गफ र दृश्यको सङ्केत गरेर पनि उत्प्रेरणा दिँदै पढाउनुहुन्यो । सँगै स्कूल लिएर जानुहुन्थ्यो । बाटोमा पनि सिकाउनुहुन्थ्यो । परिवारबाट पनि सहयोग हुन्थ्यो । धेरै वर्षपछि भोर्लेटारमा भेट्दा पनि उस्तै । पाउरोटी कारखाना खोल्नुभएको रहेछ । पाउरोटी भने फालीजस्तै दरा । खेत जोत्न हुन्छ भनी हाँसो पनि गर्नुभयो । अनि उहाँले हाम्रा ती दिन कठिन भएजस्तै आज राम्रो भएको छ, पाउरोटी पनि पछि नरम हुने सम्झाउनुभएथ्यो ।

शिखा भनेको चूडाकर्म वा व्रतबन्ध गर्दा शिरको माझमा राखिने कपालको गाँठो हो । टुपी बाँध्नु भनेको शिखा पार्नु भन्ने बुझिन्थ्यो । यहाँ भने शिक्षा खार्नु भन्ने बुझ्नुपर्ने भयो । कस्सिएर पढ्नु भनेर बुझ्दा उपयुक्त हुन्छ । शिक्षा लिने, दिने र बुझ्ने पद्धति पनि समयसापेक्ष हुँदो रहेछ, बुझाइ यस्तै रह्यो । साँच्चै नै टुपी बाँधेर पढियो ।

वास्तवमा, मान्छे जुन कुरामा लाग्दछ, त्यसमा पूरै समर्पित हुन आवश्यक अनेक उपाय अवलम्बन गर्नु पर्दछ । त्यसोभए मात्र पूर्ण फल प्राप्त हुन सक्दछ । बिनापरिश्रम र समर्पण फल राम्रो लाग्दैन । जस्तो सुकै दुःख कष्ट भोगेर पनि आफ्नो गन्तव्यमा लाग्नु नै सफलताको सूत्र रहेछ । शिक्षामा पनि यही कुरा लागू हुने रहेछ ।

१७. व्रतबन्धको शैक्षिक कारण : व्यक्तिको दैनिक आचरण

समयको परिवर्तनसँगै शिक्षा ऋषिकुल, देवकुल, पितृकुल, राजकुल र गुरुकुल हुँदै विद्यालय शिक्षाको आधुनिक कालसम्म आइपुग्दा शिक्षामा नैतिकता, संस्कार र कर्तव्यको बोध छायामा पर्दै गएको अग्रज पुस्ताको बुझाइ छ ।[५] यस प्रसङ्गमा व्रतबन्धको शैक्षिक कारण बुझ्नु उपयुक्त लाग्यो ।

औपचारिक रूपमा म कक्षा ४ मा पढ्दै थिएँ । ८ वर्षको यो उमेरमा उपनयन वा व्रतबन्ध संस्कार गर्ने परम्परा रहेछ । वास्तवमा यो पनि पहिलेको औपचारिक र नितान्त व्यावहारिक आचरणमा आधारित प्रयोगात्मक शिक्षाको थालनी भने हुन्छ जस्तो लाग्छ । सो अनुसार मेरो व्रतबन्ध २०१९ साल चैत २ गते भएको हो । आफ्नै घरमा व्रतबन्ध सम्पन्न भएको हो । पुरोहित कौडिण्य गोत्रका गुरुबा (आचार्य) राइटर महाप्रसाद आचार्य हुनुहुन्थ्यो । गायत्री मन्त्र उहाँले नै सुनाउनुभएको हो मलाई । अनि साँझ बिहानको यो मन्त्र पाठ अहिलेसम्म पनि जारी छ । त्यस बेला गोप्य रहेको यो निजी गायत्री मन्त्र आजभोलि सार्वजनिक भएको छ, साझा भएको छ । यही मन्त्र सम्झँदै, प्रार्थना गर्दै हरेक वर्ष गुरुलाई परलोकमा पनि तर्पण दिने काम गरिएको छ । नित्य, नैमित्तिक काममा यस मन्त्रले प्रारम्भिक स्थान ओगटेको छ ।

व्रतबन्ध एउटा योगीको कर्म पनि रहेछ । 'भिक्षां देहि' भन्दै पहेँलो धोती र कपडा लगाएर कमण्डलु भिरेर माग्दै हिँडेको वटुक बनेको सम्झन्छु । मेरी आमा, अरू आमाहरू र दिदी, हजुरआमाहरू आदिले वटुक बनेको मलाई भिक्षा दिएको याद नहुने कुरै भएन । मामाले कपाल खौरेर काशी पढ्न लाने भन्दै बुइमा बोकेर केही परसम्म लगेको थाहा छ । भिक्षा मागी प्राप्त खानाले एक छाक खाने भएकाले नै विद्यार्थीका सात लक्षण[६] मध्ये एक *'अल्पाहारी'* भएको हुनुपर्दछ । बाटोमा टेक्ने–लौरो, घामपानीको साथी–छाता, विद्यार्थीको आधार–किताब, कापी, कलम, झोला र बाँच्नका लागि शरीर ढाक्ने, ओढ्ने, ओछ्याउने जस्ता लुगाफाटो, जुत्ता, टोपी पनि त्यही बेलादेखिको बन्दोबस्त हो क्या रे । प्राचीन संस्कारअनुसार सरसफाइमा ध्यान दिनुपर्ने, दिसापिसाबपछि शुद्ध गर्नुपर्ने कुरा आजका अभियान बनेका छन् । खाना पकाउनुपूर्व एक मुठी चामल दान दिन छुट्याएर राख्ने, खाना पकाउनलगायत खाना नुहाएर मात्र खानुपर्ने, जनै लगाउनुपर्ने, दिसा बस्दा त्यो जनै कानमा राख्नुपर्ने, चुलोचौकामा कसैले नछोइने गरेर शुद्ध खाना खानुपर्ने, 'भूपतये स्वाहा, भुवनपतये स्वाहा' भन्दै राष्ट्रप्रमुखदेखि पृथ्वीलाई अर्पण गर्दै कर्मकाण्डको अन्तिम

---

[५] डा. देवीप्रसाद आचार्यः सेवा निवृत्त दर्पण, सेवानिवृत्त राष्ट्रसेवक सङ्घ नेपाल, जिल्ला समिति, काभ्रे

[६] कागको जस्तो चेष्टा, बकुल्लाको जस्तो ध्यान, कुकुरको जस्तो निद्रा, संयम अर्थात् ब्रह्मचर्यमा रहने, परिश्रम गर्ने, थोरै खाने र घरपरिवार अर्थात् गृहस्थीबाट अलग रहने ।

बाचा *'कायेन वाचा...'* गरी थालको वरिपरि पानी घुमाएर कीटाणुबाट रक्षार्थ भाग बस्ने पञ्चयज्ञ (देवपूजन अर्थात् पाञ्चायन पूजा, पितृ तर्पण, स्वाध्ययन अर्थात् गायत्री जपपाठ, अतिथि सेवा अर्थात् एक मुठी अन्न पर सार्ने र पञ्चभूतमहायज्ञ) गरेर मात्र पञ्चगास हाल्नुपर्ने, बलि-वैश्वदेव[७] जस्ता विविध दैनिक आचरणका कुरा त्यही दिनबाट विधिवत् सुरु भए । बा, आमालाई साष्टाङ्ग दण्डवत्[८] गरी उहाँहरूबाट विदा भएर गुरुसँगै जाने, गुरुलाई आफ्ना दुवै कान हातले छँदेली रूपमा (दाहिने हातले देब्रे कान र देब्रे हातले दाहिने कान समातेर) ढोग्नुपर्ने जस्ता अनौठा र अत्यन्त आदरका विधिहरू कठोर नियमका रूपमा चलन गरिए र गर्नुपर्दथ्यो । यी सबै तथ्यहरूमा स्वास्थ्य विज्ञानका महत्त्वपूर्ण सन्देश, आचरण र वैज्ञानिक रहस्यहरू पनि भएको पाइन्छ । तर हामी यस्ता कुराहरूलाई अन्धविश्वास त भनिरहेका छैनौं ?

यो सबै दैनिक आचरणलाई विधिवत् प्रारम्भ गर्दै गुरुकुलमा पढ्न जाने तयारी रहेछ । बिहान उठेदखि बेलुका सुत्ने बेलासम्मका नित्य गरिने कामहरूलाई व्यवस्थित र विधिवत् बनाउने अभ्यासको सूत्रपात यही व्रतबन्ध रहेछ । आफैँ पकाएर खानुपर्ने, गुरुको सेवा गर्नुपर्ने, आफ्नो शिक्षाको लागि २५ वर्षसम्म ब्रह्मचर्यमा रहेर गृहत्यागी बनी शिक्षामा पारङ्गत बनी दीक्षा मन्त्र ग्रहण गरेर लोकको हितका लागि काम गर्न गृहस्थाश्रममा फर्कने दैनिक व्यवहार र नैतिक मार्गदर्शन रहेछ यो । यसले व्यक्तिको दैनिक आचरणलाई शुद्ध बनाउने, एउटा नियममा रहने, स्वास्थ्यअनुकूलका आचरण अवलम्बन गर्ने र सभ्य समाजको सिर्जना गर्ने उपयुक्त बाचाबन्धन रहेछ व्रतबन्ध ।

हिन्दू संस्कृतिका १६ संस्कारमध्ये प्रमुख एक रहेकाले नै आजसम्म पनि व्रतबन्धलाई कुनै न कुनै तरिकाले अवलम्बन गरिन्छ । क्षौर गर्ने काम पहिले छुट्टै हुन्थ्यो भने आजभोलि व्रतबन्धमा नै गरिन्छ । त्यस बेला व्रतबन्ध वा क्षौरकर्म नगरिन्जेल कपाल पालेर, बाटेर, कोरेर राख्ने गरिन्थ्यो । पुरुषप्रधान कर्मको रूपमा यसको चलन रहेको छ । मैले पनि क्षौरलाई ८ वर्षसम्म त्यसरी नै कुरेर व्रतबन्धको मान्यता कायम राखेँ, यसै बेला मात्र त्यो डोरी बाट्ने गरेको लामो कपाल छुरा लगाएर खौरिएको वा मुण्डन गरिएको हो ।

ब्रतबन्धमा मुण्डनको तरिका

---

[७] चुलो, ढिकी, जाँतो, कुचो, लोहोरो तथा सिलौटो यी पाँच वस्तुद्वारा अज्ञानमा हुन जाने हत्यामा लाग्ने पापको प्रायश्चित्तका लागि नित्य गरिने पञ्चभूतमहायज्ञ ।

[८] आठ अङ्ग (शिर, हात, गोडा, हृदय, आँखा, तिघ्रा, वचन र मन) ले गरिएको श्रद्धायुक्त दण्डवत् ।

त्यसलाई विधिपूर्वक तयारी, क्षौर र विसर्जन गरिएको थियो । शरीरलाई पूर्ण सफाइको बानी बसाल्ने अभ्यासको विशिष्ट पद्धति प्रारम्भ गरिएको हो जस्तो लाग्छ । छोरीहरूलाई भने शिक्षाबाट वञ्चित गरी सानैमा विवाहका माध्यमबाट मात्र संस्कार सिकाउने प्राचीन परिपाटी कुनै समयको खास कारणबाट अवलम्बन भएको बुझिन्छ । अबको जमानामा यस परिपाटीलाई भेदभावपूर्ण मानिने भएकाले आवश्यक सुधार हुनु वाञ्छनीय देखिन्छ ।

वास्तवमा छोराछोरी सबैलाई व्रतबन्धको नियम सँगै सिकाउनुपर्ने होजस्तो लाग्छ । सामूहिक व्रतबन्धको पनि प्रचलन छ । व्रतबन्ध (उपनयन) र क्षौर कर्म फरक गर्ने पनि चलन रहेछ तर आजभोलि एउटै भएको छ । सधवा ब्राह्मणीले कातेको धागोबाट बनेको ऋषि मन्त्रणाबाट शुद्ध गरिएको पवित्र जनै लगाउने संस्कार नै उपनयन वा व्रतबन्ध संस्कार हो । अनि जातकर्मअनुरूप मन्त्र सुनाउने र जप गर्ने कुरा यसमा पर्दा रहेछन् क्या रे तर क्षौर, भिक्षा, उपनयन र शिक्षा (काशी प्रस्थान) लगायतका सबै काम अब व्रतबन्धमा समावेश गरिएको छ र यस संस्कारलाई बचाएर राखिएको छ । यसबाट स्वस्थ, आत्मनिर्भर, परिश्रमी, शिक्षित, सभ्य र व्यावहारिक व्यक्ति तथा समाजको अपेक्षा गरिएको छ । वास्तवमा ज्ञानविज्ञानको समुचित मिलनबाट यसका मर्महरूलाई पालना गरेर मात्र एउटा आदर्श, सुन्दर, शान्त, शिक्षित, नैतिक, व्यावहारिक र समुन्नत समाजको विकास गर्न सकिने देखिन्छ ।

व्रतबन्धमा योगी बनेर भिक्षा माग्न जान लागेका वटुकहरूको चित्र

१८. स्कूल बुझ्न गएको कुन्छा : पहिलोपल्टै झाडा र बान्ता

२०२१ साल पुस महिनाको कुरा हो । बुबाको मावली पनि भएकाले होला, मलाई लिएर जानुभयो कुन्छा । कक्षा ५ भर्खर पास गरेपछि पढाउने ठाउँको खोजी पनि अनिवार्य थियो । नजिक स्कूल थिएनन् । अब ६ कक्षा पढ्ने पढाउने चिन्ता थियो । डेरा गरेर बस्नुपर्ने अवस्था आउँदै थियो । व्रतबन्ध गरेपछि नुहाइधुवाइको, जपध्यानको, पूजापाठको, दिसापिसाबको, पकाउन खानको, पठनपाठनको तौरतरिका र अभ्यास संस्कारगत दृष्टिले हुन थालेको थियो । त्यसलाई राम्ररी अवलम्बन गर्नुमा नै सार्थकता र सफलता हुन्थ्यो । बूढामावलीमा भेटघाट, चिनापर्ची, खानपिन, घुमघाम, उठबस, खेलकुद, आराम सबै राम्रै भयो तर चिसो लागेर होला, मलाई टाउको दुख्ने र झाडाबान्ताको समस्या देखा पऱ्यो । बात, पित्त, कफ यी त्रिदोषमध्ये पित्तले टाउको बढी दुख्यो । बान्ता गरेपछि बिस्तारै कम भयो । त्यस यात्राको एउटा आन्तरिक पक्ष थियो स्कूलबारे बुझ्ने । शायद बुबाले मिलेमा त्यहीँ पढ्न छाड्ने विचार थियो जस्तो लाग्छ तर मेरो स्थिति र सोचाइ मिलेन । बुबाले के-कति बुझ्नुभयो, कुराकानी भयो भएन भन्ने मलाई केही थाहा भएन । मैले सोध्नुपर्ने सोधिनँ । आखिर हामी छोटो अवधिमै फर्कियौँ पुर्कोट । मैले गाईखुरमा बलराम दाइसँग पढ्न जाने कुरा गरिराखेको थिएँ, शायद मेरो सोच तथा परिस्थितिलाई बुबाले राम्ररी मनन गर्नुभएछ क्या रे ।

यो एउटा नियति थियो वा बन्यो । म कुन्छा गइसकेको मान्छे, यदि बिसञ्चो नभएको भए शायद म कुन्छा पढ्न सक्थेँ । बूढामावलीका मावली दाइहरू (मायानाथ र शिवकुमार अधिकारी) को घर बसेर पढ्न संरक्षकत्वका हिसाबले सर्वोत्तम नै मान्नुपर्थ्यो तिनताका । आखिर म कुन्छा पढ्न चाहिनँ, मिलेन, सकिनँ वा पढिनँ । कसैले कर लगाउने वातावरण पनि बनेन । यदि गाईखुर विकल्प नभएको भए शायद त्यहाँ मेरो पनि चासो बढ्थ्यो । फेरि पनि जान सकिन्थ्यो । नियतिले त गाईखुरको पनि दीर्घ बसाइ हुन नदिने रहेछ भनौँ । कुन्छामा पछि आठ कक्षा पढ्न आउँदामा पनि फेरि त्यही नियतिले होला, लामो गरी बस्न र पढ्न दिएन । एसएलसी परीक्षा दिन त्यहीँ आउनुपर्ने । एसएलसीपछि पनि आईए पढ्न नगएको होइन, तर कुन्छाले फर्काइदियो, सक्छस् भने भरतपुर जा भनेर । आखिर भरतपुर पनि हैन, नियतिले मनोहर प्रावि चलाएर बस् भन्यो, त्यसै गरेँ । तथापि कुन्छासँग साइनो गाँस्न मन लाग्छ । आखिर दुईवटी छोरीको बिहे कुन्छालीसँग नै भयो । विडम्बना न उनीहरू लामो समय कुन्छा बसे, न म लामो समय कुन्छा पढेँ । छोरीहरूको बिहेपछि त कुन्छासँग बिदाबारी नै भएजस्तो पो भयो ।

त्यसैले आज पनि म सम्झन्छु कुन्छा । पहिलोपल्ट स्कूल बुझ्न जाँदैमा झाडावान्ता । अनि कसरी सार्थक हुन्छ त कुन्छासँगको मेरो दीर्घसेवा तर पनि कुन्छा मेरो जीवनको अभिन्न पक्ष बन्न गयो । दुःख-सुखको परिचायक बन्यो । साइनो र सम्झनाको भूगोल बन्यो । शिक्षा र सन्ततिको थलो बन्यो । जय कुन्छा !

१९. गाईखुरमा भर्ना : तीन दिनमा तीन महिना

गाईखुरको लक्ष्मी हाईस्कूल (त्यस बेला हाईस्कूल भन्ने चलन थियो) मा २०२१ साल पुसको अन्तमा भर्ना हुन पुगेँ । मङ्सिरमा पाँच कक्षा दोस्रो भएर पास गरेको थिएँ भारती विकास राष्ट्रिय प्राइमरी स्कूलबाट । तीन कक्षादेखि पाँच कक्षासम्म पहिलो, दोस्रो र तेस्रोमा म, सूर्यकुमार श्रेष्ठ र बाबुकाजी पाण्डेबीच सधैँ उच्च प्रतिस्पर्धा हुन्थ्यो । अर्धवार्षिक परीक्षामा पनि पुरस्कार पाइन्थ्यो । पुरस्कार त कुनै कक्षामा पनि शायद टुटेन पहिला दोस्रा र तेस्रा भएपछि । अब भारतीमा छ कक्षाको पढाइ नहुने भएपछि बाहिर जानु त पक्का थियो । कतिले यत्तिकैमा पढाइ छाड्थे । म भने दाजु बलराम ढकालको कारण गाईखुर पुगेँ । अभिभावकत्व पनि हुने भयो । जाँदा आउँदा साथी पनि । उहाँ त अघिल्लो वर्षदेखि नै त्यहाँ पढ्न जानुभएको थियो । त्यहाँ हाम्रा इष्टमित्र र गाउँका थुप्रै मान्छेहरू, साथीभाइहरू पढ्न गएका रहेछन् । साँच्चै भन्ने हो भने गाईखुरको लक्ष्मी हाईस्कूलले गोरखाको त्यस भेगका अतिरिक्त तनहुँको पुर्कोट र लमजुङको राइनासतिरका धेरैलाई शिक्षित बनाएको रहेछ ।

२००३ सालमा पश्चिम गोरखाको पुरानो स्कूलको रूपमा स्थापित यसले २०१४ सालमा निम्न माध्यमिक तह हुँदै २०१८ सालमा लक्ष्मी हाईस्कूल भएको रहेछ । २०२१ मा म यस्तो वर्ष त्यहाँ पढ्न पुगेछु जुन साल पहिलो पल्ट यहाँबाट एसएलसी परीक्षामा विद्यार्थीहरू सम्मिलित हुन पुगे । सम्मिलित मात्र होइन, १०० प्रतिशत नै उत्तीर्ण पनि । यो त्यसैले पनि आकर्षणको बिन्दु हुन सक्यो । अर्कातिर हाम्रा लागि नजिक अरू विद्यालय छँदै थिएनन् । कि तनहुँको सदरमुकाम बन्दीपुर त कि लमजुङको सदरमुकाम कुन्छा मात्र अन्य विकल्प रहेछन् । ती अरूभन्दा गाईखुर नै नजिक, सस्तो पर्ने र स्तरीय पनि रहेछ । बरु मर्स्याङ्दी नदी डुङ्गा चढेर पार गर्नुपर्ने भएकाले वर्षामा अलि बढी खतरा त रातसाँझ यात्रा गर्न कठिन भने पक्कै हो तथापि दाजुहरू हिँडेको बाटो हिँड्ने हाम्रो सामान्य प्रचलन नै होला, त्यही भयो ।

दाजु बलरामको साथमा बुबाले लैजानुभयो गाईखुर । बाटोमा मैले हातमा मट्टीतेलको सिसी लिएर गएको थिएँ। उकालाको चौतारामा आराम गर्दा मट्टीतेलको सिसी लडेर फुट्यो । ठूलो र केही गहिरो आकारको ढुङ्गोमा धेरैजसो अडियो तर राख्ने भाँडा केही थिएन । आखिर आगो बालेर बाटा लाग्यौँ रमिता हेर्दै । भोलिपल्ट उहाँहरूले मलाई कक्षा ६ मा भर्ना गराउनुभयो । त्यो दिन देख्ने, चिन्ने, बुझ्ने, बुझाउने र अन्य व्यवस्थापनमा बितिहाल्यो । विद्यालय गएको दोस्रो दिनमा मात्र केही पढियो । संस्कृतका टीकाराम पौडेल गुरु, भोगटेनीका गोपीनाथ गुरु आदि मेरो मन मस्तिष्कमा ताजा हुनुहुन्छ ।

परशुराम, सिद्धिविलास आदि नामका अन्य गुरुहरू हुनुहुन्थ्यो । टीकाराम गुरु संस्कृतका अब्बल ज्ञाता हुनुहुन्थ्यो, शब्दका रूप कण्ठ सिकाउनुहुन्थ्यो । गोपीनाथ सर त पछि मनकामना पूजा गर्न जाँदा भोगटेनी भएर उहाँकै घरमा हामी वास बसेर गएको पनि सम्झना छ । मनकामनामा हजुरआमाले गर्नुभएको भाकलअनुसार त्यहाँ एउटा बाख्राको पाठोको व्यवस्था उहाँकै सहयोगले गरिएको थियो । पूजा सकेर शुक्रवारको दिन पुर्कोट घरमा पो आइयो ।

माघ लाग्यो । फेरि आइतवारको दिन गाईखुर गइयो–चामल, दाल, नुन, घिउ आदि लिएर । भोलिपल्ट स्कूल गइयो र पढियो पनि । तर अर्को दिन बिफरको खोप लगाएर बिदा दिइयो सबै विद्यार्थीलाई एक साताका लागि । ज्वरो आउने भएकाले बिदा दिनु स्वाभाविकै रहेछ । भोलिपल्ट डेराबाट घरमा आएर आराम गरियो ।

एक हप्ता होइन, दुई हप्ता बित्यो, तन्दुरुस्त भइयो तर गाईखुर जान ढिला गरियो । कारण थियो आफ्नै गाउँपञ्चायतको छेउ चुँदी टुहुरेपसलमा पनि चन्द्रावती हाईस्कूल खुलेको छ भनेर हल्ला आयो । हल्ला मात्र होइन, साँच्चै रहेछ २०२१ साल पुस ६ गते स्थापना नै गरेछन् । तर सबैको सहयोग र सहभागिताविना यो अगाडि बढ्न कठिन थियो । त्यसैले हाम्रा बाहरूलाई पनि निम्ता नै आएछ सरसल्लाह गर्न । हामी पनि गयौँ त्यतै । नजिक र नदीपारको समस्याबाट पनि छुटकारा पाउने ध्येयले स्कूल यहाँ उपयुक्त छ भन्ने कुरामा जोड दिन थाल्यौँ । बाहरू पनि यस कुरामा सहमत हुनुहुन्थ्यो । तोकिएको चन्दा दिने कुरामा राजी हुनुभयो । १२ वटा गाउँ पञ्चायतलाई पायक पर्ने भनेर सबैतिरका गण्यमान्य, शिक्षाप्रेमी, इच्छुक विद्यार्थी आदिलाई बोलाइएको रहेछ । विद्यालय चल्ने निधो भयो । सबैले विद्यार्थी जुटाउने पनि सहमति भयो । हामी पनि त्यतै जाने कुरा भयो । भवन निर्माण नभइन्जेल कटेरो हाल्ने कुरा भयो । करिब ७ रोपनी जग्गा मूलतः धर्मशीला खनालले दिनुभएको थियो । हामी खुसी भएर घर फर्कियौँ । अब त्यहाँ भर्ना हुन जाने कुरा भयो ।

केही दिन अझै ढिला भयो र आखिर फागुन नै लागेछ । हामी गाईखुर गयौँ । साथीहरू रमाइला थिए । कोही घरबाट घिउ लगेर ३ दिन मज्जाले घिउ र भात खाने, होस्टलमा बस्ने गर्थे । स्कूलको ६० रोपनी जग्गामा होस्टेल, खेलकुद मैदान, विद्यालय भवन आदिले चर्चेको र बाँकी उपभोगको पर्खाइमा रहेछ । पुर्कोटतिरका कतिपय विद्यार्थी माथिल्लो कक्षामा भएकाले उनीहरूलाई तत्काल चन्द्रावती आउने साइत जुरेन । बलराम दाइ र म फर्कने तयारी भयो । विद्यालयमा बिदावारी हुनुपर्ने थियो । स्थानान्तरण प्रमाणपत्र पनि लिनुपर्ने थियो । माग गरियो कारणसहित । कक्षामा पढ्न लगाइयो, साथीभाइसँग बोलियो, पढियो, हाँसियो, खेलियो ।

भोलिपल्ट विद्यालय खुल्नासाथ स्थानान्तरण लिन पाउने गरी तयारी भएको रहेछ । यसरी भोलिपल्टै त्यही प्रमाणपत्र लिएर गाईखुरबाट बिदा भएको अहिलेसम्म फर्केर गएको छैन तर मनभरि माया छ, सम्झना छ, त्यस विद्यालय, ठाउँ, कतिपय गुरु र साथीहरूको । तीन महिनामा तीन दिन मात्र पूरा पढे पनि त्यहाँको पढाइको छाप सदा ताजा छ । त्यसैले, समय छोटो भएर महत्त्व कम हुने रहेनछ । बरु गाईखुरले 'कामधेनु' को आशीर्वाद नै दिएको ठान्छु ।

वास्तवमा त्यहाँको पढाइ पहाडमा अब्बल नै मानिँदो रहेछ तापनि हामी छोड्न बाध्य भयौँ । पछि त्यहाँका मेरा साथी जो पछि आइए पढ्दा सँगै बस्थ्यौँ, उहाँ अर्थात् हितराज पाण्डेजी यस विद्यालयको हेडमास्टर हुनभएको कुरा सुन्दा खुसी लागेको थियो । अझ केही वर्ष अगाडि नेपाल सरकारको मन्त्री नै बन्नु झन् खुशीको कुरा हो । धन्य ! लक्ष्मी हाईस्कूल, तिम्रो छोटो, मीठो र चिरस्मरणीय अनि शिक्षाप्रद सम्झना ।

२०. भिटामिन नखाई कसरी पढ्ने ? भिटामिन खाई कसरी पढ्ने ?

गाईखुर पढ्दा थोरै दिनमा पनि धेरै शिक्षा आर्जन भएको थियो । थोरै दिनमा धेरै साथी बनाउन पाइएको थियो । साथीहरू थरीथरीका थिए । घरबाट चामल, दाल, नुन, तेल, घिउ, मरमसला, लत्ताकपडा, तिहुनतरकारी, भाँडाकुँडा, ओढ्नेओछ्याउने सबै चीजको बन्दोबस्त गर्नुपर्दथ्यो । किनबेचको कुरा त कमै हुन्थ्यो खासखास कुरामा मात्र । कतिपय साथीहरू होस्टेलमा बस्थे, कतिपय बाहिर डेरा लिएर । लक्ष्मी हाईस्कूलले राम्रै व्यवस्था गरेको बुझियो त्यस जमानामा पनि । पढाइ पनि अब्बल नै मानिन्थ्यो । यहाँबाट शिक्षा आर्जन गरेका विद्यार्थीहरू प्रतिष्ठित डाक्टर, पाइलट, इन्जिनियर, राजनीतिज्ञ, शिक्षाकर्मी, समाजसेवी, व्यवसायी, कृषिविद्, प्रशासक आदि बनी देश सेवामा महत्त्वपूर्ण योगदान दिएको बुझिन्छ । त्यस बेला भने गाईखुरमा पढ्न गएका मेरा मावली दाजुहरू बाहिर डेरा गरेर बसेकाले म पनि उहाँहरूसँगै बस्ने भएँ स्वभावतः किनभने मेरो सानैदेखिको अभिभावक हुनुहुन्थ्यो बलराम दाजु तर उहाँका केही साथीहरू होस्टेलमा बस्नुभएको रहेछ पुर्कोटे नै ।

मलाई पनि दाइसँग उहाँका साथीहरूलाई भेट्न होस्टेल जाने अवसर मिल्यो । साथीहरू कोही कस्सिएर पढेका थिए त कोही आनन्दले सुतेका हुन्थे अबेलासम्म । बानी भनेको कुरा पनि अचम्मको रहेछ । जसरी पनि जिन्दगी चल्दो रहेछ । विद्यार्थीको हकमा पनि यही कुरा लागू हुने बुझियो । होस्टेलमा पढ्नेहरू प्रायः राम्रै स्वभावका हुन्थे । निगरानी पनि त हुन्थ्यो होला तर सबै उस्तै भएको भए यो संसार अर्कै हुन्थ्यो होला । एक जना साथी सुतेर पनि अरूले पढेको भरमा उत्कृष्ट अङ्क ल्याउन सफल भएको उदाहरण रहेछ । मज्जाले घोकेर मनमा केही नलिने त्यो साथी बिचरा कसरी पास हुने ? विद्यार्थीवर्ग पढाइमा भन्दा मोजमज्जामा बढी रमाउने भए भने के होला ? होस्टेलमा बस्नेको पढाइ अब्बल हुनुपर्ने हो । आखिर नतिजाको बारे पढ्ने र सुन्ने दुवैथरी त्यति चिन्तित पाइएन ।

एउटा साथीले भने हँसाउनु हँसायो । उसको दिनचर्या नै त्यस्तै रहेछ । घरबाट लगेको घिउ हालेर भात पकायो, तीन दिनमा नै सखाप । घिउ हालेको भात खाएको बेला *"भिटामिन खाएको बेलामा कसरी पढ्न सकिन्छ र ?"* भन्ने । जब घिउ सिद्धिन्छ, अनि फेरि *"भिटामिन न सिटामिन कसरी पढ्न सकिन्छ ?"* भन्ने । अर्को हप्ता घर आयो, त्यसरी नै घरबाट घिउ लग्यो, त्यही पार । यही पाराले वास्तवमा ऊ कहिल्यै पार लागेनछ शिक्षामा । पछि त पढ्न छाडेर भैँसी नै पाल्ने, घिउ खाने पेशामा नै रमाए ती साथी । धन्य भिटामिनको करामत !

२१. कुकुरको छाउरो लग्यो : विद्यार्थीको सातो लग्यो

कुकुरलाई घिउ नपचेको भन्ने उखान त सुनेको थिएँ । तर चितुवालाई घिउ कस्तो हुन्छ थाहा थिएन । हुने कुरा पनि होइन । चितुवाले कुकुरको छाउरा पायो भने घिउको भुँड्को मानेर लान्छ रे, खान्छ रे भन्थे । ठूलो कुकर त घैला नै मान्छ होला । हाम्रो घरको ठूलो कुकुर पनि घैला नै बनायो चितुवाले । ऊ त अन्तिम समयसम्म लडेको थियो । कुकुरको छाउरो भने लड्न सक्ने कुरै भएन । हामीले यी कतिपय कुरा देख्ने, कति अनुभव गर्ने त, कतिपय सुनेर भनेको पनि हुन सक्छ । मान्छेले खालि आफ्ना सोच, अनुभव र मान्यताले न कुरा गरेको होला । सत्य धेरै टाढा हुन सक्छ । घिउलाई उच्च स्तरको मान्ने, चोखो मान्ने कुराले चितुवा र कुकुरका उदाहरण बनेका होलान् । आगो अझ पवित्र । हरेक कुरालाई पचाउन सक्ने । आगोमा घिउ हाल्यो भने अझ कस्तरी बल्छ । होम आदि हाल्दा कति राम्रो बास्ना आउँछ भन्ने हामीले अनुभव गरेकै कुरा हो । सबै जीवलाई पनि त्यस्तै होला भन्ने अनुमान मात्र हो । धेरै भए जे पनि नजाती हुन सक्छ । धेरै खाए घिउ पनि तीतो हुन्छ भनिन्छ । शायद कुकुरलाई घिउ नपच्नाको कारण त्यही हो कि ? त्यसो भए चितुवालाई के होला त ? यो प्रश्नले मलाई घोत्ल्यायो ।

हामी चन्द्रावती हाईस्कूलमा पढ्न थालेका थियौँ । २०२२ सालकै कुरा हो । पल्याङ्खोलामा डेरा गर्दा जङ्गलको नजिक थियौँ । ताप्के बसालेर दाउरा खोज्न गए पनि हुने । पानी पनि त्यस्तै । जङ्गलनजिक अरू धेरै सुविधा भए पनि खतरा एउटा ठूलै हुँदो रहेछ । त्यस्तो खतरा हो जङ्गली जन्तुको डर । त्यहाँ पनि चितुवा निकै लाग्थ्यो त्यस बेला । कुकुर पाले पनि कुकुरलाई समेत खतरा । बिचरा कुकुरका छाउराको त कुरै भएन । हामी एक हुल नै विद्यार्थी थियौँ त्यहाँ डेरा गर्ने । त्यति नभएको भए त धेरै मानिसको पनि सातो जाने थियो होला । एक दिन भर्खर साँझ परेको थियो । कुकुरको छाउरा बाहिरै आँगनमा रहेछ । चितुवाले देखेछ । रात परेपछि ऊ सक्रिय भएको होला । नभन्दै आफ्नो करामत देखाइहाल्यो । माउ कुकुर भुक्दा नभुक्दै उसले हुर्किसकेको छाउरालाई ङ्याक्क समातेर कुइँकुइँ पार्दै लगिहाल्यो । हाम्रै आँखा अगाडि यस्तो दर्दनाक दृश्य पनि देखियो । हामी सबै कराएर हल्लाखल्ला गर्‍यौँ, तर्सियौँ । साँच्चै भन्ने हो भने हामी विद्यार्थीको त सातै गयो । हाम्रा चिच्याहट र हल्ला व्यर्थ भए । शिकारी चितुवाका लागि घिउ नै भयो होला । एक जना वरिष्ठ स्थानीय मानिस जो शिक्षक तथा शिक्षित पनि हुनुहुन्थ्यो हरिनाथ खनाल, त्यस बेला त्यही घरमा आउनुभएको थियो । उहाँले त भन्नु नै भयो– चितुवाले भुटन बनायो पक्कै अब त्यस कुकुरको छाउरालाई । मरमसला हाली भुटेर पोलेर खाएजस्तो भुटन हो वा घिउतेलको रूपमा भुटुन ।

यस घटनाले हामी विद्यार्थीलाई सतर्क हुन सिकायो । कतै मान्छेलाई पनि आक्रमण भयो भने बरबाद हुन्छ भनेर । हामी साँझ परेपछि निकै डराउँथ्यौँ । पढ्नकै लागि पनि एक अर्काको कोठामा जाँदा होस् वा दिसापिसाब फेर्न निस्कँदा पनि डराउनुपर्ने भयो । साथी खोज्नुपर्ने भयो । साथीको महत्त्व बढ्दै गयो । एकजुट भएर मात्र बाहिर निस्कन्थ्यौँ । जे होस्, हामीले नयाँ कुरा देख्यौँ, नयाँ अनुभव हासिल गऱ्यौँ । चितुवा र कुकुर दुवै मांसाहारी जीव । चार खुट्टे प्राणी । छोटो आन्द्रा भएका, दाह्रा र नङ्ग्रा भएका, तेर्सिएर हिंड्ने, आक्रमणकारी स्वभाव, चाटेर पानी पिउने आदि सबै तिनै मांसाहारीका विशेषता । हाम्रो घरमा पनि कुकुर पालेका थियौँ । यिनै कुरा सम्झनामा आउँछ ।

मान्छे फरक भएर पनि मांसाहारी बन्न खोज्दै छ । प्रकृतिले त शाकाहारी बनाएको देखिन्छ, मांसाहारी बनाएको छैन । नयाँ चिन्तन पनि थाल्यौँ कि जङ्गली जन्तु र मानिसबीचको सम्बन्ध । अनि अन्य पशुपक्षीसँगको सम्बन्ध । घरपालुवा र जङ्गली जन्तुबीचको फरक आदि । प्रकृति र जीवको स्वभाव अध्ययन गर्न यसले हामीलाई आकर्षित गर्न थाल्यो, सिकायो पनि । हरिनाथजीबाट पनि हामी बेलाबखतमा यस्ता जनकारी, सल्लाह, सुझाव प्राप्त गर्दै रहन्थ्यौँ । मान्छे आफ्नो बुद्धिले जे पनि बन्न सक्ला । बुद्धिले नै चितुवा र कुकुरलाई प्रयोग गर्न सकेको छ । नत्र मान्छे पनि तिनको भुटन बन्न के बेर ? हाम्रो गएको सातो आए पनि अस्थायी मात्र होला । विद्यार्थी जीवनका नौला अनुभव यस्तै हुन्थे ।



आफ्नै घरमा पालेको कुकुर

२२. मीत लगाऔँ, पढौँ, लेखौँ

मीत भनेको औपचारिक विधिले दुई व्यक्तिका बीच पारस्परिक बन्धुता गाँसिएको हितैषी साथी भन्ने बुझिन्छ । विशेष विधिअनुसार मीत लगाउने कामलाई *'मीतलगाइ'* भनिन्छ । यो चलन पूर्वीय सभ्यतामा मात्र छ भन्ने सुनेको थिएँ, अझ नेपालमा मात्र हो कि ? जे होस्, मीत लगाउने कार्य आजभोलि भने कमै सुन्छु तर यसको महत्त्व ठूलै रहेछ । स्वस्थानीमा आफ्नो छोरा नभए मीत छोरालाई छोरा मान्ने कुरा उल्लेख छ । मीत छोराको अर्थ मीतको छोरो वा छोराको मीत भनिन्छ । 'हितैषी साथी' ले मीतको अर्थ अझ राम्ररी बुझाउन नसक्ने रहेछ । मकहाँ पनि सानै छँदा कुसुन्डा जातिका आमा छोरा वास बस्न आएका थिए । केही दिन बस्दा हजुरआमा मनुमाया देवकोटाले तिनै पाहुना कुसुन्डाको छोरासँग मेरो मीत लगाइदिनुभएको थियो । लिङ्ग मिल्ने, उमेर मिल्ने, शायद अनुहार पनि केही मिल्ने र सहायताका लागि एकअर्कामा पूरक हुन सक्ने ठानेर होला मीत लगाइदिनुभएको । कुसुन्डासँग मीत लगाए दीर्घायुका हुन्छन् भनेर पनि होला । पछि एक दुई पटक उनीहरू हाम्रा घरमा आए । त्यसपछि भने मीतसँग भेट भएको छैन । चिनेको पनि छैन । देखे पनि चिन्ने आधार छैन ।

माधवकुमार नेपाल नेपालका प्रधानमन्त्री हुनुहुँदा एक जना कुसुन्डालाई दमौलीमा घरवार गराइदिएर कुसुन्डा भाषा, संस्कृति र जातिको लोप हुन नदिने उद्देश्यले बसोबास गराएथे, लाग्छ– कतै उही नै आफ्नो मीत त होइन ! मैले गएर बुझ्न तथा भेट्न पनि सकेको छैन । लाग्छ, आज ती आमा छोरा कुन अवस्थामा होलान् वा नहोलान्, त्यो पनि थाहा छैन । २०१४ सालको पुस महिनाको चौथो हप्ताको घटना हुनुपर्छ यो । कारण हाम्रो पुरानो घरमा ती पाहुना आएका थिए । त्यही घरमा म जन्मेको थिएँ रे । २०१५ सालमा नयाँ घर बनेपछि त्यो पुरानो घर भत्काइएको थियो ।

पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्ने क्रममा थुप्रै प्रसङ्गमा मीत लगाएर कार्यसिद्धि गरेको पाइन्छ । शायद यसले पनि मीत लगाउने कुराको महत्त्व बढायो होला । मलाई पनि साथीहरूले चन्द्रावती हाईस्कूलमा ६ (छ) कक्षामा पढ्दा मीत लगाइदिएका थिए । मीतज्यू हुनुहुन्थ्यो श्री सुवर्णभद्र खनाल । उहाँ मेरो घर पनि आउनुभएको थियो, म उहाँको घर पनि गएको थिएँ । मितिनी आमा जयकाली खनालले पकाएको खाना खाएको याद छ । मीतबा वीरशाली खनालसँग पनि आशीर्वाद लिएको हो । मीत बा, मितिनी आमा र मीत पनि केही वर्ष अगाडि दिवङ्गत भएको खबरले ज्यादै दु:खित छु । मीतभाइले र छोराले बेलाबेलामा भेटमा वा सम्झेर फोन गर्छन्, जे भए पनि अझै ती दिनका र दु:खसुखका कुरासम्म हुन्छ ।

सिक्काका पैसा साटेर टीकाटालो लगाएर ढोगभेट गरेर बाचाबन्धन वा प्रतिबद्धतासहित विधिपूर्वक गाँसिएको यो मीत साइनो गजबको हुँदो रहेछ । एउटै विद्यालयमा पढ्ने भएपछि एक अर्कोलाई दुःख-सुखमा मद्दत गर्ने त सामान्य कुरा नै भयो । अदबमा बस्ने र **मीत** भन्नासाथ कता हो कता अर्कै भाव सिर्जना हुँदो रहेछ । विशेष सहयोगका लागि पनि आफ्नै ज्यानझैँ लाग्नु अचम्म नै त हो । मीतका परिवारसँग भेट नभएको धेरै भयो तर मीतको तस्विर केवल सम्झनामा कहिलेकाहीँ आइहाल्छ ।

मेरी आमाले पनि मितिनी लगाउनुभएको रहेछ । मितिनीआमा अझै हुनुहुन्छ । म भेट्न जान्छु । मितिनी-आमाको छोरा दलबहादुर श्रेष्ठ मभन्दा केही जेठो भएकाले मीत-दाजु भन्ने चलन छ । उहाँसँग त म विद्यालय पढ्दा मात्र होइन, कलेज पढ्दा र नेपाल रेडक्रस केन्द्रमा काम गर्न थाल्दा पनि सँगै बस्थ्यौँ । अहिले पनि अङ्कलको नातामा मसँग उहाँका छोराछोरीहरूको समेत राम्रो सम्बन्ध छ । मीतबा पनि गज्जब हुनुहुन्थ्यो । अद्वैत संस्थामा सत्सङ्ग गर्न मेरो बुबासँगै जाने, किताबहरू पढ्ने र हामीलाई त्यसबारे बताउने गर्नुहुन्थ्यो । मीतदाजु-भाउजूको कारण हामी शिक्षा, स्वास्थ्य, जग्गाजमीनको व्यवस्थापन, देशपरदेशका काम कुरा गर्नमा एकाकार हुन्छौँ । यस्तो आत्मीयता कमै मित्रहरूमा होला । यो पनि मीत र मितिनीकै हो देन हो जस्तो लाग्छ । फलतः हामी र हाम्रा सन्ततिबीच पनि सु-सम्बन्ध कायम छ । खास गरी शिक्षाको आदानप्रदान नै यसमा प्रमुख छ ।

मेरी कान्छी आमा रत्नमाया पौडेलले पनि मितिनी लगाउनुभएको रहेछ पुर्कोटकै राना गाउँमा । त्यही नाताले अझै पनि मीत छोराहरूसँग सम्बन्ध गरिन्छ । त्यो सम्बन्ध पनि पढाइलेखाइमा आएर ठक्कर खाने गर्दथ्यो । मीत बा-आमाहरू हुँदा र त्यस नाताले भेटेका सबैसँगको व्यवहार नै स्वतः फरक हुन्थ्यो । सहयोग, सल्लाह र आदर आदान-प्रदान हुने गर्दथ्यो ।

मेरी श्रीमती अजुद्धमायाले पनि मितिनी लगाएकी रहिछन् । पढाइलेखाइकै प्रसङ्गले यो भूमिका खेलेजस्तो लाग्छ । बेलाबखतमा भेटघाट र राम्रा कुरा सुन्न पाइन्छ । यति मात्र होइन, नेपाल रेडक्रसमा काम गर्दा मितेरी कार्यक्रम (Twinning Programme) सञ्चालन भएको थियो । त्यसैले मितेरी भन्ने कुरा व्यक्ति मात्र होइन, संस्थासँग पनि सरोकार हुँदो रहेछ ।

यसरी 'मीतलगाइ' र पढाइलेखाइ मेरा जीवनका रोचक र सहयोगी पक्ष रहेको ठान्दछु । मीतको प्रवर्धन हाम्रो संस्कृति, प्रवृत्ति र उन्नति सबै हुन सक्ने रहेछ । सामाजिक, साँस्कृतिक, ऐतिहासिक र शैक्षिक सबै दृष्टिले मीतको महिमा अपरम्पार छ । त्यसैले म भन्छु- ***'मीत लगाऔँ, पढौँ, लेखौँ ।'***

२३. फेर्ने एउटै मर्दाना धोती : सँगै खाने दुई साथी

धोती फेरेर मात्रै खाना खान पाइने । जमाना त्यस्तै । जात त भर्खर अण्डाको सम्पर्कदेखि जान थालेको सङ्केत मात्र थियो । भित्र कट्टु लगाएर पनि बाहिर धोती देखिनै पर्ने । नत्र कल्ले बाहुन भन्ने ? ब्राह्मण भनेको संस्कार हो तर हाम्रो समाजमा यो कुरा जातजातिको रूपमा विकास भएको रहेछ । नुहाइधुवाइ, गायत्री जप, सन्ध्या, पाठ, पूजा जे-जे भनौँ, भुल्न नमिल्ने आचरण र व्यवहारका कुरा थिए ब्राह्मण जातिका लागि । व्रतबन्ध भएपछिको यो अनिवार्य पद्धति चालू थियो । हामी कहीँ चुकिहाले पनि इमानदारीपूर्वक पालना गर्दथ्यौँ । अब डेरा गरेर पढ्न जान थालेपछि व्यावहारिक अप्ठेरा सुरु भने भइसकेका थिए । अरू भने तपसिलका कुरा थिए ।

साथी अरुण (त्यस बेला शिव नामले पुकारिन्थ्यो) खनालजीको बेसी घर पल्याङ्खोलामा पाहुना बन्न पुगेँ । सँगै हाम्रा अर्का अभिन्न सहपाठी मित्र हरिराज पौडेल पनि जानुभएको थियो । यसै बेला मैले अरुण खनाललाई अझ राम्ररी चिनेँ । त्यसबाहेक उहाँका दाजु बद्री खनालका बारेमा पनि थाहा पाएँ । बद्री दाजुसँग तनहुँकै चन्द्रावती माध्यमिक विद्यालयमा उहाँ कुनै कामले आउँदा भेट भएको हुन सक्छ । त्यसबाहेक उहाँको पढाइको विशिष्टताबारे पनि कसैबाट थाहा पाएको थिएँ । २०२७ वा २८ सालतिर कहिले हो, उहाँको नाम रेडियोबाट सुनेको थिएँ नेपाली विषयको एमएको परीक्षामा प्रथम श्रेणीमा प्रथम भनेर । अचम्मको कुरा, उहाँको नामभन्दा पहिला प्रथम श्रेणीमा पास हुने प्रिन्सेप शाहको नाम पो भन्यो रेडियोले राजपरिवारको सदस्य भएकाले । जे होस्, पछि त बद्री दाइको सान्निध्यमा लामो समय नेपाल रेडक्रस सोसाइटीमा काम गर्न पाइयो । अरुणजी र म पनि पछि सँगै रेडक्रसमा नै काम गर्न आइपुग्यौँ । उहाँसँगको सहकार्य पनि ताजै छ । अहिले भने पुरानै कुरा गरौँः

मलाई लाग्छ, त्यस बेला भने उहाँहरू पनि सिमपानी गाउँबाट बेसी राम्ररी झरिसक्नुभएको थिएन होला । बेसीको धन्सारलाई स्तरोन्नति गरेर आवास बनेको थियो जस्तो लाग्छ । यस्ता सबै कुरामा हामीलाई चासो हुने कुरा भएन र थिएन पनि । आमा पद्ममायाले खाना मीठो बनाउनुहुन्छ भन्ने सुनेको थिएँ । उहाँकी आमाले पकाएको खाना पछि पनि खाएको थिएँ तर त्यस दिन भने आमा घर हुनुहुँदो रहेनछ । शायद खाना बनाएर नजिक गाउँघरमा वा कतै काम विशेषले गएजस्तो लाग्छ । त्यसैले भाउजू चन्द्रकलाले खाना बनाउनुभएको वा पस्केर दिनुभएको थियो तर अब समस्या पर्न गयो धोतीको । त्यति बेला पाहुनाले आफ्नो धोती आफैँले लिएर जाने चलन थियो । म त विद्यार्थी, त्यो पनि भर्खर ११ वर्षको हुँदो हुँ । कक्षा ७ पढ्दा हो जस्तो लाग्छ २०२२/२३ सालतिर ।

यी कुरामा मेरो पनि ध्यान पुगेन । शायद ज्ञानै पनि थिएन । अनि मैले धोती लगाएको त थिइनँ नै । लिएर गएको पनि थिइनँ । उहाँकहाँ पनि धेरै जगेडा धोती थिएन वा धोएर नसुकेको अवस्था थियो वा यस्तै केही हुनुपर्दछ । एउटा धोती हरिराजजीलाई भइहाल्यो । जे होस्, अर्को एउटा उहाँको मर्दाना धोती थियो, रहेछ । एक जनाले अघि र अर्कोले पछि पनि गर्न सकिन्थ्यो होला खाना खान तर म पाहुना भएकाले पछि ख्वाउने कुरा मिलेन । मैले पनि साथीलाई पछि खानुहोला भन्ने कुरा भएन । अब जुक्ति निकाल्यौँ । आखिर विद्यार्थी न भयौँ । दुवै जनाले सँगै खाना खाने भयौँ तर त्यही मर्दाना धोतीको दुई छेऊ एक-एक जनाले प्रयोग गरेर । भाउजू र हरिराजजी दुवै जना दङ्ग पर्नुभयो । हामीले पनि पेटभरि खायौँ । पेट मिचीमिची हाँस्यौँ । भान्सा उठिसकेको थिएन । खाना खाँदै हाँस्दै पनि थियौँ । त्यही बेला हरिनाथ खनाल आइपुग्नुभयो । हाम्रो अवस्था देखेर मज्जाले हाँस्नुभयो । हामीले पनि अप्ठेरो महसुस गऱ्यौं । एउटा ऐतिहासिक घटना पो भयो यो त । आज पनि बेला बखतमा यो, यी र यस्तै दिन सम्झँदा आफैँलाई अचम्म लाग्छ । हाम्रा ती चालचलन कसरी समय, आवश्यकता, सोच, परिस्थिति र मान्यतासँगै बदलिए होलान्, आँखैअगाडि हेर्दा-हेर्दै !

जे होस्, हाम्रा ती पवित्र संस्कृतिको आफ्नै गहिरो स्थान छ, रहस्य छ, महत्त्व छ, कारण छ र इतिहास छ, बनेको पनि छ । केवल समयानुकूल परिवर्तन र परिमार्जनमा हिँड्न जरुरी हुँदो रहेछ । यसो गर्न सकेमा र अन्धविश्वासको जरा मात्र उखेल्न सकेमा नेपाली चालचलन र संस्कार शायद विश्वको एउटा उत्कृष्ट सभ्यता र संस्कृति हो भनेर अझै बढी गर्व गर्न सकिने थियो । नेपालीहरू वीर, शिक्षित र सुसंस्कृत पनि रहेछन् भन्ने बुझिन्थ्यो । मित्रता र संस्कारको कत्रो सम्बन्ध हुँदो रहेछ भन्ने यो दृष्टान्त हो । लामो समयसम्म पनि यसको छाप मेटिँदो रहेनछ । आज पनि यही कुरा वारम्वार सम्झना आइरहन्छ । अभाव र आकस्मिकता, मूल्य र मान्यता, रीति र स्थिति, मित्रता र पवित्रता, परिस्थिति र अनुभवको संसार शायद यस्तै होला । यसैले नै हामीलाई शिक्षा, संस्कृति र मित्रताको दूर क्षितिजसम्म मार्गदर्शन र सहायता प्रदान गर्न सक्ने ठान्दछु । अरुणजी एउटा सहपाठी मात्र नभएर सच्चा मित्र हुनुको परिचायक पनि हो यो घटना ।

२४. कुखुराको अण्डा : जात फाल्ने धन्दा

बाहुनको छोराले अण्डा त खानै नहुने। खायो भने जातै जाने अवस्था तर चिमकाजी दाइले अचम्म गरे । कुखुराको अण्डा लिएर गएका रहेछन्, पढ्न जाँदा । बाटोमा जलजलेको चौतारो थियो फाउँदी खोलाको किनारमा रम्घाटारको पुछारमा भनौँ। पहिलो पल्ट गएकाले उनले डेरामा चाहिने सबै सामान बोकेर लगेका भरियासहित जाँदा । भाँडाकुँडा, आगो आदि नहुने कुरै भएन। नेवारको छोराले कुखुराको अण्डा पनि लगेका रहेछन्, नौलो कुरा पनि भएन।

ठट्टै ठट्टामा प्रस्ताव राखे- अण्डा खाने। हामीलाई पनि नौलो वस्तु। नभन्दै उनले आगो बाले दाउरा खोजी सल्काएर। अनि ताप्केमा अण्डा उसिने। राम्रै र रहर लाग्दो, बेला र उमेर त्यस्तै। आखिर सबैलाई चखाएरै छाडे। एउटा अण्डा, खानु त के थियो र ? *'जात फाल्नु गहतको झोलमा'* भनेजस्तै भयो। को बाहुन, को क्षेत्री, को नेवार ? ऊ त चलाख। अब भन्न थाले- 'तिमीहरूको जात गयो आजदेखि।' साँच्चै हामीले जात फाल्यौँ होला। यसको अर्थ बाहुन र क्षेत्रीको संस्कृतिअनुकूल हाम्रो लागि अखाद्य वस्तु खाद्य बनायौँ। त्यसो भए जात कहाँ गयो ? थाहा छैन। वितन्डाचाहिँ मच्चिने दरो आधार भयो, त्यस बेलाको विशेषतः ब्राह्मण समुदायका लागि। क्रान्तिकारी परिवर्तनको सङ्केत थियो यो कार्य ब्राह्मण संस्कृतिविरुद्ध।

पछि पनि भातमै अण्डा हालेर पकाउन थालियो। सँगै बस्ने साथी भएपछि खाना पनि साझा हुने नै भयो। अरूका अगाडि नखाए पनि पछाडि खान थालियो। बा-आमाले थाहा पाउलान् भन्ने मात्र डर। मीठो र पोसिलो प्रोटिन खान किन छोड्ने भन्दै नियमित जस्तै हुन थाल्यो अण्डा त।

एक पटक अण्डा राखेर खाना पकाएको बेला अचानक पाहुना आए, गाउँकै दाजु नाता पर्ने बाहुन। बित्यास परेको थियो। भात फेरि थप र चोखो मात्र होइन, छुट्टै पनि पकाउनुपऱ्यो उनलाई। अण्डा लुकाउनुपऱ्यो हामीलाई पनि। बाहिर धोती फेरेर देखाउनुपऱ्यो, भित्र कट्टु लाए पनि। जनै नभए पनि खोजेर लगाउनुपऱ्यो। नुहाइ-धुवाइ, जप-ध्यान, पूजा-पाठ, चोखी-नीति। खाद्य-अखाद्य, चोखो-जुठो, छोइ-छिटो जस्ता प्रचलनबाट बाहुन क्षेत्री वा अन्य जातिको पहिचान हुने गर्थ्यो तर हामीले कारणमा स्पष्ट भएर गर्ने र व्यावहारिक भए मात्र त्यसलाई अँगाल्न सकियो, अन्यथा सकिएन र गरिएन पनि। जे होस्, कुखुराको अण्डा, जात फाल्ने धन्दा भयो हाम्रा लागि त्यो घटना तर आजभोलि प्रोटिनको महत्त्वपूर्ण स्रोत भन्दै पढाइन्छ, आफैँले पनि पढाइयो, खाइयो, खुवाइयो। चिमकाजी दाइले हाम्रो जात फाल्न होइन, पोषण शिक्षाको ज्ञान प्रवर्धन गर्न पो थालनी गर्नुभएको रहेछ।

चिमकाजी दाइसँग चन्द्रावती हाईस्कूलमा पढ्दा मात्रै सँगै भइएन, काठमाडौं जाँदा पनि सँगै । काठमाडौं केही समय सँगै बसियो । दाजु बलबहादुर परियारलगायत हामी सबै सँगै बस्यौं, एउटै भान्सा चलायौं काठमाडौंमा ।

चिमकाजी दाइसँग भोटेबहालमा पनि केही समय सँगै बसियो । सुख–दुःख बाँडियो । त्यस बेलाका रोचक अनुभवहरू छन् । पहिले कालिका निमाविमा उहाँले पढाउनुभएको थियो रे । पछि मैले कालिका माविमा पढाएँ । यसरी पछिसम्म सहयोग र सहकार्य भए । क्रमशः जातको कुरा हराइसकेको थियो ।

चन्द्रावती हाईस्कूलको चौथो वर्षको एसएलसी समूहको विद्यार्थी म । चिमकाजी श्रेष्ठ पहिलो वर्षकै एसएलसी समूह । २०२३ सालमा त्यस विद्यालयबाट एसएलसी पास गर्ने चार जनामध्ये उहाँ एक हुनुहुन्छ । पछि उहाँ साझा प्रकाशनमा काम गर्न थाल्नुभयो । कुखुराको अण्डा पनि हामी सबैको साझा खाना बनाइदिनुभयो ।

२५. सानाबाजे मर्दा : पैसै-पैसा हात पर्दा

हामी कक्षा ६ वा ७ मा पढ्दा १०/११ वर्षको उमेर मात्र त थियो । आफैँ खाना पकाएर खानुपर्ने अवस्था सुरु भयो डेरा गरेपछि । विद्यार्थीका सात लक्षणमध्ये यो पनि एक मानिन्थ्यो क्यारे । अनि त्यस बेला नोटको चलन त एकदम कम थियो । पैसामा नै धेरै महत्त्व थियो । शिक्षण शुल्क (Tution Fee) तिर्नुपर्दा पनि मोहोर (पचास पैसे सिक्का) वा रूपैयाँ भन्नु नै चर्को मानिन्थ्यो । अझ जात्रामा मिठाइ किन्दा पाँच पैसामा नै १० वटा शीतल मिठाइ पाए अनौठो हुने थिएन । एक पटक पुर्कोटकै कोट गाउँमा सुन्तला किन्न जाँदा एक पैसाका ५ वटा दाना मिलेको थियो । एक पैसा, दुई पैसा, ४ पैसा (दुलो परेको), पाँच पैसा (हातको ५ औंला भएको चित्रसहितको तामाका), दश पैसे ढ्याकसहितका सिक्का हुन्थे । प्रायः तामाका यी पैसा हाम्रा लागि वस्तु अर्थात् सामग्री किनबेचका साथी थिए तिनताका तथापि विद्यार्थीहरूसँग यस्ता पैसा कमै हुन्थे ।

एक पटक शायद २०२२/२३ सालतिरको कुरा होजस्तो लाग्छ, पुर्कोटका धनाढ्य सानाबाजेको स्वर्गारोहण भएछ । असङ्ख्य सम्पति, तीन श्रीमतीहरू भए पनि लोहनीजीका छोरा रहेनछन् । शायद मर्नुअघि भनेका थिए वा चलनै हो, बाटोमा पैसाको बुर्की छरिएको थियो घाट लैजाँदा । देवनिधि बाजेका नामले प्रख्यात उनले शिक्षा र आर्थिक सहयोगका क्षेत्रमा राम्रै योगदान र सामाजिक तथा आर्थिक पक्षमा पुर्कोटभरि प्रभुत्व कायम गरेका रहेछन् । कुँडापानीमा पुर्कोट भाषा पाठशालाको संरक्षणमा लोहनी परिवारको र त्यसमा पक्कै उनको विशेष योगदान थियो । तत्कालीन समाजमा उनको सम्पर्क, सामाजिक कार्य, धार्मिक कार्य, शैक्षिक सहयोगजस्ता उनका गतिविधि र प्रयत्न उल्लेखनीय छन् । अरू बढी के-कति थियो, मलाई थाहा छैन । ऋण दिनमा पनि उनले राम्रै प्रभाव पारेका रहेछन् पछिसम्म पनि । उनी मर्दा फाउँदी खोला हुँदै चेपेघाटसम्म शव लैजाँदा डेढदुई घण्टाको बाटोमा बुर्कीको नाममा तामाका पैसा फालेका वा छरेका भनौँ । हामी पनि चन्द्रावती हाईस्कूलबाट पढेर फर्केका थियौँ । शायद शुक्रवारको दिन थियो किनभने प्रायः शुक्रवार हामी घर आउँथ्यौँ । त्यो दिन ती तामाका पैसा हरेकले धेरै नै फेला पारियो । हरेक साथीले धमाधम टिप्न थाले ।

टिप्न हुन्थ्यो वा हुन्थेन, थाहा भएन तर टिपियो खुसीसाथ र हालियो गोजीमा । ***"राष्ट्रिय सम्पत्ति माटोमा मिलाउन हुँदैन"*** भन्ने मेरो अहिलेको मान्यतासँग मेल खाने भएकाले ती सिक्का टिप्नु सही थियो, रहेछ भन्ने ठान्दछु । विद्यार्थीका लागि त झन् अपूर्व अवसरै भयो । चकलेट तथा विस्कुट खान, साधारण पेन्सिल र कापी कलम किन्नका लागि केही दिनलाई बा-आमासँग पैसा माग्न परेन होला । कति बनाइयो त्यो याद छैन । तर त्यो घटना ऐतिहासिकजस्तै भयो । पैसैपैसा हात पर्दा जो पनि खुसी हुने नै भयो । झन्, विद्यार्थीको हातमा त्यति धेरै पैसा हुँदा खुसी नहुने कुरै भएन ।

पछि ठूलाबडाबाट सुन्ने गरिन्थ्यो- पुर्कोटका दुइटा ठालूमध्ये एउटा शक्ति, सम्पत्ति र शिक्षामा लाग्यो, अर्को भने शक्ति, सम्पत्ति र मोजमज्जामा लाग्यो। देवनिधि पहिला नम्बरका थिए भने ओजराज जोशी दोस्रो विशेषताका। हिमवत् खण्डको नेपाल माहात्म्यअनुसार ने मुनिले तपस्या गरेको भनिने मर्स्याङ्दी (कर्मदा) नदी र चेपे (चम्पावती) को संगम बेनी दोभान पुर्कोटका विशिष्ट मान्छेहरूको पहिचान यस्तै थियो। अहिले जे भए पनि आशा गरौँ- भानु नगरपालिकामा पर्ने यो ठाउँले नेपाल र नेपालीको शिक्षा र संस्कृतिको पहिचान विस्तारै कायम गर्नेछ। आखिर देवनिधिको चल सम्पत्ति पनि यही चेपेघाटसम्म बुर्की बन्दै आए पनि हामी विद्यार्थीलाई फाउँदीको अंश नै पर्याप्त भयो। सम्पत्तिलाई शिक्षार्थीसम्म पुऱ्याउने संस्कृतिजस्तै भयो त्यो प्रथा पनि।

रुद्रनिधि लोहनी पुर्कोट पाठशालाका संरक्षक र पं. कालिदास आचार्य संस्थापक गुरु हुनुहुँदो रहेछ।[१] रुद्रनिधिका छोराहरू जेठा दुर्गानिधि र कान्छा देवनिधि हुनुहुँदो रहेछ। कालिदास आचार्य उहाँहरू दुवैसँग घनिष्ठ सम्बन्ध भएको एवम् उहाँहरूको विद्वान् पुरेत पनि भएको पाइन्छ। दुर्गानिधिका सी.पी. लोहनीलगायतका छोराहरूलाई मन्त्र सुनाउनुभएकोजस्ता कुराले यसलाई पुष्टि गर्दछन्। देवनिधिले २००७ सालतिर विशेष यज्ञ गरी ९०० ब्राह्मणहरूलाई आमन्त्रण गरेर सेवा पुऱ्याउनु भएबाट उहाँहरूको शिक्षा, संस्कृति, समाज र चिन्तनप्रतिको दृष्टिकोणका साथै सम्पन्नताको प्रमाण मिल्दछ।

कान्छा भएकाले नै सानाबाजे भनेर मर्यादापूर्वक भनिएको पाइन्छ देवनिधिलाई। उहाँहरू सम्पन्न र शिक्षाप्रेमी भएको पाइन्छ। आजको भानु नगरपालिका वडा नं. ७, ८ र ९ त्यति बेलाको पुर्कोट भनेर चिनिन्थ्यो। यद्यपि त्यसअघि ७०० पुर्कोट र ७०० वसन्तपुर भन्ने पनि चलन थियो। कुनै बेलाको जनसङ्ख्या या घरधुरीको आधार थियो होला। पहिले पुर्कोट कुँडापानी गाउँ पञ्चायतले समष्टिगत पुर्कोटको प्रतिनिधित्व गर्थ्यो भने पछि फेरि २०३८ सालबाट पुर्कोट र वसन्तपुर गाविस भनी छुट्याइएको थियो। हाईस्कूलसम्मको मेरो शिक्षा प्राप्ति र प्रदान गर्ने मूल कार्यक्षेत्र त्यही समष्टिगत पुर्कोट कुँडापानी क्षेत्र नै हो। त्यस समयमा बन्दीपुरपछिको शिक्षाको केन्द्र पूर्वी पुर्कोट नै भएको बुझिन्छ। २०५९ सालको मदन पुरस्कार विजेता रेवतीरमण खनालले भन्नुभएको छः ***"मेरो समयमा पनि तनहुँ जिल्लाभरमा बन्दीपुरमा अङ्ग्रेजी मिडिल स्कूलबाहेक संस्कृतको कुनै पाठशाला थिएन। केवल केही भाषा पाठशाला मात्र थिए।"***

आज पनि पुर्कोटको शिक्षाको जग यसैको आधारमा बनेको छ। अग्रजले दिएको योगदान नै भावी पुस्ताका लागि ठूलो सम्पत्ति हुनेरहेछ। यदि पुर्कोटका सक्षम अग्रजहरू सबैले मिलेर भविष्यलाई अझ बढी सोच्न सकेको भए समयमै धेरैभन्दा धेरै स्थानीय मान्छे लाभान्वित हुन्थे होलान्। आज योभन्दा बढी उत्थान हुन्थ्यो होला भन्ने लाग्छ।

---

[१] मनोहर स्वर्णमहोत्सव शैक्षिक स्मारिका-२०७४, मनोहर मावि, भानु न.पा.-८, महन्तेहटिया, तनहुँ

२६. मुढाको साटो घुँडै जोतेछन्

अङ्ग्रेजी भाषालाई ‘गाई खाने विद्या’ भनेर पढ्न दिइँदैनथ्यो पहिले तर अहिले हामी कम्मर कसेर अङ्ग्रेजी पढ्न थाल्यौँ। चन्द्रावती हाईस्कूलको पढाइ। फागुन २०२१ मा भर्ना भएर पढ्न थालिँदा मासिक ५० पैसा अर्थात् एक मोहर शिक्षण शुल्क तिर्नुपर्दथ्यो। पल्याङ् खोलाको बसाइ अर्थात् नारायणदत्त ढकाल सरकी दिदी (लीलावती पण्डित) को घर भन्ने गरिन्थ्यो। माइतीका चेलाहरूलाई उहाँ औधी माया गर्नुहुन्थ्यो। वास्तवमा दिदी मात्र होइन, भिनाजु (काशीराज पण्डित), भान्जा-भान्जी र अन्य सबैले साथीसरह व्यवहार गर्नुहुन्थ्यो। कम खर्च लाग्ने, घरबाट धेरै कुरा लैजान सजिलो, बाटोमा पर्ने, आत्मीयता र कुनै चिन्ता गर्नुनपर्ने भएकाले त्यो एक वर्ष त्यहीँ बित्यो। वास्तवमा त्यहाँको पढाइले म ६ कक्षामा पहिला भएर पुरस्कार नै पाएको थिएँ। ७ कक्षामा पनि त्यसरी नै प्रथम पुरस्कार प्राप्त भयो। अझै छ, त्यस बेलाको पुरस्कार *‘राम्रो नेपाली साहित्य भाग-८’ किताब* मसँग सुरक्षित। विद्यालयको बधाईका अक्षर र छापसहित शुभकामना साँचेको छु।

एक दिनको कुरा हो, २०२२ सालको पुस महिना लागेको थियो। विद्यालयको वार्षिकोत्सव पुस ६ गते पनि मनाइसकेको अवस्था। ७ कक्षामा पढ्न सुरु भएको बेला। बेलुका साथीहरू जाडोले अँगेनोवरिपरि आगो ताप्ने चलन। म, बलराम ढकाल, कृष्णमान श्रेष्ठ, चिमकाजी श्रेष्ठ, स्व. विष्णुलाल श्रेष्ठ, फणीन्द्रबहादुर पाण्डे आदि र वरपरका अन्य साथी तथा घरैका मित्रहरू भएजस्तो लाग्छ। रमानाथ, जगन्नाथ र रङ्गनाथ पण्डित त घरभेटी-भान्जा दाजुभाइ भइहाल्नुभयो। किशोरावस्थाका विद्यार्थी हामी र जाडोको अवस्था। तातो चाहनु आवश्यकता र चञ्चल हुनु स्वभाविकै थियो। पढाइका कुरा गर्दै, चल्दै, आगो ताप्ने होड थियो। अलि बढी नै भयो होला चलाइ। आगो ताप्न धकेलाधकेल हुँदा निर्धो भएर होला, म अँगेनाको डिलबाट अँगेनोमा नै घुँडा जोत्न पुगेछु। आगोको भुँङ्ग्रोमा मुढो झैँ घुँडा घुस्रिएपछि पोलियो। म नराम्रोसँग रोएँ, चिच्याएँ। दिदीले औषधी लगाइदिनुभयो तर रातभर डाहले सुत्न असमर्थ भएँ। घरेलु उपचार विधि अवलम्बन गरियो।

भोलिपल्ट वसन्तपुरबाट एक जना गाउँले बूढी महिला बेसी झर्नुभएको रहेछ। बूढी आमाले त मेरो अवस्था देखेर र बुझेर भनिन्- *‘यी बाबुले त मुढाको साटो घुँडै जोतेछन्।’* वास्तवमा यो सत्य कथा वा कुरा थियो। यो रमाइलो वा हँसाउने खालको कुरा थियो, दुःखको बेलामा पनि। पछि अर्को दिन बा-आमाले थाहा पाउनु भएर लिन नै आउनुभयो। घर लगेर जानेबुझेअनुसार उपचार गराउनुभयो। समय बित्दै गयो, केही निको भएपछि मात्र पढ्न आउन सकेँ। अहिलेसम्म पनि दाहिने घुँडामा पोलेको खत वा दाग वा डाम छँदैछ। सुपारी घोटेर लगाए दाग जान्छ भनेको पनि केही गर्दा भएन।

यसरी चल्दाको फल कस्तो हुँदो रहेछ भन्ने पढ्यौँ सबैले । मैले त यथार्थ अभ्यासै गरेर अनुभव गरेँ । जङ्गलमा वा अँगेनामा दाउराको ठूलो आकृतिको हैसियतमा मुढा बाल्नु स्वाभाविक थियो । अँगेनामा पो मुढा जोतिन्छ तर त्यसको सट्टा मेरो त अँगेनोमा घुँडै जोतियो । यस सन्दर्भमा, उखु पेलेर खुदो पकाउने रसेटोमा हामीले मुढा जोतेको सम्झन्छु ।

यसको प्रमुख कारण जो होस्, जे होस्, जसरी होस्, हाम्रो केटाकेटीपन र चकचके बानीको परिणाम अवश्य हो । *"भोलिको चिन्ता नगरी रमाउने प्रवृत्तिको फल हो ।"* मेरो पनि केही कमजोरी पक्कै थियो होला । अँगेनाको नजिक बस्नाको र खतराबाट बच्न पूर्व सावधानीको कमीमा मेरो पनि सहभागिता थियो । यो सबैको परिणाम मैले भोग्नुपर्‍यो । हास्य व्यङ्ग्य बाण पनि मैले नै सहनुपर्‍यो । भोग्नु त छँदै थियो ।

आगो, पानी र हावा हाम्रो जीवनाधार हुन् तर नजानेमा यिनले नै हामीलाई सखाप पार्न बेर लाग्दो रहेनछ । त्यसैले यी वस्तुको राम्रो उपयोग गर्न जान्नुपर्ने रहेछ । तिनबाट उत्पन्न हुन सक्ने खतराबाट सावधानी अवलम्बन गर्न सक्नु नै बुद्धिमानी रहेछ ।

२७. दैनिक एउटा ढुङ्गा बोकी : हाईस्कूल बन्यो पक्की

भन्नलाई सजिलो छ एउटा ढुङ्गा । बोकेर ल्याउन अझ कति गाह्रो छ । यो एउटा राम्रो अभियान बन्यो विद्यालय निर्माणको । हाम्रो पालामा नयाँ भवन त बन्यो तर त्यस बेलाका सबै कक्षाका विद्यार्थीले त्यसमा पढ्न पाएनन् । एउटा कक्षा तयार पारेर हामी दश कक्षाका विद्यार्थीले २०२६ सालको भदौ–असोजमा मात्र नयाँ भवनको कोठामा पढ्ने रहर थोरै मात्र भएपनि पूरा गऱ्यौँ । पछि पढाउँदा नयाँ भवनको उपभोग गर्न पाइयो । लाग्छ, हामी विद्यार्थीले पनि दैनिक एउटा ढुङ्गा बोकेर चन्द्रावती हाईस्कूलको पक्की भवन बनाउनमा योगदान गऱ्यौँ । दिनको एउटा ढुङ्गा मात्र बोक्न विद्यार्थीलाई पनि त्यति कठिन नहुने । ***'शीत उभाइ घैला'*** भनेजस्तो हुने, भयो पनि त्यस्तै तर यस अभियानको अवधारणाका सर्जक तत्कालीन अञ्चल शिक्षा अधिकारी शिवहरि आचार्य हुनुहुँदो रहेछ । उहाँले निरीक्षणमा आउँदा स्वागतमा आएका सबैलाई बोलाएर खोलामा गई आफैँ ढुङ्गा बोकेको देखेपछि सबै शिक्षक, सञ्चालक समिति, अभिभावक, स्थानीय मानिस र विद्यार्थीहरू पनि लाजगाल वा स्वाभाविक दृष्टिले ढुङ्गा बोक्न थाले । अन्ततः यो दैनिक अभियान नै बन्यो । यसबाट कुनै पनि कुराको विकासमा त्यसभित्र लुकेको अवधारणा कति महत्त्वपूर्ण हुँदो रहेछ भन्ने स्पष्ट हुन्छ ।

दिउसो खाजा खाने छुट्टी हुन्थ्यो । त्यहीबीचमा सर्वप्रथम सरासर चुँदी खोलामा गएर एउटा ढुङ्गा ल्याउने नियमित काम थियो हरेक विद्यार्थीको । आफूले सकेको ढुङ्गा ल्याउनुपर्थ्यो । बिहान आउँदा पनि ल्याउन सकिने हुन्थ्यो । बिदाको दिन त छुट भइहाल्थ्यो । कसैले छलछाम पनि गरेको थाहा भएन । कस्तो जमाना थियो, श्रम र इमानदारीको । ***'एक थुकी सुकी, सयौँ थुकी नदी'*** त्यसै भनेको रहेनछ । सबैले अलिअलि गरेर ढुङ्गा बोकेर विद्यालय निर्माण हुनु चानचुने अभियान थिएन । कसैलाई मर्का पनि नहुने, शारीरिक व्यायाम पनि हुने, समयको सदुपयोग हुने, अपनत्व महसुस हुने र काम पनि फत्ते हुने । क्या गजब । चन्द्रावती हाईस्कूल त्यसै हाम्रो भाग्य विधाता बनेन त्यस भेगमा । कम दुःखले बनेको विद्यालय होइन । रामचन्द्र पौडेल (गुरुघराना), शारदाप्रसाद पण्डित, हरिशरण शर्मा न्यौपाने, मुक्तिनाथ खनाल हुँदै प्रधान अध्यापकको जिम्मेवारी समाल्ने व्यक्तिहरूको योगदान उल्लेखनीय छ । यसैबीच एकताका का.मु. प्रधानाध्यापक बन्नुभएका विश्वनाथ आचार्यको पनि योगदान रहेको छ । विद्यालय सञ्चालक समितिमा रामचन्द्र पौडेल (गुरुघराना), कुलप्रसाद खनाल, उमाभद्र खनाल, प्रभाकर शर्मा पण्डित, मेदिनी शर्मा पण्डित, शेषरमण खनाल,



संस्थापक तथा
प्रथम प्रधानाध्यापक
रामचन्द्र पौडेल (गुरुघराना)

दानबहादुर मल्ल, मुक्तिनाथ आचार्य, रामनाथ भट्टराई, श्रीभद्र शर्मा, रवीन्द्र खनाल, रामलाल श्रेष्ठ (चोकचिसापानी) आदिको नाम सम्झना आउँछ ।

उमाभद्र खनालले सचिवको प्रतिवेदनमा भन्नुभएको पाइन्छः *"म चन्द्रावती हाईस्कूलको सचिव भएर स्कूल भवनको निर्माण गर्न थालेपछि स्कूलको सञ्चालनमा पर्न आएका कैयौँ बाधा-विरोध, हुल्लडबाजी र राजनीतिक सिद्धान्तबाट उत्प्रेरित भएर गरिएका अनुचित क्रियाकलापहरूबाट स्कूलको प्रगति र विकासमा वाधा पुग्यो ।"* मलाई लाग्छ, शायद यी बाधाव्यवधानका विरुद्ध उहाँहरू अझ सक्रिय बनेकाले नै विद्यालय बन्यो ।

पढाउने गुरुहरूमा मेदिनी शर्मा पण्डित, मोहनभद्र शर्मा खनाल, श्रीप्रसाद पण्डित, रामचन्द्र खनाल, श्रीराम पौडेल, विष्णुप्रसाद शर्मा, तेजबहादुर पन्त, वनमाली शर्मा पण्डित, केदारभक्त आचार्य, हरिभक्त खनाल, तीर्थराज खनाल, मीनराज भट्टराई, डिल्लीराज अधिकारी, बद्रीप्रसाद पण्डित, ज्ञानराज थापा आदिको नाम सम्झनामा ताजै छ । यो ढुङ्गा बोक्ने अभियानलाई निरन्तरता दिने उहाँहरूकै संयुक्त सोच होला । यसले विद्यार्थीलाई अपनत्व मात्र दिएन, शिक्षा र संस्कृतिको विकासमा कसरी योगदान गर्न सकिन्छ भन्ने व्यावहारिक ज्ञान पनि दियो ।

अझ २०२५ सालमा बन्दीपुरबाट ढुङ्गा बोकर ल्याउँदाको कथा त रोचक छ । घर छाउने ढुङ्गा लिन सबै विद्यार्थीलाई बन्दीपुर नै लगियो । टुँडिखेलमा हाजिरी लिइयो । अनि नेपालको त्यस प्रख्यात ढुङ्गा खानी लब्धिखोलामा नै गएर सकेजति ढुङ्गा बोकेर ल्याइयो । मैले ५ वटा ढुङ्गा ल्याएको थिएँ । जेठी, माहिली, साहिँली, कान्छी आदि मिलाएर । बाटोमा मऱ्याङघाटमा थकाइ लागेर आराम गर्दा म त त्यहीँ निदाएँ छु । मध्यरातको त्यो बेला सबै साथीहरू गएछन् । जूनको मधुरो उज्यालोमा कसलाई के थाहा, को छोडियो भनेर । पछि साथीहरूले मेरो आवाज नसुनेपछि खोज्दा बोलाउँदा पो टाढाबाट कसैले बोलाएको रन्को कानमा परेपछि ब्यूँझन पुगेँ । बलराम ढकाल, लीलाराम देवकोटा आदि दाइहरूले निद्रामा बोलाएको आवाज सुनेँछु । अनि डराइ-डराइ दाजुहरू र साथीभाइहरूलाई भेट्न सकेँ । राति एक बजेतिर विद्यालयमा ढुङ्गा बुझ्न सरहरू खडा हुनुहुन्थ्यो । खानीबाट गनेर ल्याई विद्यालयमा गनेर बुझाउनुपर्थ्यो । यो त विशेष ढुङ्गा भएकाले पैसाको कुरा पनि त महँगो नै थियो । श्रम मात्र हाम्रो हो । भावना हाम्रो हो । एकता हाम्रो हो । सोच हाम्रो हो । शैक्षिक भ्रमण पनि भयो ।

भूगोलमा पढेको कुरा प्रत्यक्ष साक्षात्कार भयो । किताबी ज्ञानलाई कसरी परीक्षण गर्नुपर्ने भन्ने पनि थाहा भयो । घरको ढिँडोरोटो खाजा खाएरै बिहान ६-७ बजेदेखि बेलुका १२-१ बजेसम्मको अभियान विद्यालय निर्माणमा **कोशे-ढुङ्गा** नै साबित भयो । विद्यालयलाई ठूलो योगदान पनि । व्यावहारिक सिकाइ । मिहिनेत नगरी सुख पाइन्न भन्ने ज्ञान ।

आफ्नो विद्यालय आफैँ बनाउनुपर्छ भन्ने मान्यता । सम्झना सदा आउँछ, त्यस बेलाको शिक्षा र निर्माण पद्धतिको ।

शायद पाखापर्वतमा यस्तै मिहिनेतले तिनताक विद्यालय खुलेका, बनाइएका र सञ्चालन गरिएका पाइन्थे । अर्को अर्थमा भन्ने हो भने त्यो निर्माणको युग थियो, सामुदायिक सहभागिताको उच्चतम प्रयोग थियो, विद्यार्थी र अभिभावकहरूको कठोर तपस्या र मिहिनेतको फल थियो, शिक्षाप्रेमीहरूको दूरदर्शिता थियो, योगदान र प्रेरणा थियो । सकारात्मक सोच र तौरतरिकाबाटै उन्नति हुने रहेछ भन्ने ठोस उदाहरण थियो यो । शिक्षाप्रतिको समर्पण र त्याग यसरी नै गर्न नसकेको भए आजका सन्ततिको हालत के-कस्तो हुन्थ्यो होला ?



चन्द्रावती माविको पुरानो भवन बीचमा देखिएको छ ।

२८. हाटबजार व्यापार कस्तो ? विद्यार्थी युनियनको सस्तो

चन्द्रावती माध्यमिक विद्यालयमा पनि विद्यार्थी युनियन खोलिएको थियो । प्रकाश अकेला त्यसका अध्यक्ष थिए त्यसताका । युनियनको स्रोत जुटाउन व्यापार पनि गरे । मिर्लुङ ठूलढुङ्गामा मेला लाग्दा युनियनका साथी मिलेर सबै चीजको राम्रै व्यापार गरे । नाफा पनि भएछ । सस्तोमा धेरै बेचेर उदाहरणै बनेछ । मेला हेर्ने धोको पनि पूरा भयो । '**एक पन्थ, दो काज**' भयो । किन्ने पनि तिनै विद्यार्थी र अभिभावक हुने नै भए । टाढा भएकाले सबै जान सक्ने अवस्था त थिएन । जे होस्, यसबाट व्यापारको अनुभव हासिल गरे, नाफाले युनियन चलाए । मेलाको महत्त्व थाहा भयो । परम्परा र संस्कृतिको संरक्षणमा योगदान गरे । किताबीभन्दा व्यावहारिक ज्ञान बटुले । समूह कार्यको वास्तविक अनुभव र उपलब्धि पाए । कक्षाको सिकाइलाई माथ गरे ।

बलराम दाइ पनि युनियनमा जिम्मेवार व्यक्ति हुनुहुन्थ्यो । लीलाराम देवकोटा, नरहरि दाइ पनि सँगै । लीलाराम दाइ (मेरो मावली दाइ हुनुहुन्छ) पनि आफ्नो प्रत्येक कक्षामा पहिला र शायद कहिले त विद्यालयकै सर्वोत्कृष्ट पनि भएजस्तो लाग्छ । उहाँहरू मभन्दा एक कक्षाले वरिष्ठ हुनुहुन्थ्यो । एसएलसीमा चन्द्रावती हाईस्कूलबाट पहिलोपल्ट प्रथम श्रेणीमा सफल हुने मेधावी छात्र उहाँ नै हुनुहुन्थ्यो । युनियनमा लागेर पढाइ बिग्रन्छ भन्ने कसैकसैको भनाइलाई उहाँले गलत साबित गरिदिनुभयो ।

हामी सँगै बस्थ्यौँ तिनताका भोजराज खनालको लामो कटेरा (लामो डेरा भन्ने चलन थियो) मा विद्यालयको एकदम नजिक । छात्रावासजस्तै गरी बनाइएको थियो । २०२४/२०२५ शैक्षिक सत्रको कुरा हो यो । म नौ कक्षा पढ्दै थिएँ । दाजुहरूले युनियनका बिक्री गरेर बाँकी सामान हाम्रै डेराको माथिल्लो तलामा खाली ठाउँमा ल्याएर राख्नुभएको थियो । एकदुई महिनापछि त टिन फुटेर चुहिएछ, ह्वास्सै गनायो । वास्तवमा, रक्सी पनि जात्रामा बेच्न राखिएको रहेछ, बचेको रहेछ । कोठा नै गनाउने भयो चुहिएर । लाग्यो, व्यापार गरे पनि रक्सीचाहिँ नगरेको भए हुन्थ्यो । अझ फिर्ता ल्याएर नराखेको भए हुन्थ्यो । आज हाम्रो बसाइमा नै नोक्सानी गर्ने भयो भनियो । पछि उहाँहरूले त्यसको बन्दोबस्त गर्नुभयो । रक्सीको व्यापार गर्नु विद्यार्थीका लागि सुहाउने थिएन पक्कै । त्यो ठाउँका मान्छेको चाहना र परम्परामा मिसिन खोज्दा पहिलो अनुभव बटुल्ने युनियनलाई त्यस बेला उचितै लाग्यो होला । यसबाट पनि शायद सकारात्मक र नकारात्मक सबै ज्ञान प्राप्त भए ।

व्यापार गर्दा अरू के भयो, थाहा भएन तर रक्सी व्यापारले उहाँहरूलाई रक्सी चाख्न प्रेरित गऱ्यो । शायद त्यसैबाट खान पनि मन लाग्यो होला । कतै बानी त परेन

यसबाट भन्ने पनि शङ्का लाग्छ । यदि परेको भए यसमा विवेक तथा विचार पुऱ्याउन नसक्नुमा उहाँहरूको र युनियनको पनि दोष हुन सक्छ ।

जे होस्, हरेक कुराका सकारात्मक र नकारात्मक पक्ष त हुन्छन् नै । सकारात्मक पक्षको पहिचान गरेर अगाडि बढ्न सके ज्ञान, मान, शान, धन, शिक्षा, अनुभव र व्यक्तित्व पहिचान पनि हुने रहेछ । त्यसले आफू र आफ्नो पुस्ता मात्र होइन, भावी पुस्तालाई पनि केही हदसम्म मार्गदर्शन गर्न सक्ने विश्वास हुँदोरहेछ । विद्यार्थी युनियनको आवश्यकता, महत्त्व, गतिविधि, कार्य क्षेत्र, सीमा र सम्भावनालगायतका सबै विषयमा विचारविमर्श त हुनै पर्छ । शिक्षा र राष्ट्रमा यसको नकारात्मक असरलाई न्यूनीकरण गर्दै सकारात्मक पक्षलाई दह्रो बनाउनु अत्यावश्यक छ ।



तत्कालीन युनियनका अध्यक्ष प्रकाश अकेला
(कालिकोटे क्षत्री)

२९. बिष्टेको नाटक : ज्यादै रोमाञ्चक

कक्षा ७ मा पढ्दाको कुरा हो शैक्षिक सत्र ०२३/२४ सालमा । नाटकको नाम पनि बिर्सियो तर आफूले खेलेको भूमिका बिर्सेको छैन । चन्द्रावती हाईस्कूलकै कुरा हो । शायद युनियनको सक्रियतामा भएको थियो साँस्कृतिक कार्यक्रम । मलाई लाग्छ- त्यो रात विद्यालयको वार्षिकोत्सवको उपलक्ष्यमा पुस ६ गते बेलुका २०२३ साल । मैले भूमिका पाएँ वा रोजेँ बिष्टेको । बिष्टेको भूमिका त्यति धेरै होइन तापनि घोकेर कण्ठस्थ पारिएको थियो । अभ्यास पनि पर्याप्त गरिएको थियो एक हप्ता अगाडिदेखि दैनिक रूपमा । विद्यालय-प्राङ्गणको अफिसघरअगाडिको चौर दर्शक तथा श्रोताको लागि पर्याप्त थियो । अफिस घरअगाडि मञ्च । हेर्न आउने मान्छे पनि उधुमै । आफू पनि पहिलो पटक नाटक खेल्न तम्सिएको । विशेष महत्त्वपूर्ण र परीक्षणको घडी थियो यो मेरा लागि निकै संवेदनशीलजस्तै ।

मैले त्यसको भूमिका राम्रै वहन गरेँजस्तो लाग्छ । नबिराई, नडराई आवश्यकता-अनुसार तोकिएबमोजिम । जसको अभिनय गरिन्छ, त्यस पात्रको यथार्थ नक्कल गर्न सके मात्र सजीव अनुभव हुने हो । मैले त्यो प्रयत्न गरेँ । अरू साथीहरूको त झन् महत्त्वपूर्ण भूमिका थियो, सबैले राम्रै गर्ने प्रयत्न गरे । कति केटाले केटीको भूमिका पनि सफलतापूर्वक गरेका थिए । मेरा लागि बिष्टेको भूमिका नै महत्त्वपूर्ण अनुभव भएको थियो । अरूका लागि भन्दा आफ्ना लागि पो बढी रोमाञ्चक भयो होला जस्तो लाग्छ ।

पहिले-पहिले पुराण, नाटक, लोक तथा दोहोरी गीत, श्लोक कविता आदिका माध्यमबाट पनि शिक्षाको प्रचार-प्रसार हुन्थ्यो । नाटकहरू मनोरञ्जन मात्र होइन, शिक्षाप्रद पनि हुन्छन् । राणाकालमा डबलीमा नाटक देखाएर राजनीतिक वा अन्य विषयको वस्तुस्थिति अवगत, मनोरञ्जन आदि गरिन्थ्यो । यो विशेषतः राणा वा भारदारहरूका लागि मात्र हुन्थ्यो । आजभोलि औपचारिक शिक्षाको साथै नाटक, चलचित्र, साँस्कृतिक कार्यक्रम, साहित्यिक कार्यक्रम, लोकदोहोरी प्रतियोगिता, सभा, समारोह, प्रवचन, दिवस, पुराण, प्रदर्शनी, पुस्तकालय आदिको माध्यमबाट शिक्षाको विकास र विस्तार हुने गर्दछ । इन्टरनेटको विकाससँगै नयाँ-नयाँ प्रविधिको माध्यमबाट पनि फाइदा लिन थालिएको छ । यस्ता विधिहरूमा नाटक खास गरी निरक्षर मान्छेहरूका लागि बढी उपयोगी हुने गर्दछ ।

नाटक खेल्ने चलन बिस्तारै बढ्दै गयो । यो अहिले पनि कम महत्त्वको छैन । पछि यस्तै नाटक खेलाउने जिम्मेवारी नै वहन गर्नुपर्‍यो । पढ्दाको कुरा नाटकमा खेल्नु थियो भने पढाउँदाको कुरा विद्यार्थीहरूलाई खेलाउनु थियो । नाटकका विभिन्न अङ्क वा दृश्यमा विद्यार्थीहरूलाई प्रतिभा उकास्ने वा प्रदर्शन गर्ने मौका हुन्थ्यो । सन्देशमूलक

शिक्षा र नैतिकताको आचरणलाई प्रश्रय दिने खालका नाटक बढी चल्थे त्यस बेला। बीचबीचमा गीत, नाच बाजा वा संयुक्त प्रस्तुति हुन्थ्यो।

पहाडमा यस्तो पद्धति व्यवस्थित र आम रूपमा अनुशाासित तवरले गर्ने काम भएकाले विद्यालय सबैको केन्द्र-विन्दु हुन्थ्यो। सबै सँस्कृतिको सङ्गम यहीँ हुन सक्थ्यो। यसलाई प्रवर्धन गर्न, विद्यार्थीहरूको प्रतिभाको प्रस्फुटन गराउन, त्यसको विकास गराउन र योग्य नागरिक उत्पादनमा यस्ता कार्यक्रमले निकै मद्दत र मार्गदर्शन गर्ने अनुभव हुन्छ। मनोरञ्जन त सबैले अपेक्षा गर्ने तात्कालिक चाहना, आवश्यकता र स्वास्थ्य विकासको क्षेत्र हो जस्तो लाग्छ।

जे होस्, बिष्टे पात्रले मलाई एकाकार गरायो, मेरो प्रतिभा तथा आत्मबललाई उकास्यो, भविष्यलाई प्रेरणा दियो भने त्यो भन्दा बढी के खोज्ने ? तत्काल मनोरञ्जन कति दिन सक्यो बिष्टेले कुन्नि ! तर सहपाठीहरूले राम्रै प्रशंसा गरे। दर्शकहरू हाँसे, रमाए, ताली ठोके, बस् यत्ति हो रङ्गमञ्चको रोमाञ्चमा बिष्टेको पुरुषार्थ।

३०. जङ्गलमा खेल्यो तास : बुबाले देखेपछि बित्यास

तास नराम्रो आदत रहेछ तर मन बहलाउन ठूलादेखि सानासम्मलाई यसले साथ पनि दिने रहेछ । जूवाकै रूपमा खेलियो भने त यसले समाजिक विकृति बढाउने निश्चित छ । त्यसैले आजभोलि प्रहरीले निकै कडाइ गरेको पाइन्छ । त्यस बेला त्यस्तो थिएन । अझ केही समयअघि नै पनि अदालत आफैँले मनोरञ्जनका लागि खेलिने म्यारिज खेलका लागि जूवाको संज्ञा नदिने फैसला गरेको पनि सुनियो । अझ यसको त विधानै बनाएर पनि चालू भएको कुरा इन्टरनेटमा पढ्न पाइन्छ ।

महाभारत यसैको परिणाम भने पनि हुन्छ । राणाकालमा तिहारमा मात्र सर्वसाधारणका लागि जूवा फुक्ने र बन्द गर्ने गरिन्थ्यो । त्यसैले ठूलाको देखासिकी गरेर विद्यार्थीहरू पनि यसतर्फ आकर्षित हुँदा रहेछन् तर मान्यवरका अगाडि भने खेल्न नहुने, डर लाग्ने । त्यसमा पनि विद्यार्थीको प्रमुख काम पढ्ने हो । तासमा भुल्यो भने सबै समय यसले खान्छ, पढाइ बरवाद हुने भयो । सके त पैसाबाजी भए त्यो पनि जाला । रातमा भए निद्रा ।

हामीलाई पनि तास खेल्ने बानी लागेको थियो । नक्कल न हो । पैसा खेल्ने भने होइन किनभने पैसा कहाँ पाउने ? ट्वेन्टी नाइन, दहर खाने, गुलाम चोर, जुट पत्ती जस्ता रमाइला खेल नै प्रमुख थिए । तिहारमा भने सत्र, नकस आदि खेलिन्थ्यो । बुर्जा खेल्ने हावा पनि आज-भोलि देखिन्छ । त्यति बेला कौडा त तिहारमा चर्कै हुन्थ्यो । चिया पसलतिर चार जना हुनासाथ या त दहर खाने या ट्वेन्टी नाइन नै भिड्थे । पैसा बाजी खेल्ने वरिष्ठ अभिभावकहरू पनि भेटिन्थे जसले साइटन, रमी, पप्लु, कलब्रेकजस्ता खेल समयसमयको विकास क्रममा खेलेको पाइन्थ्यो । हामी कतिपय अवस्थामा रमिते पनि हुने । छुट्टीका दिन, स्कूल छुटेपछि वा शुक्रवार घर आउँदा बाटोमा यस्तो खेलले अवसर बढी पाउँथ्यो । एक दिन यसरी नै खेलिरहेको खेलमा म पनि सामेल थिएँ । विद्यालयनजिकै छुट्टीपछि यो टीम जुटेको थियो । दाजुहरू पनि थिए, अरू साथीसँगै । संयोगवश त्यो दिन बुबा टुप्लुक्क आइपुग्नुभयो । पत्तै भएन छड्के हानेको । यो योजनाबद्ध थियो वा संयोग, थाहा भएन । मैले बुबालाई देख्नासाथ अर्को साथीलाई जिम्मा दिइहालेँ । बुबाले मैले खेलेको देख्नुभयो वा भएन, मलाई भने लाज र डरले भुतुक्क पारेको थियो । शायद त्यसपछि तास खेल्ने जमर्को पनि गरिनँ जस्तो लाग्छ । ***'एक फेर नपरी कसरी चेतूँ'*** भनेको यही होला । बुबाले त्यसपल्ट केही गर्नुभएन । यसरी खेल्नु हुँदैन भन्ने सल्लाह र सुझाव मात्र दिनुभयो हामी सबैलाई । बरु सबैको मनमा अब घर गएर अरूलाई भनिदिनुहुन्छ होला भन्ने डरले डेरा भने राम्ररी जमाएको थियो सबैको ।

तास खेल्ने यस्तो बानीले यसरी गाँजे पनि यो एक छिनको रमाइलो थियो । आर्थिक संलग्नता र अरू दिनमा यसले खास प्रभाव पार्न सकेको थिएन तर अभिभावकले वास्ता नगर्ने साथीहरूको हकमा भने अझै यसले बढी प्रभाव पारेको थियो । रात वा दिन भन्ने थिएन । बिदा वा अरू दिन भन्ने पनि थिएन जस्तो लाग्छ । आर्थिक पक्ष पनि कहिलेकाहीँ समावेश थियो कि कुन्नि ! जे होस्, उनीहरू पढ्नमा कमजोर भएका थिए । तास किन्नै मात्र पनि त हामीलाई केही खर्च भने अवश्य हुन्थ्यो । यसले प्रदान गरेको र माइलो, नयाँ तौरतरिकाको जानकारी, बुद्धिको विकासजस्ता कुरा भने गौण हुँदा रहेछन् यसका अवगुण धेरै हुने भएकाले ।

तासको ५२ पत्तीमा ५२ थरी खेल हुने । चटक त कति-कति ! यस रोगले के विद्यार्थी, के शिक्षक, के कर्मचारी, के किसान, के सर्वसाधारण, के ठूलाबडा सबैलाई गाँजेको पाइन्छ । सबैको सोख बनेको पाइन्छ । के देश, के परदेश सबैतिर यसले भ्याएको छ । के चाडबाड, के अन्य विदा, सबैमा यसले खाल जमाएको देखिन्छ । के साथीभाइ, के परचक्री यसलाई मिलन-बिन्दु बनाउन बेर लाग्दैन । यसको मित्रता पनि बडो गजबको हुने । यसको शत्रुता पनि भयङ्कर हुने । यसबाट अलग हुनु पनि पर्ने, हुन पनि गाह्रो । के दिन, के रात, फिल्ड वा सदरमुकाम जुनसुकै बेला यसले साथ दिन सक्दछ । पढाइ त बिगार्ने कुरामा दुई मत छैन । कर्मचारी भए अफिसको काम पनि बिगार्दछ । बाजी थापेर खेल्ने आजको प्रचलनले मनोरञ्जनभन्दा पनि आर्थिक उपार्जनतर्फ धकेलेको छ । यसबाट आफूलाई जोगाउन सक्नु नै बुद्धिमानी हो ।

३१. काला गए गोरा आउँछन्

कक्षा ७ मा प्रथम भएर कक्षा ८ मा गएको हुँदा म कक्षाको मनिटर थिएँ स्वाभाविक रूपमा। भर्खर पुसको दोस्रो सातादेखि पढाइ हुन थालेको थियो। त्यस बेला हेडमास्टर हुनुहुन्थ्यो विश्वनाथ आचार्य। उहाँ का.मु. हेडमास्टरको रूपमा काम गर्नुहुन्थ्यो। भानुभक्तका पनाति पर्ने उहाँप्रति मेरो अगाध आस्थासाथै माया थियो र छ। भानुभक्तको गाउँ, सालिक हेर्न पनि हामी गएका थियौँ रम्घा डाँडामा। भानुभक्तकै खलकमा विभिन्न विद्वान्हरूले तनहुँको साहित्यिक र शैक्षिक ज्योति फैलाइरहेका छन्। नेपाली भाषाको मात्र होइन, संस्कृत र अन्य भाषा साहित्यमा पनि योगदान दिएका छन्। संस्कृतमा विशेष योगदान गर्ने डा. शिवराज कौडिन्यायनजस्ता व्यक्तिहरू यस ठाउँले जन्मायो। त्यसो त नेपालकै दोस्रो प्रधानमन्त्री रङ्गनाथ पौडेलको पुर्खौली पनि तनहुँ नै हुनु सबै दृष्टिकोणले गौरवको विषय रह्यो। त्यसैले हामी तनहुँका महत्त्वपूर्ण ठाउँ र व्यक्तिहरूको अध्ययन गर्ने सिलसिलामा शैक्षिक भ्रमणको दृष्टिले हामी चुँदी रम्घा गयौँ। पछि मनोहर निमाविको हेडमास्टर हुँदा पनि २०३३ साल असोज महिनातिर मैले विद्यार्थीहरूलाई त्यहाँ लगेको छु। नेपाल रेडक्रसमा काम गर्दा राष्ट्रिय स्तरको युवा रेडक्रस शिविर नै भानु जन्मस्थल विकास समितिको कार्यालयसँगै संस्कृत क्याम्पसमा सञ्चालन गरिएको थियो। त्यस्तै भानु जयन्तीका अन्य अवसरमा पनि लेख रचना पठाएर र वाचन गरेर सहभागी भएको थिएँ। भानु नगरपालिकामा पर्ने यो रमणीय, साहित्यिक र ऐतिहासिक स्थान पर्यटकीय दृष्टिले पनि उपयुक्त बन्दै गएको छ। डाँडाबाट देखिने हिमाली शृङ्खलालगायत पुर्कोट वसन्तपुर थानीमाईको मन्दिरजस्ता ठाउँ हेर्न र जान पनि सकिन्छ।

विश्वनाथ सर हामी कक्षा ७ मा हुँदा अङ्ग्रेजी पढाउनुहुने। उहाँ कक्षा ८ मा पनि अङ्ग्रेजी नै पढाउन थाल्नुभयो। अङ्ग्रेजी विषय हाम्रो सधैँ कमजोर रह्यो। उसो त अधिकांश नेपाली विद्यार्थीको हालत यस्तै होला, थियो र छ पनि। त्यसमाथि का.मु. हेडमास्टरले अङ्ग्रेजी पढाउँदा समय दिन गाह्रो हुन्छ। अझ त्यस विषयमा कमजोर भए झन् बरबाद हुने नै भयो। मलगायत त्यस विद्यालयको विद्यार्थी युनियनले बारम्बार अनुरोध गरी अङ्ग्रेजी शिक्षक अर्को ल्याउन भन्यौँ, माग राख्यौँ, हडताल पनि गर्‍यौँ तर सुनुवाइ भएन। शायद उहाँको अरू विषय राम्रो भए पनि अङ्ग्रेजी अपेक्षित दृष्टिले कमजोर थियो वा राम्रो थिएन। या त प्रशिक्षणको कमी हुनाले शिक्षण पद्धति नजानेर हो। अलिकति त अल्छी पनि गर्नुहुन्थ्यो। का.मु. प्रअ भएको घमण्ड पनि हुन सक्छ। नाके बोलीको उहाँको स्वर अन्य अवस्थामा त राम्रै लाग्थ्यो। वर्ष दिनमा २ वा ३ वटा शीर्षकभन्दा बढी पाठ मुस्किलले अगाडि बढ्थ्यो। हामी विद्यार्थी नै उस्ता भएर पाठ बढ्न नसकेको हो कि ? पढाउनेभन्दा कण्ठ गर्न लगाउने, अनि अर्को दिन सोध्ने, नजाने

लट्ठीले पिट्ने वा कान समातेर उठबस गर्न लगाउने गर्नुहुन्थ्यो । मलाई राम्रै सम्झना छ, सधैँ पहिले अरू विद्यार्थीलाई सोधेर नआए हाम्रो कक्षामा मलाई सोध्नुहुन्थ्यो । मैले सही उत्तर बताइदिने, पाठ कण्ठ सुनाउने, गृहकार्य देखाउने आदि काम गरे वा भनेपछि उहाँले स्याबासी दिनुहुन्थ्यो । एक दिन भने मैले पनि एउटा शब्दको माने बताउन नसकेर कान समात्दै ९५ पटक उठबस गर्नुपरेको थियो ।

जे होस्, अब आठ कक्षामा राम्रो शिक्षक आउलान् भनेको, त्यो नहुने भयो । सपना तुहिएपछि राम्रो विद्यालयमा पढ्न जाने कुरा भयो । हामी केही जेहेनदार मानिएका विद्यार्थी (कक्षा ८ र ९ का) अन्यत्र राम्रो स्कूलमा जाने भन्न थाल्यौँ । विश्वनाथ हेडमास्टरकहाँ कुरा पुग्यो । अनि उहाँले त जाओ, 'काला गए गोरा आउँछन्' भन्नुभयो । बरु सुधार गर्छु, राम्रो शिक्षक ल्याउँला भन्ने आश्वासनको बदला त्यसो भनेपछि हामी ठिटाहरू न थियौँ । 'अब हामी यहाँ पढ्दैनौँ, स्थानान्तरण प्रमाणपत्र दिनोस्' भन्न थाल्यौँ । एक दुई दिन यसरी नै बित्यो । यस मागमा अग्रसर धेरै विद्यार्थीलाई सम्झाउनुभयो, कुरा बुझाउनुभयो मेदिनी, रामचन्द्र पौडेल आदि सरहरूले । जेहेनदार विद्यार्थी नै अन्यत्र गएपछि विद्यालयको हालत के होला ? मेदिनी सर चिन्तित हुनुहुन्थ्यो ।

शायद धेरैको सोचाइ यस्तै थियो । अभिभावक बोलाएर सम्झाए र धेरै विद्यार्थी अब पछि हटे पनि । तर म र बलराम ढकाल दाइले अड्डी लियौँ । बलराम दाइ पनि उहाँको कक्षामा दोस्रो तेस्रोमा पर्ने विद्यार्थी हुनुहुन्थ्यो । शायद नरहरि दाइ र मानबहादुर महत पनि हामीसँगै कुन्छा जानेमा सहमत भयौँ । त्यसैले हामी पनि एक किसिमका घमण्डी नै थियौँ जस्तो लाग्छ । हामीलाई पनि अभिभावक ल्याउन भनियो । ल्यायौँ पनि । हामी र अभिभावक दुवै थरीलाई सँगै वा अलग राखेर अन्य शिक्षक वर्गले जति सम्झाए पनि हामी मानेनौँ । हाम्रो एक मात्र अभिव्यक्ति बन्न थाल्यो : ***'काला गए गोरा आउँछन् ।'*** आखिर अभिभावकले हामीलाई सम्झाउँदा पनि हामी नमान्ने भयौँ । स्थानान्तरण प्रमाणपत्र लिएरै छाड्यौँ र लमजुङ कुन्छास्थित शान्ति हाईस्कूलमा गएर पुस महिनाको अन्तमा भर्ना भयौँ ।

विद्यालय संस्थापक तथा गुरु
मेदिनी शर्मा पण्डित

डेरा गरेर बस्नुपर्ने, त्यति बेला लमजुङको सदरमुकाम रहेको कुन्छामा हरेक कुरा महँगो थियो । दाउरा, पानी र डेरा डन्डाको बहाल आदिको समस्या । ४ जना मिलेर बस्दा पनि त्यस्तो । खास गरी अरू त जेनतेन चल्थ्यो तर दाउरा सुकेको नपाइने । एक महिनाअघिदेखि काँचो दाउरा दाउरेनीको बाटो कुरेर सदरमुकाम लान लागेको दाउरा महँगोमा किनेर सुकाउनुपर्ने, चुलाको माथि राखेर तताउनु वा सेकाउनुपर्ने आदि दुःख थियो । जे होस्, हामीले राम्रै दुःख गरेर बस्यौँ । राम्रै पढ्न थाल्यौँ । विद्यालयको पढाइबारे

बी.लाल मोक्तान, तिलकनाथ शर्मा, शुभनाथ मिश्र, इन्द्रविलास अकेला, शिवकुमार अधिकारी, उदयराज सोती, कृष्णकान्त अधिकारीजस्ता चर्चित र दक्ष शिक्षकको नाम सुन्दा र तीमध्ये केहीले पढाउँदा त्यसै मक्ख थियौँ । तथापि हामीलाई पिरोल्ने दैनिक गुजारा नै थियो । चन्द्रावतीका अरू मास्टरहरूले तिमीहरू आखिर यहीँ फर्केर आउँछौ भनेको मात्र याद आउन थाल्थ्यो तर विश्वनाथ भएसम्म फर्कन हाम्रो अहम्ले मान्दैनथ्यो । जेठसम्म यसरी नै चल्यो । चन्द्रावतीमा जस्तो पढाइमा स्थान हासिल हुने कुरा भएन, गुजारा त कुरै भएन ।

संयोगवश का.मु. हेडमास्टर विश्वनाथ आचार्य अन्यत्र सरुवा भएको जनकारी भयो । अनि हामीलाई बाटो खुल्यो । हामी फेरि चन्द्रावतीमा फर्केर भदौदेखि भर्ना भई पढ्यौँ । मूलतः यस गडबडीले गर्दा नै म आठ कक्षामा चौथो मात्र हुन सकेँ । गुरुहरूको भनाइ सही साबित भयो । यो हाम्रो लागि ठूलो शिक्षा थियो ।

३२. सहपाठीका जुठा भाँडा : खोसी माभ्न व्यर्थ लफडा

विद्यार्थी जीवन पनि अचम्मकै हुँदो रहेछ । त्यो उमेर, अवस्था, सोच र सामर्थ्य अनि वातावरणको कुरा हो जस्तो लाग्छ । चन्द्रावती हाईस्कूलमा ८,९ कक्षामा पढ्दाको कुरा राम्रै याद हुने नै भयो । एक दुई वर्ष अगाडिदेखिकै कुरा हो, टाढाका विद्यार्थीहरू डेरा गरेर बस्ने चलन स्वाभाविकै थियो । एउटा चलन भने अचम्मको लाग्छ । त्यो के हो भने भाँडा माभ्ने आफ्नो मात्र होइन, अरूको पनि । त्यो पनि खोसेर भए पनि । जसले अरूको लागि सहयोग गर्न सक्यो त्यो हिरो हुने जस्तो । यो शायद अन्त कहीँ नभएको चलन त्यहाँ हामीले विकसित गऱ्यौँ । आफ्ना भाँडा त नमाभ्ने आजको समाजको प्रवृत्ति हो । हामी भने त्यतिखेरका विद्यार्थी अरूका भाँडा, त्यो पनि खोसेर, डाँडाकाँडा, वनजङ्गलसम्म लगारेर भए पनि भाँडा खोस्ने र माफ्नेर लगेर राखिदिने गजबको चलन । यसले शारीरिक व्यायाम त हुने नै रहेछ । सहयोगको भावना पनि विकास हुने । आपसी मेलमिलाप बढ्ने । दुःखमा त झन् पूरै रेखदेख र सहायता प्रदान हुने ।

भाँडा माभ्न दाउ हेर्ने । चाँडो खाना खाएर आफ्ना पकाउने कसौँडी, ताप्केदेखि लिएर खाएका थाल वटुका सबै थोक उछिट्याएर लाने, अनि सबै माभ्ने । यसमा जसले सक्यो, उसले गरिहाल्थ्यो । सामान्यतः मान्छे प्रत्यक्ष वा अप्रत्यक्ष ठग हुने देखिन्छ, आफ्नो काम पनि अरूले गरिदेओस् भन्ने । यहाँ त अरूको खोसेर पनि आफूले गर्ने भनेपछि ठीक विपरीत धारका विद्यार्थी थियौँ हामी । शायद यस्तो कमै देख्न पाइन्थ्यो वा पाइन्छ । यस्तो त भविष्यमा पनि कहीँ देखिने छैन होला ।

रमाइलो कुरा त के थियो भने दुई जनामा छिनाझपटी हुने, तेस्रोले पनि खोस्ने हुन्थ्यो कहिले । कहिले त ५ देखि १० मिनेटसम्मको दूरीसम्म लखेटेर खोसेरै भए पनि भाँडा माभिन्थ्यो । अझ कहिले त जङ्गलमा लखेट्नेसम्मका काम हुन्थे । जसरी पनि आफूले सबै भाँडा माभ्न सक्यो भने पुरुषार्थ ठानिन्थ्यो । आफूलाई सन्चो नभएको वा जरुरी परेको बेलामा भने यस पद्धतिले फाइदै हुन्थ्यो उसलाई ।

यसो नगरी पालो गरे पनि त हुन्थ्यो होला तर हामीमा त्यो सोचको बदला अरूका लागि सधैँ सुख दिने प्रवृत्ति हावी भयो । कतिलाई त पत्याउनै गाह्रो होला । त्यस बेलाका साथीहरू भेटेर कुरा गरे छर्लङ्ग हुन्छ, अझ थप रमाइला सत्य घटनाहरूको कारण हामी नै बनेका हुन्थ्यौँ । साथीहरूबीच आत्मीयता बढ्नुको एउटा प्रमुख कारण पनि थियो यो । यसले पढाइलेखाइमा पनि उत्तिकै मद्दत गरेको हुन्थ्यो । ठूलो कक्षाकाले सानो कक्षाकालाई घरमा सिकाइदिने गरिन्थ्यो । यो बेकारको लफडामा किन भुल्नुपर्ने होला ? पालो गरेर भाँडा माभ्ने गरेको भए पनि त हुन्थ्यो भन्ने प्रश्न आउन सक्ला तर त्यसको आनन्द अर्कै हुँदो रहेछ । लफडा अनुभवै भएन । मज्जा नै अर्कै ।

३३. पूजामा चप्पल साटियो : विद्यालय जानै ढाँटियो

हिन्दू संस्कृतिमा गाउँघर पहाड वा तराई सबैतिर पूजापाठ राम्रै हुने गर्दछ । सत्यनारायणको पूजा बेलाबखतमा हुने । साथीहरूको घरमा त्यस्तो आयोजना हुँदा निमन्त्रणा पनि आउने । जानु कर्तव्य नै ठानिने । प्रायः बेलुका न हो त्यस्तो पूजा । केही टाढा नै हुन्थ्यो प्रायः । साथीहरू मिलेर जाने आउने गरिन्थ्यो, पूजाको पञ्चामृत र प्रसाद खाएर फर्किने गरिन्थ्यो । ढकालकुनाका कृष्ण ढकालको घरबाट निम्ता आयो त्यस्तै । कार्तिक महिना हो क्या रे २०२३ सालमा । गयौँ रमाउँदै बेलुका खाना खाएपछि । दिउसो त विद्यालय हुने भइहाल्यो । शनिवार वा कुनै खास बिदाको दिन पर्दा भने समय पर्याप्त दिन र आवश्यक सहयोग पनि गर्न सकिन्थ्यो । त्यहाँ त्यस्तो धेरै गर्न सकिएन, सम्भव थिएन र शायद अपेक्षा पनि थिएन दुवै थरीको । यसले संस्कृतिको ज्ञान, सामाजिक सम्पर्क, धार्मिक आस्थाको विकास, मित्रताको सुदृढीकरण र अतिरिक्त समयको नौलो प्रयोग हुन्थ्यो, केही अवश्य सिकिन्थ्यो ।

पूजा राम्ररी नै सकियो । विभिन्न दिशाका आमन्त्रितहरू आ–आफ्ना घर फर्कन थाले । पञ्चामृत खान र प्रसाद लिन भीड नै हुन्थ्यो । कति त भोलिपल्टसम्म पनि बस्थे होलान् तथापि हामीले कथामा सुनेजस्तो *‘प्रसाद कस्तो रहेछ ?’* भनेर भोलिपल्ट बिहान फर्कनेहरूलाई सोध्दा *‘नुनिलो थियो’* भन्ने यहाँ र यस्ता पूजामा कहिल्यै सुनेनौँ । हामी विद्यार्थी त बेलुका नै बिदावारी भएर फर्कने काम मात्र त बाँकी हुन्थ्यो । हामी पनि त्यही धुनमा थियौँ । भीडमा राखनधरनको समस्या सधैँ हुने गर्दथ्यो । आफ्ना सामानको सुरक्षा आफैँ गर्नु नै उत्तम हुन्छ तर सधैँ त्यो सम्भव नहुने रहेछ ।

विद्यार्थी जीवनमा भर्खर त्यस बेला चप्पल लाएर हिंड्ने चलन बसेको थियो । कसैकसैले जुत्ता नै लगाउँथे । गाउँमै सिलाएका छालाका जुत्ता हुन्थे । राम्रो सीप भएका अक्करे सार्कीबाले सिलाएको जुत्ता मैले लगाएको छु । ओजराजजस्ता ठूला व्यक्तिलाई पनि अक्करमा पार्न कुशल तर हामीलाई अक्करमा पनि मद्दत पुग्ने जुत्ता सिलाइदिन्थे । पछि कलकत्ताबाट रामबहादुर (ताकुले नेवार) श्रेष्ठ मामाले ल्याइदिएको बाटा कम्पनीका जुत्ता पनि लगाएको छु । पूजाको बखतमा छालाको सामान वर्जित हुनाले चप्पल लगाउनु नै उत्तम हुन्थ्यो । हामीले पनि त्यसै गरेका थियौँ तर समस्या त्यसको व्यवस्थापनमा हुन्थ्यो, भयो । मेरा चप्पल कता परेछन्, फेला पार्न गाह्रो भयो । अँध्याराको समयमा त्यसै गाह्रो भयो । आखिर चप्पल पाइयो भनेर ल्याइयो पनि तर हलपाटे परेछन् । एउटा ठूलो र अर्को सानो । जसले लगायो वा लग्यो, त्यसलाई पनि त उही समस्या भयो होला । भोलिपल्ट हल्ला गरेर पनि सम्भव नहुने । भोग्नै पऱ्यो । रातको समयमा खेतको बाटो

लड्दै पड्दै आइयो, चप्पल त हातमा बोकेर, त्यो पनि हलपाटे। आखिर यसको प्रयोजनै भएन। खुट्टामा लगाउने वस्तु हातमा लाएजस्तो भयो।

यस्ता समस्या बेलाबखतमा बेहोर्नुपर्दो रहेछ। मेरी ठूली छोरी उपमा गौरीशङ्कर मावि बाफल काठमाडौँमा शिक्षक भई पढाउँदा शैक्षिक भ्रमणमा गएर फर्केकी थिइन् भारतबाट। उनमा एक जोर राम्रा चप्पल मेरा लागि ल्याइदिने सोच भएछ। चप्पल त ल्याइन् तर उही हलपाटे। कत्रो चाहाना, दुःख र खर्च ! तर काम लागेन। विक्रेताले याद गरेन र क्रेताले पनि चनाखो भएन भने जहाँ पनि यस्तो समस्या आउन सक्ने रहेछ। यस्ता सामान्य कुरामा पनि ध्यान दिनुपर्ने रहेछ।

पूजा होस् वा व्यापार, व्यवस्थापनकै कमी र ध्यान नपुग्दा यस्तो हुनु हाम्रो समाजको विशेषता नै भने हुन्छ। विद्यार्थी जीवनमा भने सानै समस्या पनि ठूलो हुने रहेछ किनभने ऊसँग पैसाको कमी हुने भयो। आम्दानीको बाटो हुने भएन। बा–आमा वा अभिभावकको क्षमता, सोच, सहयोग र मार्गदर्शनमा भर पर्ने भयो। शायद त्यस बेला पनि एकजोर चप्पलले ठूलै समस्या खडा गरेको थियो समाधान नभएसम्म। अरू त त्यस्तै हो पर्सिपल्ट स्कूल जान सकिएन लाजले। किन नआएको भन्दा के भनेर पो हो एक किसिमले ढाँटियो। चप्पलको बन्दोबस्त गरेपछि यथावत् रूपमा अध्ययन अध्यापनमा सामेल हुन थालियो।

आज पनि म ती दिन सम्झन्छु र सतर्क हुन्छु। सतर्क हुँदाहुँदै त एक पटक थानकोटमा सरस्वती पूजाको दिन नरनारायण बाबाको प्रवचन सुन्न र लाखबत्ती बाल्न सहभागी हुन जाँदा टोकन दिएर राखेका मेरा पावर कम्पनीका एक जोर नयाँ जुत्ता (जसलाई केही दिनअघि मात्र रु. २,१६०/- मा भारतको रूपैडिहाबाट किनेर ल्याएको थिएँ) र श्रीमतीका त्यस्तै चप्पल कसले लग्यो, फेलै परेन। जिम्मा लिने मान्छे नै भागेपछि के गर्ने ? रक्षक नै भक्षक बनेपछि कसको के लाग्छ ? यो कुरा हरेक क्षेत्रमा लागू हुन्छ। त्यस दिन बेलुका रातमा स्थानीय पसलमा चप्पल किनेर लगाएर आइयो। चोरी वा बदमासीको पछि लागिएन। नत्र कानुनी उपचारका लागि प्रहरीसमक्ष जान सकिन्थ्यो। वसन्त पञ्चमीका दिन धर्म कमाउन र विद्या बढाउन गएको अवस्थामा नकारात्मक सोचलाई छाडिदियौँ। विद्याले विनय दिन्छ, विनयले असल पात्र भइन्छ। असल पात्र भएपछि, धन कमाइन्छ। धन भएपछि, सुख मिल्छ भन्ने पढेको सम्झेँ। त्यसैले यस्ता मामलामा चनाखो हुनै पर्ने रहेछ भन्ने विद्या ज्ञान भने पाइयो। व्यावहारिक पाठशालाको शिक्षा शायद यस्तै हुने होला।

३४. चुँदीमा माछा मार्दै : धान खेत छपक्कै पार्दै

'चुँदी खोला' सम्भवतः संस्कृतको 'चन्द्रावती' बाट अपभ्रंश भई 'चुँदी' नाम रहन गएको होला । मिर्लुङ्कोट, ज्यामरुक, चोक तथा लौडारी भञ्ज्याङको दक्षिणी पखेरोबाट बग्ने खोल्साहरू मिलेर बनेका म्याकुरे र अँधेरी भनिने दुईवटा खोलाहरू चन्द्रावती महादेवस्थाननजिकै मिसिएपछि चुँदी खोला भनिन्छ ।[१०] यो खोला त्यस भेगका बासिन्दाका लागि जीवनको आधार नै हो । यसबाट सिञ्चित क्षेत्र नै यहाँको अन्न भण्डार हो । माछाको लागि पनि प्रख्यातै हो । पर्याप्त पानी भएको मलिलो माटो, उब्जाउ त राम्रो हुने नै भयो । माछा मार्न पनि पाइने वा सकिने भनौँ ।

माछा खानाले तागत बढ्छ भन्ने पढेका मास्टर, विद्यार्थी र जो कोही माछा खान उत्सुक हुने नै भए । त्यहाँ नजिकबाट मात्र होइन, वसन्तपुरदेखि मध्यरातमा आएर कुलो भाँच्दै माछा मार्ने चलन थियो । कुलो भाँचेपछि खेतमा पानीको अभाव हुने भएकाले माछा त सेताम्मै पल्टेका हुन्थे ठूलोदेखि सानासम्म, भित्तेदेखि भोटीसम्म । कतिपय स्थानमा ढडिया नै थापेको हुन्थ्यो माछा मार्ने स्थानीय प्रविधि । त्यो त बरु व्यवस्थित नै हुन्थ्यो तर बिनाअनुमति कुलो भाँचेर अर्थात् कुलाको पानी जाने प्रणाली बिगारेपछि खेत धनी यसबाट रुष्ट हुन्थे, नहुने कुरै भएन । एक त पानी सुक्ने भयो खेतमा, अर्कोतर्फ माछा मार्दा बाली नोक्सानी हुन सक्थ्यो, आली भत्कन सक्थ्यो । हिलो धानवारीमा छताछुल्ल हुन्थ्यो । प्रायः भदौ असोजताकाको यो अवस्था अचम्मको अनुभव हुन्थ्यो । त्यसैले होला, जुनेली रातमा लुकीछिपी माछा मार्ने गरेका । गाउँले वा विद्यार्थी जसले कुलो भाँचे पनि रातमा नै यस्तो घटना हुने गर्थ्यो । एक पटक त नराम्रैसँग झगडा पनि परेको थियो खेत धनी र माछा मार्नेहरूबीच ।

हामी पनि बेलाबखतमा यस्ता कार्यक्रममा जुनेली खेल्थ्यौँ । माछा ल्याएर पकाएर स्वाद लिन्थ्यौँ । तरकारीको अभाव पूर्ति गर्थ्यौँ । कति ताकत बटुल्थ्यौँ, थाहा छैन । बिचरा माछाको भने काल । कतिसम्म भने जिउँदै डेरामा ल्याएर तात्तातो तेलमा माछा पकाउन हाल्दा कुन गति भयो होला ! माछा त तड्पेर मर्ने नै भयो, मान्छेलाई पनि जोखिम त मोल्ने रहेछ । ताप्केको तेल एक थोपा पनि बाँकी नराखी भित्ताभरि बनायो । कति हाम्रो ज्यानमा परेको थियो । पोल्यो पनि । धन्य ! तेल लुगामाथि परेकाले ज्यान बँच्यो । यो हाम्रो परीक्षण थियो । अनजानको खेल थियो । खतराको मेल थियो । विद्यार्थीको लहड थियो । संवेदनहीन रमिता थियो । उरन्ठेउलोपनको नतिजा थियो । एउटा जीवको जीवनप्रतिकै खेलबाड थियो ।

---

[१०] स्थाननाम-कोश : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४४

त्यसपछि भने हामीले राम्रै पाठ सिक्यौँ– त्यसो गर्न हुँदो रहेनछ भनेर । भोलिपल्ट कचहरीमा कुलो भाँच्नुको गल्ती स्वीकार्न पनि हामी पछि परेनौँ । शायद त्यसपछि हामी यस्तो काममा अग्रसर भएनौँ पनि । गाउँलेको प्रमुख दोष भए पनि हामी विद्यार्थीको त रमाइलो गर्ने यस बानीमा ठेस लाग्यो । चुँदी खोलाका स्वादिला माछा, ती माछा मार्ने हाम्रो परम्परागत पद्धति जे जस्तो भए पनि माछा मार्ने काम कुलो भाँचेर, बिष हालेर, बम पड्काएर वा कुनै न कुनै तरिकाले भइरहन्थ्यो । शिक्षक हुँदासम्म पनि त्यस सिजनमा दिउँसोको खाजा प्रायः माछा र चिउरा नै खाइन्थ्यो । फरक यत्ति हो, ती माछा मार्ने प्रविधि, व्यक्ति, उद्देश्य र परिणाम फरक हुन्थ्यो ।

वास्तवमा, अर्काको खेतको कुलाको पानी भाँचेर नकाम त भएकै हो हामीबाट । विद्यार्थीहरूबाट कहिलेकाहीँ यस्ता सीमा नाघ्ने काम हुनु नौलो थिएन त्यस बेला, शायद आजभोलि पनि तर स्थान विशेषको प्रकृति फरक भने अवश्य हुन्छ । त्यसको उपचार गर्नै नजानेर मात्र हो, व्यवस्थापन र समन्वय गरी खेतबाली नबिग्रने गरी माछा मारेर फेरि कुलो उस्तै बनाउन सकेको भए आँप पनि झर्ने, लट्ठी पनि नभाँचिने हुन्थ्यो होला । यो शिक्षा बल्ल प्राप्त भयो तर चुँदी खोलाले आफ्नो पहिचान कायम गरेकै छ र हामीजस्ता कैयौँ मान्छेलाई यसले सास्ती र सुविधा दुवै दिएको छ । भानुभक्त र गिरिधारी भाटको जस्तो झगडाको उत्कर्ष पनि यसले गराएको रहेछ । कतिको जीवन यस्तै पेशा व्यवसायबाट चले–चलाएको छ । बाढीको चपेटामा १९२१, २०११ र २०२९ सालमा खेतीबालीको नोक्सानी पनि सहेको छ । मान्छेका करतुतबाट माछाजस्ता जीव मात्र होइन, खेतीबालीमा पनि क्षति बेहोरेको छ । शायद पुस्तौँ पुस्तालाई यसले यस्ता अनन्त पाठ पढाएको छ । आफ्नो गौरव पनि कायम राखेकै छ ।

यस प्रसङ्गमा मेदिनी सरले ***‘चुँदीमा घर’*** भन्दैमा ***‘चुँदी खोलैमा घर’*** भन्ने त हुँदैन भनेको म सम्झन्छु । उहाँले विद्यालयमा पढाउँदा होस् वा बेलाबखतमा हामी नै उहाँको घरमा गएर पढाइदिन आग्रह गर्दाको बेला यस्ता थुप्रै जानकारी पाउँथ्यौँ । उहाँले चुँदीप्रतिको मोहले आफ्नो साहित्यिक उपनाम पनि ***‘चुँदेली’*** रोजेको पाइन्छ । मैले पढेको, पढाएको, देखेको, भोगेको, सुनेको र बुझेको चुँदी एउटा शिक्षाको थलो मात्र नभएर संस्कृतिको पक्षधर, भाषाको रक्षक, साहित्यको साधक, विद्वत्वको खानी, इतिहासको आधार, सभ्यताको धरोहर, प्रकृतिको प्रेम, भूगोलको विविधता, मानवताको प्रवाह, सौन्दर्यको ताज, समाज सेवाको उदाहरण, राजनीतिको कर्मथलो र कृषिको उर्वर भण्डार सबै थोक हो जस्तो लाग्छ ।

३५. टाँक त सबै खत्तम : बाहुन बने उत्तम

हाम्रो चालचलन र संस्कृतिमा कसरी परिवर्तन हुँदो रहेछ ! हामी पढ्न गएर धेरैको सम्पर्कमा आएपछि जातीय संस्कृतिमा मिसावट हुनु स्वाभाविकै हो । जुन व्यावहारिक छ, सस्तो छ, सजिलो छ,स्वस्थकर छ, मानवीय छ त्यही चालचलन नै प्रवर्धन हुनुपर्दछ र हुने गर्दछ । त्यही नै दिगो र त्यसैअनुसार परिवर्तन हुन्छ नै । कक्षा ७ मा पढ्दाको कुरा हो । बलराम दाइ कक्षा ८ मा पढ्नुहुन्थ्यो । हामी खाना आफैँ पकाएर खान्थ्यौँ डेरामा । बाहुन-बाजेको चलन सामान्यतया छोडिसकेका थिएनौँ तर केही परिवर्तन गर्न बाध्य पनि थियौँ र हुँदै आएको थियो । लोक लाज र बा-आमा तथा इष्टमित्रको अगाडि हामीले केही पनि परिवर्तन नगरेको देखाउने प्रयत्न भने छँदै थियो । त्यो आँट हामीमा आइसकेको थिएन पनि । शायद परिवर्तन संसारको नियमै हो । यो प्राकृतिक कुरा हो । संस्कारहरूमा पनि विभिन्न कारणवश परिवर्तन हुनु स्वाभाविकै रहेछ ।

एक दिन साँझपखको कुरा हो, बलराम दाइको पालो थियो भान्से हुने । उहाँको मामा नरनाथ अचार्ज (आचार्य) एक्कासि आइपुग्नु भयो *'हाम्रा भान्जा बसेको कता हो ?'* भन्दै । मैले देखिहालेँ, चिनिहालेँ उहाँलाई । अनि हत्त न पत्त बलराम दाइलाई भनेँ । उहाँले लुगा लगाएरै खाना पकाउनुभएको थियो । हाम्रो संस्कारमा त्यो कुरा वर्जित थियो । त्यसैले मामाले थाहा नपाऊन् भनेर हत्त न पत्त कमिज झ्वाट्ट फुकाल्दा त सबै टाँक खत्तम । टाँक खत्तम भए पनि मामाको अगाडि उत्तम बाहुन बन्ने सफलता प्राप्त गर्नुभयो । मामालाई केही थाहा भएन । यसैबीच मैले *'यता हो, भान्जाहरू बसेको डेरा, आउनुहोस्'* भनेर डाकेँ । मामा जुनसुकै उद्देश्यले वा कामकाजले वा संयोगले आएको भए पनि हामीलाई अब फरक परेन । हाम्रो चालामालाबारे उहाँले गाउँमा शायद राम्रै बताउनुभयो होला किनभने खानपान र बसाइ राम्रै भएजस्तो लाग्छ । टाँक त पछि सिइयो र लगाइयो नै ।

म सम्झन्छु, गाईखुरमा ३ (तीन) वर्ष अगाडि यस्तै भएको रहेछ । कुखुराको मासु खान थाल्नुभएको, पहिलो दिनमा नै बलराम दाइले भान्दाइ पुष्पराज भण्डारी आफ्नो भाइ खेमराजलाई भेट्न अचानक आइपुगेकाले त्यो पकाएको मासु उहाँहरू दुई जना गोप्य सल्लाह गरी लुकेर लगी सबै बारीको खाल्डामा हालेर पुर्नुभएको थियो रे । जात जोगाउन गरिएका यी काम सम्झँदा आजभोलि उहाँहरू आफैँलाई हाँसो उठ्दो हो किनभने उहाँहरू पनि समाजसँगै परिवर्तन भइसक्नुभएको छ । यी कुरा विस्मृतिका पानामा दन्त्य कथा बन्दै छन् ।

यस्ता थुप्रै घटना वा परिघटना छन्, थिए र होलान् तर मूल कुरा कसरी हामी परिवर्तनतर्फ अग्रसर छौँ भन्ने सवाल महत्त्वपूर्ण हुने रहेछ । त्यसलाई जस्ताको तस्तै जोगाउन असम्भवप्रायः छ । देखावटी रूपमा अव्यावहारिक संस्कार जोगाउन पनि गाह्रो रहेछ, आफ्नै नोक्सानी ब्यहोनुपर्ने हुँदो रहेछ । विद्यार्थी जीवनमा सिकेका यी हाम्रा अप्रत्यक्ष सिकाइ वा पढाइ हुन् तर यिनले दैनिक जीवनमा हाम्रो अध्ययनलाई राम्ररी प्रभाव पार्दा रहेछन् ।

अब विज्ञानको युग प्रारम्भ भएको छ । यथार्थ र प्रमाणको आधारमा जीवनोपयोगी संस्कारलाई सबैले ग्रहण गर्दछन् । त्यो मात्र जीवन्त रहन सक्छ । त्यसैले देखावटी रूपमा संस्कारको विकास होइन, यथार्थ, उपयोगी, स्वस्थकर र त्यसको तात्पर्य बुझेर चालचलन र संस्कृतिको विकास गरौँ । त्यसो भयो भने सबैभन्दा राम्रो हुन्छ होला । आजको आवश्यकता पनि यही हो जस्तो लाग्छ । ब्राह्मण (बाहुन) जात-जातिको होइन, ब्राह्मण संस्कारको विकास गरौँ, समयसापेक्ष बनौँ ।

३६. ठाउँ रोक्न राखेँ कापी : करुवा ठोके त्यसैमाथि

कच्ची कटेरो विद्यालय । बारेको थियो बाँसले । पहिले स्याउला र पछि खरको छानो । भित्ता माटोले पोतेको । लिपपोत चल्थ्यो विद्यार्थीबाटै शुक्रवार एक बजेपछि । बस्ने बेन्च त काठका फलेक थिए काठकै ठेउकामाथि वा ढुङ्गामाथि मिलाएको । अनि डेरा पनि अत्यन्त नजिक । त्यसैले जहिले पनि पहिला विद्यालय नपुग्ने कुरै भएन । त्यसमा पनि पहिला हुने विद्यार्थी प्रायः अगिल्लो पङ्क्तिमा बस्ने गर्नु स्वाभाविकै हो । त्यसै कसरी पहिला हुन सकिन्थ्यो र ? पछिपछि अरूले पनि चलाखी गर्न थाले । अघि बस्ने चाहना बढ्न थाल्यो तर विविध कारणबाट सबैलाई त्यो सम्भव पनि त हुने थिएन ।

पछिपछि त को अगाडि पुग्ने भन्ने होड चल्न थाल्यो । अनि कापी राखेर ठाउँ रोकी राख्ने र पछि १० बजे पुग्ने चलन भयो । म नजिक डेरा भएकाले समयमै यसो गर्न कुनै समस्या भएन । सधैँ अगाडि बस्ने देखेर शायद केही साथीको मनमा डाहा भएछ । आफू कहिल्यै अगाडि बस्न नपाउनेको मनमा पक्कै पनि रिस उठ्ने नै भयो । अनि एक दिन त त्यो कापी राखेको काठमा कापी नै उप्काउन नमिल्ने गरी कापीमाथि नै बडेमानको किला ठोकेछन् । बिहान कुन टाइममा भ्याए, थाहा छैन । किला मात्र कहाँ हो र ? फलामको करुवा नै ठोकेछन् उप्काउनै नमिल्ने गरी । पछि विद्यालय जाँदा त अचम्म ! कसले यस्तो गरेको होला ? अनेक खोज तलास गर्दा पनि मान्छे पत्ता लागेन । शङ्का मात्र भयो । ***'शायद शङ्काको फाइदा अभियुक्तले पाउँछ'*** जस्तै भयो तर अब सबै सतर्क भए । अब आइन्दा यस्तो गरेमा ठूलो कारबाही हुने सन्देश गुरुहरूले जारी गर्नुभयो ।

यो विद्यार्थी मनोविज्ञान हो । आफू पनि नपढ्ने र अरूलाई पनि पढेकोमा डाहा गर्ने एक थरी हुँदा रहेछन् । शायद त्यस्तैको प्रतिनिधित्त्व हुन सक्छ यो घटना । अर्का थरी आफू पढ्ने, अरूको वास्ता नगर्ने । त्यस्तै अर्का एक थरी भने आफू पढ्ने तर अरूलाई दुःखमा पार्ने, भित्रभित्रै कैँची लगाउन पनि पछि नपर्ने । अर्का थरी कसैको केही मतलब नगर्ने, आफू पनि चुपचाप बस्ने । अर्का थरी आफू पनि पढ्ने र अरूलाई पनि सघाउने । यस्ता सबै विद्यार्थीको अनुभव भयो । वास्तवमा, यो मानवीय स्वभाव पनि होला । जे होस्, त्यसपछि कसैले अरूको उछित्तो गरेको देख्न र सुन्न परेन । सबै सकारात्मक दिशामा अग्रसर भएको अनुभव भयो । यही नै त्यस घटनाले दिएको उपलब्धि पनि भयो । अब अघिपछि जहाँ बस्न मन लागे पनि सरसल्लाहमा सबै आउने भए । विद्या आर्जनमा सबैको समान अवसर, सहभागिता र रुचि हुन थाल्नु खुसीको कुरा हो ।

३७. एक घण्टा छुट्यो जाँच : नतिजामा पऱ्यो आँच

कक्षा ८ को कुरा हो । यो वर्ष पढाइ यता न उता भयो । ५ महिना शान्ति हाईस्कूल कुन्छा, लमजुङ र ५ महिना चन्द्रावती हाईस्कूल चुँदी, तनहुँ गर्दैमा बित्यो । राम्रो शिक्षकको खोजीमा जिद्दी गर्दै भौँतारियो । वास्तवमा चन्द्रावती छाड्न त मन थिएन तर अङ्ग्रेजी विषयको पढाइमा दक्ष शिक्षकको अभाव नै मूल कारण थियो । अहम्ले गर्दा विश्वनाथ सर सरुवा भएपछि त फर्किइहाल्यौँ । मेदिनी पण्डितलगायतका गुरुको भनाइ सार्थक भयो । उहाँहरूले *'तिमीहरू फर्केर आउँछौ आखिर'* भन्नुभएको थियो । कुन्छाका व्यावहारिक समस्याले त झन् दिनरात त्यही सम्झायो । कहाँको चुँदीको सुविधा, कहाँको कुन्छाको गाह्रो र द्विविधा ! भात बसालेर दाउरा खोज्न गए हुने ठाउँ चुँदी टुहुरेपसलको अवस्था, घण्टौँ कुरेर पनि एक महिनापछिका लागि उपयोगी हुने काँचा दाउराको महङ्गा भारी खोज्नुपर्ने कुन्छा । यो एउटा सशक्त कारण बन्यो पढाइमा असर गर्ने यस वर्ष विशेषतः ।

भदौमा भर्ना भएर पढ्न थालियो फेरि चन्द्रावतीमा २०२४ सालमा । परीक्षा मङ्सिरमा हुने । यसपाला अरू साथीले उछिन्ने पक्का भएको थियो । साथीहरूले पनि केही भ्रम उत्पन्न गरे । प्रश्नपत्र बाहिरिएको भन्दै अफवाह पनि फैलियो । यसको बदला सम्भाव्य प्रश्नपत्र नै बनाएर कार्बन राखी निकालेर अफिसको पछाडि एउटा पाना फालिदिए हाम्रा डेरा नजिकै बस्ने ठूलो कक्षाका साथीहरूले । उनीहरूमा ज्ञान पनि थियो, सीप पनि । कुनै कनसुत्ले लगाएर हाम्रो कक्षाका सम्भाव्य प्रथम, द्वितीय हुने खालका साथीको जानकारीमा पुऱ्याए । एक जना साथीले पाएछन् तर कसैलाई भनेनन् । बरू ती प्रश्नका विषयमा राम्ररी तयारी गरेछन् । कस्तो संयोग, झुक्याउन निकालेका नक्कली प्रश्नमा धेरै अङ्कका प्रश्न नै परेछन् । गेसपेपरका प्रश्नले त ती साथीलाई कमाल नै गऱ्यो । नभन्दै तिनले उछिने यसपालि । साथीहरूको नकारात्मक योजनाले पनि सकारात्मक योगदान पुग्यो लक्षित वर्गलाई ।

यो त एउटा कुरा भयो । अर्कोतर्फ केही साथीहरूले जाँचको समय भइनसकेको भन्दै बसिरहेका थिए । आफू पनि बेलुका अबेलासम्म पढेर बसेको भुसुक्क निदाइएछ बिहानपख । धेरै सुत्नलाई राति मस्त निद्रामा थाहा नपाउने गरी भित्रबाट बाहिर छानामुनि खुला ठाउँमा सुताइदिने गरिन्थ्यो । त्यति मात्र होइन, बडो सतर्कतासाथ उसले चाल नपाउने गरी ओठमाथि जुँगा बनाइदिनेजस्ता केटौले काम पनि गरिन्थ्यो । कस्सो त्यस्तो अवस्था भने भएको थिएन । बरू, स्वास्थ्य पनि त्यही वा कुनै कारणले गडबडी भएको थियो । जाँचको लामो घन्टी लागेको पनि पत्तै भएन । डेरा नजिकै भएकाले खरायो र

कछुवाको चाल गरियो सधैँ । घन्टी लागेपछि मात्र जाने गरिएकाले धोका पाइयो । आफ्नो हातको घडी पनि बिग्रिएर समय नदिएकाले अझ समस्या । आखिर एक घण्टा बितेपछि पो ट्वाङ्ग एक पटक घन्टी बजेको थाहा भयो । उता गुरुहरूले पछि चाल पाएछन् म जाँच दिन नपुगेको कुरा । हतारहतार स्वाँफ्वाँ गर्दै पुगेँ परीक्षा दिन । कस्सो जाँचमा बस्न दिनुभयो गुरुहरूले; सन्चो नभएकाले ढिलो भएको कुरा जाहेर गरेपछि । उत्तर त पूरै हल गरेको थिएँ दुई घण्टामा पनि हतारहतारमा । नक्सा र केही हिसाबतुल्य प्रश्नले मद्दत भयो तर पक्कै सन्तोषजनक हुन सक्ने कुरा भएन । भूगोलको दिनको यो परीक्षा मेरा लागि घातक भयो । नभन्दै पहिला, दोस्रा र तेस्रा त तिनै अरू साथी भए । आफू त चौथा हुन पुगियो । विद्यालय चहार्नु र परीक्षामा एक घण्टा ढिलो पुग्नु नै मेरो लागि नतिजामा आँच पुग्नु थियो ।

वर्तमान भारतका प्रथम राष्ट्रपति डा. राजेन्द्रप्रसादले विद्यार्थीकालमा साथीहरूको योजनाअनुसार जाँचको समय भुलेर ढिलो पुग्नुपरेको सुनेको थिएँ । सधैँ पहिला हुने उनलाई असफल पार्न बुनिएको योजना रे । मनि (पैसा) को निबन्ध अङ्ग्रेजीमा लेख्नुपर्ने, केही मात्रै लेख्न मात्रै भ्याए रे तर साह्रै राम्रो, त्यो पनि एक वाक्यको एकै हरफमा । पैसा एउटा असल नोकर तर खराब मालिक हो (Money is a good servant but a bad master) भनेर । आखिर कसले किन र कसरी यत्ति मात्र लेख्यो भनेर अनुसन्धान गर्दा रहस्य थाहा भएपछि फेरि पनि उनी प्रथम भएका थिए रे । शायद, त्यसैले होला उनको उत्तरपुस्तिका जाँचकीले ***'परीक्षकले भन्दा परीक्षार्थीले अझ राम्ररी जान्दछ'*** भनेका । यस उत्तरपुस्तिकालाई संरक्षित राखिएको छ भनिन्छ ।

मेरो हालत त्यस्तो नभए पनि आफ्नो इज्जतसम्म थाम्न मद्दत भने भयो । एक घण्टाको असर वर्ष दिनभरि पुग्यो । एक अहम्को असर वर्षभरि पऱ्यो । यसले विद्यार्थीमा अहम्को पछि धेरै नलाग्न र परीक्षाजस्तो महत्त्वपूर्ण समयमा उचित व्यवस्थापनमा ध्यान दिन सङ्केत गर्दछ । मेरो र मजस्ता साथीलाई स्पष्ट गरेको छ यस स्थितिले ।

३८. प्रश्नपत्रका तरिका : प्रविधि थरी-थरीका

प्रश्नपत्रका धेरै तरिका हुँदा रहेछन् । यसका प्रविधि पनि थरी-थरीका हुँदा रहेछन् । शिक्षक तथा विद्यार्थीका लागि यो महत्त्वपूर्ण पक्ष पनि हो । मौखिक प्रश्न त छुट्टै भयो । यहाँ लिखित परीक्षाको मात्र कुरा गर्न लागेको छु । अझ सानोमा त गुरुले आफ्ना प्रश्न आफैँलाई बोकाएर विद्यालय लगेको पनि थाहा छ । गुरु सँगै हुने भएकाले हामीले केही गरी खोल्न पनि नमिल्ने । धेरै कक्षाका धेरै विद्यार्थीलाई एक-एक पुग्ने गरी कार्बन राखेर रातारात कति दिन लगाएर बनाइएका ती प्रश्न गुरुले मात्रै बोक्न भारी भएकाले हाम्रो सहारा चाहिएको थियो । हामीले इमानदारीपूर्वक गुरुको आज्ञा पालन गर्दथ्यौँ ।

कतिपय अवस्थामा चकले कालोपाटीमा लेखेर सबैलाई कापीमा सार्न लगाउने चलन पनि भोगियो । त्यस्तै अवस्थामा त आफू गुरु हुँदा पनि त्यसै गर्न बाध्य भइएको थियो । २०१८/१९ सालदेखिका अनुभव मात्र मैले याद गरेको छु ।

यस्तो पनि गर्न लगाइएको याद छ- एउटा कक्षाका प्रश्न अर्को कक्षाका विद्यार्थीलाई सार्न लगाउने र भोलिपल्ट त्यही प्रश्न लगेर जाँच गर्ने । बिचरा विद्यार्थीलाई यसबारे खासै खुलस्त थाहा हुने थिएन । गुरुले अरू नै क्यै भनेर झुक्याउने गरेका थिए । कहिले त स्पष्ट भनेर नै कसैलाई नभन्ने शर्तमा वाचा गराएर अर्को कक्षाका प्रश्न एक कपी गुरुले बनाएकालाई धेरै कपी लेख्न वा कार्बन गर्न लगाउने पनि गर्थे ।

प्रश्नपत्र लिथो गरेर छाप्ने प्रथा त धेरै विकसित अवस्थाको थियो । एकताका हेक्टोग्राफ मेशिनमा १० कक्षाको योग्यता (टेस्ट) परीक्षाका प्रश्नपत्र छापिएको थियो । त्यसबाहेक वैज्ञानिक तरिकाले प्लेट र मसी बनाएर प्रश्न छाप्न सकिने अर्को विधि पनि हामीले प्रयोग गरेका थियौँ । यो धेरै सजिलो, स्पष्ट, अपेक्षित र चाँडो पनि हुन्थ्यो । लिथो मसिन आएपछिको कुरा हो यो । पछि प्रेसमा नै लगेर छाप्ने उन्नत तरिका त अझै चल्तीमा नै छ ।

अनुसन्धानमूलक प्रश्न, दिमाग खियाउने प्रश्न, कण्ठ लेख्ने प्रश्न, रचेर लेख्ने प्रश्न, निबन्ध लेख्ने प्रश्न, इतिहास लेख्ने प्रश्न, सफा लेख्ने प्रश्न, बुझेर लेख्ने प्रश्न, अनुवाद गर्ने प्रश्न, व्याख्या गर्ने प्रश्न, प्रसङ्गसहित वर्णन गर्ने प्रश्न, हिसाब गरेर उत्तर निकाल्ने प्रश्न, सारांश लेख्ने प्रश्न, तुलना गर्ने प्रश्न, जोडा मिलाउने प्रश्न, खाली ठाउँ भर्ने प्रश्न, विश्लेषण गर्ने प्रश्न, सुनेर लेख्ने प्रश्न, देखेर लेख्ने प्रश्न, उत्तर देखेर प्रश्न लेख्ने प्रश्न, विचार लेख्ने प्रश्न आदि प्रश्नका पेटारा त तह, विषय, ठाउँ, समय, परिस्थिति तथा स्तरमा भर पर्ने कुरा भयो । केवल प्रश्नमा अडेको विद्यार्थीको जीवनमा यी सबै विषय र तरिका आवश्यक, रोमाञ्चक र उपयोगी हुन्छन् नै ।

आजभोलि त प्रयोगात्मक प्रश्नमा जोड दिने बेला आएको छ कि ? त्यसो भयो भने किताबको कीरो पनि बन्नुपर्दैन, व्यवहारमा लागू गर्न सक्दैनन् कि भन्ने समस्या पनि नआउला । अन्यथा पढ्नु जीवनको लागि भन्ने सोच नै बदलिनेछ ।

३९. पन्ध्र बाख्रा एकै रात : खोजी ल्यायौँ खातै-खात

भोजराज खनालका सपूतहरू नारायणभक्त, हरिभक्त, सूर्यभक्त, देवानन्द आदि खनाल दाजुभाइहरूले बनाएको होस्टेल, धन्सार आदिमा हामी डेरा गर्थ्यौँ । कतिपय आपसी सहयोगमा एक अर्काका सहयोगी थियौँ । घरभेटी होइन, आफ्नै घरको अनुभव हुन्थ्यो । उहाँहरूले पनि त्यस्तै व्यवहार गर्नुहुन्थ्यो । एउटै विद्यालयमा पढाउने, पढ्ने र आवास पनि नजिकै भएको गाउँले समाज र घरपरिवारको प्रतिनिधित्व यस्तै हो नै । उहाँहरूले बाख्रा, कुखुरा, गाई, भैँसी पनि मनग्गे पाल्नुभएको थियो । ठूलो संयुक्त परिवारको चलन यस्तै हुन्थ्यो कृषि व्यवसायमा । खेतीपाती पनि मनग्गे नै हुन्थ्यो । सागसब्जी त किन्नै नपर्ने । दूधभात पनि खाइन्थ्यो समय त्यस्तै पर्दा । कतिपय बेला अनुकूलता, आवश्यकता र सम्भाव्यताका आधारमा हामी सहयोग गर्न जान्थ्यौँ । यो कुनै नौलो कुरा पनि थिएन, रमाइलो र स्वाभाविक भने पक्कै थियो हाम्रा लागि । तर कहिले काँही भने रोमाञ्चक घटना पनि हुन्थ्यो, विद्यार्थीहरू भएपछि जे काम पनि फत्ते गरिन्थ्यो, पढाइको मात्रै के कुरा ?

एक पटकको कुरा हो । पढ्ने बिहानको उपयुक्त बेला भइरहेको थियो । असोज महिना थियो । २०२५ सालको कुरा हो जस्तो लाग्छ ९ कक्षामा हुँदा । घरबेटीकहाँबाट खबर आयो- लौ, केटा हो ! यता आउनुपर्‍यो । हामी सामेल भयौँ । उहाँहरूको बस्ने घर केही तल भएकाले हामीलाई रातको घटना थाहा हुने कम सम्भावना हुन्थ्यो । भएछ के भने राति खोरबाट बाख्रा हराएछन् । एउटा सानो पाठीबाहेक अरू १५ वटा बाख्रा गायब । एउटा बोको त दिउसो जङ्गलमा चराउन लैजाँदा नै गायब भएको थियो रे । यो सुनेपछि चितुवाले लग्यो होला भन्ने आशङ्का भयो ।

चारै दिशातिर खोज्न जाने टोली बन्यो । आखिर दुई तीन घण्टापछि त सबै दिशाबाट चितुवाले दारेर रगत पिएर छाडेका बाख्राका मृत शरीर घिसार्दै टोलीहरू आइपुगे । आँगनमा थुप्रो लाग्यो, अझ भनौँ खातै-खात भयो । कसरी लग्यो होला ? किन थाहा भएन होला, त्यति बाख्रा मार्दा पनि त्यस परिवारलाई भन्ने जिज्ञासा हुनु स्वाभाविकै थियो । हामीले बुझ्यौँ- राति पानी परेकाले पानीको आवाजमा त्यो कुरा अनुभव भएनछ । बाख्रा कराएका पनि रहेछन् तर कहिलेकाँही आपसमा जुधेर पनि कराउने गरेकाले होला भन्दै वास्ता भएनछ । घोडाले पनि केही सङ्केत गरेको रहेछ । केही टाढा भएकाले त्यसमा केही शङ्का भएनछ । परिवारहरू पनि दिउसो खेत गोड्ने, घाँस काट्नेजस्ता कामबाट थाकेकाले भुसुक्क निदाएको बेला परेछ वा चितुवाले खोरबाट थुतेर लान सफल भएछ भनौँ । खोर भत्काएर एक-एक गर्दै लैजान सकेको बुझियो । चितुवा पनि एउटा

मात्र होइन, समूह नै बनेर आएको महसुस भयो। तमाशा भयो। हेर्ने मान्छेहरू कति भए कति ! दिउसो त शिक्षक विद्यार्थीहरूको ताँती हुने नै भयो ठूलो कटहरको फेददेखि। बिहान र बेलुकासम्म पनि यसैको कुरा, यसैको व्यवस्थापनमा सहयोग गर्दैमा हाम्रो पनि दिन बितेछ। के पढियो होला र त्यो दिन खै ! याद छैन।

अचम्म कुरा त- बिहान नजिकै वनमा माथितिर हेर्दै जाँदा हाम्रो टोलीले चितुवाले बाख्रो खाइरहेको फेला पर्‍यो। वास्तवमा दिउसो वनमा नै हराएको बोकालाई त्यहाँ ऐसेलुको झाङमा खाइरहेको, लुछिरहेको रहेछ। हामी तर्सिएर खबर गर्न आयौँ। पछि हल्ला गर्दै ठूलो समूह जाँदा चितुवा भाग्यो। यसरी १५ बाख्रा एकै रात खतम बनायो चितुवाले। ***'रुनु न हाँस्नु'*** बनायो खनाल परिवारलाई। पछि नैया दाइहरूले खेत गोड्ने जस्ता शर्तमा ती सबै मृत बाख्रा लैजानुभयो। बाख्रा कतिपय त सास मात्र गएजस्ता थिए। आखिर व्यवस्थापन गर्नै पर्‍यो, गरियो।

कैयौँ दिनसम्म डेरा र विद्यालयमा घरभेटीको समस्यामै केन्द्रित हुनाले हाम्रो समय खायो। किताबी ज्ञान र कक्षाको ध्यान अन्त मोडिए पनि हामीले जीवजन्तुकै बीच कस्तो सम्बन्ध रहेछ भन्ने बुझियो। मानव जीवनमा यस्ता घटनाले पार्ने दुष्प्रभाव पनि थाहा भयो। आखिरमा नौलो अनुभव, ज्ञान र जिज्ञासासँगै आफ्ना ध्याउन्नमा लाग्नु नै हाम्रो काम र कर्तव्य थियो, लाग्यौँ।

४०. जोगी बूढाले लिए भाटो : विद्यार्थीको गयो सातो

जोगी भन्नासाथ कौपीन (लँगौटी) वस्त्रधारी भन्ने त सबैलाई थाहा छ । चन्द्रावती हाईस्कूल (२०३० साल पुस १ गतेदेखि नयाँ शिक्षा लागू हुँदा चन्द्रावती माध्यमिक विद्यालय भयो) मा पनि एक जना जोगी ल्याइयो । भारतको मद्रासबाट उच्च शिक्षा पास गरेका भारतीय जोगी बूढा । चन्द्रावती हाईस्कूलमा अङ्ग्रेजी र गणित पढाउन ल्याइएका शिक्षक स्वामी ईश्वरानन्द गिरी । बीएबीटी गरेका यी पशुपतिनाथको बासुकी गुफामा बसेका थिए रे । तत्कालीन राजदरबारका प्रमुख सचिव श्री रेवतीरमण खनालको सम्पर्कमा रहेका यिनलाई वासुकी गुफाबाट ल्याउने काम चन्द्रावती माध्यमिक विद्यालयका संस्थापक सदस्यहरू कुलप्रसाद खनाल, शेषरमण खनाल र मेदिनी शर्मा पण्डितबाट भएको थियो । यिनलाई २०२१ साल फागुन २५ गते काठमाडौँबाट पालुङटार विमानस्थल हुँदै चन्द्रावती ल्याइएको थियो । उक्त विद्यालयकै संस्थापकमध्ये एक श्री कुलप्रसाद खनाल उहाँको साथ लागेर आवश्यक व्यवस्था मिलाएर आउनुभएको रहेछ तर एउटा निःस्वार्थी जोगी मान्छे भारतबाट शिक्षा प्रदान गर्न नेपालको गाउँमा आउनु नौलो नै हो । खाना पनि एक छाक मात्र खाने । साच्चै नै जोगी थिए जोगी बूढा । कालो, पातलो, अग्लो कद । त्यस बेला यस्तै शिक्षक चाहिएको थियो त्यस विद्यालयलाई पनि । पैसा पनि दिनु नपर्ने । वास र एक छाक खानाको बन्दोबस्त भए पुग्ने । कपडा पनि खासै नचाहिने तर कहिलेकाहीँ भने सेतो हात्तीलाईजस्तै माग पूरा गर्न पनि कठिन । नागबेली परेको लौरो र कमण्डलु सदा हातमा साथमा । पढाइमा अब्बल ।

विद्यालयमा पढाउने शिक्षकको कामै भयो । डेरामा आउनेलाई पनि खुला थियो पढ्नमा । समयको मिलान र अनुमति भने चाहिने । ठूलो कक्षालाई प्राथमिकता । अङ्ग्रेजी, गणित र अन्य केही विषयमा पनि सहयोग हुन सक्ने तर गृहकार्य भने राम्रै गर्नुपर्थ्यो । केही साथीहरूभने यिनै बूढा गुरुकै सेवा गरेर पढ्थे । थोरै खाना पनि बनाइदिनेजस्ता काम गरिदिन्थे गुरुलाई । ज्ञान आर्जन गर्न प्रयत्नशील थिए । घरभेटी पनि उस्तै सहयोगी, हरिभक्त खनालबन्धु । उहाँ पनि त्यही विद्यालयमा पढाउनुहुन्थ्यो । भाइहरू पनि जोगी बाबासँग पढ्थे । दयाका खानी तर नराम्रो र नपढ्नेको सातो लिने ।

एक दिन बेलुकाको कुरा हो । जुनेली रातमा फुटबल खेल्दा बूढाले थाहा पाएछन् । *'बच्चा लोग क्या कर रहे हैँ ? इधर आओ'* भन्दै खोज्दै आए । अनि भागाभाग । पछि डेरामा जम्मा गराए । रिसले भाटो उठाई पिट्ने चमत्कार गरे । नन्दबहादुर अधिकारी र नारायण श्रेष्ठ बूढासँगै बस्थे । तिनीहरूलगायत सबैलाई तर्साए । रामदया अधिकारी भने बेलुका बूढाकहाँ नआएपछि भोलिपल्ट कक्षामा नै चड्कन हाने र सातो लिए ।

नभन्दै यस्तो कटु अनुभव थोरै मात्र अनुभव भयो । पाठ नगर्नेलाई बेसरी हप्काए । म अर्को धन्सारको डेरामा बसेर हेरिरहेको थिएँ । पिट्न पनि माहिर । लट्ठी नै भाँच्न खोज्ने । लामो लट्ठीले गर्दा दाजुहरू तर्सिए । भाटो उठाएपछि डर लाग्ने नै भयो । सोझै लाग्न सकेनछ । कारण लामो भएकाले । दाजुहरू त डरले लुगलुग । सातो नै झारेछन् बूढाले । साथीहरूले जोगी बूढो भनेर हेपेको आभास भएजस्तो छ, त्यसैले सातो लिनुसम्म लिएछन् । हुन त बूढाले हेडमास्टर हरिशरण शर्मा न्यौपानेको पनि सातो लिएका थिए रे एक पटक । गालामा थप्पडै हान्ने झक्कड योगीको यस्तो कामबारे वनमाली शर्मा प्रत्यक्षदर्शी हुनुहुँदो रहेछ । शायद पढाइकै कुरामा होला । वास्तवमा पढाउनका लागि बूढा घिउ नै थिए । धेरैले राम्रो श्रेणीमा पास हुनुमा बूढाको राम्रै योगदान छ । बूढाले शिक्षामा त्यहाँ एउटा संस्कार नै बसाए । पढाइको जमाना त्यस्तै थियो, त्यसैमा समर्पित हुन बूढाको प्रेरणा थियो हामीलाई । मैले पनि बूढासँग थोरै पढेको हुँ । मद्रासी भाषा जान्न खोज्नेलाई पनि बूढाले रमाइलो गरी केही शब्द सिकाइदिन्थे ।

शिक्षालाई कमाइ खाने भाँडोभन्दा माथि उठाउनमा पनि बूढाको योगदान छ । शास्त्रार्थ गर्न पनि जो कोही सक्दैनथे बूढासँग । अनुशासनको मामलामा खरो उत्रने । ग्रहण होइन, त्यागको जीवन हो जोगीको । मलाई मासिक तलब होइन, खान दिए पुग्छ भन्ने योगी (जोगी) को आदर्श अनुकरणीय रह्यो । आगमनमा अभूतपूर्व स्वागतद्वार बनाएर बूढालाई स्वागत गरिएको थियो चिरकट्टाको चौरमा । सकेको योगदान दिए, कहिले सहमति त कतिपय अवस्थामा मतभेद पनि नआएका होइनन् अध्ययन अध्यापनका सन्दर्भमा । केही वर्षपछि बिदाइ पनि त्यसरी नै भए जोगीजी । एउटा त्यागी, जोगीको जीवन यहाँभन्दा कति सार्थक हुन्छ र ? यस विद्यालयको इतिहासका नबिर्सने पात्र बने यिनी । विद्यार्थी, अभिभावक, सञ्चालक समिति, शिक्षक र हेडमास्टरसम्मकै सातो पनि लिए ।

४१. बिरामी छोरो बोकेर उपचार : आमाको माया कति अपार ?

नौ कक्षा पढेर प्रथम भएको खुसियाली सेलाउन नपाउँदै पुस ५ गते रातिबाट म बिरामी परेँ। छ गते आमाबाले खबर पाउनुभएछ। ७ गते बिहानै लिन आइपुग्नुभयो आमा चन्द्रावती मावि नजिकै लामो डेरामा। ६ गते विद्यालयको वार्षिकोत्सवमा मैले भाग लिन पाइनँ अर्थात् सकिनँ भनौँ। ७ गते शनिवार थियो तापनि घर जाने कार्यक्रम थिएन, वार्षिकोत्सवमा थाकिन्छ भनेर। तर अनायासै घर पुगियो आमाको मायाले। आफैँले बोकेरै लानुभयो अरू मानिस नपाएकाले। त्यही बेला मैले पहिलोपल्ट नेपाली काङ्ग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल दाइलाई देखेको हुँ। उहाँ पनि पुर्कोटतिरै जान आउनुभएको रहेछ। अर्चले भन्ज्याङको उकालोमा संयोगवश भेट भयो। आमाले गरेको दुःख र माया देखेर उहाँले आमालाई केही भन्नुभयो पनि। सबै मलाई याद छैन।

घरगाउँको औषधीले निको भएन। आखिर गोरखाको आँपपिपल मिसन अस्पताल गइयो। अनुमान छ, मलाई निमोनिया भएको हुन सक्छ किनभने त्यो पुसको चिसो बेला। खुला चौरमा फुटबल खेल्ने हाम्रो बानी। बुबालाई पनि पछि निमोनिया भएको पाइएकाले शायद यो वंशानुगत समस्या पनि हो कि ? यी मेरा तर्क वा कुतर्क के हुन्, थाहा छैन। फेरि मान्छे लगाएर भए पनि आमाले आँपपिपल मिसन अस्पताल गोरखा लानुभयो मलाई। निदान र उपचार भयो। केही मात्र निमन भयो। पूरा निको त भदौमा मात्र भएको अनुभव भयो। फागुनमा हजुरआमा मनुमाया देवकोटा अचानक बिरामी पर्नुभयो। रुघा लागेको व्यक्तिले दिउँसो गोठालामा अमिलो साँदेर खानुभएछ। बेलुका साँझमा चर्को ज्वरो आयो भन्दै आयुर्वेदीय औषधी सेवन गर्न थाल्नुभयो। एकै दिनको मूल व्यथाले दिवङ्गत हुनुभयो फागुन ३० गते बिहीवार ६२ वर्षको उमेरमा। त्यस बेला सबै रेखदेख मैले नै गर्नुपरेको थियो, यतिसम्म कि भाँडा माझ्ने काम पनि किनभने सबै जना बिरामी थियौँ, शायद अरू त मभन्दा बढी त्यस बेलामा। उता अर्को दुईतले घर निर्माणाधीन थियो। सानीआमा (कान्छी अर्थात् सौतिनी) पनि भएकाले र यसै वर्ष असार ६ गते उहाँबाट भाइ बुद्धि जन्मेकाले भविष्यमा अर्को घर आवश्यक पर्ने उद्देश्यले बुबाले यसको योजना गर्नुभएको थियो। निर्माण आधा हुँदाको बीचमा नै यस्तो घटना भयो। आमा र हजुरआमाको माया असाध्य हुँदो रहेछ। आमा पनि बिरामी हुनुहुन्थ्यो त्यस बेला त। हजुरआमाको काजकिरियापछि सबै काम नियमित हुन थाल्यो। सबै जनाको स्वास्थ्य पनि क्रमशः ठीक हुन थाल्यो। किरियामा त गाउँलेको सहयोग पनि उल्लेखनीय रह्यो।

चैतमा फेरि आँपपिपलको यात्रा भयो। डाक्टरको सल्लाहबमोजिम सुधार भयो ममा पनि। आमाले बिरामी नै भए पनि कति ठाउँमा आवश्यक पर्दा बोक्ने जमर्को गर्नुहुन्थ्यो। तेर्सोमा म सके हिँड्थेँ। यसरी आमाको अपार मायाले जिन्दगी स्वस्थ र सहज, सफल र प्रखर बन्दै आयो। शायद सबै जनाको आमाको यस्तै माया-ममता हुन्छ पक्कै। त्यो अपार माया असीमित हुन्छ आफ्ना सन्तानप्रति। हरेक सन्तानको भविष्य आमाकै मायाको आधारमा रहन्छ, बन्दछ। धन्य आमाको निष्कपट माया !

४२. नेवारे कुमालेको माटोका भाँडा : विद्यार्थीसँगै डाँडा र काँडा

भक्तपुरबाट केही वर्ष अघिसम्म नेवारे कुमालेहरू प्रत्येक हिउँदमा तनहुँको पुर्कोट, चुँदी टुहुरेपसल आदि ठाउँमा माटाका भाँडा बनाउन जान्थे । पुसको १५ देखि चैतको मसान्त उनीहरूको समय थियो । केवल सीप र साधनबाट उनीहरूले यो व्यवसाय चलाएका थिए । वास्तवमा स्थानीय साधन प्रयोग गरेर स्थानीय सामग्रीको निर्माण हाम्रो पहिचान थियो तर अब यो क्रमशः मेटिन लागेको इतिहास बन्दै छ । विद्यार्थीहरू उनीहरूका सहयोगी, प्रचारक, सहकर्मी वा दुख्ख सुखका साथी बन्थे यस काममा । उनीहरूका एउटा भेगका समूहका समाचार, चिठीपत्र बोक्ने हामी विद्यार्थी नै हुन्थ्यौँ अर्कोतिरका समूह, साथीभाइलाई भरपर्दो रूपमा पुऱ्याइदिने । शिक्षकहरूले काठमाडौँ भक्तपुरसम्म पनि पुऱ्याउन मद्दत गर्नुहुन्थ्यो आवश्यक पर्दा । सँगै खाना पनि खाइन्थ्यो कहिलेकाहीँ । मितेरी साइनो पनि अर्को रमाइलो पक्ष हुन्थ्यो गाउँघरमा चिनिन, भेटघाट, खानपिन, सहयोग तथा खबर आदान-प्रदानमा ।

विद्यार्थीहरू यसका नजिक हुनुका कारण उनीहरू सादा जीवन गुजार्थे, व्यावसायिक अस्तित्व राख्थे, मिहिनेत गर्थे, सिक्थे र सिकाउँथे । त्यसैले उनीहरूको यो जीवनशैली र प्रकृति विद्यार्थीको नजिक थियो । माटाका भाँडा कम खर्चिला, सहज उपलब्ध हुनाले पनि विद्यार्थीहरू रुचाउँथे । माटोको भाँडोको पानी स्वच्छ र मीठो पनि हुने भएकाले यसको प्रयोग उपयुक्त मानिन्थ्यो । फुटे पनि धेरै चिन्ता गर्नु नपर्ने भएबाट यसको महत्त्व अझ बढेको होला । विद्यार्थीसँगै उनीहरू पनि भाँडा बोकेर डाँडाकाँडा पुग्थे । ***'मिहिनेत गर, स्थानीय साधन र श्रमको कदर गर'*** भन्ने सन्देश दिन्थे । सहकार्य र आफ्नो पहिचानमा रमाउँथे । विद्यार्थी र शिक्षकहरूलाई आफ्नै साथी मान्थे । कतिपय भाँडा त स्कूल, शिक्षक वा खास गरी सहयोगी विद्यार्थीलाई निःशुल्क पनि दिन्थे । उनका चक्कालगायतका सामान अर्को एक वर्षसम्म जोगाएर राख्नमा विद्यार्थीले पनि ठूलै भूमिका खेल्थे । विद्यार्थी रिसाएमा भाँडा फुटाउन वा अरू विघ्न गर्न सक्छन् भन्ने पनि डर हुन सक्थ्यो होला, केही उच्छृङ्खल विद्यार्थीलाई देखेर ।

विडम्बना, यो व्यवसाय प्रायः लोप भएको वा लोपोन्मुख छ । त्यहाँका स्थानीयलाई प्रोत्साहन दिएर अगाडि बढाउने हाम्रो प्रयास शायद पर्याप्त भएन । अब यो के कसरी अगाडि बढाउने भन्नेबारे सोच्ने कि ! आजभोलि चुँदीमा केही कुमालहरूले यसलाई अझै जीवन्त बनाए पनि व्यावसायिक हुन सकेको छैन । पुर्कोटमा पनि कति सल्लाह र प्रोत्साहनका कुरा भए तर कोही अग्रसर हुन सकेन । दुःख नगर्ने प्रवृत्ति र बाह्य प्रतिस्पर्धामा टिक्न गाह्रो, विकल्पहरू सहज र आकर्षक, दाउरा आदिको अनुपलब्धता, स्थानीय मानिसहरूको बेवास्ताजस्ता कारणले यसको अन्त हुन लागेको हो कि ? अरूको सीप र श्रमको कदर गर्ने र आजका विद्यार्थीले यसमा चासो राख्न सक्ने हो भने केही निकास निस्कन्छ कि ?

४३. विद्यालय नगई : पहिला भो नाति-भाइ

विद्यालय जानु विद्यार्थीको परम कर्तव्य हो । विद्यालयमा गएर पढ्नु उसको त्यस्तै नियमित र मुख्य काम नै हो । पढे मात्र पास होइन्छ, कक्षा उक्लन सकिन्छ । भविष्यमा ठूलो मान्छे बन्न सकिन्छ भन्ने कुरा सबैले भन्दथे, अहिले पनि भनिन्छ नै । नत्र फेल भएर उही कक्षामा पढ्नुपर्ने हुन्छ तर हाम्रा एक जना मामा पर्ने फेल हुँदा उहाँका पिता खुसी हुनुभएथ्यो रे । छोरालाई बधाई नै दिनुभएथ्यो रे स्याबास छोरा भन्दै । किताब, कापी, कलम, झोला आदि केही किन्न परेन, बा-आमाको बोझ हलुङ्गो भयो । फेरि एक वर्ष पुरानै सामानले काम चल्ने भयो भनेर । यस्तो पनि हुँदो रहेछ त्यस बेलाका कतिपय मान्छेको सोचाइ । आफूले नपढेपछि सन्तानप्रतिको सोच पनि त्यस्तो हुनु कतिसम्म अनौठो भन्ने ?

म कक्षा १० मा जानासाथ २०२५ पुस ५ गते रातिदेखि बिरामी परेँ । बेलुका फुटबल खेल्दा गिदेरीको काँडो बिझेको निहुँमा ८ महिनासम्म थलिनुपर्‍यो । २०२६ भदौमा विद्यालय खुलेपछि साथीभाइ भेट्न जान चाहेँ । गएर साथीभाइ तथा गुरुवर्गलाई भेटेर आएँ पनि । कुरो यतिमै सीमित रहेन । पढ्न आउने सल्लाह पनि भयो तर बा-आमाले यो कुरा स्वीकार्नु हुने अवस्था र सोच दुवै थिएन किनभने ८ महिना बिरामी परी छोरो बल्ल निको भएको छ, कहाँ पढ्न जाने भन्ने प्रश्न गरिहाल्ने निश्चित थियो तर मैले केवल साथीभाइ र गुरुहरूसँग भेट गर्ने भनी गएँ र भाद्र १० गते कक्षा १० मा पुनः भर्ना भएँ । बा-आमालाई हरतरहले मनाएँ । जाँच नै दिन्छु भन्ने त मलाई पनि लागेको थिएन । साथीहरूको लहैलहैमा फाराम पनि भर्न पुगेँ । दशैँअगाडि नै असोज १० देखि त टेस्ट परीक्षा नै सुरु भयो जसमा म पनि सम्मिलित भएँ । आखिर नतिजा आउँदा त म पहिला पो भएको रहेछु । अबीर जात्रा गरेर पुरस्कार बोकेर घर जाँदा त बा-आमा दङ्ग । के उसले जाँच दिएको थियो र भनी प्रश्न गर्न थाल्नुभयो, अन्य साथीहरूलाई । साथीभाइले खुलस्त गरे । बद्रीनाथ जैसी ४२५ नम्बर ल्याएर दोस्रा, अनि म ४२६ नं. ल्याएर पहिला भएको रहेछु । कति जना त वर्ष दिन पढे पनि फेल भए बिचरा साथीहरू, म भने १० कक्षा पढ्दै नपढी टेस्ट (योग्यता) परीक्षामा पहिला । ती साथीहरू सम्झँदा दुख पनि लाग्यो । आफू पहिला भएकोमा आफैँ पनि अचम्म । दुई दर्जनभन्दा बढी साथीहरू एसएलसीमा समावेश हुने भयौँ । विगत वर्षहरूमा झैँ एसएलसी दिने विद्यार्थीका लागि कोचिङ क्लास भने यसपाला विद्यालयले सञ्चालन गर्ने सम्भावना थिएन ।

मलाई गाउँमा बूढापाकाहरूले नाति-भाइ भनेर बोलाउँथे । अब भन्न थाले- 'विद्यालय नगई, पहिला भो नाति-भाइ ।' वास्तवमा म आफैँ आजभोलिसम्म पनि दङ्ग पर्छु यो सम्झँदा ।

पहिला हुनुमा एउटा कारण त ९ कक्षामा पनि म पहिला भएकै हो । ९ र १० कक्षाको पाठ्यक्रम एउटै भएकाले यो अवसर मैले लिन सकेजस्तो लाग्यो । गुरुहरूको माया र मार्गदर्शन, सानैदेखि पढ्नमा मन दिने र अभ्यस्त हुने बानी, एक किसिमको किताबको कीरो भएर पनि होला । बिरामी हुँदा पनि पढ्नुपर्ने सोचबाट यस कुराको पुष्टि हुन्छ । बा-आमाले पनि सानैदेखि पढ्नुपर्छ भनी एकचित्त गराउनुभयो । केटाकेटीलाई पढाउनुपर्छ भन्ने मान्यताले ती दिनमा पनि बिस्तारै ठाउँ लिँदै थियो । घरमा शिक्षक राखेर, सहपाठीसँग प्रतिस्पर्धात्मक दृष्टिले पढेर, गुरुहरूको घरमा गएर पनि पढाइलाई तीव्रता दिएर, दाजुहरूको सल्लाह तथा सहयोगबाट यो नतिजा आएको हुनुपर्दछ भन्ने मलाई लाग्छ ।

केही सहपाठीहरू (बद्री जैसी, मुक्ति वाग्ले, अरुण खनाल, हरि पौडेल र तीर्थ भट्टराई) को साथमा

४४. पहिलो पल्ट फोटो खिचियो : एसएलसीको फाराम भरियो

आजभोलि फोटो खिच्नु भनेको मामुली कुरा भएको छ । आफ्नो फोटो आफैँले खिच्न सकिन्छ । सेल्फी खिचेर संसारभर सामाजिक सञ्जालमार्फत भाइरल बन्न सक्छ । हातहातमा मोबाइलले यी सबै कमाल गर्न सकिन्छ । आजको कम्प्युटर र इन्टरनेटको जमानामा ती उहिलेका कुरा खुइले भनिन सक्छन् । यस्तो पनि रहेछ भनेर बेवास्ता गर्न सकिन्छ । गौड गरेर विचार गर्ने हो भने हरेक कुरा क्रमिक विकासको परिणाम हो । भविष्यमा आजका कुरा पनि त्यस्तै हुन सक्नेछन् । त्यसैले हरेक कुराको आफ्नो इतिहास हुन्छ, विकासको चरण हुन्छ ।

फोटोको कुरा पनि त्यस्तै हो । हामीलाई फोटो भन्ने नै थाहा थिएन । एसएलसीको फाराम भर्न फोटो चाहिन्छ रे भन्ने भयो । अनि कहाँ पाइन्छ त फोटो खिच्न भन्दा बन्दीपुरको नाम आयो । पहिलेको सदरमुकाम पनि । किताब किन्न पनि हामी कुन्छा या बन्दीपुर जानुपर्थ्यो । फोटो खिच्न त्यहीँ गयौँ साथीहरू सबै जना ।

खिचियो फोटो । शायद भोलिपल्ट मात्र पायौँ र लिएर आयौँ । यस्तो पनि हुँदो रहेछ भन्ने ज्ञान पनि भयो । जिन्दगीमा पहिलोपल्ट फोटो खिचिएको यो ऐतिहासिक घटना थियो हाम्रा लागि । २०२६ सालको कार्तिक महिनाको प्रारम्भिक दिन हुनुपर्दछ यो । अब एसएलसीको फाराम भर्न बाँकी थियो । आवश्यक प्रति फोटो लिएर आएकाले ढुक्क थियौँ ।

तोकिएको दिन विद्यालय गयौँ । दुई दर्जनभन्दा बढी साथीहरू एसएलसी दिँदै थियौँ । फाराम भरियो । फाराममा फोटो टाँसियो । आपसमा खुसीले हाँसियो । गुरुहरूले मेरो मुखमा हेर्दै हुनुहुन्थ्यो- अझै फाराम नभरोस् भन्ने उद्देश्यले । मैले फाराम भरेर पैसा पनि बुझाएपछि त्यो सल्लाहको अवधि समाप्त भयो । अन्यथा मैले एक वर्ष दोहोऱ्याएर पढ्न नै उपयुक्त हुन्छ, राम्रो श्रेणी आउँछ, विद्यालयको पनि इज्जत रहन्छ भन्ने शिक्षक वर्गको ठम्याइ थियो ।

अर्को एउटा रमाइलो भने छँदै थियो । त्यो थियो मेरो फोटोमा टप लगाएको स्पष्टै देखिन्थ्यो । म वास्तविक जीवनमा पनि टप लगाउँदै थिएँ । त्यस्तो फोटो कसैको पनि थिएन । म अब फुकाल्नुपर्छ भन्ने सोचमा थिएँ । एसएलसीको फाराममा त्यो टाँसिइसकेकाले परीक्षा नसकी नफुकाल्ने सल्लाह र निर्णय भयो, त्यसै गरेँ । एसएलसी जाँचमा पनि यसले राम्रै पहिचान दिएको थियो । यसरी मेरो पनि फोटोको जीवन सुरु भयो । आज ती दिन सम्झँदा आफैँलाई नै अचम्म लाग्छ ।

४५. रामशरणसँग कोचिङ क्लास : भण्डारी गाउँको आवास

एसएलसीको फाराम भरिसकेपछि जाँच दिन कस्सिनै पऱ्यो । चन्द्रावती माविमा अङ्ग्रेजी पढाउने दक्ष शिक्षकको अभाव पहिलेदेखि नै थियो । अब कसरी अङ्ग्रेजी तथा गणितजस्ता विषयमा राम्रो नम्बर ल्याउन सकिएला भनेर चिन्ता हुनु स्वाभाविकै थियो । यत्तिकैमा तार्कुघाटमा खुलेको वीरभक्ति मावि लमजुङबाट यसै वर्ष अर्थात् २०२६ सालदेखि एसएलसी दिने विद्यार्थी पनि छन् रे, त्यहाँ अङ्ग्रेजी, गणित र अन्य विषय पढाउने भर्खरका नयाँ जेहेनदार मास्टरहरू बाहिरबाट ल्याएर पढाउँदै छन् रे भन्ने सुनियो । अनि बुझ्न गइहालेँ । कुरा साँच्चै रहेछ तर आफ्नो विद्यालयका विद्यार्थीलाई मात्र पढाउने योजना रहेछ ।

घर फर्केर बुबासँग सल्लाह भयो । वीरभक्ति माविको सञ्चालक समितिका अध्यक्ष चितीखोलाका तोयनाथ पन्तसँग बुबाको राम्रो चिनजान रहेछ । कपडा व्यापारी तहबीलदार भनेर चिनिने उहाँ निकै प्रतिष्ठित र शिक्षित पनि हुनुहुन्थ्यो । म पनि बुबासँग किनमेलमा जाँदा देखेको र चिनेको थिएँ मीठो बोलीका पनि धनी उहाँलाई । अब बुबा र म एक पटक केही उपाय छ कि भनेर बुझ्न गयौँ उहाँलाई भेट्न । सञ्चालक समितिका अध्यक्षज्यूलाई भेटेर भलाकुसारी राम्रै भयो, समस्या र आग्रह बिसायौँ । विद्यालयमा रामशरण महत भर्खरको स्नातक दक्ष प्रधानअध्यापक नै हुनुहुँदो रहेछ । अङ्ग्रेजी पढाउने उहाँ दक्ष मानिने सुनियो, बुझियो सबैबाट । अग्लो र स्पष्टवक्ता उहाँलाई सञ्चालक समितिका अध्यक्षले हाम्रो कुरा राखेर विचार गरिदिन सल्लाह दिनुभयो । उहाँले स्वीकार गर्नुभयो । आखिर म भोलिपल्टबाटै त्यहाँ पढ्न जाने तय भयो । लाग्ने पैसा तिरेरै पढ्ने शर्तमा म एक किसिमले भर्ना भएँ भनौँ एक डेढ महिनाका लागि । बस्नका लागि सञ्चालक समितिका अध्यक्षज्यूले तार्कुघाटको आफ्नै घरको कोठा दिनुहुने भयो किनभने घरबाट जान सम्भव थिएन डेढदुई घण्टाको बाटोमा ।

पढ्न थालेँ । पढाइ राम्रै चल्यो । गणित पनि अर्का सरसँग पढिएको थियो त्यहाँका २५/३० विद्यार्थीका सँगै । दुईचार दिन तार्कुघाटमै बसेर पढ्दाको अनुभवले बसाइ र खानपिनमा अप्ठेरो महसुस भयो । त्यसैले भण्डारी गाउँमा पुष्पराज भण्डारी मामा (हजुरआमाकी बहिनीको छोरा) कहाँ बसेर पढ्ने प्रस्ताव आयो, सहर्ष स्वीकार गरेँ । त्यहाँबाट पनि ३०/४० मिनेट त लाग्ने भए पनि खानपिनलाई सजिलो भयो, साथी पनि थिए त्यताका । भण्डारी गाउँमा थुप्रै नातेदार पनि हुनुहुन्थ्यो । जे होस्, राम्ररी पढ्न सकियो । लाग्छ, यसले मेरो पढाइमा थप ऊर्जा पक्कै दियो ।

पढाइपछि जाँच दिन कुन्छा जानुपर्दथ्यो । त्यसैले त्यहाँ बिदा मागियो । पढेको पैसा दिँदा रामशरण महत सरले एक पैसा पनि लिनुभएन । उहाँका विद्यार्थीलाई पनि निःशुल्क पढाइएको रहेछ । शायद त्यसैले म एक जना बाहिरकोसँग मात्र के पैसा लिनु भन्ने भयो होला । मैले यो सबै उहाँहरूको सद्विचार ठानेँ । उनै रामशरण पछि जेल पर्दा रामचन्द्र पौडेल दाइसँगै भद्रगोल जेलमा रहेको बेला २०२९/३० सालतिर भेट गर्न गएको र भेटेको पनि थिएँ । चेलाले बिर्सने कुरा भएन । उहाँ गुरुले बिर्सन सक्नुहुन्छ जो पछि देशका अर्थमन्त्री आदि पनि बन्नुभयो तर मैले भने त्यसपछि भेट्न सकेको छैन ।

यसरी कोचिङ क्लासले एसएलसीको परीक्षालाई थप सहज बनायो, आत्मबल बढायो । आवास नजिक वा टाढा, तार्कुघाट वा भण्डारी गाउँ जहाँ भए पनि त्यसले केही फरक पारेन । टाढा भए पनि खाना बनाउन र पारिवारिक वातावरणजस्तै भएकाले शिक्षा प्राप्तिमा अझ मद्दत पुगेको अनुभव भयो । शायद, विद्यार्थीहरूका लागि आवश्यकताअनुसार कोचिङ क्लास पनि उपयोगी हुने महसुस भयो ।

४६. दिनभर चितुवाको शिकार : हेर्दा पढाइ बिग्रियो बेकार

कुरा कुन्छाकै हो । एसएलसी नजिकै आएको थियो । २०२६ साल पुस महिनाको दोस्रो हप्तातिरको कुरा । अब एक महिनापछि अर्थात् माघ १७ गतेदेखि एसएलसी परीक्षा निर्धारित थियो । हामी विद्यार्थीहरू त्यसकै लागि डेराको बन्दोबस्त र पढाइको विशेष तयारीका लागि समयमै कुन्छा गएका थियौँ किनभने हाम्रो परीक्षाको केन्द्र कुन्छाको शान्ति हाईस्कूल थियो ।

एक दिन चितुवाको शिकार छ रे भन्ने खबर तत्काल आयो । एउटा चितुवाले मल्लजीको बाख्रो मारेछ दिउसै । त्यही भएर मल्लहरूले त्यस चितुवाको शिकारको चाँजो पाँजो मिलाएका थिए । हामी त स्कूलभन्दा माथिबाट रमिता हेर्ने दर्शक मात्र थियौँ । रमाइलो त यस्तो थियो- डाँडाबाट तर्पायाँ परेको पाखोमा चितुवा बेलाबखतमा दगुरेको नै देखिन्थ्यो । बन्दुकेहरूले लखेटिरहन्थे । कहिले कतै गएर लुक्थ्यो त कहिले कतै । साना बुट्यान भएको दक्षिण फर्केको पाहारिलो पाखा भएकाले यो सम्भव थियो । ठूला रूख धेरै थिएनन् ।

१२ बजे सुरु भएको थियो होला शिकार, दिनभरि चल्यो । कोही सफल हुन सकेनन् । न त चितुवा भागेर राम्ररी लुक्न सक्यो, न त शिकारीले चितुवालाई मार्न सके । केवल चितुवाले बाख्रा माऱ्यो । त्यो पनि एउटा चिलाउनेको फेदमा थियो । चितुवा त्यहाँ आएर बाख्रा खाने दाउमा अझै थियो । वारम्वार त्यता आउँथ्यो र बन्दुक पड्किएपछि अर्कोतिर भाग्थ्यो । गोली लाग्दैनथ्यो शायद । यही क्रमले समय बित्दै गयो ।

आखिर ४ बजेतिर अचानक चितुवा एक्कासि उफ्रियो, दगुऱ्यो, पछिपछि शिकारी दौडिएर लगारे र रिस्तीखोलको किनारमा पुग्यो । त्यहाँ एउटा झाडी थियो गुफाजस्तो, त्यहीँ लुक्यो । अब शिकारीहरूले निशाना त्यहीँ बनाए । आखिर त्यसलाई गोली नराम्ररी लागेछ क्यारे, २५/३० हात अग्लो त्यो भीर नाघेर उफ्रेको थियो, ठ्याक्कै बाटा हिँड्ने बटुवालाई पनि नाघेर घुम्ती आकारमा सडक पारी पुग्यो लमजुङबाट तनहुँतर्फ । त्यसपछि त्यो लड्यो । सबै त्यहाँ पुगेर त्यसलाई नियन्त्रणमा लिए । त्यसको प्राण-पखेरु शायद उडिसकेको थियो । बेलुका कुन्छा भन्ज्याङ हुँदै बजार र गाउँ परिक्रमा गरे चितुवाको मृत शरीर बोकेर । वन विभागलाई सहमतिमा लिइसकेका रहेछन्, त्यहीँ लगियो मरेको चितुवा र शिकारीलाई अबीर जात्रा गर्दै । हामी माथिबाट देख्नेजति हेरेर दिन बितायौँ । एक किसिमको मजा, एक किसिमको मृत्युसङ्घर्षको दृश्य हेरियो । काम कुरो एकातिर, कुम्लो बोकी ठिमीतिरको अनुभव पनि लियौँ । त्यस बेला एसएलसीको तयारी समय सकिँदै, पढाइ बिग्रँदै जान लागेको पत्तै भएन । शायद कतिपयले यस रमाइलोको सट्टा पढाइलाई नै जोड दिएका थिए । हामीले गल्ती गरेका थियौँ तथापि त्यो रमाइलो अहिले पनि आँखाअगाडि नाचिरहन्छ । बिचरा बाख्रा र चितुवा दुवैको ज्यान गयो, के रमाइलो मान्नु र ?

४७. नपढे पनि पास, पढे पनि फेल

पढे पास, नपढे फेल । सामान्य नियम त यही हो तर यस्तो पनि हुँदो रहेछ कि पढे पनि फेल, नपढे पनि पास । हाम्रो एकजना साथीको विश्लेषण हो यो, जो सत्य सावित भयो ।

वरिष्ठ साथी चिमकाजी श्रेष्ठ साथी सदा सुतिरहने तर दिमाग अति टाठो । अर्को साथी पढिरहने तर दिमाग कमजोर भनौँ । खास कुरा उहाँको ध्यान दिएर नपढ्ने बानी थियो । पढ्दा अक्षर पढ्ने तर ध्यान बाहिरी दुनियामा के भइरहेछ, त्यसमा आँखा लगाउने । केही देख्यो भने ध्यान भङ्ग गरिहाल्ने । अरू केही देख्नु नपर्ने, कुखुराका दुईटा भाले जुधे भने मनमनले एउटा आफ्नो बनाउने, अर्को चाहिँ अरूकै ठान्ने । अनि आफ्नोले जित्यो भने मेरो भालेले जित्यो भन्दै चिच्याएरै कुर्लने । पढेको पाठ कहाँ पुग्यो पत्तै नहुने । अर्को चलाख साथी सुतिरहे पनि उसले पढेको सुनेकै भरमा सबै कण्ठस्थ भन्न सक्ने । गुरुहरू पनि दङ्ग पर्ने । दुवै एकै कक्षामा, एउटै गाउँका र एउटै परिवेशका अनि एउटै कोठाका साझेदार विद्यार्थी । यस्तो पनि हुँदो रहेछ जिन्दगीमा कहिले-कहिले । यो त भयो साथीहरूको कुरा ।

त्यस्तै, मलाई कक्षा १० को टेस्ट सेन्ट अप परीक्षामा पहिला भएपछि एसएलसीको फाराम भर्ने बेलामा गुरुहरूले १० कक्षा दोहोऱ्याएर पढ्ने सल्लाह दिनुभएको थियो । एसएलसी नदेऊ भन्दै हुनुहुन्थ्यो । तिमी पास त नपढीकन यत्तिकै जाँच दिए पनि हुन्छौ तर डिभिजन आउँदैन भन्नुहुन्थ्यो । भयो पनि त्यस्तै । तर मैले एक वर्ष किन खेर फाल्ने भनेर एसएलसी दिने निधो गरेँ । कुन्छा गएर जाँच दिने बन्दोबस्त भयो । साथीहरू मुक्तिनाथ वाग्ले, काशीराज आचार्य, दिननाथ ढकाल, बद्री जैसी, कृष्णचन्द्र ढकाल, समुन्द्रबहादुर गोदार, शशिराज खनाल, तीर्थराज भट्टराई आदिको नाम सम्झना छ । कोही पढाइमा कमजोर भए पनि मनकारी र अरू कुरामा अब्बल । कोही पढाइ-लेखाइका साथै अन्य कुरामा पनि उत्तम । अनि डेरा थियो कुन्छाको शान्ति हाईस्कूलभन्दा केही माथि गौली गाउँमा । साथीहरूलाई पढौँ भन्यो, पढ्न नमान्ने, बरु तास खेल्ने वा घुम्न जाऊँ भन्थे । एक जना साथीले स्पष्टै भन्थ्यो- ***'तँ नपढे पनि पास हुन्छस्, हामी पढे पनि पास हुन सक्दैनौँ । त्यसैले हामी किन पढ्ने ? तँ पनि पढ्नु आवश्यक छैन ।'***

नभन्दै त्यस्तै भयो । मुक्तिनाथ वाग्लेसँग घुम्न जाने योजना बन्यो । जाँच आउन २ हप्ता मात्र बाँकी थियो । मुक्तिजीको गाउँ मनपाङ गयौँ । साँगे, दमौली, थर्पु अदि ठाउँ घुम्न गइयो । जङ्गलमा शिकार खेल्न शिकारीलाई मद्दत गर्न पाउँदा रमाइलो भयो, गरियो नै । १० दिन त यसरी नै बित्यो साथीहरूकहाँ वा जात्रामा वा जङ्गलमा वा बजार गाउँघरमा ।

फर्के पनि पढेको कहाँ हो र ? कुरा त्यही दोहोरिन्थ्यो । राम्रो पढाउने र सघाउने शिक्षकलाई गाइड गर्न र निरीक्षक बस्न पठाउने माग गर्दा हेडमास्टरले झन् कमजोर शिक्षकलाई पठाए । त्यो झोक त छँदै थियो । ती शिक्षक आए भने टाढैबाट देख्नासाथ पढेको भए पनि किताब लुकाएर तास निकाल्ने गर्थे साथीहरू । आखिर नतिजा पनि त्यस्तै भयो । ती साथी त्यस वर्ष पास हुन सकेनन् । जम्मा ७ जना मात्र सफल भयौँ, मलगायत । पास हुने अन्य साथीहरूमा बद्रीनाथ जैसी, काशीराज आचार्य, कृष्णचन्द्र ढकाल, समुन्द्रबहादुर गोदार, शशिराज खनाल र तीर्थराज भट्टराई हुनुहुन्थ्यो ।

वास्तवमा नपढे पनि पास र पढे पनि फेल भन्नु एउटा हाँसो मात्र हो । ***'अल्छीको कुरा, जैसीले जान्दैन'*** भनेजस्तो हो । यो एउटा बिनातुकको भनाइ मात्र हो । कहिलेकाहीँ साँचो हुनु अस्वाभाविक पक्कै नहोला । त्यस्तोमा यो एउटा संयोग मान्नुपर्दछ । अन्ततः, पक्कै पनि ***'मेहनत गरे मेवा मिल्छ'*** भन्ने मान्यता नै आम दृष्टिले स्वीकार गर्न सकिन्छ ।

४८. सधैँ पूजापाठ, नमस्कार : प्रायः प्रथम पुरस्कार

सधैँ नमस्कार जीवनको नम्र स्वीकार हो। बिहानदेखि बेलुकासम्म यसलाई बिर्सन नहुने मन्त्र रहेछ जस्तो गायत्री मन्त्र। जोसुकै किन नहोस्, नमस्कार गर्दा फरक नपर्ला। मैले यही मान्यताले जीवन जिउन थालेँ। कसैलाई फरक शब्द प्रयोग गर्नुपर्ला मानमर्यादाअनुसार साथीलाई नमस्ते, अरुलाई नमस्कार र गुरुलाई प्रणाम। बुबालाई दर्शन नै भन्नु राम्रो होला। सधैँ नसके पनि चाडपर्वमा साष्टाङ्ग दण्डवत् गर्दा मनलाई शान्ति, सहयोग, आशीर्वाद, मार्गदर्शन, शुभेच्छा, योगाभ्यास जे-जे हुने हो वा पाइने हो राम्रै होला। यति मात्र होइन, बुबाले सिकाइदिएअनुसार अहिलेसम्म पनि नित्य पाञ्चायन (शिव, विष्णु, गणेश, देवी र सूर्य) देवताको पूजापाठ गर्दै आएको छु। वास्तवमा बुबाले सिकाएर व्रतबन्धपश्चात् सानैदेखि यो जिम्मा नै मलाई दिनुभयो तर मेरो अनुपस्थितिमा मात्र बुबाले पूजापाठ गर्नुहुन्थ्यो। काठमाडौँ आएपछि पाञ्चायन देवताका शिला बोकेरै ल्याउनुभयो बुबाले। बाँचुन्जेल तथा सकुन्जेल मलाई पुनः सिकाउनुभयो, फेरि मेरै काम भयो। म घर नहुँदा भने यो दायित्व बुबाले नै समाल्नुभयो। बिहान नित्य कर्मपछि आजभोलिको बाहुन-नुहाइ (एक अंखोरा पानीले टाउकोबाट शरीरमा खन्याउने विधि) भए पनि गरेर पूजापाठ नित्यकर्ममै पर्दछ अहिलेसम्म। यसरी यस दैनिकीलाई पनि नित्यकर्म बनाएको छु।

विद्यालयमा पढ्न डेरा गरेर बस्दा पूजापाठको जिम्मा बुबाकै भयो तर घर आउँदा र लामो वर्षे विदामा बिहान पूजापाठ, पढलेख, भेटघाट, खेलकुद, गाईवस्तु चराउन लैजाने, घाँसपात र खेतीपातीमा सहयोग तथा हेरचाह गर्ने पनि नियमित कामकर्तव्य थियो। आफ्नो कर्तव्यबाट च्युत हुनुहुँदैन भन्ने मान्यता गुरुवर्ग तथा परिवारबाट राम्रै सिकिएको थियो र छ। चाहे प्राथमिक होस्, चाहे माध्यमिक र यदाकदा उच्च शिक्षामा पनि मैले प्रायः प्रथम स्थान नै हासिल गरेको सम्झना आइरहन्छ। कक्षा १, २ मा पहिलो, दोस्रो, ३ मा तेस्रो, ४ मा तेस्रो, ५ मा दोस्रो तथा ६, ७ मा पहिलो ८ मा चौथो (विद्यालय परिवर्तन गर्नाले), ९ र १० (दश कक्षा नपढीकनै जाँच दिएको) मा पहिलो भएको थिएँ। आईए पढ्दा पनि सरस्वती कलेजमा अनिवार्य अङ्ग्रेजीमा सबभन्दा उच्च अङ्क ल्याएको थिएँ। शिक्षामा डिप्लोमा पढ्दा पटकपटक आन्तरिक परीक्षाहरूमा धेरै विषयहरूमा सबभन्दा बढी अङ्क ल्याउन सकेको थिएँ। सबै सेमेस्टरको हिसाबमा मेरिट आएको थियो। बीएल प्राइवेट दिँदा पनि प्राइवेट दिनेमध्येबाट पास हुने ११ जनामध्ये परेको रहेछु, नेपालीमा त सबैभन्दा बढी एवम् विशिष्ट श्रेणीको अङ्क आएको रहेछ।

यसरी कति अवस्थामा पुरस्कार पाइयो होला, कति अवस्थामा पाइएन तर के याद आइरहन्छ भने प्रायः प्रथम पुरस्कार आफ्नै पेवा जस्तो लाग्ने। पुरस्कारको रूपमा प्रायः किताब, कापी, कलम दिइन्थ्यो विद्यार्थीका लागि सहयोग भनेर। अझै पनि कतिपय पुस्तक विद्यालयको छाप लगाएर पाएकोमा सुरक्षित राखेको छु। फुर्सत वा आवश्यकता पर्दा वा मन लाग्दा तिनलाई खोजेर हेर्छु र दोहोऱ्याई तेहेऱ्याई पढ्न मन लाग्छ। धन्य पूजापाठ, नमस्कार र प्रायः प्रथम पुरस्कारको जिन्दगी।

४९. गोठालाको जिम्मेवारी : खेतीपाती, खेलकुद जारी

असार साउनमा विद्यालय छुट्टी हुँदा गोठालाको जिम्मेवारी प्रमुख हुन्थ्यो । बा-आमाले ढुक्कले खेती गर्न पाउनुहुन्थ्यो । बिहान-बेलुका घरमा वस्तुभाउलाई घाँसपात, कुँडो पानी आदिको हेरचाह गर्नैपर्थ्यो । किसानको छोराछोरीले मौकामा अनुकूल मिलाएर, गोठालाको पर्म लगाएर वा अन्य व्यवस्था गरेर बेलाबखतमा आंशिक वा पूरै समय रोपाइँ आदिको काममा पनि हेर्नैपर्थ्यो । सघाउनुपर्थ्यो हरेक कुरामा । सिक्नु पनि पर्थ्यो हरेक कुरा । यति मात्र कहाँ हो र ? वर्षे बिदाका लागि दिइएको विद्यालयको गृहकार्य त अनिवार्य नै थियो सक्नुपर्ने ।

प्रायः जब बिहानको खाना खाएर वस्तुभाउ फुकाएर हेर्न लगिन्थ्यो, गाउँका अरू वरिष्ठ, कनिष्ठ, साथीभाइ सबै मिलेर दिउसो कुनै गन्तव्यसम्म गाईबाख्रा चराएर, अघाएर र अझ भरे-भोलिका लागि केही घाँसपात लिएर समेत भारी बोकी खुर्पा र लट्ठीसहित यथासमयमा सकुशल उपस्थित हुनुपर्थ्यो घरमा । हाम्रो एउटा अर्को रमाइलो र सोखको विषय हुन्थ्यो खेलकुद । गाईवस्तुलाई देख्न सकिने गरी कुनै उपयुक्त ठाउँमा विभिन्न राष्ट्रिय वा स्थानीय खेल खेल्थ्यौँ । खेलहरूमा कपर्दी, डन्डीबियो, र गिर प्रमुख हुन्थे । त्यसै गरी टाँगे लौरी, गोपे लौरीजस्ता अन्य खेल पनि कहिलेकाहीँ खेलिन्थ्यो । खेल्ने कुरा एक किसिमको नसा नै बनेको थियो । गोठालाहरू खेलमा भुलेको मौकामा कहिलेकाहीँ त वस्तुले अरूको बाली चोर्न गई खाएर सखाप पार्न पनि बेर लाग्दैनथ्यो । सकभर त पालैपालो वस्तु फर्काएर हेरिन्थ्यो नै । खुला ठाउँमा वा घेरामा पर्ने गरी हेरचाह गरिन्थ्यो । कहिले जङ्गलमा छाडिन्थ्यो । उस्तै परे जङ्गली जन्तुले खाइदिन्थे पनि । यी सबका बदलामा पनि हामी पक्का गोठालो बनेका थियौँ । खेलकुद त प्रिय कुरा नै भयो । यसलाई शिक्षाको अङ्ग नै मानिएको थियो । विद्यालयमा खेल्न नपाउने, नभ्याउने र नसकिने कतिपय खेल गोठालामा खेलिन्थे ।

लाग्छ, ती खेलहरूको विकास गर्न सके कति राम्रो हुन्थ्यो होला ! आजभोलि ती खेल र चलन हराइसकेजस्तो पनि लाग्छ । दुःख पनि लाग्छ । त्यो बेला सम्झँदा रमाइलो आनन्द पनि आउँछ । साथीभाइबीच राम्रै प्रतिस्पर्धा हुन्थ्यो । सीप विकास पनि हुन्थ्यो । कहिलेकाहीँ घाउ-चोटले पनि हैरान नहुने होइन । कल-झगडाको सम्भावना पनि हुन्थ्यो तर बुद्धिमत्तापूर्वक सल्ट्याइन्थ्यो । खेलकुदको मज्जा भरपूर लिइन्थ्यो । शायद यस्ता दिनका आनन्द कमैले महसुस गर्ने अवसर पाएका होलान् । त्यसले हाम्रो जीवनलाई शक्ति, ज्ञान र सीप दिए पनि आफ्नै माटोका खेलकुद गायब भएको बुझ्दा नमज्जा पनि लाग्छ । केही उपाय भए अबका स्थानीय सरकारले सोच्नै पर्छ यसलाई ।

५०. मेरै उत्तर सही छ

विद्यार्थी जीवनमा प्रश्न र उत्तरको धेरै महत्त्व रहन्छ । अझ हाम्रो जस्तो किताबी ज्ञानले प्राथमिकता पाउने शिक्षामा यसले सर्वोच्च स्थान लिन्छ । विद्यालय शिक्षाको फलामे ढोका मानिने एसएलसीमा त यसको बखानै भएन । जसरी हुन्छ पास गर्नु अधिकांश विद्यार्थीको चाहना रहन्छ नै । त्यस बेला डिभिजनबारे त्यति वास्ता हुँदैनथ्यो । विशिष्टता हासिलको त विशेष स्थान जहाँ पनि हुने नै भयो, हुन्छ र हुनुपर्छ पनि । प्रथम श्रेणी ल्याउने कुरा पनि चानचुने थिएन । तेस्रो श्रेणी नै किन नहोस्, त्यसलाई आजजस्तो न्यून आँकिदैनथ्यो । गान्धी डिभिजन भन्ने त चलनै थियो । असफल हुनु भने पक्कै पनि राम्रो कुरा थिएन । २०२६ सालको कुरा गर्दा यिनै कुरा म सम्झन्छु । त्यसपहिले पूरक परीक्षाको पद्धति पनि एकताका रहेछ, बीचमा हराएको थियो, पछि फेरि ब्युँतिएको हो । अब त नहुनुपर्ने हो किनभने आजभोलि अङ्क होइन, ग्रेडिङ पद्धति सुरु भयो । अब एसएलसी होइन, यो त एसईई भएको छ अर्थात् स्कूल लिभिङ सर्टिफिकेट (School Leaving Cerificate-SLC) को सट्टा सेकेन्डरी एजुकेशन इक्जामिनेसन (Secondary Education Examination-SEE) भएको छ । यसले चिट चोर्ने बानीको जुन पराकाष्ठा पुगेको थियो, त्यसलाई केही न्यून गर्ला कि ?

चिटको प्रसङ्गमा कुरा गर्दा हाम्रो पालामा यसबारे विकृतिको रूपमा सुनिएन तथापि सामान्य प्रकृतिका उपायहरू अवलम्बन गर्नमा कतिपय कमजोर विद्यार्थी लागेको पनि देखिन्थ्यो । अलिकति जान्ने भन्नेलाई त यो कुरा लाजमर्दो नै हुन्थ्यो । बरु आफैँ जान्ने छु भन्ने घमण्ड पनि पलाउँथ्यो । त्यसैले यसबारे मेरो ध्यानै गएन । बरु वारम्वार अभ्यास गरेर पढ्ने, कठिन कुरालाई पनि गाँठो फुकाउन सक्ने गरी तयारी गर्ने, एउटा कुरालाई १० पटक पढ्ने, १० पटक लेख्ने कुरामा जोड दिइन्थ्यो । सबै कुरा १० पटक पढ्न र १० पटक लेख्न शायद समय र जाँगर दुवै पुग्ने थिएन । अनि महत्त्वपूर्ण पाठ वा सम्भाव्य प्रश्न छनोट गरेर त्यसका बारेमा भने पटकपटक पढ्ने, पटकपटक लेख्ने, गुरुहरूलाई देखाउने, सुधार गरी माग्ने, शिक्षकको घरमै गएर पनि पढाइदिन आग्रह गर्ने र जानेरै छाड्ने प्रवृत्ति हामीमा थियो । त्यसो गर्दा कतिपय पाठ आफैँ कण्ठस्थ हुन्थ्यो ।

त्यस बेलाको अङ्ग्रेजी गद्य पाठ्यपुस्तकमा स्पष्ट लेखिएको भेटिन्थ्यो :

"हरेक पाठलाई १० पटक पढेपछि अवश्य राम्ररी ज्ञान हुन्छ, एसएलसी पक्कै पास गर्न सकिन्छ ।"

यसै सन्दर्भमा, कुन्छामा जब हाम्रो एसएलसीको जाँच सुरु भयो, राम्ररी नै सञ्चालन भयो । एक दिन अनिवार्य गणित विषयको परीक्षामा हिसाबको उत्तर ठीक भए-नभएको एकआपसमा सोध्न थाले विद्यार्थीहरूले । म र गाईखुरको लक्ष्मी माविका टेस्ट प्रथम विद्यार्थी पहलसिं के.सी. जी सँगै परेका थियौँ । उनीहरूले हामीलाई पो सोध्न थाले । मलाई उसले उत्तर बताएपछि मैले पनि बताउनै पर्‍यो, बताएँ तर दुवैको उत्तर फरक । ऊ खुसुक्क भन्थ्यो, ***'तपाईँको उत्तर मिलेन ।'*** म भन्थेँ, ***'तपाइँको उत्तर मिलेन, मेरै उत्तर सही छ ।'*** आखिर आफैँमा पूर्ण विश्वास गरेँ मैले । वास्तवमा मेरो उत्तर गलत भएको कुरा बाहिर आएपछि पत्ता लगाएँ । यसको कारण पनि 'मै जान्ने छु' भन्ने घमण्ड नै हुनुपर्दछ । आफ्नो गल्ती आफैँले नदेखिने सम्भावना बढी हुँदो रहेछ । सामान्य गल्ती पनि नदेखेर विश्वासले भरिएको दिमाग (Preoccupied mind) यस्तो हुँदो रहेछ । आखिर मैले साथीको कुरामा पनि विश्वास नगर्दा आफ्नो केही अङ्क पक्कै गुमाउनुपर्‍यो । यस्तो थियो चिटका सन्दर्भको कुरा त ।

एसएलसी परीक्षामा एउटा कुरा के भनिन्थ्यो भने उत्तर नमिले पनि प्रक्रिया मिलेमा ५० प्रतिशत अङ्क पाउनेछ । त्यसैले ५० प्रतिशत त पक्कै आउँथ्यो त्यस्तो गल्तीमा पनि किनभने प्रक्रिया हाम्रो मिलेकै हुन्थ्यो । ज्यामितीय गणितमा र विशेषतः ऐच्छिक गणितमा भने अलि फरक हुँदो रहेछ । सबै ठाउँमा प्रक्रियाले मात्रै पनि नहुने । आखिर मैले ९ कक्षाकै भरमा जाँच दिनुपर्‍यो । १० कक्षामा पढिने कुराबाट बढी प्रश्न सोधिएछ । फलतः मैले अपेक्षित लाभ लिन सकिनँ । राम्रो डिभिजन नआउनुको एउटा प्रमुख कारण यही नै अनुभव भयो । जे होस्, मैले एसएलसी पास गरेँ । यसै वर्ष लुइँटेल गोरखाको अमरज्योति हाईस्कूलबाट बाबुराम भट्टराई बोर्डमा प्रथम हुनुभयो जो पछि नेपालका अर्थमन्त्री हुँदै प्रधानमन्त्री पनि बन्न सफल हुनुभयो ।

५१. बिहेको रमाइलो भनूँ : चाटेँछु रे डाडु र पन्युँ

भर्खर एसएलसी जाँच दिएको केटो म । एसएलसी दिनासाथ बिहेको लागि केटी खोज्ने धुन बढ्यो । मलाई केटी हेर्न हिँड् भन्नुभयो बुबा-आमाले । मैले मेरो बिहे गर्ने बेला भएको छैन, इच्छा पनि छैन भनेँ । एसएलसी पास भएपछि पढ्न जान्छु भनेको थिएँ । त्यसैले तेरो घर धान्न बिहे गरे मात्र पढ्न जान मिल्छ भनेर कर गर्नुभयो । त्यसो भए तपाईंहरू नै हेर्नुहोस् केटी, मलाई स्वीकार्य छ किनभने तपाईंहरूले आफ्नो छोराको लागि र आफ्नो घरमा सुहाउने बुहारी पक्कै खोज्नुहुन्छ भनेँ । नभन्दै बुबाले फागुन २०२६ मा बिहेको टीका लाएर २०२७ वैशाख ३ गतेका लागि बिहे छिनेर आउनुभएछ ।

बिहे भयो २०२७ वैशाख ३ र ४ गते । ठूलो पानी परेको थियो त्यस दिन । एउटा लुलो जन्तीलाई नै बगाएर लगेको थियो खहरे खोलाले बाटोमा तर सबै मिलेर बचाउन सके । म त घोडामा सवार थिएँ दुलाहाको भेषमा । दुलहीलाई जग्गेमा नै पहिलो पल्ट देखेको हो । खाना खाने बेला पनि पानी पर्न थाल्यो । अनि एउटा घरबेटीले मैले सुन्ने गरी के भन्यो भने : ***'यो दुलाहा पनि कस्तो रहेछ, नपुगेको भए बाहन लगाएको भए पनि त हुन्थ्यो नि !'*** यो सुनेर पहिला त म के भनेको होला भनी दङ्ग परेँ । पछि यसको सामान्य अर्थ खुल्यो ।

पहिले ***'डाडु, पन्युँ चाट्यो भने बिहेमा पानी पर्छ'*** भन्ने लोकोक्ति प्रचलित थियो । वास्तवमा त्यस्ता डाडु पन्युँ त कति चाटियो, गिन्ती नै छैन । १० वर्षदेखि पढ्न डेरा गर्दाका अवस्थामा आफैँ भान्से हुँदा पक्कै धेरै चाटियो पनि । के गन्ती ? जन्ती र घरबेटीबीच यो निकै चर्चाको विषय थियो । कस्तो सोचाइ होला ? यसमा के तारतम्य मिलेको होला ? आज पनि यस उखानको वास्तविक तात्पर्य मैले बुझेको छैन । केवल डाडु-पन्युँ नचाट्न सचेत गराएको मात्र बुझ्छु । तर्कै गर्ने हो भने हुन सक्ला- खानाको कमीले केवल डाडु, पन्युँ चाटेर बसेको अर्थमा व्यङ्ग्य बाण हो । पानी त जीवनको अभिन्न आवश्यकता । पानी सबैको जीवन, पानी सबैको आवश्यकता, चाहना नहुने कुरै भएन तर त्यही पानी पर्दा किन चिन्ता ? अझ बिहेमा पानी पर्नु त झन् शुभ भएन र ? जीवनका यस्तै आवश्यकता पूर्ति गर्ने उपयुक्त समय बिहे भएकाले पानी र बिहेको राम्रो मेल हुने हो कि ? त्यस्तो अवसरमा पानी पर्दा जन्ती र घरभेटी दुवैलाई गाह्रो भने अवश्य हुन्छ । त्यही गाह्रो पक्षको उच्छ्वासको रूपमा जन्तीको केन्द्र-बिन्दु दुलाहालाई जिस्क्याउने मौका बनाइएको हो कि ? यो एउटा सकारात्मक पक्ष नै हुन सक्ला । अन्य कुरा खोतल्ने बाटो बन्न सक्ला । अर्को कुरा, नयाँ जीवनसाथी प्राप्त गर्न कठिन हुने सङ्केतको रूपमा पनि यसलाई लिन सकिएला ।

जे भए पनि यो एउटा रमाइलो नै भन्नुपर्छ । डाडु-पन्युँ चाट्नुको तात्पर्य मीठोमसिनो र रसिलोपोसिलो खान चाहनु हो कि ? नपुगेर बक्यौता सिता, थोपा, टुक्रा वा कनिका पनि बाँकी नराख्ने प्रवृत्तिलाई व्यङ्ग्य भने पक्कै होला । यो त पुरा खाएजस्तो भयो पनि भनेको होला । भर्खर एसएलसी दिएको मान्छे म अनौपचारिक रूपमा कोर्सबाहिरका किताब पढ्थेँ । अब डाडु पन्युँमा नै भुल्ने दिन आएजस्तो पनि लाग्यो ।

आखिर वैशाख २३ गते नतिजा प्रकाशन भएछ, थाहै भएन । हरिश्चन्द्र भण्डारीजीको बिहेमा वैशाख २५ गते लुइँटेल भन्ज्याङ बनौतीमा बिहेमा जाँदा हल्ला सुनियो एसएलसीको रिजल्ट भयो रे भनेर । गोर्खापत्र खोज्न थाल्यौँ । एक मात्र सम्भावना पालुङटार विमानस्थलमा जहाजले ल्याउने थियो । बाटोमा पर्ने आरएनएसीको अफिस ठाँटीपोखरीमा पुगेर हेर्दा फेला पर्‍यो पास भएको नम्बर ८०१ यू । शायद यसले खुसीका साथै फेरि उच्च शिक्षामा जाने ढोका खोल्यो । अब फेरि डेरा गरी पढ्न जाँदा उही 'डाडु, पन्युँ नचाटी सम्भव होला र ?' भन्ने सम्झन थालेँ ।

बिहेमा दुलाहा-दुलहीको रूपमा रहेका जोडी पुष्पराज तथा अजुद्धमाया पौडेल

५२. घोडालाई रक्सी : झण्डै भयो बर्बादी

रक्सी रौस्याउने पेय हो । अन्न तथा फलफूल आदि कुहाएर मर्चा हाली नशादार झोल निकालिएको मदिरा हो । यसलाई दारु, मद्य, ठर्रा, ओक्ता आदि नामबाट पनि चिनिन्छ । मानिसहरू यसको सेवन गरेपछि असामान्य अवस्थामा पुगेको दृश्य र अनुभव हामीले गरेकै छौँ । घोडा वा अन्य यस्तै जनावरलाई पनि मद्यको सेवन गराइएमा के हुन्छ भनी परीक्षण नै भयो मेरो बिहेमा दुलही लिएर फर्कंदा ।

म दुलाहाको लागि घोडाको व्यवस्था भएकाले त्यसैमा सवार हुने कुरा भयो । तार्कुघाट आइपुगेपछि सबै जना थाकेकाले खाजा खाने व्यवस्था मिलाइयो । २०२७ साल वैशाख ४ गतेको यो दिन हिजोजस्तो पानी नपरे पनि गर्मी नै थियो । एक सय जन्तीलाई एकै ठाउँमा खाजाको व्यवस्था हुन नसके पनि विभिन्न स्थानमा विभिन्न परिकारबाट भोक मेटाउने प्रयत्न भयो । कति त मेरा शिक्षक वा विद्यार्थी साथीहरू पनि थिए । आआफ्नो इच्छाअनुसार पनि हुने भयो । बाजावालहरू रक्सीकै खोजमा थिए । राति अबेर हुने, बाजा बजाउँदा बढी सीप र मिहिनेत पर्ने भएकाले होला, दुःख बिर्साउने साथी त्यही नै माने । अरू सितनका साथ त्यही खाजा उनीहरूले खाए । सबैले खाजा खाइसके तर एक थरीले बाँकी रहेको रक्सी त्यही घोडालाई खान दिए । दिनु राम्रो होइन होला भन्दा अनुभवीहरूले ख्वाएर वा पिलाएरै छाडे । अब के हुने हो भन्ने डर र जिज्ञासा दुवै उठे । केही चिन्ता नमान्नुपर्ने बहुमतको रायअनुसार मैले फेरि घोडाको सेवा लिन थालेँ । चढेँ काठीमाथि, समाएँ लगाम । घोडा अगाडि बढ्न थाल्यो, जन्ती पनि हिँडे । दुलही अजुद्ध माया (भट्ट) डोलीमा थिइन् । बाजावाल त आफ्नो नियमित खाद्य पदार्थ खाएर हाँसीखुसी बाजा बजाउँदै अघि लागे । त्यसपछि डोलेहरूले दुलहीको डोला बोके । दुई दिने यो विवाह अब अन्तिम चरणमा थियो ।

बेलुका ७ बजेको हुँदो हो, जन्ती चिती खोला पुग्यो । ओरालोमा घोडालाई गाह्रो हुने रहेछ । उसको जगर एक हातले र अर्को हातले काठीको पछाडि समातेर धानिनुपर्ने भयो । घोडाको खुट्टाले टाप ठोकेकै भए पनि ओरालोमा राम्रो भेउ नपाउने रहेछन्, नखिइने मात्र हो । आखिर खोलासम्म त झरियो, खासै गाह्रो भएन तर जब खोला तरेर उकालो लाग्यो, घोडाले रक्सीको करामत देखाउन थाल्यो । उकालोमा त्यसै त घोडाले आफ्नो फूर्ति देखाउने, त्यसमाथि पिएको घोडा, शायद अब रक्सी लाग्न पनि थाल्यो होला । उकालोमा कसरी पैयाँ ठोक्यो भने उसले बाइपङ्खी घोडा भनेको यस्तै होलाजस्तो बनायो । एकदम दह्रोसँग समात्न नसकेको भए घोडाबाट लड्न केही गाह्रो थिएन । न्वारानको बल, बुद्धि र बर्कत सबै त्यसैमा खर्चनुपरेको थियो । भाग्यले केही भएन ।

माथि फाँटमा पुगेपछि त हल्का हुने नै भयो तर त्यहाँ पनि बेला बखतमा खतरा नै रहेछ। जब कुलो वा खाल्डो वा ढुङ्गा देखा पर्थ्यो, घोडाले बुर्कुसी मारेर दौडने वा उफ्रने गर्थ्यो । साँझको बेला आँखाले धोका खान सक्ने अवस्थामा उसलाई पनि भ्रम भयो होला जो म वा हामीलाई भएको थियो। विस्तारै काबुमा आउन थाल्यो र सकुशल घर पुऱ्यायो त्यो खातीथोकका तारानाथ पन्थ हजुरबाको सेतो घोडाले। पशु अधिकारकर्मीले यसलाई के भन्छन्, थाहा छैन। मलाई भने दिमागमा के पनि उठ्छ भने मान्छेले रक्सी खाएर आफ्नो जिन्दगी बिगारेका घटना थुप्रै छन्, कतै अब पशुको जीवनमा पनि धाबा बोल्न थालिएको हो कि !

जे होस्, यसरी बिहे गरेपछि घरको हेरचाह गर्ने अर्थात् घर धान्ने दुलही भएपछि पढ्न जान पाउँछस् भन्ने बा-आमाको भनाइलाई ध्यानमा राखेर गरेको बिहेको कार्यक्रम समाप्त भयो। दुलही भित्र्याएर सकेपछि मुख हेर्नेजस्ता भित्री कामकुरा त हुँदै रहे। जन्तीहरू पनि जो त्यहाँसम्म आइपुगे, अब स्वाभाविक रूपमा आआफ्ना घर लागे। म अबको पढाइको योजना सपनामा देख्न चाहन्थेँ। त्यसैले निद्रादेवीको काखमा पल्टन खोजेँ। आखिर मैले घोडा चढ्ने परीक्षा नै पास गरेजस्तो लाग्यो। सानोमा पढेको सम्झेँ: ***'घोडाको मोल, तीनसय साठी, घोडा चढ्नुभन्दा मोटर चढ्नु जाति।'*** हो, मैले जिन्दगीको सहयात्री घोडा भेट्टाएँ जो अमूल्य छ। यसले मेरो दैनिक जीवनको यात्रा सहज बनाउनेछ। शिक्षाको मार्गमा सहायक हुनेछ। यिनै सोचका साथ त्यस बिहेको घोडाको यात्रा सम्झनामा कैद गरेर बसेको छु। पशुपक्षीलाई पनि मदमत्ता बनाउन रक्सी सफल रहेछ भन्ने ठान्दछु। यो पनि एउटा अभूतपूर्व शिक्षा नै हो जस्तो लाग्यो।

५३. भैगो भाइ फर्की

एसएलसी पास भएपछि उच्च शिक्षा पढ्न जाने इच्छा र योजना बन्नु स्वाभाविकै थियो । म पनि बा-आमासँग एक सय रूपैयाँ मागेर कुन्छामा रहेको इन्टर कलेजमा भर्ना हुन गएँ । २०२७ साल भदौ १ गतेको कुरा हो यो । आफूसँगै पढ्ने साथी बद्री जैसी त्यहीँ भर्ना भएको सुनेर म गएँ उसैको डेरा खोज्दै । तँ तँ र म म चल्ने साथी । बसियो, खाइयो र राम्ररी छलफल भयो उसैकहाँ । साथीले त्यहाँको पढाइबाट सन्तुष्ट नभएकाले भरतपुर जाने प्रस्ताव राख्यो । ऊ त्यहाँ भर्ना भएर पढेको मान्छे त त्यसो भन्छ भने म भर्ना हुने कुरै भएन । दुवै जना भरतपुर जाने निधो गरियो । ऊ बिहानमा गएर प्रिन्सिपल श्याम दाहाललाई जानकारी गराउने र स्थानान्तरण प्रमाणपत्र माग्ने कुरा भयो । म पनि सँगै गएँ । सबै कुरापछि आखिर स्थानान्तरण प्रमाणपत्र दिन राजी भए प्रिन्सिपल र दिउँसो बोलाए । साथीले गएर सो प्रमाणपत्र लिएर आएपछि हामी भदौ ३ गते अपराह्ण ४ बजे मात्र कुन्छा छाड्न सक्यौँ । हाम्रो घर पुर्कोट भएर जाने सल्लाह भयो । रमेशनाथ पाण्डेको पुर्खौली थलो, छत्रराज पाण्डे र उहाँका छोराहरू बाबुकृष्ण पाण्डे तथा निर्मल पाण्डे (मेरा साथीहरू) को बसोबास क्षेत्र चितीखोला हुँदै हिँड्यौँ । भान्जा विकलराज अधिकारी र मामा पुष्पराज भण्डारीको गाउँ भण्डारी गाउँको उकालो हुँदै डुम्रीखर्कको बाटो भएर कुकुर भुकाउँदै राति १२ बजे हाम्रो घर पुर्कोट पुग्यौँ उसको भरियासहित । रातमा आमाले खाना पकाइरहनु हुँदा पढ्नका लागि भोलि बिहानै भरतपुर जाने योजना भएको कुरा सुनाउन मात्र सकेँ ।

भोलिपल्ट बा-आमा सबेरै उठेर मलाई भरतपुर नजान भन्न थाल्नुभयो । आफूले बाचा बाँधेर साथीलाई ल्याइसकेकाले त्यो बाचा तोड्न असमर्थ हुने कुरा बताएँ । खाना भने पकाइदिनुभयो आमाले । चाँडै खाना खाएर हिँडियो । आमाबुबाले थप पैसा पनि दिनुभएन । वर्षाको बेला सराङ्घाट, गाईघाटजस्ता ठाउँमा नदीमा डुँगा तर्दै जान खतरा हुने बताउनुभयो । म भने जे-जति लुगाफाटो, पैसा र अन्य सामान थिए, तिनै लिएर साथीको पछि लागेँ । बा पछिपछि आउनुभयो । दोरदोरको उकालोसम्म पनि बाआएपछि साथीले भन्योः भैगो भाइ फर्की । उसले आफू भरतपुर गएर खबर गर्ने कुरा बताएपछि उपयुक्त समयमा आउन सल्लाह दियो । साथीले भनेपछि भने अब बा-आमाको आज्ञा पूरा गर्न सक्ने देखेँ । बा र म फर्कियौँ । महन्ते हटिया आइपुगियो ।

महन्ते हटियामा बिहानको चिया खान मानिसहरू आएका थिए सदा भैँ । भदौ ४ गतेको कुरा थियो यो २०२७ सालको । रामबहादुर अधिकारीको पसलमा बलराम दाइ र मनोहर प्राविको सञ्चालक समितिका अन्य सदस्यहरू पनि रहेछन् । उनीहरूले मेरो र

विद्यालय दुवैको स्थिति बुझेर कुरा गर्न थाले । त्यस विद्यालयमा शिक्षकको खाँचो भएकाले एक वर्ष हेडमास्टर भएर यही पढाउन आग्रह गरे । कुराकानी राम्रै भयो छोटो मीठो तरिकाले । मैले पनि एक वर्ष आरामै गर्दा स्वास्थ्यलाई राम्रो हुने समेत ठानेर पढाउने निधो गरेँ । त्यही दिनमा तत्कालै त्यहीँ बाटैबाट सरासर स्कूल गएर पढाउन थालेँ । तीन हप्तापछि नागरिकता लिन दमौली गएँ । नागरिकता पनि मिल्यो प्रमाणपत्र नं. ३२३ को, तनहुँ जिल्ला प्रशासन कार्यालयबाट २०२७ भदौ २६ गतेका दिन । साथसाथै २ वर्षका लागि अस्थायी शिक्षण अनुमतिपत्र पनि प्राप्त भयो । शिक्षण अनुमतिपत्रबिना विधिवत् पढाउन पाइने थिएन । यो पद्धति सुरु भएको रहेछ त्यसै बेला । म त आधिकारिक रूपमा हेडमास्टर भएर मज्जाले शिक्षण गर्न र अनुभव बटुल्न पो थालेँ । अर्चले भन्ज्याङ्का मित्र विष्णुकुमार श्रेष्ठ मेरा सहयोगी शिक्षक हुनुहुन्थ्यो सुरुमा । यसरी मेरो जिन्दगीको मोड बदलियो- शिक्षा आदान होइन, प्रधानतर्फ ।

शिक्षाकर्मीको नयाँ युग प्रारम्भ भयो । त्यो साथी भरतपुर गयो वा गएन, केही खबर आएन । म पनि यतै भुलेँ । शायद ऊ उतै भुल्यो । प्रतिबद्धता भनेको कुरो अचम्मको रहेछ । ***'विद्यार्थी बन्न चाहेको गुरु नै बनियो ।'*** त्यस बेलाका विद्यार्थीहरूमा भोजराज भट्ट, सोमराज भट्ट, गणेशबहादुर श्रेष्ठ, रेशमबहादुर श्रेष्ठ, बाबुराम श्रेष्ठ, चन्द्रकला भट्ट आदिको नाम मात्र अहिले याद छ ।

केही वर्षपछि ***'भैगो भाइ फर्की'*** भनेर छुट्टिएका मित्र काठमाडौँमा भेट भएकाले उहाँ (बद्री जैसी) को भरतपुर पढाइबारे बल्ल थाहा भयो । परिस्थितिवश खबर हुन नसकेको अवगत भयो । सञ्चारको समस्या कस्तो थियो भन्ने कुरा अहिले एकादेशको कथा हुन सक्छ । हामीले त्यही भोग्यौँ । शिक्षाका क्षेत्रमा मात्र होइन, जीवनका हरपल सबैका लागि यही थियो नियति । अहिले आफैँलाई कल्पनाजस्तो आभास हुन्छ । जे होस्, त्यति बेला हामी दुवै जना आ-आफ्ना किसिमले आ-आफ्नै ठाउँमा उच्च शिक्षा आर्जन गर्न अभ्यस्त थियौँ । शिक्षालाई त्यसरी नै अगाडि बढाउन सफल भयौँ पनि ।

उता मनोहर प्रावि जसको औपचारिक स्थापना २०२५ सालमा हुँदा व्यवस्थापन समितिको पहिलो अध्यक्ष वेदप्रकाश खतिवडा र विद्यालय भवन निर्माण समितिको अध्यक्ष खिलाशर्मा खतिवडा हुनुहुन्थ्यो । त्यसै विद्यालयको पहिलो प्रअ लेखबहादुर धौराली र दोस्रो प्रअको रूपमा मैले सेवा गर्ने अवसर पाएँ । मेरो बुबा पनि पछि एक पटक त्यस विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुनुभएको थियो । यसरी आफ्नो यात्रालाई परिवर्तन गरेर शिक्षालयको विकासमा तल्लीन हुन पुगेँ । जब म २०२८ सालमा पढ्नका लागि काठमाडौं आएँ, ज्ञानहरि ढकालज्यूले मेरो दायित्व समाल्ने काम गर्नुभयो ।

५४. गाउँले इष्टमित्रको देहावसान : रातभरि कुर्नुको हैरान

कुरा बेलाबखतका हुन् । जन्मेपछि मर्नु स्वाभाविकै छ तर अकालमा मर्नु पर्दाको पीडा भने सही नसक्नु हुने रहेछ । भनिन्छ, मान्छेको आयु १०० वर्ष हो । अपवादस्वरूप कोही १०० वर्षभन्दा पनि धेरै बाँचेको पाइन्छ । कोही कम उमेरमै मर्दछन् । रोगले, दुर्घटनाले, हत्याले, युद्धले, प्राकृतिक प्रकोपले, महामारीले, आत्महत्याले वा गर्भपतनले असमयमै ज्यान जानेको सङ्ख्या बढी छ संसारमा ।

हाम्रो गाउँका यस्ता थुप्रै घटना भोगेको आधारमा यसलाई प्रस्तुत गर्दै छु । शङ्करभक्त ढकाललाई शायद रोग पनि थियो, अकालैमा बित्नुभयो घरैमा । हामीले रातभर लास कुर्नुपर्‍यो । पीडित परिवारलाई सान्त्वना दिनेदेखि आवश्यक व्यवस्थापनमा गाउँले लाग्नु स्वाभाविक थियो । ***'छिमेकीलाई जिउँदाको जन्ती र मर्दाको मलामी'*** भन्छन् क्यारे । यस्तो बेलामा मद्दत गर्नु सबैको कर्तव्य हो । यस बेला म घाटमा त गइनँ किनभने ***'बा-आमा जीवित हुनेले घाटमा नजानू'*** भन्ने चलन थियो तर म एक पटक गुरु इन्द्रसिंह रोकाहाको मलामी गएको छु घाटमा । २०३८ साल वैशाख १६ को त्यो दिन, बा-आमा छँदैको कुरा ।

मैले २०२५ साल फागुन मसान्तमा आफ्नै हजुरआमा मनुमाया देवकोटाको शव रातभर मान्द्रोले बेरेर कुर्नुपरेको घटना पनि बिर्सेको छैन । उहाँकै दाजु गोपीनाथ ढकालको शव २०३९ माघ २३ को रातमा रुवाबासीका बीचमा लासलाई बिहान घाट नलगेसम्म आँगनमै कुर्नुपर्‍यो । माघ १७ को दिउसोदेखि बेथाले चापेकाले दश दान र वैतरणी गर्नुपर्छ भनेर एउटा दान लिने काममा पनि व्यस्त भइयो । धेरै दिन बाँच्ने र बचाउने आशामा कुर्नुपर्‍यो । आखिर २४ गते बिहानै ०१:३० बजे उहाँको देहावसान भएको थियो ।

बाबुराम न्यौपाने दाइको बुबा हिमलाल न्यौपाने भनेर चिन्थे धेरैले । बूढाको शव पनि त रातभरि कुरियो । भोलिपल्ट छोरा जिल्ला प्रहरी कार्यालय दमौलीबाट आउन ढिला भयो । आखिर मसान घाटसम्म म पनि जानुपर्ने अवस्था आयो । गइयो र अन्तिम संस्कारमा आवश्यक सहयोग तथा व्यवस्थापन गरियो ।

यसरी थुप्रै घटना स्मृतिमा छन्, भोगियो । पढ्ने वा पढाउन जाने दुवै कुरामा यसले दुष्प्रभाव पारेको थियो । नेपाली संस्कारको भने यसले राम्रो संस्मरण दिँदो रहेछ । हाम्रा चिनाजानीका थुप्रै मान्छेले यस धरतीबाट बिदा लिए । मर्त्यलोकको यो नियम सबैले

भोग्नै पर्ने । मेरो भोगाइका यस्ता कथा सबैको फेहरिस्त भने यो होइन । यहाँ केवल छिमेकमा भएका दुःखद मृत्युलाई वरण गर्ने केही व्यक्तिहरूको शव कुर्नुपरेको स्मृति मात्र हो । कुर्नु नपरेका र रोमाञ्चकारी मृत्युका घटना त अझ यसभन्दा धेरै दर्दनाक पनि अनुभव भए ।

अब त १३ दिने काज किरियालाई ७ दिनमा झार्ने प्रयत्न पनि भइरहेको छ । यस कुराका पछाडि पक्ष वा विपक्षमा बलिया तर्क छन् । आखिर जे गरे पनि गाउँघरका यस्ता समस्यामा छिमेकी र आफन्तकै सहयोग सर्वाधिक महत्त्वपूर्ण हुने रहेछ । यो नितान्त व्यावहारिक शिक्षा रहेछ दुःखमा सहयोग गर्ने । यसले दैनिक शिक्षामा असर पारेको थियो । व्यावहारिक रूपमा आइपर्ने दुःखद अवस्थाका लागि सिक्ने अवसर पनि भयो ।

५५. ठूलो धोको उच्च शिक्षाको : लामो यात्रा काठमाडौँको

गुरुकुलमा नपढे पनि व्रतबन्धमा मामाले काशी लाने भनेर केही परसम्म साङ्केतिक दृष्टिले पढ्न लगेको याद छ । यस्तो अनुभव त वास्तविक रूपमा नै कक्षा ६ (छ) पढ्न नदी पार गई डेरा गरी थालनी गरेको हो । अब उच्च शिक्षाको गत वर्षदेखिको अधूरो सपना पूरा गर्ने वातावरण तयार गरिँदै थियो काठमाडौँ जाने भनेर । यो यात्रा पनि शैक्षिक भ्रमणको रूपभन्दा फरक नपर्ला । शैक्षिक भ्रमण शिक्षाको एउटा अनिवार्य पद्धति नै हो पनि । अघिल्लो वर्ष कुन्छाबाट फर्केको र प्राथमिक विद्यालयमा प्रमुख शिक्षक अर्थात् हेडमास्टर भएर एक वर्ष बिताएको पनि आफ्नै अनुभव रह्यो । यसरी नै भुल्ने ऊह वा चाहना र योजना थिएन पनि । अब काठमाडौँ जाने योजना थियो तर स्रोत, साधन र सूचनाविनै । झ्याली त पिटाएको थिएँ- कोही काठमाडौँ जाने भए मलाई खबर दिनू है भनेर । केही साथीहरूको काठमाडौँ जाने योजना भएछ र मलाई पनि सम्झेछन् ।

२०२८ साल असार १७ गते बिरौटाको रोपाइँमा बाउसे गरिरहँदा अचानक एक जना मान्छे आएर बलबहादुर परियारको सूचनाको हवाला दिँदै काठमाडौँ जान लागेको र जाने खण्डमा कमेरेको रहनजिक फाउँदी खोलामा भोलिपल्ट बिहान ७ बजे भेट्नू भन्ने जानकारी पाएँ । अनि रोपाइँ छाडेर नुहाइधुवाइ गरी घरतर्फ उकालो लागेँ बा-आमालाई भनेर । आफ्नो तयारी गरेँ । जब बा-आमा रोपाइँ सकेर आउनुभयो बेलुका घर, उहाँहरूले मलाई काठमाडौँ पठाउन गाह्रो मान्नुभयो । पैसा त कमी छँदै थियो, वर्षाका बेला भनेर फेरि पनि डर देखाउन थाल्नुभयो । मेरो जिद्दीका अगाडि उहाँहरूले मान्नु भए पनि भोलिपल्ट बिहान राम्रो साइत नभएकाले भन्न थाल्नुभयो । म त्यसो भए अहिल्यै जान्छु भनेपछि कुरा मिल्यो । गल्लीपारी शङ्करभक्त मामाको घरमा गएर वास बसेँ । बुबाले भोलिपल्ट रु. ४ सय थपिदिने कुरा भयो । आफूसँग रु. ४ सय थियो । ८००/- रूपैयाँ भनेको ४ तोला सुनको मूल्य थियो त्यस बेला । बुबा पुऱ्याउन आउनुभयो सबेरै कमेरेको रहसम्म । साथीहरूसँग यथासमयमा यथास्थानमा भेटघाट भयो । टोली अगाडि बढ्यो काठमाडौँको लागि ।

हाम्रो ७ (सात) जनाको टोली बनेछ । टोलीमा बलबहादुर परियार, तीर्थबहादुर थापा, चिमकाजी श्रेष्ठ, सरोजकुमार श्रेष्ठ, हरिश्चन्द्र पाण्डे, विश्वलाल श्रेष्ठ र म । पृथ्वीराजमार्ग निर्माणार्थ खनिँदै थियो । त्यसैले पैदल यात्रा नै एक मात्र विकल्प थियो । पहिलो रात आँबु खैरेनीसम्म पुगेर वास बस्यौँ । एउटा मात्र होटल रहेछ । रात परेकाले शायद धेरै ज्ञान भएन । थकाइ त छँदै थियो । त्यहाँका कुल्लीहरूले झैँ उसिनेको चामलको भात खाइयो । जिन्दगीको पहिलो अनुभव थियो यस्तो चामलको भात । भोलिपल्ट

मुगलिङको साँगुरो झोलुङ्गे पुल जहाँबाट मान्छे मात्र तर्न सकिन्थ्यो, तरेर चुमलिङटार पुगी सानो छाप्रोमा वास बसियो । तेस्रो दिन अलिकतिले गर्दा कृष्णभीरको पहिरोबाट बलै बँचियो । वर्षामा खोला बढेको ठाउँमा तीर्थ थापा दाइको सहयोग अविस्मरणीय छ । जुनेली त्यस रातमा पनि निकै हिँड्न सकियो र मलेखु पुगियो । एउटा मात्र घर भएकाले चोर लाग्न सक्ने जानकारीका आधारमा ४ र ३ जना गरी पालोपालो सुतियो । सडक निर्माण कार्य धमाधम थियो । चौथो दिन बाटोमा माटो बोक्ने चाइनिज डम्फरको सहयोगले एक आधा घण्टा राहत दियो र फेरि हिँडेरै नौबीसेसम्म पुगेपछि त बाइरोडको ट्रक फेला परेकाले बेलुका काठमाडौँ पुगियो । क्षेत्रपाटीको नौलो होटलमा वास बसियो, सात दिन यहीँ बसेर बिते ।

यसरी काठमाडौँमा पढ्न आएँ म २०२८ साल असार १८ गते । यस यात्राबाट प्रारम्भ गरी उच्च शिक्षाको ठोस पाइला अगाडि बढेको हो । त्यसैले मेरो जीवनमा संयोग राम्रो नै मान्नुपर्छ– हरेक १८ गतेले मलाई ऊर्जा दिएको छ, सफलता मिलेको छ । काठमाडौँ आउनु स्वयंमा कम रोचक र शैक्षिक भ्रमणभन्दा कम ज्ञानवर्द्धक रहेन । बलबहादुर परियारको अभिभावकत्व, सल्लाह र सहयोगमा सरस्वती कलेजमा भर्ना भएर रात्री कक्षामा पढ्न थालेँ । साथीभाइ कोही फर्के, कोही अन्यत्रै लागे । म अविचलित पढ्ने अठोट बोकेर काठमाडौँ आएको थिएँ । यो एउटा लामो यात्रा थियो । केवल काठमाडौँसम्मको मात्र होइन, जिन्दगीकै लागि बाटो निर्माण गर्ने लामो यात्रा थियो ।



अभिभावक एवम् सहयात्री
बलबहादुर परियार



काठमाडौं यात्राका साथीहरू
बलबहादुर परियार (छुट्टै),
सरोजकुमार श्रेष्ठ,
तीर्थबहादुर थापा,
हरिश्चन्द्र पाण्डे,
विश्वलाल श्रेष्ठ र
चिमकाजी श्रेष्ठको साथमा

५६. गाडी र साइकल पहिलो दर्शन : साइकल सिक्दा पाइन्ट कत्रन

आजभोलिको पढाइ भएको भए धेरै फरक पर्थ्यो होला । विकसित देशको त झन् कुरै भएन । काठमाडौँ जाने रहर त पूरा हुँदै थियो । गाडी त के साइकल पनि प्रत्यक्ष नदेखेको मान्छेले शहरमा गएर पढ्ने योजना रे । पहिलो पटक साइकल देखेको ठाउँ त काठमाडौँको पैदल यात्राको अन्तिम बिन्दु थियो नौबीसे । गाडी देखेको पनि त्यही दिन हो । किताबमा चित्र मात्रै देखेको हो यसअघि । १७ वर्षको उमेरमा साइकल र गाडी देखियो २०२८ साल असार २१ गते । निर्माणगाडी भने हिँड्दा हिँड्दै चाइनिज डम्फर पृथ्वी राजमार्ग खन्ने क्रममा माटो, गिटी आदि बोक्ने क्रममा देखियो । एकाध घण्टा कच्ची र घुम्ती बाटोमा बिस्तारै गुडाएको र हामीले चढ्न पाएका थियौँ । यही नै त्यस प्रकारको गाडीको पहिलो दर्शन भन्नुपर्छ । पछि त नौबीसेबाट ट्रक चढेर काठमाडौँसम्मको पहिलो रमाइलो यात्रा भयो । त्रिभुवन राजपथमा चल्ने त्यो गाडी चढ्न हामीलाई भ्याई, नभ्याई भएको थियो । अनि काठमाडौँ पुगेपछि अरू गाडी र साइकलहरू पर्याप्त देख्न पाइयो । अहिले भने थोत्रा गाडीले भरिएको काठमाडौँ, थोत्रा सडकमा गुडेका छन् । आजभोलि गाडी, धुलो, धुवाँ, फोहोरले वाक्क लाग्दो भएको छ हामीले देखेको त्यस बेलाको काठमाडौँ ।

देख्न त देखियो साइकल र गाडी । गाडी सिक्ने त अहिलेसम्म पनि धृष्टता गरिएन । साइकल भने सिकियो । मोटरसाइकल पनि सिकियो, चलाइयो २० वर्ष नै । वास्तवमा साइकल सुरुमा एक पटक सिक्न लाग्दैमा पहिलो दिनमा नै अनपेक्षित घटनाले ब्रेक लगायो । सरस्वती कलेजमा असारको अन्तिम साता भर्ना भएको थिएँ । अभिभावकको रूपमा बलबहादुर परियारको मार्गदर्शन साह्रै सहयोगात्मक थियो ।

कलेज जान उपयुक्त पाइन्ट सिलाउन दिएको थिएँ क्षेत्रपाटीमा । साह्रै फिट थियो पाइन्ट काठमाडौँका चर्चित टेलरले सिलाएको । अहिले पनि सम्झन्छु- त्यस पाइन्टको आकाशे नीलो रङ्ग थियो र ईस्त्री लगाएको चट्ट मिलेको तथा सुहाएको भान हुन्थ्यो । अर्को अर्थमा भन्नुपर्दा आफूलाई असाध्य मन परेको पाइन्ट थियो त्यो । जब त्यही पाइन्ट लगाएर साइकल सिक्न लैनचौर गयौँ (अरू साथीसँगै), एकछिन त रमाइलै भएको थियो । सिक्न अभ्यास चल्दै थियो । केही गुडाउन थालिसकेको थिएँ । त्यसको सबै जानकारी थिएन । नजाने कताबाट पाइन्टको बीचमा साइकलले च्यापेर खाइदियो, प्वाल पारिदियो । मलाई मनको पनि ठूलो चोट पर्न गयो । अब के गर्ने, के नगर्ने द्विविधा भयो । मनमा अनेक ऊहले वास गरे । कलेज जाने नयाँ पाइन्टको त्यो हालत ।

आखिर त्यहाँबाट च्यातिएको पाइन्ट लिएर डेरामा आइयो । चिन्ता पऱ्यो । रफू गर्न दिने निधो भयो । रफू गरेँ । जसरी पनि लाउनै पर्ने । आखिर धेरै लामो समय (शायद २ वर्ष) त्यो पाइन्टले काम चलाएँ तर साइकल भने सिक्नै मन लागेन, छाडिदिएँ । उही दिन बुझाइयो त्यो भाडाको साइकल पनि । साइकल सिक्दिनँ भन्दा पनि पछि भने फेरि सिक्न बाध्य भएको थिएँ, मोटर साइकल सिक्ने क्रममा । जे भए पनि साइकल मैले धेरै चलाइनँ । मोटर साइकल भने चलाउनै पऱ्यो, कामको आवश्यकताले । यसरी ढिलो देखेको वस्तुसँगको खेलबाड भने चाँडै माया मार्नुपऱ्यो ।

सरस्वती कलेज (क्याम्पस) को हालको तस्विर

५७ पढ्न जान ऋण सापट : पत्याएनन् पर्‍यो आपत्

एक पटक त काठमाडौँ पढ्न अनेक गरेर आइयो । पढाएर र बा-आमाको सहयोगले पैसा पनि बनाइयो । तर जब घर फर्केर गइयो, पैसाको अभाव खट्कियो । अब फर्केर जान सकिने अवस्था भएन । साहू रामलालकहाँ गएँ, ४०० रूपैयाँ ऋण माग्न । बल्लबल्ल भेट भयो । सधैँ बुबासँग आएर वा एक्लै पनि लुगा किन्न जाने गर्दा राम्रै परिचय थियो । ग्राहकको हैसियतमा मात्र होइन, पुर्कोटवासीको नाताले पनि चिनजान र लेनदेन थियो । उहाँकै जेठा छोरा शम्भुलालले त हामीलाई ४ कक्षामा अङ्ग्रेजी पढाएको पनि सम्झन्छु । कान्छो छोरा कृष्णलालको भने ठूलै भएपछि उच्च शिक्षा पढ्दा नपढ्दै असमयमा नै दु:खद निधन भयो । कृष्णसँग हाम्रो राम्रै दोस्ती थियो ।

साहूजीले नम्र तरिकाले व्यवहार गर्नुहुन्थ्यो । व्यापार नीतिमा पोख्त हुनुहुन्थ्यो । उमेरमा मेरो बुबाभन्दा मात्र ३ वर्ष कान्छो । उहाँका साधारण बोलीचालीमा पनि त्यसभित्र रहस्य भएझैँ भान हुन्थ्यो । पैसा नभएर होइन, केटाकेटी ठानेर नपत्याएर उहाँले ऋण दिन गाह्रो मान्नुभयो । अनि चर्को ब्याजको कुरा आजभोलिका केटाहरूले त्यति स्वीकार्दैनन् भन्ठानेर होला, बुबा लिएर आउन सल्लाह दिनुभयो । आफूलाई पैसा चाहिएकाले बुबालाई लिन घर आएँ । बुबा गएर कुरा गरेपछि ब्याजको कुरा पनि मिल्यो । सहीछाप पनि बुबालाई गराउनुभयो मलाई साक्षी राखेर । २०२८ साल फागुनमा नै सयकडा २४ प्रतिशत ब्याज । मलाई मनमा निकै चिसो पसेको थियो त्यो दिन । हामीजस्ताको त त्यो हाल छ भने, अरू धेरै हामीभन्दा कमजोर मान्छेले कसरी गर्जो टार्लान् भनेर । यति मात्र कहाँ हो र ? अर्को वर्ष १५ पुसमा तिर्ने शर्तको कागज गराए बुबालाई । यतिसम्म त स्वाभाविकै थियो होला तर साँवामा २४ प्रतिशत लेख्न नमिल्ने अर्थ लगाएर अहिल्यै नै त्यो ब्याजसमेतको साँवा रकम उल्लेख गरी कागजमा सहीछाप लगाउन राजी भइयो । मान्नै पर्‍यो बाध्य भएर आफ्नो पढाइको लक्ष्य पूरा गर्न । त्यस बेलाको प्रचलन, कानुनी उपाय, कर्जा संरक्षण नीति, व्यक्तिगत सम्बन्ध र व्यावहारिकता समेतलाई हेर्दा गुनासो गर्ने ठाउँ पनि थिएन । गर्जो टार्न उहाँले सहयोग नगरेको भए मेरो पढाइ के हुन्थ्यो होला ? यो सामान्य कुराजस्तै थियो । समाज यसरी नै चलेको थियो ।

जे होस्, अब फेरि एक पटक पढ्न जान खर्च उपलब्ध भयो तर हरेक क्षण आफूलाई नपत्याएको कुरा र चर्को ब्याज । अनि त्यसमा पनि १० महिनापछिसम्मको ब्याजसहितको कागज पहिले नै गराउने कुरा कतिसम्म न्यायोचित हो भन्ने प्रश्न उब्जिरह्यो । पछि बुबाले घरव्यवहारबाट त्यस ॠणबाट मुक्ति पाउनुभयो । पढेर गएपछि जागिर खाएर अन्य ऋण पनि तिरियो । पढाउने बखतमा पनि साहू रामलाल सञ्चालक

समितिको अध्यक्ष हुँदा पनि झलक्क यही याद आउँथ्यो । कुनै न कुनै तरिकाले त्यसको झल्को वार्तालापमा प्रकट हुन्थ्यो ।

जे भए पनि मेरो जीवनलाई शैक्षिक मार्गमा अग्रसर हुन उहाँले गरेको सहयोग भुल्न सक्दिनँ, चाहे त्यो केही हदमा समसामयिक दृष्टिले चर्कै प्रमाणित भए पनि । यो कस्तो पद्धति हो र यसको समाधान के हो भन्नेवारे आजसम्म पनि उत्तर भेट्टाएको छैन मैले । यो केवल एउटा व्यक्तिको कुरा गरेको होइन, यस्तो पद्धति शायद गाउँ समाजमा त्यस बेला चलेको चलनै हो । आज पनि कुनै न कुनै तरिकाले बँचेकै छ यो चलन । यसतर्फ सरकारकै ध्यान पुग्नुपर्ने हो कि ?

५८. काठमाडौँमा पढ्न बस्दा : १७ ठाउँमा डेरा सर्दा

सरस्वती कलेजमा रात्रि कक्षामा भर्ना भएको थिएँ । पहिलो डेरा क्षेत्रपाटीको नौलो होटल नै बन्यो डेरा खोज्दा अर्को एक हप्ता बित्यो । दोस्रो डेरा यू निवास पकनाजोल बन्यो । मेरो अभिभावक बलबहादुर परियारको सहयोग र मार्गदर्शन जीवनभरि नै सम्झनाको पक्ष रह्यो । हामी सँगै बस्थ्यौँ, खान्थ्यौँ त्यस बेला । म राम्ररी पढ्दै थिएँ तापनि एउटा रोगले सताएको थियो । त्यो के भने कसरी पढाइलाई निरन्तरता दिन सकिएला भनेर । घरबाट ल्याएको ८ सय रूपैँया क्रमशः घट्दै थियो, सकिँदै थियो, ढिलो चाँडो सकिने निश्चित थियो । त्यसैले रोजगारीको खोजीमा लागेँ । अर्को अर्थमा भनौँ भने गोजीको चिन्तामा लागेँ । अनि पत्र-पत्रिकामा विज्ञापन हेर्नुभन्दा अर्को विकल्प थिएन किनभने आफ्नो मन खाने र रोजगारी लगाइदिन सक्ने मनकारी मान्छे थिएनन् । संयोगवश एउटा सूचनामा नजर पऱ्यो तर त्यो त आयुर्वेद पढ्ने कुरा मात्र थियो । तैपनि त्यसमा छात्रवृत्ति हुन्छ रे भन्ने सुनेर लोभिएँ । छानिएँ पढ्नका लागि । पढेँ पनि घर नगइन्जेल तर छात्रवृत्ति सजिलै हात लाग्ने बुझिएन । अनि दशैँमा तीर्थराज भट्टराई (रामथुम्की) र हर्षलाल श्रेष्ठ (धरमपानी) तनहुँकै चन्द्रावतीका सहपाठीहरू फेला पारेपछि साउनेपाटीको उहाँहरूकै डेरामा सामान राखेर घर गएँ । कारण आफूसँग आएका साथी सबै फर्किसकेका थिए ।

बल्लबल्ल फागुनमा फेरि काठमाडौँ पढ्न आएँ दशैँमा गएको मान्छे । साउनेपाटी पकनाजोलकै तेस्रो डेरामा २ महिनाभन्दा बढी बसियो । उहाँहरू पनि जागिरको क्रममा अन्यत्रै जानुभयो । अब फेरि जागिरको धुनमा लागेँ तर जागिर पाउन सजिलो रहेनछ । आफ्नो मान्छे ठूलो पदमा भएमा तिनले चाहेर सहयोग गरेमा मात्र सम्भावना रहेछ । एक दुई ठाउँमा बलै प्रयास नगरेको होइन तर व्यर्थ भयो । यसैबीच जेटीए पढ्न भर्ना खुला भयो । मामाकी छोरी गोमा दिदीका श्रीमान् श्रीप्रसाद पौडेल आउनुभयो त्यही पढ्न । अनि उहाँसँगै ठमेलमा चौथो डेरामा बसियो । भिनाजु श्रीप्रसादले मलाई पनि त्यस प्राविधिक विषय पढ्न प्रेरित गर्नुभयो । म पनि केही छात्रवृत्ति मिल्ने सम्भावना हुन्छ रे भन्ने सुनेर आकर्षित भएँ । दरखास्त हालेँ उहाँसँगै । भर्ना परीक्षा पास पनि भइयो दुवै जना । भर्ना हुन एक महिनाको म्याद थियो । उहाँ त भर्ना भइहाल्नुभयो । म भने दोधारमा परेँ । ४००/- रूपैयाँ चाहिने हुँदा घर नगई उपाय थिएन । दाता को भेटिने ? घर गएर पनि पाइन्छ नै भन्ने के ग्यारेन्टी थियो र ?

एक महिनासम्म पढ्दै विचार गर्दै रहेँ । आखिर अब धेरैतिर नलागी सरस्वती कलेजको पढाइलाई नै राम्ररी पूरा गर्ने अठोट आयो । जेटीए पनि छाडियो । उहाँ पनि बिरामी

परेर पढ्न छाड्नुभयो, घर अर्थात् लमजुङ सूर्यपाल फर्कनुभयो । म पनि अर्को एक हात अपाङ्गता भएका अग्रज साथी पद्मराज सेढाईंसँग मिली पाँचौँ डेरा गल्कोपाखामा बसेँ । कुन्छाका सेढाईंजीलाई पनि साथी चाहिएको, मलाई पनि । सरस्वती कलेजमा नै उहाँ बी.ए. पढ्ने भएकाले पढाइमा उहाँले सहयोग गर्ने, खाना पकाउन र भाँडा माझ्न मैले सहयोग गर्नुपर्थ्यो । उहाँ सिंहदरबारमा ना.सु. जागिर भएकाले समयमै नेपाली ढाका टोपीसहित लगाएर जानुपर्ने हुँदा सधैँ मैले टोपी लगाउन सहयोग गर्नुपर्ने । टोपीलाई धार्नी न बिसौली, दुई हातले उचाली भनेको ठीकै रहेछ । पछि उहाँ जागिरमा सरुवा भएपछि म सातौँ डेरामा रामचन्द्र न्यौपानेजीसँग कालधारामा बसेँ । उहाँ पनि घर गएर नआउने भएपछि तार्कुघाटका बद्रीकुमार श्रेष्ठलाई साथी पाएर छैटौँ डेरामा क्षेत्रपाटीमा बसेँ । पछि उहाँ पनि जागिरको सिलसिलामा हिंड्नुभयो । म आठौँ डेरामा गोर्खा गाईखुरका मित्र हितराज पाण्डे (जो पछि मन्त्री पनि बन्नुभयो) सँगै बसेर आईए दिएर पास पनि गरियो ।

अब डिप्लोमा इन् एजुकेशन पढ्ने निधो भयो । बोधराजजी नेपालगञ्ज जाऔँ भन्ने, म काठमाडौँमा पढौँ भन्ने । आखिर काठमाडौँमा पढियो । यसको कारण पनि एजुकेशन पढे छात्रवृत्ति पाइन्छ भनेर नै थियो । यसमा पनि भर्ना हुनु ४ दिनपूर्व रु. २००/- हरायो रहस्यमय तरिकाले । यस बेलाको नवौँ डेरा थियो भित्री कालधारा । अनि घर गएर रु. ४००/- ल्याएर भर्ना भइयो । रोजेको विषय पछि फेरौँला भनेर प्रवेश परीक्षा दिइएको र पास भइएको थियो । राष्ट्रिय पञ्चायतका तत्कालीन सदस्य उमाभद्र खनालले सिफारिसपत्र दिनुभएको थियो । छात्रवृत्ति भने मिलेन, बरु शुल्क नलाग्ने भयो । आखिर पहिलो सेमेस्टर पास गरेपछि छात्रवृत्ति पनि पाएँ फेल हुनेको काटेर हामी पास हुनेलाई दिएकाले । यता बोधराजजी एक्लै बस्ने निधो गर्नुभयो । अनि, म पनि लमजुङ भोर्लेटारका रामकृष्ण घिमिरे, भाग्यशाली घिमिरे र गरमबेसीका देवी भट्टराईजीसँग बसेँ दशौँ डेरामा पकनाजोलमा । रामकृष्णजी त सँगै पढ्ने तर सेवाकालीन शिक्षक, अरू साथीहरू अन्यत्र पढ्ने र धेरै जना अरू पनि थपिएकाले पढाइमा बाधा पुग्ने देखेर एघारौँ डेरा लगनटोलमा बसियो हरिराज तथा शशिराज पौडेल बन्धुहरूसँग । एक पटक त्यहाँबाट सबैजना जैसीदेवल सर्नुपर्ने परिस्थिति आयो बाह्रौँ डेरामा ।

यसबीचमा लेबोरेटोरी मावि कीर्तिपुरमा एक सिमेस्टर समूह शिक्षण गरियो पहिलो घन्टी, त्यो पनि आठ कक्षामा मात्र । औपचारिक कक्षाको पढाइपछि शिक्षण अभ्यासमा पोखरा जाने निधो गरेँ । अमरसिंह मावि रामघाट पोखरामा विशेष औपचारिक शिक्षण गर्ने काम २ महिनासम्म भएको थियो फूलबारीमा डेरा गरेर यसलाई पनि गन्ने हो भने तेह्रौँ डेरा भने हुन्छ । यसरी स्नातक तहसम्मको शिक्षण संस्थामा भौतिक उपस्थितिको पक्ष पूरा भयो । काठमाडौँको औपचारिक पढाइको र थुप्रै डेरा सराइको, मित्रहरूको आदि अनुभव भयो मलाई । शिक्षामा स्नातक भइयो ।

पछि नेपाल रेडक्रसमा जागिरको सिलसिलामा काठमाडौमा आउँदा पनि ठमेलमा दलबहादुर श्रेष्ठ मीत दाइसँग चौधौँ डेरा भएछ । उहाँका चारवटा केटाकेटी सबै आएपछि म डेरा सर्नुपर्ने भयो । क्षेत्रपाटी ढल्कोमा पन्धौँ डेरा बनाइयो जहाँ मेरी जेठी छोरी उपमा शर्मालाई ९ वर्षको उमेरमा काठमाडौँ पढ्न ल्याएँ । त्यहाँबाट पछि छोरा शाश्वतलाई पनि काठमाडौँ ल्याउने क्रममा नयाँबजारको कुमारी गल्लीमा सोहौँ डेरा बनाइयो । अनि, पछि सबै केटाकेटी काठमाडौँ ल्याउने योजनासँगै घर किन्ने गरी बाफलमा १७ औँ डेराको रूपमा सरियो । पछि त्यही घर किनेर, एक तला थपेर, बाढीको समस्या आएपछि पूरै भत्काएर नयाँ घरमा बसिएको छ । *'के घर, के डेरा ?'* चलचित्रसमान भयो । काठमाडौँमा पढ्दा १७ ठाउँमा डेरा भएछ । जिन्दगी नै अस्थायी आवासतुल्य देखा परेको रहेछ, होइन र ?

५९. पहिलो शैक्षिक भ्रमण : धुलिखेलको पूरै वन

२०२८ साल असारको अन्तिम साता होला, नरदेवीमा आयुर्वेद महाविद्यालयमा कविराज पढ्न भर्ना खुल्यो । यसमा नजर पर्नासाथ मेरो मनमा किन हो किन आकर्षण बढ्यो । त्यसका कारणमा पहिलो त त्यहाँ छात्रवृत्ति पाउने सम्भावना थियो । पढ्न पनि पाइने, छात्रवृत्ति पनि भएमा आर्थिक स्रोतको चिन्ता कम हुने र आयुर्वेदको विकासबाट देश विकासमा योगदान गर्न सकिने कविराज भएर । त्यसैले त्यसमा दरखास्त दिने निधो गरेँ ।

दरखास्त दिएपछि छनोटमा पनि परियो । भर्ना नै भएँ । दिउसोमा नरदेवीको, राति लैनचौरको कलेज । दुई महिनाजति राम्रै पढेँ । यसबीच एक दिन धुलिखेल लैजाने कुरा भयो जङ्गलमा जडीबुटी खोज्न, चिनाउन र ल्याउन । राम्ररी गइयो त्यस शैक्षिक भ्रमणमा । सारा जङ्गल चहारियो । नयाँ नयाँ जडीबुटी पनि चिनियो । केही चिनेका भए पनि नाम नजानेका रहेछन्, जानियो र ल्याइयो पनि । एउटा अविस्मरणीय शैक्षिक भ्रमण रह्यो यो मेरो जिन्दगीको । त्यही सम्झनामा पछि पनि त्यो वन घुम्न गएको छु प्रसङ्गवश । कति रमाइलो आनन्द आउँछ त्यहाँ हिंड्दा र त्यो सम्झँदामा । लाग्छ, यी जडीबुटीको राम्रो सदुपयोग गर्न सकिएमा आयुर्वेदको मात्र होइन, देशको स्वास्थ्योपचारको क्षेत्रमा अभूतपूर्व योगदान हुन सक्ने देखिन्छ । एलोप्याथीले हुन नसक्ने उपचार आयुर्वेदले हुन सके विश्वमा नै ठूलो उपलब्धि हुनसक्थ्यो होला ।

नरदेवीको पढाइ चालू नै थियो साउन र भदौ दुई महिना त पूरै पढेँ । असोजमा दशैँ भएकाले घर जाने कार्यक्रम भयो, स्वाभाविकै रूपमा तर त्यस बेलासम्म छात्रवृत्तिको निधो भएको थिएन । आखिर घर जाने बेला भयो, गएँ । दुर्भाग्य म समयमा फर्केर आउन सकिनँ, आर्थिक कारण नै प्रमुख रह्यो । पुस र माघ त मीनपचास बिदा नै हुन्थ्यो । फागुनमा अनेक उपायले काठमाडौँ जाँदा त नाम नै काटिइसकेछ, पढ्ने र छात्रवृत्तिको कुरै भएन । केही गरे हुन्छ कि भन्दा पनि मिलेन । आफ्नै भान्दाइ डा. यमनाथ अधिकारीसँग पनि पछि अर्को यात्रामा बाले भनेर मात्र चिनाजानी र भेटघाट तथा भलाकुसारी भयो । उहाँ त्यहाँकै प्राध्यापक भए पनि अब केही नलाग्ने थाहा दिनुभयो । पहिले नै केही कुरा मिलाउन र चाँडो आउन सकेको भए शायद सम्भावना हुने रहेछ । सूचना, चिनजान र प्रयत्न सबै कमजोर भएकाले चुप लागेर सरस्वती कलेजमा पढ्नु नै विकल्प रह्यो । त्यसै गरेँ तर जे भए पनि एक्लै कोठामा बस्न पनि डर लाग्ने गरी अस्थिपञ्जर हेरेर पढ्ने नरदेवीको अध्ययन शैक्षिक भ्रमणभन्दा कम थिएन । काठमाडौँ आउँदाको यात्रा पहिलो अभूतपूर्व अनौपचारिक शैक्षिक भ्रमण थियो । धुलिखेलको वनमा त औपचारिक शैक्षिक भ्रमण नै भयो । पढाइका क्रममा यस्ता शैक्षिक भ्रमण शिक्षाका अभिन्न अङ्ग हुने कुरामा दुई मत नहोला ।

६०. सुपारी लागेपछि कलेज आउजाउ पत्तै भएन

सुपारी पनि लागेर लठ्याउँछ भन्ने थाहा थिएन । भएको भए खाने थिइनँ पक्कै तर त्यो काँचो सुपारीको करामत रहेछ । तिहारमा भाइटीका लगाउँदा पहिलेको घरभेटीकी छोरीले बहिनीको हैसियतमा म दाजुलाई दिएको उपहारमा त्यस्तो सुपारी पनि रहेछ । सरस्वती कलेज जाने बेलामा त्यो खाँदै अर्थात् कुटुकुटु टोक्दै गएको याद छ । कालधारामा कलेस्तीका रामचन्द्र न्यौपाने र म एउटै कोठामा बस्थ्यौँ, सरस्वती कलेजमै पढ्थ्यौँ । त्यस दिन साथी अर्कैकोमा पाहुना हुन गएको दिन थियो ।

२०२९ साल कार्तिकको महिना थियो । गते याद भएन, बेलुकीपखको कुरा हो । सुपारी नराम्रोसँग लागेछ, पत्तै भएन । लागे पनि शायद जाने-आउने र विद्यालय पढ्ने समयमा कुनै घटना पनि घटेनछ । एकसुर आनन्द भयो कि? पछि कोठामा नै आएर सुतेँछु । भोलिपल्ट बिहानमा उठ्दा त ढोका पनि खुलै । कसौँडीमा भात र ताप्केमा तरकारी जस्ताको तस्तै । साथी पनि आइपुग्दा त जिल्लाराम । के भयो यस्तो भनी अनुसन्धान गर्दा गर्दा बल्ल थाहा भयो, सुपारी लागेछ । त्यही नै ठम्याइ भयो हाम्रो । सुनियो, बुझियो सुपारी लाग्छ भनेर । सुपारी खानेबाहेक अरू त खाएकै थिइनँ, केही पनि । यस कुराको पुष्टि अनुभवीहरूले गराए ।

त्यस बेलादेखि सुपारी खान डराउँछु । साँच्चै भन्ने हो भने खाएको पनि छैन होला । कुन त रातिको पढाइ, कस्तो भयो होला । यसको असर अरू केही दिनसम्म पनि रह्यो । मानसिक त अहिले पनि अचम्म लागिरहन्छ । यदि कतै लडेर चोटपटक लागेको भए के हुन्थ्यो ? शायद लागू पदार्थ खानेहरूले पनि सबैले यसरी सचेत हुन सके उत्तम हुन्थ्यो कि ? यदि चोर आएर महत्त्वपूर्ण वस्तु चोरेर लगेको भए अर्को फसाद हुन्थ्यो । धन्य केही भएनछ । अनुभव भयो मात्र ।

सुपारी कतिपय देशमा प्रतिबन्धित रहेछ । म्यानमारमा बस्दा त्यहाँ पनि यो प्रतिबन्धित भएको पाएँ । मेरै डेराको कम्पाउण्डमा एउटा सुपारीको बोट थियो । लटरम्म फलेको । रेडक्रसको अन्तर्राष्ट्रिय महासङ्घका चालक उ तेहलाई आफ्ना बाबुको सुपारी शोख पूरा गर्नुपर्ने रहेछ । एक दिन म ९५ वर्षीय ती बूढालाई भेट्नै गएँ घरमा । पछि मनग्गे सुपारी लैजाऊ भनेर पठाइदिएको थिएँ । आफूलाई त पायल्स भएदेखि सुपारी खानुहुन्न भन्ने अर्को मान्यताले पनि विचारमा डेरा जमाएको थियो । यसबारे मैले थप खोजीनीति गरिनँ । नेपालमा पनि सुपारी आयात तथा निर्यातमा लफडा भएका समाचार आउँदा म त्यो विद्यार्थी जीवन सम्झन्छु ।

६१. रामराजाको पक्षमा जुलुस : खाली खुट्टा भागदौड

रामराजा भन्नासाथ चिनाउनु त नपर्ला । तर राजा राम हुन् कि भन्ने शङ्का पनि होला । उहाँको राजनीतिक जीवनको सङ्घर्षमय कहानी छ तर यहाँ रामराजाप्रसाद सिंहको बारेमा भएको हाम्रो विद्यार्थीकालको सानो घटनाको सम्झना मात्र हो । पहिले रामराजा स्नातकहरूबाट राष्ट्रिय पञ्चायतमा विजयी ४ जनामध्ये एक हुनहुन्थ्यो । राजाले नचाहेको मान्छे पनि भनिन्थ्यो उहाँलाई । उहाँले संसदीय व्यवस्था र गणतन्त्रजस्ता राजनीतिक मामलाको पक्षमा वकालत त्यसै बेला प्रारम्भ गर्नुभएको भनी चर्चा थियो । २०४२ सालमा नेपाल जनवादी मोर्चा बनाएर वाम–राजनीतिक क्रियाशीलता बढाउनुभयो । पछि त २०४२ सालको बम काण्डमा जिम्मेवारी लिनुभयो । फलतः उहाँलाई दोषी पनि बनाइयो । सर्वस्वहरण भयो । भारतमा निर्वासित जीवन बिताएर २०४६/४७ मा नेपाल फर्कनुभयो । पछि उहाँलाई तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले राष्ट्रपतिको उम्मेदवार बनाएको थियो । गणतन्त्रकै युगमा २०६५ मा डा.रामवरण यादवसँग राष्ट्रपतिको सो निर्वाचनमा पराजित हुनुभएको थियो ।

१९९३ मा सप्तरीमा पिता जयमङ्गलप्रसाद सिंहको धनाढ्य जमिनदार परिवारमा जन्मनुभएका रामराजा २०६९ भदौ २७ मा ७७ वर्षको उमेरमा त्रि.वि. शिक्षण अस्पताल, महाराजगञ्जमा उपचारकै क्रममा यस संसारबाट बिदा हुनुभयो । सन् १९७१ को स्नातक निर्वाचनमा संसदीय प्रजातन्त्र पुनःस्थापनको नारा लिएर उठ्नु भएको थियो । २०२८ साउनको अन्तिम साता र भदौको पहिलो साताको कुराजस्तो लाग्छ । उहाँलाई संसदको लबीबाटै पक्रिएर जेल हाल्नुका साथै विशेष ट्रिब्युनलले फाँसीको सजाय सुनाएको थियो । अनि विद्यार्थीहरूको जुलुस उठ्नु स्वाभाविकै लाग्यो ।

सरस्वती कलेजबाट पनि विद्यार्थी युनियनले जुलुसमा सहभागी हुन आह्वान गरेको थियो । युनियनमा २०२७ र २०२८ को लागि नारायण नरसिंह के.सी. को सभापतित्वमा विद्यार्थी युनियन सक्रिय थियो । अरू को–को थिए, धेरै थाहा भएन तर आङ इगेले (झलक) शेर्पा, रवीन्द्र खनाल आदि पछिका नेता थिए । म पनि जुलुसमा सहभागी भएँ । सरस्वती कलेज हुँदै लैनचौरको बाटो राजदरबार अगाडिबाटै पुतलीसडकतर्फ लागियो । त्यस बेला नेशनल कलेज (हाल शङ्करदेव क्याम्पस) मा जम्मा भएर जुलुस झन् ठूलो बन्यो । नेशनल कलेज पुग्दा शङ्करदेव पन्तको शैक्षिक योगदानको स्मरण भयो । अब प्रदर्शनी मार्ग हुँदै जुलुस उत्साहका साथ अगाडि बढ्दा पुलिसहरू ट्रकका ट्रक आएर आक्रमण भएपछि को कता, को कता पुगे, थाहा भएन । भागदौड मच्चियो । म कस्सो नेपाल ल क्याम्पस (कानुन कलेज) मा पस्न त भ्याएँ तर

एउटा चप्पल फुस्केर कहाँ गयो, पत्तै भएन । पछि अनुभव र ज्ञात पनि भयो– प्रो. रामराज पन्तको प्रयासमा स्थापित नेपाल ल क्याम्पसले कानुनी संरक्षण नै दिएजस्तो । प्रभाव र संयोग होला, यही क्याम्पसमा कानुनको प्राइभेट अध्ययन गर्ने मौका पनि मिल्यो मलाई ।

धेरै पछि रात परेको अवस्थामा अलिअलि गर्दै फर्कने क्रम भयो । फर्कंदा यसो कर्के नजरले भूइँतिर हेर्दै चप्पल खोज्दा देखिएन । सीधा नजरले हेर्न प्रहरीका गाडीहरू आइरहेकाले शङ्का मान्ने ठानी हेर्न सकिएन । एक खुट्टे चप्पलै सही, पछि त त्यो चप्पल पनि फालेर खाली खुट्टामा बिस्तारै १० बजेतिर कोठामा पुगियो ।

केही दिनभित्रै राजाबाट रामराजालाई माफी दिइएकाले यो समस्या समाधान भयो ।

मैले सुनेथैँ, रामराजाको पुर्खौली सम्बन्ध तनहुँका सेन राजाहरूसँग थियो रे ।

जे होस्, रामराजाको मूल सपना आज पूरा भएको छ । अब, प्रत्येक नेपालीले खाली खुट्टा हिँड्न नपरेमा त्यही नै ठूलो उपलब्धि हुनेछ । अनि, विद्यार्थीले यस्ता जुलुस गर्नु नपरेमा शायद अर्को महत्त्वपूर्ण सफलता हुनेछ ।

६२. 'वन्त' सर कि 'पन्त' ? पढ्यौँ पञ्चायत

२०२८ र ०२९ सालमा आईए पढ्दा तीर्थराज वन्त मेरा एक जना गुरु हुनुहुन्थ्यो लैनचौर काठमाडौँस्थित सरस्वती कलेजमा । म उहाँलाई पन्त सर भन्ठान्थेँ । वन्त भन्ने थाहा थिएन । यो त धेरै पछि थाहा भयो । पन्त र वन्त एउटै होला भन्ने सोच थियो किनभने मलाई पन्तहरूबारे थाहा थियो । त्यसैले गल्ती बुझिएको, सुनिएको होला भन्नेमा ढुक्क थिएँ । पन्त र वन्त दुवै बाहुन बनाएको थिएँ । वन्त नेवारको एक थर भन्ने जानकारीको अभावमा यो धारणा बन्यो । त्यसै गरी सरस्वती कलेजमा नै भरतराज पन्तलगायत अरू पन्त बाहुन गुरु पनि हुनुहुन्थ्यो । त्यसो त प्रिन्सिपल प्रो. शंकरराज पाठक, प्रा. सुरेन्द्रबहादुर श्रेष्ठ, साथै अन्य गुरुहरूमा प्रो. आशाराम शाक्य, जगन्नाथ जोशी, हरिश्चन्द्र न्यौपाने, बिन्दुनाथ प्याकुरेल, वेदनाथ रेग्मी, स्वर्गमान श्रेष्ठ, रामावतार यादव, भवानीप्रसाद मिश्र, श्रीप्रसाद भट्टराई आदिको नाम याद छ ।

मैले वन्तलाई पन्त बनाउनु नौलो कुरै भएन किनभने सरस्वती कलेजकै सामयिक प्रकाशन वर्ष ४ जो २०२८ श्रावणमा निस्केको थियो, त्यसमा वन्तलाई पन्त नै लेखिएको थियो । कलेज प्रकाशनकै गल्ती भएपछि हामीले अन्यथा सोच्नु फरक नहोला । प्रा. सुन्दरकृष्ण जोशीको प्रधान सम्पादकत्वमा प्रकाशित यस कलेजको सामयिक प्रकाशनले नै कलेज प्राध्यापकहरूको सूचीमा विभिन्न विभागमध्ये राजनीति शास्त्र, नागरिक शास्त्र र पञ्चायत विभागमा वन्त सरको नाम श्री तीर्थराज पन्त भनेर लेखिएको रहेछ । मैले पनि शायद यसकै आधारमा आफ्नो सोचाइ सुदृढ गरेजस्तो लाग्छ जो कालान्तरमा थाहा भयो, फरक रहेछ ।

वन्त सरले पञ्चायत पढाउनुहुन्थ्यो । २०२६ सालबाट हाईस्कूलमा यस विषयको पाठ्यक्रमको सुरु भएको रहेछ तर चन्द्रावती हाईस्कूलमा असोज महिनामा मात्र किताब पुगेर दश कक्षामा टेस्टमा जाँचमा मात्र पञ्चायत विषय प्रवेश भएको थियो । यसबारे विषय प्रवेश तथा थोरै ज्ञान मात्र भएको थियो । एसएलसीमा पनि अनुमानका भरमा जाँचमा उत्तर लेखिएको थियो पञ्चायतले प्रवेश पाएको एसएलसी त्यो २०२६ सालको । अब, आईएमा २०२८ र २०२९ सालमा केही ज्ञान थपियो यसबारे वन्त सरको शिक्षणबाट ।

पञ्चायतलाई अनिवार्य विषयको रूपमा कोर्सहरूमा राख्न थालिएको थियो माध्यमिक तहमा । ५० अङ्ककै सही, पहिले पहिले शिक्षक तथा विद्यार्थी दुवै थरीलाई पढ्न र पढाउन गाह्रो भएजस्तो लाग्छ किनभने यसबारे भर्खरै पुस्तकहरू लेखिन थालेका र कतिपय कठिन, अस्पष्ट र संसदीय व्यवस्थालाई गाली गरे पुग्ने गरी लेखिएका हुन्थे । २०१७ सालमा दलीय व्यवस्था असफल हुनुका कारणको अत्यधिक प्रचार हुन्थ्यो ।

कतिपय सिद्धान्त र पाठहरू जटिल थिए पनि । हामीले यही पढियो, यही लेखियो, पास गरियो पनि । पास गरेको मात्र होइन, राजनीति शास्त्र प्रमुख विषयको रूपमा अध्ययन गरी डिप्लोमा गरेपछि त विद्यालयमा त्यही पञ्चायत पढाउने मुख्य दायित्व हुँदो रहेछ । हुन त, पछि विद्यालयमा पञ्चायत तथा नागरिक जीवन भनेर पनि राख्न थालियो । यद्यपि मैले भने गौण (माइनर) विषय नेपाली लिएर पढेकाले विद्यालयमा नेपाली धेरै पढाएँ, त्यस्तै पञ्चायत, स्वास्थ्य, ग्रामीण अर्थशास्त्र, इतिहास र आवश्यकताअनुसार जुनसुकै कक्षामा जुनसुकै विषय पढाउनुपर्दथ्यो । एक पटक त पञ्चायत विषयकै उत्तरपुस्तिका जाँच्नुपरेको थियो मलाई एसएलसी परीक्षाको भक्तपुर केन्द्रको । यो पनि मेरा लागि पहिलो र अन्तिम जँचाइ थियो पञ्चायत विषयको ।

कलेजमा पञ्चायत पढेको त्यही नै अन्तिम समय थियो । त्यस बेला सरस्वती कलेजमा करिब ५५० जना विद्यार्थी पढ्थे । म आई ए पढ्ने भएकाले आई ए मा मात्र २४५ जना विद्यार्थी भएको अभिलेख थियो । हाम्रो पहिलो वर्षको कक्षामा मात्रै १३० जना थिए तर कलेज आउने नियमित भनेका ६५ देखि ७० विद्यार्थी पक्कै थियौँ एउटा कोठामा पढ्ने । तीमध्ये टेस्टमा नौ जना पास भयौँ, तर प्राइभेट पनि फाराम भर्न पाइने भएकाले धेरैले फाराम भरे पनि पास हुनेमा विश्वविद्यालयको परीक्षामा उही नौ जना भयौँ ।

वन्त सरसँग २०२८ र २९ सालमा सरस्वती कलेजमा यो पढाइपछि धेरै पछि भेट भएको हो । विद्यार्थीहरूलाई शिक्षकले चिन्ने अवस्था कम हुनु स्वाभाविकै थियो तर मैले चिनेँ जब नेपाल रेडक्रसमा नियुक्ति पाएको थिएँ । यी वृत्तान्त भनेपछि उहाँले सम्झनुभयो । आखिर उहाँसँग लामो समय काम गर्न पाउनु मेरो अहोभाग्य पनि हो । मेरा लेखनमा पनि उहाँको मार्गदर्शन, सुझाव, सल्लाह र सहयोग अविस्मरणीय छ । २०४६ सालको अन्तमा पञ्चायतको अन्त भयो, वन्त सरसँगको पढाइपछि पञ्चायत विषयमा मेरो पढाइ अन्त भएजस्तै ।



कलेजका प्राध्यापक आदरणीय गुरु तीर्थराज वन्त

६३. नेपाली गुरुको अङ्ग्रेजी प्रश्न : कान निमोठे, सकिनँ बस्न

हाम्रा नेपाली गुरु हिंड्दा खोच्याएजस्तो गरे पनि भाषामा दरो देखिनुहुन्थ्यो । यति राम्रोसँग नेपाली पढाउने मान्छे मैले कमै देखेको छु । व्याकरणमा त साह्रै कडा । काठमाडौँका नेवारहरूलाई त्यो अनिवार्य नेपालीको कक्षा घाँडो नै लाग्थ्यो । ***बीचमा*** भनेर ***बी***लाई दीर्घ उच्चारण गरेपछि दीर्घ लेख्नू भन्दै उच्चारणबाट लेखनलाई शुद्ध बनाउन भरमग्दुर प्रयास गर्नुहुन्थ्यो । शायद मैले उहाँबाट यस्ता धेरै कुरा सिकेँ, अरूले पनि पक्कै सिके होलान् । हो, म अङ्ग्रेजीमा खुब ध्यान दिन्थेँ किनभने यो मेरो रोजाइको विषय थियो । त्यसैले त, २०२९ सालको टर्मिनल परीक्षामा मैले उच्चतम अङ्क ल्याएको थिएँ अङ्ग्रेजीमा । सरस्वती कलेजका आईए प्रथम वर्षमा पढ्ने हाम्रो समूहका विद्यार्थीमध्येको हो यो कुरा ।

नेपालीमा पनि मेरो राम्रै अङ्क थियो । कक्षामा पनि गुरुले मलाई हेर्नुहुन्थ्यो जान्दछ भनेर । अरूलाई नआएको कुरा म र मजस्तै अन्य केहीलाई सोध्नुहुन्थ्यो, हामी पटापट भन्थ्यौँ । साह्रै मजा आउँथ्यो गुरुको स्याबासी खान । एक दिन बेलुका भने म असफल भएँ । नेपाली विषयका गुरुले अङ्ग्रेजी सोधेर अत्तो थापिदिनुभयो । तिमीहरू अङ्ग्रेजीलाई खुब रुचाउँछौ, नेपालीलाई हेला गर्न थालेका छौ । लौ भन ***दाइजो***लाई अङ्ग्रेजीमा के भन्छन् भनी हामी धेरैलाई सोध्नुभयो । कसैले यसको उत्तर भन्न सकेन र मैले पनि सकिनँ । अनि सबैको कान निमोठेर रमिता मच्चाउनुभयो गुरु सन्किए झैँ तिमीहरूलाई दाइजो वा गोड्धुवालाई डाअरी (Dowry) भन्छन् भन्ने पनि थाहा छैन भने के अङ्ग्रेजी पढ्छौ भन्न थाल्नुभयो । हामी त किंकर्तव्यविमूढ भयौँ । सबै मुखामुख मात्र । कक्षा यस्तै वातावरणमा सकियो । सकिनुभन्दा अगाडि उहाँले भन्नुभयो- तिमीहरू मसँग रिसाएका हौला । के गर्न सक्छौ र ? हद्दै हो, म लङ्गडो बूढालाई इँटाले वा केहीले हानेर मारौला । त्यो तिमीहरूको पुरुषार्थ हुने छैन... आदि ।

यसप्रकारको मनगढन्ते कुरा गुरुले गर्नुहुन्थ्यो कहिलेकाहीँ उहाँ स्पष्ट हुनुहुन्थ्यो- 'यो सब मैले तिमीहरूकै लागि गरेको हुँ । मलाई मार वा नमार, मतलब केही छैन । पछि तिमीहरूले थाहा पाउनेछौ- गुरुले किन र कसलाई यसरी हपार्दा रहेछन् भनेर' भन्नुहुन्थ्यो । अनि गुरुको कक्षा सकिनासाथ त्यो दिन म अर्को विषयको कक्षामा बस्न सकिनँ । किनकिन मन विचलितजस्तो भयो । हिँडे, डेरातिर ।

म सम्झन्छु ती दिन । आज सलाम गर्छु हरिश्चन्द्र गुरुलाई । म जस्तै अरू साथीहरूले पनि सम्झनुभएको होला । हामी त्यस बेला हाम्रो कलेजमा सँगै पढ्नेमा डिल्लीरमण पौडेल र गोपालरमण पौडेल, रामचन्द्र न्यौपाने गरी तनहुँबाटै कम्तीमा तीन-चार जना थियौँ ।

हरिश्चन्द्र गुरुले नेपाली विषय मात्र होइन, अङ्ग्रेजी पनि मिहिनेत गरी पढ्न बाध्य र प्रेरित दुवै गर्नुभयो । कान निमोठेर पनि शिक्षामा लगाउनुभयो । दिमाग र शरीरलाई सक्रिय बनाइदिनुभयो । शायद तनहुँ मात्र होइन, सबै जिल्लाका विद्यार्थीले यही महसुस गरे । त्यसैले अन्तमा गुरुलाई सलाम मात्र होइन, नमस्कार पनि गर्दछु ।

६४. लोग्नेको क्रियामा छोरो मर्ने : आमालाई खबर कसरी गर्ने ?

आईएको पढाइ सकेर जाँच पनि भइसकेको थियो २०२९ चैतमा । २०३० मा वैशाख जेठमा म घर गएको थिएँ । काठमाडौँमा बिरामी भई जेटीए पढ्न छाड्नुहुने भिनाजु श्रीप्रसाद पौडेल क्यान्सरका कारण घरमा बस्ने डाक्टरको सल्लाहबमोजिम अघिल्ला वर्षदेखि नै लमजुङ सूर्यपालमा नै हुनुहुन्थ्यो । बेथाले च्यापेछ । अनि आँपपिपल अस्पताल गोरखा लैजाने सहमतिअनुसार पुर्कोटस्थित ससुराली घरमा ल्याउने काम भएछ । सँगै कोठामा बसेको मान्छेलाई लामो समयपछि सिकिस्त अवस्थामा देख्नुपर्‍यो । घाँटीको वरिपरि छिद्रैछिद्रहरू भएकाले पानी पिए पनि त्यहाँबाट निस्कने भएपछि केही खान र पिउन नै भएन । भोलिपल्टै आँपपिपल अस्पताल लगे पनि उपचार भएन, प्राण गयो ।

गोमा दिदीसँग उहाँको विवाह २०२५ सालमा भएको थियो । आफ्नी प्यारी ठूली बहिनीलाई अर्काको घरमा पठाउँदाको क्षण कस्तो हुन्छ भन्ने कुरा दाजु बलरामले ***‘स्मृतिको धारा’*** नामक खण्डकाव्यका माध्यमबाट व्यक्त गर्नुभएको थियो । त्यति बेलै लेख्नुभएको र प्रकाशित पनि त्यही वर्षमा नै गरिएको थियो । हामी मज्जाले ती श्लोक पढ्थ्यौँ, बिहेमा अन्ताक्षरी पनि चल्थ्यो तर त्यो सारा अब शोकमा डुब्यो ।

यत्तिकैमा जब गोमा आफ्नो घरमा लोग्नेको किरियामा थिइन्, यता मामाघरमा भएको गोमाको एक मात्र छोरो पनि बाबु मरेको ५ दिनमै नेपाले व्यथाले मर्दा अर्को आघात थपियो । स्मरणीय छ, गाउँघरमा अझै पनि नेपाले व्यथा भनेर केटाकेटीलाई ज्वरो आउँदा र रुघा खोकी लाग्दा भन्ने चलन छ । त्यसका लागि पूजाआजा गर्ने र धूप सुँघाउने गर्दछन् । वास्तवमा त्यो निमोनियाको लक्षण हो जस्तो लाग्छ मलाई । जे होस्, अब जे हुनु भइगयो तर अब उसकी आमालाई ***‘तिम्रो भएको एक मात्र छोरो पनि मर्‍यो’*** भनेर भन्न जाने कसरी ? को जाने ? यिनै छलफल चल्यो ।

आखिर गाउँसमाजले मलाई छान्यो । पढेलेखेको, कुरा बुझाउन सक्ने, नजिकको चिनेजानेको, फुर्सदमा पनि भएको आदि इत्यादि कारणले भनियो । मैले सहजै स्वीकार गरेँ । सबै कुरा बुझेँ । एक दिनको समय लाग्ने बाटो रहेछ । आफू कहिल्यै नगएको बाटो र ठाउँ तथा गाउँमा जानुपर्ने । साथी हुने भयो गोमाकै आफ्नै साहिँला भाइ बद्रीनाथ ढकाल । बद्री मेरो मावली भाइ मात्र थिएन, विद्यार्थी पनि थियो । मैले जाँदा अर्को पनि कुरा थाहा पाएँ :गोमा दिदी दोजिया छिन्, निकट भविष्यमै उनी सन्तानलाई जन्म दिनेवाला छिन् । कतै उनको त्यो गर्भलाई हानि नहोस् ।

यी सब चुनौतीका खातिर हामी बिहानै त्यसतर्फ लाग्यौँ । चाँडै पुग्नुपर्ने, सबै कुरा सुनाएर, बुझाएर फर्कनुपर्ने, हामी माइती भएकाले प्रत्यक्ष उनको मुख हेर्न नहुने, त्यो रात त्यहाँ वास पनि बस्न नहुने हाम्रा परम्परागत बाध्यता थिए । जे होस्, हामी दुःख कष्टसाथ ४ बजेतिर सूर्यपाल पुग्यौँ । पिँढीमा बसेर कुरा गर्न थाल्यौँ । उनलाई पहिले त शङ्का भएन होला, जब छोराको बारेमा सोधिन्, तब बिरामी भएको कस्तो भयो भन्ने प्रश्नको उत्तरमा त्यस्तै छ मात्र भन्न सक्यौँ, अब शङ्का भएको हुन सक्छ केही । लोग्नेको त किरिया गर्दै छिन् । छोराको अवस्था पनि नसप्रने हो भने भनेर ठूलो चिन्ता पर्न थाल्यो होला । गाउँले पनि जम्मा भए ।

बिस्तारै धार्मिक ग्रन्थ गीता र शास्त्रका कुरा गर्दै, आवश्यकता र आफूलाई ज्ञान भएअनुसार संस्कृत र नेपाली भाषाका श्लोक पनि सुनाउँदै केही भएमा पनि चिन्ता नगर्न आग्रह गरियो । त्यो छोरा पनि नरहे तपाईंको भाग्यमा भए गर्भको बालक छोरा हुनेछ भनेर कथा, दन्त्यकथा, सत्यकथा, व्यथा, पुराण र शास्त्रसम्मत चर्चामा धेरै समय बित्यो । अब उनले शङ्का गरिन् र त्यही मौकामा भन्नै पर्‍यो, भनियो– त्यस छोराको पनि आश नगरे हुन्छ होला । यसरी आघात एक्कासि नहोस् भन्ने शिक्षाको एउटा ज्ञानको प्रयोग पनि यहाँ गर्नुपर्‍यो, गरियो र सफल भयो । उनी एक पटक मूर्च्छा त परिन् । छोरो बितेको बुझिन् र संसारको महादुःख अनुभव गरिन् । ***'हुने हुनामी टर्दैन, लेखेको फरक पर्दैन'*** भन्दै सम्झाउन सफल भयौँ । ***'ब्रह्म सत्यम् जगत् मिथ्या'*** [११] भनेर संसार असत्य हो, केवल आत्मा मात्र सत्य हो भनी सुनायौं, बुझायौँ । ***'हामी छौँ'*** भनेर सान्त्वना दिएर यो मर्त्यलोक हो भन्ने बुझाउँदै गाउँलेलाई हेरविचार गर्न आग्रहका साथ फर्कियौँ ।

त्यस रात बाटोमा सोतीपसल नजिक मेरा दाजु लोकनाथ पौडेल (भतिजाहरू पुष्पराज र गोविन्द) कहाँ वास बसेर भोलिपल्ट पुर्कोट घर आइपुग्यौँ । आजभोलि सम्झँदा गोमाले त्यसै वर्ष अर्को छोरा 'नवीन' जन्माइन्, जसको सेवाबाट उनी जिन्दगी बिताइरहेको पाइन्छ । यसरी लोग्नेको किरिया बसेकी आमालाई छोरा पनि मरेको दुःखान्त खबर सुनाएर फर्किएको सङ्क्षिप्त वृत्तान्त हो यो । यसमा आफ्नो शिक्षाको ज्ञान र सीपको भरपुर प्रयोग गर्ने प्रयत्न गर्नुपरेको थियो । वास्तवमा, दुःखमा कसरी मन बुझाउने भन्ने कुरा हरेक मान्छेले जान्नुपर्ने विषय रहेछ । यस घटनाले दिएको शिक्षा मैले यही पाएँ ।

---

[११] स्व. पण्डित ज्ञानहरि पण्डित स्मृति ग्रन्थ, २०६५, प्रकाशकः स्व. पं. ज्ञानहरि पण्डित परिवारजन

६५. रोजेको विषय पढ्न : कसै गरी पाइएन

पढ्न पाउनु नैसर्गिक अधिकार भएजस्तै, रोजेको विषय पढ्न पाउनुपर्ने । यो भने सौभाग्यको कुरा रहेछ तर त्यो सौभाग्य शायद कमैलाई मिल्ला । मलाई पनि मिलेन । पहिलो त भाग्यले त्यस्तै गर्दै ल्यायो पनि भन्न सकिएला र त्यसपछि बुद्धि पनि त्यस्तै हुँदै गयो भनौँ । ८ कक्षामा विद्यालय परिवर्तन गर्नु, १० कक्षा पढ्ने बेलामा अचानक लामो समयको बिरामी हुनु, गुरुहरूले दोहोऱ्याएर पढ भन्दा नमान्नु, एसएलसी पास भएपछि एक वर्ष रोकेर मात्र उच्च शिक्षा पढ्न जानु, रात्री कलेजमा भर्ना हुनु, त्यहाँ पनि सामान्य अन्य विषयहरू मूल विषयको रूपमा पढ्नु, रोजगारी वा छात्रवृत्तिका खातिर अन्य कामको खोजी र अन्य महाविद्यालयमा पनि पढ्ने प्रयत्न गर्नुजस्ता कारण नै रोजेको विषय पढ्न नपाउनुका प्रमुख कारण हुन् भन्ने मेरो ठम्याइ छ ।

जब म कीर्तिपुरमा पढ्न गएँ, डिप्लोमा इन् एजुकेशन (Diploma In Education) मा भर्नाका लागि आवेदन दिँदाबाट नै गडबडी सुरु भयो । आईएमा भएको विषय मात्र भर्न पाइने भयो । पछि परिवर्तन गर्न पाइन्छ भन्ने सुन्यौँ र भर्ना परीक्षामा सामेल भयौँ । गुरु तुलसीप्रसाद भट्टराई, विष्णुराज कुसुम र चन्द्ररमण पराजुलीहरू प्रवेश परीक्षाको अन्तर्वार्तामा हुनुहुन्थ्यो । उहाँहरू मेरा जवाफमा सन्तुष्ट हुनुभएको पाएँ । पछि नतिजा पनि राम्रै आयो । भर्ना भएर पढ्न थाल्यौँ तर आफ्नो चाहनाको विषय थियो अङ्ग्रेजी र भूगोल । अनि जहाँ मूल विषय अङ्ग्रेजीको पढाइ हुन्थ्यो, त्यही कक्षामा गएर पढ्न थालियो । कमल सरले यसमा आनाकानी गरिरहनुभएको थियो । हामी केही यस्ता साथी थियौँ र भन्यौँ, फेल भए हामी हुन्छौँ, पढ्छौँ भनेर जिद्दी लियौँ । उहाँले आईएमा नलिएको विषय यहाँ प्रमुख बनाउन मिल्दैन भनिरहनुभयो । आखिर केही नलागेपछि उहाँले जाँच लिने र पास हुनेलाई मात्र पढ्न दिने प्रस्ताव गर्नुभयो । हामीले स्वीकार गर्नै पऱ्यो, गऱ्यौँ । जाँच पनि भयो तर नतिजा आएन । यो त षड्यन्त्र रहेछ जस्तो लाग्यो किनभने धेरैपछि मात्र ५ जनामा एक जना पनि सफल भएन भनेर पढ्न दिइएन । हामी हरेस खाएर मूल विषयको रूपमा अङ्ग्रेजी पढ्नबाट वन्चित भयौँ । त्यसको एक महिनापछि हामीले जाँच दिएका कापी फेला पारियो जसमा २ जना साथी पास भएको, ३० पूर्णाङ्कमा १७ र १९ । मेरो बढी अङ्क आएको रहेछ तर अब रेल छुटिसकेको थियो ।

ठीक यस्तै भयो, भूगोलमा पनि । पढ्न गइरहेका थियौँ २ जना साथी त्यसरी नै । २ महिना पढ्दा पनि प्रोफेसर साहेबले हामीलाई स्वीकार्नु नै भएन । आईएमा भूगोल नपढेपछि मिल्दैन नै भन्नु भयो मेजर वा माइनर कुनै विषय लिन पनि । तपाईंहरूले सक्नु नै हुन्न भन्ने उहाँको ठम्याइ थियो । कारण यो प्रयोगात्मक विषय भएकाले जिद्दी नगर्नुहोस् भनेकाले दुई महिनाको कक्षापछि जिन्दगीको भूगोल कक्षा र रोजाइका विषय सबैलाई बिदा गर्न बाध्य भइयो । रुसोले मान्छे परिस्थितिको दास हुन्छ भनेको यही रहेछ ।

६६. बोधराजजीले ऋण लिन : मान्नुभएन कुन्नि किन !

वोधराजजी र म चन्द्रावती हाईस्कूलका उत्पादन । पुरानो एउटै गाउँपञ्चायत पुर्कोट कुँडापानीका बासिन्दा । म आहाले ढकाल गाउँको र उहाँ वसन्तपुर जफदीको । उहाँको गाउँ पहिलेदेखि नै शिक्षितहरूको गाउँ रहेछ । उहाँका पुर्खा हुनुपर्छ शिव शर्मा पण्डित जो पण्डितको सट्टा *'सुरी'* उपनामले नेपाल तथा भारतमा समेत सुपरिचित पाइन्छ । उहाँको अमर वेदान्ती रचना हो (वासुदेव रसानन्द) । त्यसबाहेक थुप्रै अन्य रचना पनि छन् । वास्तवमा उहाँहरूको गाउँ पण्डितहरूको पुर्खौली बिर्ता रहेछ । १८०६ मा वसन्तपुरमा प्रतिलिपि गरिएको शुक्ल यजुर्वेदका आधारमा यसो भनिन्छ । *'सुरी'* ले १८९० मा भक्तिप्रधान *'वासुदेवरसानन्द'* को वेदान्त ग्रन्थ भारतको प्रयागमा बसी रचना गरेको कुरा इतिहासशिरोमणि बाबुराम आचार्यले पनि गर्नुभएको छ ।

म त्यस्तो शिक्षा र संस्कृतिको इतिहास बोकेको पर्यटकीय साथै धार्मिक आस्थाको केन्द्र थानीमाई मन्दिरनजिक रहेको पण्डित गाउँका मित्रसँगै बीएड (त्यस बेला डिप्लोमा इन एजुकेशन भनिने) पढ्ने मत मिलाएर काठमाडौँ आएका । लामो समय एउटै कोठामा बसेका । एउटै विषय पढेका । दुवैको विषय रोजाइको कथा समान छ । पढ्नुको उद्देश्य समान थियो । प्रयत्न पनि उत्तिकै गरेका थियौँ । सेमेस्टर प्रणाली थियो । पहिलो सेमेस्टरमा मलाई निःशुल्क पढ्न पाउने छात्रवृत्तिको निर्णय भयो भने उहाँलाई ऋण छात्रवृत्ति दिने भयो ।

जब पढ्न थालियो, विभिन्न समस्या खडा हुने, समाधानका लागि विभिन्न विचार आउने जस्ता कुरा भइहाल्थ्यो । वास्तवमा हामी दुवैले पूर्ण छात्रवृत्ति चाहेका थियौँ, दुवैलाई त्यस सेमेस्टरमा उपलब्ध भएन । घरबाट चामल, दाल, घिउलगायत केही ल्याउने गरिन्थ्यो । छात्रवृत्ति पाएमा हामीलाई सहज हुन्थ्यो भन्ने उत्कट चाहना थियो । जे होस्, निःशुल्क छात्रवृत्तिले मलाई केही राहत थियो, अर्थात् एक महिना बराबरको छात्रवृत्ति थियो । छात्रवृत्ति पाउनेले एक सेमेस्टरमा प्रतिमहिना रु. १००/- पाउँथ्यो । पाँच महिनाको वृत्ति मात्र उपलब्ध हुन्थ्यो तर त्यस सेमेस्टर अर्थात् अर्धवार्षिक पाठ्यक्रम (Semester) को पढाइमा असफल (ब्याक) लाग्यो भने काटिन्थ्यो र सफल हुनेलाई योग्यताक्रमको आधारमा दिइन्थ्यो । मैले शुल्क तिर्नुपरेन तर बोधराजजीले तिर्नुपर्थ्यो । महिनाको रु. १००/- ऋण छात्रवृत्ति पनि लिनुभएन यद्यपि त्यो निर्ब्याजी थियो र पछि रोजगारी मिलेपछि किस्ताबन्दीमा फिर्ता गर्नुपर्ने शर्त थियो । मैले तपाईं र मेरो छात्रवृत्ति साटौँ भन्दा पनि कानुनी रूपमा त मिल्ने कुरा पनि भएन । त्यसो भए ऋण छात्रवृत्ति मेरा

लागि लिइदिनुहोस्, म तपाईंसँग कागज गरेर लिन्छु भन्दा उहाँ आफूले नै नलिने भने पछि मलाई दिन पनि तयार हुने कुरा स्वीकार्य भएन ।

जे होस्, हाम्रो सेमेस्टर अगाडि बढ्यो । आखिर हामी राम्रो अङ्क ल्याएर पास भयौँ । केही साथीहरू जो ऋण छात्रवृत्ति पाएका थिए, ती अनुत्तीर्ण भए । फलतः योग्यताक्रमानुसार हामी दुवै जनाले दोस्रो सेमेस्टरदेखि पूर्ण छात्रवृत्ति पायौँ । अनि सबै सेमेस्टरमा राम्रो गर्दै त्यो छात्रवृत्तिलाई त्यहाँ पढुन्जेल आफ्नै पेवा बनायौँ । यो हो हाम्रो विभिन्न किसिमको छात्रवृत्तिको कहानी । पछि त ऋण छात्रवृत्ति नलिएर बोधराजजीले राम्रै गरेजस्तो लाग्यो । मलाई पनि राम्रै भयो किनभने यसले हाम्रो पढाइमा अरू बढी ध्यान दिन बाध्य बनायो । अर्को कुरा ऋण भनेको त ऋणै हो । आखिर एक दिन तिर्नैपर्छ । सधैँ दिमागमा ऋणले भारी अनुभव गराउँछ । यसले पढाइमा झन् खराब पनि त गर्न सक्थ्यो ।

महाभारत, कणिक नीति, हितोपदेशजस्ता कूटनीतिक ग्रन्थमा भनिएको छः ***'शत्रु, आगो र ऋण यी तीन कुरा कसैको पनि शेष (बाँकी) राख्नुहुँदैन । यी तीनवटै कुरा वारम्वार पलाउँदै जाने हुन्छन् ।'*** [१२] यसरी अग्निको शेष, ऋणको शेष र शत्रुको शेष राखेमा यो पुनः बढ्ने भएकाले यसको शेष नराख्नू भनेर नीतिमा त्यसै भनेको होइन होला । वास्तवमा, हाम्रा व्यावहारिक अनुभव नै नीतिका स्रोत हुन् भन्ने कुरामा दुई मत नहोला ।

शिक्षा र संस्कृतिको केन्द्र पुर्कोट कुँडापानीअन्तर्गत वसन्तपुर थानीमाईको मन्दिर

[१२] ऋणशेषमग्निशेषं शत्रुशेषं तथैव च । पुनः पुनः प्रवर्धन्ते तस्माच्छेषं न धारयेत् ॥

६७. तरकारी केको हो ?..., बरबादै भयो नि !

दशैँ–तिहारपछिको कुरा हो २०३० सालको । हामी कालधाराको भित्रपट्टि स्याङ्जा मूलघर हुने मेजर साहेबको घरमा डेरा गरी बस्थ्यौँ । कीर्तिपुरमा पढ्थ्यौँ । विद्यार्थी भए पनि पाहुना निकै आइरहने, केही दिन पाल्नुपर्ने । खाना पकाउने पालो हुन्थ्यो । त्यो दिन बेलुका पनि गाउँबाट तीन–चारजना पाहुना आउनुभएको थियो । बलराम दाजुको साथमा एक जना अचार्ज फाँटका नरनाथ आचार्य र अर्का महत गाउँका डाँडापारी महत भनिने होमबहादुर महतसमेत । उहाँहरू शतबीज छर्ने काम विशेषले काठमाडौँ आएकाले मेरो सम्बन्ध र चिनाजानीका आधारमा हामीकहाँ बस्न आउनुभएको थियो । खाना पकाउने पालो बोधराजजीको थियो ।

बोधराजजीले खाना पकाउन थाल्नुभयो । तरकारी के पकाउने भनी मलाई सोद्धा मैले त्यही सुकुटी पकाए हुन्छ भनी सल्लाह दिएको थिएँ पाहुनाले नसुन्ने गरी । दशैँमा घर गएर आउँदा खसीको मासुको सुकुटी ल्याएका थियौँ । खाना पाकेपछि खान बोलाइयो स्वाभाविक रूपमा । खान के थालिएको थियो, उहाँहरूलाई सुकुटीको गन्ध नौलो लागेछ । केही खाइसकेपछि तरकारी के हो भनी सोध्नुभयो । मैले चिन्नुभएन र ? सुकुटी हो नि मात्र के भनेको थिएँ, उहाँहरूको मुखबाट निस्किइहाल्यो “बरबाद भयो नि !” अनि पो मलाई पनि याद आयो– उहाँहरूमध्ये आचार्य र महत दुवै जना मासु नखाने हुनुन्थ्यो । एक जना कहिल्यै मासु नखाएको व्यक्ति र अर्को घाँटीमा कण्ठी बाँधेको कृष्ण प्रणामी । मेरो स्मरण शक्तिको कमीले यस्तो नराम्रो चाला भयो । उहाँहरू त दुवै जना बान्ता गर्न थाल्नुभयो । हामीले पनि खाना खाने वातावरण नै भएन । उहाँहरूको स्याहारसम्भारमा बित्यो । मानसिक मात्र होइन, मनोवैज्ञानिक असरले शारीरिक बिरामी नै पर्नुभयो दुवै जना । उपचार पो गर्नुपर्ने भयो । दुवै जना हट्टाकट्टा भएकाले सन्चो हुन बेर लागेन तर दुवैलाई जिन्दगीभरको खोप भयो यो ।

केही दिन थप पाल्नुपऱ्यो । सुकुटी व्यर्थैमा सकियो । ठूलो अपराध गरेजस्तो बोध भयो । माफी मागेँ मैले । उहाँहरू रातभर बेल–बेलामा बान्ता नै गरिरहँदा कस्तो भयो होला ? तै बाँच्नुभयो । केही दिनपछि सकुशल काम सकेर जानुभयो । आज पनि त्यो घटना बेलाबखत सम्झनामा आइरहन्छ । भूलचुक परेपछि कसको के लाग्दो रहेछ र ? पाहुनाको खानाबारे उहाँहरूसँगै सोधेर मात्र बनायो भने राम्रो हुने, स्वीकार्य हुने, खेर नजाने, यस्ता घटना ब्यहोर्न नपर्ने पाठ सिकियो राम्ररी । भन्न त– ***‘एक दिनको पाहुना मीठो मीठो खा, दुई दिनको पाहुना जसोतसो खा, तीन दिनको पाहुन जतासुकै जा’*** भनिन्छ । हामीले राम्रै ख्वाऊँ भन्दा यो गत भयो । त्यसैले राम्रो गर्छु भनेर मात्र पनि हुँदो रहेनछ । सरोकारवालाको सहभागिता गराएको भए यस्तो दुःख पर्दैनथ्यो । त्यसैले यो गतिलो पाठ सिकियो ।

६८. प्रहरीमा भर्ना : आफन्तको धर्ना

नेपाल प्रहरीमा भर्ना खुल्यो । हाम्रो गाउँबाट एक जना मामा पर्ने र एक जना दाजु पर्ने दुई जना प्रहरीमा भर्ना हुनुभयो । तर प्रहरीको तालिममा निकै गाह्रो हुँदो रहेछ । हुन त तालिम जुनसुकै पनि गाह्रो हुन्छ नै । केही ज्ञान मात्र होइन, सीपै सिक्नुपर्ने भएपछि अप्ठेरो हुनु नौलो नहोला । त्यसमाथि प्रहरी भनेको जनताको साथी, सुरक्षाको सारथि । त्यस्तो मान्छे तयार गर्न चानचुने तालिमले हुने कुरा पनि त भएन । समयावधि पनि लामो हुने नै भयो । कहिल्यै घर नछाडेका, आमाबाहरूलाई दलेर खाएका रहेछन् भने त अझ गाह्रो महसुस हुने नै भयो । व्यक्तिको मनस्थितिमा पनि धेरै कुरा भर पर्न सक्छ । हुन सक्छ, प्रहरीको तालिममा त्यस बेला कठिनाइ मात्रै होइन, अलि ठाडो किसिमले गाली गरेर, शारीरिक कामहरू बढी लगाएर अत्याउने नै गरिन्थ्यो भन्ने उहाँहरूको भनाइ थियो । कहिल्यै नसुनेका गाली र बेइज्जतीजस्ता शब्द पनि सुन्न तयार हुनेले मात्र त्यहाँ टिक्न सक्ला भन्नुहुन्थ्यो । अरू केही तालिमवालाको पनि यस्तै कुरा सुनियो । जे होस्, प्रहरी प्रशिक्षण केन्द्र महाराजगञ्जमा तालिम हुन्थ्यो । आत्तिएर दुःख पोख्ने ठाउँ नपाएपछि मसँग दुःख पोख्नुहुन्थ्यो दुवैले ।

उहाँहरू छुट्टीको बेलामा मकहाँ आइपुगिहाल्ने गर्नुहुन्थ्यो । २०३०/३१ सालको कुरा हो । म लगनटोलमा बस्थेँ । प्रहरीको तालिममा दिएको खाजा र खाना शायद पर्याप्त हुने थिएन होला वा उहाँहरूलाई रुच्ने खालको नभएर हो कि ! मैले ज्यादा माया लागेर हो वा मलाई बढी विश्वास गरेर हो, केही थाहा छैन । जहिले पनि खाजा ख्वाइदिए हुन्थ्यो भन्ने अवस्था महसुस हुने गर्थ्यो । अरू केही नमिले पनि चिया, पाउरोटी ख्वाएर पठाउँथेँ । उहाँहरूलाई छुट्टी नभएको बेलामा मलाई नै बोलाएर हैरान । केही छिन भेट्न पाइने रहेछ । म पनि जान्थेँ भेट्न । त्यसरी नै होटलमा लगेर चिया, पाउरोटी वा अन्य सामान्य खाजा ख्वाएर दुःख सुखका कुरा गरेर फर्कन्थेँ । छुट्टी भएको बेलामा त उहाँहरू नै मेरो डेरामा आइहाल्नुहुन्थ्यो । अनि डेरामा जे छ, खान्थ्यौँ, सुख-दुःखका कुरा त नियमित कार्यसूचीजस्ता थिए ।

महत्त्वपूर्ण कुरा त दुवै जना भाग्न खोज्ने तालिम छोडेर । म फकाएर राख्थेँ । मभन्दा उमेरमा दुवै जना पाका तर मैले सम्झाउनुपर्ने अवस्था आयो । पुष्पराज ढकाल मामा र बाबुराम न्यौपाने दाइको यो कहानी हो । उहाँहरूले तालिम पूरा गरेर प्रहरीमा पूरा समय काम गरी निवृत्तिभरण प्राप्त गरेको थाहा पाउँदा खुसी र अचम्मका साथै ती दिन सम्झन्छु । विद्यार्थीले पनि दाजुहरूलाई सम्झाउनुपर्दो रहेछ, सक्दो रहेछ । विद्यार्थीले पनि सानै भए पनि महत्त्वपूर्ण सहयोग गर्न सक्दो रहेछ । अवस्थाले गर्दा ठूलो सानो भन्दो रहेनछ । ज्ञान र शिक्षा आफूभन्दा साना उमेरकाबाट पनि पाउन सकिने रहेछ, पाइँदो रहेछ, लिनुपर्दो रहेछ । शायद उहाँहरूले जीवनभरि यी कुरा भुल्न सक्नुहुन्नँ ।

६९. सिक्किम भारतमा विलय : नेपाली विद्यार्थीमा भय

कुरा त्यति धेरै थाहा भएन । राजनीतिका कुरा बुझेर बुझिनसकिने, नबुझी पनि नहुने । २०३१ साल भदौको तेस्रो साता हो जस्तो लाग्छ, हामी कीर्तिपुरमा पढिरहेका थियौँ । एक्कासि हल्ला मच्चियो, सिक्किम भारतले आफ्नो एसोसियट स्टेट भनेर घोषणा गऱ्यो रे भनेर । हामी राजनीतिमा खासै चासो नभए पनि राष्ट्रको सवाल आउँदा जो पनि चनाखो हुनुपर्ने रहेछ । त्यस बेला राजनीतिमा चासो राख्ने थुप्रै साथी पनि हुनुहुन्थ्यो । रत्नकुमार वान्तवा हामीसँगै पढ्नुहुन्थ्यो । पछि उहाँ मारिनुभएको दुःखद खबर पनि सुन्नुपऱ्यो । ईश्वर पोखरेल अहिले राजनीतिको शिखरमै हुनुहुन्छ भनौँ । उहाँ पनि सँगै पढ्नुहुन्थ्यो । अरू थुप्रै साथीहरू कोही मन्त्री बनी पनि सक्नुभयो, कसैले अन्य क्षेत्रमा विशिष्टता हासिल गर्नुभयो । कोही पछाडि पनि पर्नुभयो होला । कुरा त्यत्ति हो । त्यो दिन कसले संयोजन गर्दै थियो भन्ने पनि स्पष्ट भएन । सबै जना भारतीय राजदूतावासमा विरोध प्रदर्शन गर्न जाने कुरा भयो सिक्किममाथि भारतको कदमका विरुद्ध । भोलि नेपालमा पनि त्यस्तै हुन सक्छ भन्ने डरले सबै एकट्ठा भएर लागियो ।

बसहरूमा हल्ला गर्दै, नारा लगाउँदै गएका थियौँ । यसको अगाडि–पछाडिको रहस्य मतलब थिएन । एउटा विद्यार्थी जमात स्वतः स्फूर्त रूपमा लागेको थियो । कतिले ढुङ्गा हाने राजदूतावासमा भन्ने पनि खबर छापियो । निजी सम्पत्ति तोडफोड भयो पनि भनियो तर विद्यार्थीहरूसँग राजदूतले नै कुरा नगरी भीड साम्य भएन । यसरी त्यो दिनको घटना बिस्तारै विद्यार्थीबीच चर्चाबाहेक अरू खासै भएन । सुनिन्थ्यो, भारतले कडा दृष्टिकोणले नेपाललाई हेरिरहेको र भिन्न किसिमले हात लिन खोजेको थियो, साम्य पारेको थियो ।

भारतले जनमत सङ्ग्रह गराएरै ९७.५५ प्रतिशतको सहमत गराएर सिक्किमलाई २२ औँ राज्य बनायो । सिक्किममा झैँ नेपाललाई पनि प्रभाव पार्न सक्छ भन्ने चिन्ता हुनु स्वाभाविकै थियो । त्यसैले राज्याभिषेकको बेलामा राजा वीरेन्द्रले शान्ति क्षेत्रको प्रस्ताव ल्याउनुपरेको होला । ११७ भन्दा बढी देशले समर्थन जनाए पनि भारतले समर्थन नगरी बसेबाट अझै पनि नेपाली र खास गरी नेपाली विद्यार्थी जगत्ले भारतप्रति शङ्काको दृष्टिले हेर्ने गर्दछन् ।

यसबाट मलाई एउटा कुरा के लाग्छ भने विद्यार्थीहरूलाई तत्काल उत्तेजित पार्न सकिन्छ । एउटा विश्वास गर्ने आधार भने पक्कै चाहिन्छ । नेपालका विद्यार्थीहरू यस्ता मामलामा जहिले पनि पूर्वसावधान र संवेदनशील अनुभव हुन्छ ।

७०. एक दिन त भोकै परियो

संसारमा मान्छेहरू कति दिनसम्म खान नपाएर भोकै मरेका होलान् तर आफूलाई आफ्नै एक दिनको समस्या ठूलो हुने रहेछ । विद्यार्थी जीवनमा यस्तो हुनु झन् नयाँ कुरा भएन । कहिलेकाहीँ पैसा भएर र कहिले नभएर पनि भोकै पर्नुपर्ने अवस्था आउँदो रहेछ । सँगै बस्ने साथी केही दिन गाउँ गएको अवस्थामा यस्तो समस्या भोग्नुपरेको थियो, ठीक त्यसै बेला पैसा सकिएर । छात्रवृत्ति रकम पनि कहिले समयमा पाउन कठिन हुन्थ्यो भने कहिले चाँडै नै सकिन्थ्यो । घरबाट पैसा आइपुग्न पनि सहज थिएन । भरपर्दो मान्छे नै चाहिन्थ्यो आउने वा आफैँ लिन जानुपर्ने ।

चामल, दाल, नुन, तेल, तरकारी सबै कुराको उपलब्धता आवश्यक हुने नै भयो । सबैजसो कुरा खाँदा खाँदै सकिए । त्यो दिनसम्म पाउनुपर्ने, आउनुपर्ने वा सापटी फिर्ता केही भएन । फलतः एक रात बेलुका भोकै सुत्न बाध्य भएँ । भोलिपल्ट भने थोरै भए पनि सापटी खोजेर काम चलाइयो तर पनि पाउरोटीमा भर पर्नुपऱ्यो । हिमाली पाउरोटी पाएपछि भोक बिर्सन्थ्यो नै । लगनटोलमा अरू साथी पनि नजिक थिएनन् । साथी टाढा भए पनि ती सबै आफैँ जस्ता त हुन्थे । अरू कसले पत्याउने ? यही नै ठूलो पीडा भोगाइ थियो हाम्रो । साथीको बाटो हेरिरहनुपर्ने । अहिलेजस्तो टेलिफोन गरेर पत्ता लगाउने उपाय थिएन । साथी हरिराज पौडेलजी आइपुगेपछि तेस्रो दिनबाट भने समस्या सहजै समाधान भइहाल्यो ।

यस्तो समस्या आउँदो रहेछ । धन्नै भोको त धेरै भइएको होला तर साँच्चै भोको भनेको यही हो । मीठो वा नमीठो कुरा अर्कै हो । धेरै वा थोरै खाएर पटुका बाँध्नुपरेको कथा सुनिएको थियो, खान नपाएर आफ्नै मासु खाएको पनि सुनिएको थियो, पानी नपाएर आफ्नै पिसाब खाएको पनि सुनिएको थियो तर आफैँले अनुभव गरेपछि बल्ल महसुस हुने रहेछ । एक छाक मात्र भए त उपवास भने पनि हुन्थ्यो, यहाँ त एक दिन, खानाको न्यून मात्रा, अनपेक्षित परिकार, इन्द्रियको बानी नपरेको अवस्था, व्यवस्थापनको कमी, आर्थिक अवस्था सबै यसका कारक होलान् ।

यसले एउटा कुरा भने राम्ररी महसुस गरायो- ***‘अबदेखि एक छाक पनि यस्तो हुने अवस्था आउन नदिन समयमै आवश्यक तयारी गर्ने’*** किनभने ***‘के भोको मान्छेले जस्तोसुकै पनि पाप गर्दैन र?’,***[१३] मर्न सक्छ, मार्न सक्छ । केही नभए पनि विद्यार्थीको पढाइ त खतम हुने नै भयो । पेटमा जठराग्नि बलेको बेला पढाइमा कसरी ध्यान पुग्छ ? जिन्दगीमा कहिल्यै भोको बस्न नपरोस् भनेर पढ्न आएको रे, आजै भोकै परेर वरबाद भयो । हरेश नखाई सावधानीपूर्वक यस्ता समस्या आउन नदिन र आइहाले पनि विकल्प अवलम्बन गर्न सकियो भने विद्यार्थी वर्गलाई यसले खासै फरक नपार्ला ।

[१३] बुभुक्षितः किं न करोति पापम् ?

७१. जूवा खेल्नेको छटपटी : विद्यार्थीबाट सापटी

सोल्टी होटलमा क्यासिनो नेपालीका लागि पनि खुला रहेछ। पहाडतर्फ पनि यसको जानकारी रहेछ । मामा ऋषिराम ढकाल त धेरै पटक आउनुभयो, खिला शर्मा खतिवडा र गाउँका विष्णुप्रसाद बगालेलगायतका छिमेकीहरू अरू पनि केही बेलाबखतमा सोल्टी होटेलको क्यासिनोमा आउनुहुँदो रहेछ । बेला मौकामा हामीकहाँ पनि डेरामा आउने । बस्नुहुन्थ्यो, खानुहुन्थ्यो, जानुहुन्थ्यो । गाउँघरको खबर पाउने उद्देश्यले रमाइलै हुन्थ्यो । मामाहरू आउँदा विगतमा उहाँहरूले सञ्चालन गर्नुभएको *'बालन'* नाच सम्झन्छु। उहाँहरू कृषक, धर्मकर्ममा पनि उत्तिकै लाग्ने, खेलबाड पनि गर्नुपर्ने, समाजको टाठाबाठाको भूमिका पनि निर्वाह गर्नुपर्ने प्रकृतिको हुनुहुन्थ्यो । मलाई राम्ररी थाहा छ- जेठा मामा तुलसीप्रसाद ढकालले हनुमान् बनेर घरको छानामा बाँदरजस्तै हिँडेको, रोटी प्रसाद खाएको । कान्छा मामा ऋषिरामले *'बालन'* को गुरु बनेर गाउँघर तथा छिमेकमा मागबमोजिम यसको प्रचार प्रसारमा खेलेको भूमिका उत्साहवर्द्धक थियो। विभिन्न धार्मिक पर्वमा ऋषिराम मामाले भट्याउने, बाबुराम ढकाल, बाबुराम भट्ट, ब्यानुरमण ढकाल आदिले गाउने र हामीजस्ता केटाकेटीहरूले अह्राएबमोजिम सहयोग प्रदान गर्ने गरिन्थ्यो । यो पद्धति शिक्षा, सभ्य आचरण र ज्ञानको प्रचार प्रसारको आकर्षक माध्यम थियो ।

कान्छा मामा बेलाबखत काठमाडौँमा मलाई भेट गर्न आउनुहुन्थ्यो । भेट गर्न आउने खास कारण पैसा सकिएको बेलामा बढी हुने रहेछ । एक पटक त सबैले बेसरी हारेको बुझियो। अनि घर जाने बाटा खर्च पनि रहेनछ। आखिर मसँग पैसा माग्नुभयो । उल्टा कुरा भयो। केही पैसा नभएको होइन तर भनेको बेलामा नपाए आफू भोकै पर्नुपर्छ। मामाले विश्वास दिलाएर छिट्टै आउने कुरा गरेर पैसा फुत्काउनुभयो। उपयोग त सबैका लागि थियो होला ।

उहाँहरू नभन्दै फेरि पनि आउनुभयो । यसपाला त मलाई पनि लिएर जाने कुरा गर्नुभयो सोल्टीमा। मलाई पनि सोल्टी होटल र क्यासिनो हेर्ने रहर जाग्यो। गएँ, देखेँ, खेलेको हेरेँ। रमाइलो हुँदो रहेछ। त्यस पटक भने मामाले मेरो पैसा मात्रै फिर्ता गर्नुभएन, धेरै नै जित्नुभयो । अरूले पनि जिते । अनि भोलिपल्ट मामाले नयाँ रेडियो किन्नुभयो। अरूले पनि आ-आफ्ना घरमा चाहिने अरू सामान पनि किनेर लैजानुभयो । हामीलाई खाजा पनि ख्वाउनुभयो । ट्याक्सी भाडा त उहाँहरूले नै तिर्ने गर्नुहुन्थ्यो स्वाभाविक रूपमा ।

मामा अर्को पटक आउँदा म पनि जाने कुरा भयो फेरि। साथी चाहिने पनि रहेछ। त्यो रात त निद्रा गएको मात्र होइन, त्यहाँको झगडाले झन्नै केहीको ज्यानै गएन ।

हामी त डरले हत्त र पत्त ट्याक्सी खोजेर भाग्यौँ । शायद त्यसपछि उहाँ पनि गएको थाहा भएन । कारण खेलाडीबीच हानाहान, कसको पैसा कति, सोहोरासोहोर, सञ्चालकले पनि बदमासी गरेको अनुभव भयो । कौडा झर्नासाथ *'मार्‍यो वा यो दाउ वा त्यो दाउ भनेर'* भन्ने घोषणा गरिहाल्थे । त्यही निहुँमा अर्कोले होइन भन्दै लात्तीले मुखमा हान्दाको दृश्य हेर्न लायकको थियो भनौँ वा हेर्नै नसकिने थियो । घाउ र रगतको धारा । यही रहेछ जूवाडेको दशा ।

यता भने विद्यार्थीले जूवाडेलाई सापटी दिनाले प्रोत्साहनजस्तो भयो । आफैँलाई आर्थिक समस्याको खतरा बढ्यो । सबभन्दा ठूलो कुरा त आफ्नो निद्रा गएर पढाइ बिग्रेको मात्र होइन, लतै लाग्ला भन्ने डर । कतिले जिन्दगी यसरी नै बिगारेको सुनियो, बुझियो, देखियो, महसुस गरियो आदि इत्यादि । म त्यसपछि क्यासिनो गएको छैन नेपालमा । उहाँहरूले पनि शायद क्यासिनो (जूवाघर) जान छाड्नुभएछ । विदेशमा केही ठाउँमा हेरिएको छ, केही खेलिएको पनि छ, रमाइलो मात्र थियो त्यो । खास गरी अमेरिकाका केही ठाउँहरूमा । हामी जूवा खेल्ने होइन, जूवाडे पनि होइनौँ, केवल रमाइलाका लागि खेल्छौँ । यदि जूवाको रूपमा खेलियो भने सबै जूवाडेको हालत आखिर एक दिन खराबै हुन्छ । इतिहास, पुराण, समाज, कानुन सबै यसै भन्छन् । त्यसैले यस पक्षमा विद्यार्थी वा शिक्षक, अभिभावक वा सर्वसाधारण जो भए पनि होशियार हुनै पर्दो रहेछ । नत्र घरवास वा श्रीसम्पत्ति पनि गुम्न बेर नलाग्ने । कम्तीमा पनि स्वास्थ्य त बिग्रने निश्चित छ । अध्ययन, अनुभव र विश्व परिदृश्यले पनि यसै भन्छ ।

७२. लेबोरेटरीमा कक्षा : दृष्टिविहीन उपेक्षा

कीर्तिपुरमा नेपाली विषय माइनर विषय हुँदा एउटा सेमेस्टरमा कक्षा ८ मा पहिलो पिरियडमा नेपाली पढाउने हाम्रो अभ्यास शिक्षण थियो । समूह शिक्षण भएकाले आफ्नो पालो कमै आउँथ्यो । त्यसमा पनि पहिले विद्यालयसँग कुरा मिलाउँदैमा पहिलो महिना गयो । पाँचौँ महिना विद्यार्थीको जाँच आदिमा पढाउने कुरै भएन । दोस्रो, तेस्रो र चौथो महिना पढाउनुपर्ने भए पनि सबै दिन नेपाली शिक्षण शायद थिएन । कहिले हाम्रै शिक्षक अनुपस्थित हुने भएकाले नियमितताको अभाव थियो । यस्तै कारणहरूले कम पढाइ त हुन्थ्यो नै । त्यसमा पनि हाम्रो कलेजकै कारण विद्यालयलाई खबर गर्नुपर्थ्यो । जे होस्, पढाउन गएको दिन आफ्नो समूहको पालोमा जानै पर्थ्यो । समूहभित्र पनि आफ्नै पालोमा त विशेष तयारी गरिन्थ्यो । पाठ योजना बनाइन्थ्यो । समूहकै इज्जत राख्न सक्नुपर्ने । समूहले पनि पृष्ठपोषण दिने र प्राध्यापकले कक्षा सकिएपछि बसेर अन्तिममा सुपरिवेक्षणको तर्फबाट सल्लाह, सुझाव, प्रतिक्रिया दिन्थे तर यो सबै बाटोमा कुरा गर्दै दोस्रो पिरियड पढ्न जान्थ्यौँ । वास्तवमा यो हाम्रो पहिलो पिरियडको प्रयोगात्मक पढाइ थियो । जान नसक्ने अवस्थामा शिक्षकलाई खबर गरिन्थ्यो । शायद सबै समूहको पढाइ राम्ररी भयो भएन, थाहा छैन । त्यस्तोमा विद्यालयले पनि अनियमितता भएपछि आपत्ति जनाउन सक्ने स्थिति हुन सक्थ्यो ।

मेरो पहिलो पालोमा सामान्यतः हाम्रो समूहका सबै कुरा राम्रै भएको आभास भयो । टिप्पणी पनि त्यस्तै आयो । एउटा कुरा मलाई पत्तै भएन, त्यहाँ दृष्टिविहीन विद्यार्थी पनि पढ्छन् भन्ने । कक्षामा पढाइ र मूल्याङ्कन सबै सकेपछि प्राध्यापक केदार न्यौपानेले भन्नुहुँदा पो थाहा भयो, दुवै राम्रो भयो रे तर दृष्टिविहीनको उपेक्षा भयो भनेर । मैले आफूले उपेक्षा गरेको होइन, बरु त्यस्ता विद्यार्थी छन् भन्ने नै थाहा नभएको बताएँ । भविष्यका लागि ठूलो मार्गदर्शन भयो यो मेरा लागि । मैले केही विद्यार्थी छात्र र छात्रा, धेरै बोल्ने र कम बोल्ने, अगाडि र पछाडिका, छेउ र कुनाका सबैतिरको प्रतिनिधित्व हुने गरी अन्तिम मूल्याङ्कन गरेको थिएँ, त्यसमा दृष्टिविहीन नपरेपछि प्रश्न वा सुझाव आउनु स्वागतयोग्य थियो । हामीलाई नेपाली पढाउने अन्य प्राध्यापकहरूमा तुलसीप्रसाद भट्टराई, हेमाङ्गराज अधिकारी आदि हुनुहुन्थ्यो ।

२०३१ सालको यस अध्यापनबाट शिक्षकले गर्नुपर्ने पूर्वतयारी, कक्षा लिँदा ध्यान दिनुपर्ने विभिन्न विधि, प्रविधि र अन्य पक्षमा सूक्ष्म ज्ञान र मार्गदर्शन दिन अभ्यास शिक्षणले निकै काम दिँदो रहेछ, दियो पनि । सबै खाले विद्यार्थीहरूले बुझे-नबुझेको जाँच गर्न उनीहरूको सहभागिता गराउने कुरा पहिले र पछि अर्थात् कक्षा भइरहँदा र अन्तिममा पनि ध्यान पुग्नै पर्ने रहेछ ।

७३. चेसको नशा : पढाइको दुर्दशा

खेलकुद बाहिर वा भित्र जहाँ खेलिने भए पनि शिक्षाको एउटा अभिन्न अङ्ग साथै महत्त्वपूर्ण पक्ष मानिन्छ । यसले स्वास्थ्य, शिक्षा, मनोरञ्जन, शारीरिक विकास, सामाजिक विकास, सामूहिक सोचका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिनारी एवम् प्रतिष्ठामा समेत महत्त्वपूर्ण भूमिका खेल्दछ । हामीले डेरामा मनोरञ्जन, शिक्षा र बौद्धिक विकासमा मद्दत गर्ला भनेर समय बिताउने हिसाबले नै सही, विभिन्न खेलकुद खेल्ने, प्रतिस्पर्धा गर्नेजस्ता काम गर्थ्यौँ । त्यस्ता खेलहरूमा घरभित्र खेलिने खेलहरू नै प्रमुख थिए, जस्तैः चेस, स्क्र्याबल, क्यारमबोर्ड, लुडो, तास, बाघचाल आदि हुन्थे । प्रायः सबै साथीको घरमा यस्ता खेल-सामग्री हुन्थे ।

एक ताका चेस निकै खेलियो । अन्तर्राष्ट्रिय प्रतिस्पर्धाहरूबारे पढेर, सुनेर त्यसप्रति जिज्ञासा बढ्यो । अनि जो साथी आए पनि चेस खेल्ने प्रस्ताव नै पहिला गरिन्थ्यो । जसकहाँ गए पनि यस्तै । अबेरसम्म पनि खेलिदिने । खानाको पनि ठेगान नहुने । पढ्न जाने समयमा पनि धक्का पर्ला भन्ने डर । सबै कुरामा कुनै न कुनै तरिकाले व्यवस्था गरेर नै चेस खेलिन्थ्यो । कोठामा दुई जना र फुर्सत मिलाउन सकिने हुनसाथ चेस अघि बढिहाल्थ्यो । हुँदाहुँदा यसको नशाजस्तै लागेको त हामीलाई पत्तै भएन । जे होस्, हामी सतर्क थियौँ यस कुरामा तर नशा भनेको यस्तो कुरा रहेछ- त्यसले सतर्कतालाई दोब्बर उछिन्ने रहेछ । शायद हामीलाई पनि पहिलो डिग्रीको नशा लाग्न खोजेको आभास भयो, त्योभन्दा बढी होइन । यसरी घरमा खेल्नेमा बढी भान्जा उदयनाथ बगालेजी र म हुन्थ्यौँ । यसै गरी जीवनतारा भट्ट, वैकुण्ठ बगाले र कहिलेकाहीँ वैकुण्ठ बगालेका छोरा विश्वबन्धु पनि हामीसँगै खेल्ने वा सिक्ने काम हुन्थ्यो ।

एक पटकको कुरा हो, डेरामा आधारातसम्म चेस चल्यो । भोलिपल्ट कलेज जान निद्रा पुगेन । उता चेसमा हारजितको नशा । यद्यपि त्यस हारमा कुनै आर्थिक नोक्सानी भने हुँदैनथ्यो, केवल मानसिक, शारीरिक, शैक्षिक असर हुन्थ्यो । जे होस्, कक्षामा गएर पढ्न गयल कहिल्यै भइएन । बरु निद्रा भने लागेर उधुम हुन्थ्यो त्यस्ता दिनका कक्षामा । निद्रा नलागे पनि दिउसै सपना देखेजस्तै हुने । अनि त चारपाटे टेबुल भएको त्यस कक्षामा चेसको बोर्ड र गोटी चल्ने कोठाको आभास हुने । अनि शिक्षकलाई राजा मानेर मनमनै चेक दिने, सिपाहीले छेक्ने, घोडाले कर्के हान्ने, उँटले मन्त्रीलाई छड्के हान्ने, हात्ती गजधम्म पर्नेजस्ता मनका खेलले एउटाले अर्कोलाई चुनौती दिएको हुन्थ्यो । शिक्षकले पढाएको पत्तै नहुने । ***'अति भयो, खति भयो'*** भन्ने लाग्यो । जे होस्, यसले पढाइको दुर्दशा पारेकै थियो । ***'अति गर्नु, अतिचार नगर्नू'*** [१४] भन्ने उखान सम्झियो । अनि आफैँले यो अतिचार हुने भएछ भन्ने बुझेर चेस खेल्नै छाडियो ।

---

[१४] अति सर्वत्र वर्जयेत्

७४. पोखरामा कसरी पढाएँ ?

२०३१ सालको फागुनतिर पोखरामा अभ्यास शिक्षणमा खटियौँ साथीहरू । मेरो विद्यालय थियो श्री अमरसिंह मावि रामघाट । फूलबारीमा डेरा गरी आफ्नो तोकिएको काम प्रारम्भ भयो । कक्षा ८ र ९ मा पञ्चायत विषय पढाउनुपर्थ्यो मैले । दश कक्षा पढाउन कुनै विद्यालयले पनि दिँदा रहेनछन् अभ्यासमा आएकालाई किनभने एसएलसीको नतिजा ल्याउन उनीहरू योजनाबद्ध रूपमा लागेका हुन्थे । अढाइ महिनाजति त्यहाँ बित्यो । ६० दिन उपस्थिति नै हुनुपर्थ्यो कक्षामा । राम्रै भयो, रमाइलै भयो तथापि केही नयाँ अनुभव अमरसिंहले दियो ।

पहिलो कुरा, म त्यस बेला २० वर्ष पूरा भएर भर्खर २१ मा चल्दै थिएँ । त्यस विद्यालयमा गोर्खा भूतपूर्व सिपाहीका छोराछोरीहरू धेरै पढ्दा रहेछन् । त्यस बेला धेरैले सोल्जर्स बोर्ड स्कूल भनेर उच्चारण गर्थे । उनीहरू ठूलो भएपछि मात्र पढ्ने । यतिसम्म भनौँ- केही त ३५ वा ३६ वर्षसम्मका थिए । अब उनीहरूलाई के भन्ने ? के भनेर बोलाउने ? तँ, तिमी, तपाईं, हजुर कुन उपयुक्त ? निरीक्षक आएर कक्षाको पछाडि बस्ने गर्थे हरेक कक्षामा । उनको निर्देशन हुन्थ्यो विद्यार्थीलाई तँ भन्ने होइन, तिमी भन्नु उपयुक्त । लाग्थ्यो- ***'आफूभन्दा धेरै बढी उमेरका विद्यार्थीलाई कसरी तिमी भन्ने ?'*** समस्या खडा भयो मेरा लागि । तपाईं भन्नु पनि निरीक्षकको दृष्टिमा त्यति उचित थिएन । त्यसो भए के भन्ने त ? यस प्रश्नको उत्तर निरीक्षक भाइराजा शाक्य सरले पनि ठोस दिएजस्तो लागेन ।

आखिर केही त भन्नै पर्‍यो, पढाउनुपर्‍यो नै । मैले सानैदेखि सिकेको एउटा बोली थियो जसलाई कसै-कसैले पाँडे बोली भन्थे । मामाहरूका छोराद्वय दाजु बलराम र नरहरिसँग म पाँडे बोलीले कुरा गर्थें किनभने तँ भन्न नहुने, तिमी भन्न पनि भएन । तपाईं भन्न सधैँ सँगै दाजुभाइ वा साथीभाइजस्तो भएर हिँडेको मान्छेलाई आउँदो रहेनछ, सुहाउँदो पनि रहेनछ । त्यसैले पाँडे बोली नै बन्यो चलन । अब त्यही पाँडे बोलीले सम्बोधन गर्ने मेरो विचार आयो । अनि त्यसै गरेँ । मेरो समस्या समाधान भयो । यसो गरौँ त, उसो भनौँ त, यो पढौँ ल; यसलाई गृहकार्य गरेर ल्याऊँ आदि । यस पाँडे बोलीमा तँ, तिमी, तपाईं, हजुरजस्ता सम्बोधन शब्द आशयमा लुकेका हुन्छन् । यही नै उत्तम साबित भयो ती विद्यार्थीसँगको सम्बोधन ।

अनि अर्को समस्या पनि खडा भयो, धेरै चर्को र लगातार बोल्नुपर्ने भएकाले घाँटी बस्यो । पढाउन समस्या पर्ने अवस्था सिर्जना भयो । मसँगै अभ्यास शिक्षणमा अन्य विषयका ५ जना साथी पनि थिए । उहाँहरूको पनि सल्लाह मिल्थ्यो । प्रधानाध्यापक र

अन्य शिक्षक साथीहरूले पनि राम्रो सल्लाह दिनुभयो । अनि, त्यही सल्लाहअनुसार ल्वाङ खान थालेँ । कसैले त काँचा मकै पनि खाने सुझाव दिएका थिए तर ल्वाङ नै उत्तम ठहरियो । घाँटी बसेमा यसले राम्रो फाइदा गर्दो रहेछ धेरै बोल्न पर्ने मान्छेहरूका लागि ।

आखिर, विद्यालय छाड्ने दिन आयो । बिदाइका भाषणहरूबाट विद्यार्थी तथा शिक्षकहरू साह्है द्रवीभूत भए । कति विद्यार्थी त रोए पनि । हाम्रो तर्फबाट प्रमुख वक्ता गोविन्द अधिकारी हुनुहुन्थ्यो । उहाँको भाषणले त झनै रुवायो हामी सबैलाई । गोविन्दजीसँग बागलुङमा एउटा कार्यक्रममा पुनः भेट भयो, त्यत्ति हो । आज गोविन्द अधिकारी हाम्रो माझ हुनुहुन्न । बागलुङ जाँदा शहीद गेट देख्दा सम्झना मात्र हुन्छ । उहाँ सांसद् पनि हुनुभएथ्यो । श्री अमरसिंहका तत्कालीन शिक्षक र विद्यार्थीबीच त्यो हाम्रो माया, ममता, योजनाबद्ध पढाइ सम्झनामा सीमित छ । शिक्षक तथा विद्यार्थीमा हुनपर्ने गुणहरू देखेर वा पाएर त्यस्तो सम्झना रहेको होलाजस्तो लाग्छ । विद्यालयको मूल मन्त्र नै ***'सधैँ उच्च लक्ष्य राख'*** [१५] भन्ने थियो । अभ्यास प्रशिक्षणमा त्यस विद्यालय र पोखरा जाने सबै शिक्षकहरूले यस्तै अनुभव गरेको सुनियो, बुझियो र पाइयो । हिजोआज त्यस विद्यालयको स्तरोन्नति भएको सुन्दा खुसी लाग्छ ।

अमरसिंह मावि, पोखरा (हाल उच्चमाविको रूपमा)

[१५] Always Aim High

७५. मेरै छोराजस्तो भन्दै : डाँकै छोडिन् रुँदै-रुँदै

पोखराकै कुरा हो । फूलबारीकै डेरा हो । अभ्यास शिक्षणमा त्यहाँ गइयो र बसियो । अमरसिंह माविमा पढाइन्थ्यो । बिदाको दिन प्रायः या त फेवाताल या विजयपुर खोलामा गइन्थ्यो । नुहाइधुवाइ हुन्थ्यो । फेवाताल गएमा त किनारतिर पौडी पनि खेल्न पाइन्थ्यो, सकिन्थ्यो । डराउन भने निकै डराइन्थ्यो कम दक्षताको कारण ।

एक दिन त्यही २०३२ सालको वैशाख महिना थियो । कुनै शनिवार हो पक्कै । फेवातालमा पौडी खेलेर नुहाएर र लुगा धोएर फर्किएका थियौँ । हामी तीन या चार जना थियौँ । लमजुङ भोर्लेटारका साथीहरू रामकृष्ण घिमिरे, शेखर पौडेल, कृष्णप्रसाद र म । हामी फूलबारीमा बलराम के.सी भाइको घरमा डेरा गर्दथ्यौँ । अनि बाम माछा खाने भनेर पनि हेर्‍यौँ तर देख्दैमा सर्पजस्तो भएकाले किनेर ल्याउने आँट गरेनौँ । बाटोमा तरकारी किन्ने विचार गरियो ।

जब एउटा घरमा लटरम्म गोलभँडा फलेको देखियो, किन्न जाने भनेर पस्यौँ कम्पाउन्डको गेटबाट भित्र । जब आँगनमा पुगेर गोलभँडा किन्न आएको कुरा मात्र के गरेका थियौँ, त्यस घरकी घरबेटी आमा त डाँको छोडेर रुन लागिन् । हामी त के भयो भनेर अचम्म मान्यौँ । सोध्न थाल्यौँ । अझ उनी त चर्को स्वरले ***'मेरो छोरोजस्तै'*** भन्दै रुन लागिन् । घरमा भएका अरूले केही दिनअघि मात्र उनको छोरा मरेको र हामीलाई देख्दा त्यस्तै लाग्यो भनेर रोएकी रहिछन् । बडो संवेदनशील अवस्था पो देख्नुपर्‍यो । नरुनुहोस् भनेर सम्झायौँ । अब बिस्तारै संयमित भएर कुरा गर्दै आँसु चुहाउन थालिन् । बरू हामीलाई घरभित्र छोराको कोठामा लगेर भित्तामा टाँगेको फोटो देखाइन् । नभन्दै हामीजस्तै नवयुवक रहेछन् । के भएर यस्तो भयो भन्ने प्रश्न गर्न नपाउँदै उनले भक्कानिँदै बताउन थालिन् । एउटा दुःखद घटना भएको रहेछ र अकालमै ज्यान गएछ ।

कुरा के रहेछ भने उनको छोरा र उसको साथी दुवै जेटीए पढेका । एक दिन साथीले खाना खान बोलाएको रहेछ जन्मदिनको सन्दर्भमा । थाहा छैन, के-कसरी हो कीटनाशक औषधी जो घरमा राखिएको थियो, कुनै कारणवश खानामा नै परेको रहेछ । त्यो खाना खानेबित्तिकै दुवै जना छट्पटिन लागे । विष परेको आशङ्का दुवैले गरे । दुवै जना तत्काल अस्पताल गए, लगियो र पुगे । उपचार भयो तर घरभेटी साथीचाहिँ अलि चाँडो पुगेकाले होला, बाँच्न सफल भएछन् तर उनको छोरा असफल । यो कथा र दुःखान्त व्यथा सुनेपछि हामी पनि किंकर्तव्यविमूढ भयौँ । कहाँको गोलभँडा किन्ने ? हामी ती आमा र त्यस परिवारलाई सम्झाएर फर्कने प्रयत्न गर्‍यौँ तर ती आमा हामीलाई

त्यहीँ बस्न र आफ्नो छोराको नियास्रो मेटिदिन आग्रह गर्दै थिइन् । बलै सम्झाएर फर्कन लाग्यौँ । त्यसो भए गोलभँडा लिएर जानुहोस् भन्दै हामीलाई थुप्रो गोलभँडा दिइन् विनापैसामा । हामीले पैसा तिर्न खोज्यौँ तर उनले पटक्कै स्वीकार गरिनन् ।

हामीजस्तै पढेको एउटा युवकको अनाहकमा ज्यान गएर आमा र परिवारको त्यो चिल्लीबिल्ली देख्दा र सम्झँदा अझ पनि झल्झली त्यो दिनको याद आइरहन्छ । सानु असावधानीले मान्छेको जिन्दगी नै चुँडेर लैजान सक्दो रहेछ । सावधानी जीवनको हरेक पलमा आवश्यक रहेछ । त्यस दिनको र त्यस घटनाको पाठ हामीले यही पायौँ ।

७६. मनोहर प्रावि : बनाइयो निमावि

२०३२ सालको कुरा । जब म डिप्लोमा इन एजुकेशन पास गरेर जेठको अन्तिममा घर गएँ, असार साउनमा खेतीको काममा व्यस्त भइयो नै । भदौदेखि कामको सोच अगाडि बढ्यो । एक पटक दमौलीमा शिक्षा कार्यालयमा बुझ्न पनि गइयो । बोधराज पण्डित (जफदी, वसन्तपुर) र म सँगै थियौँ । काठमाडौँमा पनि सँगै बसेर पढेका थियौँ । हाईस्कूल पनि हामी चन्द्रावतीमा नै पढेका । दमौलीमा पुसतिर सम्पर्क गर्न आउनुहोस् भनी बिदा दिइयो ।

अनि हामी गोरखा गयौँ, भदौमा नै चोरकाटेको बाटो वर्षामा पनि खोलाखोलै । गोरखाको पहिलो यात्रा थियो हाम्रो । गोरखकालीको दर्शन पनि भयो । गोरखा दरबार पनि देख्यौँ पहिलोपल्ट नजिकबाट । शिक्षा कार्यालय पनि गयौँ । हामीसँगै तर सेवाकालीन बीएड् तालिम प्राप्त रामचन्द्र आचार्य र गोवर्धन अचार्यलाई भेटेकाले सजिलो भयो । उहाँहरूको घरमा नै गासवास पनि मिल्यो र अरू जानकारी पनि । जागिर पनि पाइएको थियो तर टाढा जानुपर्ने जौवारीतिरको स्कूलमा । हामी अहिले नै त्यति टाढा नजाने भनी धन्यवाद दिएर फर्कियौँ, पछि कतै नजिक खाली भएमा जानकारी पाउने अपेक्षासहित ।

घर आएर दशैँ तिहार मनाउँदैमा समय बित्यो असोज र कार्तिक । मङ्सिर पनि खेती थन्क्याउने कृषि कर्ममा बित्यो । पुस लागेपछि दमौली जाने योजना थियो । गयौँ पनि । माध्यमिक विद्यालयमा तत्काल ठाउँ नभएकाले हाललाई निमाविमा पठाइदिने कुरा भयो । बोधराजजीले त नियुक्ति नै लिनुभयो चोक चिसापानीको जनजागृति निमाविको । मैले भने यस्तो अवस्थामा टाढा नजाने, बरू आफ्नै गाउँमा निम्न माध्यमिक विद्यालय खोल्ने चाहना व्यक्त गरेँ । यस कार्यमा बलराम दाइसँग पनि सल्लाह मिलेको थियो । उहाँ सञ्चालक समितिको अध्यक्ष नै हुनुहुन्थ्यो मनोहर प्रावि को । अब सल्लाह मिल्यो, गाउँमा आएर सञ्चालक समितिमा सल्लाह गरी निम्न माध्यमिक विद्यालयमा स्तरोन्नति गर्ने निधो भयो । जिल्ला शिक्षा समितिमा पनि बलराम दाइ सदस्य हुनुहुन्थ्यो । त्यसैले उहाँले मौखिक कुराकानी र नीति अवगत गराउनुभएको थियो, मनोहर प्रावि सञ्चालक समिति र जिल्ला शिक्षा समिति दुवैलाई ।

विद्यार्थी सङ्ख्या पुऱ्याउने जिम्मेवारी र विश्वास व्यक्त गरियो । पढ्न नसकेका र पढ्न छाडेका केटाकेटीहरूलाई सम्पर्क गरी भर्ना हुन आह्वान गरियो रातारात भेटेर नै गाउँमा । आखिर हामी फेरि दमौली गयौँ । जिल्ला शिक्षा समितिमा औपचारिक निवेदन दिइयो र त्यसले विद्यालय खोल्न अर्थात् निमाविमा स्तरोन्नति गर्न अनुमति दिने निर्णय गऱ्यो । हामी चिठी लिएर आयौँ पुस २१, २०३२ को मितिको । अब सँगसँगै मैलाई हेडमास्टरको रूपमा काम गर्ने अनुमतिस्वरूप सञ्चालक समितिको सिफारिसमा

नियुक्तिपत्र प्राप्त भयो। पुस २१ लाई विद्यालय जन्म जयन्ती मनाउन मैले राखेको प्रस्ताव सञ्चालक समितिले सर्वसम्मत निर्णय गर्‍यो। पहिलो वार्षिकोत्सवमा २०३३ साल पुस २१ गते साँस्कृतिक कार्यक्रम (नाटक) मञ्चन पनि गरिएको थियो।

२०३२ पुसको दोस्रो हप्तादेखि नै जिल्ला शिक्षा समितिमा भएको अनौपचारिक सहमतिअनुसार निम्न माध्यमिक विद्यालयमा स्तरोन्नति गर्न काम गर्न थालेँ। विद्यार्थी सङ्ख्या पनि बडो कठोर मिहिनेत गरी ३२ जनासम्म पुर्‍याइयो। तीन कक्षाबाट ४ कक्षामा जाने त १२ जना मात्र थिए। प्राविकै टहरोमा ४ कक्षासम्म चल्यो निमाविको रूपमा। २०२५ सालदेखि ५ कक्षा सञ्चालन भएको विद्यालयमा नयाँ शिक्षा योजना लागू भएपछि २०३० सालदेखि प्रावि तहमा ३ कक्षासम्म मात्र पढाइ हुने भयो। फलतः निम्न माध्यमिक कक्षा ४ बाट प्रारम्भ हुने भएकाले निमाविमा स्तरोन्नति अभियान गर्नुपरेको थियो। यसरी नै पुसको जाडो गयो। माघ लागेपछि पढाइमा जोड, विद्यालय भवन निर्माणको पूर्वतयारी, चन्दा लेखन र सङ्कलनजस्ता कामका योजना बनाइयो। आखिर बडो कष्टसाथ योजना अघि बढ्यो। जसरी प्राविको हेडमास्टर हुँदा प्रतिमहिना १५ रूपैयाँ चन्दा दिएथेँ, त्यसरी नै निमावि चलाउँदा पहिलो तीन महिना निःशुल्क पढाइयो। चन्दा लेख्न पहिला आफूले नै सुरुआत गरेकाले अरूलाई भन्न सजिलो भयो। आफूले कति दिनुपर्छ भन्नेमा पनि सञ्चालक समितिलाई नै निर्णय गर्न लगाइयो। तदनुसार रु. एक हजार चन्दा लेखेँ सर्वप्रथम। अनि अरूले पनि क्रमशः लेख्न थाले।

भट्टाडिहीमा नयाँ भवन निर्माण गर्ने योजना थालियो। ईंट त्यही बनाउने भइयो। काठ जङ्गलबाट ल्याउने व्यवस्था कार्यान्वयन गर्न हामी अग्रसर भयौँ। श्रमदान जुटाउने र पैसा उठाउने काम गरियो। भैलो खेल्नेजस्ता काम एकपछि अर्को गर्दै धमाधम थालियो। एउटा लहर नै सिर्जना गरियो। *'आँटे के हुँदैन ?'* भन्ने अवस्था आयो। खुसी र दुःख दुवै भए। पढाइमा ध्यान दिने, कुनै कमी हुन नदिने, जनश्रम परिचालन गर्ने, जङ्गलमा गएर काठ काटेर ल्याउने, बोक्ने, दक्ष मिस्त्री परिचालन गर्ने सबै काम भए। नक्सा बनाइयो विद्यालयको, जग खनियो र गाह्रो लगाउन थालियो, पछिसम्म हुने गरी फराकिलो ठाउँमा ठूलो विद्यालय र कोठाहरूको परिकल्पना गरेर। चन्दा उठाउन के गरिएन ? तत्कालीन जिल्ला पञ्चायत तनहुँबाट भवन निर्माणार्थ आठ हजार रुपैयाँ अनुदान लिन पनि सफल भयौँ।

यस कार्यमा बलराम दाइ, म, अमरसिंह गुरुङ, खिला शर्मा खतिवडा, वेदप्रकाश खतिवडा, शिवलाल कुमाल, रामबहादुर कुमाल आदिको नाम सञ्चालक समितिको हैसियतमा थियो। त्यस्तै, शिक्षकहरूमा नारायणदत्त ढकाल, लेखबहादुर धौराली, खेमराज भण्डारी, शारदा शर्मा भण्डारी, शिवराम देवकोटा, पदमबहादुर रानाभाट आदि प्रमुख थिए। इँट पार्नेमा तोर्मे कुमाल, काठ बोक्नेमा शिवलाल कुमाल (ढोडे), काठ चिर्नेमा नुरबहादुर कुमाल र भुडाबहादुर कुमाल (कप्तान) प्रमुख हुन्। यसरी गाउँलेहरूको अथक परिश्रम, परिचालन र प्रयासबाट एउटा विद्यालयको प्रगति गर्न सफल भइयो।

त्यस बेलाका विद्यार्थीहरूमा हर्कबहादुर गुरुङ, श्रीकान्त शर्मा खतिवडा, केशव दुवाडी, शारदा अधिकारी, प्रज्ञा जोशी, नमुना शर्मा भण्डारी, सुशीला देवकोटा, चिरञ्जीवी राना, सूर्यदेवी बगाले आदिको नाम अहिले पनि सम्झन्छु ।

त्यहाँ गरेको त्यस बेलाका दुःख त बयान गरेर साध्यै छैन । सानो कुरा सम्झने हो भने विद्यालयको घण्टी नयाँ नबनाई नहुँदा घरको ताप्केको बिँड लगेर आरनबाट घण्टी ठोक्ने फलामे डण्ठी बनाएर नमुना घण्टी बजाउने व्यवस्था गरेको सम्झना छ असोज १२, २०३३ मा । गाउँबाट विद्यालय आउने बाटो साह्रै बिग्रेकाले २०३३ कै कार्तिक पहिलो हप्तामा ढुङ्गाको सिढी बनाउने काम मेरा बुबाको सक्रियतामा सम्पन्न भयो । उहाँहरूले त्यही बाटोमा शिक्षक, विद्यार्थी र अन्य बटुवा सबैलाई हुने गरी आराम गर्ने चौतारो पनि निर्माण गर्नुभयो । पानी खाने पँधेरो बिग्रिएकाले ओजेनी पँधेरो र पानीघट्टको पँधेरो मर्मत सुधार पनि गर्नुभयो । मनोहर मेलाको सुरुआत बलराम दाइ प्रधानपञ्च हुँदैमा गर्नु भए पनि केही वर्ष मात्र चल्यो, चलाउन सकियो । मनोहर बँगैचा ठूलै बनाइएको थियो तर पछि आएर स्याहारसम्भार हुन नसकी भताभुङ्ग भएजस्तो लाग्यो । विद्यालय भवन करिब-करिब बनाइसकिएको थियो आधारभूत रूपमा । निर्माणको सबै काम त मेरो कार्यकालपछिका स्थानीय साथीहरूले सम्पन्न गर्नुभयो ।

वातावरणीय शुद्धीकरण र सरसफाइ अभियान पनि चालियो । सार्वजनिक स्थलमा तास खेल्ने बानीले विद्यार्थी र समुदाय सबैलाई नकारात्मक प्रभाव पारेकाले अभियानै चालेर रोकथाम गरियो । लुकेर पनि खेल्ने भएपछि विद्यालयले सञ्चालक समितिका एक जना सदस्यलाई जिम्मा नै लगाएर सहमतिमै कर लिन अर्थात उठाउन थालियो जसबाट त्यसको उचित व्यवस्थापन मात्र भएन, आर्थिक रूपमा विद्यालय निर्माण र विद्यालयको सबै जग्गा तथा भवनको वरिपरि ठूलो पर्खाल लगाउने कार्यमा निकै मद्दत गऱ्यो ।

सबैलाई सक्रिय पारी सही मार्गमा हिंडाउन कम गाह्रो रहेनछ । आखिर १४ महिनाजति काम गर्दैगर्दा शिक्षा कार्यालयले बोलाएर माध्यमिक विद्यालयमा पठाएकाले त्यहाँको प्रधानाध्यापकको जिम्मा पदमबहादुर रानाभाटलाई लगाएर म चन्द्रावती माविमा सहायक शिक्षकको रूपमा पढाउन गएँ । विद्यालय निर्माणको बाँकी काम उहाँहरूको सक्रियतामा सम्पन्न भयो । स्थायी स्वीकृतिको प्राप्ति पनि ५-६ पटकको हाम्रो दमौली, पोखराजस्ता भ्रमण, अनुगमन, आग्रह, धर्नाबाट मात्र सम्भव भएन । पछि यही क्रममा तत्कालीन गण्डकी अञ्चलाधीशको सहयोगबाट कोटा प्राप्त भयो, स्थायी स्वीकृति मिल्यो । यसरी बडो कष्ट र मिहिनेतका साथ स्थानीय अग्रज तथा मित्रहरूको सक्रियताबाट विद्यालयको स्थायित्व भयो ।

मनोहर निमावि (हाल मावि)

७७. घडीको सुई

घडीको सुई लाक्षणिक नाम रहेछ । मलाई विद्यार्थीहरूले राखेको नाम रे । विश्वराज पौडेललगायतका विद्यार्थीहरूबाटै यो कुरा थाहा भयो । कारण पनि बताए, शायद ठीकै भने होलान् । २०३४ सालको कुरा हो । चन्द्रावती हाईस्कूलमा धेरै विषय पढाउनुपर्थ्यो । ग्रामीण अर्थशास्त्र, इतिहास, स्वास्थ्य, पञ्चायत प्रमुख रूपमा कक्षा ८, ९ र १० मा । नेपाली, गणित आदि निम्नमाध्यमिक कक्षामा । अतिरिक्त क्रियाकलाप विद्यालयको प्रमुख शिक्षकको हैसियतमा । त्यसै पनि व्यस्त हुन्थेँ, म घडीको सुईजस्तै । अनि उनीहरूले त्यस्तो नाम राख्नुमा कुनै आश्चर्य भएन । राम्रै अर्थमा यो भनेको बुझियो । खुलस्त भन्थे पनि । कुनै घडीमा घण्टा-सुई र मिनेट-सुई मात्र होला त कुनैमा सेकेन्ड-सुईसम्म पनि । जे होस्, सुईको तरिका र समय एउटै हो, मान्यता फरक भए पनि ।

घडीको सुई हाम्रो साँस्कृतिक परम्परा झैँ देब्रेबाट दाहिने घुम्ने हुँदा म परम्परा-अनुकूल नै चलेको बुझ्छु । समयको राम्रो पालना गर्ने, तोकिएबमोजिम काममा लागिरहने । पढाइ निरन्तर अगाडि बढाउने । कत्ति पनि विश्राम नलिने बानी घडीसँग मिल्दा हुन् । सुई त घडीमा अङ्क सङ्केत गर्ने अवयव न हो । सियोजस्तो यो सुइरो आफ्नो कर्तव्यमा चुक्दैन, कर्तव्यपथबाट विचलित हुँदैन । मलाई यो सबै कुराले प्रेरणा पनि दिन्छ त्यस्तो बन्न ।

घडी समयको प्रतीक हो । यो अहिलेको आविष्कार भए पनि कुनै न कुनै रूपमा पहिले पनि थियो र शायद पछि पनि रहनेछ । कहीँ जान परे पनि समयमै हिँड्ने, खाने, पिउने र पुग्ने बानी पनि विद्यार्थीहरूले अनुभव गरेको हुनुपर्दछ । चाहे बेलाबखतमा विद्यालयमा गरिने जुनसुकै कार्यक्रम होस् वा विद्यालयबाहिर गएर सञ्चालन गरिने परीक्षा, खेलकुद, भेटघाट, गोष्ठी आदिमा यस्तो देख्न सकिन्थ्यो पनि । विद्यालयमा सरसफाइ कायम गर्न, स्वस्थ रहने बानी बसाल्न, अतिरिक्त कार्यक्रम सञ्चालन गर्न, कक्षामा पाठ योजनाको माध्यमबाट पढाउन, शारीरिक व्यायाम खेलाउन, खेलकुद प्रतियोगिता सञ्चालन गर्न घडीको सुई निकै प्रेरणात्मक र सहयोगी, मार्गदर्शक र निरन्तर सक्रियताको प्रतीक बनेको रहेछ । अध्ययन तथा अध्यापनमा घडीको सुईको महत्त्व बल्ल स्पष्ट भयो । धन्यवाद ! ती सबै विद्यार्थीलाई जसले मेरो छद्म नाम राखेर सार्थक ज्ञान दिलाए ।

वीरेन्द्र शील्ड खेलकुद सञ्चालनका बेला जाँदा होस् वा एसएलसीको परीक्षामा विद्यार्थी लिएर बन्दीपुर निरीक्षक हुन जाँदा होस् वा विद्यार्थीहरूका प्रतियोगितात्मक कुनै पनि कार्यक्रममा लिएर दमौली वा अन्यत्र जाँदा उनीहरूले अनुभव गरेका रे । विद्यालयमा पढाउँदा र अतिरिक्त क्रियाकलापमासमेत पनि त्यस्तै । अन्य शिक्षकसँग तुलना गर्दै नाम जुराएका रे । हरेक सेकेन्डको महत्त्व बोकेको हुन्छ घडीको सुईले । मलाई त्यससँग तुलना गर्ने सबै विद्यार्थीको मूल्याङ्कन र यसको पद्धतिका लागि धन्यवाद दिनु नै उत्तम होला । घडीको सुई अर्थात् समयले यसको सही मूल्याङ्कन गर्नेछ ।

७८. विद्यार्थीको आत्महत्या : जिज्ञासा र सत्यतथ्य

विद्यार्थी किन आत्महत्या गर्छन् ? यो शिक्षा क्षेत्रको एउटा गम्भीर प्रश्न हो । हुन त मानिस किन आत्महत्या गर्छन् भन्ने प्रश्न नै अहम् छ । तर यहाँ एउटा प्रश्न र चिन्तन उठाइदियो त्यति बेला चन्द्रावती हाईस्कूलमा कक्षा ९ मा पढ्ने विद्यार्थी अर्जुनबहादुर अधिकारीको आत्महत्याले । दुःख त सबैलाई लाग्यो । मैले शोक कविता पनि लेखेँ । त्यति राम्रो विद्यार्थी पढाइ, व्यवहार र अनुहार सबै दृष्टिले । नजाने उसको आन्तरिक पीडा के थियो ?

२०३३ सालको कुरा हो । अन्य विद्यार्थीको झैँ उसको पनि व्यक्तिगत अध्ययन विवरण वा उपाख्यान (Anecdotal record) राख्ने मेरो बानी थियो । उसको बारेमा नराम्रो केही थिएन । अचानक बारीफाँटमा उसको लास झुण्डिएको अवस्थामा फेला परेछ । घरझगडा हुन सक्छ वा अन्य केही हुन सक्छ । विद्यालयको कारण कसैले शङ्का गर्ने ठाउँ नै थिएन । हो, हुन सक्छ- आत्म कमजोरी । हुन त आखिर हरेक आत्महत्याको मूल कारण आत्मकमजोरी नै मान्नुपर्छ । अनि, शिक्षा क्षेत्रले किन आत्मबल बढाउने शिक्षा प्रदान गर्न सकेन भन्ने प्रश्न आम रूपमा उठ्न सक्छ । यस कुरालाई परिवारदेखि नै सोचिनुपर्छ । साँच्चै नै राज्यले शिक्षापद्धतिमा केही सोच्नु आवश्यक छ । अनि मात्र हरेक वर्ष एसएलसी वा एसईईको नतिजा आउँदा असफल हुनेले विभिन्न तरिकाले आत्महत्या गरेका समाचार आउँदैनथे वा कम आउँथे कि ?

यस्ता हरेक घटनाको कारक भने व्यक्ति स्वयं हुन सक्छ, परिवार हुन सक्छ, समाज हुन सक्छ, विद्यालय हुन सक्छ, राज्य हुन सक्छ । अरू केही नभए लेखान्तर यस्तै भनेर चित्त बुझाउनुपर्ने अवस्था छ । राज्यको एउटा कमजोर पक्षले पत्रिकाका पानाहरू समवेदना वा श्रद्धाञ्जलीले भरिन्छन् । आज नतिजा हुँदा असफल भयो भने कमजोर आत्मा भएको विद्यार्थी आत्महत्या गर्न पुग्छ । भोलिपल्ट भूल सुधारमा ऊ पास भएर के गर्ने ? आज पास भएको भोलि फेल भएको नतिजा आउँछ प्राविधिक कारणले भन्दै । बिचरा ! अघिल्लो दिनको भोज, भोलिपल्टै मृत्युमा परिणत गरिदिन्छ । यस्ता घटनामा छात्राहरूको दुःखद अन्त भएको बढी देखिन्छ, सुनिन्छ । शैक्षिक भ्रमणमा बसको दुर्घटना भएर सामूहिक चिहान भएका छन् कति विद्यालयका विद्यार्थीको । यो आत्महत्या नभए पनि आमहत्या हो । वनभोजमा जाँदा होस् वा खेल वा मनोरञ्जनका क्षेत्रमा र प्रेमका क्षेत्रमा भइपरिआउने वा आत्महत्या सामान्य भएको पाइन्छ । त्यसैले यी सबको कारण खोजिनु र उपचार गरिनु अत्यावश्यक छ । अनि मात्र भविष्यका कर्णधार मानिने अर्जुनहरूले अकालमा ज्यान फाल्ने छैनन्, विद्यालय र परिवारका साथै राष्ट्रको बोझ होइन, ज्योति बन्न सक्नेछन् ।

७९. मेरो पालामा पानी धारामै आउँछ

चन्द्रावती हाईस्कूल अब ठूलो परिवार भइसकेको थियो । खानेपानीको अलि दुःख थियो । टाढाबाट माटाको घैँटामा नै पानी बोकेर ल्याउनुपर्ने र धेरै विद्यार्थी तथा शिक्षक आदि सबैको नियमित तिर्खा मेट्नुपर्दथ्यो । त्यसैले, थप एक जना पियनको भर्ना खुल्यो । पियनको काम विद्यालय खोल्ने, सरसफाइ गर्ने, घण्टी लगाउने, पानी बोकेर ल्याएर ख्वाउने बन्दोबस्त गर्ने । सूचना टाँस्ने र विद्यालय बन्द गर्ने आदि महत्त्वपूर्ण जिम्मेवारी हुन्थ्यो ।

जब पियनको लागि दरखास्त पऱ्यो, हाम्रो गाउँ नजिकका एक जना इष्टमित्रले पनि दरखास्त हाल्ने इच्छा जाहेर गर्नुभयो । त्यस बेला, उहाँको गाउँतिरबाट म, लीलाराम देवकोटा, सरोजकुमार श्रेष्ठ, श्रीप्रकाश पण्डित आदि चन्द्रावती हाईस्कूलमै शिक्षण गर्थ्यौं । हाम्रै आधारमा भर्ना हुन सकिन्छ भन्ने उहाँको आशा थियो होला तर जब अन्तर्वार्ता भयो, उहाँले रमाइलो गरिदिनुभयो ।

भारतमा केही वर्ष बसेर, नोकरी गरेर र भाषा आदि सिकेका कारण अङ्ग्रेजी पनि जानेको छु भनेर फूर्ति लगाउनुभयो । गन्न लगाउँदा वान, टू गर्दै तल र माथि पार्दै बीस तीस पनि पुऱ्याइदिनुभयो । यो त ठूलो कुरा भएन तर जब हेडमास्टरले तपाईं ब्राह्मण मान्छे, यहाँ विभिन्न जातका मान्छे छन्, सबैलाई पानी बोकेर ख्वाउन सक्नुहुन्छ भन्दा उत्तर दिनुभयो- मेरो पालामा त पानी स्कूलको धारामै आउँछ । स्कूलमा नै पानी आउँछ हजुर भनेपछि हामी सबै जिल्लाराम । भन्नाको तात्पर्य खानेपानीको धारा नै विद्यालयमा आएपछि मैले पानी बोकिरहनु नै पर्दैन भन्ने थियो । अब त्यस्तो मान्छे कसरी छान्ने ? हामीलाई पनि आफ्नो गाउँको मान्छे छानिएमा राम्रै हुन्थ्यो होला । साथी इत्यादि हुन्थ्यो । आखिर ठूलो सम्भावना हुँदाहुँदै पनि मान्छेहरू नजानेर, नबुझेर, फूर्ति देखाएर र भिन्न सोचका कारण अवसरबाट वञ्चित हुँदा रहेछन् । तुलसीप्रसाद खतिवडाको दिनचर्या फेरि उसरी नै बित्यो । अर्को मान्छे छानियो पियनमा । विद्यालयको सेवा सहज भयो ।

म सोच्छु, शायद उहाँको स्वाभावको कारण त्यसो भन्नुभयो । बढी विश्वासका कारण पनि त्यो अभिव्यक्ति आएको हुन सक्छ । ठट्टा गरेको पनि हुन सक्छ । अन्तर्वार्ता समितिलाई कसरी हटाऊँ भन्ने निहुँ भने राम्रै बन्यो । कतै राम्ररी अन्तर्वार्ता गर्न नसकिएको हो कि ? भारतमा बसेर प्राप्त गरेको ज्ञान, सीप आदिको फूर्ति देखाउने अवसरको रूपमा लिएको पनि हुन सक्छ । विवेक नपुऱ्याएको मात्र हुन सक्छ । ऊ नै बढी योग्य पनि हुन सक्थ्यो । अन्तर्वार्तालाई हामीले औपचारिक रूपमा सोच्यौँ तर उहाँको सोचाइ त्यस्तो नहुन सक्छ । पानी बोकेर ख्वाउन सक्दिनँ भन्ने भनाइ त त्यो होइन । हाम्रो बुझाइ फरक हुन सक्छ । जहाँ पनि खुलस्त र रोमान्टिक पाराले त्यसरी नै कुरा गर्ने बानीले धोका दिएको पत्तै नहुन सक्छ । वास्तवमा, हरेक कुरालाई विभिन्न दृष्टिकोणबाट विश्लेषण गर्नु नै उत्तम हुन्छ । त्यो नै वास्तविकताको नजिक हुन्छ भन्ने बुझ्नु आवश्यक हुँदो रहेछ ।

८०. राविसेका शिक्षक : पाउन, ल्याउन दिक्कत

नयाँ शिक्षा पद्धतिको योजना २०२८ (New Education System Plan 1971) ले राष्ट्रिय विकास सेवा (राविसे) को अवधारणालाई कार्यान्वियनमा ल्याएको थियो । ग्रामीण विकासको यस सन्दर्भमा २०३४/३५ को शैक्षिक सत्रमा पहिलोपल्ट चन्द्रावती माविमा र २०३५/३६ मा कालिका माविमा राविसेका शिक्षक ल्याउने काममा मेरो प्रमुख भूमिका रह्यो । राष्ट्रिय विकास सेवा अर्थात् छोटकरीमा राविसे भन्ने गरिन्थ्यो । विश्वविद्यालयको औपचारिक कक्षाको पढाइपछि व्यावहारिक ज्ञानको अनुभव दिलाउन स्नातकोत्तरका विद्यार्थीहरूका लागि त्रिभुवन विश्वविद्यालयले सञ्चालन गरेको यस कार्यक्रम ज्यादै उपयोगी र सान्दर्भिक महसुस गरिएको थियो । उनीहरूले गएर धेरैजसो शिक्षककै भूमिका निर्वाह गर्ने गर्दथे । देश विकास र चेतनाको लहर फैलाउन यस कार्यक्रमले मद्दत गरेको थियो नै । विद्यार्थी स्वयम्लाई गौरवपूर्ण जीवनको उकालीमा उत्साह र व्यावहारिकताको कसीमा उतार्न सफल थियो यो कार्यक्रम । देशको राजनीतिक वातावरणले २०३६ सालको जनमत सङ्ग्रह घोषणापछि राजनीतिक गतिविधिमा उनीहरूको अनपेक्षित प्रभाव नबढोस् भनेर यसमा ब्रेक लाग्यो ।

चन्द्रावतीमा राविसेका ३ जना शिक्षक ल्याउन मैले प्रयत्न गरेँ । हेडमास्टर मुक्तिनाथ खनालको निर्देशन तथा सल्लाहमा यस कार्यमा लागेको थिएँ । पहिला त काठमाडौँबाट जाने विद्यार्थीहरू टाढा जान डराउने पनि कतिपय हुन्थे । त्यसमा पनि छात्राहरू प्रायः शहरबजार र सडकछेउका विद्यालय खोज्थे । तनहुँमा प्रायः छात्राहरू पठाउने नीति विश्वविद्यालयले अवलम्बन गरेको पाइयो । आफ्नो विद्यालयलाई आवश्यक विषयका शिक्षक पाउनु कम गाह्रो थिएन । पाइहाले पनि उनीहरू जान तयार, इच्छुक तथा उत्साही भएनन् भने काम नलाग्ने । उनीहरूलाई त्यहाँको वास्तविक स्थिति बताउनु आवश्यक हुने । यदि उनीहरूको सोच विपरीतको अवस्था भएमा नजाने वा गएमा पनि फर्कन बेर नलाग्ने अवस्था हुन्थ्यो । सुरक्षा, स्वास्थ्य, भौगोलिक अवस्था अनुकूल भएमा मात्र उनीहरू खुसीसाथ गएर अध्ययन अध्यापनमा दिलोज्यानले लाग्थे । उनीहरूलाई उत्प्रेरणा दिन सकिएन भने पनि कम चासो हुन्थ्यो । जिल्ला शिक्षा कार्यालयको रणनीति, विश्वविद्यालयको नीति, विद्यालयको आवश्यकता र राविसेमा आएका व्यक्तिको सोचअनुकूलको वातावरण पहिचान नै प्रमुख पक्ष हुन्थ्यो छनोट र निर्धारणमा ।

सुनेथेँ– राजा महेन्द्रको पालामा तत्कालीन परराष्ट्रमन्त्री शैलेन्द्रकुमार उपाध्यायलाई कोरिया पठाएर त्यहाँको ग्रामीण विकासको लागि उच्च शिक्षाको पद्धति बुझेर नेपालमा त्यसको उपयुक्तताअनुसार विकास गरिएको थियो । यसै अवधारणालाई नेपालमा पनि अवलम्बन गर्नु उपयुक्त देखेर राविसेको सुरुआत भएको रहेछ । यस क्रममा ज्योति पाण्डे

र उर्मिला राणा २०३४ भदौ ३ गते चन्द्रावती माविमा आइपुग्नुभयो मसँगै । पछि कमला पोखरेल पनि अर्को दिन आउनुभयो । ५ गतेबाट डेराको राम्रो बन्दोबस्त भयो । विद्यालयमा चिनापर्ची भएपछि उहाँहरू खुसी हुनुभयो । यात्रा भने कठिन बन्यो उहाँहरूका लागि किनभने काठमाडौँको जीवनबाट पहाडी उकाली–ओराली, खोला र खोल्साको जिन्दगीमा पुग्न कठिन नै हुँदो रहेछ । गाडी जाने ठाउँ कम थियो । हिँड्नुपर्ने हुँदा त्यस्तो बाटोमा पाइला कम चल्ने, बिस्तारै चल्ने भयो । समयले नेटो काट्दा साँझ पर्न गयो । चुँदी खोलाको हावा र पानीले आह्लादित नबनाएको भए गाह्रै हुन्थ्यो । वर्षाको याममा पानी परेर लड्दै पड्दै हात समातेर हिँड्नुपर्दा नौलो अनुभूति पक्कै भयो । तोकिएको ठाउँमा डेराडन्डाको बन्दोबस्त गरियो ।

भोलिपल्ट विद्यालय पुगेर स्वागत, परिचय र जिम्मेवारी बाँडफाँड भयो । बिस्तारै आफ्नो अनुकूलता बढाउँदै प्रगति हुन थाल्यो । अन्य विद्यालयहरूको पनि भ्रमण हुन थाले । यसले सम्बन्धित मान्छेको जीवनमा मात्र नयाँ आयाम थपेन, बरु पहाडी विद्यालयहरू, विद्यार्थीहरू, तिनका अभिभावकहरू सबैमा उत्साह छाएको थियो । अभावमा उहाँहरूको योगदानको मूल्याङ्कन हुनु स्वाभाविकै थियो ।

यस्तै गरी, कालिका माविमा राविसे लैजान अर्को वर्ष त्यही समस्या । पाउन पनि समस्या, पाएपछि ल्याउन समस्या । तीनै जना काठमाडौँ बाहिर नगएका । पुष्पा शाक्य, निशा श्रेष्ठ र तारा चित्रकार । उहाँहरूलाई त बाटो नै खन्नुपरेको थियो । तुरतुरेसम्म गाडी सजिलै गयो । जर्मन परियोजनाको गाडी खैरेनीटारबाट मागेर लगिएको थियो । त्यहाँ काम गर्ने पुर्कोटकै अधिकृतहरू शम्भुलाल श्रेष्ठ, शम्भुकुमार श्रेष्ठ, कृष्णकुमार श्रेष्ठ, शम्भुबहादुर पाण्डे आदिको सहयोग भएको थियो यातायात व्यवस्थापनमा । तुरतुरेमा त कुल्ली नै लगाएर पास गर्नुपऱ्यो त्यो बाटो । खर्च पनि निकै भयो । अनि दुःखसुख पहिलो पल्ट बाइसजँगारमा गाडी पुऱ्याउन सफल भइयो । अब उकालो चढेर जानुपर्ने देखाइयो । जे होस्, गइयो, रहँदाबस्दा सबै समस्या समाधान हुँदै गए । विद्यालय लाभान्वित भयो । त्यति बेला तनहुँको सबभन्दा धेरै विद्यार्थी र शिक्षक हुने विद्यालय यही थियो जहाँ १४-१५ सय विद्यार्थी थिए भने ३३ जनाको शिक्षक परिवार । तीनवटा त शाखा विद्यालय नै थिएः कर्मदा प्रावि, चन्द्रायणी प्रावि र पूर्णिमा प्रावि ।

यी मेरा अनुभवले पनि राष्ट्रिय विकास सेवा नेपालको लागि अत्यन्त उपयोगी शैक्षिक कार्यक्रम थियो । वास्तवमा, यसैको आकर्षणमा नै मैले पनि स्नातकोत्तर अध्ययनमा रुचि र सक्रियता बढाएको थिएँ । जति कोरा शिक्षा प्राप्त गरे पनि समाजको यथार्थबाट टाढा बसेर व्यावहारिक ज्ञानको अभावमा रहने शिक्षित जनशक्तिले देश विकासमा अपेक्षित योगदान गर्न कठिन हुन्छ । त्यसैले यस्ता कार्यक्रमको पुनःमूल्याङ्कन गरी परिमार्जित खाका तयार गरेर लागू गर्न सके नेपालको शैक्षिक विकासमा थप मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ ।

८१. विद्यालयहरूको स्वीकृति : कसरत कति-कति ?

आफूले पढेका विद्यालयहरू के कसरी स्वीकृत भए, त्यो थाहा छैन । तर २०२५ सालमा खुलेको मनोहर प्राथमिक विद्यालयलाई २०३२ सालमा निम्न माध्यमिक विद्यालयमा स्तरोन्नति गर्ने प्रयास गरियो । अस्थायी स्वीकृति ल्याउन नै धेरै कसरत गर्नुपरेको थियो । विद्यार्थी सङ्ख्या पुऱ्याउने दायित्वमा पनि निकै दौडधुप गरियो । अब स्थायी स्वीकृतिका लागि २०३३ सालबाट प्रयास थालियो । विद्यार्थी सङ्ख्या पुगेकै थियो । शिक्षक व्यवस्थापन ठीकै थियो । अभिभावकहरू आवश्यक काम गर्न तयार थिए । विद्यालय भवन बनाउन थालियो । यसका लागि इँट, काठ, ढुङ्गा, माटो, जग्गा, सुरक्षा, चन्दा, भैलो र साँस्कृतिक कार्यक्रमजस्ता आधारशिलाबाट आवश्यक तयारी थालियो । पटक पटक जिल्ला शिक्षा समिति तनहुँ दमौली र क्षेत्रीय शिक्षा निर्देशनालय कास्की पोखराको भ्रमण, भेटघाट, वातावरण निर्माण, आग्रह, दबाब र धर्नाजस्ता गतिविधि गर्नुपरेको थियो । पटक-पटकको प्रयत्नबाट वाक्क भएपछि एक पटक त अमरसिंह गुरुङ खरो उत्रिनु भएको थियो । टोपी फुकालेर टेबुल ठटाएर सो विद्यालय स्थायी स्वीकृत नभएसम्म धर्नामा बस्ने उद्घोषै गर्नुभएको थियो । स्मरणीय छ- अहिलेजस्तो दैनिक तथा भ्रमण भत्ताको कल्पना त्यस बेला थिएन । यातायात, सञ्चार, आवास, खाना र खाजाको खर्चका लागि जति दिन र जति पटक लागे पनि आ-आफ्नै गोजीबाट ब्यहोर्नुपर्थ्यो । कहिलेकाहीँ मनोहर र कालिका माध्यमिक विद्यालयको संयुक्त टोली भएर दुवै विद्यालयका लागि आवश्यक स्थायी स्वीकृतिका लागि प्रयत्न गरियो, प्रतिनिधिमण्डल गएका थियौँ ।

जब म चन्द्रावती माविमा पढ्थेँ र पढाउँथे, त्यस बेला कर्ताहरू अरू नै भएकाले यसको चिन्ता हामीलाई धेरै थिएन । तत्कालीन सञ्चालक समिति र शिक्षकहरूका साथै विशिष्ट व्यक्तिहरू कर्मठ भएर खटेको देखेका थियौँ । विद्यालयप्रति हाम्रो सद्भाव र चन्दा सहयोग भने सदैव रह्यो ।

२०३४ सालमा म कालिका माविमा आएपछि यो क्रम फेरि उस्तै भयो, मनोहर निमाविसमान । साँच्चै भन्ने हो भने कालिकाबाट जति धेरै प्रतिनिधिमण्डलको रूपबाट हाम्रो र मेरो भ्रमण अन्यत्रबाट भएको थिएन । एक त हेडमास्टरकै भूमिका पनि वहन गर्नुपरेको थियो स्थायी स्वीकृति ल्याउन । अस्थायीका लागि त हामी कालिका मावि युवा सहायता समितिको माध्यमबाट दान, अर्थ सङ्कलन, अन्य व्यवस्थापन र विद्यालय मागका लागि पहल गरिरहेका हुन्थ्यौँ । विद्यार्थी-सङ्ख्या पुऱ्याउन यहाँ पनि चुनौती सामना गर्नुपरेको थियो । स्थायी स्वीकृति ल्याउन कहिले सरकारको नीति बदलिन्छ, कहिले शिक्षक र विद्यार्थी हडतालले प्रभाव पार्छ । कहिले सञ्चालक समितिको फेरबदलले प्रभाव पर्छ,

कहिले शिक्षक हेरफेरले । कहिले सकारात्मक वा कहिले नकारात्मक प्रभाव । कालिका माविमा पनि चन्दा लेखन, भैलो सञ्चालन, साँस्कृतिक कार्यक्रम आयोजना, विशेष खेलकुद तथा अन्य कार्यक्रम, अनि विद्यालय भवनमा थप निर्माण आदि कामबाट पूर्वाधार सुदृढ गर्नु थियो । ५० प्रतिशत खर्च विद्यालयको स्थानीय आम्दानी बनाउनुपर्दथ्यो । अभिभावक र विद्यार्थी सबैको माग मिल्नुपर्दथ्यो । व्यवस्थापकीय चुनौती अझ बढी अदृश्य हुन्थ्यो । यी सबैका बाबजुद रजत जयन्ती मनाउने, भारती विशेषाङ्क प्रकाशनजस्ता कामबाट यसमा सकारात्मक विकासको वातावरण बनेको थियो ।

कालिका माविमा यसरी विद्यालय स्वीकृति ल्याउनमा खट्नेहरूमा रामलाल श्रेष्ठ त अधिकांश समय सञ्चालक समितिको अध्यक्ष नै हुनुहुन्थ्यो । सञ्चालक समितिमा रहनुहुने नलबहादुर अधिकारी, खिला शर्मा बगाले, हेकबहादुर थापा, सनकबहादुर थापा आदिको कर्मठता राम्रै थियो । युवा सहायता समितिको अध्यक्षको हैसियतमा लालकाजी श्रेष्ठ, समाजसेवीहरूको तर्फबाट बलराम ढकाल, अभिभावकहरूको तर्फबाट तीर्थबहादुर थापा, गाउँ पञ्चायतको तर्फबाट छत्रराज पाण्डेले भूमिका निर्वाह गर्नुभएको थियो भने तात्कालिक शिक्षकहरूमा इन्द्रसिंह रोकाहा, क्षेत्रलाल श्रेष्ठ, रेशमबहादुर अधिकारी, लीलाराम देवकोटा, नरहरि ढकाल, लालकाजी श्रेष्ठ, कृष्णमान श्रेष्ठ, हरिश्चन्द्र पाण्डे, सरोजकुमार श्रेष्ठ, विकलराज अधिकारी, सुरथप्रसाद शर्मा तिमिल्सिना । यसै गरी अन्य सहयोगी शिक्षकहरूमा मानकुमार श्रेष्ठ, कृष्णलाल श्रेष्ठ, ईश्वरीराज लौडारी, चेतन विमली, तेजबहादुर गोदार, बाबुकृष्ण पाण्डे, लेखबहादुर धौराली, धनबहादुर घर्ती, वीरभक्ति थापा, वीरबहादुर थापा, कमा पाण्डे, आनन्द पाण्डे, भरत अधिकारी, रामचन्द्र घिमिरे आदिको सक्रियताको सम्झना आउँछ । अन्य विभिन्न मित्रहरूले आ–आफ्नो स्थानबाट योगदान गर्नुभएको थियो ।



(मेरा साथमा तत्कालीन शिक्षक साथीहरूमध्ये लेखबहादुर धौराली, लालकाजी श्रेष्ठ, भरत अधिकारी, ईश्वरी लौडारी, कृष्णलाल श्रेष्ठ, रेशमबहादुर अधिकारी, बाबुकृष्ण पाण्डे, विकलराज अधिकारी, नरहरि ढकाल, चेतन विमली र इन्द्रसिंह रोकाहा)

काठमाडौँ, पोखरा, दमौलीमा दर्जनौँ पटक जानुपरेको थियो । काठमाडौँ जानेमा बढी मात्रामा बलराम ढकाल र तीर्थबहादुर थापा अग्रसर हुनुहुन्थ्यो । जे होस्, धेरैले ठूलो कसरत गरियो र सफलता हात पर्‍यो । परिश्रमको फल मीठो हुन्छ भनेको पनि यस्तै होला ।

८२. रक्सी खाने साथीको टहल : पिउने समस्या सधैँ हल

हरेक शुक्रवार नै गुड फ्राइडे (Good Friday) मनाउनेजस्तो चलनै बसिसकेको थियो कालिका माविका शिक्षकसमूहमा । अतिरिक्त क्रियाकलापपछि एकडेढ घण्टा बाँकी रहन्थ्यो । धेरैजसो स्थानीय शिक्षक भएपछि टाढा जानु पनि परेन । सके खसी बोका नै ढाल्न लगायो, नसके कुखुरा त जहाँ पनि पाइने । त्यसमाथि पनि त्यो नेवार गाउँको प्रभाव क्षेत्र नै थियो । मासु चिउरा त सामान्य । आलु मात्रै खानेलाई पनि डुम्रीखर्कको आलु त्यसै प्रसिद्ध । त्यसमाथि कहिले त विशेष कार्यक्रम नै हुन्थ्यो । एउटा न एउटा अवसर प्रायः जुटिहाल्थ्यो । कहिले जन्म दिवस कसैको, कहिले परीक्षा पास गरेको कसैले, कहिले स्वागत त कहिले बिदाइ, कहिले विद्यालयकै विशेष कार्यक्रम त केही नभए सबै मिलेर खर्च ब्यहोरेर पनि कार्यक्रम हुन्थे । २० देखि ३० जनाको समूहमा २० जना जति विद्यालय आएका रहेछन् भने तिनमा १२ देखि १५ जना त अवश्य जुट्थे अरूको विशेष काम परे पनि । कोइराला वा दिव्य गुरुजस्ता साथी कमै जुट्नुहुन्थ्यो । कारण अरू पूजाआजा गराउनुपर्ने पनि हुन सक्थ्यो एकातिर भने अर्कोतिर केही साथीहरू पिउन रुचाउनुहुन्थ्यो जुन उहाँहरूको लागि उपयुक्त थिएन ।

एक पटकको कुरा हो, लालकाजी सरकहाँ बस्ने तय भयो । केही पिउने साथीहरूले छल गरेर ककटेल बनाइदिएछन् । अनि थाहा पाउने वा नपाउने दुवै किसिमले बढी ख्वाउने पनि गरेछन् । फलतः रात नै त्यहीँ बस्नुपर्ने अवस्था सिर्जना भयो । केही साथी आनन्दले सुते, केही विवाद पनि गर्न थाले, कुनै नशामा बर्बराउन थाले, कुनै खाना खाएर आफ्नो धुनमा लागे, कुनै त वाक्क र ब्याक्क गरेर चौपट । म केवल सबै साथीको संरक्षक भएर बस्नुपर्ने अवस्था आयो । बसेँ । निदाउन वा सुत्न पाइएन ।

भोलिपल्ट बिहान ४ बजेसम्म पनि वाक्क र ब्याक्क भएपछि त बरबादै भयो । लालकाजी श्रेष्ठ त्यसै पनि अतिथिहरूको सक्दो रेखदेखमा लाग्नै पर्‍यो । प्रअलगायतको त्यस्तो चालामाला भएपछि कसले के गर्ने ? त्यस्ता शिक्षकबाट विद्यालय तथा समाजले के कति आश गर्ने ? साथीलाई आफैँ लाजमर्दो स्थिति भयो । चाहिँदा-नचाँहिदा कुरा निकाल्ने पनि यस्तै अवस्थामा रहेछ । निहुँ पनि ठूलो नचाहिने । खाँदा, पिउँदा, रमाउँदा, छलफल गर्दा, झगडा गर्दा, बान्ता गर्दा, स्याहार-सम्भार गर्दा, निहुँ खोज्दा, हल्ला गर्दा, रुँदा-कराउँदा, चाहिने-नचाहिने कुरा झिक्दा, सम्झाउँदा र आत्मसमीक्षा गर्दा-गर्दै उज्यालो भयो । सबै तितरबितर हुन थाले । यसैबीच, एक जना साथीलाई नराम्ररी रक्सी लागेर मर्नु न बाँच्नु अवस्था पो सिर्जना भयो । यस्तो अवस्था आएको र स्याहारसम्भार भइरहेको कुरा थोरैलाई मात्र थाहा भयो ।

भोलिपल्ट केही बिसेक भयो । खुसीको कुरा, उनले अब क्षत्रीको छोरो भए पनि रक्सी नछुने प्रण स्वयं गरे । त्यसपछि मैले पनि उनले पिएको देखिनँ र सुनिनँ । त्यो दिन जति नराम्रो भए पनि नतिजा राम्रो आएकोमा खुसी मान्नुपर्‍यो । वास्तवमा आफैँ नपरी कसैले चेत्दैन भनेको साँच्चै रहेछ । धन्य वीर मित्र !

८३. राजीनामाको बेला : शिक्षक, विद्यार्थी, अभिभावक भेला

कालिका माविमा सुरथप्रसाद शर्मा प्रधान अध्यापकको रूपमा पहिला जानुभएको थियो । पछि म सहायक शिक्षककै रूपमा जान बाध्य भएँ जब हेडमास्टरै भएर पठाउन चन्द्रावती माविले पनि विशेष प्रयत्न गरेको रहेछ । अन्य केही सान्दर्भिक व्यक्तिहरूबाट पनि सिफारिस भएको रहेछ । जिल्ला शिक्षा अधिकारीबाट पनि कुरा भएको थियो मसँग । सहायक शिक्षक त त्यहीँ छँदै थिएँ । मैले त्यस्तो प्रस्तावको कुरा सुनेपछि पनि आफू हेडमास्टर भएर जान नचाहने कुरा बताएँ । कारण थियो आफ्नै गाउँको सेवा त मनग्गे गर्न पाइने तर साह्रै दुःख पाइने मनोहर निमावि खोल्दाको अनुभव थियो । खान बस्नको मात्र होइन, समयको ठेगान नहुने । जिउको अर्धनाश । व्यक्तिगत जीवन नै नभएजस्तो । एकोहोरो विद्यालयको रटानमा चुर्लुम्मै डुबिने । आर्थिक मामला चौपटै नभए पनि सुदृढ त हुँदै नहुने । कारण, सबैजसो रकम विद्यालय र स्थानीय विभिन्न कार्यमा चन्दा दिएर, सामाजिक सेवाका गतिविधिमा सहुलियत दिएर, नेतृत्व लिँदै दशतिर धाउँदा, अनिश्चित काममा र व्यक्तिलाई सापटी दिँदा, आफन्तको शुल्क तिरिदिँदा र विद्यार्थीहरूलाई सघाउँदा लगायतका कारणले अरू केही सोच्न र गर्न नपाइने अनुभव पनि मनोहर निमाविबाट भएकाले हेडमास्टर हुने चाहना पटक्कै थिएन ।

जे होस्, कालिका मावि हामी युवा सहायता समितिको माध्यमबाट यहाँकै युवाहरूको सक्रियताबाट खोलिएको थियो । पटक-पटकका भेला सार्थक भए । खास गरी २०३४ सालको दशैँमा नवमीका दिन कालिका माविका पूर्व शिक्षक तथा विद्यार्थीहरूको पुनर्मिलन कार्यक्रमले महत्त्वपूर्ण एकता र आत्म-निर्भरताको सन्देश दियो । लालकाजी श्रेष्ठ जो पहिले पुर्कोट कुँडापानी गाउँ पञ्चायतका इमानदार प्रधानपञ्च र त्यस बेला शिक्षक नै हुनुहुन्थ्यो, उहाँको संयोजकत्वमा सरल, स्पष्ट, निर्भीक तथा उदार सहभागिता र सहयोगको ढोका खुल्यो । देश-विदेशमा रोजगारी भएका स्थानीय सबैले आधा महिनाको तलब दिएर थालेको अभियानले सार्थकता पायो । म आफैँ पनि त्यस समितिमा थिएँ । लालकाजी श्रेष्ठको अध्यक्षतामा जुन समिति गठन भयो, त्यो वास्तवमै सक्रिय थियो र नतिजामुखी साबित भयो ।

२०३४ पुसबाट विद्यालय खुलाइयो, चलाइयो । म पनि फागुन १६ देखि चन्द्रावती माविबाट सरुवा भई आएँ । निर्माणलगायतका काम त्यहाँ पनि त्यसरी नै गर्नु-गराउनुपरेको थियो । पढाउनु त मुख्य काम भइहाल्यो । प्रअ सुरथप्रसाद शर्मा तिमिल्सिना हुनुहुन्थ्यो । हेडमास्टर बाहिरबाट गएको हुनाले कम मात्रै उपस्थित हुनेजस्ता गतिविधिले धेरैजसो काम म आफैँले सम्हाल्नुपर्ने अवस्था थियो । सञ्चालक समितिको अध्यक्षमा रामलाल श्रेष्ठ हुनुहुन्थ्यो । हेडमास्टरलाई जो पायो उसले नियन्त्रण गर्न गाह्रो नै थियो । सुरथजी अरू बेला देवताजस्तो तर बेलाबखतमा रक्सी खाइदिने । त्यस बेला राक्षसजस्तो । विद्यालय खोल्न पनि साँचो नहुने, पियनलाई पिएको ठाउँमा पठाउनुपर्ने जस्ता घटना होऊन् वा सबै

शिक्षकको ३ महिनाको तलब र दशैँ खर्च बुझेर जूवामा हारिदिने, सञ्चय कोषको ९ महिनाको पैसा गायब पारिदिने आदि घटनाले बसिसक्नुभएन । सबै शिक्षक दशैँको बिदापूर्व शिक्षा कार्यालयमा प्रतिनिधिमण्डल जानेदेखि २०३५ असोज १८ गते निजको घर खैरेनीटारनजिक बेलचौतारामा नै पुगेर सम्झाउनेसम्मका काम हामीले गऱ्यौँ । आखिर त्यसको नेतृत्व मैले लिनै पऱ्यो । उहाँलाई सञ्चालक समितिले पनि सम्झाउन नसक्ने वा सञ्चालक समितिलाई उहाँले नटेर्ने । यस अवस्थालाई सुधार्न म र शिक्षक साथीहरूले निकै मिहिनेत गरेका थियौँ तर केही लागेन । आफैलाई पनि लाज लाग्यो । वातावरण बर्सेनि बिग्रँदै थियो । २०३८ सालको पुस लाग्नासाथ स्थायी शिक्षक पदबाट राजीनामा दिने सल्लाह गरेँ । धेरै साथी राजीनामाबाट हच्कनुभयो तर मेरा अन्य कुरामा सहमत हुनुहुन्थ्यो ।

आखिर मेरो धैर्यको सीमा रहेन । मैले राजीनामा दिएँ किनभने त्यस्तो हेडमास्टरको नेतृत्वमा शिक्षक बन्न र भन्न पनि घीन लाग्यो । मेरो नैतिकताले उचित ठहऱ्याएन । मलाई राजीनामा नै दिएर साथ दिने शिक्षकमा अस्थायी शिक्षक बाबुकृष्ण पाण्डे मात्र भए तर सञ्चालक समितिले हाम्रो राजीनामा स्वीकृत गर्न सकेन । बरु शिक्षक, विद्यार्थी र अभिभावकको विशेष भेला बोलायो २०३८ साल माघ २८ गते । विद्यार्थी नेता विक्रम थापालगायत छानिएका विद्यार्थी, उपस्थित अभिभावक र सबै शिक्षक-कर्मचारीसहित सञ्चालक समितिका सामु ठूलो चौरमा गोलो फराकिले घेरामा बसेर करिब ६५-७० जनाबीचको भेलामा घनीभूत विचार-विमर्श भयो । सुरथलाई सबैले आफूलाई आमूल रूपमा सुधार्न एक मतले सुझाव दिएर हामीलाई राजीनामा फिर्ता लिन आग्रह गरियो । सुरथले आफ्नो गल्ती स्वीकारे । अब रक्सी नखाने र त्यस्तो गर्दिनँ भने । आखिर तीनतौली बाचा बँधाएर निजले रक्सी कहिल्यै नखाने शर्तमा हामीले राजीनामा फिर्ता लियौँ । भोलिपल्टदेखि विद्यालय सुचारु भयो । उहाँको आचरणमा पनि आमूल परिवर्तन भयो । एक जना जिम्मेवार मानिसलाई सुधार्न सकेकोमा हामी सबै गौरवान्वित भयौँ । विद्यालय सप्रने भयो, वातावरण सुमधुर र शिक्षालायक बन्ने भयो । सबभन्दा खुसीको कुरा यही थियो । शिक्षक, अभिभावक र विद्यार्थी भेलाले अभूतपूर्व सफलता प्राप्त गरेको अनुभव भयो ।

साँच्चै नै त्यसपछि, विद्यालयमा अभूतपूर्व राम्रो वातावरण सिर्जना भयो । विद्यार्थीलाई कसरी राम्ररी पढाउन सकिन्छ भन्ने कुरामा सबैको विशेष ध्यान जान थाल्यो । विद्यार्थीलाई सहयोगका तरिका- कति थरीका ? शुल्क तिरिदिने, छात्रवृत्ति दिने, पुरस्कार दिने, शैक्षिक भ्रमणमा लाने, धन्यवाद दिने आदि । अभिभावकलाई पनि प्रोत्साहन हुन थाल्यो । विद्यार्थीका बा-आमालाई भेट दिने, निजी वस्तु दिने, सार्वजनिक प्रशंसा गर्ने, विद्यालयमा सम्मान गर्ने आदि । शिक्षकहरूलाई पनि तालिममा पठाइदिने, ग्रेड वृद्धिका प्रयास गर्ने आदि ।

कुनै पनि संस्थामा आबद्ध कार्यकर्ताहरूबीच कुनै समस्या उत्पन्न भए त्यसले संस्थामा नै नकारात्मक र ठूलो दुर्दशा निम्त्याउन सक्छ । त्यसैले यसरी नै विचार-विमर्शबाट त्यस्ता समस्याहरूको हल गर्न सकिन्छ भन्ने वास्तविक उदाहरण र शिक्षा यसबाट लिन सकिन्छ ।

८४. मज्जा र सास्तीका बाबजुद : वीरेन्द्र शील्ड खेलकुद

२०२७/२८ शैक्षिक सत्रमा सुरु भएको नयाँ शिक्षा योजनालाई राष्ट्रिय शिक्षा पद्धतिको योजना भनिन्थ्यो। राजाको निरङ्कुशता र निर्दलीय पञ्चायती व्यवस्थालाई बलियो बनाउन सुरु गरिएको भए पनि राष्ट्रियताको मामलामा यसले राम्रै काम गरेको हो। शिक्षाका अरू पक्ष पनि एक कदम अगाडि बढेकै थिए। खेलकुदमा भने निकै राम्रो विकास योजनाबद्ध भएजस्तो लाग्छ। हरेक वर्ष जिल्लामा खेलकुद प्रतियोगिताको राम्रो कार्यक्रम हुने गर्दथ्यो। यसलाई राजा वीरेन्द्रको नामसँग गाँसेर वीरेन्द्र शील्ड खेलकुद नामकरण गरिएको थियो। २०३३/३४ शैक्षिक सत्रदेखि नियमित रूपमा तनहुँ जिल्लामा पनि यस्तो प्रतियोगिता विद्यालयहरूका बीच प्रारम्भ गरिएको थियो। अतिरिक्त क्रियाकलापको शिक्षाको हैसियतमा हामीलाई ३ हप्ताको प्रशिक्षण दमौलीमा दिइएको थियो मन्त्रालयको योजनामा क्षेत्रीय स्तरबाट। मैले पनि चन्द्रावती माविको शिक्षकको रूपमा त्यसमा भाग लिएको थिएँ र सफलतापूर्वक त्यो प्रयोगात्मक प्रकृतिको कठिन प्रशिक्षण प्राप्त गरेको थिएँ।

विद्यार्थीहरूलाई छनोट गरी लैजान सर्वप्रथम त विद्यालयमा नै त्यस्तो प्रतियोगिता गर्नुपर्दथ्यो। आफ्नो विद्यालयमा त्यो जिम्मेवारी मेरै थियो। छात्र र छात्राहरूको छुट्टै प्रतिस्पर्धा हुन्थ्यो। भलिबल, दौड *(१००, २००,४००, ८०० र १६०० मिटर आदि / रिले दौड पनि त्यस्तै हुन्थ्यो चार-चार जना मिलेर दौडने जस्तै- १०० x ४)* सटपुट अर्थात् छेलो, भाला, हाईजम्प, लङ्ग जम्प, ट्रिप्पल जम्प आदि।

२०३४/३५ शैक्षिक सत्रको अन्तर माध्यमिक वीरेन्द्र शील्ड च्यालेन्ज खेलकुद प्रतियोगितामा चन्द्रावती माविबाट भाग लिन २०३४ साल माघ १३ गते मेरो संरक्षकत्त्वमा २६ जना विद्यार्थी लिएर गएको थिएँ। छात्र र छात्राको प्रतिशत करिब-करिब बराबर नै हुन्थ्यो। हाम्रा विद्यालयका विद्यार्थीले सदा उच्च र सम्मानजनक स्थान प्राप्त गरे। यो नै खुसीको कुरा थियो। यो कुरा चन्द्रावती माविमा मात्र होइन, कालिका माविमा पनि यस्तै भयो।

२०३५ वैशाखदेखि नै तयारी गराइएको थियो। २०३५ कार्तिक २ गते मैले आफ्नो पहिलो बैङ्क खाता नेपाल बैङ्क लिमिटेड दमौली उपशाखामा खोलेको थिएँ। यहाँबाट फर्केपछि कार्तिक, पुस माघमा वीरेन्द्र शील्डका लागि विशेष तयारी गरियो। २०३५ फागुनमा कालिका माविबाट १६ जना विद्यार्थी लिएर वीरेन्द्र शील्डमा सहभागी भएका थियौँ। प्रह्लाद श्रेष्ठ, नानीमाया थापा, महेन्द्र श्रेष्ठलगायतको उत्कृष्ट प्रदर्शनको स्मरण ताजै छ। मेरै संरक्षकत्त्वमा यो टोलीले पहिलोपल्ट सफलता हात पारेको थियो। खेल खेलाउँदा र विजय हात पार्दा मज्जा हुनु स्वाभाविकै थियो। सास्ती पनि कम भने थिएन। अझ असफलता मात्रै प्राप्त भयो भने अर्को चिन्ता। मानसिक र शारीरिक दुवै सास्ती।

२५/२६ जनाको विद्यार्थी समूहलाई ५/६ दिनका लागि शहरबजारमा लगेर राख्नु आफैँ पनि व्यवस्थापकीय चुनौती छँदै थियो । आर्थिक व्यवस्थापन पनि उत्तिकै महत्त्वपूर्ण हुने भइहाल्यो । स्वास्थ्य र सुरक्षाका विषयमा त प्राथमिक ध्यान जानै पर्थ्यो । खेलकुदको तयारी उत्तिकै गराउनुपर्ने, सामाजिक सुसम्बन्ध र अनुशासन कायम राख्नुपर्ने, समयको पालना, खानपिन, सरसफाइ, खेलकुद सामग्रीको व्यवस्थापन सबै नियमित हुनुपर्ने । कतिपय कुरा स्वाभाविक भए पनि सबै विद्यार्थी उस्तै, उत्तिकै सक्षम हुने कुरा पनि भएन । त्यसैले अनुशासनको मामलामा भने बडो चनाखो र होशियारी आवश्यक पर्थ्यो । किशोरावस्थाका दुई दर्जन केटाकेटीहरूलाई हप्तौँ दिनसम्म यात्रा, आवास तथा खेलुकदमा संरक्षकत्व र मार्गदर्शन दिनु आफैँमा चुनौतीपूर्ण महसुस हुन्थ्यो । रमाइलो पनि गर्नै पर्ने । प्रेरणा पनि दिनै पर्ने । सञ्चार र यातायातको साथै आर्थिक व्यवस्थापन स्वाभाविक तवरले नियमित गर्नुपर्दथ्यो ।

यी सबै जिम्मेवारी बोकेर एउटा समूहको निगरानी र व्यवस्थापन जोखिमपूर्ण पनि हुन सक्थ्यो । यसले विद्यार्थीहरूको जीवनमा दूरगामी प्रभाव र मार्गदर्शन हुने भएकाले वीरेन्द्र शील्ड खेलकुद प्रतियोगता एउटा उपयुक्त चाहना र शैक्षिक आवश्यकता दुवै बनेको थियो ।



वीरेन्द्र शील्ड खेलकुदमा भाग लिने चन्द्रावती माविका छात्राहरू



वीरेन्द्र शील्ड खेलकुदमा भाग लिने कालिका माविका छात्राहरू

८५. विद्यार्थीको हडताल : जिन्दगीको बेहाल

यस देशमा विभिन्न हडताल भइरहन्छन् । हडतालकै देश भने पनि हुन्छ । त्यसमध्ये सर्वाधिक बढी हुने हडताल हो विद्यार्थी हडताल । किन यो बढी भएको होला ?

एक त आफ्ना मागहरूको समुचित सम्बोधन भएन भने जो पनि त्यसका विकल्पमा हडतालजस्ता उपाय अवलम्बन गर्न पुग्छ । शायद विद्यार्थीको पनि यही अवस्था होला ।

दोस्रो, आजभोलि हाम्रो जस्तो विकासोन्मुख मुलुकमा राजनीतिक प्रभाव बढी हुन्छ । विद्यार्थीको पनि आफ्नै राजनीति हुने गर्छ । भोलिका राजनीतिज्ञ बन्ने र बनाउने खेलमा फसेपछि हडताल गरेर नेता बन्ने प्रयास हुँदो होला ।

तेस्रो, राजनीतिक दलहरूले विद्यार्थीलाई प्रयोग गरेर आफ्नो स्वार्थ सिद्ध गरेको पनि पाइन्छ । अनि त्यही बहकाउमा पनि हडताल हुन पुग्छ ।

चौथो, यो एउटा बेला पनि रहेछ । यो उमेरमा केही न केही नगरे कहिले गर्ने ? कुनै निहुँ पाएमा विनासोच र आधारविना पनि बरालिने र हडतालको अनुभव गर्ने गराउने गर्दा रहेछन् ।

पाँचौँ, स्थानीय समस्यामा आफ्नो हैकम देखाउन पनि विद्यार्थीहरू हडताल गर्न बेर लगाउँदैनन् भन्ने देखियो ।

छैटौँ हो आधुनिक प्रभाव । आधुनिक यातायात र सञ्चारले मान्छेलाई सहज बनाएको छ । अरूको समस्यामा एकाकार हुने वा अरूलाई चुनौती दिनेजस्ता खेलमा विद्यार्थीहरू पुगे भने हडताल ठूलो कुरै नहुने रहेछ । यो एक किसिमको हावा जस्तो रहेछ भने हुन्छ ।

यस्ता धेरै कारण होलान् तर विद्यार्थीहरूले आफ्नो भविष्यलाई नसोची आवेशमा आएर वा लहैलहैमा पनि हडतालमा उत्रेको देखिन्छ । हो, समस्या विद्यार्थीका पनि होलान् तर साझा समस्यामा विद्यार्थी नै अगुवा बन्नुपर्ने किन ? विकसित देशमा विद्यार्थीहरू आफ्ना काम कर्तव्यमा लाग्छन्, त्यस्ता कुरामा ध्यान दिने फुर्सतै हुँदैन । त्यसैले त्यहाँ हडताल कमै हुन्छ । अर्को कुरा विरोध प्रदर्शन गर्ने तरिका विभिन्न हुन्छन् भने हडताल नै अवलम्बन किन गर्नुपर्ने ? विद्यार्थी जीवन अमूल्य छ भन्ने जान्दाजान्दै पनि सित्तैमा समय खेर फाल्ने, अनाहकमा हडतालजस्ता काममा लाग्ने कुरा कत्तिको ठीक हो भनी हरेक विद्यार्थीले सोच्ने बेला आएको छ ।

एक पटक कालिका माविका विद्यार्थीहरूले २०३६ सालमा यस्तै हडताल गरे। आन्तरिक कुरो खासै नभए पनि बनाउन थाले। यसो नगर भन्दा टेर्ने भएनन्। २०३६ सालको जनमत सङ्ग्रह घोषणाको हावा लागेछ। रमाइलो गर्न पनि मन लाग्यो होला। फुर्सत पनि लिन मन लागेछ। कसैको दशा आएको पत्तै भएन। पढाइ छाडेर गर्मी फाल्ने निहुँमा माथिल्लो कक्षाका विद्यार्थी नारा लगाउँदै झरे बाइसजँगार। हरेक कुरा सिक्नुपर्छ विद्यार्थीले भन्दै भाषणको अभ्यास पनि गरेछन् र मर्स्याङ्दीमा पौडी खेल्न पुगेछन्। हिउँ पग्लेर धमिलो बाढी आएको वैशाख महिनाको भेलले प्रेमबहादुर पाण्डेलाई भुँवरीमा पारिहालेछ। हडतालको नेतृत्त्व गर्नेलाई कसैले बचाउन सकेनछ। खोज्दा कहीँ भेटिएनछ।

पछि पो विद्यालयमा खबर भयो। हेर्ने, खोज्ने र खोज्न लगाउने बाहेक अरू के नै हुन सक्थ्यो र ? ३ दिनसम्मको प्रयासले माझीको जालमा लास फेला पर्‍यो। शोक मनाउनुपर्‍यो। विद्यार्थीहरूले पनि मनाए। हडताल खतम भयो। १८ वर्षको भर्खर नवविवाहितको २०३६ वैशाख १८ मा यस्तो अवस्था भयो। शोक कवितासँगै शोक मनाएर फेरि पनि विद्यालय बन्द गर्नुपरेको थियो। त्यसैले हडताल गर्दा ज्यानको जोखिम वास्ता गर्नुपर्दैन र ? विनाऔचित्य विद्यार्थी हडताल नगर्नु नै बुद्धिमानी होइन र ?

यस्ता हालतले विद्यार्थीको शैक्षिक जीवनमा खेलबाड हुनुहुँदैन। अझ जीवन नै जोखिम हुने गरी हडताल वा त्यस्तै प्रकृतिका जुनसुकै गतिविधिबाट विद्यार्थीको मात्र होइन, देशको भविष्य पनि बर्वाद नहोस् भनेर सोच्नु हरेक विद्यार्थी, शिक्षक तथा जिम्मेवार नागरिकको कर्तव्य नै होइन र ?

८६. शिक्षकहरूको हडताल : गाडी दुर्घटनाले बबाल

कालिका माविमा अध्यापन गर्दाको धेरै समय शिक्षक हडतालले पनि खायो यद्यपि शिक्षक हडताल धेरैजसो विदाको समयअगाडि वा पछाडि पारिन्थ्यो, त्यो बिदा पनि हडतालभित्रै पर्थ्यो । मलाई लाग्छ- यसो गर्नुको रहस्य विद्यार्थीको पढाइलाई कमभन्दा कम नोक्सानी होस् भन्ने राष्ट्रिय शिक्षक सङ्गठनको पनि सोचाइ हो तथापि सबै हडताल एकै अवधिका, एकै प्रकृतिका, एकैनासका, उत्तिकै सहभागिताका र उत्तिकै ओजनदार थिएनन् होला । समय, परिस्थिति, नेतृत्व, समर्थन, सहभागिता र आवश्यकताले केही न केही फरकपन त आउँथ्यो नै । जे होस्, शिक्षकहरू हरेक स्तरमा हक र हितका लागि बराबर सक्रिय थिए भन्न सकिन्छ ।

एक पटक हडतालकै क्रममा दमौलीमा भेला हुने कार्यक्रम थियो । तनहुँ जिल्लाका शिक्षकहरू जहिले पनि अग्रपङ्क्तिमा हुन्थे आन्दोलन र हरेक रचनात्मक काममा पनि । कालिका माविबाट हामी सबैजसो शिक्षक गएका थियौँ । त्यस्तै गरी, धेरै विद्यालयको सहभागिता थियो जिल्लाका । मनोहर निमाविबाट पनि सहभागिता राम्रै थियो शिक्षकहरूको । संयोगवश डुम्रेसम्म सँगै परियो । काठमाडौँबाट आएका बस समात्नुपर्ने । सधैँ भरिभराउ मानिस हुने । ट्रकहरू पनि त्यस्तै । साधन पाउनै गाह्रो । एकपटक २०३६ जेठ २१ गतेदेखि असार ६ सम्म भएको शिक्षक हडतालको बेला यस्तो घटना भएको हो । यस्तै, हडतालहरू पटकपटक भए, गरिए ।

काठमाडौँबाट बसहरू त बरोबर आइरहे तर सबै प्याक भएपछि केही साथीहरू जबर्जस्त चढे पनि । पछि ट्रकहरूमा पनि त्यस्तै भयो । हडतालको बेला डुम्रेमा नै थुप्रो शिक्षकहरू पर्खिरहेका थिए । यत्तिकैमा एउटा ट्रक आयो फेरि । उस्सरी नै भरिपूर्ण मान्छे । त्यसमाथि सामान बोकेर आएको गाडी थियो त्यो । साथीहरू अब त जसरी पनि जानुपर्दछ भन्दै चढे । अब नगए, जानै पर्दैन भन्ने पनि भए । कार्यक्रम छोप्न नसकिने र सवारी सबै यसरी नै टनाटन आउने हुँदा अटाएसम्म जानुपर्छ भन्ने मान्यताले शिक्षकहरू चढे । मलाई त डर लाग्यो । अहिले नै लड्लाजस्तो सवारीमा कसरी चढ्ने । अर्कोमा जाउँला भन्दाभन्दै तिलाराम ढकाल (मामाको छोरा) लगायतका शिक्षकहरू त्यसमा चढे । गाउँकै अर्को मामाको छोरा रामभक्त ढकाल पनि आफ्नो मामाघर जान दमौली हुँदै जानुपर्ने भएकाले त्यही ट्रक समाते । मैले अर्कोमा जाउँला भन्दै डराएर त्यसमा चढ्ने आँट गर्दागर्दै ओलेँ । यो गाडी दुर्घटनामा पर्न सक्छ भन्ने आशङ्का थियो त्यहाँको भीड र गाडीको स्थिति देख्दा ।

जे होस्, गाडी अगाडि बढ्यो । अर्को गाडी अलि होलो थियो पछि आएको, म त्यसैमा चढेँ, बाँकी साथी पनि । विडम्बना भन्नुपर्छ- अगाडिको त्यो ट्रक नभन्दै पल्टेछ

नाहालाभन्दा पर । कस्सो कोही हताहत भएनछन् । तिलाराम र रामभक्त पनि तल गरामा प्याजका बोराले थिचिएका । कोही आफैँ उठे त कोही लडिरहेका देखेपछि हामी गएर उठायौँ । सामान्य घाउचोट मात्र लागेछ । मर्का त धेरैलाई शरीरको धेरै ठाउँमा परेको बुझियो र रामभक्त र तिलाराम पनि सामान्य घाइते भए । त्यो गाडी त आलु प्याजका बोरासहित १० वा १५ फिट तल खेतमा लडेको थियो । मान्छेहरू पनि बोरासरह भए । धन्य, ती बोराले जोगाएको बुझियो । आखिर हाम्रो गाडीमा र अन्य पछि आउने गाडीमा सबै मिलेर जानै पऱ्यो, गयौँ । बढी घाइतेलाई अगाडिका गाडीमा पहिले पठायौँ ।

यसरी, हडतालभन्दा गाडी दुर्घटनाको विषयले प्राथमिकता पायो । शिक्षकहरूको उपचार र व्यवस्थापन बबाल भयो । कार्यक्रममा यही चर्चा । जे होस्, कार्यक्रम सम्पन्न भयो । हामी फेरि सजग भएर आउने भयौँ । पाठ त फेरि पनि सिकियो । त्यसैले भोलिपल्ट मात्र घर फर्कियौँ । गाडीमा ठीक सङ्ख्यामा मानिस र सामान राख्नुपर्दछ, यात्रुको पनि जिम्मेवारी हुन्छ भन्ने मान्यता आजभोलि पहिले नै दिमागमा आइहाल्छ । यो कुरा केवल शिक्षक, विद्यार्थी, मजदुर वा अन्य कसैको हडतालमा मात्र होइन, सार्वजनिक जीवनका हर क्षण विचार गर्नुपर्ने हुन्छ ।

८७. टुपीदेखि पैतालासम्म : चोरी र टुपी दुवै अचम्म

खैरेनीटारका दिव्यरमण अर्याल गुरु पनि कालिका माविमै पढाउनुहुन्थ्यो । हामी शिक्षा कार्यालयमा काम विशेषले दमौली गएका थियौँ । लीलाराम देवकोटा दाजु (सर) पनि हुनुहुन्थ्यो । दाजु बलराम पनि दमौलीमै जानुभएको रहेछ, भेट भयो । एक दिन त जाने, घुम्ने बस्ने गर्दैमा बित्यो । व्यास गुफा, सेती नदी, मादी नदी आदि यहाँका नजिकका भ्रमणस्थल हुन्, भ्रमण गरियो । हामी प्रायः रूपा होटलमा बस्थ्यौँ । त्यस रात भने त्यहाँ बस्न अनुकूल मिलेन र अर्को होटलमा बसियो । त्यही रात चोरी भयो निदाएको बेलामा । लीलाराम सर र दिव्यरमण सरको त सबै कुरा लट्टीपट्टी भएछ । फुकालेर राखेको लुगाहरू सबै लगेछ । कमिज र पाइन्ट सबै लगेपछि भित्री गञ्जी र कट्टुबाहेक केही रहेन उहाँहरूसँग सम्पत्तिको नाममा । कमिजमा राखेको पैसा पनि हुने कुरै भएन कमिजै लगेपछि, सबै खत्तम । शायद बाहिरबाट चोके लगाएर तानेजस्तो बुझियो । झोला पनि छैन । *'बा पनि छैनन्, बाको समाउने पनि छैन'* भन्ने कथाजस्तै भयो । तल नदी भएको भीरमा अनौ समातेर गोरुले तानेर हलो जोत्ने किसानको छोराले बाबु फर्केर नआएपछि खोज्दा बाबु नदेखेपछि भनेको कुरा हो । त्यस्तै लुगा पनि छैन, पैसा पनि छैन उहाँहरूको । त्यति बेला तयारी लुगाको चलन खासै आएको थिएन ।

बिहान मात्र थाहा भयो यो कुरा । उठेर लुगा लगाउन खोज्दा केही छैन । अनि हल्लाखल्ला भयो तर उपाय केही थिएन । झोलाका कागजपत्र पनि छैनन् । केही छैन । जुत्ता, टोपी पनि छैन । अब के गर्ने ? उता दिव्य गुरुको टुपी देखेर हामी त तर्सियौँ । त्यति लामो होला भन्ने थाहा थिएन । टोपीले छोपेकाले थाहा नभएको रहेछ । बेरेर छोप्ने चलन रहेछ । चोरले धोती न टोपी बनाएपछि रहस्योद्घाटन भयो । शिरदेखि पैतलासम्म खुला । टुपी पनि मान्छेबराबर लामो । शिरदेखि पैतालासम्म नै । तत्काल छोप्नै पर्‍यो । एक छिनका लागि साथीहरूका उपलब्ध र मिल्ने लुगा लगाएर पसलसम्म जाने व्यवस्थासम्म मिलाइयो । पहिले त प्रहरीमा नै खबर गरियो । होटलवाला पनि यस्तो कहिल्यै भएको थिएन मात्र भन्दथे ।

यो २०३६/३७ सालतिरकै घटना होला । प्रहरीमा जाहेर गरे पनि केही लागेन, चोर पत्ता लागेन । बाटो खर्च र शहरबजार जाँदा लगाउने लुगा नै चोरियो । अनि, बलराम र लीलारामका सहपाठी वृषराज श्रेष्ठको कपडा पसल छ रे भन्ने सुनेर त्यतै लाग्यौँ । नभन्दै भेट र यथार्थ कुरा भएपछि कपडा किनेर तत्काल त्यहीँ सिलाउने बन्दोबस्त भयो । पैसा पछि तिर्ने कुरा पनि भयो । चिनेको साथी हुनाले काम लाग्यो । कपडा सिलाएर, लाएर बल्ल शिक्षा कार्यालय जान सकियो । यसपछि त्यहाँका विविध काम पनि सकेर

पुर्कोट फर्कियौँ । यो चोरी र त्यो टुपी दुवै अचम्म लाग्यो । चोरको कला गजबै मान्नुपर्छ । उसलाई पनि त अभावले यस्तो कुकर्म सिकायो होला । *'बुभुक्षित किं न करोति पापम् ?'* (भोकाएको मान्छेले के पाप नगर्ला र ?) भन्ने सम्झना आयो । उता दिव्य गुरुको संस्कृति र संस्कृत पढाइको चिनो टुपीको पनि कथा नै भयो । प्रचार भने भयो । उहाँ शायद ३० वर्षको हुनुहुन्थ्यो होला । पालेर राखे ३० वर्षजतिमा टुपी एक मान्छे हुँदो रहेछ भन्ने थाहा भयो । संस्कार र संस्कृतिको धरोहर टुपी ब्राह्मणको त सर्वस्व हो भने यसले तान्त्रिकहरूका लागि अहिलेको एन्टेनाकै काम गर्थ्यो जस्तो लाग्छ ।

यसरी, पुर्कोट भेगमा शिक्षक, विद्यार्थी, सर्वसाधारण सबैका लागि ज्ञान, संस्कृति र शिक्षाको सानो केन्द्रको रूपमा थुप्रै मानिसको भाग्यविधाता बनेको छ कालिका मावि । यहाँका शिक्षक, विद्यार्थी वा अभिभावकहरूले जहाँ जे-जस्ता घटना देखे, भोगे, ती राम्रा वा नराम्रा अनुभव बटुलेर विद्यालयको उन्नतिका लागि सकारात्मक दिशामा सही शिक्षा प्रदान गर्न कालिका मावि र यसमा सम्बद्ध सबैको ध्यान जान थालेको छ ।

पुर्कोट भेगमा शिक्षक, विद्यार्थी सबैको ज्ञान, संस्कृति र शिक्षाको केन्द्र कालिका मावि पुर्कोट, तनहुँ

८८. 'भारती' को प्रकाशन : कट्टर प्रशासन

२०३६ सालदेखि ०३७ साल कालिका माविको रजत जयन्ती वर्ष । २०३६ साल पुसदेखि नै धूमधामले मनाउन थालियो । प्रमुख अतिथिको रूपमा पूर्वमन्त्री तथा तत्कालीन रा.प.स. श्रीभद्र शर्मालाई बोलाइएको थियो । पुस २७ गतेको त्यो वार्षिकोत्सब भव्य रूपले विविध कार्यक्रमका साथ सुसम्पन्न भयो । ३ दिनसम्म विभिन्न कार्यक्रम गरी यसको शुभारम्भ गरिएको थियो । त्यस बेला तनहुँमा १४ वटा मावि थिए जसमा केही माविका प्रतिनिधि यस कार्यक्रममा आयोजित खेलकुद प्रतियोगितामा समेत सहभागी थिए । अन्य छिमेकी विद्यालयहरू पनि यसमा सक्रियतापूर्वक सहभागी थिए ।

अब एउटा पत्रिका पनि निकाल्नुपर्छ यस उपलक्ष्यमा भन्ने निर्णय भयो । रजत जयन्ती सामयिक सङ्कलनको रूपमा निकाल्ने निधो भयो । विभिन्न नाम प्रस्तावित भए पनि अन्तमा *'भारती'* नै स्वीकार गरियो । विद्यालयको प्रारम्भिक नाम, सरस्वतीको पहिलो नाम पनि । शिक्षालयमा यही नै बढी सुहाउने निष्कर्ष भयो । काम अगाडि बढ्यो ।

२०३४ सालमा माध्यमिक विद्यालयको रूपमा स्थापित यस विद्यालयको अहिलेको भवन निमाविकै रूपमा २०२४ साल पुस २७ गते अस्थायी स्वीकृतिको आधारमा स्थापना गरिएकाले त्यही दिनलाई स्थापना दिवस मान्दै आइएको थियो यद्यपि यसको जग भने भारती विकास राष्ट्रिय प्राइमरी स्कूल नै थियो जो असोज १२ मा २०१२ सालमा खुलेको थियो म जन्मेपछि । यसैले नै मेरो प्राथमिक शिक्षाको ज्योति दिएको हो । त्यही विद्यालयमा आफू पढाउँदै खडा भएँ । अझ रजत वर्षमा त प्रधानाध्यापककै जिम्मेवारीमा । २०३६ भदौदेखि का.मु. प्रअ सुरथ तालिममा जानुभएकाले २०३७ मङ्सिरसम्मको दायित्व बोक्नुपरेको थियो । २०३६ पुसको यो अभियान २०३७ मङ्सिरमा नै बल्ल सम्पन्न गरियो । ढिलो हुनुमा कारण प्रशासनिक नै थियो सरकारको वक्र दृष्टि भनौँ ।

शिक्षक बाबुकृष्ण पाण्डेको प्रधान सम्पादकत्वमा सदस्यहरूमा सञ्चालक समितिका अध्यक्ष रामलाल श्रेष्ठ, सञ्चालक समितिकै सदस्य हेकबहादुर थापा, शिक्षक विकलराज अधिकारी र म प्रधानाध्यापकको हैसियतमा ५ जनाको सम्पादक मण्डल बनेको थियो । सम्पादक मण्डलले ३१ वटा लेखरचनासहित रजत जयन्तीको झलक, कालिका माविको प्रगति र सङ्गठनात्मक विवरण भएको पाण्डुलिपि बडो मिहिनेतका साथ तयार गरेको थियो । विद्यालयका सम्बन्धित नातेदारहरूबाट मात्र साहित्यिक कृति सङ्कलन गरिएका थिए, सार्वजनिक विज्ञापनसहित । रजत जयन्तीको उपहार सामग्री यसलाई बनाउने प्रयत्न गरिएको थियो । *'भारती'* पत्रिकाले स्वर्ण जयन्ती देख्न पायो वा पाएन,

थाहा भएन । कविता, कथा, नाटक, निबन्ध आदि विधा यसका सामग्री सामान्य तर मुटु छुने थिए जस्तो लाग्छ ।

'भारती' भित्रको एउटा कथा थियो शिक्षक रामबहादुर अधिकारीको । *'पहराभित्रको टुसा'* कथाले प्रशासनलाई साह्रै छोएछ नकारात्मक रूपमा । आखिर यसका केही हरफमा टालो नहाली छापिएका कृति सार्वजनिक गर्न सकिएन त्यस बेला । रु. ५।५० मूल्यको सो सामयिक सङ्कलनले भने राम्रै प्रभाव पारेको थियो । यसले विद्यालयको इतिहासलाई पनि केही हदसम्म लिपिबद्ध पारेको थियो । ०३५ साल पुस २७ मा विद्यालयको वार्षिकोत्सवका अवसरमा शानदार प्रदर्शन गरिएको नाटक *'अब त्यो जमाना छैन'* ले ज्यादै प्रभाव पारेको थियो शिक्षाका दृष्टिले हामी सबैलाई । नाटक विद्यालयको वार्षिकोत्सव सुहाउँदो र प्रदर्शनयोग्य भयो । शिक्षक, विद्यार्थी, अभिभावक र प्रशासक सबैले स्वागत तथा प्रशंसा गरे । सहभागी, दर्शक र श्रोता बने । धन्यवाद दिइयो त्यसका रचयिता शिक्षक रेशमबहादुर अधिकारीलाई । अनि, सो नाटक यस *'भारती'* मा पनि प्रकाशन गरिएको थियो । तथापि यसमा उल्झन बाँकी नै रहेछ, सहज प्रकाशनमा बाधा किन भएछ कुन्नि !

प्रशासनको वक्र दृष्टि नभएको भए *'भारती'* को दर्शन अझ अगाडि गर्न सकिन्थ्यो होला । तर ढिलो भए पनि राम्रो भयो । अझ प्रशासनकै वक्र दृष्टिको कारण यस पत्रिकाको महत्त्व बढ्यो भन्दा हुन्छ । मान्छेहरूले खोजी-खोजी पढ्न थाले । घटनाबारे सोधखोज गर्ने क्रममा नै प्रचारप्रसार र बिक्री वितरण पनि बढ्यो । धन्य छ तात्कालिक जिल्ला प्रशासनलाई । आज हामी त्यस बेलाको आफ्नै प्रयत्नलाई धन्यवाद नदिइरहन सक्दैनौँ । यसले नै त्यस भेगमा साहित्यको जागरण, शिक्षाको विकास र इतिहासको महत्त्वलाई उजागर गर्न महत्त्वपूर्ण भूमिका ओगटेको महसुस गरिएको छ ।

(कालिका माविको रजत जयन्ती वर्षमा विशेष अङ्कको रूपमा प्रकाशित भारती पत्रिका)

८९. जनस्वास्थ्य पुस्तकालय : किन भयो विलय ?

तत्कालीन वडा स्वास्थ्य समिति, वडा नं. ५ पुर्कोट गाउँ पञ्चायत (गा.पं.) को निर्णयानुसार पुर्कोट महन्ते हटियामा ३०३७ पुसदेखि जनस्वास्थ्य पुस्तकालय खुलेको हो । यसलाई सहयोग गर्ने र यसबाट फाइदा उठाउने आह्वानसहित *'भारती'* पत्रिकामा समेत वडा स्वास्थ्य समिति, वडा नं. ५ पुर्कोट गा.पं. महन्ते हटियाले विज्ञापन छपाइ गरेको थियो । म (पुष्पराज पौडेल) पुस्तकालयाध्यक्ष रहेको प्रारम्भिक समितिले त्यस क्षेत्रमा एउटा शैक्षिक तथा स्वास्थ्य चेतनाको लहर ल्याउन खोजेको थियो । लीलाराम देवकोटा त्यसका उपाध्यक्ष हुनुहुन्थ्यो भने श्रीकान्त शर्मा खतिवडा त्यसका सदस्य सचिव । रामकृष्ण देवकोटा कोषाध्यक्ष रहनुभएको यस समितिले निकै प्रयत्न गरेको हो । यसका सदस्यहरूमा मलाई सम्भना भएसम्म नारायणदत्त ढकाल, तिलाराम ढकाल, श्रीप्रसाद श्रेष्ठ, हरिप्रसाद अम्गाईं गरी ७ जनाको समिति हुनुपर्दछ । बिहान-बिहान चिया खान महन्ते हटियामा जम्मा हुने प्रचलनलाई सामाजिक विकासमा कसरी परिणत गर्न सकिन्छ भन्ने यसको भित्री चाहना थियो । यस अभियानबाट स्थानीय मानिसहरूमा शिक्षा, स्वास्थ्यजस्ता आधारभूत आवश्यकताप्रति विभिन्न दृष्टिकोणबाट योगदान गर्न सकिन्छ भन्ने हाम्रो मान्यता थियो । यस अभियानमा धेरैले सहयोग गर्नुभयो । गाउँ पञ्चायतले जग्गा उपलब्ध गरायो । ईश्वरीप्रसाद अधिकारीजीको सीमा विवाद पनि समाधान भयो । स्थानीय मानिसहरू र वडा समितिको सक्रियतामा मनोहर निमावि तथा शिक्षक विद्यार्थीहरूको उल्लेख्य सहभागिता जुटेको थियो र एउटा भवन पनि तयार भयो ।

विभिन्न व्यक्तिहरूले विभिन्न किसिमले सहयोग गर्न थाल्नुभयो । श्रीप्रसाद श्रेष्ठले एउटा दराज नै उपलब्ध गराउनुभयो । मलगायत समितिमा रहेका र नरहेका मित्रहरूबाट पुस्तकहरू दान दिने काम भए । पुस्तक सङ्कलनको पनि लहर चल्यो । क्षेत्रप्रताप अधिकारी जो पछि शिक्षा सहायकमन्त्री पनि बन्नुभएको थियो, उहाँले पनि थुप्रै पुस्तक उपलब्ध गराइदिनुभयो । काठमाडौँबाट पनि पुस्तक, पत्रपत्रिका सङ्कलन भए । सञ्चालन नियमावली पनि बनाइयो । सदस्यता विस्तार भयो । **गोरखापत्र**को त ग्राहक नै बनियो । एक पटक पाठक प्रतिक्रियामा मेरो प्रतिक्रियात्मक लेख आउँदा निकै हलचल, जागरण र रमाइलो पनि भएको थियो । श्रीकान्तजी भन्नुहुन्छ- "प्रसिद्ध साहित्यकार मोदनाथ 'प्रश्रित' को *'मानव'* महाकाव्य त्यसै पुस्तकालयबाट पढ्न पाएर मलाई ठूलो ज्ञान र प्रेरणा मिल्यो । लाग्छ, यसरी कतिपय पाठकले यसबाट पक्कै लाभ लिन सक्नुभयो ।"

यस पुस्तकालयको स्थापना र विकासमा आवश्यक सहयोग तथा बाधा व्यवधान हटाउनमा तत्कालीन प्रधानपञ्च छत्रराज पाण्डेको भूमिका सराहनीय रह्यो । वडा अध्यक्ष

श्रीप्रसाद श्रेष्ठ पनि सामाजिक कार्यमा जहिले पनि सक्रिय र सहयोगी हुनुहुन्थ्यो। २०४० सालसम्म यसले राम्रै गति लिएको अनुभव हुन्छ। व्यवस्थापन समितिहरू नयाँ गठन हुँदै गए। तिनले पनि केही प्रयत्न जारी राख्दै गए। हरिप्रसाद अम्गाईंजीले जिम्मेवारी लिएको थाहा छ पछिल्लो पटक। सोमराज भट्ट, दयाराम ढकाल आदिको सहभागिता थियो। त्यसपछि किन हो, यसमा ध्यान पुग्न सकेनछ। कतिपय पुस्तक तथा अन्य सामग्री रेखदेखको अभावमा जीर्ण बने, कति धमिरा लागे, थाहा छैन। केही पुस्तक व्यक्तिहरूकै घरमा पनि पुगे भन्ने सुनियो। उहाँहरू पनि पढेर लाभग्राही बनेको भए बेशै भयो होला।

बाँकी पुस्तक तथा अन्य जिम्मेवारी तत्कालीन मनोहर निम्न माध्यमिक विद्यालयलाई दिने सहमति भएको थियो। विद्यालयले यसको संरक्षण र संवर्धन गर्न सकेको अवस्थामा पक्कै उपयोगी भयो होला। त्यो जग्गा, त्यो भवन, त्यो दराज, ती किताब, ती पत्रिकाहरू, अन्य दस्तावेजहरू जे जति हात लागे, त्यसको संरक्षण विद्यालयकै हितमा हुनेछ। विद्यालयको पुस्तकालयकै रूपमा सञ्चालन भए पनि त्यो वडावासी वा स्थानीय सरकार वा स्थानीय मानिसहरूकै लागि हो।

यदि छुट्टै पुस्तकालयको आवश्यकता अहिले पनि महसुस हुन्छ भने स्थानीय निकाय, विद्यालय, स्थानीय शिक्षक, विद्यार्थी, अभिभावक र इच्छुक मानिसहरूको चासो अवश्य देखिने विश्वास गर्न सकिएला। यसको पुनःस्थापना गर्न पुनर्जागरणै हुन्छ भन्ने ठोस आधार भइसकेको त पाइँदैन। त्यसैले, मलाई बेलाबखतमा यो प्रश्न आफैँभित्र उठ्छ– *'त्यस बेला स्थानीय शैक्षिक तथा स्वास्थ्य चेतना अभिवृद्धिको दिशामा जनजागरणको सहकर्मी बन्न लागेको जनस्वास्थ्य पुस्तकालय किन भयो विलय ?'*

९०. शिक्षक सङ्गठनसँगै सती

देशमा नयाँ शिक्षा योजनाको लहर त थियो । यसलाई व्यावसायिक शिक्षामा जोड दिलाउन खोजिएको पनि थियो । चन्द्रावती मावि वा कालिका मावि दुवैमा बागबानीको प्रयोगात्मक विषय देखेर म त प्रभावितै थिएँ तर आमदृष्टिमा राजा र व्यवस्थाकै गुणगान गाउने शिक्षक विद्यार्थी उत्पादनउन्मुख थियो । यही नै त्यस शिक्षापद्धतिको एउटा अनपेक्षित मार्ग थियो । त्यसैले सबै जना अलि स्वतन्त्र अवस्थाको चाहना गर्थे । पेशागत सङ्गठनमा पनि यो देखिन्थ्यो । विद्यार्थीहरूमा पनि यसको चर्कै प्रभाव परेको थियो । २०३६ सालको जनमत सङ्ग्रहको घोषणाले त ज्यादै खुला समाजको चाहना गरेको स्पष्ट हुन्थ्यो । त्यसैले त सुधारसहितको पञ्चायती व्यवस्थाको नारा दिनुपर्‍यो राजाले । बहुदलीय व्यवस्था त मूल विकल्प नै थियो । यस वातावरणमा शिक्षक सङ्गठन पनि खुले । शिक्षक हक हितका लागि अग्रसर भए । यसलाई राजनीतिक रङ्ग लगाएर सरकार कस्न चाहन्थ्यो । व्यावसायिक खेमाकै साथीहरू पनि भिन्न राजनीतिक मुहारमा देखिए । अर्को विचारको बाहुल्य देखेर एक थरी शिक्षकहरू यसमा खासै सहमत भएनन् यद्यपि त्यसको प्रतिफल पाएमा लिन पछि परेनन् ।

पेशागत हक, हित र शिक्षा विकासका सवालमा थुप्रै मागहरू राखेर हडतालहरू भए । व्यक्तिगत दृष्टिले कतिलाई नोक्सानी वा फाइदा भयो होला, राजनीतिक दृष्टिले कतिलाई फाइदा वा बेफाइदा भयो होला । शैक्षिक जगत्लाई यसबाट दीर्घकालीन हित नै भएको पाइन्छ । पेशागत सुधारका दृष्टिले शिक्षकहरूलाई पनि फाइदा भयो । हो, तात्कालिक दृष्टिले शिक्षामा विराम लाग्यो होला अल्पकालीन । हडतालहरू लामै पनि भए । शिक्षक सङ्गठनको आह्वानमा भएका राष्ट्रिय आन्दोलनमा सघाउन पेशागत आबद्धताको नैतिकताले पनि साथ दिनै पर्ने थियो । दिइयो भनौँ हामीले पनि । कहिले बद्रीप्रसाद खतिवडाको नेतृत्वमा त कहिले देवीप्रसाद ओझाको नेतृत्वमा थियो शैक्षिक हडताल राष्ट्रिय स्तरमा । माग पूरा नभएसम्म विद्यालय खोल्न अनुमति थिएन । शिक्षकहरूको पेशागत हक, हित, मान, मर्यादा, स्थायित्व, सुरक्षा, तलब, भत्ता, निवृत्तिभरण, औषधीखर्च, वृत्ति विकासजस्ता विविध पक्षमा माग केन्द्रित थिए । मूलतः पेशागत हिसाबले यसमा शिक्षकवर्ग समाहित भए पनि राजनीतिक आवरण दिन खोजियो । सबै माग पूरा नभए पनि चरणबद्ध यो अभियान जारी भयो ।

एक पटकको कुरा हो, जिल्ला शिक्षा समिति पनि विद्यालय खुलाउन कस्सिएरै लागेछ । शिक्षकहरू हडतालमा विभिन्न स्थानमा विरोधका कार्यक्रम आयोजना गर्दथे । दबाउने वा फुटाउने प्रयास सरकारी स्तरबाट हुन्थे । कालिका मावि यस्ता अभियानमा

जहिले पनि अग्रसर । आफ्नो क्षेत्रमा हडतालको नेतृत्व लिन पनि पछि नपर्ने । कालिका मावि खुल्यो भने अरू पनि खुल्छन् भन्ने प्रशासनको ठम्याइ भएछ । जिल्ला शिक्षा समिति तनहुँको प्रतिनिधिमण्डल सरासर कालिका मावि मा आयो । केवल केही शिक्षकहरू मात्र त्यहाँ भेट गर्न पायो । कुराकानी भयो विद्यालय खुलाउने विषयमा । हरतरहले विद्यालय खोल्नु नै शिक्षक र विद्यार्थीको हितमा छ भन्ने पुष्टि गर्थे शिक्षा समितिका मान्छे । दुर्गा श्रेष्ठको नेतृत्त्वमा २०३८ साल साउन १२ गते त्यहाँ आएको तनहुँ जिल्ला शिक्षा समितिको प्रतिनिधिमण्डलले हर प्रयास नगरेको होइन । प्रतिनिधिमण्डलमा सहायक जिल्ला शिक्षा अधिकारी र माध्यमिक विद्यालय निरीक्षक पनि सम्मिलित थिए । हाम्रो सामान्य जवाफ थियो- हामी सङ्गठनसँग सती गइसकेका छौँ । सङ्गठनलाई मनाउनुहोस्, हामी विद्यालय तत्काल खोल्न सक्छौँ, अन्यथा असम्भव । यस्तो जवाफ सुनेपछि टोली दमौली फर्कियो । फर्किनुअघि सञ्चालक समितिको बैठक राख्न लगाएर अध्यक्षलाई आवश्यक पहल गर्न दबाव दिइएको थियो । यसका साथै १७ साउनसम्म विद्यालय नखोले कारबाही हुन सक्ने म्याद पनि दिइएको थियो ।

आखिर हाम्रो वास्तविक कुरा शिक्षक सङ्गठन र विद्यालयको शिक्षा नै थियो । कुनै कुराले डराउने काम भएन । विद्यालय खुल्ने नदेखेपछि हेडमास्टरको हैसियतमा त्यति बेला मलाई पक्रन पठाइएको थाहा भयो । विकलराज अधिकारीलगायतका शिक्षक साथीहरूले थाहा पाउनासाथ लुकाएर बचाउनुभएको थियो । सुराकी गर्न पठाउनेको पनि कमी थिएन । लुकेर वा खुलेर जसरी पनि त्यसको सामना भयो । साथीहरूको मद्दतले यो सबै सम्भव भयो । नभन्दै हामी शिक्षक सङ्गठनसँग सती गएका थियौँ । पछि सरकारसँग वार्ताको परिणामस्वरूप सङ्गठनकै आह्वानमा विद्यालय खोल्यौँ । खुल्यो विद्यालय । पढाइ नियमित भयो ।

९१. घरमा शिक्षक रखाइ : केटाकेटीको पढाइलेखाइ

जसरी मेरा बा-आमाले मलाई पढाउन घरमा शिक्षक राखेर प्रयत्न गर्नुभयो, त्यसरी नै नभए पनि हामीले केही सिको गरेजस्तो लाग्यो बाबुबाजेको । मलाई कक्षा २ देखि ४ सम्म घरैमा पनि शिक्षक राखेर पढाएको याद छ । त्यसरी नै हाम्रा केटाकेटीका लागि प्रयास त गर्नुपरेन किनभने हामी आफैँ पनि सक्षम थियौँ, भनौँ- एक किसिमले हाम्रो घरको वातावरण नै शिक्षामुखी थियो थोरै भए पनि । जमाना नै अगाडि बढेको थियो भनौँ, केही हदसम्म ।

म भने काठमाडौँमा बसेर बीएलको तेस्रो वर्ष राम्ररी सफल पार्ने उद्देश्यले नेपाल रेडक्रसको रोजगारीमा प्रवेश गरेको थिएँ । विमातृ भाइ बुद्धिसागरलाई पनि २०४१ माघ १६ मा सिद्धिगणेश माविमा भर्ना गराएको थिएँ । अब पहाड घरमा पनि केटाकेटीलाई भरपर्दो मार्गदर्शकको आवश्यकता महसुस हुँदै थियो । २०४२ जेठ १० मा शिक्षाबाट पारङ्गत भएको प्रमाणको दृष्टिले दीक्षान्त समारोहमा भाग लिइयो । पाकिस्तानी शिक्षाविद् महिलाबाट यस समारोहलाई सारगर्भित सम्बोधन भएको थियो ।



दीक्षान्त समारोहमा भाग लिएपछि

२०४२ सालको कार्तिकदेखिको कुरा हो । मेरो सट्टा शिक्षकको रूपमा कालिका माविमा श्री कालिकाप्रसाद पण्डित आउनुभयो चन्द्रावती माविबाट सरुवा भएर । उहाँलाई सट्टा शिक्षकको रूपमा मात्र होइन, घरमा पनि केटाकेटी पढाउन आफ्नै घरमा बस्ने बन्दोबस्त भयो । त्यस बेला उपमा र अनुपमालाई नै मार्गदर्शन गर्नुपर्ने थियो । उपमा ३ कक्षामा हुँदाको कुरा हो । अनुपमा भर्खर पढ्न जाने बेला भएको थियो । शाश्वत त भर्खर ३ वर्ष लागेको मात्र थियो । यसरी उहाँले पनि करिब एक वर्ष केटाकेटीलाई घरमा शिक्षण गरिदिनुभयो । उहाँहरूलाई घरमै खानाको बन्दोबस्त गरिन्थ्यो जसरी मलाई पढाउने गुरुहरूलाई बुबा-आमाले व्यवस्था गर्नुभएको थियो । यही आधारमा मलाईजस्तै मेरा केटाकेटीलाई पनि पढ्न सघाउ भयो भन्ने मेरो विश्वास छ ।

त्यही २०४२ पुसमा ४ कक्षामा उक्लेपछि फागुनको प्रारम्भदेखि छोरी उपमा शर्मालाई काठमाडौँ पढाउने योजना बन्यो । प्रवेश परीक्षा दिनुपर्ने भएकाले बसमा ए,बी,सी

सिकाउँदै भोलिपल्टै सिद्धार्थ वनस्थलीको बाहिरी प्राइभेट खण्डमा जाँच दिँदा उत्तीर्ण भएर दुई महिना पढे पनि व्यावहारिक र पढाइ दुवै कुरामा गाह्रो भयो । त्यसैले २०४३ वैशाख ९ गते कन्यामन्दिर हाईस्कूल क्षेत्रपाटीमा भर्ना गरियो । शिक्षाका यी विविध आयाममा मात्र होइन, एक पटक घोडेजात्रा हेर्न जाँदा भीडमा हराएर अनेक उपायबाट उपमालाई पत्ता लगाएको कहानी छुट्टै र रोचक पनि छ ।

२०४३ सालको प्रारम्भमा घरमा माहिली छोरी अनुपमालाई मार्गदर्शन गर्न हरिप्रसाद प्रेमी (आचार्य) जो मेरा अग्रज मित्र पनि हुनुहुन्थ्यो, उहाँ करिब एक वर्ष हाम्रै घरमा बसेर पढाउनुभयो मनोहर माविमा । त्यस बेला केटाकेटीलाई मार्गदर्शन गरिदिनुहुन्थ्यो ।

यसरी घरमा शिक्षक राखेर पढाएपछि धेरै राम्रो वातावरण बन्दोरहेछ । केटाकेटी केही न केही अवश्य पढ्दा रहेछन् । मैले पनि घरमा बस्दा अरूलाई पढाइदिएको छु । इष्टमित्रका छोराछोरी घरैमा बसेर पढ्ने पनि थिए भने गाउँका आफन्त अरू भाइबहिनी पनि थिए । उनीहरूको एसएलसीका लागि विशेष पढाइदिएको याद छ, त्यो पनि निःशुल्क । म सम्झन्छु, २०३६ साउन महिनामा मसँग एसएलसी टेस्ट परीक्षाका लागि घरमा ट्युशन पढ्नेमा जौमाया पन्त र विभिन्न समयमा विभिन्न तरिकाले पढ्नेमा कृष्णहरि पन्त, तिलाराम ढकाल, तीर्थ बगाले आदिको नाम पनि सम्झना छ । शहरबजारको जस्तो पैसामुखी ट्युशन होइन । अझ लालटिन बालेर आफ्नै घरको तेल हालेर । यसबाट उनीहरूलाई पक्कै केही फाइदा भएको हुनुपर्छ, आत्मबल बढेको हुनुपर्छ, ज्ञान र सीप पनि केही न केही बढेको हुनुपर्दछ । धेरैले यही सहायताले गर्दा सफलता प्राप्त गरेजस्तो लाग्छ ।

एउटा दीक्षित व्यक्ति, विद्यार्थी, शिक्षक, अभिभावक जुनसुकै हैसियतमा भए पनि आफ्ना केटाकेटीको पढाइलेखाइलाई अझ बढी ध्यान दिन जिम्मेवार हुने र अनुभव गरिने रहेछ । चाहे आफैँले सिकाएर होस् वा घरमा शिक्षक राखेर किन नहोस्, सन्ततिप्रतिको दायित्व पूरा गर्न कुनै कसर बाँकी राख्नु हुँदैन भन्ने मान्यता शायद शिक्षा जगत्ले अपेक्षा गरेको कुरा हो ।

९२. निर्दल र बहुदल : जनमत सङ्ग्रहको भल

२०३६ साल वैशाख २ गतेदेखि विद्यार्थी आन्दोलन सुरु भयो । क्याम्पस बन्द भए । हड्ताल चर्क्यो । अस्कल काण्ड, हेटौँडा काण्ड, भरतपुर काण्ड, विराटनगर काण्ड, पोखरा काण्ड र राजविराज काण्ड हुँदै गए । अनिश्चितकालीन आन्दोलन बढ्यो । विशेषतः काठमाडौँमा ठूलो रुप लियो । गोरखापत्र संस्थान, आरएनएसी (शाही नेपाल वायु सेवा निगम) जस्ता ठाउँमा भएको आगलागीले ठूलो क्षति र उग्र रूप लियो । आखिर २०३६ साल जेठ १० गते तत्कालीन राजा वीरेन्द्रले विद्यार्थीहरूकै आन्दोलनलाई मत्थर पार्न जनमत सङ्ग्रहको घोषणा गरे । सुधारसहितको पञ्चायती व्यवस्था कि बहुदलीय व्यवस्था भन्ने रोजाइ जनताले गर्नुपर्ने भयो । यसले राजनीतिक जागरण त ल्यायो तर पूरा देशलाई दुई दलमा जस्तै बाँडिदियो । एउटै घरमा पनि बाबु र छोरा दुई ध्रुवमा उभिनेजस्ता कुरा त सामान्य नै भए । यसले दैनिक जीवनमा नै असर पार्न थाल्यो । शिक्षण संस्थाहरूमा त झन् चर्को । विश्वविद्यालयका विद्यार्थी मात्र होइन, अब त माध्यमिक विद्यालयका विद्यार्थीमा पनि यसको प्रत्यक्ष असर पर्न थाल्यो । शिक्षकहरू पनि यस प्रश्नमा खुला रूपले देखा परे ।

२०३७ साल वैशाख २७ गते जनमत सङ्ग्रह हुने भयो । सुधारसहितको पञ्चायती व्यवस्थाका पक्षधरले पहेँलो रङ्गमा र बहुदलीय व्यवस्थाका पक्षधरले नीलो रङ्गमा मत जाहेर गर्नुपर्ने भयो । तनहुँ जिल्लामा त बहुदलको पक्षमा बढी प्रचार नै देखिन्थ्यो । शिक्षकवर्ग र विद्यार्थी पनि रातारात यस दौडमा हुन्थे । हामीलाई पनि यो राजनीतिले प्रभाव पारेरै छोड्यो । बहुदलीय व्यवस्थाको पक्षमा खुलेरै लागियो । यो काम शिक्षकको हैसियतमा गर्नु उचित थियो वा थिएन भन्ने कुरा इतिहासले बताउला । हाम्रो स्पष्ट धारणा के थियो भने यो अपूर्व अवसरमा शिक्षित मान्छेहरू खुलेर लागेनन् भने आम मानिसको बुझाइ गलत हुनेछ र परिणाम जनविरोधी हुनसक्छ । त्यसैले सयौँ वर्षमा पनि आउन नसक्ने यस्तो पर्व जस्तो घटनामा के शिक्षक, के विद्यार्थी सबैले खुलस्त रूपमा भाग लिनुपर्दछ भन्ने मान्यताले काम गरेको थियो ।

यसैबीच *'जनमत सङ्ग्रह धोका हो, यसलाई बहिष्कार गरौँ'* भन्ने नारा बोकेर एउटा राजनीतिक वृत्त देखा पर्‍यो । तत्कालीन विद्यार्थी नेता लीलामणि पोखरेल यसका एक जना प्रखर वक्ता थिए । पुर्कोटकै बाइसजँगार हुँदै मर्स्याङ्दी पारी धमिलीकुवामा विशाल आमसभा ऐतिहासिक नै थियो । हाम्रो त्यस भेगका शिक्षक, विद्यार्थी र अभिभावकको उल्लेख्य सहभागिता त्यसमा थियो । यसले पनि त्यस भेगमा एउटा तरङ्ग र ठूलो विचार विमर्श अगाडि बढ्यो । अन्ततः, जे भए पनि यो ऐतिहासिक अवसर खेर फाल्नुहुन्न भन्ने मान्यताले बढी प्रश्रय पायो र जनमत सङ्ग्रहमा धेरैले भाग लिए ।

स्थानीय रूपमा जे भए पनि केन्द्रीय स्तरमा तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले वन विनाशदेखि अनेक चालबाजीका उपाय गरेर सुधारसहितको पञ्चायतलाई नै जिताए भन्ने चर्चा चल्यो । जे होस्, राष्ट्रिय चुनाव आयोगका अध्यक्ष भगवतीप्रसाद सिंहबाट जनमत सङ्ग्रहको परिणाम घोषणा भयो । सो परिणामअनुसार २४ लाख जनता सुधारसहितको पञ्चायतमा र २० लाख जनता बहुदलको पक्षमा देखियो । यो परिणाम जे जस्तो भए पनि आधिकारिक थियो र अर्को १० वर्ष देश यसकै दिशामा अगाडि बढ्नेभयो, बढ्यो । स्वीकार्नुपर्ने भयो, स्वीकारियो । यो सही परिणाम भए पनि यसका कारणमा उमेर पुगेका विद्यार्थीहरूको सङ्ख्या न्यून हुनु पनि एउटा हुन सक्ला । आम जनता शिक्षित र साक्षार ज्यादै कम भएको मुलुकमा जनमत सङ्ग्रहको परिणाम जस्तो पनि आउन सक्ने नै भयो । सामान्य जनताले यसलाई सामान्य किसिमले मात्रै विश्लेषण गर्न सक्ने भयो ।

जे होस्, नेपालको इतिहासमा जनमत सङ्ग्रहको अभ्यास पनि भयो, भला यो दिगो नतिजा दिन सक्ने भएन, बरु यसकै आडमा २०४६ सालको आन्दोलन भयो र पुनः बहुदलीय व्यवस्था कायम भयो । सुधारसहितको निर्दलीय पञ्चायती व्यवस्था ढल्यो । जनमत सङ्ग्रह त एउटा भल नै रहेछ, एक दशकका लागि भल छोप्ने काम भयो । २०३७ को जनमत सङ्ग्रहको अब औचित्य समाप्त भयो । २०६२/०६३ को जनआन्दोलनले त जनमत सङ्ग्रहलाई पूरै निमिट्यान्न पारेर इतिहासमा कैद गर्‍यो ।

९३. रेडियो चोरी शङ्कास्पद : यातना विवादास्पद

शायद जिन्दगीमा पहिलोपल्ट क्यासेटसहितको ठूलो रेडियो किनिएको थियो । घर जाँदा लैजाने गरी राखिएको थियो प्रयोगमा । काठमाडौँको भोटेबहालमा डेरा थियो । शिक्षक आन्दोलनका बीच काठमाडौँ आएपछि वर्षे बिदा पनि भयो । बीएल पढ्दा भविष्यमा पनि काम लाग्न सक्छ कानुन पेशा अँगाल्न भनेर मुटकोर्ट सुरु गरियो । अदालती अभ्यासको यस कार्यमा बलराम दाइ पनि संलग्न हुनुभयो । चिमकाजी श्रेष्ठ त झन् सँगै थियौँ, उहाँ साझा प्रकाशनमा काम गर्नुहुन्थ्यो ।

२०३८ सालकै कुरा होला । डेरामा बस्दा करिब एक दशक अगाडिको चोरीको कथा सुनाउनुभएथ्यो चिमकाजी दाइले । उहाँ बागबजारमा डेरा गर्दा चोरले नगद कतै केही कत्ति फेला पारेनछ र तँ हराम रहिछस् भन्दै उल्टो तीन रूपैँया खाजा खा भनेर लेखेर नगदै छोडेर गएको थियो रे । तर यहाँ यसपालि भने रेडियो मात्र लगेछ मेरो नयाँ । दिउसो एक घण्टा बाहिर निस्कँदाको फल । अनि कोठामा आउँदा त ढोका खुलै । हेर्दा सबै थोक दुरुस्त, मात्र रेडियो गायब । अब के गर्ने भनेर जनसेवा प्रहरीमा न्यूरोड गयौँ । त्यहाँ गाउँकै साथी असई पद्मराज जोशी (ओजराज लप्टनको छोरा) जी भएकाले कुरा खुलस्त बतायौँ । सल्लाहअनुसार जाहेरी दरखास्त मैले नै लेखेँ मुटकोर्टमा सिकेे-सिकाएझैँ । अनि जोशीजी केही प्रहरी लिएर आउनुभयो हामीसँगै । केही पत्ता लागेन । तल बस्ने डेरावाल शायद भारतीय थिए, तिनलाई बेसरी यातना दिन पो थाले । शङ्काको भरमा यस्तो नगरौँ भो भन्दा पनि असईले आफ्नो शक्ति प्रदर्शन गरिहाले । तीमध्ये एक जना पनि गलेनन् ।

अनि इन्स्पेक्टर धनबहादुर थापासँग भेट्ने इच्छा थियो । गाउँका मान्छेलाई सम्झने यस्तै बेलामा रहेछ भन्ने लाग्थ्यो । नभन्दै मुटकोर्ट क्लासमा जाँदा कानुन क्याम्पस नजिक संयोगवश पुलिस क्लबको अगाडि भेट भयो । उहाँले मान्छे नपसेको भए कुकुर लगेर अनुसन्धान गर्न सकिन्थ्यो भन्नुभयो । हामीले भित्र पसेर खोजतलास गरिसकेको अवस्थामा अब दसीप्रमाण भेटिँदैन वा मिल्दैन भन्ने अदालती र प्रहरी अनुसन्धानका कुरा भने सिकियो । गाउँलेहरू शक्तिमा हुँदाको यो गन्थन मात्र भयो । आखिर रेडियो चोरिएको चोरियै भयो । मान्छेहरू शङ्कास्पद मात्र भए सधैँ आँखा अगाडि देखिने । माया पनि लाग्ने, शङ्का पनि लाग्ने । यातना साँच्चै नै विवादास्पद रह्यो । यस्तो कसैलाई नहोस्, कसैलाई पनि गर्न नपरोस् । मैले अब धेरै वर्षसम्म रेडियो किनिनँ । तै घरमा बुबाको रे डियो हुनाले काम चल्यो । केही वर्षपछि यो घाउ निको भयो । अर्को किनेँ रेडियो जसले अझै सेवा गरिरहेछ ।

९४. दशैँ भत्ता नदिन : शिक्षकबाट अवकाश किन ?

शिक्षकबाट अवकाश दिनुपर्ने खास कारणै केही थिएन । सरकारको ५० प्रतिशत सहयोग हुन्थ्यो र बाँकी ५० प्रतिशत विद्यालयले आफैँ जुटाउनुपर्थ्यो । सञ्चालक समितिलाई माध्यमिक विद्यालय चलाउन पैसाकै मात्र चिन्ता हुँदो रहेछ क्यारे । कालिका माविमा पनि त्यस्तै अनुभव भयो । दशैँअघि आफ्नो पाकेको विदाबाट कट्टी हुने गरी केही दिन बिदा मागेर काठमाडौँ गएको थिएँ । २०४१ साल भदौ ४ गतेबाट काठमाडौँमा नेपाल रेडक्रस केन्द्रीय कार्यालयमा प्रचार-प्रसार तथा प्रकाशनार्थ प्रशासकीय अधिकृत पदमा नियुक्ति लिएको थिएँ । यो थाहा पाएर अब दशैँमा भत्ता नदिनका लागि सञ्चालक समितिको मत मिलेछ । मलाई त बिदा स्वीकृतिको बदला अवकाशको पत्र पो हात लाग्यो ।

दशैँ भत्ता सरकारले भर्खर व्यवस्था गरेको । त्यो पनि विद्यालयले ५० प्रतिशत ख्वाउनुपर्ने । अनि त सञ्चालक समितिको टाउको दुखाइ भइहाल्यो । राम्रो सल्लाह गरेको भए कुरा मिल्न गाह्रो थिएन । अर्काको अधिकारमा धावा बोलेपछि समस्या हुने नै भयो । मैले साउन भदौको बिदामा गएर ९ र १० कक्षाका विद्यार्थीलाई आफ्नो विषयमा कोर्स पूरा गरिदिएको थिएँ । त्यति मात्र होइन, विद्यार्थी फेल भए भने मेरो जिम्मेवारी हुन्छ भन्ने मेरो उद्घोषलाई सार्थक बनाउन तयार थिएँ । नेपाल रेडक्रसमा त केवल १० महिनाको अस्थायी कामका लागि गएको थिएँ । बी.एल्. को परीक्षा काठमाडौँमा बसेर बाँकी तेस्रो खण्ड परीक्षा प्राइभेटै भए पनि राम्रोसँग पास गर्नेमा आफ्नो ध्याउन्न थियो । यो कुरा बुझ्ने भन्दा दशैँ खर्च टार्ने कुरा ठूलो भयो सञ्चालक समितिलाई । यसमा केही व्यक्तिको नचाहिँदो जिद्दी हो जस्तो सुनियो ।

आखिर अवकाशविरुद्ध पुनरावेदन गर्नुपऱ्यो, गरेँ । यो पुनरावेदन मेरो बीएल अध्ययनको अभ्यासै बन्न गयो । आफैँले लेखेर, टाइप पनि आफैँले गरेर आफैँ गएर गरिएको पुनरावेदन थियो यो । यसअघि एउटा जाहेरी पनि आफैँले गर्नुपरेको थियो रेडियो चोरिँदा मुटकोर्टको क्रममा पनि । यस मुद्दाका लागि मेरो तर्फबाट दाजु बलराम ढकाललाई वारिस दिएको थिएँ । आखिर यस विषयमा एक वर्षपछि मात्र मुद्दाको किनारा लाग्यो र मलाई विद्यालयमा हाजिर हुन जाने आदेश भयो, गएँ । यो केवल आफ्नो सामर्थ्य देखाउने काम मात्र थियो । अन्याय हो भनेर प्रमाणित गर्नु थियो, गरियो । स्थायी जागिरबाट कसैलाई सहजै अवकाश गर्नु छ भने विचारणीय हुने सन्देश यसले दियो जस्तो लाग्छ । मलाई अब जागिरको आवश्यकता थिएन किनभने यसबीचमा म नेपाल रेडक्रसमा स्थायी भइसकेको थिएँ । अर्को वर्ष गएर विद्यालयको हिसाब-किताब लेनदेन मिलाउने काम गरियो र एक डेढ हप्ता पढाएपछि फेरि पहिले झैँ बिदा मागियो । फलतः यसपाला सहजै एक वर्षको बेतलबी बिदा मिल्यो । यही बन्यो दशैँ भत्ता नदिन रचिएको कथा ।

९५. पढाएर फर्कंदाको चाल : असिना र पसिनाको कमाल

कालिका माविमा पढाएर फर्कंदा धेरैजसो बाइसजँगार झर्ने चलन । शुक्रवार त यस्तो कमै हुन्थ्यो । वैशाख जेठका लामा दिनमा अरू वार यस्तो बढी गरिन्थ्यो । कहिले काहीँ त तुरतुरे नै पुगिन्थ्यो । प्रायः नरहरि दाजु, लीलाराम दाजु र म सँगै हुन्थ्यौँ । त्यो दिन के कामले हो म मात्र झरेँ । घरमा केही सामान तुरतुरेबाट किनेर लानुपर्ने थियो । गएँ, सामान किनेँ र आफ्नो बाटो लागेँ । फर्कंदा भने फाउँदी खोलाको किनार हुँदै कमेरेको रहबाट उकालो लाग्नुपर्थ्यो ।

हो, त्यस दिन त्यस्तै भयो । अचानक असिना पानी पर्‍यो । छाताका बाबुको पनि केही लागेन । म एउटा कटुसको रूखको फेदमा ओत लागेँ । बूढो रूखले पनि खासै सुरक्षा दिन सकेन । स्याउला भाँचेर टाउकोमा राखेँ । जसरी पनि असिनाबाट बच्नुपर्छ भनेर हरप्रयत्न गरेँ । रुझेकोमा चिन्ता थिएन । असिनाले लागेर भुतुक्कै नहोइयोस् भन्ने मात्र ध्याउन्न थियो किनभने सबैथोक भिजिसकेको थियो । घरको सामान पनि बिग्रियो । बाटोमा उपयुक्त ठाउँ नभएकाले पनि यो आपत् पर्न गयो । अबेला भइसकेको थियो । धेरै ढिलो गर्न पनि हुने बेला थिएन । आखिर असिना पानी रोकियो, दुःखसाथ बाँच्न पाइयो । यो ठूलो खुसीको कुरा भयो ।

अब, म ढकालटारको छुचीमा रहेको एउटा झुपडी पसलसम्म पुग्न सफल भएँ । अरू गाउँले शिक्षक, विद्यार्थी, अभिभावक पनि भेटेँ । मेरो हालत देखेर सबैले सहयोग गरे । आगोमा सेकाएर ज्यान र लुगा दुवै ठीक पारियो । अरूको त नजिकै घर थियो, मेरो टाढा । रात पर्‍यो । टर्च लिएर हिँड्ने बानी भए पनि ब्याट्रीसमेत भिजेकाले खास काम गरेन । अनि त्यहाँ अर्को जोर ब्याट्री किनेर डराइ–डराइ उकालो लागेँ । घर पुगेँ । लामो सास फेरेँ । तुरतुरेबाट हिंड्दा पसिनाले निथ्रुक्क पारेको थियो, पछि पानीले निथ्रुक्क । असिनाबाट जोगिनु नै ठूलो सफलता रहेछ । मैले पोखरामा लोहोराभन्दा केही साना असिना पनि देखेको थिएँ । रूखहरूका हाँगा, पात, फल, फूल सबै छियाछिया । बाटो नै बन्द । कति गाडी बिग्रे, कति मान्छे घाइते त केही भने मरे पनि ।

पोखरामै अमरसिंह माविमा पढाउँदा स्कूलबाट केही मात्र पर जानासाथ एक्कासि असिना पानी पर्‍यो । नेपालको चेरापुँजी मानिने पोखरा र लुम्लेको सम्झना फेरि ताजा भयो । केही बेरै नलाग्ने पानी र असिना पर्न । मिलिक्क मिल्क्यो, मेघ कराएजस्तो, बादल

लागेजस्तो, माछापुच्छ्रे ढाकिहाल्यो । असिना पानीले के शिक्षक, के विद्यार्थी, के गोठाला, के खेताला, के व्यापारी, के कर्मचारी सबैको बिजोगै बनाउने रहेछ ।

पुर्कोटको असिना-पानीको यस घटना पनि मेरा लागि *'न भूतो, न भविष्यति'* भयो । त्यस दिनदेखि समयमै घर आउने, अबेला आउनुपर्ने कारण भए आवश्यक सुरक्षा पूर्वतयारी गर्नेजस्ता काम नबिर्सिईकन गर्न थालेँ । शायद हामी जुनसुकै पेशा, व्यवसाय मा आबद्ध होऊँ वा सर्वसाधारण नै किन नहोऊँ, सबैले यस्ता कुरामा समयमै ध्यान दिनु नितान्त वाञ्छनीय हुने रहेछ ।

१६. मुटकोर्ट, सेमिनार र इन्टर्नसीप

बीएलको पढाइ थालियो । पहिलो वर्षमा मुटकोर्ट गर्नुपर्दोरहेछ । यस अदालती अभ्यासका लागि निकै खटिनुपर्दो रहेछ । यसबीचमा निकै अन्य व्यवधान त भए नै । सबैलाई चिर्दै वा अनुभव गर्दै यो प्राइभेट थालनी राम्रै अगाडि बढ्यो । २०३९ सालको भदौ महिनामा मुटकोर्टको फाइल बुझाइएको थियो । कालिकामा पढाउनुपर्ने दायित्वका बीच यो पहिलो वर्षको परीक्षा सफल भयो । उता राजनीतिशास्त्रको एमए त सिध्याइसकेको थिएँ सफलताका साथ । यी सबै प्राइभेट अभियान थिए ।

दोस्रो वर्षको सेमिनारमा पनि त्यसरी नै समावेश भएँ । प्रायः कानुन क्याम्पसमा बेलुका सञ्चालन हुने यस्ता कक्षा हामीलाई उपयोगी भए । त्यसमाथि पनि असार-साउनमा हुँदा त विद्यालय बन्द भएकाले खासै बिदा लिनुपर्ने आवश्यकता नै परेन । सेमिनार पेपर तयार भयो, बुझाएँ । विषय थियो- *'पुनर्विवाह र हिन्दू समाजमा यसको औचित्य ।'* अहिले त यसलाई पुस्तककै रूपमा प्रकाशन गर्ने कि भन्ने विचार आएको छ । त्यस बेला दोस्रो खण्डको परीक्षा पनि सफल भयो तर एउटा विषयको परीक्षा पश्चिमाञ्चलको अध्ययन भ्रमणले गर्दा आउँदा-आउँदै दिन सकिएन, छुट्यो ।

अब, त्यससँगै तेस्रो वर्षको परीक्षा राम्ररी उत्तीर्ण गरिहाल्नुपर्दछ भन्ने मान्यताले काठमाडौँ आएँ । नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयमा १० महिने काम गर्दै यसलाई टुङ्गो लगाएँ । *'नेपालमा नाबालकहरूको कानुनी स्थिति'* बारे तेस्रो वर्षको इन्टर्नसीप पेपर बुझाएको थिएँ । वरिष्ठ अधिवक्ता विश्वकान्त मैनाली सरको मार्गदर्शन पाएको थिएँ यसमा स्रोत व्यक्तिको रूपमा । हाल यसको प्रतिलिपि भेटेको छैन, कता हरायो, थाहा छैन । पत्ता लगाएर यो पनि पुस्तकको रूपमा प्रकाशन गर्नुपर्छ भन्ने मान्यतामा छु । व्यवसायमा जानुपूर्व प्रयोगात्मक अभ्यास गर्ने इन्टर्नसीपको पद्धतिको सट्टा पेपर नै बनाउन लगाइएको थियो ।

जे होस्, बीएल पास गरियो राम्रैसँग । प्राइवेट उत्तीर्ण गर्ने ११ जनामध्ये म पनि परेँछु, त्यस वर्ष । नेपालीमा त उच्चतम अङ्क अर्थात् विशिष्ट श्रेणी नै हात लागेछ । पछि मार्कसिट, ट्रान्सक्रिप्ट र अस्थायी प्रमाणपत्र प्राप्त हुनासाथ अधिवक्ताको प्रमाणपत्रका लागि सर्वोच्च अदालतमा बुझाउने काम भयो फाराम आदि भरेर । सर्वोच्चले २०४३ साल असार १५ गते प्रमाणपत्र नं. १५०२ को अधिवक्ताको प्रमाणपत्र पनि प्रदान गऱ्यो । यसरी कानुनी पढाइ र प्रमाणपत्रहरूको व्यवस्था पूरा भयो ।

अब अभ्यास पनि थाल्ने भनेर वरिष्ठ अधिवक्ता मुकुन्द रेग्मीको ल फर्म ठहिँटीमा पुगेँ, एक महिना अभ्यास पनि भयो । दिनभरि रेडक्रसको काम सकेर बेलुका कानुनी

अभ्यास थालेकोमा शरीर र मनको तालमेल हुँदैनथ्यो । त्यसमाथि पनि बाहिर पद्मरत्न तुलाधरको चुनावी भाषण, भित्र त्यो रूखो अभ्यासमा ध्यानै गएन । आखिर दुई महिना पनि नपुग्दै त्यसलाई त्याग्न पुगेँ । अब एकपटक उदय बगाले भान्जा र म भएर ल फर्म नै खोल्ने कि भन्ने विचार र छलफल भयो । खासै अगाडि कार्य रूपमा आउन अझै अनुकूल भएन ।

नेपाल रेडक्रस सोसाइटीको सङ्गठन, व्यवस्थापन र कार्यक्रमका गतिविधिमा आउने कानुनी विषयहरूमा आफ्नो संलग्नता सेवा अवधिभर नै रह्यो । निजी काममा त हुने नै भयो । जाहेरी दरखास्त र पुनर्बहालीको पुनरावेदन मात्र आफैँले तयार र टाइप गरेको मात्र होइन, मुटकोर्ट, सेमिनार र इन्टर्नसीपका कागजात तयार पार्ने र आवश्यकताअनुसार पुस्तकाकारमा टाइप गर्नेसम्मका काम आफैँ सम्पन्न गरेको थिएँ । कुनै दिन यी सबै अप्रकाशित दस्तावेजले परिमार्जित रूपमा सार्वजनिक अनुहार देखाउने अपेक्षा छ । कानुनी क्षेत्रमा त्यसबाट पनि केही शैक्षिक योगदान हुन सक्यो भने राम्रै होला ।

१७. बिदामा पढाएँ : निरन्तर सेवा दिएँ

विद्यालयको होस् वा जुनियर रेडक्रसको काममा जाँदा कतिपय दिन विद्यार्थीको पढाइ छुट्थ्यो । त्यसैले ९ र १० कक्षालाई असार साउनको लामो वर्षे बिदामा पनि कक्षा लिने निधो गरेँ । विद्यार्थीहरू पनि राजी भए । साँच्चै नै झन् आनन्दले पढाइ भयो मैले पढाउने र अन्य केही गाह्रा विषयमा पनि । विद्यार्थीहरूका लागि यो निःशुल्क पढाइएको थियो । विद्यालयको नतिजा पनि राम्रो ल्याउनु त छँदै थियो । आफूले पढाएका विषयमा एसएलसीमा कुनै विद्यार्थी फेल भए आफ्नो जिम्मेवारी हुने घोषणासहित अध्यापन गरिएको थियो । आफ्नो पढाइमा कहीँ कतै र कसैबाट गुनासो नआओस् र आत्मविश्वासपूर्वक शिक्षकको हैसियतमा शिर ठाडो पारेर हिँड्न सकियोस् भन्ने विचार यसमा लुकेको तर छर्लङ्गै थियो । दुई महिना वर्षे बिदामा निजी कृषिको काम छाडेर सित्तैमा पढाउने सबै हुँदैनथे ।

विद्यार्थीहरूलाई नियमित गृहकार्य दिने आफूले पनि घरमा लगेर भने पनि त्यसमा राम्रो सुधार तथा सुझाव दिने बानी नियमित नै थियो । पाठ योजनाको अभ्यास त अभ्यास शिक्षणका बेला ल्याबोरेटोरी मावि कीर्तिपुरमा कक्षा ८ मा पहिलो घन्टी पढाउँदा होस् वा पोखराको अमर सिंह मावि मा पढाउँदादेखि नै बानी परेको थियो । यसको उद्देश्यबारे विद्यार्थीहरूलाई स्पष्ट बुझाएर मद्दत गरेपछि रुचि जाग्दो रहेछ । कतिपय विद्यार्थीहरू जिल्ला र कतिपय त राष्ट्रिय स्तरमै उत्कृष्ट र चर्चित हुनुमा यिनै कारण थिए होलान् जस्तो लाग्छ । उदाहरणको लागि एसएलसी परीक्षामा जिल्ला स्तरमै प्रथम हुने कृष्णप्रसाद ढकाल र छात्राहरूमा जिल्लाभरमै प्रथम हुने नमुना शर्मा भण्डारी हुन् ।

जाँचमा चिट चोर्ने बानी हटोस् भन्ने उद्देश्यले खुला जाँचको अभ्यास पनि गरियो । यसमा प्रश्नपत्र यस्तरी निर्माण गर्नुपर्दथ्यो जसमा उसले चोर्ने आँटै गर्दैन वा चोर्न नै मिल्दैन वा सक्तैन । नितान्त मौलिक तवरले उत्तर दिनु आवश्यक हुने भएपछि अरूको हेर्न वा कहीँ कतै कसैबाट सार्नु त समयको बरबादी मात्र हुन्थ्यो । शायद आजको शिक्षामा यसतर्फ गम्भीरतापूवर्क सोच्नुपर्ने हो जस्तो लाग्छ ।

विद्यार्थीहरूमा सिर्जनात्मक लेखनको विकास होस् भनेर अतिरिक्त क्रियाकलाप त पाठ्यक्रमले निर्दिष्ट गरेअनुसार आयोजना गरिन्थ्यो नै । त्यसबाहेक स्थानीय विद्यालयको अनुकूलता, विद्यार्थीहरूको चाहना र सम्भाव्यता आदिलाई ध्यानमा राखेर नियमित वा बेलाबखत अन्य नौला वा रोचक र उपयोगी कार्यक्रमतर्फ पनि ध्यान जाने गर्दथ्यो । जिल्लास्तरीय कार्यक्रममा सधैँ उत्कृष्टता त्यसै हात लाग्दैन । विद्यार्थीहरू आफैँले खेलकुद वा भवन निर्माण, साहित्यिक वा साँस्कृतिक कार्यक्रम आदिमा सक्रिय भूमिका खेल्ने भएपछि यस्तो सम्भव रहेछ । केवल वातावरण सिर्जना गर्न र प्रेरणा दिन सक्नुपर्दो रहेछ अभिभावक तथा शिक्षक साथै सञ्चालक समिति र अन्य सरोकारवालाहरूले ।

९८. देउरालीमा साँझको बटुवा : तर्साउन बसेछ चितुवा

विद्यालयबाट प्रायः बाइसजँगार झरेपछि घरफर्कने नियमित बाटो हो देउराली । यो लभ्राकको सानो डाँडो हो गौँडेपानीबाट आएको शृङ्खलाजस्तो । लभ्राकबाट त पालुङ्टार हवाई–मैदान खुलस्त देखिन्छ । ओजराज लप्टनले जमानमा विशाल पक्की घर त्यहाँ त्यसै बनाएका होइनन् । आजभोलि पो हवाईजहाज उड्न र गुड्न छाड्यो पालुङ्टारमा । स्थल यातायातका सुधार भएपछि नेपालका कतिपय विमानस्थल वास बसेका छन्, यो पनि त्यस्तैमा पर्दछ । जे होस्, बेसी देउरालीटारमा अहिले भानु नगरपालिकाको वडा नं. ८ को कार्यालय रहेको छ । निर्जला निम्नमाध्यमिक विद्यालय पनि छ । उता बेनी र चेपेको सङ्गम किनारमा ने मुनिको सालिक अनावरण भएको छ । यसको ऐतिहासिक खोज अझ बढ्नु आवश्यक देखिन्छ । यी र यस्ता त्यहाँको वस्तुस्थिति सम्झँदै बाटो हिँडिन्थ्यो । एक दिन साँझ परिसकेछ, देउराली पुग्दा त चितुवा पो भेट भयो ।

चितुवा लभ्राक जाने बाटोमा बसेकाले सम्मुख पर्न पाएन, नत्र बरबाद हुने । म एक्लै थिएँ । नरहरि दाजु पनि त्यो दिन के गरी छुट्नुभयो, थाहा भएन । लीलाराम दाजु त कहिलेकाँही मात्र झर्ने चलन थियो पढाएपछि ४ बजे । चितुवा आनन्दले बसिरहेको उत्तरतर्फ फर्केर गजधम्म । मेरो नजर परेपछि म त झसङ्ग भएँ । आत्तिएर कराउन पनि भएन । बेस्सरी दौडन पनि भएन उसको अगाडि । त्यसैले सास ढक्क फुले पनि देखेको नदेखे झैँ गरी छिटो गन्तव्यमा लम्कँ । उसको नजरबाट टाढा हुनासाथ दौडनै थालेँ । वास्तवमा यो मेरो आफ्नो प्रतिक्रियात्मक पक्ष मात्र थियो । यदि उसले आक्रमण गर्न चाहेको भए सकिहाल्थ्यो । ऊ त आनन्दले बसिरहेको वा आफ्नो बाटो जङ्गलभित्र पसेको हुनुपर्छ । जे होस्, अब म सुरक्षित स्थानजस्तै खुला पल्लो फाँटमा पुगेँ । मुटु ढुकढुकको गति बिस्तारै मत्थर हुँदै आयो । आहाले पुगेपछि त सामान्य ।

सोच्न थालेँ, काठमाडौँ जाँदा पनि एक पटक यसरी नै बाटोमा चितुवा कराएर घुरेर बसेको थियो, घर फर्कँ । पल्याङखोलामा आफ्नै आँखा अगाडि कुकुरको छाउरो लग्यो । आफ्नै घरको ठूलो बूढो भोटे कुकुरलाई पनि मार्‍यो । चिडियाखानामा देखेको अवस्था सम्झेँ । कुन्छामा बाख्रा मारेर गरिएको शिकार सम्झेँ । जे होस्, बाँचियो भन्ठानेँ ।

एउटा मान्छेले भन्थ्यो रे– ***'यदि बाटोमा हिंड्दा अचानक तपाईं बाघभालुसँग जम्काभेट भए के गर्नुहुन्छ ?'*** भन्दा उसले जवाफ दियो रे– ***'मैले के गर्ने, जे गर्ने उसैले गर्दछ'*** भनेर । ठीक त्यस्तै मैले के गर्न सक्ने थिएँ र ? घरमा यो कुरो भन्न पनि डर लाग्यो । बलै नभनी रहन सकिनँ । भोलिपल्ट विद्यालयमा शिक्षक तथा विद्यार्थीलाई पनि सुनाएँ । उहाँहरूलाई त्यो बाटो र साँझमा त्यस्तो जङ्गलको बाटो नहिंड्न सल्लाह दिएँ, हिंड्नै परे साथी लिएर हिंड्ने वा सजग हुने राय दिएको थिएँ । आफू पनि अब त्यसरी अबेर नगर्ने कुरामा वचनबद्ध थिएँ घरदेखि परसम्म ।

९९. चुनावमा स्थानीय राजनीति : शैक्षिक क्षेत्रको के गति ?

चुनाव भनेको एउटा प्रजातान्त्रिक अभ्यास हो । यसमा शङ्का छैन । यो अभ्यास आफैँमा एउटा राजनीति रहेछ । जुनसुकै स्तरको वा जुनसुकै निकायको किन नहोस्, यसले सम्बन्धित मान्छेहरूमा नशा लगाउँदो रहेछ । अझ स्थानीय राजनीति त चर्को पो हुँदो रहेछ । यसले घर-घरमा, साथी-साथीमा, शिक्षक-शिक्षकबीच, विद्यार्थी-विद्यार्थीबीच विवाद वा मेल दुवै सिर्जना गर्न सक्ने खुबी राख्दोरहेछ । शैक्षिक क्षेत्र वा यससँग सम्बन्धित व्यक्ति त झन् यसबाट अलग रहन गाह्रो रहेछ किनभने उसले केही बुझेको हुन्छ, त्यो बुझाइले एउटा दृष्टिकोण बनाएको हुन्छ, निर्वाचनको वातावरणमा देखिने स्वच्छ वा कटु वातावरण त्यो दृष्टिकोणको प्रतिकूल वा अनुकूल ऊ आफूलाई उभ्याउन चाहन्छ पनि ।

स्थानीय निर्वाचनमा यो कुरा पुर्कोटमा पनि स्पष्ट लाग्यो । चाहे त्यो तीनपिप्ले केन्द्रको चुनाव होस्, चाहे कुँडापानी केन्द्रको वा कालिका मावि केन्द्रको । तीनपिप्ले यस्तो अभागी ठाउँ रहेछ जो धेरैले चुनेको ठाउँजस्तो लाग्छ । मिसन अस्पताल राख्न आएका विदेशीलाई ***'गाउँको शोषण गर्छन्'*** भन्ने आधारमा नेता लालसिंह गुरुङले भड्काए रे । फलतः गोरखाको आँपपिपलमा त्यसले स्थान पायो । अनि त्यही पुर्कोटको तीनपिप्ले भेगसमेतका जनताले आँपपिपल धाउनुपर्‍यो उपचारमा । विद्यालयको रूपमा तीनपिप्लेका चौतारा र चौरले सेवा गरे तर त्यहाँ स्थायी विद्यालय खडा हुन सकेन । पछि पुर्कोट र कुँडापानी गाउँ पञ्चायतको कार्यालय कहाँ राख्ने भन्ने विवादमा पनि निर्वाचनको थलो मात्र बन्न सक्यो यो ठाउँ । यी सबैमा शिक्षक विद्यार्थीको सहभागिता र सक्रियता चर्कै थियो । कालिका मावि केन्द्र हुँदा पछिको पुर्कोट (वसन्तपुर अलग गाविस भएपछि) मा राजनीति झनै चर्कियो । यसको त केन्द्र-बिन्दु र मतदान स्थल नै कालिका मावि थियो ।

कालिका माध्यमिक विद्यालयका शिक्षक र पछि सञ्चालक समितिका सदस्य तीर्थबहादुर थापा प्रधानपञ्चमा उठ्ने हुनुभएछ । विद्यालय सञ्चालक समितिका अध्यक्ष रामलाल श्रेष्ठ समर्थक भएर यो अभियान सुरु भएछ तर आत्मीय साथीबाट हामीसँग सल्लाहै नगरी स्थानीय अर्को समूहजस्तो खडा गरी निर्वाचनमा प्रतिस्पर्धा हुने भएछ । यो बुझेपछि हामीले थापाजीसँग यसबारे सल्लाह गर्‍यौँ । उहाँले भने स्थानीय राजनीतिलाई अर्कै प्रकारले बुझ्न थाल्नुभएछ । फलतः हामीले पनि आन्तरिक सल्लाह गरी अर्को उम्मेदवारको रूपमा छत्रराज पाण्डेलाई अगाडि सार्‍यौँ । यति मात्र होइन, खटेर लाग्यौँ । शिक्षकहरू पनि दुई खण्डजस्तै भयौँ । दिनरात नभनी प्रचार-प्रसारमा आफ्नो अमूल्य समय

खर्चे थुप्रै शिक्षक, विद्यार्थीले । एक न एकतिर आफ्नो समर्थन सक्रिय तवरले जनाए । आखिर हाम्रो प्रयास सफल भयो । पुरातनवादीको सोचले अगाडि बढाएको समूहका अगाडि नयाँ सोचको रूपमा अगाडि सारिएको भनिएको समूहले स्थानीय राजनीतिमा पकड जमायो ।

यसबाट स्थानीय तहमा राजनीतिले शिक्षक र विद्यार्थीमा कस्तो प्रभाव पार्दो रहेछ भन्ने अवगत हुन्छ । यस्तो हुनुपर्छ भन्ने यसको आशय होइन, यस्तो पनि हुन सक्छ भनेर शैक्षिक क्षेत्रलाई स्थानीय राजनीतिबाट धेरै प्रभावित नहुने वातावरण सिर्जना गर्नु वाञ्छनीय लाग्छ । मेरो विचारमा, त्यस वर्ष कालिका मावि मात्र होइन, त्यस गाविसका सबै विद्यालय, शिक्षक र कतिपय विद्यार्थीको यही चुनावी वातावरणमा ध्यान भयो । विद्यालयको शैक्षिक अवस्था कस्तो भयो होला ? अव्यवस्था, असहयोग, आशङ्का र विवाद । यसलाई यथास्थानमा ल्याउन शायद कम्तीमा अर्को ४ वर्षको चुनाव कुर्नुपरेको थियो ।



तत्कालीन केही विद्यार्थीहरू चन्द्रकला, सीताराम, भरत, मीन, ब्रह्म, दयाराम, गणेश, गोविन्द, बुद्धि र सरस्वती

१००. विद्यालय कि रेडक्रस ?

मेरो जीवनमा एक क्षण यस्तो आयो जसमा विकल्प रोज्न विचार-विमर्श गर्नुपऱ्यो । २०४३ साल भदौ-असोजमा भएको कुरा हो । आफ्नो परिस्थितिबारे गहन चिन्तनबाट निष्कर्ष प्राप्त गरी आजको बाटोमा आइपुगेको हुँ । यसबारे केही प्रश्न मनमा उठे:

क) जीवनको लक्ष्य के हो ?

ख) उक्त लक्ष्य प्राप्तिको मार्ग के हो ?

यी दुई प्रश्नबारे गौड गरेर विचार गर्नु पहिलो पाइलो ठानेँ ।

जीवन अथाह छ, अस्थायी छ तर जीवन्त जीवन बाँच्ने सबैको चाहना हुन्छ । त्यस्तो जीवन कसरी बाँच्न सकिन्छ त ? जीवनको लक्ष्यको आधारमा मात्र यो निर्क्यौल गर्न सहज हुन्छ । जीवनको लक्ष्य सुख, शान्ति र समृद्धि प्राप्त नै हो । यो मानसिक, शारीरिक, भौतिक र आध्यात्मिक उपलब्धि र अवस्थामा भर पर्दछ । व्यक्तिको सोच, वातावरण र परिस्थतिले यसको लागि बाटो देखाइरहेको हुन्छ । मेरो अवस्थालाई विश्लेषण गर्दा सामाजिक प्रतिष्ठा नै मेरो अभीष्ट हुनुपर्छ र हुन सक्छ भन्ने मेरो धारणा बनेको छ । व्यावसायिक विकासबाटै सामाजिक जीवनलाई बढाउनु मेरो अठोट रह्यो ।

वास्तवमा, मानिस सामाजिक प्राणी हो तथापि जसरी पनि सुखले जिउनुपर्छ भन्ने चार्वाकीय सिद्धान्त अवलम्बन गर्ने पनि सोच मानिसमा पलाउन सक्छ । मैले आफ्नो सादगी जीवनबाटै सरल र सत्यको पथबाटै इमान्दार भएर लक्ष्य प्राप्त गर्न सकिने विश्वास गरेँ । आउने बाधा-व्यवधानलाई आवश्यक परे सङ्घर्ष गर्दै अगाडि बढ्ने आत्मविश्वासपूर्ण स्वाभिमानी जीवन बिताउने निश्चय गरेँ । यसरी चल्ने हो भने जीवन निर्वाहका लागि पैसा कमाउने मात्र होइन सुख, सन्तोष र शान्तिको सास घर बसी-बसी फेर्न सकिन्छ । हो, व्यक्तिगत लाभलाई अगाडि राख्दा मात्र आमा, बा, श्रीमती र केटाकेटीको चित्त बुझ्न सक्ला ।

मान्छेको अस्तित्व र महत्त्व आफू नहुनुमा छ । विशेष परिस्थिति र आमाबाको कडा निर्देशन भयो भने त यसमा फेर-बदल हुनु कुनै आश्चर्य नहोला र किनभने मान्छे परिस्थितिको दास हुन्छ नै । जे होस्, जीवन सङ्घर्षमय छ । त्यसैले साँघुरो घेरामा बस्नुभन्दा फराकिलो क्षितिजलाई हेर्दा आइपर्ने चुनौतीसँग सङ्घर्ष गर्नु बुद्धिमानी ठानेँ । राष्ट्रिय चरित्र निर्माण गर्ने अवसरका लागि राष्ट्रिय महत्त्वको स्थान र पेशा अँगाल्नुपर्छ

भन्ने मेरो मान्यता रह्यो । हो, यसबाट सुखद अवस्थाको स्थायी पेशा, घरपरिवारको आनन्दमा अल्पकालीन आघात पनि हुन सक्छ । आर्थिक क्षति पनि ब्यहोर्नुपर्ने हुन सक्ला ।

ती सबैका बदला मैले आफ्नो सोचलाई अगाडि बढाएँ । यस अर्थमा माध्यमिक विद्यालयको स्थायी शिक्षक जो घरपायकमा काम गर्दछ, उसलाई तिलाञ्जली दिएर सामाजिक सेवाकै अर्को पाटो जँ हेनरी ड्यूनाको *'सल्फेरिनोको सम्झना'* कृति, रेडक्रस अभियानका दस्तावेज, नेपाल रेडक्रस तथा नेपाल जुनियर रेडक्रसका पुस्तक पढेर तिनका सिद्धान्तहरूबाट प्रभावित हुँदै गएँ र ती बाटोतिर लाग्ने अठोट गरेँ । यसको लागि पूर्वाधार विद्यालयबाटै बनाउन थालेको थिएँ, नजानिँदो तवरले । यसै हुन्छु र गर्छु भन्ने पक्कापक्की त थिएन नै । त्यसैले नेपाल रेडक्रसमा सेवा गर्ने ढोका खुल्यो । अनि विद्यालयको सञ्चालक समितिको धोकाले यसलाई मलजल गर्‍यो र द्विविधाका बीचमा नेपाल रेडक्रसलाई रोजेँ । एक पटक पुनः सोच्ने मौका आएको थियो जब शिक्षकमा पुनर्बहालीपछि केही दिन पढाएँ । सञ्चालक समितिको सल्लाहअनुसार सट्टा शिक्षक राखेर एक वर्ष बेतलबी बिदा पनि पाएँ । इतिहासमा धोका पाइसकेको हुँदा पुनः धोका भए के गर्ने भन्ने तर्क त आइहाल्थ्यो । यसका सट्टा द्विविधामा परेर रेडक्रसबाट पनि राजीनामा गर्न पुगेको थिएँ तथापि रेडक्रस केन्द्रले मलाई कसैगरी छोड्न चाहेन, विदा स्वीकृत गरेन । फलतः म पनि फेरि रेडक्रसमै टाँसिएर रहेँ, दुवैतिर राजीनामा गरेको भए पनि ।

यस सोचाइको मतलब ग्रामीण विकासलाई भुल्ने मेरो मनसाय होइन । त्यो गाउँ जहाँ आफ्नो जीवन देखा पर्‍यो, जहाँ आफ्नो तीसौँ वर्षको सम्बन्ध बनिसकेको छ, जसले हुर्काउने, बढाउने, ख्वाउने, पढाउने, रमाउने सबै भूमिका सफलतापूर्वक सम्पन्न गरेको छ, उसलाई भुल्न सकिने कुरै भएन । बरु केन्द्रीय स्तरको समाज सेवा जसले अन्तर्राष्ट्रिय चरित्र पनि बोकेको छ भने आफ्नो मात्र होइन, देशका असङ्ख्य गाउँ शहर तथा अन्तर्राष्ट्रिय स्तरमा योगदान गर्न सकिने देखेँ । त्यसैले पद, पैसा र प्रतिष्ठालाई क्षणिक रूपमा हेर्नुभन्दा दीर्घकालीन उद्देश्य र लक्ष्यलाई नै प्राथमिकता दिने मेरो अन्तिम निष्कर्ष भयो । मेरो सही विकल्प यही ठानेँ र रोजेँ नेपाल रेडक्रस केन्द्रीय कार्यालयको माध्यमबाट सेवा गर्ने बाटो ।

१०१. त्रि.वि.मा घुसपैठ किन ? नेपालीमा एमए हुन

नेपाल रेडक्रसमा काम गर्दा अब नेपाली विषयमा एमएका लागि पनि प्राइभेट पढ्ने विचार आयो । वासुदेव त्रिपाठीको पीएचडीको अध्ययनबाट प्रभावित थिएँ । बिहान कक्षा हुँदो रहेछ त्रिवि कीर्तिपुरमा । भान्जा उदयनाथ बगाले नियमित पढ्न जानुहुन्थ्यो । उहाँ र उहाँका भाइ वैकुण्ठसँग पनि सल्लाह भयो । मैले पनि जुक्ति निकालेँ । रेडक्रसका अग्रज र साथीहरूसँग पनि सामान्य सल्लाह भयो । बिहान उदयजीसँगै जाने, उहाँसँगै कक्षामा बस्ने, पढ्ने र अफिस आउन सक्ने गरी क्याफ्टेरियामा खाना खाएर फर्कने । यस अभ्यासले मलाई निकै मद्दत गऱ्यो । आफैँ मात्र पढे पनि पास त गरिन्थ्यो होला । यसबाट जति बढी खुला ज्ञान र आत्मबल बढ्यो, त्यो हुने थिएन होला । यसैँ गरेँ । कति समय यसरी फाइदा लिन सकेँ, थाहा भएन । ज्ञान प्राप्त गर्नु चोरी हुँदैन भनेको सुनेको थिएँ र त्यसै गर्न पुगेँ । पछि त नियमित विद्यार्थीजस्तै व्यवहार हुन थाल्यो त्यहाँ । कति जना नियमित भए पनि पढ्न जान नभ्याउने वा जान नसक्ने वा नजाने अवस्थामा त्यसको खाली ठाउँ भरेजस्तो आभास हुन्थ्यो । बस्ने ठाउँ र सङ्ख्यात्मक वा अन्य अप्ठ्यारो कहीँ कतै कसैले कहिल्यै गरेको महसुस भएन । आखिर तीन वर्षको यस तहको लिखित परीक्षा पनि सफलतापूर्वक पास गरेँ । अब, भिलेज प्रोफाइल अर्थात् गाउँको पार्श्व-चित्र तयार पार्नु थियो ।

मैले पुर्कोटकै शैक्षिक पार्श्वचित्र पहिले तयार गरिसकेको थिएँ राजनीति शास्त्रमा एमए गर्दा । त्यसैले पुर्कोटकै स्वाथ्य क्षेत्रको पार्श्वचित्र बनाउने काम रोजेँ यसपालि । यो बनाउन मलाई कम मिहिनेत र कम छुट्टी भए हुन्थ्यो, धेरै पूर्वाधार आफैँसँग थियो, गरेँ पूरा त्यसरी नै । शिक्षाको पार्श्वचित्र बनाउँदा गाउँमा नै अध्यापनरत रहेकाले साँच्चै नै विस्तृत स्थलगत अध्ययन गर्न सकेको थिएँ । यसपाला कम हुनु स्वाभाविकै थियो किनभने म काठमाडौँमा नेपाल रेडक्रसमा आबद्ध थिएँ, विद्यालय छाडिसकेको थिएँ । यसरी पार्श्वचित्र बनाउन तीन महिनाको मात्र होइन, वर्ष दिनको सोच थियो । म त राष्ट्रिय विकास सेवामा जान पाइन्छ, सकिन्छ भनेर एमए पढ्न थालेको मान्छे । राविसेको स्थगनले मेरो यात्रामा पनि केही पूर्णविराम लाग्ला भन्ने चिन्ता बढ्यो । पीएचडीको सपना त त्यसै तुहियो नै । जे होस्, ती पार्श्वचित्रलाई पनि कुनै दिन पुस्तकाकारमा प्रकाशन गर्न सकिने विश्वास भने कायमै रह्यो ।

आखिर २०४६ सालमा नेपाली विषयमा पनि एमएको प्रमाणपत्र हात लाग्यो । पुर्कोटको शैक्षिक र स्वास्थ्यको पार्श्व-चित्रले गाविसलाई पनि मद्दत गऱ्यो होला । वास्तवमा, दुवै पार्श्व-चित्र त्रिविका अतिरिक्त उक्त गाविसलाई पनि बुझाएको थिएँ । त्यस बेलाका प्रधानपञ्च छत्रराज पाण्डे र खिला शर्मा बगाले हुनुहुन्थ्यो । उहाँहरूसँगको सहकार्य र सहयोग अध्ययन र अध्यापन दुवै मौकामा उपयोगी महसुस भयो । गाउँ पनि पक्कै लाभान्वित भयो ।

१०२. छोराछोरी, नातिनातिना : पढाइको कुरा झिनामसिना

तीन छोरी र एक छोरा छन् हाम्रा । ४ नाति र २ नातिनी पनि छन् तिनबाट । छोराछोरी सबै उच्च शिक्षा आर्जन गरेका छन् । तिनको पढाइका लागि नै परिवारको प्रमुख ध्यान रह्यो । अहिले ठूली छोरी जो ४ कक्षादेखि काठमाडौँमा पढिन्, उनी क्यानाडाको क्यालगरीमा ज्वाइँ वरिष्ठ ई. सुरेन्द्र मिश्र, नाति सन्दिप र सबलसँगै बस्छिन् । ती नातिहरूलाई स्कूलमा भेट्न, पठाउन र लिन धेरै पटक हामी हजुरबा-हजुरआमाहरू पनि पुगेका छौँ क्यानाडा गएर बसेको बेला । ज्वाइँ छोरीले छोराहरूको चाहनाअनुसार पहिलेको घर बेचेर अर्को ठाउँमा नयाँ घर किन्नुभएछ किनभने त्यहाँको पद्धतिअनुसार तोकिएका आवासक्षेत्रका लागि तोकिएको स्कूल हुन्छ । त्यसैले, त्यसभन्दा राम्रो लाग्ने विद्यालय रोज्ने हो भने त्यसै क्षेत्रमा आवास हुनुपर्ने रहेछ ।

अमेरिकाको कोलोराडोमा बसेर व्यवसाय गर्दै माहिली छोरी अनुपमा शर्मा र ज्वाइँ कृष्णप्रसाद अधिकारीले पनि केटाकेटीका लागि विशेष ध्यान दिएको पाइन्छ । फलतः नातिनी मारिया अधिकारीले त अङ्ग्रेजीमा एउटा कविता सङ्ग्रह नै प्रकाशित गरिसकिन् । नर्सरीमा आफैँले बाफलमै राखेर पढाएको र आजभोलि कविता राम्रो लेख्ने प्रतिभा देखेर हामी अमेरिका गएको बेला मार्गदर्शन गरिदिएका थियौँ । त्यसैबाट प्रेरणा पाएर अरोरा, कोलोराडोका विद्यालयको शिक्षकबाट जाँच गराएर सुधार गरी नेपाल आएको बेलामा हेड्स नेपालले त्यो कविता सङ्ग्रह प्रकाशन गरिदियो । ***'धरती माताको काखमा'*** (On the Lap of Mother Earth) नामक त्यो कविता सङ्ग्रह १० वर्षकी बालिकाबाट प्रकाशन हुनु आफैँमा महत्त्वपूर्ण उपलब्धि भएको छ । रेडियो नेपालको बाल कार्यक्रममा उनको कविता वाचन भएको थियो, टेलिभिजनमा पनि देख्न, हेर्न र सुन्न पाइएको थियो । शायद यस्तो अङ्ग्रेजी पुस्तकाकारको कृति त्यस उमेरमा चार र पाँच कक्षाका विद्यार्थीबाट लेखिएका छैनन्, विश्वमा भए पनि नेपालमा त छैनन् नै । अब उनी अर्को पुस्तक लेख्ने योजनामा छन् शायद निबन्धको । नाति (मारियाको भाइ) मिरल (Merrill) भने भरखर प्रि-स्कूल पढ्न जाने बेला भएको छ ।

छोरा शाश्वत पौडेल (कम्प्युटर इन्जिनियर) र बुहारी अन्जु (बी.एस.सी. नर्सिङ) आफैँ पनि पढ्दै थिए । छोरा नेपालको पढाइपछि निजी खर्चमा अमेरिका पढ्न जाँदा पनि आर्थिक र अन्य सरसल्लाह दिने गरिन्थ्यो । अहिले क्यानाडाको क्यालगरीमा कार्यरत छन् जसबाट भर्खर एउटी नातिनी यमा (Emma) जन्मेकी छन् ।

कान्छी छोरी आकाङ्क्षा अहिले कोलोराडोमा छिन् । नेपालको पढाइ र अनुभवले मात्र नपुगेर भर्खर पढाइ सकेकी छिन् त्यहाँ गएर पनि । पढाइअनुसारको काम प्रारम्भ

भएको छ त्यहाँ पनि । ज्वाइँ दिनेशसँगै नाति दिआस पनि छ । दिआस नजिकैको स्कूलमा भर्खर पढ्न जान थालेको छ किन्डरगार्टेनमा ।

यसरी छोराछोरी र नातिनातिनाको लागि उनीहरू यहाँ आफू जन्मेको पुर्कोटस्थित घरगाउँमा वा काठमाडौँमा बस्दा विभिन्न विद्यालय र कलेजमा पढाएका आफ्नै कथाहरू छन् । अब त, हामी नेपाल बसे पनि वा त्यहाँ भेट्न गए पनि वा उनीहरू यहाँ आउँदा तिनको पढाइलाई मार्गदर्शन गर्नु हाम्रो नियमित ध्यान बनेको छ । लाग्छ, सबै बाबुआमा वा अभिभावकले आफ्ना छोराछोरी र नातिनातिना आदिको शिक्षामा यस्तै र अझ यसभन्दा बढी ध्यान दिन सके भविष्यमा विश्वमा शिक्षित सन्ततिहरूले आफू र आफ्नो परिवारका साथै सुन्दर संसार निर्माण गर्न अझ बढी योगदान गर्न सक्ने थिए होलान् ।

बा-आमाहरूका साथ आफ्ना केटाकेटीको जन्मघर पुर्कोटमा

१०३. रचना छोराको : तस्विर छोरीको

मेरो छोरा शाश्वत र कान्छी छोरी आकाङ्क्षा एकताका एउटै विद्यालयमा पढ्थे, काठमाडौँको बाफलस्थित गौरीशङ्कर हाईस्कूलमा । ठूली छोरी उपमा शर्मा पनि त्यहीँ पढाउँथिन् । प्रिन्सिपल राजेन्द्र शाक्य हुनुहुन्थ्यो । छोरा शाश्वतले यही विद्यालयबाट एसएलसी गरेको हो । त्यस वर्ष ८ कक्षामा पढ्दै थियो । विद्यालयले २०५४ सालको विजया दशमीको अवसरमा अर्धवार्षिक प्रकाशनको रूपमा सोलिलक्यू अनलाइन मेगाजिन (SOLILOQUY ONLINE Magazine) निकाल्ने भएछ । यस आत्म-संवादका लागि शिक्षक, विद्यार्थी र अभिभावकसँग लेखरचना र फोटो मागेको रहेछ ।

विद्यालयले रचना माग्ने आफ्नो दायित्व पूरा गरे पनि रचना व्यवस्थापनमा तलको माथि परेछ । उपमाको लेख अङ्ग्रेजीमा थियो स्कूलमा प्राथमिक उपचार (FIRST AID IN THE SCHOOL) । स्पेशल अङ्ग्रेजी विषय पढेको आधारमा अङ्ग्रेजीमा लेखिनु राम्रो थियो । अझ बोर्डिङ स्कूलमा त त्यसै पनि अङ्ग्रेजीलाई नै प्राथमिकता भइहाल्छ । त्यसमाथि यो लेख विद्यार्थीका लागि व्यावहारिक ज्ञानतर्फ प्रेरित गर्ने विषयमा लेखिएकाले यसको महत्त्व बढी नै थियो । सामान्य टाइपिङमा गल्तीबाहेक ठूलो गल्ती महसुस भएन ।

स्मरणीय छ, विद्यालयले मेरो पनि रचना मागेको थियो अभिभावकका तर्फबाट । त्यसमा अभिभावकहरूमध्येबाट मेरो लेख पनि छापिएको थियो पहिलो पृष्ठमा नै । ***'अभिभावकहरू के चाहन्छन्?'*** भन्ने शीर्षकमा नेपालीमा थियो त्यो । मेरो लेखलाई त्यसरी विशेष महत्त्व र सम्मानका साथ छापियो । शायद उपयोगी लागेर नै महत्त्व दिएको आभास हुन्छ । तसर्थ विद्यालय परिवारलाई धन्यवाद छ ।

त्यस्तै, मेरा छोराले पनि लेखको थियो **नेपाल बन्द** विषयमा नेपालीमा । यो पनि एकदमै समसामयिक लेख थियो । विद्यार्थी र आम जनसमुदायका साथै देशलाई नै क्षति हुने यो 'नेपाल बन्द' नेपाली राजनीतिको केन्द्र-बिन्दु बनेको उल्लेख थियो । सबैका रचनामा रचनाकारको नाम, फोटो आदि उल्लेख गरिएका थिए । कान्छी छोरीले लेखे नलेखेको थाहा भएन तर फोटो सबैको मागिएको रहेछ । छापिएर आउँदा त छोराको नाममा छोरीको फोटो भएको लेख पो देखियो । पछि के भएको भनेर जिज्ञासा राखियो तर खास जवाफ आएन ।

शायद छोरा र छोरीको अनुहारमा त्यस बेला त्यति स्पष्ट फरक छुट्टिएन होला । अथवा हामीले दिएको फोटोबाट झुक्किने नै जस्तो थियो होला । जे भए पनि राम्ररी जाँच गर्नुपर्ने हुन्थ्यो । यस्तै कुनै सानो गल्तीले परिणाम त्यस्तो आएको हुन सक्छ ।

हतारमा प्रकाशन भएको पनि भान हुन्छ । आकाङ्क्षा शर्माको लेख नमागेको अवस्थामा नछाप्ने भएपछि उनको फोटो नमागेको भए पनि हुन्थ्यो होला । जे हुनु भइहाल्यो, के गर्ने ? व्यवस्थापकीय त्रुटि भयो । विद्यालयले माफी माग्नु सिवाय उपाय भएन । पहिलो प्रयास भएकाले यो नौलो, रमाइलो, चुनौतीपूर्ण, उपयोगी र विचारणीय सबै भयो नै ।

स्मारिका प्रकाशनजस्ता कार्यमा सबभन्दा महत्त्वपूर्ण कुरा सहभागिता रहेछ । त्यसभन्दा बढी गुणस्तरीय रचनाको आवश्यकता । अनि त्यसमा व्यवस्थापनको कस्तो भूमिका हुन्छ भन्ने कुरा स्मारिकाको यस घटनाले देखायो नै । अझ महत्त्वपूर्ण कुरा त स्मारिकाले विशेष अवसरको स्मरण र त्यस निकायको दिगो अभिलेखन मात्र गर्दैन बरु ऐतिहासिक दस्तावेज बनेर चिनारी दिन्छ । यसका साथै स्मारिकामा छापिएका निर्दिष्ट रचनाले सङ्केत गरेका विषयमा समुचित ध्यान दिन सक्छ या सक्दैन भन्ने पनि रहन्छ जस्तो लाग्छ । भविष्यका लागि त्यसले बढी महत्त्व राख्छ पनि । शायद त्यस अर्धवार्षिक प्रकाशनले पनि यही उद्देश्यका साथ शिक्षा जगत्लाई केही सिकाउन खोजेको होला ।

१०४. काठमाडौँमा आफन्तका छोराछोरी : घरमा राखी पढाउँदाखेरि

काठमाडौँमा बसेर पढ्नु-पढाउनुजस्ता कुरा हाम्रो जमानामा दाँज्दा अहिले विदेशमा गएर आफ्नै खर्चमा पढ्नुजस्तै थियो । त्यसमाथि आफन्तका छोराछोरीको जिम्मा लिनु साह्रै गाह्रो काम रहेछ तर परिस्थितिले त्यसलाई सहजै अगाडि बढाउनुपर्ने पनि हुँदो रहेछ । त्यसरी पढ्नेहरू सबै सफलै हुन्छन् भन्ने कुरा पनि रहेनछ । फेरि यो सफलता र असफलता भन्ने कुरा आआफ्नो मिहिनेत, परिवेश, योजना र पृष्ठभूमिमा पनि भर पर्ने रहेछ । कसैले यसलाई भाग्यको दृष्टिले पनि हेर्ने गर्दछन् ।

म ठमेलमा डेरामा बस्थेँ । विमातृ भाइ बुद्धिसागरलाई २०४१ माघ १६ मा काठमाडौँको सिद्धिगणेश माविमा कक्षा ८ मा भर्ना गरेँ । भर्ना शुल्क सुरुमा रु. १७०/-र मासिक रु. ४०/-, ड्रेस, पुस्तक, स्टेशनरी र बसोबास, खाना, खाजा सबै व्यवस्थापन भयो । दुई महिना मात्र के पढेको थियो, यहाँको पढाइ र बसाइमा उसले सहज अनुभव गर्न सकेन, गाउँमै गएर पढ्छु भनी फर्कियो । २०३६ साल साउने सङ्क्रान्तिमा लुतो फाल्ने परम्परागत कार्यक्रम अन्तर्गत उसले फालेको अगुल्टो घरको छानामा पुगेर एक गाग्री पानीले निभाउन परेको घटना सम्झँदै हाँस्दै गरिन्थ्यो । अब ऊ भारत, मलेसिया आदि देश चाहार्दै हाल कतारमा कार्यरत छ ।

आफन्तका छोराछोरीकै कुरा गर्दा त्यसपछि साढु दाइको छोरा नवीन अधिकारीलाई पनि केही समय संरक्षकत्व प्रदान गरियो । मेरो डेरा थियो नयाँ बजारमा । ०४४/४५ सालतिरको कुरा थियो जुन बेला ऊ ७ कक्षामा लेबोरेटोरी माविमा पढ्थ्यो । त्यस बेलाको पढाइ सन्तोषजनक नै लाग्थ्यो तर घर र विद्यालयको दूरीले निकै अप्ठेरो र समय खर्च हुन्थ्यो । हाल काठमाडौँमै छ ।

२०४८/४९ को शैक्षिक सत्रदेखि जेठानदाइको छोरा उद्धव भट्ट कक्षा ३ मा भर्ना भएर शाश्वत र ऊ सँगै पढ्न थाले । गौरीशङ्कर माविबाटै दुवैले प्रथम श्रेणीमा एसएलसी पास गरे २०५६ सालमा । यस हिसाबले उसले सबैभन्दा बढी समय मकहाँ नै बसेर अध्ययन गरेको थियो । हाल अस्ट्रेलियामा छ ।

त्यस्तै, साली कमला पन्तको छोरा निरञ्जन पन्त कक्षा ६ मा भर्ना भएर एक वर्षसम्म ज्ञानोदय माविमा पढ्यो । उसको पढाइको स्तर हेरेर ५ कक्षामा भर्ना गर्नु उपयुक्त लाग्थ्यो तर उसकी आमाको जिद्दीका कारण माथिल्लो कक्षामा उसले खासै प्रगति गर्न सकेन । हाल तनहुँतिरै काम गर्दै छ रे ।

पछि अर्की साली नारायणी पौडेलकी छोरी कुसुम पौडेलले बाफलमा नै बसेर पढिन् आईएससी । दुई वर्षे कोर्स राम्ररी पास गरिन् । पहिले शाश्वत पढेको बर्नहार्ट कलेजमा नै पढिन्, पढाइयो । अनि बीएस्सी नर्सिङ पढ्न बैंगलोर पठाइयो । हाल अमेरिकामा छिन् ।

केही समय भाइ दुर्गा पनि आईए पढ्न बस्यो । रत्नराज्य कलेजमा पढ्दा पढ्दै छाडिदियो । हाल पोल्याण्ड हुँदै पोर्चुगलमा पुगेको अवस्था छ ।

नातिनी मारिया अधिकारीलाई राखेर पढाइयो नर्सरी । उनले राम्रै पढिन् । हाल अमेरिका गएर कक्षा ६ मा पढ्दै छन् । भर्खर ११ बर्ष पूरा गरेकी उनले अङ्ग्रेजी कविताको किताब पनि प्रकाशन गरिन् । त्यससम्बन्धमा नेपाल भ्रमणजस्ता स्मृति विवरण पनि लेखको माध्यमबाट प्रकाशित गरिन् ।

एकताका हामी पाँच जनाजति साथी मिलेर महिला शैक्षिक सहयोग कार्यक्रम २०४५ सुरु गरेका थियौँ । दाताको खोजीलगायतका विभिन्न प्रयत्न र आफ्ना योगदानबाट हरेक वर्ष एक जना गरिब तर जेहेनदार छात्रालाई उच्च शिक्षा अध्ययनका लागि वार्षिक रु. २० हजार शैक्षिक ऋण सापटी तथा अन्य सहयोग उपलब्ध गराइन्थ्यो । २०४५ सालदेखि करिब पाँच-छ वर्षसम्म यसबाट पूर्वमा देलखादेखि पश्चिममा गुल्मीसम्मका छ-सात जना छात्रा लाभान्वित भए । त्यसै क्रममा तनहुँबाट सावित्री भण्डारी पनि लाभान्वित भइन् । उनी पनि मेरो नातासम्बन्धले मामाकी छोरी थिइन् । मेरै काठमाडौँस्थित घरमा बसेर ती बहिनी उच्च शिक्षा राम्ररी नै अध्ययन गर्दै थिइन् । एक दिन बजारमा घडी किन्न जाँदा एउटा पसलेले हुलमुलमा अनाहकमा एउटा घडी हराएको भन्दै उनले लिएको हुन सक्ने दोष लगायो । पछि प्रमाण र पत्ता नलागेपछि माफी पनि माग्यो तर उनको मानसिक सन्तुलन नै गुम्यो । उपचारको अवस्थामै उनको देहान्त भयो । हाम्रो शिक्षाको लगानी पनि खेर गयो । बिस्तारै हाम्रो कार्यक्रममा पनि पूर्णविराम लाग्यो ।

यसरी विविध अनुभव प्राप्त भयो । शायद आफ्नो कर्तव्यको रूपमा यो काम विभिन्न दृष्टिले कहिलेकाँही जरुरी पनि होला तर सँधै र सबैलाई सम्भव पनि नहुन सक्छ । सोचाइ नमिल्न सक्छ । परिणाम नकारात्मक आएमा झन् नराम्रो । फेरि हाम्रो समाजमा हरेक कुरा राम्रो भए आफ्नो पुरुषार्थ, नराम्रो भए अरूलाई दोष लगाउने बानी छ । हामीले इमानदारी र दुःख गरेर र कतिपय अवस्थामा आर्थिक बोझ सहेर पनि सहयोग र मार्गदर्शन गरियो । उनीहरूले प्रगति गर्दा त्यही नै सन्तोष लाग्छ ।

१०५. क्याम्पस सञ्चालनका आग्रहहरू

विद्यालय सञ्चालन त त्यति गाह्रो छ भने क्याम्पस सञ्चालन गर्न कम गाह्रो अवश्य छैन । शायद त्यसैले विभिन्न व्यवस्थापन समितिहरू उपयुक्त क्याम्पस प्रमुख र शिक्षकहरूको खोजीमा भौँतारिँदा रहेछन् । मलाई एक पटक बन्दीपुरबाट यस्तै प्रयास भएको थियो । म नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालय काठमाडौँमा कार्यरत रहँदा दुर्गा श्रेष्ठको नेतृत्वमा मलाई क्याम्पस प्रमुखको रूपमा निमन्त्रणा दिइयो । अनि म असामञ्जस्यमा परेँ । उता बा-आमासँग पनि अवस्था अवगत गराएँ । उहाँहरूले बन्दीपुर बसेमा पुर्कोटमा आउजाउ गर्न र उहाँहरूको रेखदेख गर्न सजिलो हुन्थ्यो भन्नुभयो । यता काठमाडौँमा घर किनिसकेको थिइनँ । २०४२/४३ सालको कुरा हो । नेपाल रेडक्रसमा सल्लाह गरेँ । एक मन त जाने हो कि भन्ने पनि लाग्यो । आखिर नजाने सल्लाह धेरै र महत्त्वपूर्ण व्यक्तिहरूले दिनुभएकाले मैले जाने आँट गरिनँ ।

त्यस्तै कालिका निमाविबाट पनि यस्तै प्रयास भयो । बरु यहाँबाट उपयुक्त जनशक्ति पठाउन पुर्कोट सहायता समितिका तर्फबाट प्रयत्न गरियो । म आफू नजाने कुरा स्पष्ट राखेँ र प्रस्तावकमार्फत धन्यवाद पठाएँ । यस सन्दर्भमा खिला शर्मा बगालेसँग धेरै कुराकानी भएका थिए । अन्य महत्त्वपूर्ण केही व्यक्तिहरूको मप्रतिको सकारात्मक सोच पनि मैले बुझेको थिएँ ।

यस्तै मनोहर माविलाई माविका रूपमा सञ्चालन गर्न पनि विभिन्न कोणबाट कुराहरू आए । विभिन्न व्यक्तिहरूले यसलाई उठाए । कति सामान्य गफजस्ता थिए त कति गम्भीर रूपमा । म आफू अब आफ्नो विचारमा दृढ भइसकेको थिएँ । त्यसैले जान नसक्ने कुरा स्पष्ट गराएँ तथापि ती विद्यालय वा महाविद्यालयहरूले धेरै प्रगति गरेको बुझेको छु । म आफू जान नसके पनि काठमाडौँमा रहेरै पनि यथासम्भव सहयोग र सल्लाह दिँदै आएको छु । कतिपय प्रमण्डलमा साथ दिएको छु । महत्त्वपूर्ण अवसरबारे थाहा नपाउँदा वा ढिलो थाहा पाउँदा दुःख पनि लाग्छ । निम्तो पाएको अवस्थामा म आफैँ जान नसकेका क्षणहरू पनि नभएका होइनन् । विशेष केही योजना बनेको अवस्था वा अन्य अपरिहार्य कारणले जान सकेको अवस्था कमै छ । म त्यहीँ नै भएको भए आजको जस्तो ती शैक्षिक संस्थाको विकास नहुन पनि सक्थ्यो होला जस्तो लाग्छ । अब नेपाल रेडक्रसमा नै व्यावसायिक जीवन बिताउने अठोट गरेँ । बा-आमालाई काठमाडौँ ल्याउने सोचमा अगाडि बढेको थिएँ । आखिर २०६१ मा मात्र बा-आमा काठमाडौँ आउन सक्नुभयो । यसरी क्याम्पस सञ्चालनका आग्रहहरू सबै असफलजस्ता बनाउन बाध्य भएँ । जे होस्, मेरो प्रत्यक्ष सहभागिता हुन नसके पनि तनहुँका ती शैक्षिक संस्थाहरू प्रगति गर्दै जानेछन् भन्नेमा म विश्वस्त छु ।

सन्दर्भ सामग्री

१. **आफ्नै डायरीहरू** (अप्रकाशित)

२. **स्मृतिको धारा** (खण्ड काव्य), बलराम ढकाल, २०२५

३. **सरस्वती**, सामयिक प्रकाशन, २०२८, सरस्वती कलेज, लैनचौर, काठमाडौँ

४. **हाम्रो पुरुषार्थ** त्रैमासिक प्रकाशन, किरण पुस्तकालय, गुल्मी (विविध अङ्कहरू)

५. **मानवतावादी राजा जय पृथ्वीबहादुर सिंह**, उत्तमबहादुर सिंह, प्रकाशकः श्रीमती सावित्री सिंह, २०३५

६. **भारती** (कालिका मावि पुर्कोट, तनहुँको रजत जयन्ती सामयिक सङ्कलन, २०३६/२०३७)

७. **पुर्कोटको शैक्षिक स्थिति** (गाउँको पार्श्व-चित्र) २०३९, पुष्पराज पौडेल

८. **नेपाली बृहत् शब्दकोश** नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४०

९. **बाल-विज्ञान** (प्रश्नोत्तर), डा. तीर्थबहादुर श्रेष्ठ, श्री बिमललाल श्रेष्ठ, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४०

१०. **स्थाननाम-कोष** सम्पादकः कृष्णप्रकाश श्रेष्ठ, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४४

११. **पुर्कोट गाउँ पञ्चायतमा आधारभूत स्वास्थ्य सेवाः एक अध्ययन,** २०४६ (त्रि.वि.को मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तहमा राविसेसम्बन्धी आंशिक आवश्यकता पूरा गर्नका लागि), पुष्पराज पौडेल

१२. **भानु संस्कृत माध्यमिक विद्यालय स्वर्ण जयन्ती स्मारिका**, २०५१, स्वर्ण जयन्ती समारोह आयोजक समिति, तनहुँ

१३. **महेन्द्र माला, भाग २,** लेखक तथा सम्पादकः डा. तारानाथ शर्मा, प्रकाशकः जनक शिक्षा सामग्री केन्द्र लि., सानोठिमी, भक्तपुर, २०५३

१४. **बृहत् ज्ञान कोश** ज्ञानेश्वर भट्टराईः विद्यार्थी पुस्तक भण्डार,भोटाहिटी काठमाडौँ २०५४

१५. **नेपाल अधिराज्यमा तनहुँ** डिल्लीराम मिश्र, प्रकाशकः शर्मिला मिश्र, २०५७ (दो.सं.)

१६. **नेपालमा शिक्षाको इतिहास, भाग २** गोपीनाथ शर्मा, मकालु बुक्स एण्ड स्टेशनर्स, काठमाडौँ २०६०

१७. **शिक्षाका आधारहरू** चिरञ्जीवी शर्मा, एम के पब्लिशर्स एण्ड डिस्ट्रिब्युटर्स, २०६१

१८. **तनहुँ सङ्गम** तनहुँ सम्पर्क समाज, पोखरा, २०६२

१९. **वेदमा के छ ?** - डा. स्वामी प्रपन्नाचार्य, वेदान्ताचार्य पिएचडी, २०६४

२०. **सम्झनामा टीकानिधि गुरु** प्रकाशन तथा सम्पादन, बद्री खनाल, २०६८

२१. गुरुकुल सन्देश : नेपाल सरकार शिक्षा मन्त्रालय, शिक्षा विभाग, गुरुकुल/आश्रम व्यवस्थापन परिषद्, सानोठिमी, भक्तपुर, २०६८

२२. **नेपालका दार्शनिकहरू** : अभय शर्मा, रविप्रसाद गुरागाईं, प्रकाशकः नेपाल प्रज्ञा प्रतिष्ठान, २०६९

२३. **श्री चन्द्रावती स्वर्ण स्मारिका** २०७० (श्री चन्द्रावती उच्च मावि तनहुँ)

२४. हाम्रो राष्ट्रभाषा नेपाली : बाबुराम आचार्य, सम्पादक तथा प्रकाशक- प्रा. श्रीकृष्ण आचार्य, देवकोटा मार्ग, बानेश्वर, काठमाडौँ, २०७०

२५. **मातृ-शिक्षा** रामप्रसाद खनाल, दोस्रो संस्करण २०७१

२६. **स्मारिका** (पुर्कोट कालिका बहुमुखी क्याम्पस, तनहुँ) २०७१

२७. **नीति (विदुर, चाणक्य र भर्तृहरि)** : मदनप्रसाद अर्याल, प्रकाशिका- श्रीमती रमादेवी अर्याल, एभरेष्ट गीतानिकेतन बालाजु, बाइपास, काठमाडौँ-१६, पञ्चम् संस्करण २०७३ जेठ

२८. **नेपालको संविधान, २०७२** नेपाल राजपत्र, २०७३ असोज ३

२९. **सामुदायिक विकास संघ** वनस्थली, काठमाडौँ, रजत महोत्सव स्मारिका,२०७२

३०. **नेपालका प्रधानमन्त्री** यम चौलागाईं, २०७२

३१. **सम्झनामा उमाभद्र खनाल** स्मृति ग्रन्थ, सम्पादक : डा. जयराज आचार्य, २०७४

३२. **रेडक्रसकर्मी ऊ** पुष्पराज पौडेल, प्रकाशकः नेरेसो सीतापाइला उपशाखा काठमाडौँ, २०७४

३३. **नेपाली कसरी लेख्ने ?** शरच्चन्द्र वस्ती, २०७४

३४. **सम्झनामा गाउँघरका कुरा** : छविचन्द्र ढकाल, तनहुँ, २०७४

३५. **स्वर्णमहोत्सव शैक्षिक स्मारिका** मनोहर मावि भानु ८ महन्ते हटिया, तनहुँ, २०७४,

३६. **सेवा निवृत्त दर्पण** सेवानिवृत्त राष्ट्रसेवक संघ नेपाल, जिल्ला समिति काभ्रे, २०७५

३७. **शिक्षक** मासिक पत्रिकाहरू

अनुक्रमणिका
(Index)

प्रसङ्‌गमा आएका केही महत्त्वपूर्ण
व्यक्ति, निकाय, ठाउँ र घटना मात्र

अः

अद्वैत संस्था- सृष्टिमा परमात्मा मात्र सत्य छ, बाँकी सारा विश्व मिथ्या छ भन्ने वेदान्त दर्शनसम्बन्धी संस्था । *(पृष्ठः १, ४९)*

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज- विश्वमा नेपाली भाषा, साहित्य, कला र संस्कृतिको लागि प्रवासमा बसेका नेपालीहरूको पहलमा खोलिएको संस्था । *(पृष्ठः ज)*

अमरसिंह गुरुङ- तनहुँको तत्कालीन वसन्तपुर गाविसका पूर्व प्रधानपञ्च, मनोहर निमावि व्यवस्थापन समितिका पूर्वअध्यक्ष, ***चण्डिका प्राविको संस्थापक, सक्रिय शिक्षा-प्रेमी*** । *(पृष्ठः १४२, १४९)*

अमरसिंह मावि- वीर अमरसिंहको नाममा स्थापित पोखराको अमरसिंह चोकनजिक रहेको हाल अमरसिंह नमुना उच्च माविका रूपमा चर्चित माध्यमिक विद्यालय । युद्धपछिको पुनर्निर्माण कोषबाट दोस्रो विश्वयुद्धपछि २६ मार्च १९५७ मा स्थापित सोल्जर्स बोर्ड भोकेशनल ट्रेनिङ हाईस्कूल । *(पृष्ठः ११४, १३७, १३८, १३९, १७४)*

अम्बिकाप्रसाद आचार्य- (जन्मः २०२३ फागुन १५) नेपाल सरकारको शिक्षा मन्त्रालयअन्तर्गत कार्यरत उपसचिव पदमा रही हाल व्यास न.पा. दमौलीमा कार्यरत तनहुँनिवासी । ***धेरै जिल्लामा जिल्ला शिक्षा अधिकारीको रूपमा सेवा । शैक्षिक तालिम केन्द्रका पूर्व वरिष्ठ प्रशिक्षक, पूर्व शिक्षक*** । *(पृष्ठः ज)*

अरुण खनाल- २००९ साउन १७ मा जन्मेका खनाल तनहुँका एक समाजसेवी, ***शिक्षाप्रेमी र पूर्व रेडक्रसकर्मी*** व्यक्ति जसको नेपाल रेडक्रस सोसाइटी रक्तसञ्चार सेवाको संस्थागत विकासमा विशेष योगदान रहेको छ । ***राजनीतिशास्त्रमा एमए गर्नुभएका उहाँले २०३५ देखि २०४३ सम्म शिक्षक,*** २०४३ देखि २०५६ सम्म नेपाल रेडक्रस र त्यसपछि अन्तर्राष्ट्रिय सहयोग नियोगमा समेत काम गरिसक्नुभएको छ । *(पृष्ठः ज, ८८)*

अङ्कलाल श्रेष्ठ- तनहुँको पुर्कोटस्थित कालिका माविका संस्थापक शिक्षाप्रेमी । भनिन्छ, उनले विद्यालयको लागि आफ्नो सम्पत्ति पनि बेचेका थिए रे । *(पृष्ठः २७)*

आः

आचार्य- व्रतबन्धमा गायत्री मन्त्र सुनाउने गुरु, संस्कृत शिक्षाको स्नातकोत्तर स्तरको उपाधि, ब्राह्मण जातिको एक थर, टीकाकार, आचारको ज्ञाता तथा वेद आदि पढाउने गुरु । *(पृष्ठः ३८)*

आर.एल. टर्नर- आधुनिक भाषा, विशेष गरी भारोपेली भाषा परिवार अध्ययनमा कुनै पनि विद्वान्ले चिनेको भाषा वैज्ञानिकको नाम हो टर्नर । यिनको ***अङ्ग्रेजी-नेपाली शब्दकोष*** सन् १९३१ देखि १९९७ सम्म ६ संस्करण छापिएको छ । झण्डै एक हजार पृष्ठको उक्त शब्दकोश निर्माण गरेबापत २००८ सालमा राजा त्रिभुवनले गोरखा दक्षिणबाहु पदकबाट सम्मान गरेका थिए । *(पृष्ठः फ.)*

इः

इन्द्रसिंह रोकाहा- नेपाली तथा हिन्दी भाषाका ज्ञाता तथा इमानदार, कर्मठ र हकी व्यक्तित्वका रूपमा परिचित तनहुँका स्वर्गीय शिक्षक । *(पृष्ठः १०५, १५०)*

ईः

ईश्वर पोखरेल- (जन्मः सन् १९५४ फेब्रुअरी ४) नेपालका वर्तमान उपप्रधान तथा रक्षामन्त्री, नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का सचिवालय सदस्य, ***माघ १९ पुस्तकका लेखक***, पुर्खौली थलो माम्खा-२, ओखलढुङ्गा । *(पृष्ठः १३१)*

ईश्वरानन्द गिरी- भारतको मद्रासबाट नेपालको पशुपतिमा आई बसेका शिक्षाविद् स्वामी ईश्वरानन्द तनहुँस्थित ***चन्द्रावती माध्यमिक विद्यालयमा शिक्षकको हैसियतमा काम गर्नुभयो***, उल्लेख्य योगदान गरी नाम कमाउनुभयो । *(पृष्ठः ध, ८३)*

उः

उमाभद्र खनाल- (१९८६ वैशाख १२ - २०७३ जेठ १६) नेपालको राजनीतिमा परिचित नाम जो तनहुँबाट राष्ट्रिय पञ्चायत सदस्य बन्नुभएको थियो । तनहुँको चुँदी टुहुरे पसलमा बाहुनले हलो जोत्ने अभियान अर्थात् हलो-क्रान्तिका सहयोद्धा, शिक्षासेवी र समाजसेवी, ***पूर्वीय तथा पाश्चात्य समीक्षात्मक राजनीतिक विश्लेषण*** पुस्तकका लेखक । *(पृष्ठः ५८, ५९, ११४)*

ऋः

ऋचा- पद्यमा लेखिएका वैदिक मन्त्र, वेदको पद्यसंहिता, कण्डिका । *(पृष्ठः १)*

एः

एसईई- सेकेण्डरी एजुकेशन एक्जाम अर्थात् माध्यमिक शिक्षा परीक्षा । *(पृष्ठः भ, ९७, १४५)*

एसएलसी- विद्यालयीय शिक्षाको अन्तिम परीक्षा प्रमाणपत्र जो स्कूल लिभिङ सर्टिफिकेटको नामले चिनिन्थ्यो र हाल यो एसईईमा परिणत भएको छ । *(पृष्ठः ५, २०, ४१, ४२, ८७, ८९, ९०, ९२, ९३, ९७-१००, १०३, १२१, १२६, १३७, १४४, १४५, १६९, १७८, १८७, १८९)*

ओः

ओजराज जोशी- नेपालका राजगुरुको परिवारसँग सम्बन्ध र लप्टन भएका, तनहुँको पुर्कोटनिवासी धनीमानी स्वर्गीय व्यक्तित्व । *(पृष्ठः त, २६, २७, ५५)*

ॐ- विष्णु, शिव र ब्रह्मालाई बुझाउने अ, उ, म मिलेर बनेको शब्द । वेदका ऋचाका अघिपछि उच्चारण गरिने पवित्र ध्वनि । *(पृष्ठः १)*

औः

औपचारिक शिक्षा- शिक्षण संस्थाबाट रीत पुऱ्याएर ग्रहण गरिएको शिक्षा । *(पृष्ठः ६३)*

कः

कालिदास आचार्य- (१९५९ जेठ-२००४ जेठ), पं. कालिदास आचार्य, तनहुँको पुर्कोट भाषा पाठशालाका संस्थापक गुरु । वनारसबाट सम्पूर्ण मध्यमा उत्तीर्ण गर्नुभएका आचार्य वैदिक र दार्शनिक पक्षलाई व्यावहारिक दृष्टिबाट सरल तरिकाले बुझाउन र विद्यार्थीहरूमा नैतिकता तथा

योग्यता अभिवृद्धि गराउन निपुण। अध्यापन शैलीको प्रभावले गर्दा तत्कालीन समयमा गोरखा, लमजुङ, कास्की, तनहुँ र स्याङ्जा उहाँको प्रसिद्धि। साधारण मानिसले बुझ्ने गरी रोचक र आकर्षक ढङ्गबाट पुराण भन्नमा उहाँको नाम चलेको। अध्यापन पेशाको मर्यादामा बस्ने, कर्तव्यपरायणता नै जीवनको सार मान्ने र गीताको ***'कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन' (कर्म गर्नु नै तिम्रो अधिकार हो, त्यसको फलमा होइन)*** अर्थात् कर्म गर, फलको आशा नगर भन्ने गर्दथे। *(पृष्ठः ९, ५५)*

कालिकाप्रसाद पण्डित- (जन्मः २००३ भदौ ३० तनहुँ) ***३० वर्षसम्म शिक्षण सेवामा*** रही निवृत्त। *(पृष्ठः १६८)*

कालिका माध्यमिक विद्यालय- कालिकाको नामबाट स्थापित माध्यमिक तहको पढाइ हुने विद्यालय, तनहुँको पुर्कोटमा रहेको एउटा यस्तो विद्यालय। *(पृष्ठः १४९, १८०)*

कालिका मावि युवा सहायता समिति- तनहुँ पुर्कोटको युवा शक्तिलाई ग्रामीण समाजको उत्थान र विशेषतः कालिका माविको स्थापना र विकासमा लगाउने उद्देश्यले गठित समिति। *(पृष्ठः १४९)*

कुमारी प्रावि- तनहुँको हाल भानु नगरपालिका वडा नं. ८ मा पर्ने एउटा प्राथमिक विद्यालय। *(पृष्ठः १२, २१)*

कुलप्रसाद खनाल- (जन्मः २००४ असार) कास्की पोखरा बस्नुहुने खनाल पृथ्वीनारायण क्याम्पस पोखरामा प्राध्यापन गरी सेवा निवृत्त, निबन्ध र समालोचना गरी ६ वटा कृति प्रकाशित, विभिन्न साहित्यिक, साँस्कृतिक र शैक्षिक संस्थाहरूमा आबद्ध। *(पृष्ठः ५८, ८३)*

क्षेत्रप्रताप अधिकारी- (१९९९ चैत - २०७० चैत ३०) तनहुँको मिर्लुङस्थित ज्यामरुक बयापानीमा जन्मेका नेपालका एक बहुप्रतिभाशाली साहित्यकार तथा गीतकार थिए। साझा प्रकाशनका अध्यक्ष हुँदै ***शिक्षा सहायकमन्त्री*** भएका थिए। उनको पालामा तनहुँका थुप्रै प्राथमिक विद्यालयहरूले स्थायी स्वीकृति पाएका थिए। ***उनको शव मृत्युपछि उनकै निर्णयानुसार बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई दान गरिएको थियो।*** *(पृष्ठः १२, १६४)*

क्षेत्रलाल श्रेष्ठ- तनहुँको पुर्कोटमा प्रारम्भिक शिक्षाका गुरु। *(पृष्ठः १०, ११, २१, १५०)*

ख

खेमराज भण्डारी- (जन्मः २००० वैशाख १५) पूर्व शिक्षक तनहुँ, शिक्षण सेवामा लामो अनुभव, साहित्य सृजनामा विशेष दक्षता र रुचि। *(पृष्ठः १४२)*

गः

गीता- महाभारत युद्धबाट विमुख हुन लागेका अर्जुनलाई ज्ञान, कर्म र भक्तियोगका साथै मानवीय कर्मद्वारा श्रीकृष्णले दिएको उपदेश, हिन्दूहरुको प्रसिद्ध दार्शनिक ग्रन्थ। *(पृष्ठः ण, १)*

गोपीनाथ शर्मा- (१९८६ भाद्र कृष्ण एकादशीमा जन्म), १९५८ मा ओरेगन विश्वविद्यालय, अमेरिकाबाट एमएड, तत्कालीन श्री ५ को सरकारमा सहसचिव, ***शिक्षासम्बन्धी दर्जनौँ पुस्तक प्रकाशन।*** *(पृष्ठः ३२)*

गोरखनाथ- प्राचीन समयका एक प्रसिद्ध हठयोगी अवधूत महात्मा, कनफट्टा मत चलाउने नाथ सम्प्रदायका एक प्रसिद्ध साधु । *(पृष्ठः २५)*

घः

घोडेजात्रा- चैतको कृष्णपक्षको चतुर्दशीका दिन काठमाडौँको टुँडिखेलमा सार्वजनिक प्रदर्शनका उद्देश्यले देखाइने घोडदौडको प्रसिद्ध जात्रा । *(पृष्ठः १६९)*

चः

चन्द्रकान्त- चन्द्रमाको किरण पर्दा पानी निस्कने हरियो मणि । त्यस्तै यस पुस्तकका कुशलतायुक्त चन्द्रकान्त कँडेल । *(पृष्ठः २-४)*

चन्द्रशमशेर जबरा- (१९२० असार २६ - १९८६ मङ्सिर १०) देवशमशेरलाई धपाएर प्रधानमन्त्री बने । धूर्त मानिएका राणा प्रधानमन्त्री जो राणाखलकमै इन्ट्रान्स परीक्षा पास गर्ने पहिलो व्यक्ति । शासनकाल १९५८ असार १५ देखि १९८६ मङ्सिर १० सम्म । फर्पिङबाट विद्युत् उत्पादन, ***त्रि-चन्द्र कलेजको स्थापना***, सतीप्रथा र दासप्रथाको उन्मुलन यिनको प्रधानमन्त्रित्वकालका उपलब्धि । *(पृष्ठः प, फ, ३, ७, ९)*

चन्द्रायणी प्रावि- तनहुँको हाल भानु नगरपालिका-९ पुर्कोटस्थित प्राथमिक विद्यालय । *(पृष्ठः १४८)*

चन्द्रावती हाईस्कूल- तनहुँकै भानु नगरपालिका-७ चुँदी टुहुरेपसलस्थित माध्यमिक विद्यालय । *(पृष्ठः ४३, ४८, ५३, ५४, ७०, ७८, १२०, १२७, १४५)*

चुँदी रम्घा- तनहुँको भानु नगरपालिकामा पर्ने चार नं. प्रदेशको ***एक महत्त्वपूर्ण पहाडी गाउँ*** जहाँ ***नेपाली भाषाका आदिकवि भानुभक्त जन्मेका थिए । उनकै सम्मानमा भानु नगरपालिका नाम पछि राखिएको हो ।*** *(पृष्ठः ब)*

छः

मनिटर (छात्रनायक)- कक्षामा अनुशासनको वातावरण सिर्जना गर्न वा विद्यार्थीहरुलाई अनुशासित राख्न सघाउ पुऱ्याउनका निम्ति छानिएको विद्यार्थी । *(पृष्ठः ६७)*

छात्रवृत्ति- अध्ययन अवस्थामा जीवन निर्वाहका निम्ति विद्यार्थीलाई निश्चित समयका लागि दिइने रकम । *(पृष्ठः घ, ११३, ११४, १२६-१२८, १३२, १५३)*

जः

जङ्गबहादुर राणा- *(कुँवर)* (१८७४ असार ७ गोरखा - १९३३ माघ १६ पत्थरघट्टा) कोतपर्व मच्चाउँदै राणा शासन प्रारम्भ गर्ने शक्तिशाली प्रधानमन्त्री । *(पृष्ठः न)*

जनमत सङ्ग्रह- तत्कालीन राजा वीरेन्द्रले विद्यार्थीहरुको आन्दोलनपश्चात् २०३६ साल जेठ १० गते सुधारसहितको पञ्चायती व्यवस्था कि बहुदलीय व्यवस्था भनी जनमत लिन गरिएको राजनीतिक इतिहासको महत्त्वपूर्ण घोषणा । *(पृष्ठः १३०, १४७, १५७, १६६, १७०, १७१)*

जनस्वास्थ्य पुस्तकालय- तत्कालीन पुर्कोटस्थित महन्ते हटियामा खोलिएको जनस्वास्थ्य पुस्तकालय। *(पृष्ठः १६४, १६५)*

जयतु संस्कृतम्- विद्यार्थीहरूले नेपालभित्रै रहेर प्रजातन्त्रका लागि २००४ साल असार १ गतेबाट गरेको आन्दोलन। *(पृष्ठः ब)*

जुद्धशमशेर राणा- (१९३२ वैशाख १३ - २००९ मङ्सिर ८) १९८९ भदौ १७ देखि २००२ मङ्सिर १४ सम्म शासन गरेका राणाकालीन प्रधानमन्त्री, धीर शमशेरका दशौँ पुत्र। यिनको कार्यकालमा नेपालको उद्योगवाणिज्य क्षेत्र फस्टाएको देखिन्छ। ***शिक्षाको क्षेत्रमा एसएलसी बोर्डको स्थापना र केही हाईस्कूल खोल्ने आदि काम भएका थिए।*** *(पृष्ठः ब)*

ट:

टीकानिधि खनाल- (१९५६ साउन २६ - २०१६ फागुन २७), पण्डित टीकानिधि खनाल तात्कालिक नेपालका शिक्षाविद्, शिक्षक जसले विशेषतः तनहुँ र लमजुङमा शिक्षाको ज्योति बाल्नमा १६ वर्षभन्दा बढी निरन्तर शिक्षण साथै अभूतपूर्व प्रयत्न गर्नुभएको पाइन्छ। *(पृष्ठः २६)*

ड:

डा. बाबुराम भट्टराई- *(जन्मः २०११ असार ४ गोरखा) २०५२ सालदेखि सुरु भएको नेपालको सशस्त्र युद्धका वरिष्ठ बौद्धिक नेता। सफल अर्थमन्त्री हुँदै २०६८ भदौ ११ देखि २०६९ माघ ३० सम्म नेपालका प्रधानमन्त्री,* ***२०२६ सालमा अमरज्योति हाईस्कूल गोरखाबाट एसएलसी बोर्ड फस्ट, केही समय शिक्षण 'Monarchy Versus Democracy' नामक वृहत शोध अनुसन्धानमूलक ग्रन्थबाट बौद्धिक रूपमा अन्तर्राष्ट्रिय व्यक्तित्व हुन् भन्दा अत्युक्ति नहुने।*** *(पृष्ठः ९८)*

डा. यमनाथ अधिकारी- आयुर्वेदका प्रसिद्ध डाक्टर जो नरदेवी क्याम्पसमा अध्यापन गर्नुहुन्थ्यो। *(पृष्ठः ११६)*

डा. राजेन्द्रप्रसाद- भारतका प्रथम राष्ट्रपति जो दुई कार्यकालसम्म (सन् १९५२ देखि ६२ सम्म), ३ डिसेम्बर १८८४ मा जन्मे। कानुन विषयमा सन् १९३७ मा विद्यावारिधि। भारतीय स्वतन्त्रता संग्राममा भारतीय राष्ट्रिय कांग्रेसमा लागेर महात्मा गान्धीलाई सघाए। विद्यार्थी छँदा परीक्षार्थीका रूपमा एक जना जाँचकीले उनको उत्तरपुस्तिकालाई **परीक्षकले भन्दा परीक्षार्थीले अझ राम्ररी जान्दछ** (Examinee knows better than examiner) भनेका थिए जो संरक्षित राखिएको छ भनिन्छ। शिक्षाको विकासका बारेमा प्रोत्साहन गरे र यसका लागि नेहरू सरकारलाई विशेष सल्लाह दिए। २८ फेब्रुअरी १९६३ मा संसारबाट बिदा भए। *(पृष्ठः ७९)*

डा. रामशरण महत- जो पछि नेपालका ६ पटक अर्थमन्त्री र १ पटक परराष्ट्रमन्त्री पनि बने। उदार अर्थतन्त्रका पक्षपाती। सन् १९५१ मा नुवाकोटमा जन्मेका महत नेपाली कांग्रेसका वरिष्ठ नेता। व्यावसायिक वृत्तिका हिसाबले प्रधानाध्यापक पदबाट उहाँको जीवन प्रारम्भ भएर राष्ट्रिय योजना आयोगको उपाध्यक्ष र अन्तर्राष्ट्रिय स्तरमा यूएनडीपीमा रहेर पनि सेवा गर्नुभयो। *(पृष्ठः १०, ११)*

डा. वासुदेव त्रिपाठी- (जन्मः १९९९ चैत १३ तनहुँ) प्रा. डा. त्रिपाठी नेपाली साहित्यका प्रकाण्ड विद्वान्, त्रि.वि.का पूर्व प्राध्यापक, नेराप्रप्रका पूर्व कुलपति, **'लेखनाथ पौड्यालको कवित्वको**

विश्लेषण तथा मूल्याङ्कन' कृतिका लागि २०३४ सालको मदन पुरस्कार विजेता । ***उहाँ नेपाली भाषामा पीएचडी गर्ने पहिलो व्यक्ति*** । कवि, समालोचक आदि हैसियतमा उहाँले २० भन्दा बढी कृति प्रकाशन गर्नुभएको छ । *(पृष्ठः १८४)*

डा. विश्वबन्धु बगाले- २०५३ सालमा सिद्धार्थ वनस्थली माध्यमिक विद्यालयबाट ***एसएलसीमा सम्मिलित भई बोर्ड फस्ट भएका*** । *(पृष्ठः १३६)*

डा. स्वामी प्रपन्नाचार्य- (जन्मः सन् १९२३, पाँचथर) वेदान्ताचार्य, पीएचडी । पहिले काले राई । ३० वर्षमा विद्यालयमा भर्ना भएर अक्षरारम्भ गरेका । ४ दर्जन पुस्तकका लेखक *(हिन्दू धर्म, संस्कृति, परम्परा र इतिहासबारे नेपाली, संस्कृत र हिन्दीमा । प्राचीन किराँती इतिहास, मिल्केको झिल्के, आदि उहाँका महत्त्वपूर्ण कृति हुन् । 'वेदमा के छ ?' उहाँको सर्वोत्तम कृति मानिन्छ)* ९२ वर्षको उमेरमा मृत्युवरण । *(पृष्ठः १९२)*

डिल्लीराम मिश्र- नेपाल अधिराज्यमा तनहुँ पुस्तक (१२०० पृष्ठभन्दा बढीको) का लेखक मिश्र तनहुँ रूपाकोटमा जन्मनुभएको हो । यसै गरी, उहाँले नेपाली प्रतिभा र पुरस्कार कृति प्रकाशन गर्नुभयो । हालै उहाँको बृहत् आकार (१३०० भन्दा बढी पृष्ठको) को नेपाली पुरस्कारको इतिहास सार्वजनिक भएको छ । यसबाटै थाहा हुन्छ- उहाँ ***सुयोग्य लेखक र अनुसन्धाता हो*** । *(पृष्ठः १९२)*

ढुम्रीखर्क- पुरानो जमानामा कपास तथा घरबुनाको लागि प्रसिद्ध तनहुँ पुर्कोटस्थित सानो व्यापारिक केन्द्र । *(पृष्ठः १४, १८, २१, २४-२६, २८, १०३, १५१)*

ढः

ढडिया- नदीनाला आदिमा माछा समात्ने वा थाप्ने काममा प्रयोग गरिने, बाँसका कप्टेराले बनाइएको, माछा पसेपछि निस्कन नसक्ने सोलीजस्तो पासो अर्थात् खोर जसलाई एक किसिमको खुँगा पनि भनिन्छ । *(पृष्ठः ७३)*

तः

तनहुँ- वेदव्यासको जन्म भएका नेपालको पश्चिम पहाडमा रहेको जिल्ला जो गण्डकी प्रदेशमा पर्दछ । बाइसे र चौबीसे राज्यका बखत यो मध्य नेपालको २४ से राज्यमध्ये एक थियो जहाँ सेन राजाले राज्य गर्दथे । वि.सं. १८३९ मा यो नेपाल राज्यमा गाभियो । त्यस बेला अन्नपात, अन्न भकारी र कपासको भण्डारले सम्पन्न तनहुँलाई सहकालको भाले मुलुक भनिन्थ्यो । *(पृष्ठः थ, १, ५ .... आदि)*

तीर्थबहादुर थापा- नेपालको सुरक्षा, सामाजिक सेवा, शिक्षा सेवा, राजनीतिजस्ता हरेक क्षेत्रमा सक्रिय विकासप्रेमी तनहुँका अथक र कर्मठ व्यक्ति । *(पृष्ठः १५, १०७, १५०, १८०)*

तीर्थराज वन्त- (जन्मः १९९६ असार १४) केही वर्ष प्राध्यापन (सरस्वती कलेज तथा वाल्मीकि संस्कृत महाविद्यालय) नेपालको शिक्षा, समाज सेवा र मानवीय कानुनको समान रूपमा विगत साढे पाँच दशकभन्दा बढी समयदेखि क्रियाशील, साहित्यिक क्षेत्रमा विशष्ट व्यक्तित्व, लेखक, अनुवादक कवि र नेपाल रेडक्रसका पूर्वकार्यकारी निर्देशक, करीब दुई दर्जन पुस्तक प्रकाशित । *(पृष्ठः ज, १२०, १२१)*

त्रिचन्द्र कलेज- नेपालको पहिलो कलेज जो १९७५ मा स्थापना भयो । *(पृष्ठः फ)*

त्रिभुवन राजपथ- १८९ कि.मि. लामो पुरानो राजपथ जसले काठमाडौँलाई हेटौँडा हुँदै वीरगञ्ज, रक्सौलसँग जोड्दछ । *(पृष्ठः १०९)*

त्रिभुवन विश्वविद्यालय- २०१६ सालमा स्थापित नेपालको सबभन्दा पुरानो विश्वविद्यालय।*(पृष्ठः भ, १४७)*

त्रिभुवनवीरविक्रम शाह- (१९६३ असार १७ - २०११ फागुन ३०) २००७ सालको प्रजातान्त्रिक आन्दोलनका अगुवा राजा जसलाई राष्ट्रपिता भनिन्छ, ***यिनकै नाममा त्रिभुवन विश्वविद्यालयको स्थापना ।*** *(पृष्ठः फ, ५, ७)*

थः

थानीमाई- टाढाटाढाबाट फूलको डोली लिएर पूजा गर्न जाने सांस्कृतिक महोत्सवको मन्दिर रहेको ठाउँ जो हाल भानु न.पा. ७ वसन्तपुर, तनहुँमा पर्दछ । *(पृष्ठः ६७, १२७, १२८)*

दः

दुर्गानिधि लोहनी- (१९४६-२०२१), पुर्कोटका अध्ययनशील परिवारका शिक्षित र शिक्षाप्रेमी व्यक्तित्व । पूर्वमध्यमा उत्तीर्ण, अङ्ग्रेजी, हिन्दी, बङ्गाली, बर्मिज, मराठी, उर्दू, फारसी, अरबी, भोटे, कन्नड, अमीरी आदि भाषामा पनि ज्ञान । बिन्तीपत्र निक्सारीमा डिट्ठा, बडाहाकिम रूद्रनिधि लोहनीका जेठा छोरा पुगीसरी आएकाले जागीर छोडेका । राणा तथा गुरूज्यू परिवारबाट प्रशस्त सम्मान प्राप्त गरेका । १९७६ मा बडागुरुज्यू तर्कराज पाण्डेले धर्माधिकारी बनाई बर्मा (हालको म्यान्मार) मा नेपाली सैनिकलाई पतिया दिन पठाएका । तेजारथ कोठी खोलेर आर्थिक विकासमा टेवा दिएका । विराटनगरमा बसी विराटनगर जुट मिल र मोरङ कटन मिलको स्थापना हुनुपर्ने राय दिएर व्यवस्थापन सुरु । स्व. कृष्णप्रसाद कोइरालाले खोल्नुभएको पुस्तकालय आफ्नो घर विराटनगरमा राखेर शैक्षिक क्षेत्रमा सेवाजस्ता सुधारवादी र कर्मयोगी । आफ्ना सबै सन्तानलाई उच्च शिक्षा दिलाएका । *(पृष्ठः ५५)*

दुर्गा श्रेष्ठ- रा.प्र.पा. प्रजातान्त्रिकका उपाध्यक्ष, महिला, बालबालिका तथा समाज कल्याणसम्बन्धी पूर्वमन्त्री, जिविस तनहुँकी पूर्व अध्यक्ष र जिल्ला शिक्षा समिति तनहुँकी पूर्व सदस्य । *(पृष्ठः १६७)*

देवनिधि लोहनी- तनहुँको पुर्कोट कुँडापानीका प्रसिद्ध धनाढ्य, धार्मिक, सामाजिक र शिक्षाप्रेमी व्यक्ति । *(पृष्ठः त, २६)*

देवशमशेर जबरा- (१९१९ साउन ४ देखि १९७० फागुन ११), नेपालका सुधारवादी राणा प्रधानमन्त्री। उनकै अल्पशासनको पालामा शिक्षाले गति र प्रगति लिन खोजेको हो । *(पृष्ठः प, ७, ९, १३)*

धः

धुलिखेल- नेपालको काभ्रे जिल्लामा पर्ने महत्त्वपूर्ण शहर र दृश्यावलोकन तथा बनौषधीका लागि पनि उपयुक्त ठाउँ । *(पृष्ठः ११६)*

न:

नमुना शर्मा- (२०२६ फागुन २५), प्राज्ञ- सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, साहित्यकार, शिक्षण सेवा । *(पृष्ठः ज, १४३, १७८)*

नेपाल रेडक्रस सोसाइटी- जेनेभा महासन्धिहरूको आधारमा नेपालको एक मात्र राष्ट्रिय सोसाइटीको रूपमा स्थापित मानवीय सेवा प्रदान गर्ने निष्पक्ष, तटस्थ र स्वाधीन संस्था । *(पृष्ठः ठ, २९, ५०, १७६, १९१)*

प:

पिँढी शिक्षा- घरपिँढीजस्ता ठाउँमा शिक्षक राखेर पढाउने परिपाटी । *(पृष्ठः ब)*

पुर्कोट- ***'पारकोटेऽन्य तीर्थञ्च वर्तते पुण्यदायक'*** भनेर स्कन्दपुराण हिमवत्खण्ड गण्डकी माहात्म्य अध्याय ५ को श्लोक सङ्ख्या ५४ मा भनिएको छ । पौराणिक इतिहासअनुसार द्वापर युगमा पूर्व त्रिशूली, पश्चिम कालीगण्डकीबीचको भू-भागलाई पार नामक राजाले राज्य गर्दथे । तिनको राजधानीलाई पारकोट भनिन्थ्यो । त्यही पारकोट नाम बिग्रँदै गएर पुर्कोट भएको हो भन्ने स्थानीय विश्वास छ । यो ठाउँ तनहुँको हाल भानु नगरपालिकामा रहेको छ । *(पृष्ठः त, थ, १५, १८ .... आदि)*

पुर्कोट कालिका बहुमुखी क्याम्पस- तनहुँ जिल्लाको पुर्कोटमा सञ्चालित क्याम्पस । *(पृष्ठः १५, २८)*

पुर्कोट कुँडापानी- २०१८ साल वैशाख १ गते देशलाई ७५ जिल्लामा विभाजन गरेपछि स्थानीय स्तरमा गाउँ पञ्चायत गठित गर्दा तनहुँको पुर्कोट र वसन्तपुरलाई मिलाएर पुर्कोट कुँडापानी गाउँ पञ्चायतअन्तर्गत कुँडापानीलाई केन्द्र बनाइएको क्षेत्र । *(पृष्ठः ९, ५५, १२७, १२८, १५२)*

पुर्कोट भाषा पाठशाला- पुर्कोट कुँडापानी क्षेत्रमा १९८१ पुस २० मा स्थापित पुर्कोटको सबभन्दा पुरानो पाठशाला । *(पृष्ठः २६, ५४)*

प्रा. यदुनाथ खनाल- (सन् १९१३ अगस्ट - २००४ अक्टोबर २, तनहुँ) मान्हौँमा जन्म । प्राध्यापक, गृहसचिव, परराष्ट्र सचिव । भारत, चीन र संयुक्तराज्य अमेरिकाका लागि राजदूत, नेपालका विशिष्ट कूटनीतिज्ञ । एसएलसीमा पहिलो बोर्ड फस्ट । संस्कृतमा मध्यमा उत्तीर्ण । बीएस्सी मात्र होइन, अङ्ग्रेजीमा एमए तथा पोष्ट एमए डिप्लोमा पनि । कूटनीतिक क्षेत्रमा धेरै महत्वपूर्ण योगदान । साहित्यमा उत्कृष्ट सिर्जनाहरू । *(पृष्ठः ब)*

प्रा. रामराज पन्त- (१९७६-२०४९), ***नेपाली भाषा र साहित्यका लेखक तथा नेपालमा कानुनी शिक्षाका प्रवर्तक*** (सन् १९५४), नेपाल ल कलेजका संस्थापक अध्यक्ष तथा प्रिन्सिपल, बनारस हिन्दू विश्वविद्यालयको नेपाली भाषा कार्यक्रमका पहिलो भिजिटिङ प्रोफेसर, उहाँको ***नेपाली लिपि विज्ञान*** उक्त विश्वविद्यालयको एमएमा पढाइन्छ । नेपाली व्याकरण सरलीकरण गर्ने ***सजिलोवाद***का अभियन्ता । *(पृष्ठः ११९)*

ब:

बद्री खनाल- (२००५ भदौ ३०) नेपाली भाषा र साहित्य तथा मानवीय विषयवस्तुका विज्ञ, नेपाल रेडक्रस सोसाइटीका पूर्व-कार्यकारी निर्देशक, उहाँ संस्कृत र अङ्ग्रेजी भाषाका पनि ज्ञाता हुनुहुन्छ । उहाँको ***"हेनरी ड्युना र उनको परिवेश"*** कृतिले पहिलो '**डा. जयनारायण गिरि स्मृति पुरस्कार**' प्राप्त गरेको थियो र ***"सम्झनामा टीकानिधि गुरु"*** को सम्पादन तथा प्रकाशन पनि उहाँबाट नै भएको हो । *(पृष्ठः ज, ५०)*

बलबहादुर परियार- विभिन्न जिल्लामा शिक्षा र शैक्षिक प्रशासनको लामो अनुभव, पूर्व जिल्ला शिक्षा अधिकारी, पूर्व शिक्षक । *(पृष्ठः झ, १५, ५३, १०७-१०९)*

बलराम ढकाल- (२००७ असार २६ मा तनहुँको पुर्कोट आहाले ढकाल गाउँमा जन्म) तनहुँ पुर्कोटको कुमारी प्राविका संस्थापक, तत्कालीन पुर्कोट गाउँ पञ्चायतका प्रधानपञ्च, तनहुँ जिल्ला विकास समितिका पूर्वसदस्य, जिल्ला शिक्षा समितिका पूर्वसदस्य, मनोहर प्रावि, निमावि माविको स्थापना र विकासका मूर्धन्य व्यक्तित्व, सो विद्यालयका व्यवस्थापन समितिका पूर्वअध्यक्ष, शिक्षा प्रेमी, समाज सेवाका विभिन्न क्षेत्रमा योगदान, भानु जन्मस्थल विकास समितिका अध्यक्ष आदिको माध्यमबाट शिक्षा, साहित्य र स्थानीय विकासको सेवामा तल्लीन, स्मृतिको धारा खण्डकाव्यका काव्यकार । *(पृष्ठः ज, १३, १७, ४२, ५६, ५९, ६८, १५०, १७३)*

बालन- विशेष धार्मिक पर्व आदिमा एक जनाले भट्याउने र सामूहिक रूपमा अरूले स्वर मिलाउने गरी गाइने राम, कृष्ण आदि देवताको चरित्र गाथा । *(पृष्ठः १३३)*

बाहुन पोखरा- तनहुँको उत्तरपश्चिम सीमान्त क्षेत्रमा पर्ने ब्राह्मण बस्ती हो यो । यस क्षेत्रमा पौडेल, अधिकारी, मिश्र आदिको बाक्लो बस्ती थियो । आजभोलि तल बँसी ढाँड र वरपरका अन्य क्षेत्र, तनहुँकै दमौली, चितवन, काठमाडौँ आदि ठाउँमा बसाइँसराइ बढेकाले यो ठाउँको बस्ती पातलिएको छ । *(पृष्ठः १, ३)*

बोधविक्रम अधिकारी- (१९५१ असार-२००८ फागुन), कलकत्ता शिवविद्यालयबाट अङ्ग्रेजीमा नेपालको पहिलो एम्‌ए, संस्कृतमा पनि पहिलो एम्‌ए, चन्द्रशमशेरले थानकोटदेखि काठमाडौँसम्म घोडामा चढाएर अबीर जात्रा गर्दै भव्य स्वागत गरेका । तनहुँ ज्यामरुकमा जन्मेका र नेपाली दन्त्यकथा (१९९६) का लेखक तथा प्रसिद्ध गद्य साहित्यकार । नेपालको शिक्षाको क्षेत्रमा अग्रणी । २००८ सालमा पद्म कन्या कलेजको प्रथम प्रिन्सिपल । *(पृष्ठः फ)*

भ:

भानु जन्मस्थल विकास समिति- नेपाली भाषाका आदिकवि भानुभक्तको जन्मस्थल विकासका लागि नेपाल सरकारबाटै गठित समिति । *(पृष्ठः ६७)*

भानुभक्त आचार्य- (१८७१-१९२५) नेपाली भाषाका आदिकवि भानुभक्तले रामायणलगायत उत्कृष्ट कृतिहरूको माध्यमबाट नेपाली भाषा र साहित्यको जग बसाले । उनको जन्मस्थल तनहुँको चुँदी रम्घा हाल भानु नगरपालिकाको एक महत्त्वपूर्ण ऐतिहासिक र साँस्कृतिक थलको रूपमा विकसित भइरहेको छ । *(पृष्ठः ब, ६७, ७४)*

भारती पत्रिका- २०३७ सालमा कालिका मावि तनहुँबाट प्रकाशित पत्रिका । *(पृष्ठः १६३)*

म:

मकरनन्द पण्डित- तनहुँको तत्कालीन पुर्कोट कुँडापानीअन्तर्गत वसन्तपुर जफदीनिवासी (शिव शर्मा पण्डित सुरीका पिता) यिनले मकरानन्द भन्ने किताब लेखेका थिए । *(पृष्ठः ९)*

मदन पुरस्कार- मदन पुरस्कार गुठीबाट सञ्चालित नेपालको नोबेल पुरस्कारजस्तो मानिने साहित्यिक पुरस्कार, वि.सं. को आधारमा नेपाली भाषामा लेखिएको उत्कृष्ट कृतिलाई वर्सेनि प्रदान गरिने पुरस्कार, २०७४ सालमा पछिल्लोपटक नीलम कार्की निहारिकालाई ***'योगमाया'*** कृतिका लागि दिइयो । यो पुरस्कार राणा प्रधानमन्त्री चन्द्रशमशेर जबराकी बुहारी रानी जगदम्बाकुमारी देवीबाट आफ्ना पति स्व. जनरल मदनशमशेर जबराको सम्मानमा स्थापित गरिएको हो, २०१२ असोज १० मा स्थापित यो पुरस्कार २०१३ सालदेखि प्रत्येक वर्ष प्रदान गरिएको छ (२०३१ र २०३३ बाहेक) । सुरुमा पुरस्कारको राशि रु. ४ हजार, स्वर्णजयन्ती वर्ष २०६२ बाट रु. २ लाख । पुरस्कार पहिलो पटक सत्यमोहन जोशी, चित्तरञ्जन नेपाली र डा. बलराम जोशीलाई दिइएको । *(पृष्ठः ५५)*

महेन्द्र- (१९७७ जेठ ३०-२०२८ माघ १७), २०११ साल फागुन ३० गते राजा त्रिभुवन स्वर्गे भएपछि राजा बने । राजाको आपत्कालीन शक्ति प्रयोग गरी २०१५ सालको नेपाल अधिराज्यको संविधान निलम्बन, निर्वाचित संसद भङ्ग, मन्त्रीमण्डल विघटन, प्रत्यक्ष शासन २०१९ मा नयाँ संविधान जारी गरी निर्दलीय पञ्चायती व्यवस्था लागू गरे । २०२१ सालमा पूर्वपश्चिम राजमार्गको प्रारम्भ गरे । महेन्द्रवीरविक्रम शाहको नामबाट परिचित यिनी ***'उसैका लागि'*** र ***'फेरि उसैका लागि'*** कृतिबाट कविका रूपमा चिनिएका । साहित्यमा मविवि शाह लेख्थे । *(पृष्ठः ५-७, १४७)*

मातृ-शिक्षा- रामप्रसाद खनालद्वारा लिखित र २००३ सालमा प्रकाशित पुस्तक ***प्रारम्भिक शिक्षाको वैज्ञानिक अभिलेख*** मानिन्छ । *(पृष्ठः ब, ११३)*

माधवकुमार नेपाल- (जन्मः २००९ फागुन २५ रौतहट), २०६६ जेठ ११ देखि २०६७ माघ १९ सम्म नेपालको प्रधानमन्त्री । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का वरिष्ठ नेता । *(पृष्ठः ४८)*

माधवप्रसाद घिमिरे- (जन्मः सन् १९१९ अक्टोबर २२ लमजुङ) राष्ट्रकवि । शताब्दी उमेरमा पनि क्रियाशील । 'गौरी' (शोक काव्य), 'मालती मंगले', 'हिमालपारी, हिमालवारी', 'अश्वत्थामा', 'राजेश्वरी' र 'शकुन्तला' जस्ता कृतिबाट प्रसिद्ध । *(पृष्ठः २८)*

मारिया- यस कृतिका लेखककी नातिनी १० वर्षीया मारिया अधिकारी 'धरती-माताको काखमा' (On the Lap of Mother Earth) नामक अङ्ग्रेजी कविता सङ्ग्रह लेखेर हेड्स नेपालबाटै २०७४ फागुन ५ मा प्रकाशित भएको थियो । *(पृष्ठः १८५, १९०)*

मुक्तिनाथ खनाल- (२००३ भदौ २७ तनहुँ - २०७२ भदौ २९) २७ वर्षसम्म चन्द्रावती मावि तनहुँको प्रधानाध्यापक, नेपाल राष्ट्रिय शिक्षक सङ्गठनको पूर्व महासचिव, पछि राजनीतिकर्मी, केही कृतिका अनुवाद, फुटकर कृतिहरू प्रकाशन । *(पृष्ठः ५८, १४७)*

मेदिनी शर्मा पण्डित- (जन्मः १९९९ श्रावण १८, तनहुँ, चुँदी) *'चुँदेली'* साहित्यिक उपनाम। रानीपोखरी संस्कृत पाठशालाबाट शिक्षा आर्जन। साहित्यशास्त्री र बीएड। 'आमाको वेदना' (२०४९), 'परदेशीको घर सम्झना' (२०५८) र 'श्रद्धा-सुमन' (शोक काव्य), २०७१ प्रकाशित काव्यकृतिहरू। सिर्जनामै तल्लीन । ३६ वर्षे शिक्षण सेवाबाट निवृत्त । विभिन्न विद्यालयका संस्थापक, शिक्षक र अभिभावकको रूपमा उहाँले सादा जीवन उच्च योगदान दिनुभएको छ। हजारौँ चेला बनाउन सफल। *(पृष्ठः ज, ५८, ५९, ८३)*

यः

मोदनाथ प्रश्रित- (जन्मः सन् १९४२ अर्घाखाँची) ख्यातिप्राप्त लेखक । ***'देवासुर सङ्ग्राम'*** र ***'मानव' (महाकाव्य)*** जस्ता उत्कृष्ट कृतिका रचनाकार, उहाँको ***'मानव' (महाकाव्य)*** लाई ***२०२३ सालको मदन पुरस्कार*** प्राप्त, सामाजिक सवाल तथा परम्परागत औषधिबारे २९ वटा किताबहरू प्रकाशित, राजनीतिक व्यक्तित्व, कठिन जेलयात्रा, ***'पूर्व शिक्षामन्त्री'*** । *(पृष्ठः १६४)*

यज्ञोपवीत- द्विज जातिले गलामा धारण गर्ने यज्ञसूत्र अर्थात् जनै । *(पृष्ठः थ)*

रः

रङ्गनाथ पौडेल- (जन्मः १८३० मा तनहुँको रिसिङ क्षेत्र पुर्खौली थलो, ७१ वर्षमा काशीवास), पण्डितराज, राजगुरु एवम् आधुनिक नेपालका दोस्रा प्रधानमन्त्री । पहिलो प्रधानमन्त्री भीमसेन थापाका घनिष्ट मित्र । यिनलाई राजनीतिक जालझेलको राम्रो ज्ञान थिएन । यिनको रचना ***'राजविधानसार'*** र अर्को ***'कर्पूरस्तव'*** हो। महाराज गीर्वाणयुद्ध विक्रम शाहलाई शिक्षादीक्षा दिएका। तन्त्र शास्त्रका पनि विद्वान् यिनलाई प्रधानमन्त्री भीमसेन थापाले तत्काल अङ्ग्रेजसँग युद्ध गर्न हुन्छ कि हुँदैन भनी प्रश्न गर्दा अहिले मेलमिलाप गर्नु नै उत्तम हुन्छ भनेका थिए । *(पृष्ठः ६७)*

रमेशनाथ पाण्डे- (जन्मः सन् १९४४ फेब्रुअरी २४, काठमाडौँ) नेपालका प्रसिद्ध राजनीतिज्ञ । ६ पटक मन्त्री पछिल्लो पटक सन् २००५ मा परराष्ट्रमन्त्री । ***'कूटनीति र राजनीति'*** का लेखक । पुर्खौली घर तनहुँको पुर्कोट चितीखोला । *(पृष्ठः १०३)*

राधेश्याम लेकाली- (जन्मः २०१५ असार २२, इलाम), अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका अध्यक्ष । नेपाल केवल टेलिभिजन महासङ्घका कार्यकारी निर्देशक । साहित्यिक पत्रकारिता सङ्घ, शङ्कर लामिछाने प्रतिष्ठान र इलाम विकास समाजका पनि सभापति, मुक्तक, कविता र गीति एलबमसम्बन्धी दर्जनौँ कृतिका स्रष्टा । *(पृष्ठः ज)*

रानीपोखरी संस्कृत पाठशाला- नेपालमा शिक्षाको अवसर, विकास र विस्तारमा महत्त्वपूर्ण पाठशाला जहाँबाट धेरैले शिक्षा प्राप्त गरे र देशभर फैलाउन सके । *(पृष्ठः प)*

रामचन्द्र पौडेल- (जन्मः सन् १९४४ सेप्टेम्बर तनहुँ) नेपालका पूर्व उपप्रधामन्त्री, प्रतिधिसभाका पूर्वसभामुख, नेपाली काँग्रेसका नेता । *(पृष्ठः ८५, ९१)*

रामप्रसाद खनाल- (१९६५ देखि २०१० मार्गसम्म, तनहुँ), ***मातृ-शिक्षाका लेखक***, कविराज, आयुर्वेद, संस्कृत र अङ्ग्रेजी भाषाका पनि ज्ञाता । त्यस भेगमा ***अङ्ग्रेजी भाषाको प्रचार-प्रसार*** गराउने पहिलो व्यक्ति । तनहुँको हलाकर्षण अर्थात् बाहुनले हलो जोत्ने कार्यको नेतृत्वका अग्रणी

हुन् यिनी। शिक्षण क्षेत्र तथा राजनीतिक दृष्टिले पनि क्रान्तिकारी व्यक्ति, जयतु संस्कृतम् आन्दोलनका सहयोगी, २००७ सालमा बन्दीपुरमा क्रान्तिको नेतृत्व, तनहुँको जनसरकारका न्यायमन्त्री, बन्दीपुरको पद्म पुस्तकालयको संस्थापकमध्येका एक र २००७ सालको क्रान्तिमा तनहुँमा भएको क्रान्तिका अग्रणी व्यक्तित्व। *(पृष्ठः ब, ९)*

रामराजाप्रसाद सिंह- (१९९३-१९६९), नेपालको राजनीतिका चर्चित व्यक्ति। तनहुँको सेनवंशी राजासँग सप्तरीका यी सिंहको पुर्खौली सम्बन्ध थियो भनिन्छ। स्नातकहरूको तर्फबाट संसदीय व्यवस्था र गणतन्त्रको आवाज उठाएबापत २०२८ सालमा तत्कालीन राष्ट्रिय पञ्चायतको चुनावमा चुनिएर पनि शपथ-ग्रहण गर्न नदिई गिरफ्तार। पछि नेपाल जनवादी मोर्चा खोलेर आन्दोलन गरे र गणतन्त्रपश्चात् राष्ट्रपतिको उम्मेदवार। *(पृष्ठः ११८)*

रामलाल श्रेष्ठ- (जन्मः १९८१ भदौ १ तनहुँ) पुर्कोट डुम्रीखर्कका प्रतिष्ठित व्यापारी, शिक्षाप्रेमी कालिका माविको व्यवस्थापन समितिमा लामो समय अध्यक्ष। *(पृष्ठः ५९, १५०, १५२, १६२, १८०)*

राविसे- राष्ट्रिय विकास सेवा जो देश विकासको लागि उच्च शिक्षाको एक व्यावहारिक र अभिन्न कार्यक्रम मानिन्थ्यो। *(पृष्ठः १४७: १४८: १८४)*

रेवतीरमण खनाल- (जन्मः १९९० असार २५ तनहुँ), शास्त्री, एमए, बीएल गरेका खनाल ***'नेपालको कानुनी इतिहासको रूपरेखा'*** नामक कृतिलाई २०५९ सालको (कानुनी विषयमा पहिलो) मदन पुरस्कार बिजेता। राजदरबारका पूर्व प्रमुख सचिव, कानुनवेत्ता, कानुन, नीति शास्त्र, समालोचना र पौराणिक कथा गरी दर्जनौँ कृतिका क्रियाशील लेखक, ***'अनुभूति र अभिव्यक्ति'*** उहाँको अर्को महत्त्वपूर्ण कृति हो। प्राध्यापक, तनहुँका शिक्षाप्रेमी, भागवत धर्म सेवा सङ्घ, कुलेश्वर काठमाडौँका अध्यक्ष। *(पृष्ठः ५५, ८३)*

लः

लेबोरेटोरी मावि कीर्तिपुर, काठमाडौँ- २०१३ सालमा स्थापित आधुनिक एवम् शैक्षिक विधिहरू प्रयोग र प्रदर्शन हुने विद्यालय। शिक्षक तालिमलाई सहयोग गर्ने उद्देश्य रहेको। *(पृष्ठः ११४, १८९)*

वः

वनमाली शर्मा पण्डित- (जन्मः २००२ जेठ ३०) तनहुँका पण्डित शिक्षण सेवामा अनवरत ४५ वर्षसम्म सेवारत रही उच्च माविको प्राचार्य पदबाट निवृत्त। विभिन्न पाठ्यपुस्तक तथा रचनाका लेखक। *(पृष्ठः ५९)*

विश्वविद्यालय- विश्वका विभिन्न विषय वा विभिन्न किसिमका शास्त्रहरूको उच्च कोटिको शिक्षा प्रदान गर्ने, सम्बन्धित विषयमा विद्यार्थीहरुको परीक्षा लिने र उत्तीर्ण विद्यार्थीहरुलाई तदनुसार उपाधि प्रदान गर्ने शिक्षाको सर्वोच्च संस्थान। *(पृष्ठः ञ, भ, १२१, १४७, १७०)*

वेद- आचार्यहरूका धर्म, संस्कृति, आध्यात्मिक ज्ञान आदिका मूल स्रोत मानिएका, सर्वप्राचीन र सर्वाधिक मान्य आर्य ग्रन्थ; श्रुति; आम्नाय, छन्दस्। ऋक्, यजु, साम र अथर्व- यी चार प्रकारका वेद छन्। *(पृष्ठः द, १)*

शः

शारदाप्रसाद पण्डित- (जन्मः १९९९ मार्ग ३० तनहुँ), एलएलएम, एमए, सर्वोच्च अदालतका पूर्व न्यायाधीश, न्याय सेवामा ३८ वर्ष सेवा, पूर्वप्रधानाध्यापकः चन्द्रावती मावि तनहुँ, कानुन र न्यायको पुस्तक लेखन र प्रकाशन, २०६५, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा विभिन्न हैसियतमा विशेषज्ञको रूपमा सेवा उपलब्ध गराउनुभएको । *(पृष्ठः ५८)*

शारदा शर्मा भण्डारी- (जन्मः २००५ फागुन-२०६५ वैशाख २३), पूर्व शिक्षक तनहुँ, साहित्य र संगीतमा विशेष प्रतिभा । *(पृष्ठः १४२)*

शिव शर्मा पण्डित 'सुरी'- यिनी तनहुँको तत्कालीन पुर्कोट कुँडापानीअन्तर्गत वसन्तपुर जफदीका सेनकालीन विद्वान् । त्यस बेला पनि बनारस गएर पढेर शास्त्रीय छन्दसम्बन्धी ***'वासुदेव रसानन्द'*** नामक किताब संस्कृतमा लेखिएको, पछि पाठ्यक्रममा समावेश । सुनेअनुसार मेरा मित्रहरू बोधराज पण्डित, पुष्पराज पण्डित र उहाँहरूका पिता पूर्णभद्र पण्डितका पुर्खा । हुन सक्छ, ***सुरी*** उपनाम त्रितुङ्ग (तनहुँ) का कुनै राजाबाट प्राप्त भएको हो जसको अर्थ विद्वान्, बुद्धिमान्, पुरोहित, पूजक आदि हुन्छ । भारत प्रयागमा उहाँकै नामबाट शिव शर्मा पाठशाला सञ्चालन भइरहेकोबाट भारतमा समेत प्रख्यात । संस्कृतमा अन्य आधा दर्जनजति कितावका लेखक । *(पृष्ठः ९, १२७)*

श्रीकान्त शर्मा खतिवडा- (तनहुँका खतिवडा हाल पोखरा बसेर शिक्षा, साहित्य र पर्यटनका क्षेत्रमा क्रियाशील विज्ञ हुनुहुन्छ) *(पृष्ठः झ, १४३, १६४)*

श्रीप्रसाद पण्डित- सर्वोच्च अदालतका पूर्वरजिष्ट्रार तथा चन्द्रावती माविका पूर्वशिक्षक । *(पृष्ठः ५९)*

श्रीभद्र शर्मा- (१९८३ जेठ २५-२०६५ माघ ८ सम्म) २००४ सालको ***जयतु संस्कृतम्*** आन्दोलनका अग्रणी नेता, २००७ सालको प्रजातान्त्रिक आन्दोलनमा पश्चिम ३ नम्बरका कमान्डर, २०१५ सालमा संसद्मा निर्वाचित, नेपाली काङ्ग्रेस पार्टीका पूर्वमहामन्त्री, २०१७ सालदेखि २०२३ सम्म कारावास र २०३४ मा मन्त्री, विभिन्न ८ वटा कृतिका रचयिता । *(पृष्ठः ५९, १६२)*

शिवराज आचार्य कौडिन्यायन- (जन्मः १९९७ तनहुँ) 'नैपालसंस्कृतग्रन्थकार परिचय' उहाँको संस्कृतमा लेखिएको नेपाली ग्रन्थकारको परिचय २०४८ हो । नेपाली र संस्कृतमा दर्जनौ पुस्तकका रचयिता उहाँ संस्कृतमा डिलिट गर्ने पहिलो व्यक्ति हुनुहुन्छ, जसले आफ्नो शोधग्रन्थ एक हजारभन्दा बढी शब्दमा लेख्नुभएको छ । *(पृष्ठः ६७)*

शैलेन्द्रकुमार उपाध्याय- (१९८६ भदौ १९ - २०६८ वैशाख २६), नेपालका पूर्व परराष्ट्रमन्त्री (सन् १९८६-१९९०), युएनका राजदूत तथा स्थायी आवासीय प्रतिनिधि (सन् १९७२-१९७८), सगरमाथा चढ्न प्रयास गर्ने हालसम्मकै सबैभन्दा बढी उमेरका पर्वतारोही । *(पृष्ठः १४७)*

सः

संस्कृत- पूर्वीय आचार्यहरूको ज्ञान-गरिमा, साहित्य, वेदोपनिषद् आदि अनेक विषयहरूको सृजना गरेको आर्यहरूको प्राचीन भाषा । यस भाषामा ४ वेद, ६ वेदाङ्ग, ४ उपवेद, ५६ प्रमुख स्मृति,

१८ महापुराण, रामायण, महाभारत इत्यादि असङ्ख्य ग्रन्थहरूको विशाल वाङ्मय उपलब्ध छ। *(पृष्ठः ३२, ४२, ४३ ..... आदि)*

सरस्वती कलेज– काठमाडौँको लैनचौरस्थित लेखनाथ मार्गमा रहेको नेपालको पुरानोमध्येको कलेज जो निजीस्तरमा रातको समयमा पढाइ सञ्चालन गर्न खोलियो। यसका चार जना संस्थापकमा प्रो. शङ्करराज पाठक, डा. सुरेन्द्रबहादुर श्रेष्ठ, वेदनाथ रेग्मी र शशिनारायण शाह हुनुहुन्छ। *(पृष्ठः ठ, ९५, १०८, ११३, ११४, ११६-११८, १२०-१२२)*

सिंहदरबार– चन्द्रशमशेर जबराको पालामा बनेको नेपाल सरकारको शासन केन्द्र भवन। *(पृष्ठः ११४)*

सेअरा लिओन– आन्ध्रमहासागरीय दक्षिण अफ्रिकी देश जो नेपालजस्तै गरिब छ। नेपालमा दासदासीहरू मुक्त गराएर बसोबास गराएको ठाउँ अमलेखगञ्ज भनिएजस्तै त्यहाँ दासदासीलाई मुक्त गराएर राखेको ठाउँ फ्रि टाउन भनिन्छ जुन देशको राजधानी शहर हो। *(पृष्ठः ३)*

सी.पी. लोहनी– (जन्मः १९९५ असोज, काठमाडौँ) चलचित्र क्षेत्रका चर्चित गायक तथा कलाकार, खेलाडी व्यक्तित्व जसको पुर्ख्यौली तनहुँ पुर्कोट हो। महिला स्वरमा पनि पोख्त यिनले राजा महेन्द्रबाट स्वर्णपदक प्राप्त गरेका थिए। भारतीय प्रख्यात चलचित्रकर्मी माला सिन्हासँग बिहे गरेका थिए। *(पृष्ठः ५५)*

हः

हरिमान श्रेष्ठ– पुर्कोट डुम्रीखर्कनिवासी स्थानीय र ***प्रारम्भिक कालका औपचारिक शिक्षक*** अर्थात् गुरु जो पुर्कोट कुँडापानी गाउँ पञ्चायतका पहिलो प्रधानपञ्च। चिनाटिपन जुराउने र ज्योतिषीको काम पनि गर्नुहुन्थ्यो। *(पृष्ठः १०)*

हरिराज पौडेल– *वरिष्ठ शिक्षक, भाषा, साहित्य तथा व्याकरणका ज्ञाता,* तनहुँको चुँदी टुहुरे पसलस्थित चन्द्रावती हाईस्कूलदेखि काठमाडौँसम्म लेखकका आत्मीय मित्र, सहपाठी तथा आवास साझेदार र सहयोगी। *(पृष्ठः ख, ५०, १३२)*

हरिहर अधिकारी 'श्यामल'– (जन्मः २०१५ दैलेख) साहित्यिक र समाजसेवी व्यक्तित्व। साहित्यिक नामः श्यामल, प्रतिष्ठित कवि जो हाल राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष हुनुहुन्छ। उहाँका 'तपाईंहरूमार्फत' लगायतका कविता सङ्ग्रह आदि प्रकाशित छन्। *(पृष्ठः ज)*

हाम्रो पुरुषार्थ– किरण पुस्तकालयको मुखपत्रको रूपमा गुल्मीको तम्घासबाट निस्कने हाल त्रैमासिक पत्रिका। *(पृष्ठः १९२)*

केही अग्रज तथा मित्रगणको आँखामा यो संस्मरण

'शिक्षाका ती दिन' पुष्पराज पौडेलको पुस्तकाकारमा प्रकाशित दोस्रो संस्मरणात्मक कृति हो । संस्मरणको विधागत प्रकृतिको कारणले गर्दा नै यसमा लेखक स्वतः सर्वत्र अन्तर्निहित हुन्छ नै । त्यसैले यो कृति मूलतः लेखकद्वारा विद्यार्थीका रूपमा आफूले शिक्षा आर्जन गर्नका लागि र पछि शिक्षकका रूपमा शिक्षा प्रदान गर्नका लागि गरिएको अनवरत सङ्घर्षको आत्मपरक विवरण हो । २००७ सालपछि नेपालमा शिक्षाप्रति आम जनतामा व्यापक अभिरुचिको सिर्जना भयो तर तदनुरूप शैक्षिक सुविधाहरूको विस्तार भने हुन सकेन । त्यस्तो परिस्थितिमा यातायात तथा सञ्चारका सुविधाहरूसमेत पर्याप्त नभएको तनहुँ जिल्लामा शिक्षा आर्जन गर्न र पछि गएर शिक्षा प्रदान गर्न लेखकले खप्नुपरेको हन्डरको वैयक्तिक तहको निजी अनुभव त यसमा छ नै- यो यस कृतिको मुख्य विशेषता नै हो । तर यो कृति यत्तिकैमा मात्र सीमित भने छैन । लेखकले त्यस समयमा बाँचेको भूगोल तथा भोगेको कालखण्ड यस कृतिमा पर्याप्त मात्रामा प्रतिबिम्बित छन् र यस अर्थमा यसको समाजशास्त्रीय पक्ष पनि उत्तिकै प्रखर छ । विष्णु शर्माले **'पञ्चतन्त्र'** मा कथाको माध्यमबाट रोचक किसिमले नैतिक शिक्षा प्रदान गरेझैँ संस्मरणसँग गाँसिएर जीवनोपयोगी अर्ती-उपदेश पाठकसमक्ष प्रस्तुत गर्नुलाई यस कृतिको अर्को उल्लेखनीय पक्षका रूपमा लिन सकिन्छ । सरल भाषा तथा शिल्प-विधान यस कृतिका शैलीगत विशेषता हुन् ।

- बद्री खनाल
कलङ्की, काठमाडौं

आदरणीय पुष्पराज पौडेलज्यूद्वारा आम नेपालीहरूका लागि दोस्रो उपहारको रूपमा पस्कन लाग्नुभएको शिक्षाका ती दिन नामक मौलिक संस्मरणात्मक कृति पढ्ने अवसर मिल्यो । विगतमा नेपालमा शिक्षा आर्जन गर्दाका कटु अनुभवहरूलाई सँगालेर तयार पारिएको प्रस्तुत पुस्तकमा नेपालको विगतको सामाजिक र आर्थिक अवस्थाले शैक्षिक अवस्थामा के कसरी प्रभाव जमाएको रहेछ भन्ने कुरा घामजस्तै छर्लङ्ग पार्न सफल हुनुभएको छ । कठिन मेहनत र परिश्रमद्वारा सफलता हात पार्न सजिलै सकिन्छ भन्ने शिक्षा पस्कँदै विगतमा शिक्षा आर्जन गर्दा नेपालीले भोगेका कठिनाइ अत्यन्त सरल भाषामा रोमाञ्चक ढङ्गले पस्कन सफल हुनुभएको छ ।

- अम्बिकाप्रसाद आचार्य
उपसचिव (शिक्षा)
नेपाल सरकार

सर्जक पुष्पराज पौडेलको दोस्रो कृति **'शिक्षाका ती दिन'** सस्मरण सङ्ग्रह प्रकाशित हुन लागेकोमा हार्दिक बधाई एंव शुभकामना व्यक्त गर्छु ।

सर्जकले आफूले देखेका, भोगेका र अनुभूत गरेका कुराहरुलाई संस्मरणका रूपमा प्रस्तुत कृतिभित्र समेटेर पाठकलाई भरपुर आनन्द दिन सफल हुनुभएको छ । संस्मरण लेखकले पाठकलाई आफूसँगै घुमाउन सक्ने खुबी राख्नुपर्छ, आफूसँगै घटनाको अनुभूत गराउन सक्नुपर्छ, आफूले देखेका र भोगेका कुरा महसुस गराउन सक्नुपर्छ । यी सवै विशेषता यसमा पाउन सकिन्छ ।

पाठकवर्गले सर्वाधिक पढ्ने विधामा संस्मरण पर्छ । सर्जकको पहिलो कृति *'रेडक्रसकर्मी ऊ'* पनि संस्मरण सङ्ग्रह नै हो । संस्मरणमा लेखक इमानदार हुनु जरुरी छ । यो जिम्मेवारी वहन लेखकले गरेको पाइन्छ ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले विदेशमा रहेका दोस्रो पुस्ताका बच्चाहरुका लागि उहाँकै संयोजकत्व र अहम् भूमिकाबाट नेपाली पाठशालाको आधारभूत पाठ्यक्रम निमार्ण समितिद्वारा निर्मित र सार्वजनिक गरेको उल्लेख गर्न पाउँदा खुशी लागेको छ ।

थप अन्य कृतिहरुको अपेक्षा पनि गर्छु ।

- राधेश्याम लेकाली
अध्यक्ष
अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)

आफ्नै गाउँघरको परिवेशमा शिक्षा प्राप्त गर्ने अवस्था, अवसर र असहजताका बारेमा लेखिएको पुस्तक पढ्दाको सुखद अनुभुति बेग्लै हुँदो रहेछ । त्यसमा पनि पुस्तकका सर्जक पुष्पराज पौडेल मेरा आदरणीय गुरुसमेत हुनुहुन्छ । पुस्तकमा ग्रामीण परिवेशमा विद्यालय तहको शिक्षा आर्जन गर्ने अवस्था कस्तो थियो ? गाउँबाट शहरमा आएर उच्च शिक्षा हासिल गर्ने समस्या तथा अवसरको खोजी गर्न कति असहज थियो भन्ने जस्ता विषयहरूलाई सरल एवम् मार्मिक रूपमा प्रस्तुत गरिएको छ ।

आफूले बाल्यावस्थादेखि शिक्षा आर्जन वा प्रदान गर्ने सन्दर्भमा भएका घटना विवरणलाई लेखकले सिलसिलाबद्ध रूपमा प्रस्तुत गर्नुभएको छ । यसमा घटनाहरूको विवरण मात्र नभएर स्थानीय आर्थिक तथा सामाजिक जनजीवनको तत्कालीन अवस्थालाई विश्लेषणात्मक एवम् रोचक शैलीमा उल्लेख गरिएको छ । शिक्षा आर्जन गरी जीवनका भावी गोरेटाहरूको बारेमा सपना देख्दै गरेका किशोरावस्थाका युवाहरूका लागि सकारात्मक ऊर्जा प्रदान गर्ने प्रेरणादायी सन्दर्भ सामग्रीको रूपमा यो पुस्तक रहेको छ । नेपाली ग्रामीण जनजीवनको विकास प्रक्रियाका बारेमा वा सामाजिक अध्ययनमा रुचि राख्ने सबैका लागि पनि एक उपयोगी पुस्तक भएको मैले महसुस गरेको छु ।

- श्रीकान्त शर्मा खतिवडा
शान्तिमार्ग, पोखरा-८

'शिक्षाका ती दिन' पढ्ने अवसर प्राप्त भयो । संस्मरणात्मक शैलीमा लेखिएको यस कृतिमा लेखकले तत्कालीन शैक्षिक पद्धति, शिक्षा प्राप्त गर्न भोग्नुपरेका कठिनाइहरू, शैक्षिक क्षेत्रमा दिएका योगदान र उपलब्धिहरूलाई रोचक ढङ्गले प्रस्तुत गर्नुभएको छ । शिक्षाको लागि पर्याप्त स्कूल र कलेज नखुलेको तत्कालीन परम्परावादी समयमा शैक्षिक चेतनाको दीयो बाल्नु कम चुनौतीपूर्ण कार्य होइन । यस्तै चुनौतीलाई पार गर्दै कहिले दक्ष शिक्षकको रूपमा त कहिले शैक्षिक व्यवस्थापनको कुशल नेतृत्व गर्न क्रियाशील उहाँका ती दिनको स्मरणले पनि मेरो मन आह्लादित बनाएको छ । शैक्षिक वा सामाजिक सेवाको हरेक पक्षमा नै किन नहोस्, आफ्नो जिम्मेवारी पूरा गर्न सफल प्रशासक/रेडक्रसकर्मी हुनुहुन्छ मेरा आदरणीय गुरु पुष्पराज पौडेल । आफ्नो उद्देश्यप्रति निर्भीक उहाँको परिपक्व अनुभव र निखारिएको कलमबाट प्रस्फुटित यो कृति ऐतिहासिक र प्रेरणादायी छ । यसले मानिसलाई सभ्यता र संस्कृतिको रक्षा गर्दै युगअनुकूल आफू परिवर्तन हुन सक्नुपर्छ भन्ने महत्त्वपूर्ण पाठ सिकाएको छ ।

वर्तमान समयमा शिक्षा नीति, साधन र प्रविधि बदलिएको छ तापनि नयाँ पुस्तामा व्यावहारिक ज्ञानको कमी छ । आफ्ना अभिभावक, अग्रज र गुरुहरूले शिक्षा प्राप्तिको लागि गरेको कठोर परिश्रम र साधनाको जीवन्त दस्तावेज यस कृतिले भावी पिँढीलाई मनग्य प्रेरणा र ऊर्जा प्रदान गर्नेछ । यस अर्थमा यो उहाँको सफल कृति हो भन्नेमा म विश्वस्त छु ।

- नमुना शर्मा
प्राज्ञ- सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान

आदरणीय गुरु पुष्पराज पौडेलकृत अर्को संस्मरण *'शिक्षाका ती दिन'* प्रकाशन हुने खबरले अत्यन्तै प्रफुल्ल बनाएको छ । अत्यन्तै परिश्रमी, निष्ठावान्, मिजासिला र सरल व्यक्तित्वका धनी, स्पष्ट र एक उदाहरणीय व्यक्तित्व पौडेल मेरा पूर्व हाकिम पनि हुनुहुन्छ । मैले मेरा जीवनका धेरै समय विद्यालयदेखि कार्यालयसम्म र पारिवारिक भेटघाट र सम्बन्धहरूमा बिताउने अवसर पाएको छु । उहाँबाट सिकेका अनुभवहरू मेरा जीवनका महत्त्वपूर्ण क्षणहरूमा उपयोगी बनेका छन् ।

'शिक्षाका ती दिन' उहाँका जीवनमा घटेका महत्त्वपूर्ण घटनाहरूलाई उद्धृत गरिएको शिक्षाप्रद एक फरक कृति हो जसमा आफ्ना अनुभवका साथमा उदाहरण र उत्प्रेरणाले भरिएका मर्मस्पर्शी स्मरणहरू समाविष्ट छन् । जीवन एउटा पाठशाला हो जहाँ पढ्ने र पढाउने गरिन्छ । तिनै पाठशालाभित्रका उहाँका जीवनोपयोगी अनुभूतिहरू सबैका लागि शिक्षाप्रद हुने विश्वास लिएको छु ।

- पदम विश्वकर्मा
हाल कोलोराडो, अमेरिका

श्री पुष्पराज पौडेल आदर्शवान् हुनुहुन्छ । जहाँ भए पनि र जता लागे पनि उहाँ आदर्श पछ्याउने गर्नुहुन्छ । छात्र जीवन, शिक्षक जीवन र पछिल्लो पटक रेडक्रसका अग्रज कार्यकर्ताको रूपमा उहाँलाई बुझ्नेहरूले यसै गरी बुझ्छन् । म उहाँको पछिल्लो जीवनको सहयात्री हुँ । तीसको दशकको आरम्भमा म पनि शिक्षक भएँ । तिनका अदभुत संस्मरण मसँग अझै छन् । चालीसको दशकको आरम्भमा म पनि उहाँसँग जोडिएँ । उहाँका विद्यार्थी तथा शिक्षक जीवनका यी संस्मरणहरूले हामीलाई तरङ्गित गर्ने क्षमता राख्छन् । यिनबाट हामीले सिक्न सके धेरै लाभ पुग्नेछ ।

- श्यामल
काठमाडौं

यो पुस्तक नितान्त नौलो छ । लेखकले शिक्षा लिँदा र दिँदाका अनुभव, आफू र आफ्नो परिवारले निर्वाह गरेका दायित्व, भोगेका दुःख, सङ्घर्ष र त्यतिखेरको परिवेशलाई सबैका सामु व्यक्त गर्नुभएको छ । परिवर्तन र विकासको तीब्र गतिमा हुर्कँदै गएको समाजको पछिल्लो पुस्ताका लागि *'शिक्षाका ती दिन'* ले विगतको इतिहास बुझ्न सघाउने विश्वास छ ।

लेखकले तनहुँको आफ्नै जन्मस्थल पुर्कोट, अध्ययन र अध्यापन गरेको चुँदी फाँट र चन्द्रावती हाईस्कूलको सेरोफेरोलाई केन्द्रमा राख्नुभएको र मेरो जन्मस्थल र कर्मस्थल पनि त्यही भएकाले कतिपय प्रसङ्गहरूमा मेरो पनि सहभागिता र संलग्नता साथै मेरो जीवनसँग पनि मिल्दा-जुल्दा छन् ।

पुस्तकभित्रका हरेक विषय रोचक त छन् नै । प्रत्येक शीर्षकभित्रका विषयवस्तुहरूलाई स्पष्ट पार्न विगतदेखिको घटनाक्रमलाई दिमागमा भण्डार गरेर राख्न सक्ने विलक्षण स्मरणशक्ति लेखकमा भेटिन्छ । त्यसबाहेक प्रत्येक पाठको अन्त्यमा प्रस्तुत सिकाइ, अनुभव तथा सुझावले सबैका लागि केही ज्ञान र निर्णय गर्दा ध्यान दिनुपर्ने वास्तविकतातर्फ पनि सचेत गराएको छ । आफूले नदेखेको र अनुभव नगरेको पाठकका लागि पत्याउन पनि कठिनजस्तो लाग्ने यथार्थ लेखकले पुस्तकमा छर्लङ्गसँग पस्किनुभएको छ ।

हरेक मान्छेको जीवनमा धेरै मित्रहरू हुन्छन् तर पुष्पराजजी मेरो परम मित्र हुनुहुन्छ । वहाँ र मेरो मित्रता एक अर्कालाई आदर, सम्मान, सहयोग र विश्वास गर्ने दिगो मित्रता हो । विद्यालयमा सँगै अध्ययन गर्दा, पछि जिल्लाको आफ्नै गाउँमा शिक्षण पेशामा रहँदा, रेडक्रसको स्वयंसेवी र वैतनिक कार्यकर्ताको रूपमा काम गर्दा र हाल सेवानिवृत्त हुँदासम्म पनि हाम्रो आत्मीय मित्रता निरन्तर कायम छ ।

पुष्पराजजीले यो पुस्तक आफूलाई मन्त्र सुनाउने, शिक्षा दिने र शिक्षा प्राप्तिमा योगदान गर्ने सबै आदरणीय व्यक्तित्वहरूमा समर्पित गर्नु भए तापनि हामीजस्ता सबै पाठकहरूका लागि वहाँ स्वयम् गुरु बन्नुभएको छ ।

अरुण खनाल
कलङ्की, काठमाडौँ

लेखक परिचय

नाम : पुष्पराज पौडेल
जन्म : २०११ पुस २५
स्थान : पुर्कोट आहाले ढकालगाउँ, भानु न.पा. ८, तनहुँ
हाल बसोबास : २६६ विजयमार्ग १, बाफल, काठमाडौं १३
शिक्षा : एम्.ए. (राजनीतिशास्त्र तथा नेपाली), डिप्लोमा इन एजुकेशन, बी.एल्. (अधिवक्ता)
सम्पर्क नं. : ९८५१०८९८५४ (मो), ०१ ४२७३१६९ (आ)
ई-मेल : pushpa246@gmail.com

प्रकाशनः

रेडक्रसकर्मी ऊ (संस्मरणात्मक पुस्तक, २०७४), शिक्षाका ती दिन (संस्मरणात्मक पुस्तक, २०७५), फुटकर कविता, लेख आदि रचनाहरू,

पदक, पुरस्कार तथा सम्मानः

- दैवी प्रकोप पीडितोद्धार पदक, २०४५ र २०५०
- कालिका उच्च माध्यमिक विद्यालय तनहुँबाट कदर एवं सम्मान पत्र, २०५८
- नेपाल रेडक्रस उत्कृष्ट कर्मचारी पुरस्कार, २०६२
- नेपाल रेडक्रस दीर्घ सेवा सम्मान पत्र, २०६८
- नेपाल रेडक्रस स्वर्ण जयन्ती दीर्घ सेवा पदक, २०७०
- नेपाल जुनियर तथा युवा रेडक्रस स्वर्ण जयन्ती सेवा पदक, २०७२

सम्पादन संयोजन/सदस्य/सल्लाहकार/सहयोगः

- भारती रजत जयन्ती विशेषाङ्क, कालिका मावि, तनहुँ, पुर्कोट, २०३६
- रेडक्रस समाचारप्रधान मासिक, ने.रे.सो. केन्द्रीय कार्यालय, काठमाडौँ, २०४१
- नेपाल रेडक्रस रजत जयन्ती स्मारिका, २०४५
- नेपाल रेडक्रस सोसाइटी, मानवीय सेवाका ५० वर्ष : स्वर्ण जयन्ती स्मारिका, २०७०
- मेरो रेडक्रस कथा, नेरेसो केन्द्र, २०७२
- नेपाल रेडक्रस सोसाइटी, रक्त सञ्चार सेवाका ५० वर्ष : स्वर्ण जयन्ती स्मारिका, २०७३
- नेपाल रेडक्रस युवा चौतारी, सन् २००५ देखि २०१६ सम्म
- हेड्स रजत स्मारिका, २०७५

अनुभवः

- शिक्षण सेवा, १० वर्ष (प्रावि, निमावि र माविहरूमा प्र.अ., सहायक प्र.अ., सहायक अध्यापक)
- नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयमा का.मु. कार्यकारी निर्देशकबाट निवृत्त (विभिन्न तह र स्वयंसेवी रूपमा करिब ४० वर्ष सेवा)
- हेड्स नेपालको उपाध्यक्ष

आजीवन सदस्यः

नेपाल रेडक्रस सोसाइटी, हेड्स नेपाल (HEADS Nepal), अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज

विदेश भ्रमणः

भारत, थाइल्याण्ड, मलेशिया, चीन, फिलिपिन्स, म्यान्मार, श्री लङ्का, संयुक्त राज्य अमेरिका, कतार, संयुक्त अधिराज्य, बहराइन, जर्मनी, स्विटजर्ल्याण्ड, क्यानाडा, संयुक्त अरब इमिरेट्स ।

ISBN 978-9937-0-5242-9

9789937052429

मूल्य रु. ३००/-